बालबालिकासम्बन्धी मुद्दाहरूमा जिल्ला अदालतबाट भएका फैसलाहरूको संग्रह

भाग २

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर, नेपाल

बालबालिकासम्बन्धी मुद्दाहरूमा जिल्ला अदालतबाट भएका फैसलाहरूको संग्रह

भाग–२

बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

सम्पादन : ज्ञानेन्द्र इटेनी, रोम थापा, पुष्कर थापा, खुश्वु शाह, नारायणी रेग्मी

प्रकाशक : बाल न्याय समन्वय समिति सचिवालय
हरिहरभवन, ललितपुर

प्रति : ५०० प्रति

सहयोग : unicef

लेआउट/डिजाइन : भूषण कपाली

मुद्रक : के.एम. प्रिण्टर्स, लिंकरोड, काठमाडौं

बाल न्याय समन्वय समिति सचिवालय

केन्द्रिय बालकल्याण समिति भवन
हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. ५०१०१५५, ५०१००४१

फ्याक्स: ५५१०१५५, ४२६२८७८

Website: www.jjcc.gov.np
www.supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मितिः
चलानी नं.:

मन्तव्य

बालबालिकाहरु स्वभावतः एक निश्चित उमेरसम्म शारीरिक तथा मानसिक रुपले परिपक्व भइसकेका हुँदैनन् । अपरिपक्वता र मनसायरहित तवरबाट कहिलेकाही जानी वा नजानी बालबालिकाहरुले बिज्याँई गरेका हुन्छन् । कानूनको वर्खिलाप यस्तो गलत कार्य (wrong doing) बालबालिकाबाट हुने भए पनि मनसाय तत्व (Criminal Intend) को अभाव हुने भएका कारण वयस्कले गर्ने अपराधकै कोटीमा राखिदैन । तसर्थ बालबालिकाहरुले गर्ने गलत कार्य (Wrong Doing) वा बिज्याँई (Delinquency) लाई न्यायिक सम्बोधन गर्न नेपालमा पनि परम्परागत फौजदारी न्याय प्रणाली भन्दा अलग बाल न्याय प्रणालीको क्रमश विकास भइरहेको छ ।

न्यायिक कारवाहीका क्रममा स्वच्छ पुर्पक्षका अधिकार (Right of Fair Trial) सुनिश्चित् गर्दै हाम्रा अदालतहरुबाट बालबिज्याँईसम्बन्धी मुद्दाको निप्टारा (Disposal) सकेसम्म छोटो अवधिभित्र वा विना "अनुचित विलम्ब" हुनु पर्दछ भन्ने ठानेको छु । सुनुवाईको क्रममा बालबालिकाहरुलाई सहभागी हुने वातावरण सुनिश्चित् गर्दै बालमैत्री वातावरणमा उनीहरुको आत्म सम्मानमा चोट नपुग्ने गरी व्यवहार गर्नु पर्ने कुरा अत्यन्त महत्वपूर्ण छ । उनीहरुलाई परेको मनोसामाजिक असरहरुको निराकरणका लागि मनोसामाजिक परामर्श सेवा, निशुल्क कानूनी प्रतिरक्षा सेवा, न्यायिक कारवाहीका हरेक चरणहरुमा सामाजिक कार्यका सेवाहरु (Social work services) पनि उपलब्ध गराउनु पर्ने कुरामा जोड दिन चाहन्छु । सुनुवाईका क्रममा यस्ता बालबालिकाहरुको गोपनीयतालाई सम्मान गर्दै उनीहरुको सर्वोत्तम हित प्रतिकुल अवस्थामा बाहेक, बाबुआमा तथा संरक्षकलाई सुनुवाईका बेला उपस्थित गराउनु पर्ने कुरामा पनि जोड दिन चाहन्छु ।

बालबालिकाहरु भविष्यका कर्णधार हुन् तर यसलाई पूर्णता दिन बालबालिकाहरु वर्तमानका पनि हिस्सेदार हुन् भन्ने कुरा मनन् गर्दै कानूनको विवादमा परेका बालबालिकाहरुलाई पनि समय मै सुधार गर्न सकियो भने उनीहरु भविष्यमा देशका कर्णधार बन्ने कुरामा कुनै विवाद हुन सक्दैन । कानूनको दायरामा आए तापनि यस्ता बालबालिकाहरुको सर्वोत्तम भलाईमा फैसला तथा सुधारका लागि उपयुक्त आदेशहरु समेत हाम्रा जिल्ला अदालतहरुबाट हुन्छन् भन्ने मलाई लागेको छ । न्यायिक प्रणाली भित्र केहि सुधार भए पनि बाल न्यायको बृहत पक्षहरु जस्तै बालबालिकाहरु बिज्याँईमा पर्न सक्ने सम्भावित जोखिम स्थितिको रोकथाम र सुधार गृहबाट छुटेर गएका बालबालिकाहरुको पारिवारिक पुर्नमिलन र स-सम्मान सामाजिक पुर्नएकीकरणका क्षेत्रमा धेरै काम गर्न बाँकी छ ।

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ ले सिर्जना गरेको एक विशिष्टिकृत निकायको रुपमा बाल न्याय समन्वय समितिले बाल न्याय प्रणालीलाई सुदृढ गर्न अन्य धेरै कार्यहरु मध्ये बालबिज्याँईसम्बन्धी जिल्ला अदालतबाट भएका फैसलाहरुको सङ्कलन गरी प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ । यस फैसला संग्रह प्रकाशनले बालबिज्याँईसम्बन्धी मुद्दाहरुको प्रकृति, तोकिएको सजायको प्रकृति, फैसला गर्न लागेको अवधि, न्यायिक व्याख्या, सुधारका लागि आदेश आदि जस्ता महत्वपूर्ण पक्षहरुका बारेमा जानकारी दिनेछ भन्ने विश्वास राखेको छु । अझ महत्वपूर्ण रुपमा यस फैसला संग्रह प्रकाशनले हाम्रा अदालतहरुबाट बाल न्याय सम्पादनमा भएका अभ्यासहरुलाई स्वमुल्याङ्कन (Self Evaluation) गर्ने अवसर प्रदान गर्नेछ जस्ले गर्दा आगामी दिनहरुमा बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा अझ उत्कृष्ट न्यायिक व्याख्या र फैसला गर्न हौसला प्रदान गर्नेछ भन्ने विस्वास लिएको छु । त्यस्तै गरी यो प्रकाशन विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, बालअधिकारकर्मी, बालबालिकासँग सम्बन्धित नागरिक समाज

बाल न्याय समन्वय समिति सचिवालय

केन्द्रिय बालकल्याण समिति भवन
हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. ५०१०१५५, ५०१००४१
फ्याक्स: ५५१०१५५, ४२६२८७८
Website: www.jjcc.gov.np
www.supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
चलानी नं.:

तथा अन्तर्राष्ट्रिय जगतलाई पनि उपयोगी हुने देखेको छु । यस्तो महत्वपूर्ण कार्यमा जुट्नु हुने बाल न्याय समन्वय समिति सचिवालयका कर्मचारीहरु श्री ज्ञानेन्द्र इटेनी, रोम थापा, पुष्कर थापा, खुश्वु शाह र नारायणी रेग्मीलाई मेरो व्यक्तिगत तर्फबाट र बाल न्याय समन्वय समितिको तर्फबाट पनि धेरै धेरै धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

.....
देवेन्द्र गोपाल श्रेष्ठ
न्यायाधीश, सर्वोच्च अदालत
तथा अध्यक्ष, बाल न्याय समन्वय समिति

बाल न्याय समन्वय समिति सचिवालय

केन्द्रिय बालकल्याण समिति भवन
हरिहरभवन, ललितपुर, नेपाल
फोन नं. ५०१०१५५, ५०१००४१
फ्याक्स: ५५१०१५५, ४२६२८७८
Website: www.jjcc.gov.np
www.supremecourt.gov.np

पत्र संख्या:
प्राप्त पत्र संख्या र मितिः
चलानी नं.:

मन्तव्य

नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात् उक्त महासन्धिमार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागू गर्न बालबालिकासम्बन्धी ऐन, २०४८; बालबालिकासम्बन्धी नियमावली, २०५१; बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ र बाल न्यायसम्बन्धी कार्यविधिगत जटिलतालाई सम्बोधन गर्न बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई कार्यान्वयनमा रहेको छ । यस कार्यविधि नियमावलीबमोजिम गठित विशिष्टिकृत निकायको रुपमा बाल न्याय समन्वय समितिले नेपालको बाल न्याय प्रणालीलाई सुदृढिकरण तथा विकासका लागि महत्वपूर्ण कदम चालेको छ । बालमैत्री वातावरणमा बालबिज्याँईसम्बन्धी मुद्दाको निप्टारा (Disposition) गर्न ६४ जिल्ला अदालतहरुमा बाल इजलास तथा बालमैत्री कक्षको भौतिक पुर्वाधार निर्माणको कार्य सम्पन्न भइसकेको छ र यी जिल्ला अदालतहरुबाट छनौट भएका समाजसेवी र बालमनोवैज्ञानिकहरुलाई आधारभूत तालिम प्रदान गरी बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा सामुहिक सुनुवाई (Collaborative Hearing) को अभ्यास पनि भइरहेको छ ।

बालबालिकाले गल्ति गर्न सक्छन्, अपराध गर्दैनन् । मनसायरहित तवरले (Without Criminal Intent) कानूनको उल्लंघन गर्न पुगेका यस्ता बालबालिकाहरुलाई दण्ड होइन, सुधार गर्नु बाल न्यायको प्रमुख उद्देश्य हो । हाम्रा जिल्ला अदालतहरुबाट बालबिज्याँईसम्बन्धी मुद्दाहरुको फैसला गर्दा बालबालिकाको सर्वोत्तम हितमा फैसला तथा सुधारका विकल्प सहितका आदेश हुने गरेको छ । त्यस्तै बालबालिकाले गर्ने बिज्याँईका पछाडि सामाजिक तथा मनोवैज्ञानिक कारणहरु हुने भएकाले बालबिज्याँईसम्बन्धी मुद्दाहरुको निप्टारा (Disposition) गर्दा केवल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानको व्याख्या मात्र नभई बालबालिकाले गर्ने बिज्याँईका सामाजिक र मनोवैज्ञानिक पक्षहरुलाई पनि विचार गरिनु उपयुक्त हुन्छ । बालबालिकाहरुलाई मनोवैज्ञानिक असर नपरोस भन्नाका लागि बालमैत्री वातावरणमा सुनुवाईको सुनिश्चित गर्दै बालबालिकालाई आवश्यक पर्ने अन्य बालमैत्री सेवा (Child Friendly Services) हरुको पँहुचको लागि पनि सहयोग गर्नु जरुरी देखिन्छ ।

नेपालको बाल न्याय प्रशासनको सन्दर्भमा बाल न्याय समन्वय समितिको स्थापनाकाल देखि यस समितिको सचिवालयले अदालतहरुबाट बालबिज्याँईसम्बन्धी भएका फैसलाहरुको सङ्कलन तथा प्रकाशन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा पनि बालबिज्याँईसम्बन्धी जिल्ला अदालतहरुबाट भएका फैसलाहरुको संग्रह प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी लागेको छ । यो प्रकाशनले जिल्ला अदालतका अभ्यास (Judicial Trend) लाई उजागर गर्दै आगामी दिनहरुमा अझ उत्कृष्ट फैसला गर्न र फैसलामा एक रुपता कायम गर्न समेत सहयोग गर्नेछ भन्ने लागेको छ । यस प्रकाशनले बालबिज्याँईसम्बन्धी मुद्दाहरुमा बालबालिकासम्बन्धी ऐन, नियमले समेटेका बाल न्यायसम्बन्धी अवधारणाहरु व्यवहारिक रुपमा के कसरी लागू भइरहेका छन् भन्ने बारेमा पनि जानकारी गराउने अपेक्षा गरेको छु । साथै यो प्रकाशन न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, बालअधिकारकर्मी, नागरिक समाज र अन्य सरोकारवालाहरुलाई पनि उपयोगी हुने विश्वास लिएको छु । यस्तो महत्वपूर्ण कार्यमा जुट्नु हुने बाल न्याय समन्वय समितिको सचिवालयका कर्मचारीहरु श्री ज्ञानेन्द्र इटेनी, रोम थापा, पुष्कर थापा, खुश्वु शाह, नारायणी रेग्मीलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

श्रीकान्त पौडेल
रजिष्ट्रार, सर्वोच्च अदालत
सदस्य सचिव, बाल न्याय समन्वय समिति

विषयसूची

क.स.	पक्ष, विपक्ष र मुद्दाको नाम	अदालत र फैसला मिति	पृष्ठ संख्या
१.	नेपाल सरकार विरुद्ध परिवर्तित नाम बरजा ३ समेत मुद्दाः लागूऔषध ।	स्याङ्जा जिल्ला अदालत २०७१/१/३	१ – ८
२.	नेपाल सरकार विरुद्ध बिजय मुद्दाः जवरजस्ती करणी उद्योग ।	रुपन्देही जिल्ला अदालत २०७१/१/३	९ – १४
३.	नेपाल सरकार विरुद्ध कलैया ३३(क)८ मुद्दाः जवरजस्ती करणी ।	बारा जिल्ला अदालत २०७१/१/८	१५ – २०
४.	नेपाल सरकार विरुद्ध H एच मुद्दाः जवरजस्ती करणी ।	झापा जिल्ला अदालत २०७१/१/९	२१ – २६
५.	नेपाल सरकार विरुद्ध मिलन लिम्बूसमेत मुद्दाः ज्यान मार्ने उद्योग ।	तेह्रथुम जिल्ला अदालत २०७१/१/९	२७ – ३७
६.	नेपाल सरकार विरुद्ध राजेश नेपालीसमेत मुद्दाः जवरजस्ती चोरी ।	कास्की जिल्ला अदालत २०७१/१/२५	३८ – ४३
७.	नेपाल सरकार विरुद्ध बिजय गुरुङ मुद्दाः जवरजस्ती चोरी ।	उदयपुर जिल्ला अदालत २०७१/२/५	४४ – ४७
८.	नेपाल सरकार विरुद्ध धादिङ १(त) मुद्दाः जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।	धादिङ जिल्ला अदालत २०७१/२/२५	४८ – ५५
९.	तारा वि.क.को जाहेरीले नेपाल सरकार विरुद्ध कास्की डमुद्दाः जवरजस्ती करणी ।	कास्की जिल्ला अदालत २०७१/३/३	५६ – ६१
१०.	नेपाल सरकार विरुद्ध सविन मुद्दाः जवरजस्ती करणी ।	झापा जिल्ला अदालत २०७१/३/४	६२ – ६७
११.	नेपाल सरकार विरुद्ध “I” मुद्दाः जवरजस्ती करणी उद्योग ।	झापा जिल्ला अदालत २०७१/३/८	६८ – ७२
१२.	नेपाल सरकार विरुद्ध सुजन चौधरीसमेत मुद्दाः नकवजनी चोरी ।	दैलेख जिल्ला अदालत २०७१/३/१२	६३ – ८३
१३.	नेपाल सरकार विरुद्ध कास्की च मुद्दाः जवरजस्ती करणी ।	कास्की जिल्ला अदालत २०७१/३/१३	८४ – ८९

१४.	नेपाल सरकार विरुद्ध २०७०(४) एस मुद्दाः जवरजस्ती करणी ।	रुपन्देही जिल्ला अदालत २०७१/३/१७	९० – ९५
१५.	नेपाल सरकार विरुद्ध कास्की छ मुद्दाः जवरजस्ती करणी ।	कास्की जिल्ला अदालत २०७१/४/१६	९६ – १०२
१६.	नेपाल सरकार विरुद्ध बलराम मुद्दाः जवरजस्ती करणी उद्योग ।	सप्तरी जिल्ला अदालत २०७१/४/१८	१०३ – १०८
१७.	नेपाल सरकार विरुद्ध रामवरण मुद्दाः अप्राकृतिक मैथुनसमेत गरी जवरजस्ती करणी ।	सप्तरी जिल्ला अदालत २०७१/४/१८	१०९ – ११३
१८.	नेपाल सरकार विरुद्ध मोहम्मद आशिफ जोलाहसमेत मुद्दाः लागूऔषध ब्राउनसुगर ।	बाँके जिल्ला अदालत २०७१/४/२८	११४ – १२१
१९.	नेपाल सरकार विरुद्ध सि.डि.समेत मुद्दाः सवारी ज्यान ।	सुनसरी जिल्ला अदालत २०७१/४/२८	१२२ – १३०
२०.	नेपाल सरकार विरुद्ध तिर्थराज ढुङ्गाना मुद्दाः जवरजस्ती करणी (अप्राकृतिक मैथुन) ।	काभ्रे जिल्ला अदालत २०७१/५/३	१३१ – १३७
२१.	नेपाल सरकार विरुद्ध धादिङ १(त्र) मुद्दाः जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।	धादिङ जिल्ला अदालत २०७१/५/११	१३८ – १४५
२२.	नेपाल सरकार विरुद्ध कृष्णकान्त देव मुद्दाः जवरजस्ती करणी ।	सप्तरी जिल्ला अदालत २०७१/५/१२	१४६ – १५२
२३.	नेपाल सरकार विरुद्ध ख बहादुर मुद्दाः नकबजनी चोरी ।	सुनसरी जिल्ला अदालत २०७१/५/१३	१५३ – १५८
२४.	नेपाल सरकार विरुद्ध सातदोबाटो (च) मुद्दाः सार्वजनिक अपराध ।	ललितपुर जिल्ला अदालत २०७१/५/२९	१५९ – १६५
२५.	नेपाल सरकार विरुद्ध R कुमार मुद्दाः जवरजस्ती करणी (बालबिज्याँई) ।	सुनसरी जिल्ला अदालत २०७१/५/३१	१६६ – १७०
२६.	नेपाल सरकार विरुद्ध कमलेश लामा मुद्दाः नकवजनी चोरी ।	काठमाडौं जिल्ला अदालत २०७१/६/३	१७१ – १७७
२७.	नेपाल सरकार विरुद्ध कमल गौतम मुद्दाः नकवजनी चोरी ।	काठमाडौं जिल्ला अदालत २०७१/७/२	१७८ – १८३
२८.	नेपाल सरकार विरुद्ध सन्तोष तामाङ मुद्दाः जवरजस्ती करणी उद्योग ।	काठमाडौं जिल्ला अदालत २०७१/७/२	१८४ – १८८

२९.	नेपाल सरकार विरुद्ध (A) मुद्दाः जवरजस्ती करणी ।	बारा जिल्ला अदालत २०७१/७/१७	१८९ – १९५
३०.	नेपाल सरकार विरुद्ध जावलाखेल (क) मुद्दाः साधारण चोरी	ललितपुर जिल्ला अदालत २०७१/७/२०	१९६ – २०१
३१.	नेपाल विरुद्ध कास्की घ मुद्दाः नकवजनी चोरी ।	कास्की जिल्ला अदालत २०७१/७/२५	२०२ – २०६
३२.	नेपाल सरकार विरुद्ध B कुमार मुद्दाः ज्यान मार्ने उद्योग ।	सुनसरी जिल्ला अदालत २०७१/७/२६	२०७ – २१३
३३.	नेपाल सरकार विरुद्ध पथरी (द) मुद्दाः जवरजस्ती करणी ।	मोरङ जिल्ला अदालत २०७१/७/२६	२१४ – २१९
३४.	नेपाल सरकार विरुद्ध दिलिपकुमार यादवसमेत । मुद्दाः जवरजस्ती करणी ।	सप्तरी जिल्ला अदालत २०७१/८/७	२२० – २२७
३५.	नेपाल सरकार विरुद्ध त कुमार मुद्दाः जवरजस्ती करणी ।	पाल्पा जिल्ला अदालत २०७१/८/८	२२८ – २३२
३६.	नेपाल सरकार विरुद्ध उदयपुर ७ मुद्दाः लागूऔषध ।	उदयपुर जिल्ला अदालत २०७१/८/८	२३३ – २३६
३७.	नेपाल सरकार विरुद्ध एस कुमार मुद्दाः नकवजनी चोरी	सुनसरी जिल्ला अदालत २०७१/८/८	२३७ – २४०
३८.	नेपाल सरकार विरुद्ध मो. रजाउल मियाँ मुद्दाः जवरजस्ती करणी उद्योग ।	सप्तरी जिल्ला अदालत २०७१/८/९	२४१ – २४५
३९.	नेपाल सरकार विरुद्ध ओ कुमारसमेत मुद्दाः सवारी ज्यान ।	सुनसरी जिल्ला अदालत २०७१/८/१०	२४६ – २५१
४०.	नेपाल सरकार विरुद्ध D-1 समेत मुद्दाः नकवजनी चोरी ।	दैलेख जिल्ला अदालत २०७१/८/१०	२५२ – २६२
४१.	नेपाल सरकार विरुद्ध २०७१(२) S मुद्दाः जवरजस्ती करणी ।	रुपन्देही जिल्ला अदालत २०७१/८/११	२६३ – २६९
४२.	नेपाल सरकार विरुद्ध १० क मुद्दाः जवरजस्ती करणी उद्योगसम्बन्धी बालबिज्याँई ।	बाँके जिल्ला अदालत २०७१/८/१४	२७० – २७५
४३.	नेपाल सरकार विरुद्ध मोहमद ताज मुद्दाः अप्राकृतिक मैथुनसम्बन्धी बालबिज्याँई ।	ललितपुर जिल्ला अदालत २०७१/८/२२	२७६ – २८४

४४.	नेपाल सरकार विरुद्ध R. Nine समेत मुद्दाः चोरी ।	तनहुँ जिल्ला अदालत २०७१/८/२९	२८५ – २९२
४५.	नेपाल सरकार विरुद्ध 'क' बहादुर मुद्दाः जवरजस्ती करणी ।	सुनसरी जिल्ला अदालत २०७१/९/२	२९३ – २९८
४६.	नेपाल सरकार विरुद्ध B मुद्दाः जवरजस्ती करणी उद्योग ।	झापा जिल्ला अदालत २०७१/९/६	२९९ – ३०४
४७.	नेपाल सरकार विरुद्ध धादिङ २(ष) मुद्दाः जवरजस्ती करणी ।	धादिङ जिल्ला अदालत २०७१/९/२२	३०५ – ३१२
४८.	नेपाल सरकार विरुद्ध (क-१) मुद्दाः जवरजस्ती करणी ।	झापा जिल्ला अदालत २०७१/९/२३	३१३ – ३१८
४९.	नेपाल सरकार विरुद्ध भैरहवा (९)P मुद्दाः जवरजस्ती करणी ।	रुपन्देही जिल्ला अदालत २०७१/९/२७	३१९ – ३२४
५०.	नेपाल सरकार विरुद्ध तार्जेन बाडदी तामाङ.समेत मुद्दाः नकवजनी चोरी ।	रसुवा जिल्ला अदालत २०७१/१०/६	३२५ – ३३७
५१.	नेपाल सरकार विरुद्ध एम कुमार मुद्दाः लागूऔषध गाँजासम्बन्धी बालबज्याँई ।	सुनसरी जिल्ला अदालत २०७१/१०/८	३३८ – ३४२
५२.	नेपाल सरकार विरुद्ध EEE कुमार मुद्दाः जवरजस्ती करणी उद्योग ।	मोरङ जिल्ला अदालत २०७१/१०/१३	३४३ – ३४७
५३.	नेपाल सरकार विरुद्ध अमिर मुद्दाः जवरजस्ती करणी ।	मोरङ जिल्ला अदालत २०७१/१०/१३	३४८ – ३५१
५४.	नेपाल सरकार विरुद्ध रियाज आलम मुद्दाः साधारण चोरी ।	ललितपुर जिल्ला अदालत २०७१/१०/१७	३५२ – ३५९
५५	नेपाल सरकार विरुद्ध मानबहादुर खड्कासमेत मुद्दाः लागूऔषध (ब्राउनसुगर) ।	बाँके जिल्ला अदालत २०७१/१०/१८	३६० – ३६४
५६	नेपाल सरकार विरुद्ध कास्की ञ मुद्दाः लागूऔषध नाइट्रोसन ।	कास्की जिल्ला अदालत २०७१/१०/२०	३६५ – ३६९
५७	नेपाल सरकार विरुद्ध A कुमार मुद्दाः जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।	सुनसरी जिल्ला अदालत २०७१/१०/२०	३७० – ३७८
५८	नेपाल सरकार विरुद्ध प्युठान "ए" मुद्दाः केही सार्वजनिक अपराधसम्बन्धी बालबिज्याँई ।	प्यूठान जिल्ला अदालत २०७१/११/३	३७९ – ३८४

५९	नेपाल सरकार विरुद्ध बबरमहल (क) मुद्दाः ज्यान मार्ने उद्योग ।	काठमाडौं जिल्ला अदालत २०७१/११/८	३८५ – ३९०
६०	नेपाल सरकार विरुद्ध दुहबी M कुमार मुद्दाः जवरजस्ती करणी (बालबिज्याँई) ।	सुनसरी जिल्ला अदालत २०७१/११/१०	३९१ – ३९५
६१.	नेपाल सरकार विरुद्ध महादेवा A मुद्दाः जवरजस्ती करणी ।	मोरङ जिल्ला अदालत २०७१/११/११	३९६ – ४००
६२.	नेपाल सरकार विरुद्ध जे कुमार मुद्दाः जवरजस्ती करणी (बालबिज्याँई) ।	सुनसरी जिल्ला अदालत २०७१/११/१२	४०१ – ४०५
६३.	नेपाल सरकार विरुद्ध गुल्जार बागवान मुद्दाः चोरी ।	बाँके जिल्ला अदालत २०७१/११/१३	४०६ – ४१०
६४.	नेपाल सरकार विरुद्ध इ कुमार मुद्दाः जवरजस्ती करणी ।	सुनसरी जिल्ला अदालत २०७१/११/१८	४११ – ४१७
६५.	नेपाल सरकार विरुद्ध धिरेन्द्र भन्ने धरेन्द्र सिंह मुद्दाः जवरजस्ती करणी उद्योग ।	बाँके जिल्ला अदालत २०७१/१२/२२	४१८ – ४२१
६६.	नेपाल सरकार विरुद्ध करण थारुसमेत मुद्दाः ज्यान मार्ने उद्योग ।	बाँके जिल्ला अदालत २०७१/१२/२६	४२२ – ४२८
६७.	नेपाल सरकार विरुद्ध महाराजगञ्ज (१) मुद्दाः जवरजस्ती करणी ।	काठमाडौं जिल्ला अदालत २०७१/१२/२७	४२९ – ४३३
६८.	नेपाल सरकार विरुद्ध बबरमहल त मुद्दाः सार्वजनिक अपराध ।	काठमाडौं जिल्ला अदालत २०७१/१२/२७	४३४ – ४३७
६९.	नेपाल सरकार विरुद्ध बानेश्वर २६(४) मुद्दाः जवरजस्ती करणी	काठमाडौं जिल्ला अदालत २०७१/१२/२७	४३८ – ४४२

स्याङ्जा जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश चिन्तामणी बराल

फैसला

५८-०७०-०००८१

०७०-CR-००२१

निर्णय नं: १

मुद्दा: लागूऔषध ।

उपस्थिति

बालमनोवैज्ञानिकः दिवाकर शर्मा

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला प्रहरी कार्यालय, स्याङजाका प्रहरी सहायक निरीक्षक पूर्णबहादुर थापासमेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार १	जिल्ला तनहुँ, भानु गा.वि.स., वडा नं. ६ बस्ने परिवर्तित नाम बरजा २ को छोरा वर्ष १५ को बरजा ३ .....१ ऐ.ऐ. बस्ने परिवर्तित नाम बरजा ५ को छोरा वर्ष १५ को बरजा ६ .....१ ऐ.ऐ. बस्ने परिवर्तित नाम बरजा ८ को छोरा वर्ष १५ को बरजा ९ .....१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको पर्ने भई प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छः

जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका, वडा नं. १२ बरजास्थित पूर्वमा राङखोलाबाट स्याङ्जा आउनजाने पक्की मोटरबाटो, पश्चिममा स्याङ्जाबाट राङखोलातर्फ आउनेजाने पक्की मोटर बाटो, उत्तरमा कुलबाँच चण्डीस्थान जाने गोरेटो बाटो, दक्षिणमा सिद्धथान बाटो । यति चारकिल्लाभित्र सिद्धार्थ

राजमार्गको पक्की सडकमा शङ्कास्पद तवरले हिडिरहेका पछि नाम, थर, वतन खुलेका परिवर्तित नाम बरजा ३, बरजा ६, बरजा ९ लाई रोकी निजहरूको शरीरको खानतलासी गर्दा निजहरूमध्ये बरजा ९ ले आफ्नो दाहिने हातमा बुद्धपार्क मोवाइल सप (Buddha park mobile shop) लेखिएको घिउँ कलरको सानो झुन्ड्याई बोकेको हाते झोलाभित्र ३ से.मी. गोलाई, ४४ से.मी. लम्बाई भएको फलामे बाङ्गो रड थान १, सेतो रंगको बल्ने टर्चलाइट १, तिर लेखिएको खाली सलाईको बट्टा थान १, खुकुरी चुरोटको १ खिल्लीसहित बट्टा थान १, विभिन्न आकार प्रकारका चाँवीका झुप्पाहरू थान ४, Savfax लेदरको जस्तो देखिने रातो पर्स थान १ रहेको सो र पर्सभित्र 2 टुक्रा भएको ५०(पचास) को नोट थान १, २० (बीस) रुपैयाँको नोट थान ३, १० (दश) रुपैयाँको नोट थान २, पाँच रुपैयाँको नोट थान १३, दुई रुपैयाँको नोट थान ७ गरी जम्मा रु. २०९/- (दुई सय नौ रुपैयाँ) रहेको एभरेष्ट नेपाल अंग्रेजीमा लेखिएको कालो किराना हरियो रंग भएको खाली पर्स थान १, कालोमा सेतो घेरा भएको भित्र डायरी भएको खाली पर्स थान १, शङ्ख जस्तो देखिने काँडा जस्तो थान १८ रहेको, व्याट्री नभएको एनसेल (Ncell) सिम भएको सिल्भर रहेको Motorola लेखिएको मोवाइल थान १, विन्दास लेखिएको नचल्ने घडी थान १ रहेको सोही झोलामा सेतोमा निलो फुलसँगको प्लाष्टिकको पोका भेटिएको, सो पोका खोली हेर्दा सानो गिलास आकारको ३ वटा गाँजा जस्तो पदार्थको ढिक्काहरू रहेको सो ढिक्काहरूलाई A, B, C नामाकरण गरी तत्काल तौलदा सङ्केत A गाँजा जस्तो वस्तुको गोलाई १७ c.m, उचाई ५ c.m. र तौल ७०.४ ग्राम रहेको, त्यस्तै गरी सङ्केत नं. B गाँजा जस्तो वस्तुको तौल ५० ग्राम रहेको, गोलाई १५ c.m., उचाई ६ c.m. रहेको र सङ्केत नं. C गाँजा जस्तो वस्तुको गोलाई १४ c.m, उचाई ८ c.m. र तौल ५.४ ग्राम रहेको सोही प्लाष्टिकका झोलामा गाँजा जस्तो धुलो पदार्थ सेतो कागजको पोका रहेको सो सेतो कागजको पोकाबाट कागज निकाली तौलदा १०६ ग्राम रहेको माथि उल्लेखित चिजवस्तु सामानहरू प्रहरीले हाम्रो रोहवरमा वरामद गरी लगेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको वरामदी तथा खानतलासी मुचुल्का ।

मिति २०७०/४/९ गते राती अन्दाजी २२:३० बजेको समयमा यस कार्यालयबाट खटिएको मसमेतको प्रहरी टोलीले सिद्धार्थ राजमार्गअन्तर्गत जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका, वडा नं. १२ बरजास्थित सडकमा राङखोलातर्फबाट स्याङ्जा बजारतर्फ आउँदै गरेको निम्न मानिसहरूलाई शङ्का लागी चेकजाँच गर्ने क्रममा निजहरूमध्येका बरजा ३ ले बोकेको हाते झोलाबाट लागूऔषध (गाँजा) जस्तो पदार्थ २७९.८ ग्राम र अन्य चिजवस्तुहरू फेला पारी वरामदी मुचुल्का गरी यसै प्रतिवेदन साथ मानिसहरू र दशीको सामान पेश गरेका छौं । कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको प्र.स.नि. पूर्णबहादुर थापासमेतको प्रहरी प्रतिवेदन ।

प्र.स.नि. पूर्णबहादुर थापासमेतको प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित सङ्केत नाम बरजा ३ समेत भएको लागूऔषध (गाँजा) मुद्दाको अनुसन्धानको क्रममा वरामद हुन आएको गिलास आकारको ३ वटा गाँजा जस्तो पदार्थको ढिक्काहरू जस्लाई क्रमशः A, B, C सङ्केत नाम दिई तौलदा A को तौल ७०.४ ग्राम, B को तौल ५० ग्राम, C को तौल ५३.४ ग्राम र प्लाष्टिकको पोकाभित्र रहेको

१०६ ग्राम लागूऔषध गाँजा जस्तो पदार्थ जम्मा २७९.८ ग्राम तौलमध्येबाट सम्मानित अदालतमा दशीको रुपमा पेश गर्नको लागि ३ ग्राम अनुसन्धान अधिकारीको नमूनाको लागि विधिविज्ञान प्रयोगशालामा परीक्षणको लागि ३ ग्राम, माथि उल्लेखित गाँजा पदार्थहरूबाट अलगअलग छुट्याई कागजको खाममभित्र राखी बाँकी रहेको सङ्केत नं. A बाट ६१.४ ग्राम, B बाट ४१ ग्राम, C बाट ४४.४ ग्राम र प्लाष्टिकको पोकाबाट बाँकी रहेको ९७ ग्राम गरी जम्मा बाँकी रहेको २४३.८ ग्राम गाँजा जस्तो पदार्थलाई सम्मानित स्याङ्जा जिल्ला अदालतका प्रतिनिधि, नगरपालिकाका प्रतिनिधि, जिल्ला प्रशासनका प्रतिनिधिहरूको रोहोवर पहिलो पटक म्याद थप भएको मितिले १५ दिनभित्र सुरक्षित साथ कागजको खामका राखी ५ ठाउँमा लाहाछाप लगाई खटी आएको प्रहरी टोलीले फिर्ता लगेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको मुचुल्का ।

मिति २०७०/४/२९ गते राती अन्दाजी २२:३० बजेको समयमा जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका, वडा नं. १२ बरजास्थित सार्वजनिक सडकमा प्रहरीहरूले मसमेत माथि चेकजाँच गर्ने क्रममा बरजा ९ ले बाकेको हातेझोलाबाट वरामदी मुचुल्कामा उल्लेखित लागूऔषध गाँजा जस्तो पदार्थ २७९.८ ग्राम लागूऔषध (गाँजा) हो । उक्त हाते झोला मेरो हो । हामीहरू ३ जनाले उक्त झोला पालैपालो बोक्दै आएका थियौं । उक्त गाँजा मैले नुवाकोट जिल्लाको ककनीको रानीपौवा भन्ने ठाउँबाट रु. ३५०/- (तीन सय पचास) रुपैयाँमा किनेको हुँ । वरामदी मुचुल्कामा उल्लेखित २०९ (दुई सय नौ) रुपैयाँ, शङ्ख जस्तो देखिने कौडा थान १८, बिन्दास लेखिएको नचल्ने घडी (Ncell) सिमकार्ड भएको सिल्भर लेखिएको मोवाइल थान १, लेदरको थान १ र सलाई तथा चुरोटको बट्टाहरू सबै मेरो हो भन्ने व्यहोराको प्रतिवादी सङ्केत नाम बरजा ६ को बयान कागज ।

मिति २०७०/४/९ गते राती अन्दाजी २२:३० बजेको समयमा बरजा ६ र बरजा ९ बरजाबाट स्याङ्जा बजारतर्फ आउँदै गर्दा प्रहरीले चेकजाँच गर्दा बरजा ९ ले बोकेको हाते झोलाबाट २७९.८ ग्राम गाँजा र अन्य चिजवस्तु वरामद भएको हो । उक्त झोलाहरू हामी ३ जनाले पालैपालो बोक्दै आएका थियौं । गाँजा सेवन गर्नका लागि रानीपौवा नुवाकोटबाट रु. ३५०/- (तीन सय पचास रुपैयाँ) मा म बरजा ६ ले किनेको हो । सो गाँजाबाहेकका अन्य वरामदी सामानहरू कोही मेरो कोही बरजा ६ को र कोही बरजा ९ को हो भन्ने व्यहोराको प्रतिवादी सङ्केत नाम बरजा ३ को बयान कागज ।

मिति २०७०/४/९ गते राती अन्दाजी २२:३० बजेको समयमा म, बरजा ६ र बरजा ९ बरजाबाट स्याङ्जा बजारतर्फ आउँदै गर्दा प्रहरीले चेकजाँच गर्दा बरजा ९ ले बोकेको हाते झोलाबाट २७९.८ ग्राम गाँजा र अन्य चिजवस्तुहरू वरामद भएको हो । उक्त झोला हामीहरू ३ जनाले पालैपालो बोक्दै आएका थियौं । सो गाँजा सेवन गर्नका लागि रानीपौवा नुवाकोटबाट रु. ३५०/- (तीन सय पचास) रुपैयाँमा म बरजा ६ ले किनेको हो । सो गाँजाबाहेकका अन्य वरामदी सामानहरू कोहि मेरो कोहि बरजा ६ को र कोहि बरजा ९ को हो भन्ने व्यहोराको प्रतिवादी सङ्केत नाम बरजा ३ को बयान कागज ।

मिति २०७०/४/९ गते राती अन्दाजी २२:३० बजेको समयमा म, बरजा ३ र बरजा ६ जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका वडा नं १२ बरजाबाट स्याङ्जा बजारतर्फ पैदल आउँदै गर्दा प्रहरीहरूले चेकजाँच गर्ने क्रममा मैले बोकेको हातेझोलाबाट वरामदी मुचुल्कामा उल्लेखित २७९.८ ग्राम गाँजा र अन्य चिजवस्तुहरू वरामद भएको हो । वरामदी मुचुल्कामा उल्लेखित गाँजा २७९.८ ग्राम गाँजा नुवाकोट जिल्लाको रानीपौवा भन्ने ठाउँबाट ल्याएको हो । उक्त गाँजा साथी बरजा ६ ले रु. ३५०/- (तीन सय पचास) रुपैयाँमा किनेर ल्याएको हो । निज बरजा ६ ले किनेको भए पनि उक्त झोला हामीहरू तिनै जनाले सेवन गर्ने गरेका थियौं । उक्त लागूऔषध (गाँजा) भएको झोला हामीहरू तिनै जनाले पालैपालो बोकी ल्याएको हौं भन्ने व्यहोराको प्रतिवादी बरजा ९ को बयान कागज ।

प्र.स.नि. पूर्णबहादुर थापासमेतको प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सङ्केत नाम बरजा ३ समेत भएको लागूऔषध (गाँजा) मुद्दाको अनुसन्धानको क्रममा प्रहरीद्वारा वरामद भई आएको वरामदी मुचुल्कामा उल्लेख भएको सानो गिलास आकारको १७ c.m गोलाई, ५ c.m. उचाईको ७०.४ ग्राम तौल भएको गाँजा जस्तो पदार्थ, १५ c.m. गोलाई ६ c.m. उचाईको ५० ग्राम तौल भएको गाँजा जस्तो पदार्थ १४ c.m. गोलाई ८ c.m. उचाईको ५३.४ ग्राम तौल भएको गाँजा जस्तो पदार्थ र सेतो कागजको पोकामा रहेको १०६ ग्राम तौल भएको गाँजा जस्तो पदार्थ गरी जम्मा २७९.८ ग्राम तौलमध्येबाट सम्मानित स्याङ्जा जिल्ला अदालतमा दशीको रुपमा पेश गर्नको लागि ३ ग्राम अनुसन्धान अधिकारीको नमूनाको लागि ३ ग्राम र विधिविज्ञान प्रयोगशालामा परीक्षणको नमूनाको लागि ३ ग्राम, माथि उल्लेखित लागूओषध गाँजा पदार्थहरूबाट अलगअलग नमूना स्याम्पल निकाली बाँकी रहेको जम्मा २४३.८ ग्राम लागूऔषध गाँजा जस्तो पदार्थलाई हामीहरूको रोहवरमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ११(क) अनुसार जिल्ला प्रहरी कार्यालय, स्याङ्जाको कम्पाउण्डभित्र जलाई नष्ट गरेको ठीक साँचो हो भन्ने व्यहोराको मुचुल्का ।

वारदात मिति २०७०/४/९ गते राती अन्दाजी २२:३० बजेको समयमा जिल्ला स्याङ्जा, पुतलीबजार नगरपालिका, वडा नं. १२ बरजास्थित सडकमा राङ्खोलाबाट स्याङ्जा बजारतर्फ पैदल आउँदै गरेको हाल प्रहरी बालमैत्री कक्षमा रहेका अनुसन्धान भइरहेका सङ्केत नाम सुनी थाहा हुन आएका बरजा ३ (सङ्केत नाम) भएका जना ३ मानिसहरू शंकास्पद अवस्थामा बाटोमा हिडिरहेको अवस्थामा गस्ती प्रहरी फेला पारी निजहरूलाई सोधपुछ गरी शङ्का लागी निजहरूको शरीरसमेतमा खानतलासी गर्दा सङ्केत नाम बरजा ९ समेतले बोकेको झोलाबाट २७९.८ ग्राम लागूऔषध गाँजा र खुकुरी चुरोटसमेत प्रहरीले फेला पारी तत्कालै निजहरूको रोहवरमा वरामद गरी खानतलासी मुचुल्कासहित नाम बरजा ३, बरजा ६, बरजा ९ समेत जना ३ लाई प्रहरीले पक्राउ गरी लगेको भन्ने कुरा मसमेतले सोही स्थानका गाँउ घरछिमेका मानिसहरूले बताएपछि सुनी थाहा पाएका हौं भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरू रमेश थापा, बोधराज तिमिल्सेना, बसन्ती थापासमेतका मानिसहरूले गरिदिएको एकै मिलानको कागज । रमेश थापासमेतका मानिसहरूले गरिदिएको वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न सबुत प्रमाणहरूबाट

प्रतिवादीहरू बरजा ३, बरजा ६, बरजा ९ ले गाँजा सेवन गर्नका लागि लागूऔषध गाँजा २७९.८ ग्राम प्रतिवादीमध्येका बरजा ९ ले बोकेको झोलाबाट वरामद भएको देखिँदा प्रतिवादीहरूको उक्त कार्य लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसार लागूऔषध सेवनको कसूर अपराध गरेको देखिँदा उक्त कसूरमा प्रतिवादीहरू नाम परिवर्तित बरजा ३, बरजा ६, बरजा ९ लाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(क) बमोजिम सजाय हुन, साथै प्रतिवादी बरजा ९ को उमेर १३ वर्षको देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन र प्रतिवादीहरू बरजा ६ बरजा ३ को उमेर १५ वर्षको देखिँदा निजहरू २ जनालाई पनि सोही ऐनको दफा ११(३) बमोजिम हुनसमेतको मागदाबी लिइएको अभियोगपत्र ।

मिति २०७०/४/२० गते घरगाउँबाट काठमाडौं गएकोमा बरजा ६ सँग भएको मोवाइल बिक्रिबाट आएको पैसाबाट नुवाकोट रानीपौवा गई रु. ३५०/- वरामदी मुचुल्कामा उल्लेखित गाँजा किनेका हौं । उक्त गाँजा बिक्रि गर्नका लागि हिडेको होइन । वरामद भएका सामानमध्ये पर्स, रड र चावी मेरो हो । अभियोग दाबीबमोजिम सजाय भएमा मेरो मञ्जुर छ भन्नेसमेत व्यहोराको प्रतिवादी बरजा ३ ले यस अदालतमा गरेको बयान ।

मिति २०७०/४/२२ तिर काम गर्न भनी घरगाँउबाट भागी हिडेका र काठमाडौं पुगी बास बसी भोलिपल्ट रानीपौवा गई गाँजा रु. ३५०/- मा किनि लिई हिडेका हौं । गाँजा किनेर घरतर्फ आउदै गर्दा बाटो बिराएर स्याङ्जाको राङ्खोला आइपुगी बरजा भन्ने ठाँउमा आई पुग्दा प्रहरीबाट पक्राउमा परेका हौं । मसँग भएको मोवाइल बेची आएको पैसाले किनेको हुँ । वरामद भएको नगद रु. २०९/- मोवाइल पर्स घडी लाइट मेरो हो । कपडाहरूसमेत भएको झोला वरामद भएको हो । उक्त गाँजा हामी ३ ले सेवन गर्नका लागि किनेको हौं भन्नेसमेत व्यहोराको बरजा ६ ले यस अदालतमा गरेको बयान ।

वरामदी मुचुल्कामा उल्लेखित गाँजा हामी प्रतिवादी जना ३ ले सेवन गर्नका लागि नुवाकोटको रानीपौवा भन्ने ठाउँबाट खरिद गरेका हौं । बिक्रीको लागि होइन । कामको खोजीमा काठमाडौं गएको अवस्थामा रानीपौवा गई किनी गाउँघरतर्फ नपसी ढोरबराही गएका थियौं र सोबाट फर्कने क्रममा स्याङ्जा राङ्खोला आएको अवस्थामा हामीहरूसँग गाँजा भएकोले पक्राउमा परेका हौं । वरामदी सामानमध्ये एक थान पर्स मेरो हो । गाँजा हामी तिनै जनाले सेवनको लागि लिई आएको हौं भन्नेसमेत व्यहोराको प्रतिवादी बरजा ९ ले यस अदालतमा गरेको बयान ।

देखीजान्ने/सुनीजान्ने मानिस यामबहादुर थापा, रत्नबहादुर गुरुङ, जाहेरवाला प्र.स.नि. पूर्णबहादुर थापाको बकपत्र भई मिसिल सामेल रहेछ ।

बालअधिकार अधिकृतले पेश गरेको सामाजिक अध्ययन प्रतिवेदन थान ३ र बालमनोवैज्ञानिकले पेश गरेको मिसिल सामेल रहेछ ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फबाट बहसको लागि उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री जयप्रसाद श्रेष्ठले प्रतिवादीहरूले बोकेको झोलाबाट लागूऔषध गाँजा वरामद भएको छ । वरामद भएको चिजवस्तु लागूऔषध हो, होइन भनी विधिविज्ञान प्रयोगशालामा जाँच गर्न पठाउँदा पाइएको भनी लेखी आएको छ । प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र यस अदालतसमेतमा आरोपित कसूरमा साबित भई बयान गरेका छन् । प्रतिवादीहरूले एक आपसमा पोल गरेकाले अभियोगपत्र मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय हुनु पर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

प्रतिवादी तर्फबाट उपस्थित वैतनिक अधिवक्ता मथुराप्रसाद पाण्डेले प्रतिवादीहरूबाट वरामद भएको गाँजा बिक्री वितरणको लागि होइन । सेवनको लागि साथमा रहेको भनी बयान गरेका छन् । वरामदी मुचुल्का गरी दिने मानिस अदालतसमक्ष आई बकपत्र गर्न सकेको अवस्था छैन । प्रतिवादीहरूका उमेर दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले उमेरअनुसार आपराधिक दायित्वमा फरक गरेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीको उमेर १४ वर्षभन्दा कम देखिन आएकोले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(क) मा जरिवानासम्म पनि हुन सक्ने कानूनी प्रावधान देखिँदा प्रतिवादीले अपराध गरेकै भए पनि सम्झाईबुझाई छाडी दिनु पर्छ भन्नेसमेत बहस गर्नु भयो ।

सहायक जिल्ला न्यायाधिवक्ता तथा वैतनिक अधिवक्ताको बहस सूची मिसिल अध्ययन गरियो ।

मिसिल हेर्दा प्रतिवादीहरू परिवर्तित नाम बरजा ३, ६ र ९ ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसार सेवनको कसूर गरेको देखिँदा उक्त कसूरमा प्रतिवादीहरू ३ जनालाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(क) बमोजिम सजाय हुन मागदाबी लिई प्रतिवादी बरजा ९ को उमेर १३ वर्षको दखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम र अर्का प्रतिवादी बरजा ६ र ९ को उमेर १५ वर्षको देखिँदा निजहरू जना २ लाई सोही ऐन को दफा ११(३) बमेजिम हुन माग गरिएकोमा प्रतिवादीहरू यस अदालतमा बयान गर्दा कसूरमा साबित भई बयान गरेको प्रस्तुत मुद्दामा देहायबमोजिमको प्रश्नमा निर्णय दिनु परेको छ । प्रतिवादीहरूले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसार लागूऔषध गाँजा सेवनको कसूरमा अपराध गरेका हुन् होइन ? प्रतिवादीलाई ऐ. ऐनको दफा १४(१)(क) अनुसार सजाय हुनु पर्ने नपर्ने के हो ? सजाय हुनु पर्ने भए के कति सजाय हुने हो भन्ने प्रश्नमा निर्णय दिनु परेको छ ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू आरोपित कसूरमा अधिकारप्राप्त अधिकारी र यस अदालतमा समेत साबित भई बयान गरेका छन् । प्रतिवादीको बयानलाई वरामद भई आएको लागूऔषध गाँजाले पुष्टि गरेको छ । वरामद भएको चिज गाँजा हो भन्ने कुरा विधिविज्ञान प्रयोगशालामा जाँच भई आएको प्रतिवेदनबाट प्रष्ट छ । जाहेरवाला प्रतिवेदक प्र.स.नि. पूर्णबहादुर थापाले यस अदालतमा आई बकपत्र गर्दा वरामदी मुचुल्कामा उल्लेखित चिज यिनै प्रतिवादीमध्येकै नाम थाहा नभएको सबैभन्दा सानो केटाबाट

वरामद भएको प्रतिवेदन आफुले दिएको भनी प्रतिवेदनलाई सनाखत गरी दिएको देखिन्छ । वरामद भएको चिजवस्तु गाँजा नै हो भन्ने कुरा विधिविज्ञान प्रयोगशालाबाट लेखी आएको जाँच प्रतिवेदनले पुष्टि गरेको छ । बरजा ९ को सामाजिक प्रतिवेदन हेर्दा घर ठेगाना कहाँ हो यकीन गर्न नसकिएको, २०७० जेष्ठ महिनातिर तनहुँ जिल्लाको भानु गा.वि.स.स्थित बिष्णुहरि बुढाथोकीका घरमा डेरा गरी बस्दै आएको निजको काका कुष्ण बि.क. विल्डिङमा काम गर्ने गरेको, बाबु आमाको नाम यकीन नभएको भनी र परिवर्तित नाम अर्का प्रतिवादी बरजा ६ को ठेगाना भानु गा.वि.स.-६, तनहुँ रहेको, सानैदेखि मामा घर जाने गरेको पहिलेभन्दा अहिले बानी व्यहोरामा सुधार आएको भन्ने र अर्का प्रतिवादी बरजा ३ पनि भानु गा.वि.स.-६, तनहुँ घर भई मिति २०७० बैशाखबाट साथीहरूसँग बढी हिड्ने गरेकोसमेतको कारण आपराधिक कृयाकलापमा संलग्न रहे भएको भन्नेसमेत जिल्ला बाल कल्याण समितिको सामाजिक अध्ययन प्रतिवेदन मिसिल सामेल रहेको देखिन्छ । बालमनोवैज्ञानिकको प्रतिवेदन हेर्दा, प्रतिवादीहरू बरजा ९ ले मिति २०७०/६/९ देखि बरजा ३ र ६ ले मिति २०७०/९/३० देखि तारेख गुजारेको कारण निज प्रतिवादीहरूको मनोवैज्ञानिक अध्ययन गर्न असमर्थ रहेको भन्ने देखिन्छ । प्रतिवादीले तारेख भरपाई हेर्दा उल्लेखित मितिमा प्रतिवादीले तारेख गुजारेका देखिएको प्रतिवादीउपरको अभियोग दाबी हेरिएमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसार लागूऔषध गाँजा सेवनको कसूर गरेको भन्ने दाबी गरी ऐ. ऐनको १४(१)(क) बमोजिम सजायको मागदाबी लिएकोमा प्रतिवादी बरजा ९ को उमेर १३ वर्षको देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन अभियोग माग देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) हेर्दा बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरीवाना हुने कुनै अपराध गरेमा हप्काई, सम्झाईबुझाई र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने कानूनी व्यवस्था देखिन्छ । अर्का प्रतिवादी बरजा ३ र ६ को उमेर अभियोगपत्रमा १५ वर्षको भनी उल्लेख गरे पनि प्रतिवादीले अदालतमा बयान गर्दा पेश गरेको जन्मदर्ता तथा होमराज लोहनी शारद शिक्षा सदन उ.मा.वि.को सिफारिस पत्रबाट निज प्रतिवादी पनि १४ वर्षभन्दा कम उमेरको देखिन आउँछन् । वादी पक्षले अभियोग दाबी लिँदा १५ वर्षको भनी दाबी गरे पनि सो को सबुद पेश दाखिला गर्न सकेको पाइदैन । उमेरको हकमा विद्यालयबाट दिएको प्रमाणपत्रमा उल्लेखित उमेरलाई आधार मान्नु पर्ने हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले उमेरका आधारमा सजायमा फरक गरेको देखिन्छ ।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू बरजा ३, ६, ९ ले लागूऔषध गाँजा सेवन गरेको भन्ने अधिकारप्राप्त अधिकारी र यस अदालतमा समेत कसूरमा साबित भई बयान गरेका निज प्रतिवादीको बयान वरामदी मुचुल्का तथा जाहेरवालाले अदालतमा आई गरेको बकपत्रले पुष्टि गरेकोसमेत देखिँदा यी प्रतिवादीहरू परिवर्तित नाम बरजा ३, ६, ९ ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसार लागूऔषध गाँजा सेवनको कसूर अपराध गरेको ठहर्छ ।

निज प्रतिवादीहरू ३ जना चौध वर्षभन्दा कम उमेरका भन्ने कुरा मिसिल सामेल रहेको विद्यालयको प्रमाणबाट देखिएको र अभियोगपत्रमा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(क) को सजाय माग भएको, गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना

हुन सक्ने देखिएको र अभियोगपत्रमा नै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २ र ३ को दाबी भए पनि सबै प्रतिवादी १४ वर्षभन्दा मुनिको देखिँदा परिवर्तित नाम ६ र ९ लाई उक्त ऐनको ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने दाबी मनासिब देखिन आएन । सवै प्रतिवादी १४ वर्षभन्दा मुनिको देखिँदा प्रतिवादीको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित हुने देखिन्छ । अव निज प्रतिवादीले जरिवानामात्र हुने कसूर गरेका हुन् वा कैद सजाय हुने कसूर गरेका हुन् भन्ने सन्दर्भमा सजायतर्फ विचार गर्दा तिनै जना प्र. ले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को अपराध गरेको ठहरेको र अभियोगपत्रमा ऐ. ऐनको १४(१)(क) को दाबी हुँदा सोअनुसार गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना हुने देखिएको मिसिल सामेल रहेको सामाजिक अध्ययन प्रतिवेदनसमेतको अध्ययनबाट जरिवानासम्म हुने प्रकृति देखिँदा प्रतिवादीहरू परिवर्तित नाम बरजा ३, बरजा ६, बरजा ९ लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम आइन्दा यस्तो कसूर नगर्नु, कसूर गरेमा कानूनबमोजिम सजाय हुन्छ भनी सम्झाईबुझाई गरी सोको निस्सा मिसिल सामेल राखी हप्काई सम्झाईबुझाई दिने ठहर्छ, सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम परिवर्तित नाम बरजा ३, बरजा ६, बरजा ९ समेतके लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को अपराध गरेको ठहरेको र अभियोगपत्रमा ऐ. ऐनको १४(१)(क) बमोजिम एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना हुने देखिएको र मिसिल संलग्न कागज प्रमाणबाट जरिवानासम्म हुने प्रकृति देखिँदा प्रतिवादीहरू परिवर्तित नाम बरजा ३, बरजा ६, बरजा ९ लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम आइन्दा यस्तो कसूर नगर्नु, कसूर गरेमा कानूनबमोजिम सजाय हुन्छ भनी सम्झाईबुझाई निस्सा राख्नु १

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूलाई ७० दिने पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जालाई फैसलाको जानकार ीसहित पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरेमा नियमानुसार दस्तुर लिई फैसलाको प्रतिलिपि दिनु, दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनु ३

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम कम्प्युटर गर्ने ना.सु. शंकरनाथ खनाल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख ३ गते रोज ४ शुभम् .....।

रुपन्देही जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा

फैसला

सम्वत् २०७० सालको मुद्दा नं. ०७०-CR-०२७४

नि.नं. २७१

मुद्दा: जवरजस्ती करणी उद्योग ।

वादी	प्रतिवादी
परिवर्तित नाम देबीनगर-१ को जाहेरीले नेपाल सरकार १	जिल्ला रुपन्देही, बु.न.पा. १३ बस्ने बिजय (नाम परिवर्तित) १
साक्षी:	साक्षी: ×
जाहेरवाला परिवर्तित नाम देबीनगर-१ समेत वस्तुस्थिति मुचुल्काका मानिसहरू १	कागज: ×
कागज:	
अभियोगपत्र साथ संलग्न कागजातहरू	

अदालतबाट बुझेको

साक्षी:

जाहेरवाला नाम परिवर्तित नाम देबीनगर-१, पीडित बुटवल-३

घटना विवरण कागज गर्ने परिवर्तित नाम देबीनगर-२

कागज: ×

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः

मिति २०७०/१०/७ गतेका दिन अन्दाजी १५:०० बजेको समयमा जिल्ला रुपन्देही, बु.न.पा.-१३ स्थितमा ऐ. बस्ने वर्ष १६ को बिजय (नाम परिवर्तित) ले वर्ष ६ की बालिकालाई जवरजस्ती करणी

गर्न लागेको अवस्थामा स्थानीय मानिसहरूले देखी धपाएको भन्ने खबर पाई तत्काल अस्थायी प्रहरी चौकी, देबीनगरलाई जानकारी गराएको यस कार्यालयबाट मसमेतको टोली खटी जाँदा निज बिजय (नाम परिवर्तित) लाई देबीनगरतर्फ ल्याउँदै गरेको अवस्थामा फेला पारी निजलाई पक्राउ पूर्जीसमेत दिई यसै प्रतिवेदन साथ दाखिला गरेको भन्नेसमेत व्यहोराको प्र.ना.नि. बाबुराम घिमिरेसमेतको प्रतिवेदन ।

जिल्ला रुपन्देही, बु.न.पा.-१३ स्थित पूर्व श्रृजना नगरवस्ती, पश्चिममा जानकी डिसुवा मगरको खेत, उत्तरमा डिलबहादुर थापाको खेत, दक्षिण लक्ष्मीपति भुषालको भ्याकुले खनी सम्माएको खेत । यति चारकिल्लाभित्रमा रहेको उत्तर जग्गाको खाल्टोमा प्रतिवादी बिजय (नाम परिवर्तित) ले परिवर्तित नाम बुटवल-१३ लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्नेसमेतको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७०/१०/७ गते मेरो छोरी केटाकेटीहरूसँग खेलिरहेको अवस्थामा प्रतिवादी बिजय (नाम परिवर्तित) ले निज चढेर आएको साइकलमा राखी तलसम्म घुम्न जाउँ भनी घटनास्थल भ्याकुले खनेको खाडलमा लगी कपडा खोली निर्वस्त्र बनाई काखमा राख्ने, योनीमा लिङ्ग प्रविष्ट बनाउने प्रयास गर्ने, कामुक व्यक्तिले गर्ने सबै प्रकारको हर्कत गरिरहेको अवस्थामा घटनास्थल नजिक बाख्रा चराई रहेकी छिमेकीले देखी यो के नचाहिने काम गरेको भन्दा घटनास्थलबाट फरार भएपछि स्थानीय मानिसहरूले समेत थाहा पाई घटनास्थलमा गई पीडितलाई ल्याई मलाई जानकारी गराएको हुँदा अबोध बालिकालाई फकाईफुल्याई गरी निर्जन स्थानमा लगी जवरजस्ती करणी गर्ने उद्योग गर्ने प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

मिति २०७०/१०/७ गते म जाडो भएको हुँदा स्कुल नगई घरमै बसेको थिए । यस्तैमा दिउसो अन्दाजी ३:०० बजेतिर साथीहरूसँग खेल्दै बसेको अवस्थामा मेरो घर नजिकैका चिनजानका दाजु बिजय (नाम परिवर्तित) ले मलाई बहिनी आउँ उतातिर जाउँ भनी निजले चढी आएको साइकलको पछाडि राखी श्रृजनानगरको खेतमा भ्याकुले खनेको खाडलमा लिई गई मलाई सो खाल्डोमा राखी तिमी यहाँ सुत भनेकोले म खाल्डोमा सुतेको हुँ । म सो खाल्डोमा सुतेपछि निजले मैले लगाएको कट्टु हाप जाँगे खोली दिए । निजले आफुले लगाएको पाइन्ट कट्टुसमेत खोली निजको लिङ्ग देखाई मलाई आफ्नो काखमा राखेका हुन् । म डराई रोई कराई चिच्याई भागी घरमा आएर सबै कुरा ममीलाई बताई दिएकी हुँ भन्नेसमेत व्यहोराको पीडित बुटवल-१ ले गरेको घटना विवरण कागज ।

मिति २०७०/१०/७ गतेका दिन म घर नजिकै भ्याकुले खाल्डो खनी सम्माएको ठाउँ नजिकै बाख्रा चराउन गएकी थिए । दिउसो अन्दाजी ३:०० बजेतिर बाख्रा चराई घरतर्फ फर्किने क्रममा भ्याकुले खाल्टो खनी सम्माएको ढिक सानो खाल्टो निर बिजय (नाम परिवर्तित) ले आफुले लगाएको पाइन्ट घुँडाभन्दा तल झारेको, पीडित बुटवल-१३ ले लगाएको कपडासमेत खोली दिई निज माथि चढ्दै गरेको मैले देखी निज प्रतिवादीले जवरजस्ती करणी गर्ने प्रयास गरिरहेको ठाउँ नजिकै गई निज प्रतिवादीलाई गाली गरेपछि

सो केटा त्यहाबाट भागेको हो । मेले देखेर गाली गरेपछि करणी हुन पाएन । मैले हल्लाखल्ला गरेपछि केटीलाई समेत घरतिर ल्याएका हुन् भन्नेसमेत व्यहोराको गंगा क्षेत्रीले गरेको घटना विवरण कागज ।

मिति २०७०/१०/७ गतेका दिउसो अन्दाजी १५:०० बजेको समयमा मैले मेरो साइकल चलाई रहेको अवस्थामा निज परिवर्तित नाम बुटवल-१३ लाई देखी आज यसलाई करणी गर्नु पर्‌यो भनी सोची निजलाई बोलाई मेरो साइकलको पछाडि क्यारियरमा बसाली घरदेखि केही पर एकान्त ठाउँमा भ्याकुले माटो निकालेको खाल्टो नजिकै साइकल रोकी निजलाई खाल्टोमा लगी निजले लगाएको रातो रंगको हाप जाँगे कट्टु खोली खाल्टोमा सुत्न भनी निजको सुसु गर्ने ठाउँ चलाई मेरो पाइन्ट कट्टु खोली म माथि चढी मेरो उत्तेजित लिङ्ग निजको योनीमा छिराउन भनी घर्षण गराउदै थिएँ । लिङ्ग भित्र पसेन त्यसैमा नजिकै बाख्रा चराउने महिलाले यो के नचाहिने गरेको लाज नभएको भनी कराएपछि म साइकल लिएर भागें । त्यो केटी तिनै बाख्रा चराउने महिलातिर गई । मैले त्यस्तो गाउँतिरका केटाहरूको मोवाइलमा देखेको र मलाई पनि गर्न मन लागेकोले गरेको हुँ । यसभन्दा पहिले कहिल्यै गरेको थिइन । मैले कस्तो हुने रहेछ भनेर गरेको हुँ, गलत कार्य भन्ने थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी बिजय (नाम परिवर्तित) ले गरेको बयान ।

मिति २०७०/१०/७ गतेका दिउसो अन्दाजी ३:०० बजेको समयमा प्रतिवादी बिजय (नाम परिवर्तित) ले जिल्ला रुपन्देही, बु.न.पा.-१३ श्रृजनानगरस्थित भ्याकुले खनेको सम्माएको खाल्टोनिर वर्ष ६ की परिवर्तित नाम वुटवल-१३ लाई ललाईफकाई निजले लगाएको कपडाहरूसमेत खोली दिई निजलाई भुइमा सुताई निजमाथि चढी जवरजस्ती करणी गर्न लागेको अवस्थामा बाख्रा चराउन गएकी छिमेकी गंगा क्षेत्रीले देखी निजले गाली गरेपछि छाडी दिएको रहेछ । यसरी नाबालिकालाई करणी गर्ने प्रयास गर्ने प्रतिवादीलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुलका ।

मिति २०७०/१०/७ गते अन्दाजी पौने ३ बजेतिर म कामको लागि साथीहरूसँग भेट गर्न भनी नजिकै गाउँतर्फ गएको थिए । छोरी घरमै साथीहरूसँग खेलिरहेकी थिइन । अन्दाजी ३ बजेको समयमा मेरो छोरी परिवर्तित नाम बुटवल-१३ लाई छिमेकी प्रतिवादी बिजय (नाम परिवर्तित) ले जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने गाउँकै छिमेकी दिदी गंगा क्षेत्रीमार्फत सुनी थाहा पाई आफ्नो घरमा पुगी निज बुटवल-१३ लाई सोधीखोजी गर्दा निजले आफुलाई बिजय (नाम परिवर्तित) ले कपडाहरू खोली दिई नाङगै पारी आफुमाथि चढी जवरजस्ती करणी गर्न खोजेकोमा गाउँकै गंगा क्षेत्री भन्ने महिलाले देखी गाली गरेपछि निज प्रतिवादी भागी गएका हुन् भन्ने थाहा पाएकी हुँ । त्यसपछि छोरीको यौनाङ्ग हेर्दा केहि सुन्निएको, कोमल छाला खुइलिएको जस्तो थियो भन्नेसमेत व्यहोराको परिवर्तित नाम देबीनगर-२ ले गरेको घटना विवरण कागज ।

बिजय (नाम परिवर्तित) मानसिक अवस्थाले अस्वस्थ भएको र उमेरसमेत नाबालिक भएको हुँदा त्यसको पुष्ट्याई हुने प्रमाण पेश गरेको भन्नेसमेतको नेत्रबहादुर सार्कीको निवेदन तथा संलग्न कागजात ।

No external injury valve normal,no fresh injuries, hymen intact भन्नेसमेतको पीडितको शारीरिक परीक्षण प्रतिवेदन ।

प्रतिवादी बिजय (नाम परिवर्तित) ले वर्ष ६ की नाबालिका परिवर्तित नाम बुटवल-१३ लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने कुरा देखिन आएको र निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको ५ नं. को कसूर अपराध गरेको प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई उल्लेखित कसूरमा सोही नं. अनुसार ऐ. महलको ३ नं. को देहाय १ नं. बमोजिम हुने सजायको आधा सजाय गरिपाऊँ भन्नेसमेत अभियोग मागदाबी ।

पीडित परिवर्तित नाम बुटवल-१३ लाई जवरजस्ती करणी गर्ने मनसाय राखेको हुँ तर जवरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बिजय (नाम परिवर्तित) ले अदालतसमक्ष गरेको बयान ।

प्रतिवादी बिजय (नाम परिवर्तित) ले मलाई साइकलमा चढाएर खेतको खाल्टो भएको ठाउँमा लिएर गई मलाई सुताएर मेरो तथा आफ्नोसमेत कपडा खोली सुसु देखाएको हो । त्यसपछि म घरतिर गई बिजय (नाम परिवर्तित) दाईले त्यस्तो गरेको कुरा मम्मीलाई बताएको हुँ भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम बुटवल-१३ ले गरेको बकपत्र ।

म काममा जान भनी साथीको घरमा गएको बेलामा गंगा नामकी बुढी आमाले मेरो छोरीको बारेमा बताएकोले घरमा आई छोरीलाई सोधपुछ गर्दा बिजय (नाम परिवर्तित) ले काखमा राखी पल्टाएको र म रोएकी हुँ भनी मसँग छोरीले बताएकी थिइन । छोरीको पिसाब फेर्ने ठाउँमा हेर्दा चिसो लागेको जस्तो र छालासमेत खोल्सिए जस्तो रातो भएको थियो भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने परिवर्तित नाम देवनगर-२ ले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुतमा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री मोहनप्रसाद बस्यालले प्रतिवादी बिजय (नाम परिवर्तित) ले नाबालक वर्ष ६ की बुटवल-१३ लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको र प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको ५ नं. को कसूर अपराध गरेको प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई उल्लेखित कसूरमा सोही नं. अनुसार ऐ. महलको ३ नं. को देहाय १ नं. बमोजिम हुने सजायको आधा सजाय गरिपाऊँ भनी गर्नु भएको बहस तथा प्रतिवादीको तर्फबाट

उपस्थित विद्धान अधिवक्ता श्री शिव गौडेल र युवकराज रेग्मी यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने कुरा कही कतैबाट पुष्टि हुन आएको छैन । केवल शङ्काको भरमा जाहेरी परी अभियोग दायर हुन आएकोले प्रतिवादीउपरको अभियोग दाबीबाट सफाई दिलाई पाऊँ भनी गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी किनारा गरी दिए हुने भएको प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर गरे नगरेको के हो ? कसूर गरेको भए निजलाई के कस्तो सजाय हुनु पर्ने हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गरी हेर्दा प्रतिवादीले वर्ष ६ की नाबालिका परिवर्तित नाम बुटवल-१३ लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने कुरा जाहेरी दरखास्त, पीडित तथा वारदातकी प्रत्यदर्शी गंगा क्षेत्रीको घटना विवरण कागजबाट मात्र नभई स्वयं प्रतिवादीले गरेको बयानसमेतका मिसिल संलग्न कागजातहरूबाट पुष्टि भएकाले यी प्रतिवादी बिजय (नाम परिवर्तित) ले मुलुकी ऐन, जवरजस्ती करणी महलको ५ नं. को कसूर अपराध गरेको प्रमाणित हुन आएकोले प्रतिवादीलाई उल्लेखित कसूरमा सोही नं. अनुसार ऐ. महलको ३ नं. को देहाय १ नं. बमोजिम हुने सजायको आधा सजाय गरिपाऊँ भन्नेसमेत अभियोग दाबी रहेकोमा अभियोग दाबीबाट वारदात मिति २०७०/१०/२६ भन्ने देखिनेमा सो वारदात हुँदाका वखत प्रतिवादी बिजय (नाम परिवर्तित) को मिसिल सामेल रहेको जन्मदर्ताको प्रमाणबाट निजको जन्ममिति २०५४/११/१८ गते भन्ने देखिँदा वारदात मितिमा निजको उमे १६ वर्ष पुगी नसकेको भन्ने देखिन ठहर्न आएकोले निजको हकमा गोपनीयतासम्बन्धी कानूनी व्यवस्थाले गरेको कार्यविधि अवलम्बन गरी मिसिल सामेल राख्नु ।

यसरी नै प्रतिवादीले अदालतमा आई बयान गर्दा आरोपित कसूर इन्कारी भई बयान गरेको देखिन्छ । पीडित भनेकी बुटवल-१३ ले अदालतमा आई बकपत्र गर्दा कट्टु खोली आफ्नो सुसु देखाएको हो । त्यसपछि म घर गएको हुँ भनी बकी लेखाई दिएबाट प्रतिवादीले मात्र आफ्नो कट्टुसम्म खालेको अरु केही नगरेको भन्ने देखिन आएको छ । यसरी नै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट पनि त्यस्तो प्रतिवादी विरुद्धमा प्रमाण लाग्ने केही देखिन नआएको अवस्थामा कान्ति बाल अस्पतालको प्रतिवादीको स्वास्थ्य परीक्षणबाट प्रतिवादी मस्तिष्क ज्वरोको रोगी भएकोबाट प्रतिवादीको शारीरिक अवस्था स्वस्थ रहेको पनि देखिन नआएको । मिसिल सामेल रहेको कागज प्रमाण र पीडितले अदालतमा आई गरिदिएको बकपत्रबाट वादी दाबीबमोजिमको वारदात नै स्थापित हुन सक्ने नदेखिएकोले आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउनु पर्ने ठहर्छ । सो ठहर्नाले तपसिलका कुरामा तपसिलबमोजिम हुने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल

प्रतिवादी बिजय (नाम परिवर्तित) ले माथि इन्साफ खण्डमा लेखिएबमोजिम अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले निज प्रतिवादीलाई अन्य मुद्दा वा निकायबाट थुनामा राख्नु पर्ने व्यवस्था

नभए आजैका मितिबाट थुनाबाट मुक्त गरी दिन भनी कारागार कार्यालय, रुपन्देहीमा लेखी पठाई दिनु ...१

जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई यस फैसलाउपर चित्त नबुझे श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्यादसहित फैसलाको जानकारी दिनु २

सराकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ४

माननीय न्यायाधीशज्यूले टिपाएबमोजिम फैसला तयार गर्ने डि. सपना गौतम ।
फाँटवाला ना.सु. युवराज पन्थी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख ३ गते रोज ४ शुभम्.....।

बारा जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री नारायणप्रसाद पोखरेल

फैसला

२०७१ सालको-CR-१३४

रजिष्ट्रेसन नं.: ५०-०७०-१४३१

मुद्दा: जवरजस्ती करणी।

नि.नं. २२२

वादी	प्रतिवादी
जिल्ला बारा, गा.वि.स.भरतगञ्ज सिगौल, वार्ड नं. १ बस्ने पीडितको आमा परिवर्तित नाम कलैया ३३(क)९ को जाहेरीले नेपाल सरकार १	जिल्ला बारा, गा.वि.स., भरतगञ्ज सिगौल, वार्ड नं. १ बस्ने नाम परिवर्तित कलैया ३३(क)८ ...१

अदालतबाट बुझेको

जाहेरवाला, पीडित र प्रतिवादीको साक्षी ।

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको कार्यक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

तथ्य खण्ड

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित मकै खेतमा ऐ. बस्ने कलैया ३३(क)८ ले म निवेदककी छोरी वर्ष ४ की परिवर्तित नाम कलैया ३३(क)७ लाई ललाईफकाई चकलेट खान दिई भुईमा लडाई जवरजस्ती करणी गरेकोले कारवाही गरिपाऊँ भन्ने व्यहोराको परिवर्तित नाम कलैया ३३(क)९ को निवेदन ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित मकै खेतमा ऐ. बस्ने वर्ष १२ को परिवर्तित नाम कलैया ३३(क)८ ले म निवेदककी छोरी वर्ष ४ को परिवर्तित नाम कलैया ३३(क)७ लाई ललाईफकाई चकलेट खान दिई भुईमा

लडाई जवरजस्ती करणी गरेको भनिएको र उक्त स्थानमा झारपात माडिएको अवस्थामा रहेको हो भन्ने व्यहोराको घटनास्थलको मुचुल्का ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित मकै खेतमा म जाहेरवालाको छोरी वर्ष ४ की परिवर्तित नाम कलैया ३३(क)७ लाई ऐ.ऐ. वर्ष १२ को परिवर्तित नाम कलैया ३३(क)८ ले ललाईफकाई चकलेट खान दिई साथमा लगी भुईमा लडाई जवरजस्ती करणी गरी भागी फरार भएकोले निजलाई पक्राउ गरिपाऊँ भन्ने व्यहोराको परिवर्तित नाम कलैया ३३(क)९ को जाहेरी दरखास्त ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा म आफ्नो घरमुनि खेलिरहेको थिए, सोही समयमा गाउँका अङ्कल पर्ने परिवर्तित नाम कलैया ३३(क)८ ले मलाई बोलाई नानी चकलेट खान जाने आऊ भनी बोलाई हात समाती डोऱ्याई केही पर लगी मकै खेतमा मेरो पाइन्ट खोली निज अङ्कलले आफ्नो पाइन्ट खोली मेरो पिसाब फेर्ने स्थानमा निजले आफ्नो पिसाब फेर्ने चिजले यताउता घोच्न थाल्यो । मलाई दुखेको कारण आमा भनी कराउँदा ठुलीकान्छी लोप्चनले के भएको हो भनी कराउँदा अङ्कल पर्ने परिवर्तित नाम कलैया ३३(क)८ ले मलाई सोही स्थानमा छोडी पाइन्ट लगाउदै भागेको हो भन्ने व्यहोराको पीडित परिवर्तित नाम कलैया ३३(क)७ को कागज ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा म आफ्नो घरबाट घाँस काट्नको लागि डोको बोकी मकै खेततर्फ जादै गरेको अवस्थामा जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित गिम्दी तिमल्सिनाको मकै खेतमा पुग्दा जाहेरवालीको छोरी वर्ष ४ की परिवर्तित नाम कलैया ३३(क)७ लाई गाउँकै केटा वर्ष १२ को परिवर्तित नाम कलैया ३३(क)८ ले जवरजस्ती करणी गरिरहेको अवस्थामा देखी मैले कराउन लाग्दा अभियुक्त कलैया ३३(क)८ ले पीडित जाहेरवालीको छोरीलाई सोही स्थानमा छाडी पाइन्ट लगाउदै भागेको हो भन्ने व्यहोराको प्रत्यक्षदर्शी ठुलीमाया लोप्चनको कागज ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जाहेरवालाको छोरी वर्ष ४ की परिवर्तित नाम कलैया ३३(क)७ लाई एक्लै खेलिरहेको देखी निजलाई करणी गर्नु पर्‌यो भनी सोच राखी निजलाई ललाईफकाई चकलेट खान जाउँ भनी साथमा बोलाई लगी जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित गिम्दी तिमल्सिनाको एकान्त मकै खेतमा गई जाहेरवालीको छोरी वर्ष ४ की पीडित परिवर्तित नाम कलैया ३३(क)७ लाई भुईमा लडाई जवरजस्ती करणी गरिरहेको अवस्थामा मेरो लिङ्गबाट तरल पदार्थ खसेकोले निजलाई सोही स्थानमा छाडी भाग्ने क्रममा गाउँकै ठुलीमाया लोप्चनले देखेको हो भन्ने व्यहोराको अभियुक्त परिवर्तित नाम कलैया ३३(क)८ को साबिती बयान कागज ।

पीडित परिवर्तित नाम कलैया ३३(क)७ लाई करणी भएको छ छैन यकीनसाथ भन्न नसकिने भन्ने व्यहोराको नारायणी उपक्षेत्रिय अस्पताल विरगञ्जको परीक्षण पत्र ।

मिति २०७०/१२/३ गते दिउसो अन्दाजी १६:०० बजेको समयमा जिल्ला बारा, गा.वि.स. भरतगञ्ज सिगौल, वार्ड नं. १ स्थित मकै खेतमा जाहेरवालीको छोरी वर्ष ४ की परिवर्तित नाम कलैया ३३(क)७ लाई ऐ.ऐ. बस्ने वर्ष १२ को परिवर्तित नाम कलैया ३३(क)८ ले ललाईफकाई चकलेट खान दिई साथमा लगी भुईमा लडाई जवरजस्ती करणी गरी भागी फरार भएको घटनामा अनुसन्धानको लागि अभियुक्त कलैया ३३(क)८ लाई पक्राउ गरी ल्याएको हो भन्ने व्यहोराको पूर्णबहादुर राईसमेतको घटना विवरण कागज ।

मिसिल संलग्न कलैया ३३(क)९ को जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, पीडित परिवर्तित नाम कलैया ३३(क)७ को कागज, ठुलीमाया लोप्चनको कागज, स्वास्थ्य परीक्षण रिपोर्ट, प्रतिवादी कलैया ३३(क)८ को बयान र घटना विवरण कागजसमेत मिति २०७०/१२/३ गते प्रतिवादी कलैया ३३(क)८ ले पीडित कलैया ३३(क)७ लाई जवरजस्ती करणी गरेको वारदात स्थापित हुन आएकोले प्रतिवादीको उपर्युक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको दफा १/३ नम्बरअन्तर्गतको कसूर अपराध हुँदा सो कसूरमा प्रतिवादी कलैया ३३(क)८ लाई सोही ऐन र महल को ३(१) सजाय हुन र सोही ऐनको सोही महलको १० नं. बमोजिम क्षतिपूर्ति भराउन र प्रतिवादीको उमेर १२ वर्षभन्दा माथि र १४ वर्षभन्दा मुनिको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमसमेत दाबी लिइएको भन्ने अभियोग मागदाबी ।

मिति २०७०/१२/३ गते दिउसो साथीहरूसँग भैंसी चराउन गएको अवस्थामा दिउसो करिव ४:०० बजेको समयमा मलाई पिसाब लागेकोले नजिकैको मकै बारीमा पिसाब फेर्न जाँदा नाम परिवर्तित कलैया ३३(क)७ पनि मेरो पछिपछि मकै बारीमा आएकोमा मैले पिसाब फेरी पाइन्टको चेन लगाउदै तिमी किन पछिपछि आएको भनी मकै बारीबाट निस्कदा गाँउकै ठुलीमाया लोप्चनले देखेको थियो । मैले गर्दै नगरेको झुठ्ठा अभियोगबाट सफाई पाऊँ भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादी नाम परिवर्तित कलैया ३३(क)८ ले यस अलदालतमा गरेको बयान ।

जाहेरवालालाई अन्य व्यक्तिले उचालेको भरमा जाहेरी दिएको हुँदा अभियोग मागदाबी झुठ्ठा हो । प्रतिवादीलाई आरोपित कसूरमा सजाय हुनु पर्ने हो होइन भन्नेसमेत व्यहोरा उल्लेख गरी प्रतिवादीका साक्षी उद्धब भण्डारीले यस अदालतमा गरिदिएको बकपत्र मिसिलसमेत रहेको ।

गाउँका मानिसको बहकाउमा लागी आवेशमा आई जाहेरी दिएको हुँ । मेरा र प्रतिवादीको परिवार मिलेको देख्न नचाहनेहरूले गलत हल्ला चलाएका रहेछन् । प्रतिवादी असल चरित्रका हुन् । प्रतिवादीले मेरी छोरीलाई जवरजस्ती करणी नगरेको हुँदा निजलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोरा उल्लेख गरी जाहेरवाली परिवर्तित नाम कलैया ३३(क)९ अदालतमा उपस्थित भई गरेको बकपत्र ।

ठहर खण्ड

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री गोविन्दप्रसाद उपाध्यायले प्रतिवादीउपर किटानी जाहेरी र पीडितले मौकामा गरेको किटानी कागज हुँदा प्रतिवादीलाई अभियोग मागबमोजिम सजाय हुनु पर्छ भनी बहस गर्नु भयो ।

प्रतिवादी कलैया ३३(क)८ को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रेमलाल चौधरीले जाहेरवालाले मौकाको जाहेरी व्यहोरालाई खण्डन हुने गरी अदालतमा आई बकपत्र गरी दिएको । पीडित वर्ष ४ को कलिलो उमेरको भई अदालतमा आई बकपत्र गर्दा जवाफ दिन नसकेको हुँदा निजको मौकाको कागज विश्वसनिय नभएको । प्रतिवादी अदालतमा कसूरमा इन्कारी भई बयान गरेको एवं पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षणबाट अभियोग मागदाबी पुष्टि हुन सकेको पाइदैन । प्रतिवादीले सफाई पाउनु पर्छ भनी बहस गर्नु भयो ।

विद्वान अधिवक्ताहरूले गर्नु भएको उपरोक्तबमोजिमको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी कलैया कलैया ३३(क)८ ले पीडित कलैया ३३(क)७ लाई जवरजस्ती करणी गरेका हुन् होइनन् ? र निज प्रतिवादीलाई आरोपित कसूरमा सजाय हुनु पर्ने हो, होइन ? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादी कलैया ३३(क)८ ले पीडित प्रतिवादी कलैया ३३(क)७ लाई जवरजस्ती करणी गरेको भनी प्रतिवादीउपर मुलुकी ऐन, जवरजस्ती करणीको दफा १/३ को कसूरमा सोही महलको ३(१) बमोजिम सजाय हुन र सोही ऐनको सोही सोही महलको १० नं. बमोजिम क्षतीपूर्ति भराउन र प्रतिवादीको उमेर १२ वर्षभन्दा माथि र १४ वर्षभन्दा मुनिको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमसमेत दाबी लिइएको भन्ने अभियोग मागदाबी रहेछ ।

उपरोक्तबमोजिमको मागदाबी र प्रतिवादीको उमेर १४ वर्षमुनिको हुँदा प्रतिवादीउपर कसूर ठहरेकै अवस्थामा पनि सजायको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मात्र आकर्षित हुने हुँदा प्रतिवादीलाई सोबमोजिम सजाय हुनु पर्ने अवस्था मिसिल प्रमाणबाट पुष्टि हुन सकेको छ छैन भन्नेतर्फ नै प्रस्तुत मुद्दामा निर्णय गर्नु पर्ने देखिन आउँछ ।

प्रतिवादी कलैया ३३(क)८ मौकामा कसूरमा साबित भए तापनि अदालतमा कसूरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ । जाहेरवाली प्रतिवादी कलैया ३३(क)९ ले अदालतमा आई बकपत्र गर्दा मलाई गाउँकै ठुलीमाया लोप्चनले तपाईको छोरीलाई प्रतिवादीले नराम्रो काम गरेको छ भनी उचालेकोमा मैले आवेशमा आई प्रहरी कार्यालयमा उजूरी गरेको हुँ । पछि बुझ्दा हामी वादी प्रतिवादी पक्ष मिलेको देख्न नचाहनेहरूले हल्ला चलाएका रहेछन् (स.ज.४) । प्रतिवादीले मेरो छोरी कलैया ३३(क)७ लाई जवर जस्ती करणी गरेको छैन (स.ज.६) भनी बकपत्रमा व्यहोरा लेखाएको पाइन्छ । पीडित कलैया ३३(क)७ ले यस अदालतमा व्यहोरा लेखाई बकपत्र गर्न सकेको पाइदैन । पीडितको वर्ष ४ मात्र देखिन आउँछ । मिसिल संलग्न पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि जवरजस्ती करणी भएको भन्ने तथ्य पुष्टि गर्न सकेको पाइदैन । प्रतिवादीको साक्षीले प्रतिवादीलाई सफाई हुने गरी बकपत्र गरेको पाइन्छ ।

तसर्थ उपरोक्त तथ्यहरूबाट प्रतिवादीउपरको कसूर वादी पक्षले पुष्टि गर्न सकेको मिसिल प्रमाणबाट नदेखिँदा प्रतिवादी कलैया ३३(क)८ ले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्छ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न सक्दैन ।

जाहेरवाली कलैया ३३(क)९ ले प्रतिवादी कलैया ३३(क)८ उपर माथि उललेख भएबमोजिम झुठ्ठा र बनावटी जाहेरी दिएको देखिँन आउने हुँदा निजलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२) को (क) बमोजिम रु. ५००/- (पाँच सय रुपैयाँ) जरिवाना हुनेसमेत ठहर्छ । सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल खण्ड

माथि इन्साफमा लेखिएबमोजिम वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसकी प्रतिवादी कलैया ३३(क)८ ले आरोपित कसूरबाट सफाई पाउने ठहरेकाले केही गरिरहनु परेन १

माथि इन्साफमा लेखिएबमोजिम जाहेरवाली कलैया ३३(क)९ ले झुठ्ठा र बनावटी जाहेरी दिएको देखिन आउने हुँदा निजलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८(२) को (क) बमोजिम रु. ५००/- (पाँच सय रुपैयाँ) जरिवाना हुने ठहरेकाले लगत कसी असुल गर्नु २

प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी यो फैसलाको चित्त नबुझे ऐ. को म्यादभित्र पु.वे.अ., हेटौडामा पुनरावेदन गर्नु भनी श्री जिल्ला सरकारी वकिल कार्यालय, बारालाई फैसलाको जानकारी दिनु ३

नक्कल मागे सरोकार पक्षबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, फैसला अपलोड गरी मिसिल सुरक्षित राख्न नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु ५

प्रस्तुत पाना ५ को फैसला तयार पार्न सहयोग गर्ने ना.सु. नारायणप्रसाद सेढाई ।
कम्प्युटर टाइप गर्ने डि.सुरज थापा ।
फाँटवाला ना.सु. रामचन्द्र रौनियार ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख ८ गते सोमवार .....।

झापा जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री रमेशकुमार खत्री

फैसला

उपस्थिति

बालमनोविज्ञः नारायण भट्टराई

समाजसेवीः सविना विष्ट

सम्वत् २०७० सालको मु.नं. १८-०७०-०००४

मुद्दाः जवरजस्ती करणी।

निर्णय नं.: २८९

वादीको नाम, थर, वतन

जिल्ला झापा, मेचीनगर वडा नं. १ बस्ने चन्द्रबहादुरको छोरा वर्ष २७ को गोपाल बि.क.को जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन

जिल्ला झापा, मेचीनगर वडा नं. १ बस्ने भुपाल राईको छोरा वर्ष १४ को उपनाम H एच १

भारत दरबङ्गा बिरोद थाना स्थाई घर भई हाल झापा मेचीनगर न.पा. १ मा डेरा गरी बस्ने महेश सहनीको छोरा वर्ष १२ को परिवर्तित नाम I आई १

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य उल्लेख गर्दा पक्षहरूको गोपनीयता

कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम पीडितलाई G परिवर्तित नाम दिई तद्नुसार उल्लेख गरिएको छः

तथ्य खण्ड

जाहेरी विवरण

म घर परिवारसँग अलग भई बसेको छु । १०/१५ दिन अगाडि जपा राजगढमा मेरो बडी आमा नाता पर्ने स्वर्गबास हुनु भएकोले मेरी बहिनी पीडित G उपनामलाई राधिका बि.क.को घरमा हेरचाह गर्न भनी छाडी गएको मिति २०७०/३/२१ गते परिवर्तित नाम H र I ले ललाईफकाई घटनास्थलमा लगी पालैपालो जवरजस्ती करणी गरी के कहाँबाट विलेट ल्याई योनीमा चिरी काटी दिएको रहेछ । सो कुरा बेलुकामात्र थाहा भएको हुँदा यो जाहेरी दिन आएको हुँ । कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको गोपाल बि.क.को जाहेरी दरखास्त ।

घटनास्थल विवरण

जिल्ला झापा, मे.न.न.पा., वडा नं. १ धुँलाबारीस्थित पूर्वमा खाली जग्गा, पश्चिममा खाली जग्गा उत्तरमा र दक्षिणमा सरकारी भवन गरी चारकिल्लाभित्रमा मिति २०७०/३/२१ गते दिनको समय H र I ले पीडित G लाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

क) मिति २०७०/३/२१ गते दिनको समयमा म तथा साथी H खेल्दै जाने क्रममा १ जना केटी (G उपनाम) लाई H उपनामले बोलायो । चकलेट खान दिने भनी बिग्रिएको गाडीमुनि लगी बोरा ओछ्याएर सुताई H उपनामले तुरी निकाली केटीको पिसाब गर्नेमा दल्यो । नछिरेपछि मैले गरे मेरो तुरी छिर्यो र साथीले विलेट ल्याई पिसाब गर्नेमा काटी चिरी सोपछि पनि करणी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी I उपनामले गरेको बयान ।

ख) मिति २०७०/३/२१ गते दिनको समयमा म साथीसँग खेल्दै जाने क्रममा पीडित G (परिवर्तित नाम) लाई घरमा देखें र चकलेट खान दिन्छु आइज भनी बोलाई विग्रिएको गाडीमुनि राखी बोरा ओछ्याएर सुताई मैले मेरो तुरी निकाली निजको पिसाब गर्नेमा छिराउँदा छिरेन र पछि सुगुर काट्ने ठाउँबाट विलेट लिएर आई निज केटी G (परिवर्तित नाम) को तुरीमा काटी करणी गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी H उपनामले गरेको बयान ।

पीडितले गरेको कागज

म घर छेउमा खेल्दै थिएँ । मुन्ना दादासँग भेट भयो । खेल्न जाउँ भनी कोलोनीमा गयौं । पछि H उपनाम दादा पनि आउनु भयो र बहिनी यता आउँ चकलेट दिन्छु भनी बोलाएपछि म गएँ । निज H उपनामले गाडीमुनि बसी बोरा ल्याई ओछ्याउनु भयो र मलाई सुताएर दादाहरू पनि सुतें । एकछिनमा H उपनामले नाना खोली दिई निजको तुरी निकाली मेरो कुरीमा दल्नु भयो र I उपनाम दादाले पनि तुरी निकाली

दल्नु भयो । मलाई दुख्यो म रुँन थाले । एकछिनमा H उपनामले विलेड ल्याई काटी पुन पालैपालो तुरी निकाली दली म रुँन थालेपछि छाडेका हुन् र मैले सवै कुरा आमालाई सुनाएको हुँ भन्नेसमेत व्यहोराको पीडित G (परिवर्तित नाम) ले गरिदिएको कागज ।

बुझिएका व्यक्तिले गरेको कागज

मेरो आफन्त मानिस बिल्नु भएकोले श्रीमान् तथा मसमेत राजगढतर्फ गएको थियौं । पीडितलाई घरमा छाडेको थिएँ । बेलुका घर आउँदा छोरीलाई सन्चो नभएको जस्तो देखी सोधखोज गर्दा मलाई H ले खेल्न जाउँ भनी बिग्रिएको गाडीमुनि लगी सुताई प्रतिवादीहरू H र I उपनामले तुरी निकाली सु गर्नेमा दली काटी पुन दले भनी बताएकी र निजहरूले छोरीलाई करणी गरेको थाहा भएको हो । निज H उपनामसमेतले करणी गरेको हुँदा कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको गंगामाया बि.क.को कागज

वस्तुस्थिति विवरण

मिति २०७०/३/२१ गते दिनको समयमा पीडित G उपनामलाई H उपनामले ललाईफकाई जवरजस्ती करणी गरी विलेडले योनी काटी दिएको भन्ने कुरा पछि सुनी थाहा पाएको हुँ, निज प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरी लगेको हो, जवरजस्ती करणी गरेका रहेछन् भन्नेसमेत व्यहोराको नेत्र गिरीसमेत ३ जनाले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

अभियोग दाबी

प्रतिवादीहरू H र I (परिवर्तित नाम) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. बमोजिमको कसूरमा सोही महलको ३(१) बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने बदी नेपाल सरकारको अभियोग दाबी ।

प्रतिवादीहरूले यस अदालतमा गरेको बयान ।

क) घटना भएको दिन म र H उपनामका प्रतिवादीसँगै खेलिरहेका थियौं । पीडित G उपनामलाई निज प्रतिवादीले चकलेट दिन्छु भनी हामीले बोलाएर ट्रकमुनि बोरा ओछ्याएर सुताई आफ्नो लुगा खोली प्रतिवादी H ले पीडितको सु गर्नेमा आफ्नो सु गर्ने छिरायो । नछिरेपछि प्रतिवादीले सुगुर काट्ने ठाउँबाट विलेड ल्याउन गएको बेला मैले मेरो सु गर्ने छिराएको हो । पीडित G उपनामलाई करणी गरेको हो भन्ने प्रतिवादी I उपनामले यस अदालतमा गरेको बयान ।

ख) म र प्रतिवादी I उपनाम खेल्दै गएका थियौं । पीडित G उपनाम पनि खेल्न आएकी रहिछन् । मैले १ दिन अगाडि सुगुर काट्ने दादाको मोवाइलमा बुढाबुढी खेलेको छाडा फिल्म हेरेको थिएँ । सो दिन पीडितलाई हामी भए ठाउँमा मैले बोलाई बुढाबुढी खेल खेल्नको लागि ट्रकमुनि बोरा ओछ्याई पीडित G उपनामको लुगा खोली दिई उसलाई बोरामा सुताई कट्टु खोलेर पीडितको सु गर्ने ठाउँमा

मेरो सु गर्ने छिराउन खोज्दा अलिकति मात्र छिरेकोले विलेड ल्याएर पीडितको सु ठाउँमा अलिकति काटी दिएर मेरो तुरी पीडितको सु गर्नेमा छिराएको हो । मैले गरेपछि प्रतिवादी I उपनामले पनि छिराएको हो । हामीहरूले पीडितलाई करणी गरेको हो भन्ने प्रतिवादी H उपनामले यस अदालतमा गरेको बयान ।

थुनछेक आदेश

प्रतिवादीहरू H उपनामका बालकको उमेर १४ वर्ष र I उपनामका बालकको उमेर १२ वर्ष भनी आएकोमा निजहरूको उमेर परीक्षण भई आउँदा दुवै बालकको उमेर १४ वर्ष पुरा नभएको देखिँदा निजहरूको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित भई सो ऐनअनुसार बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजहरूलाई कैद हुने कुनै अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुने अवस्था भएको पाइन्छ । सर्वोच्च अदालतबाट ०६९-WH-००२६ को बन्दीप्रत्यक्षीकरण विषयको रिट निवेदनमा २०६९/८/१० मा अ.ब. ११८ को देहाय २ को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बढीमा ६ महिना कैद हुने अवस्थामा निवेदकहरूलाई बाल सुधार गृह पठाउने गरी भएको आदेश बदर, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० अनुसार तत्काल बाबुआमाको जिम्मा लगाउनु भनी आदेश भएको र अ.ब. ११८(२) बमोजिम ३ वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अवस्थासमेत नहुँदाको परिप्रेक्ष्यमा यी नाबालक प्रतिवादीहरूलाई पुर्पक्षको लागि बाल सुधार गृहमा पठाउनसमेत मिल्ने देखिएन । प्रतिवादीहरू H र I उपनाम बालकलाई सम्बन्धित प्रहरी कार्यालयमार्फत अभिभावक वा संरक्षकको जिम्मा लगाउनु भन्ने यस अदालतको मिति २०७०/४/२ गतेको आदेश पर्चा ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट विद्धान जि.न्या.व. श्री रमेशकुमार सुवेदीले प्रतिवादीहरूले अभियोग दाबी गरी स्वीकार गरी अदालतसमक्ष बयान गरेको हुँदा अभियोग दाबी ठहर हुने गरी फैसला गरिपाऊँ भनी भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै प्रतिवादीहरू तर्फबाट विद्धान अधिवक्ता श्री भीमप्रसाद बरालले मेरो पक्ष नाबालक छन् । जानीजानी गलत कार्य गरेका होइनन् । बालकले कुनै कुराको जिज्ञासामा कुनै कार्य गर्दैमा त्यसलाई वयस्कले गरेजस्तो अपराधिक क्रिया मान्नु र सजाय गर्नु उपयुक्त नहुने हुँदा मेरो पक्षको सर्वोत्तम हितलाई मध्यनजर राखी फैसला होस् भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

सम्वद्ध मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी I र H (परिवर्तित नाम) उपर वादी नेपाल सरकार तर्फबाट पीडित वर्ष ५ की G (परिवर्तित नाम) लाई जवरजस्ती करणी गरेको भनी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. को कसूरमा सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको

१० नं. बमोजिम क्षतिपूर्ति भराई नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत अभियोग दाबी भएकोमा प्रतिवादी H र I ले यस अदालतमा बयान गर्दासमेत पीडितलाई जवरजस्ती करणी गरेको कुरा स्वीकार गरी बयान गरेको पाइन्छ । प्रतिवादीहरूको यस्तो स्वीकारोक्ति बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) ले प्रमाणमा योग्य भएको र जाहेरी दरखास्त लगायत पीडितको मौकाको कागज, शारीरिक जाँचबाट देखिएको पीडितको योनीको अवस्थाका साथै वस्तुस्थितिमा उल्लेखित व्यहोरासमेतबाट प्रतिवादी H र I ले वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम पीडित G लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. कसूर गरेको ठहर्छ । सो कसूरमा प्रतिवादीहरूलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३ नं. को देहाय १ बमोजिम कैदको सजाय हुन सक्नेमा प्रतिवादीहरूको उमेरको आधारमा वादी पक्षले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिमको सजायको माग गरेको देखिएकोले अपराधको प्रकृति र अपराध गर्न अपनाइएको विधिसमेतलाई मध्यनजर राखी प्रतिवादी I र H (परिवर्तित नाम) लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जनही ६ महिना कैद हुने ठहर्छ । बालबालिकासम्बन्धी ऐन,२०४८ को दफा ११ (२) बमोजिम जनही ६ महिना कैद हुने ठहर्छ ।

प्रतिवादीहरूलाई भएको कैद अवधि के कसरी भुक्तान गर्ने हो भन्ने सम्बन्धमा हेर्दा प्रतिवादी नाबालक भएको हुँदा कारागारमा राख्न उपयुक्त देखिएन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को देहाय उपदफा २ बमोजिम प्रतिवादीहरूले बाल सुधार गृहमा रही ठहरेको भुक्तान गर्नु पर्ने कैद अवधि व्यतित गर्ने गरी आदेशसमेत गरी दिएको छ ।

क्षतिपूर्ति भराउने अभियोग दाबीका सन्दर्भमा प्रतिवादीहरूको आर्थिक हैसियतसमेतलाई ध्यान दिनु पर्ने देखिन आयो । यसर्थ प्रतिवादीहरूबाट दामाशाहीले रु. १०,०००/– (दश हजार) पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम देहायका प्रतिवादीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम जनही ६ महिना कैद हुने ठहरी फैसला भएकाले निजहरू २०७०/३/२२ देखि पक्राउ परी थुनामा रही यस अदालतबाट मिति २०७०/४/२ मा भएको आदेशानुसार अभिभावक जिम्मा लगाई पठाएको देखिँदा थुनामा रहेको अवधि ११ दिन कट्टा गरी बाँकी कैद ५ महिना १९ दिन कैद भुक्तान गर्नका लागि प्रतिवादी I लाई निजको अभिभावक आमा सुधिरा सहनीमार्फत र प्रतिवादी H लाई निजको अभिभावक आमा फूलमाया राईमार्फत झिकाई उपस्थित गराई सोहीअनुसार र उपस्थित नगराए पक्राउ गर्न लेखी पठाई पक्राउ गरी दाखिला गर्न लगाई ठहरेको कैद भुक्तान गर्नका लागि बाल सुधार गृह, विराटनगरमा पठाउने गरी लगत राख्नु १

पीडित G ले प्रतिवादीहरू परिवर्तित नाम H र I बाट दामासाहीले रु. १०,०००/- (दश हजार) भरी पाउने ठहरेको क्षतिपूर्ति भराई दिनका लागि पीडितको पहिचान खुलाई राख्नु पर्ने देखिन आएकोले सरकारी वकिल कार्यालय, झापामार्फत पीडितलाई यस अदालतमा झिकाई निजको छविचित्र राखी यस अदालतका अधिकृतबाट परिचयपत्र जारी गरी एक प्रति गोप्य गरी मिसिल सामेल राख्नु । एक प्रति पीडितलाई उपलब्ध गराउनु । परिचयपत्रमा खुलेको पीडितको पहिचानको आधारमा निजबाट प्रतिवादीहरूबाट क्षतिपूर्ति भराई पाउनका लागि प्रतिवादीको सम्पत्ति विवरणसहितको निवेदन जे जो लिन पर्ने लिई पीडितलाई क्षतिपूर्ति भराई दिनु २

यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनु । जिल्ला सरकारी वकिल कार्यालय, झापालाई फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी दिनु ३

सरोकारवालाले फैसलासहितका कागजातको नक्कल मागे ऐनको रीत पुर्‍याई सारी सराई लान दिनु र प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोली टिपाएबमोजिम टिपी फैसला तयार गर्ने ना.सु. नवराज पोखरेल । कम्प्युटर टाइप गर्ने डि. रितिका राई (फाँट नं. १) ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख ९ गते रोज ३ शुभम् .....।

तेह्रथुम जिल्ला अदालत

बन्द इजलास

माननीय जिल्ला न्यायाधीश श्री मातृकाप्रसाद आचार्य

फैसला

र.नं. २२-०६९-००१३१

मुद्दा नं. ०६९-CR-००२८

निर्णय नं: ६०

मुद्दा: ज्यान मार्ने उद्योग ।

वादीको नाम, थर, वतन

जिल्ला तेह्रथुम, इसिबु गा.वि.स., वडा नं. ४ बस्ने रामप्रसाद तिम्सिनाको जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन

जिल्ला तेह्रथुम, इसिबु गा.वि.स., वडा नं. ४ कालीबहादुरको छोरा वर्ष १९ को मिलन लिम्बू १

तेह्रथुम क १

तेह्रथुम ख १

वादीका साक्षी प्रमाण

जाहेरवाला रामप्रसाद तिम्सिना, घाइते गायत्री तिम्सिना, घटना विवरण कागज गर्ने रुद्रकुमारी खनाल, वस्तुस्थिति मुचुल्का गर्ने विष्णुबहादुर लिम्बू, रणबहादुर थापा र दधिराम ढकाल ।

प्रतिवादीका साक्षी प्रमाण

लछुमन लिम्बू र सुरेश भेटुवाल

अदालतबाट बुझेको साक्षी प्रमाण

गायत्रीप्रसाद तिम्सिना, रामप्रसाद तिम्सिना, रुद्रकुमारी खनाल र सुरेशचन्द भेटुवाल

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम मुद्दामा प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएका दुई जना बालकहरूको वास्तविक नाम परिवर्तन गरी तेह्रथुम क र तेह्रथुम ख कायम गरिएको छ । निजको वास्तविक नाम र ठेगानासहितको यथार्थ विवरण शिलबन्दी गरी छुट्टै खाममा मिसिल संलग्न रहेको छ ।

मुलुकी ऐन, अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको भई हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार रहेको छः

मिति २०६८/५/१८ गते राती मेरो काकाको छोरा भाइ पर्ने गायत्री तिम्सिना मोवाइल चार्ज गर्न भनी बुढामावली नाताका दिवाकर खनालको घर खाम्लालुङ-१ मा गई मोवाइल चार्ज गरेको र दिवाकर खनालकै घरको माथिल्लो तलाको कोठामा सुतिरहेको अवस्थामा प्रतिवादीहरूले रातको ११:०० बजेको समयमा आई धारिलो हतियार खुकुरी प्रहार गरी निजको बायाँ पाता तथा हातका औलाहरूसमेत काटी सख्त घाइते बनाई ज्यान मार्ने उद्योगको वारदात गरेको हुँदा प्रतिवादीहरूउपर कानूनबमोजिमको कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको रामप्रसाद तिम्सिनाले मिति २०६८/५/२१ गते दिएको जाहेरी दरखास्त ।

जिल्ला तेह्रथुम, खाम्लालुङ गा.वि.स., वार्ड नं. १ स्थित पूर्वमा बलराम दवाडीको खेत, पश्चिममा कोयाखोला, उत्तरमा दिवाकर खनालको खेत, र दक्षिणमा टंक (भट्टराई) खत्रीको घर । यति चारकिल्लाभित्र रहेको दिवाकर खनालको घरमा मिति २०६८/५/१८ गते राती इसिबु गा.वि.स., वडा नं. ५ बस्ने गायत्री तिम्सिना मोवाइल चार्ज गर्न भनी गएको र मोवाइल चार्ज गरी सुतिरहेको अवस्थामा प्रतिवादीहरू मिलन लिम्बूसमेतले धारिलो हतियार खुकुरी प्रहार गरी बायाँ हातको औला तथा पातामा काटी सख्त घाइते बनाइएको हो भन्नेसमेत व्यहोराको मिति २०६८/५/२१ गतेको घटनास्थल मुचुल्का ।

जिल्ला तेह्रथुम, इसिबु गा.वि.स., वडा नं. ४ स्थित पूर्वमा बिर्खबहादुर लिम्बूको गाईगोठ, पश्चिममा योगराज लिम्बूको बारी, उत्तरमा सुरेन्द्र भेटवालको बारी र दक्षिणमा जितबहादुर लिम्बूको खेतबारी । यति चारकिल्लाभित्र रहेको प्रतिवादी सरोज लिम्बूको घरमा कानूनको रीत पुर्‌याई खानतलासी गर्दा वारदातमा प्रयोग भएको कुनै सबुद फेला नपरेको भन्नेसमेत व्यहोराको मिति २०६८/५/२१ गतेको वरामदी खानतलासी मुचुल्का ।

मिति २०६८/५/१८ गते बेलुकी घाइते भएका मेरा भान्जा गायत्री तिम्सिना मोवाइल चार्ज गर्न भनी भेरो घरमा आएको र मोवाइल चार्ज गर्ने क्रममा रात परेको हुँदा भान्जालाई मेरै घरको एउटा कोठामा सुताएको र म अर्को कोठामा सुतिरहेको अवस्थामा राती अन्दाजी ११:०० बजेको समयमा गुहार गुहार गरेको आवाज सुनी बाहिर निस्किदा मेरो घरमा आएका गायत्री तिम्सिना कराएका रहेछन् । त्यही समयमा एकजना मान्छे देखेको र सो मान्छे को थियो चिन्न सकिन । कोठामा गई हेर्दा भान्जा गायत्री तिम्सिना रगत पच्छे अवस्थामा भएको र निजको बायाँ हातको औला र पातामा समेत चोट थियो । घटनाको बारेमा निजलाई सोध्दा प्रतिवादी मिलन लिम्बू र तेह्रथुम क र तेह्रथुम ख समेत ३ जना आई टर्चलाइट मागेको र म घरको मान्छे होइन भन्दा पनि निजहरूले गाउँकै मान्छे रहेछ भनी टर्चलाइट लिएर गएको र केही वेरपछि प्रतिवादीहरू फर्केर आई मिलन लिम्बूले ढोका फोरी भित्र पसी भान्जालाई हतियार प्रहार गरेको र अन्य प्रतिवादीहरू बाहिरै बसेको भनी भान्जाले बताएपछि डिउटीमा भएका मेरा श्रीमानलाई घटनाको

बारेमा जानकारी गराई गाउँको मानिसहरूसमेतको सहयोगमा उपचारका लागि भान्जालाई घोपा क्याप धरान लगेर उपचार गराएको हो । प्रतिवादी मिलन लिम्बू गाउँकै सुमन लिम्बूलाई ज्यान मार्ने उद्योग गरेको कसूरमा प्रहरीले खोजी गरिरहेको फरार प्रतिवादी भएकाले भान्जाले प्रहरीलाई खवर गरी देलान् भनेर निजले भान्जालाई आक्रमण गरेको हो भन्नेसमेत व्यहोराको रुद्रकुमारी खनालले मिति २०६८/५/२४ गते घटना विवरण कागज ।

घाइते गायत्री तिम्सिनाको जिल्ला स्वास्थ्य कार्यालय, तेह्रथुममा गराएको घाउँजाँच केश फाराम रिपोर्टमा Not fatal भनी प्राप्त हुन आएको ।

मिति २०६८/५/१८ गते म मेरो भान्जा दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्नका लागि गएको र बेलुकी खाना खाई मोवाइल चार्ज गर्दै ढोका बन्द गरी कोठामा सुतिरहेको अस्वथामा राती अन्दाजी २२:३० बजेको समयमा मैले चिनेका इसिबु-४ बस्ने मिलन लिम्बू, तेह्रथुम क र एकजना नचिनेको मानिस आई राँको माग्दा मैले टर्च लाइट दिएँ । मिलन लिम्बूले म गाउँमा आएको कसैलाई भन्लान् भनी टर्च लिई गएकोमा निजहरू पुनः फर्की आई कोठाको ढोकामा लात्तीले हानी ढोका फुटाई मिलन लिम्बू भित्र पसी मेरो टाउकोमा खुकुरीले हानेकोमा मैले छेक्दा बायाँ हातको औला र पातामा समेत काटेको र मैले गुहार भन्दा भागी गएका हुन् । त्यसपछि मेरी माइजूसमेत आई हारगुहार गरी मलाई उपचारको लागि लिएर गएका हुन् । प्रतिवादीहरूले विना कारण मलाई धारिलो खुकुरीले काटी ज्यान मार्ने उद्योग गरेको हुँदा निज प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय होस् भन्नेसमेत व्यहोराको गायत्री तिम्सिनाले मिति २०६८/५/२१ गते गरेको घटना विवरण कागज ।

मिति २०६८/५/१८ गते म र मेरो भान्जा तेह्रथुम ख हाम्रो घरमा बिजुली नभएको कारण छिमेकी दिवाकर खनालको मिल घरमा मोवाइल चार्ज गर्न जाँदै गरेको अवस्थामा बाटोमा मिलन लिम्बूसँग भेट भयो । हामी तिनै जना मोवाइल चार्ज गर्न भनी दिवाकर खनालको घरमा पुग्दा घरका सवै मानिस सुतिरहेका र दिवाकर खनालको छोरा सन्तोषलाई बोलाउँदा निज घरमा नभएको कुरा गायत्री तिम्सिनाले कोठाभित्रैबाट भनेकाले आज घर जाउँ, मोवाइल भोली चार्ज गर्नु पर्छ, आज टर्च वा राँको मागेर जानु पर्छ भनी टर्च माग्दा गायत्रीले दिन गाह्रो मानेपछि जवरजस्ती रुपमा टर्च मागेको र सो टर्च गायत्रीले घरको गारोको दुलोबाट दिएको हो । उक्त टर्च लिई हामी घर गयौं । खाना खाने क्रममा मिलन लिम्बूले गायत्री तिम्सिना खुत्तिएको रहेछ, टर्च दिन गाह्रो मान्यो र दिँदा पनि घरको दुलोबाट दियो । त्यसलाई बनाउनु पर्छ भन्यो, त्यसपछि हामी तिनैजना राती अन्दाजी ११:०० बजेतिर गायत्री तिम्सिना सुतेको दिवाकर खनालको घरमा गई मिलन लिम्बूले बाहिर बलेको बल्व खुकुरीले फुटाई ढोकामा लात्ती हानी फुटाई भित्र पस्यो । म र तेह्रथुम ख कोही आउँन्छन् की भनी घरको ढोकामका बस्यौं । मिलन लिम्बूले गायत्री तिम्सिनालाई खुकुरीले काटी बाहिर आई भागौं भनेपछि तिनैजना भागेर ताप्लेजुङ, इलामको फिक्कल हुँदै भारतमा गएर बसेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम तेह्रथुम क ले मिति २०७०/२/२१ गते अधिकारप्राप्त अधिकारसमक्ष गरेको बयान ।

मिति २०६८/५/१८ गते म मावली तेह्रथुम क को घरमा आएको थिएँ । घरमा बिजुली नभएको कारण खाना खाई खाम्लालुङ १ स्थित दिवाकर खनालको मिल घरमा मोवाइल चार्ज गर्न भनी हामी जाँदै गरेको अवस्थामा बाटोमा मिलन लिम्बूसँग भेट भयो । निजसँग भेट भएपछि मामा तेह्रथुम क, म र मिलन लिम्बूसमेत हामी तिनजना मोवाइल चार्ज गर्न दिवाकरको घरमा पुग्दा घरको सवै मानिस सुतिसकेका र दिवाकर खनालको छोरा सन्तोषलाई तेह्रथुम क ले बोलाउँदा निज घरमा नभएको कुरा गायत्री तिम्सिनाले कोठाभित्रबाट भनेकाले आज घर जाउँ, मोाइल भोली चार्ज गर्नु पर्छ, टर्च मागेर जानु पर्छ भनी हामीले टर्च माग्दा गायत्रीले दिन गाह्रो मानेपछि जवरजस्ती रुपमा टर्च मागेको र सो टर्च गायत्रीले घरको गारोको दुलोबाट दिएको हो । उक्त टर्च लिई हामी मावलीघर आयौं । खाना खाने क्रममा मिलन लिम्बूले गायत्री तिम्सिना खुत्तिएको रहेछ, त्यसलाई बनाउनु पर्छ भनेकोले त्यसपछि हामी तीनजना राती अन्दाजी ११:०० बजेतिर गायत्री तिम्सिना सुतेको दिवाकर खनालको घरमा गई मिलन लिम्बूले बलेको बल्व खुकुरीले फुटाई दिई ढोकामा लात्तीले हानी चुक्कुल फुकाली भित्र पस्यो । म र मामा तेह्रथुम क लाई कोही आउँछकी भनी घरको अर्को ढोकामा रुङन लगायो । मिलन लिम्बूले गायत्री तिम्सिनालाई खुकुरीले काटी बाहिर आई भागौं भनेपछि तीनैजना इलामको फिक्कल हुँदै भारतमा गएर बसेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम तेह्रथुम ख ले मिति २०७०/२/२७ गते अधिकारप्राप्त अधिकारसमक्ष गरेको बयान ।

रामप्रसाद तिम्सिनाको जाहेरले वादी नेपाल सरकार प्रतिवादी मिलन लिम्बूसमेत भएको ज्यान मार्ने उद्योग मुद्दामा प्रतिवादीहरूले पीडितलाई काटेको अवस्थामा आएका प्रतिवादीहरूमध्ये तेह्रथुम ख लाई पछि पक्राउ गरी घाइतेलाई सनाखत गराउँदा वारदातका राती मिलन लिम्बू र तेह्रथुम क सँग आएका व्यक्ति यिनै हुन् भनी घाइते गायत्री तिम्सिनाले मिति २०७०/३/५ गते गरेको सनाखत बयान ।

मिति २०६८/५/१८ गते राती प्रतिवादीहरू मिलन लिम्बू, तेह्रथुम क र तेह्रथुम ख दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्न गएका र गायत्री तिम्सिनालाई धारिलो हतियार खुकुरी प्रहार गरी सख्त घाइते बनाएको भन्ने कुरा सुनी थाहा पाएको हुँ । प्रतिवादीहरूले गायत्री तिम्सिनालाई के कुन कारणले कस्तो अवस्थामा काटेका हुन् सो मलाई यकीन थाहा भएन तर घाइतेको अवस्था देख्दा उक्त वारदात निजहरूले घटाएको हो भन्नेमा विश्वास लाग्छ । सो वारदातमा प्रतिवादीहरू तेह्रथुम क र तेह्रथुम ख समेत संलग्न छन् । घटना घटाउने प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय होस् भन्नेसमेत प्रायः एकै मिलान हुने गरी बिष्णुकुमार लिम्बू, रणबहादुर थापा र दधिराम ढकालसमेतले मिति २०७०/३/८ गते गरेको वस्तुस्थिति मुचुल्का ।

मिसिल संलग्न जाहेरी दरखास्त, घटना मुचुल्का घाउँजाँच केश फाराम, प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको बयान तथा घटना विवरण कागजका मानिसहरूको भनाईसमेतका कागजहरूबाट मिति २०६८/५/१८ गते रातको ११:०० बजेको समयमा दिवाकर खनालको घरमा प्रतिवादीहरूले पीडित गायत्री तिम्सिनालाई

धारिलो हतियार खुकुरीले शरीरमा विभिन्न ठाउँमा ज्यान मार्ने नियतले हानी घाइते बनाएको देखिएको र प्रतिवादीहरू मिलन लिम्बू, तेह्थुम क र तेह्थुम ख को उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं अन्तर्गतको कसूर भएकोले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं बमोजिमको दाबी लिइएको र प्रतिवादीमध्येका तेह्थुम ख को उमेर श्रीराम संस्कृत माध्यमिक विद्यालय खेलपुर संक्रान्ति बजारको रेकर्डअनुसार निजको जन्ममिति २०५४/३/२१ खुली आएको भई निजको वारदात हुँदाको उमेर १४ वर्ष २ महिना भएको देखिएको र अर्का प्रतिवादी तेह्थुम क को इसिबु माध्यमिक विद्यालय इसिबु तेह्थुमबाट जन्ममिति २०५५/४/६ खुली आएकोमा वारदात मिति २०६८/५/१८ मा निजको उमेर १३ वर्ष ४ महिना १५ दिन देखिएकाले प्रतिवादीहरूमध्ये तेह्थुम ख को हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम र तेह्थुम क को हकमा ऐ. ऐनको दफा ११ को उपदफा (२) बमोजिम हुनसमेत मागदाबी लिइएको छ। वारदातपछि फरार रहेका मिलन लिम्बूको हकमा सम्मानित अदालबाटै वारेन्ट जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, तेह्थुमको मिति २०७०/३/११ को अभियोगपत्र।

मिति २०६८/५/१८ गते राती ११:०० बजेको समयमा म र तेह्थुम क दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्न जाँदा बाटोमा मिलन लिम्बूसँग भेट भयो र निजले कहाँबाट आएको भन्यो। हामीले दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्न गएको भन्यौं। उसले मेरो पनि मोवाइल चार्ज गरेर ल्याई दिनु भन्यो। हामीले तपाईले पहिला पनि मान्छे काटेको हुँदा हामी लादैनौं भन्दा निजले खुकुरी झिकी तिमीहरूलाई पनि मारिदिन्छु भन्यो र हामी तीनैजना दिवाकर खनालको घरमा जाँदा कोठामा गायत्री तिम्सिना रहेछ, हामीले निजलाई सन्तोष छैन भन्दा मिलनले गायत्रीको बोली सुन्नासाथ अव मोवाइल चार्ज गर्नु पर्दैन, गायत्रीको टर्चलाइट माग भन्यो र लाइट दिएपछि लाइटले देखाएर राँको चिर्यौं। मिलनले राँको सल्काउन दिएन र घर मास्तिर कुलोमा बगाई दियो र मलाई भोक लाग्यो तेह्थुम क को घर नजिक छ त्यहाँ जाउँ भन्यो। तेह्थुम क ले तैले पहिला पनि मान्छे काटेर भागेको हो, हामी लादैनौं भन्दा तेरो बाबुआमालाई नै मारिदिन्छु भन्यो र हामीलाई कुट्छ भन्ने लागी घर लिएर गयौं र किचनमा जाऔं भन्दा तेरा बाबुआमाले देख्छन् खाना यही ल्याई दे भनेकाले तेह्थुम क ले किचनबाट खाना ल्याई दिएपछि खाना खायो र मलाई तल खोलासम्म पुर्‍याई दिनु भन्यो। हामी जादैनौं भन्दा तिमीहरूलाई कुटछु भन्यो। हामीले खोलामा पुर्‍यायौं, खोलामा दिवाकर खनालको घरमा बाहिर बिजुलीको बल्व बलिरहेको थियो। उक्त बल्व खुकुरीले हिर्काई बिगार्‍यो। हामीलाई ढोकामा बस भन्यो र उ घरभित्र पस्यो। कोठामा पसी गायत्रीलाई खुकुरीले काट्यो र एकछिनपछि तिमीहरू भाग भन्यो। म मिलनसँगै भागेछु। एकछिनमा तेह्थुम क पनि आयो। तेह्थुम क लाई झोला बोकायो, मलाई खुकुरी बोकायो। बाटोमा खेतको समाहामा आफ्नो शरीरमा लागेको रगत धोयो। त्यसपछि हामी दार्जिलिङ गयौं। म भर्खर घरमा आएको हुँ। मिलन लिम्बूले गायत्री तिम्सिनालाई खुकुरीले काटेको हुँदा मलाई अभियोग मागदाबीबमोजिम सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम तेह्थुम ख ले यस अदालतमा मिति २०७०/३/११ मा गरेको बयान।

मिति २०६८/५/१८ गते राती तेह्रथुम ख र म दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्न हिडेका थियौं । घरदेखि ३० मिनेटजति तल पुगेपछि मिलन लिम्बूसँग भेट भयो । मिलन लिम्बूले कहाँ हिडेको भनेको सोध्यो । हामीले मोवाइल चार्ज गर्न दिवाकर खनालको घरमा हिडेको भन्यौं । त्यसो भए मेरो मोवाइल चार्ज गरेर ल्याई दिनु भनी मिलनले भन्यो । हामीले तिमीले यसभन्दा अगाडि गाउँमा मान्छे काट्ने काम गरेकाले तिमीलाई गाउँघरमा कसैले राम्रो मान्दैनन् त्यसैले हामी तिम्रो मोवाइल चार्ज गरी ल्याउन सक्दैनौं भनेपछि मलाई कसले के गर्छ भनी मिलनले हामीलाई हप्काई कुटपिटसमेत गर्न थालेकाले हामी मिलनसँगै मोवाइल चार्ज गर्न भनी दिवाकर खनालको घरमा गयौं । सो समयमा रातको करिब ८:१५ बजेको थियो होला, घरको मान्छे सबै सुतिसकेका रहेछन् । हामीलाई उक्त घरको सन्तोष खनाललाई बोलायौं । गायत्री तिम्सिनाको मावली घर भएको हुँदा निज त्यहाँ गएको रहेछ । उसले सन्तोष छैन भन्यो, मिलन लिम्बूले टर्च माग भन्यो, त्यसपछि मिलन लिम्बूले टर्च माग गर्‌यो । उसले मलाई चिम्नीबाट दियो, हामी त्याहाँबाट हिडयौं । मिलनले तेरो घरमा लगी मलाइ खान दे भन्यो, मैले हुँदैन भन्दा तिमीहरू सबैलाई मारिदिन्छु भनी खुकुरी देखाएकोले डरले मेरो घरमा उसलाई खाना खान दिएँ । भात खाइसकेपछि हामीले तिमी तिम्रो घरमा जाउँ हामी अव सुत्छौ भन्यौं, उसले मलाई खोलामा पुर्‌याउनु पर्छ भन्यो । हामी उसलाई कोयाखोलासम्म पुर्‌याउन भनी हिड्यौं । त्यसपछि अझै माथि खनालको घरसम्म मलाई पुर्‌याउनु पर्छ भनी हामीलाई गाली गर्न थाल्यो र हामी उसँगै दिवाकर खनालको घरमा गयौं । घरबाहिर बत्ति बलिरहेको थियो, त्यहाँ पुग्ने बित्तिकै मिलनले खुकुरी निकाली बलिरहेको बत्तिमा हानी फुटाई तल खसायो । हामी डरले भाग्न खोज्दा तिमीहरू किन भाग्छौ भनेर हामीलाई बोलाई तिमीहरू यहाँ ढोका ढोकामा बस, कहिबाट कोही आउँछ की हेर भन्यो । हामीहरू डरले त्यही बस्यौं । त्यसपछि मिलनले गायत्री सुतेको कोठातर्फ गई उक्त कोठा लात्तीले हानी ढोका फोर्न थाल्यो । भित्रबाट डरले गायत्री तिम्सिना गुहार गुहार भनी कराउन थाल्यो । त्यसपछि मिलनले तिमीहरू भाग भनी भन्यो र हामी घरदेखि माथितिर भाग्दै गयौं । मिलनले ढोका फोरी के गर्‌यो हामीलाई थाहा भएन । एकछिनपछि मिलन पनि हामी भएको ठाउँमा आइपुग्यो । उसको हातमा खुकुरी थियो र अनुहार भरी रगत लागेको थियो । उसले मलाई झोला बोक्न लगायो र खुकुरी भान्जा तेह्रथुम ख लाई बोक्न लगाई माथितिर हिड, भाग्यौं भने मार्छु भन्दै हामीलाई कराउँदै हाम्रोपछि लाग्यो । बाटोमा अर्काको बारीमा काक्रासमेत टिप्न लगायो र रातभरी हिडी भेलीपल्ट पनि दिनभर जङ्गलैजङ्गल हिडेर बेलुका ताप्लेजुङको दोभान भन्ने स्थानमा पुग्यौं र मिलनले त्यही खुकुरी रु. ७००/- मा बेच्यो र तीन जनाले त्यही खाना खायौं । सो रात त्यही सुती भोलीपल्ट बिहान हामी ताप्लेजुङको बसपार्क छेउ गई मिलनले उसकी काहिली दिदीलाई फोन गरी पैसा माग्यो । दिदीले रु. ५०००/- पैसा दिइन् र हामी तीनैजना दार्जिलिङ गयौं । त्यहाँ ६ महिना बसी म काठमाडौंमा आई होटेलमा काम गरे । काठमाडौंमा मेरी फुपू हुनु हुन्थ्यो, मलाई फुपूले तिमी घर जाउँ भनी घर पठाई दिनु भयो र म यही २०७०/२/१८ गते म आफ्नो घर इसिबु-४ तेह्रथुममा आइपुगेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम तेह्रथुम क ले यस अदालतमा मिति २०७०।३।११ गते गरेको बयान ।

पीडित गायत्री तिम्सिनाको कागज हेर्दा मिन लिम्बूले खुकुरीले काटेको भनेको र तेह्रथुम क र तेह्रथुम ख ले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा मिलन लिम्बूले आफुहरूलाई जवरजस्ती

गायत्रीको घरमा लगी निजैले गायत्रीलाई खुकुरी हानेका हुन् । आफुहरूलाई सँगै हिड्न वाध्य पारिएको हो भनी बयान गरेको देखिन्छ । उक्त घटनामा यी प्रतिवादीहरू तेह्रथुम क र तेह्रथुम ख को उपस्थिति भए पनि निजहरू प्रत्यक्ष संलग्न भएको देखिएन तसर्थ निजहरूलाई तत्काल प्राप्त प्रमाणको आधारमा नाबालक भएकोले अभिभावकको जिम्मा लगाई छाडी दिनु भन्नेसमेत व्यहोराको यसै अदालतबाट मिति २०७०/३/११ गते गरेको आदेश ।

म मिति २०६८/५/१८ गते मोवाइल चार्ज गर्न भनी खाम्लालुङ-१ स्थित मेरो मावली घर गएँको थिएँ । राती म मावली घरमा सुतिरहेको अवस्थामा प्रतिवादी तेह्रथुम क समेतले घरको भाइ सन्तोषलाई बोलाए । उ नभएकोले मैले छैन भने । त्यसपछि मलाई ढोका खोल भन्यो मैले के काम छ म खोल्दिन भने । त्यसपछि हामीलाई घर जान राँको चिर्नुछ लाइट देखाइदे भने र मैले झ्यालबाट लाइट दिएँ । राँको चिरेपछि सलाई दे भने । मैले सलाई छैन भनेपछि लाइट लिई भोली ल्याई दिन्छु भनी गए । त्यसपछि को को हुन् रातको १२:०० बजे ढोकामा लात्तीले हिर्काई दैलो फुटाए र मिलन लिम्बू भित्र पसेर मलाई खुकुरी र देब्रे हातमा, देब्रे पातामा र कुममा काट्यो । भित्रबाट माइजू निक्लिनु भयो । माइजू आएपछि प्रतिवादीहरू भागे । प्रतिवादीमध्येको मिलन लिम्बूले इसिबु-७ बस्ने सुमन लिम्बूलाई काटी फरार रहेको र मैले उक्त वारदात देखेको हुँदा अब मैले अन्यत्र खबर गरी दिन्छु भन्ने ईविको कारण निजले मलाईसमेत खुकुरी प्रहार गरी ज्यान मार्ने सम्मको कार्य गरेको हो भन्नेसमेत व्यहोराको घाइते गायत्रीप्रसाद तिम्सिनाले मिति २०७०/११/६ गते यस अदालतमा गरेको बकपत्र ।

घाइते गायत्रीप्रसाद तिम्सिनालाई इसिबु-४ बस्ने मिलन लिम्बूले खुकुरी प्रहार गरी देब्रे हातको पञ्जा, देब्रे कुम र डडाल्नोमा काटी सख्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेका हुन् । घाइतेको तेह्रथुम अस्पातालमा उपचार हुन नसकी घोपा धरानमा उपचार गर्न लगिएको हो । प्रतिवादीले पीडितको अवस्था चिन्ताजनक थियो, हाल घाइतेको अवस्था उपचारपछि सामान्य छ, खुकुरी प्रहार गरी ज्यान मार्नु पर्ने सम्मको रिसइबी के थियो मलाई थाहा छैन भन्नेसमेत व्यहोराको जाहेरवाला रामप्रसाद तिम्सिनाले मिति २०७०/११/६ गते यस यस अदालतमा गरेको बकपत्र ।

मेरा भान्जा गायत्री तिम्सिना मेरो घरमा मेवाइल चार्ज गर्न भनी आएका थिएँ । बेलुकीको खाना खाई मेरै घरम सुतेका भान्जालाई राती मिलन लिम्बूसमेतका प्रतिवादीहरू आई खुकुरीले प्रहार गरेछन् । भान्जाले गुहार गुहार भनी कराएपछि म भान्जा सुतेको कोठामा गई हेर्दा भान्जाको हात तथा कुम पछाडि डडाल्नोमा काटिएको थियो । तत्काल प्राथमिक उपचार गराउई भोलिपल्ट तेह्रथुम अस्पतालमा ल्याई उपचार गराउँदा त्यहाँ उपचार हुन नसकी घोपा क्याम्प धरानमा लगी उपचार गराएको हो । प्रतिवादीहरूले भान्जाको ज्यान मार्नु पर्ने सम्मको रीसइवी के थियो मलाई थाहा छैन । हाल घाइतेको अवस्था उपचारपछि सामान्य छ भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने रुद्रकुमारी खनालले मिति २०७०/११/६ गते यस अदालतमा गरेको बकपत्र ।

पीडित गायत्री तिम्सिना र रुद्रकुमारी खनालले प्रतिवादीमध्येका मिलन लिम्बूले पीडितलाई खुकुरीले दाहिने पाता र देब्रे हातमा काटे भनी सुनाउँदा सुनेको हुँ । मैले वारदात आँखाले देखिन भन्नेसमेत व्यहोराको प्रतिवादी तेह्रथुम क का साक्षी सुरेशचन्द्र भेटवालले मिति २०७०/१२/१७ गते यस अदालतमा गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री ऋषिराज निरौलाले प्रतिवादीहरू तेह्रथुम क र तेह्रथुम ख ले फरार प्रतिवादी मिलन लिम्बूसँग वारदात स्थलमा गई पीडित गायत्री तीम्सनासँग टर्चलाइट मागी घर गई तीनैजनाले सल्लाह गरी पुनः वारदात स्थलमा फर्की गई प्रतिवादी मिलन लिम्बूले पीडित सुतेको कोठाको ढोका फुटाई पीडितलाई खुकुरी प्रहार गरेको र निज प्रतिवादीहरूले ढोका ढोकामा पहरा बसी आरोपित कसूर गरेको हुँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीअनुसार सजाय हुनु पर्दछ भनी बहस गर्नु भयो । प्रतिवादीहरू तेह्रथुम क र तेह्रथुम ख का तर्फबाट उपस्थित विद्वान वैतनिक अभिवक्ता श्री रत्नप्रसाद निङलेकुले फरार प्रतिवादी लिन लिम्बूले यी बालकहरूलाई मार्ने धम्की दिई जवरजस्ती आफुसँग हिडाई निजले नै गायत्री तिम्सिनालाई खुकुरी प्रहार गरेको हो । यी बालकहरूले आरोपित कसूर गरेका होइनन् तसर्थ निजहरूले अभियोग मागदाबीबाट सफाई पाउनु पर्दछ भनी बहस गर्नु भयो ।

उल्लेखित बहस सुनी निर्णयतर्फ विचार गर्दा मिति २०६८/५/१८ गते राती प्रतिवादी मिलन लिम्बू र तेह्रथुम क तथा तेह्रथुम ख समेत भई मिली दिवाकर खनालको मिल घरमा गई उक्त घरमा सुतेका गायत्री तिम्सिनासँग टर्चलाइट मागी तेह्रथुम क को घरमा आई खाना खाई गायत्री तिम्सिनाले टर्चलाइट दिन गाह्रो मानेको र दिदा पनि ढोका नखोली घरको गारोको प्वालबाट छिराई दिएकोसमेत रिसइवीका कारण पुनः फर्की गई तेह्रथुम क र तेह्रथुम ख ढोका ढोकामा पहरा बसी प्रतिवादी मिलन लिम्बूले गायत्री तिम्सिना सुतेको कोठामा ढोकामा लात्ती तथा खुकुरी प्रहार गरी भत्काई गायत्री तिम्सिनालाई खुकुरीले यत्रतत्र प्रहार गरेको र पीडितले हारगुहार गरेपछि प्रतिवादीहरू भागी गएका हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं को कसूरमा सोही नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदाबी रहेको छ ।

प्रतिवादीमध्येका मिलन लिम्बूका नाममा यस अदालतबाट जारी भएको ७० दिन म्यादी पूर्जी मिति २०७०/३/२८ गते निजको घर ढोकामा रीतपूर्वक टाँस तामेल भएकोमा उक्त म्यादमा निज प्रतिवादी हाजिर हुन नआई म्याद गुजारी फरार रहेको हुँदा मुलुकी ऐन, अ.ब. १९० नं. बमोजिम निजको हकमा मुद्दा मुलतवीमा राखी दिएको छ । निज प्रतिवादीको यस अदालतबाट अंश रोक्का गरी मालपोत कार्यालय तेह्रथुमको च.नं. ६३९ मिति २०७०/१०/२३ को पत्रबाट निजको अंश भागको जग्गा रोक्कासमेत भई आएको देखिँदा निज प्रतिवादी हाजिर वा पक्राउ परी नआए पनि अंश रोक्का भएको उक्त मितिबाट २ वर्ष पुगेपछि मुद्दा खडा गरी कानूनबमोजिम कारवाही किनारा गर्ने ठहर्छ ।

कानूनसँगको द्वन्दमा परेका बालकहरू तेह्रथुम क र तेह्रथुम ख का सम्बन्धमा विचार गर्दा निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा हामी दुई जना वारदातका दिन साँझ अं. ९ बजेतिर मोवाइल चार्ज गर्न भनी गाउँकै दिवाकर खनालको मिलघरतर्फ जाँदै गर्दा बाटोमा प्रतिवादी मिलन लिम्बूसँग भेट भयो । निजले म पनि जान्छु भनी हामीसँग मिलघरमा गयो । त्यहाँ पुगी हामीले सो घरमा भित्र बसेका गायत्री तिम्सिनासँग टर्चलाइट माग्दा निजले दिन गाह्रो मानी ढोकासमेत नखोली गारोको प्वालबाट टर्च छिराई दिए । त्यसपछि हामी तेह्रथुम क को घरमा गई मिलन लिम्बूले खाना खाएपछि गायत्री तिम्सिनाले टर्चलाइट दिन गाह्रो मानेको विषयमा छलफल गर्दा त्यो साह्रै नापिएको रहेछ, त्यसलाई बनाउनु पर्छ भनी मिलन लिम्बूले भनेपछि हामी रातको ११:०० बजेतिर पुनः दिवाकर खनालको मिलघरमा गयौं । मिलन लिम्बूले घरबाहिर बलिरहेको बिजुलीको बल्ब खुकुरीले हानी फुटाई दियो । हामी दुईजना कोही आउँछन् की भनी ढोकामा बस्यौं, मिलन लिम्बू गायत्री सुतेको कोठाको ढोका लात्तीले हानी चुक्कुल फुकाली भित्र प्रवेश गरी गायत्रीलाई खुकुरी प्रहार गरी घाइते बनाएपछि हामी रातारात भागी ताप्लेजुङ हुँदै भारतको दार्जिलिङतिर गएको हौं भनी बयान गरेको देखिन्छ ।

निज बालकहरूले अदालतमा बयान गर्दा भने हामी दुईजना राती दिवाकर खनालको घरमा मोवाइल चार्ज गर्न भनी जाँदै गर्दा बाटोमा मिलन लिम्बूसँग भेट भयो । निजले मेरो मोवाइल पनि चार्ज गर्नुछ भन्दा तैले मानिस काटी भागेको होस् तलाई हामी लादैनौं भनी हामीले भनेपछि खुकुरी झिकी तिमिहरूलाई पनि मारिदिन्छु भनेकाले हामी तीनैजना दिवाकर खनालको घरमा गयौं । घरमा गायत्री तिम्सिना रहेछन् । मिलन लिम्बूले गायत्रीसँग टर्चलाइट माग भन्यो, हामीले गायत्रीसँग टर्च माग्यौं, गायत्रीले ढोका नखोली घरको गारोको प्वालबाट हामीलाई टर्च दिए । त्यसपछि हामी त्यहाँबाट हिड्यौं । बाटोमा मिलन लिम्बूले मलाई भोक लागेको छ तिम्रो घरमा लगी खाना खुवाउ भन्यो । तेह्रथुम क ले मितिले पहिले पनि मान्छे काटी भागेको हुँदा म तिमीलाई मेरो घरमा लान्न भनेपछि मिलन लिम्बूले खुकुरी निकाली तेरो बाबुआमा र तिमीहरूलाई समेत मारिदिन्छु भनेकाले डरले निजलाई घरमा लगी खाना दियौं । त्यसपछि उसले मलाई कोयाखोलासम्म पुर्‍याउन हिड भन्यो । उसले हामीलाइ फेरी दिवाकर खनालको घरमा लग्यो । घरबाहिर बलिरहेको बल्ब खुकुरीले हानी फुटायो । हामीलाई ढोकामा बसी मानिस आउछन् कि भनी हेर्न लगायो र उसले गायत्री सुतेको कोठामा ढोका लात्तीले हानी फुटाई भित्र गयो । गायत्रीले गुहार गुहार भनी कराएपछि हामीलाई समेत भाग भन्यो । उसको अनुहार भरी रगत लागेको थियो । उसले हामीलाई झोला र खुकुरी बोकाई भाग्यौं भने मार्छु भन्दै जवरजस्ती आफुसँगै हिडायो । खेतको समाहाको पानीमा आफ्नो जिउमा लागेको रगत धोयो । अर्काको बारीमा काँक्रा चोर्न लगायो । रातभरी हिडाई ताप्लेजुङ पुर्‍यायो । ताप्लेजुङमा उसले उसकी दिदीसँग रुपैयाँ मागी हामी तीनैजना इलाम हुँदै दार्जिलिङ गई होटलमा काम गरी बस्यौं भनी बयान गरेको देखिन्छ ।

वारदात पीडित गायत्री तिम्सिनाले वारदातको रात प्रतिवादीहरूले मसँग टर्चलाइट मागे । मैले घरको ढोका नखोली घरको गारोको प्वालबाट टर्चलाइट दिएँ । प्रतिवादी मिलन लिम्बूले टर्च लिई मलाई हेरी

म आएको कुरा कसैलाई नभन्नु भनी प्रतिवादीहरू गए । एकछिनपछि फर्केर आई म सुतेको कोठाको ढोका लात्तीले हानी फुटाई मिलन लिम्बू भित्र पसी खुकुरीले मेरो टाउकोमा हान्यो । मैले हातले छेक्दा मेरो हातको हत्केला काटियो । मैले गुहार मागे त्यसपछि माइजू उठी कराउनु भएपछि निजले मेरो पातामा खुकुरी प्रहार गरी भागी गए । निज मिलन लिम्बूले इसिबु-७ बस्ने सुमन लिम्बूलाई काटी फरार रहेको र मैले उक्त वारदात देखेको हुँदा निजले मलाईसमेत मार्ने नियतले खुकुरी प्रहार गरेको हो भनी बकपत्रसमेत गरेको देखिन्छ ।

वारदातका पीडितको उपरोक्त कथनबाट प्रतिवादीमध्येका मिलन लिम्बूले नै ढोका फोरी घरभित्र पसी निजलाई खुकुरी प्रहार गरेको भन्ने देखिन्छ । यी बालकहरू तेह्रथुम क र तेह्रथुम ख ले ढोका फोरी मलाई कुटपिट गरे भनी निज पीडितले पनि भनेको देखिँदैन । यी बालकहरूले पीडितलाई कुटपिट तथा ज्यान मार्ने सम्मको उद्योग गर्नु पर्ने कुनै कारण रहे भएको भन्ने पनि मिसिलबाट देखिँदैन । गाउँमा कसैलाई खुकुरी प्रहार गरी फरार रहेका प्रतिवादी मिलन लिम्बूले यी बालकहरू तेह्रथुम क र तेह्रथुम ख लाई हतियार देखाई ज्यानै मार्ने सम्मको डरत्रासमा पारी जवरजसती आफ्नो साथ हिडाएको देखिएको र यी बालकहरूले पीडित गायत्री तिम्सिनालाई कुटपिट गरी ज्यान मार्ने उद्योग गरेको भन्ने देखिन नआएकोले निजहरू दुवैजनाले अभियोग मागदाबीबाट सफाई पाउने ठहर्छ । अरु तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम तेह्रथुम क र तेह्रथुम ख ले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएकोले केही गरिरहन परेन १

फरार रहेका प्रतिवादी मिलन लिम्बूका हकमा मुलुकी ऐन, अ.ब. १९० नं. बमोजिम मुल्तवीमा रहेकोले निज प्रतिवादी हाजिर नभए निजको अंश रोक्का भएको मिति २०७०/१०/२३ बाट २ वर्ष अवधि व्यतित भएपछि मुल्तवीबाट जगाई कानूनबमोजिम गर्नु २

यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, धनकुटामा प्रतिवेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, तेह्रथुमलाई फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद दिनु ३

यो फैसला लगायतका मिसिल संलग्न कागजातहरूको सक्कल माग्न आए जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ ख को अधिनमा रही नक्कल दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ५

यो पाना १० को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने ना.डि तिलक बिक्रम ढुङ्गना ।
फा.ना.सु. इन्द्रबहादुर न्यौपाने ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख ९ गते रोज ३ शुभम् .....।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

सम्वत् २०७० सालको स.फौ.नं. २७४

नि.नं. ३६४

०७० -CT-००७०

मुद्दाः जवरजस्ती चोरी ।

वादी	प्रतिवादी
कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं. ९ बस्ने पवित्रा गिरीको जाहेरीले नेपाल सरकार १	कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं. ९ बस्ने कृष्णबहादुर नेपालीको छोरा ज्ञानेन्द्र भन्ने राजेश नेपाली .....१ कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं. ८ बस्ने डिले नेपालीको छोरा ईकु भन्ने ईश्वर नेपाली .....१ कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.८ बस्ने नरबहादुर नेपालीको छोरा विकास नेपाली १

प्रस्तुत मुद्दाको टिपोट र ठहर यस प्रकार छः

कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.९ स्थितमा पवित्रा गिरीको घर, सो घरको बाहिर पिढीमा रहेको विस्तारामा घरधनी पवित्रा गिरी पल्टिई सुतेको अवस्थामा मिति २०७०/५/२१ गते राती करीव १२:०० बजेको समयमा विकास नेपाली, ईकु भन्ने ईश्वर नेपाली र ज्ञानेन्द्र भन्ने राजेश नेपालीले पवित्रालाई हातखुट्टा बाँधी बोले कराएमा ज्यानै लिने धम्की दिई निजले कानमा लगाएको १ तोलाको सुनको रिङ, जोर एक निधारमा लगाएको सुनको टीका जवरजस्ती चोरी गरी लगेको भनी देखाइएको घटनास्थल मुचुल्का । साथै उक्त विस्ताराको सिरानीतर्फको भागमा कालो रातो रंगको सल तथा मोटरसाइकलको पछाडि सामान बाँध्न प्रयाग हुने रातो रवर डोरी एक टुक्रा फेला परेको उक्त दशी घटनामा अभियुक्तहरूले जाहेरवालीको हातुखुट्टा बाध्न प्रयोग गरेको भन्ने खुल्न आएअनुसार प्रहरीले घटनास्थलबाट उठाई ल्याएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७०/५/२१ गते राति करिव १२:०० बजेको समयमा म कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं. ९ स्थित आफ्नै घरको पिढीमा सुतिरहेको अवस्थामा विकास नेपाली, ईकु भन्ने ईश्वर नेपाली र ज्ञानेन्द्र भन्ने राजेश नेपाली मेरो हातखुट्टा बाँधी, मेरो मुखसमेत थुनी मैले कानमा लगाएको सुनको १ तोलाको बेरुवा रिङ थान २ तथा निधारमा लगाएको १२ लालको सुनको टीकासमेत जवरजस्ती चोरी गरी लगेको हुँदा कारवाही गरिपाऊँ भन्ने पवित्रा गिरीको जाहेरी ।

मिति २०७०/५/२१ गते राति करिव १२:०० बजेको समयमा हामीहरू विकास नेपाली, ईकु भन्ने ईश्वर नेपाली र ज्ञानेन्द्र भन्ने राजेश नेपालीले कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं.९ बस्ने जाहेरवाली पवित्रा गिरीको सुनको गरगहना चोरी गरौं भन्ने सल्लाह र योजना बनाई निजको घरमा गएका हौं । पवित्रा गिरी आफ्नै घरको बाहिर पिढीमा सुतिरहेको देखी विस्तारामै गई झ्यापभुप्प समाती म विकास नेपालीले जाहेरवालीको आँखा सलले छोपी बाँधे, म राजेश नेपालीले मोटरसाइकलमा सामान बाध्ने रवरको डोरीले बुढीको हातखुट्टा बाँधे भने म ईश्वर नेपालीले ती बुढीले कानमा लगाएको २ वटा सुनको रिङ तथा निधारमा लगाएको सुनको टीका निकाली दिएँ । बुढी कराउन थालेपछि १/२ थप्पड हानी भागी गएकोमा सोही घटनाको विषयलाई लिएर मिति २०७०/५/२५ गते प्रहरीले हामीहरूलाई पक्राउ गरी ल्याएका हुन् । उक्त चोरीको सुन म ईश्वर नेपालीले भाग्ने क्रममा झाडीतिर मिल्काई दिएको हुँ । उक्त ठाँउ राती भएकोले यकीन छैन । उक्त सुन चोरी गर्ने कार्यमा हामीबाहेक कोही कसैको संलग्नता छैन । प्रहरीले घटनास्थलबाट उठाई ल्याएको सल र डोरीले नै चोरी गर्ने क्रममा जाहेरवालीको आँखा छोप्न र हातखुट्टा बाध्न प्रयोग गरेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादीहरू विकास नेपाली, ईकु भन्ने ईश्वर नेपाली र ज्ञानेन्द्र भन्ने राजे नेपालीको एकै मिलानको बयान कागज ।

मिति २०७०/५/२१ गते राती करिव १२:०० बजेको समयमा कास्की जिल्ला, पुरन्चौर गा.वि.स., वडा नं. ९ स्थित जाहेरवाली पवित्रा गिरीको घरमा यी जाहेरवालीलाई ज्यानै मार्ने सम्मको धाकधम्की दिई मोटरसाइकलमा सामान बाँध्ने रवरको डोरी सलले बाँधी जाहेरवालीले कानमा लगाएको सुनको १ तोला बेरुवा रिङ थान २, निधारमा लगाएको सुनको टीका जवरजस्ती चोरी गरी लगेको भन्ने थाहा पायौं । निजहरूलाई कानूनबमोजिम सजाय होस् भन्ने व्यहोराको टेकनाथ गौतम, निर्मल गिरी र चन्द्रकला गिरीको कागज ।

मिति २०७०/५/२१ गते प्रचलित बजार दरभाउबमोजिम सुनको मूल्य प्रति तोला रु. ५९,३००/- रहेको भन्ने व्यहोराको नेपाल सुनचाँदी व्यवसायी संघको पोखराको पत्र ।

मिति २०७०/५/२१ गते राती विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीले जाहेरवालीको मूल्य रु. ५९,३००/- सुनको १ तोलाको बेरुवा रिङ थान २, रु. ७,११६/- पर्ने निधारमा लगाएको १२ लालको सुनको टीका गरी जम्मा रु. ६६,४१६/- पर्ने सुनका गरगहनाहरू प्रतिवादीहरूले मुलुकी ऐन, चोरीको महलको १ नं.

को कसूरमा ऐ. महलको रीत र तरहसँग जवरजस्ती चोरी गरेको पुष्टि हुन आएकोले निजहरूको उमेर १६ वर्ष पुरा नगरेको नाबालक देखिन आएकोले निजहरूलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं. ले हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सजाय गरी बिगो रु. ६६४१६/- चोरीको १०(३) नं. र २१ नं. बमोजिम दामासाहीले प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने मागदाबी ।

उक्त वारदातको मिति २०७०/५/२१ गते म विकास र ईश्वर अमृतको घरमा सुतेर बसेका थियौं । अमृतको बुबा मनबहादुर मानसिक रोगी भएको हुँदा म र विकासलाई सुत्न बोलाएको हुँदा म बेलुकाको खाना खाई करिव ७:३० बजे उसको घरमा गएको थिएँ । त्यहा जादा ईश्वर पनि आएको रहेछ र करिव १० बजेतिर सुतेका हौं । अमृतको बुबा मनबहादुर मानसिक रोगी भएको हुँदा हामीलाई कतिबेला बाहिरबाट चुक्कुल लगाई दिएछन् सो कुरा थाहा भएन । पछि रातको १:३० बजेतिर गाउँका मानिस हल्ला गरी आएको हुँदा थाहा पाएको हौं । त्यसपछि हामी उठ्यौं । एक जना मानिसले चोर भट्यौं भनेर फोन गर्यो । पछि हामीले चोरेको होइनौं भन्दाभन्दै हामीलाई झुठ्ठा आरोप लगाएका हुन् । त्यस्तो चोरी कार्यमा हामी ३ जनाको कुनै संलग्नता छैन, झुठ्ठा अभियोगबाट सफाई पाउनु पर्छ भन्नेसमेत प्रतिवादी राजेन्द्र नेपालीले यस अदालतमा गरेको बयान ।

मसमेत मिली ३ जना भई चोरी गरेको भन्ने व्यहोरा झुठ्ठा हो । म र साथीहरू विकास र राजेश २०७०/५/२० गते राती मनबहादुरको छोरा अमृतको घरमा गई सुतेका हौं । निज अमृतको बाबु मनबहादुर मानसिक अवस्थामा असन्तुलन रहेको र निज अमृतलाई कुट्ने पिट्नेसमेत कार्य गर्ने हुँदा हामी अमृतलाई कुर्न जान्थ्यौं । सो रात पनि कुर्न गएका थियौं । हामी भित्र सुतेको बेला मनबहादुरले बेहोसी अवस्थामा हामीलाई छोरा अमृतलाई कुरी बसेको निहुँमा बाहिरबाट चाँवी लगाई थुनेका रहेछन् । बाहिरबाट चाँवी लगाएको कुरा बाहिरबाट मानिस आएपछि मात्र थाहा पाएका हौं । हामीले चोरी गरेको होइन हातखुट्टा बाँधी चोरी गरेको भन्ने व्यहोरा झुठ्ठा हो भन्नेसमेत प्रतिवादी ईकु भन्ने ईश्वर नेपालीले यस अदालतमा गरेको बयान ।

मसमेत मिली जवरजस्ती चोरी गरेको भन्ने व्यहोरा झुठ्ठा हो । मिति २०७०/५/२० गते बेलुका भात खाई ७ बजेतिर मनबहादुरको घरमा गई अमृतसँग कोठामा म राजेश, ईश्वर, सन्दिप र अमृत भई राती १० बजे सुतेका हौं । राती १ बजेतिर केटाहरू र प्रहरी आई हामीलाई पक्राउ गरी ल्याएका हुन् । पछि किन पक्रेको हो भनी सोध्दा गाउँकै पवित्रा गिरीकोमा चोरी गरेकोले हो । तिमीहरूले नै चोरेको हौ भनी समूहले हाम्रो कुरा नसुनी हामीलाई कुटपिटसमेत गरी ल्याएका हुन् । हामीले चोरी गरेको होइन । देखाएको सल तथा डोरी मेरो होइन । हामीले प्रयोग गरेको भन्ने कुरा झुठ्ठा हो । मिसिल संलग्न अनुसन्धान अधिकारीसमक्ष मलाई बयान पढी बाँची नसुनाई कुटपिट गरी सहिछाप गराएका हुन् । म निर्दोष छु सफाई पाऊँ भन्नेसमेत प्रतिवादी विकास नेपालीले यस अदालतमा गरेको बयान ।

यस अदालतकाअनुसार प्रतिवादी राजेश नेपालीका साक्षी मनमाया नेपाली, प्रतिवादी ईश्वर नेपालीका साक्षी जमुना नेपाली तथा मौकामा कागज गर्ने गोविन्द गिरीले बकेको बकपत्र मिसिल सामेल रहेछ ।

अ.ब. ११५ नं. बमोजिम बुझिएका जाहेरवाली पवित्रा गिरी, मौकामा बुझिएका मानिस गोविन्द गिरी, निर्मल गिरी, शंकर गिरी, हरि गिरीका नाममा जारी भएको म्याद २०७०/१२/२३ गते तामेल भएकोमा निजहरू बकपत्र गर्न नआई गुजारी बसेका रहेछन् ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायधिवक्ता श्री खेमराज पाठक र प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री दिपक शर्मा पौडेलले गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसूर अपराध गरेका हुन्, होइनन् ? सो विषयमा निर्णय दिनु परेको छ ।

निणर्यतर्फ विचार गर्दा प्रतिवादीहरू विकास नेपाली, ईकु भन्ने ईश्वर नेपाली र ज्ञानेन्द्र भन्ने राजेश नेपालीले आफ्नै घरको पिढीमा सुतिरहेकी जाहेरवाली पवित्रा गिरीलाई मोटरसाइकलमा सामान बाँध्ने डोरीले चल्न तथा भाग्न तथा उम्कन नपाउने गरी हातखुट्टा बाँधी बोल्न कराउनसमेत नपाउने गरी रु. ६६,४१६/- वरावरको सुनको रिङ र सुनको टीका जवरजस्ती चोरेको पुष्टि हुन आएकोले निजहरूलाई मुलुकी ऐन, चोरीको महल १४(२) ले हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम सजाय गरी चोरीको बिगो जाहेरवालातर्फ दिलाई भराई पाउन अनुरोध छ भन्नेसमेत अभियोग दाबी रहेकोमा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष चोरी गरेकोमा साबित रही बयान गरे तापनि निज प्रतिवादी राजेन्द्र नेपालीले यस अदालतमा आई बयान गर्दा उक्त वारदातको मिति २०७०/५/२१ गते अमृतको बुबा मनबहादुर मानसिक रोगी भएको हुँदा निज अमृतले सुत्न बोलाएको हुँदा म बेलुकाको खाना खाई करिव बेलुका ७:३० बजे उसको घरमा गएको र करिव १० बजेतिर सुतेका हौं । निज अमृतको बुबाले हामीलाई कति बेला बाहिरबाट चुक्कुल लगाई दिएछन् सो कुरा थाहा भएन । पछि रातको १:३० बजेतिर गाउँका मानिस हल्ला गरी आएको हुँदा चोरी भएको थाहा पाएका हौं । एक जना मानिसले चोर भेट्यौं भनी फोन गर्‌यो । हामीले चोरेको होइनौं भन्दाभन्दै हामीलाई झुठ्ठा अभियोग लगाएका हुन् । हामीले चोरी गरेको होइन भनी प्रतिवादीमध्येका ईकु भन्ने ईश्वर नेपालीले यस अदालतमा बयान गर्दा मसमेत ३ जना चोरी गरेको भन्ने व्यहोरा झुठ्ठा हो । हामी अमृतको बुबा मानसिक रोगी भएको र निज अमृतलाई कुट्ने पिट्ने गर्ने हुँदा निजलाई कुर्न गएको हो । राती निज अमृतको बुबाले बाहिरबाट चुक्कुल लगाई दिएको कुरा बाहिरबाट मानिस आएपछि थाहा पाएका हौं । हामीले चोरी गरेको होइन भनी र अर्का प्रतिवादी विकास नेपालीले बयान गर्दा मसमेत मिली जवरजस्ती चोरी गरेको भने व्यहोरा झुठ्ठा

हो । वारदात भयो भनेको मिति र समयमा म राजेश, ईश्वर, अमृत र सन्दिप भई अमृतको घरको कोठामा सुतेका हौं । हामीले चोरी गरेका होइन, पवित्रा गिरीको घरमा गई तिमीहरूले चोरी गरेका हौ भनी गाउँका केटा र प्रहरी गई हाम्रो कुरा नसुनी हामीलाई कुटपिटसमेत गरी ल्याएका हुन् । हामी निर्दोष हुँदा सफाई पाऊँ भनी लेखाई दिएका र प्रतिवादी ईश्वर नेपालीको साक्षी जमुना नेपालीले यस अदालतमा बकपत्र गर्दा यी प्रतिवादी ईश्वर नेपालीसमेतले यी जाहेरवालीको धनमाल जवरजस्ती चोरी गरेका होइनन्, यी प्रतिवादीले चोरी गरी हिड्ने केटा होइनन् भनी राजेश नेपालीका साक्षी मनमाया नेपालीले यस अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरू विधार्थी हुन्, यिनीहरू चोरी गर्ने केटाहरू होइनन् भनी बकपत्र गरी दिएका र अभियोगपत्रसमेतबाट वारदात घटेको मिति २०७०/५/२१ गते राती करिव १२:०० बजेको समय रहेको र यी प्रतिवादीहरूलाई सोही रातको करिव १:३० बजे गाँउका मानिस तथा प्रहरीसमेत आई एउटै घर कोठामा सुतिरहेको अवस्थामा पक्राउ गरेको देखिन्छ । यदि निजहरूले चोरी गरेको भए सो चोरीको सामान वरामत हुनु पर्नेमा सो वरामत भएकोसमेत देखिँदैन साथै यिनै प्रतिवादीहरूले चोरी गरेको भन्ने चश्मदित गवाहसमेत रहे भएको नदेखिएको जाहेरवाला तथा मौकामा बुझिएका मानिसहरू अदालतमा उपस्थित भई बकपत्र गरी आफ्नो जाहेरी व्यहोरा तथा मौकाको कथनलाई पुष्टि गर्न बकपत्र गर्नु पर्नेमा निजहरूको नाउँमा अ.ब. ११५ नं. बमोजिम म्याद जारी गर्दासमेत उपस्थित नभई म्यादै गुजारी बसेको देखिँदा प्रस्तुत घटना वारदात शङ्कारहित तवरले पुष्टि हुन नसकेकोले शङ्काको भरमा यी प्रतिवादीहरूले चोरी गरेका हुन् भन्ने निश्कर्षमा पुग्न सकिएन ।

अतः यी प्रतिवादीहरूले आरोपित कसूर गरेको पुष्ट्याई हुने आधार प्रमाणको अभावमा फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउने नै हुँदा यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

प्रतिवादी ज्ञानेन्द्र भन्ने राजेश नेपाली ईकु भन्ने ईश्वर नेपाली र विकास नेपालीके माथि इन्साफ खण्डमा लेखिएबमोजिम अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले निजहरू तारेखमा रहेको हुँदा केही गरिरहनु परेन १

प्रतिवादीलाई यो फैसला पढी बाँची सुनाई फैसला सुनी पाएको कागज गराई निस्सा मिसिल सामेल राख्नु २

अभियोगपत्र साथ दाखिल भई यस अदालतको जि.ध.नं. ३१७ मा आम्दानी बाँधिएको डोरी र सल यो यसैको हो भन्ने खुल्न नआएकोले मुद्दाको अन्तिम टुङ्गो लागेपछि कानूनबमोजिम लिलाम गर्नु ३

फैसलाको प्रतिलिपि साथै राखी यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा लेखी पठाई दिनु ४

नक्कल माग गर्ने सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल दिनु ५

यो मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत, पोखरामा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ६

फाँटवालाः ना. सु. रामप्रसाद न्यौपाने ।
फैसला टिपोट गरी टाइप गराउने डि. कमलप्रसाद पौडेल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल बैशाख महिना २५ गते रोज ५ शुभम् .....।

उदयपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री भोजराज शर्मा

फैसला

२०७० सालको स.फौ.र.नं.CR-०१००

निर्णय नं.:३८५

मुद्दाः जवरजस्ती चोरी ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ८ बस्ने वर्ष ४८ की विष्णुदेबी गुरुङको जाहेरीले वादी नेपाल सरकार १	बाबुराम गुरुङको छोरा, जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ८ बस्ने वर्ष १५ को बिजय गुरुङ १
वादीको	प्रतिवादीको
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यः

मिति २०७०/११/२० गते अं. १५:०० बजेको समयमा घरमा भएको दराज फोडी दराजमा भएको २ तोलाको सुनको छड्के तिलहरी, १ तोला सुनको बाला र नगद तथा सिक्काहरू मेरो छोरा बिजय गुरुङले लिई फरार भएको हुँदा निज छोराको खोजतलास गरिपाऊँ भन्ने बिष्णुदेबी गुरुङको निवेदन ।

जिल्ला सर्लाही, कर्मैया गा.वि.स., वडा नं. ४ स्थित पूर्व र पश्चिममा पूर्व पश्चिम लोकमार्ग, उत्तरमा ई.प्र.का. कर्मैयाको कार्यालय भवन, दक्षिणमा खाली जग्गा । यति चारकिल्लाभित्र पूर्वबाट पश्चिमतर्फ

जादै गरेको ना.४ ख. ८१४५ नं. को गंगासागर बस चेकजाँच गर्दा जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ८ बस्ने वर्ष १५ को बिजय गुरुङलाई फेला पारी निजको शरीर तलासी लिदा Yestel कम्पनीको सेतो मोवाइल सेट थान १, Indicom कम्पनीको कालो रंगको सिमसहितको मोवाइल सेट थान १, नेपाली रु. १० दरले सिक्का थान ९, रु. ५/- दरको सिक्का थान ७७, रु. २/- दरको सिक्का थान २६०, नेपाली रुपैयाँ कागजको रु. १०००/- दरको थान ९, रु. २०/- दरको थान ७, रु. ५/- दरको थान ५३, सुन जस्तो देखिने पहेलो धातुको पोतेसहितको तिलहरी थान १, सुनको जस्तो पहेलो धातुको बालाको टुक्रा थान, The north face लेखिएको कालो रंगको झोला थान १, रुजल ज्वेलर्स गाइघाट-२ लेखिएको सुनको बिल थान २ गरी जम्मा नगद रु. १०,६३५/- वरामत गरेको ठीक साँचो हो भन्ने खानतलासी वरामती मुचुल्का ।

मिति २०७०/११/२० गते अं. १४:०० बजेको समयमा जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं ८ बगाहास्थित जाहेरवाला विष्णुदेबी गुरुङको घरमा जाहेरवाला नभएको अवस्थामा निजकै छोरा बिजय गुरुङले घर कोठाको दराज फोरी दराजभित्र रहेको २ तोलाको सुनको छड्के तिलहरी रु. १,१२०००/- पर्ने, सुनको बाला १ तोलाको रु. ५६,०००/- पर्ने र नगद तथा सिक्का गरी जम्मा रु. १,९३,०००/- चोरी गरी लगी फरार भएको हुँदा कारवाही गरिपाऊँ भन्ने बिष्णुदेबी गुरुङको जाहेरी दरखास्त ।

जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ८ बगाहास्थित बिष्णुदेबी गुरुङको पक्की एकतले घरको उत्तरपट्टिको कोठामा बेड ओछ्यानसहितको खाँट, दुई वटा टेवुल, दुई वटा दराज रहेको सोमध्ये दक्षिणपट्टिको स्टिल दराजको चाँबी खोली मिति २०७०/११/२० गते अं. १४:०० बजेको समयमा बिजय गुरुङले सुनका गरगहना, नगद तथा सिक्काहरू चोरी गरी लेगेको भन्ने घटनास्थल मुचुल्का ।

मिति २०७०/११/२० गते म आफ्नै घरमा थिएँ । मेरी आमा जाहेरवाली बिष्णुदेबी गुरुङले मलाई घरमा बस्दै गर, म गाइघाट पुगेर आउछु भनी जानु भएको मौका पारी ढोकाको चाँबी मसँग नै भएकोले घरको ढोका फोडी खोली घरभित्र प्रवेश गरी घर कोठाको काठको दराज खोल्दा उक्त दराजमा सिक्का पैसा र स्टिल दराजको चाँबी भेटी स्टिल दराज खोली हेर्दा नगद रु. १५,०००/- र हरियो पोतेसहितको सुनको छड्के तिलहरी, सुनको बालासमेत फेला पारी उक्त सुन तथा नगद लिई लहान आई मिति २०७०/११/२१ गते काठमाडौं जाने बसमा चढी जादै गर्दा कर्मैयाका प्रहरीले गाडी रोकी चेकजाँच गर्दा मेरो साथबाट वरामदी मुचुल्कामा उल्लेखित सुनका गरगहना, नगद तथा सिक्काहरू फेला पारी वरामद गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी बिजय गुरुङको बयान कागज ।

जाहेरीमा उल्लेखित वारदात मिति, समय र स्थानबाट प्रतिवादी बिजय गुरुङले निजकै आमा जाहेरवाली बिष्णुदेबी गुरुङको दराजमा राखेको सुनको गरगहना नगद तथा सिक्काहरू चोरी गरी लगेको भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको रुद्रबहादुर श्रेष्ठसमेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

सुनको छड्के तिलहरीको अन्दाजी तौल नौ आना रु. ३१७८१/२५ र सुनको बाला ३ टुक्राको तौल ११ आना रु. ३८८४३/७५ पर्ने र बजार भाउ प्रति तोला रु. ५९५००/- रहेको भन्ने सुनचाँदी व्यवसायी संघको पत्र ।

प्रतिवादी बिजय गुरुङले जाहेरवालाको घरको ढोका फोडी खोली दराज फोडी खोली सुनको गरगहना, नगद तथा सिक्का गरी जम्मा रु. ८१,२६०/- वरावर धनमाल नकवजनीको रीत व्यहोरासँग चोरी गरी मुलुकी ऐन, चोरी महलको १ र ३ नम्बरबमोजिम कसूर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई उक्त कसूरमा सोही ऐनको १४(१) नं. बमोजिम सजाय हुन तथा सोही ऐनको २१ नं. बमोजिम चोरी भई वरामत हुन आएको धनमाल जाहेरवालालाई फिर्ता दिलाई भराई दिन तथा प्रतिवादी विजय गुरुङको जन्ममिति २०५५/१/१० मा भएको भन्ने मिसिल सम्लग्न जन्मदर्ताको प्रमाणपत्र प्रतिलिपिबाट देखिँदा निज हाल निजको उमेर १५ वर्ष भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम कारवाही तथा सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

मिति २०७०/११/२० गते मेरो ममी गाइघाट बजार जानु भएको मौका पारी मैले दराजको चावी खोली वरामदी जाहेरीमा उल्लेखित समानहरू चोरी बसमा चढी विराटनगर जाने गाडीमा लाहानसम्म गएँ । लाहानमा झोला किनेर काठमाडौं जाने गाडीमा चढेर जादै गर्दा सर्लाहीमा पुग्दा प्रहरीले गाडी रोकी खानतलास गर्दा मलाई पक्राउ गरेको हो । घरको सामान मैले चोरेको हुँ अरु कोही पनि यसमा सहभागी छैन । मैले अन्जानमा घरको सामान चोरेको हुँदा र अब आइन्दा यस्तो कार्य नगर्ने हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बिजय गुरुङले यस अदालतमा गरेको बयान ।

आदेशानुसार जाहेरवाला र प्रतिवादीका साक्षीको बकपत्र भई मिसिल सामेल रहेको रहेछ ।

अदालतको राय ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा हेर्ने अधिकारक्षेत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. ले यसै अदालतको भएकोले मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जि.न्या.व. श्री नारायणबहादुर थापाले र निज प्र.को तर्फबाट वैतनिक अधिवक्ता श्री भक्तबहादुर दनुवारले गर्नु भएको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीले जाहेरवाला नगद तथा जिन्सि सामान चोरी गरेका हुन् हैनन् र निजलाई सजाय हुने नहुने के रहेछ ? सो विषयमा नै निणर्य दिनु पर्ने देखिन आयो ।

यसमा यी प्रतिवादीले जाहेरवाली बाहिर गएको मौका छोपी चाँबीले घरको ढोका खोली भित्र पसी दराज खोली दराजभित्रको जम्मा रु. ८,१२६०/- वरावरको धनमाल चोरी गरेको सो कुरा स्वयं यी पीडकले अदालतमा बयान गर्दा स्वीकार गरेको र निजबाट चोरीको सो धनमाल वरामत भई जाहेरवालीले फिर्ता

बुझि लिइसकेकोसमेत देखियो । चोरी गर्दाको प्रकृति हेर्दा नकवजनीको रीतले नभई साधारण चोरीका रीतले चोरी गरेको देखियो । पीडितको उमेर १५ वर्षको भन्ने भई वादी पक्षले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं बमोजिम सजाय हुन मागदाबी लिएको देखियो । सोबमोजिम सजाय गर्नु पर्दा निजलाई ऐ. चोरीका १२ नं. बमोजिम हुने एक महिनाको आधा १५ दिनमात्र सजाय हुने र नाबालक हुँदा आर्थिक दण्ड नहुने ठहर्छ । निज कैद दिन १५ हिरासतमा बसिसकेकोले सो सम्बन्धमा केही गरी रहनु नपर्ने ठहर्छ । सो ठहर्नाले अरु कुरामा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम आज यो मुद्दा फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी बिजय गुरुङके माथि इन्साफ खण्डमा लेखिएबमोजिम निजले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले केहि गरिरहनु परेन १

उक्त इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का., उदयपुरलाई पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले नक्कल मागे ऐन नियमको रीत पुर्‍याई नक्कल दिनु ३

प्रस्तुत मुदाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ४

श्री माननीय जिल्ला न्यायाधीशज्यूले टिपाएबमोजिम फैसला तयार गर्ने ना.सु. कृष्णप्रसाद ढुङ्गाना ।
फाँटः (क)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल जेठ ५ गते रोज २ शुभम् .....।

धादिङ जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रमेशराज पोखरेल

फैसला

२०७० सालको बालबिज्याँई दर्ता नं. ०७०-CR-००८५

कोड नं. ४६-०७०-००८५

दर्ता मितिः २०७०/११/१३

निर्णय नं.: ३३२

मुद्दा : जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ १(ठ) को जाहेरीले
नेपाल सरकार १

ऐ. को साक्षीः जाहेरवाला र प्रहरीमा कागज गर्ने मानिसहरू
देख्नेः ×
सुन्नेः ×

प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ १(त) १

ऐ. को साक्षीः
राममाया चेपाङ र कबिराम चेपाङ
प्रमाण कागजः ×
कागज प्रमाणः ×

अदालतबाट बुझेको
जाहेरवालाः परिवर्तित नाम धादिङ १(ठ)
साक्षीः
जाहेरवालाः परिवर्तित नाम धादिङ १(त)
देख्नेः ×
सुन्नेः यमप्रसाद लुइटेल, सम्झना अर्याल
प्रमाण कागजः समाजसेबीबाट प्रतिवेदन पेश भएको ।

कानून व्यवसायी
बादीका तर्फबाटः सरकारी वकिल कार्यालय, धादिङका सहायक जिल्ला न्यायाधिवक्ता श्री बद्रिप्रसाद नेपाल १

प्रतिवादीका तर्फबाट : अधिवक्ता दुर्गाप्रसाद तिवारी १

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(३) र (४) र अ.ब. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत दायर रहेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०७०/१०/१६ गते राती जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७, गडीडाँडास्थित छाप्रोमा रामेश्वर चेपाङको जहान परिवार, प्रतिवादी परिवर्तित नाम धादिङ १(त) र मेरो छोरी पीडित परिवर्तित नाम धादिङ १(ट) सुतिरहेको अवस्थामा प्रतिवादी धादिङ १(त) ले पीडित छोरी सुतिरहेको अवस्थामा प्रतिवादी धादिङ १(त) पीडित छोरी सुतिरहेको अवस्थामा कुर्ता सुरुवाल खोली पछाडिबाट जवरजस्ती करणी गरेपछि छोरीलाई देखी ब्युझिएपछि निजले छोडी गएका हुन् । निज प्रतिवादीले मेरो छोरीलाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको जाहेरी दरखास्त ।

वारदातपश्चात् फरार रहेका प्रतिवादी परिवर्तित नाम धादिङ १(त) लाई मलेखुस्थित फेला पारी पक्राउ गरी यसै प्रतिवेदन साथ पेश गरेको छु कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको प्रतिवेदन ।

मेरो नाम, थर, गोप्य राख्नु पर्छ भन्ने व्यहोरासमेतको पीडितले गरिदिएको मञ्जुरीनामा कागज ।

जाहेरवाला र पीडितको नाम, थर गोप्य राखी परिवर्तन गरी मिसिल अध्ययन गर्न पीडितको नाम धादिङ १(ट) र पीडितको अभिभावक जाहेरवालाको धादिङ १(ठ) नाम राख्ने गरी खडा गरेको निर्णय पर्चा ।

पीडक र पीडितलाई जवरजस्ती करणीसम्बन्धी परीक्षणको लागि यसै पत्रसाथ पठाइएको भन्ने व्यहोरासमेतको पत्र ।

म जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडा भन्ने स्थानमा मामा रामेश्वर चेपाङको बनाउदै गरेको घरमा काम सघाउँन भनी गई कामकाज गर्दै आएकोमा मिति २०७०/१०/१६ गतेको राती तत्काल बस्न बनाएको छाप्रोमा म मामा रामेश्वर चेपाङको जहान परिवार, प्रतिवादी परिवर्तित नाम धादिङ १(त) सुतिरहेको अवस्थामा प्रतिवादीले म निदाएको अवस्थामा मेरो कुर्ता सुरुवाल खोली पछाडि मलद्वारबाट आफ्नो सु गर्नेले भित्रबाहिर गराई करणी गरेपछि मलाई दुखी ब्युझिदा निजले छोडी गएको हुन् भन्ने व्यहोरासमेतको पीडित परिवर्तित नाम धादिङ १(ट) को कागज ।

पीडित परिवर्तित नाम धादिङ १(ट) को It cannot be definitely said that sexual intercourse has occurred with or without ejaculation भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

पीडक परिवर्तित नाम धादिङ १(त) को It cannot be definitely said that sexual intercourse has occurred with or without ejaculation भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं.७ गडीडाँडा भन्ने स्थानस्थित पूर्व पश्चिम बारी, उत्तर हस्तबहादुर तामाङको कच्ची घर, दक्षिणमा बारी । यति चारकिल्लाभित्र रामेश्वर चेपाङको जस्ताले बारेको छाप्रो रहेको, उक्त छाप्रोभित्र मिति २०७०/१०/१६ गते राती पीडित परिवर्तित नाम धादिङ १(ट) लाई प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले सुतिरहेको अवस्थामा लुगा खोली जवरजस्ती करणी गरेको भनिएको भन्ने व्यहोरासमेतको घटनास्थल मुचुल्का ।

मिति २०७०/१०/१६ गते राती जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडास्थित छाप्रोमा परिवर्तित नाम धादिङ १(त) ले पीडित परिवर्तित नाम धादिङ १(ट) लाई सुतिरहेको अवस्थामा लुगा खोली पछाडिबाट जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हो भन्ने व्यहोरासमेतको सम्झना अर्यालसमेतले गरिदिएको घटना विवरण कागज ।

जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं.७ गडीडाँडा भन्ने स्थानस्थित रामेश्वर चेपाङको बन्दै गरेको घरमा मजदुरीको काम गर्न भनी म कामकाज गरी तत्काल बस्नको लागि बनाएको छाप्रोमा सुत्ने बस्ने गर्दै आएको थिए । मिति २०७०/१०/१६ गतेका दिन राती उक्त छाप्रोमा म रामेश्वर चेपाङको जहान परिवार र पीडित परिवर्तित नाम धादिङ १(ट) सुतिराखेको अवस्थामा पीडित आई म सुतेको ठाउँमा सुतेकाले मलाई करणी गर्न मन लागी निज कोल्टो परी सुतेको अवस्थामा निजको सुरुवाल खोली मैले आफ्नो लिङ्ग निकाली निजको दिशा गर्ने ठाउँमा दलेको हुँ । दल्दा निज ब्युझिएपछि भागेको हुँ भन्ने व्यहोरासमेतको प्रतिवादी परिवर्तित नाम धादिङ १(त) को बयान ।

नाबालक पीडकको नाम, थर, वतन गोप्य राखी परिवर्तन गरी मिसिल अध्ययन गर्न निजको नाम धादिङ १(त) राख्ने गरी खडा गरेको निर्णय पर्चा ।

मिति २०७०/१०/१६ गतेका दिन तत्काल बस्नको लागि बनाएको छाप्रोमा म मेरो श्रीमती, छोराछोरीहरू पीडित परिवर्तित नाम धादिङ १(ट) र प्रतिवादी परिवर्तित नाम धादिङ १(त) सुतिरहेको हुँ । उक्त राती म मस्त निन्द्रामा भएको हुँदा राती केही थाहा पाएन । उक्त राती पीडितलाई प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले पछाडिबाट जवरजस्ती करणी गरेको भन्ने कुरो सुनी थाहा पाएको हो भन्ने व्यहोरासमेतको रामेश्वर चेपाङले गरिदिएको कागज ।

प्रतिवादी परिवर्तित नाम धादिङ १(त) को नाउँ र निजको एकाघरको सदस्यको नाउँमा के कहाँ के कति जग्गा जमिन छ श्रेस्तासमेत उतार गरी पठाई दिन हुन भनी मालपोत कार्यालय, धादिङलाई लेखेको पत्र ।

घटना सम्बन्धमा कागज गर्ने प्रयोजनको लागि जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं.७ बस्ने रामेश्वर चेपाङको श्रीमती तथा छोरीसमेतलाई उपस्थित गराउन र पीडक र पीडितको उमेर खुल्ने कागजातहरूसमेत प्राप्त गरी पेश गर्न हुन भनी खटाई पठाएको पत्र ।

घटना सम्बन्धमा कागज गर्ने प्रयोजनको लागि जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं.७ बस्ने रामेश्वर चेपाङको श्रीमती तथा छोरीसमेतलाई उपस्थित गराउन मलाई यस कार्यालयको पत्रसाथ खटाई पठाएकोमा खटिई गई निज रामेश्वर चेपाङको परिवारको बारेमा बुझ्दा निजहरू काम विशेषले घरभन्दा बाहिर गएको भन्ने निजहरूको घर परिवार तथा छरछिमेकबाट बुझिन आएको र पीडक र पीडितको उमेर खुल्ने जन्मदर्ता निजहरूको आफन्तसँग माग्दा जन्मदर्ता बनाएको छैन र निज पीडितको उमेर १२ वर्ष र पीडकको उमेर १४ वर्ष भएको छ भनेर निजहरूको आफन्तले मौखिक जानकारी गराएको हुँदा सोही व्यहोराको प्रतिवेदन लेखी पेश गरेको छु कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको प्रहरी प्रतिवेदन ।

यसमा हाल सङ्कलित भई आएका कागजातहरू जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, निर्णय पर्चा पीडितको कागत, परीक्षण प्रतिवेदन, घटनास्थल प्रकृतिक मुचुल्का, घटना विवरण कागज, प्रतिवादीको बयानसमेतका कागजातहरू अध्ययन गरी हेर्दा प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले मिति २०७०/१०/१६ गतेका दिन जाहेरवालाको छोरी पीडित परिवर्तित नाम धादिङ १(ट) लाई जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडा भन्ने स्थानस्थित छाप्रोमा सुतिराखेको अवस्थामा पछाडि मलद्वारको भागबाट जवरजस्ती करणी गरेको वारदात सप्रमाण पुष्टि हुन आयो ।

अब को कस्ले, के कसरी, के कस्तो परिवन्दमा पारी नाम परिवर्तित धादिङ १(ट) लाई जवरजस्ती करणी गरेका रहेछन् ? त्यस्तो कार्य गर्ने प्रतिवादीउपर के, कुन कानूनअनुसार मागदाबी लिई अभियोगपत्र पेश गर्ने त ? भनी प्राप्त सक्कल मिसिल अध्ययन गरी हेर्दा मिति २०७०/१०/१६ गतेका राती जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडास्थित छाप्रोमा रामेश्वर चेपाङको जहान परिवार, प्रतिवादी र मेरो छोरी पीडित धादिङ १(ट) सुतिरहेको अवस्थामा प्रतिवादी धादिङ १(त) ले पीडित छोरी सुतिराखेको अवस्थामा कुर्ता सुरुवाल खोली पछाडिबाट ज.क. गरेपछि छोरीलाई दुखी ब्युझिदा छोडी गएका हुन् । निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भनी पीडितको बाबुको जाहेरी परेको, मामाको घरमा काम सघाउँन भनी गएको मिति २०७०/१०/१६ गते तत्काल बस्न बनाएको छाप्रोमा मामा रामेश्वर चेपाङको जाहान परिवार र प्रतिवादी धादिङ १(त) सुतिरहेको अवस्थामा प्रतिवादीले म निदाएको अवस्थामा मेरो कुर्ता सुरुवाल खोली पछाडि मलद्धारबाट आफ्नो सु गर्नेले भित्रबाहिर गराई करणी गरेपछि मलाई दुखी ब्युँझिदा छोडी गएको हो भन्नेसमेत व्यहोराको कागज ।

It cannot be definitely said that sexual intercourse has occurred with or without ejaculation भन्ने पीडितको शारीरिक परीक्षण रिपोर्ट, घटनास्थल चारकिल्ला ठीक छ भन्नेसमेत व्यहोराको मुचुल्का,

नाम परिवर्तित धादिङ १(ट) सुतिरहेको अवस्थामा पछाडिबाटै जवरजस्ती करणी गरेको हो भन्ने सुनी थाहा पाएको हो भन्नेसमेत व्यहोराको सम्झना अर्याललले गरिदिएको कागज, रामेश्वर चेपाङको घर बनाउने काममा मजदुरी गर्न आई निजले तत्काल बस्नलाई बनाएको छाप्रोमा मिति २०७०/१०/१६ गतेका दिन म राती म, रामेश्वर चेपाङकै परिवार, पीडित धादिङ १(ट) सुतिराखेको अवस्थामा पीडित आई म सुतेको ठाउँमा सुतेकीले मलाई करणी गर्न मन लागी निज कोल्टो परी सुतेको अवस्थामा सुरुवाल खोली आफ्नो लिङ्ग निजको दिशा गर्ने ठाउँमा दलेको हुँदा निज ब्युँझिएपछि भागेको हुँ भन्नेसमेत व्यहोराको अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी धादिङ १(त) ले गरेको बयान, उक्त राती म मस्त निन्द्रामा थिएँ, राती केही थाहा भएन, पीडितलाई प्रतिवादीले पछाडिबाट जवरजस्ती करणी गरेको हो भन्ने सुनेको हुँ भन्नेसमेत व्यहोराको रामेश्वर चेपाङको कागज, घटनाको सम्बन्धमा घटनास्थलतर्फ जादा रामेश्वर चेपाङ र निजका परिवारहरूसमेत काम विशेषले घरभन्दा बाहिर गएको, पीडितको उमेर १२ वर्ष र पीडकको उमेर १४ वर्ष भएको मौखिक जानकारी भएको, पीडक र पीडितको जन्मदर्ता नै गरिएको छैन भन्ने बुझिएको भन्नेसमेत प्रहरी प्रतिवेदनबाट वारदात भएकै रहेछ भन्ने थप पुष्टि हुन आयो ।

अव उपरोक्त आधार प्रमाणबाट प्रतिवादी धादिङ १(त) ले मिति २०७०/१०/१६ गते राती रामेश्वर चेपाङले घर बनाउन भनी तत्काल बस्न बनाएको छाप्रोमा प्रतिवादी धादिङ १(त) पीडित, पीडिक पीडितका परिवार सुतिरहेकै अवस्थामा पीडित धादिङ १(ट) लाई पछाडि मलद्वारमा धादिङ १(त) ले जवरजस्ती करणी गरेको कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नम्बरले परिभाषित ऐ. महलको ३(२) नं. र ९(क) नं. ले कसूरजन्य कार्य भए गरेको देखिँदा निज प्रतिवादीलाई सोहि महलको ३(२) र ९(क) नं. अनुसार सजाय गरी ऐ. महलको १० नं. अनुसार क्षतिपूर्ति दिलाई भराई पाउन अनुरोध छ । साथै प्रतिवादी नाम परिवर्तित धादिङ १(त) को उमेर जाहेरीमा १७ वर्ष उल्लेख भए तापनि निजको बयान र प्रहरी प्रतिवेदनसमेतबाट १४ वर्ष भनी उल्लेख भई आएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षित हुने हुँदा सोहीअनुसार हुन अनुरोध छ भन्ने अभियोगपत्र ।

मिति २०७०/१०/१६ गते राती मामा पर्ने रामेश्वरको घरमा बेलुका खाना खाई सुतेको हो । म सुतेको ठाउँमा परिवर्तित नाम धादिङ १(ट) पनि सँगै सुत्न आएको आएको थियो । सँगै नसुत भन्दाभन्दै नमानी मसँग सुतेको हो । सो दिन निजलाई मैले केही गरिन । त्यसपछि एक्कासी ८ दिनपछि मलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले पक्राउ गरी लगेपछि सोधपुछ गर्दा मैले केही गरेको छैन भनेको थिए । त्यसपछि मलाई जिल्ला प्रहरी, धादिङमा ल्याएको हो भन्ने प्रतिवादी नाम परिवर्तित धादिङ १(त) ले यस अदालतमा गरेको बयान ।

मेरो छोरी परिवर्तित नाम धादिङ १(ट) लाई प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले सुतिरहेको अवस्थामा पछाडि मलद्वारमा करणी गरेको भनी मलाई छोरीले भनेपछि थाहा भयो । सो समयमा म आफ्नै

घर गोगनपानी ७ मा थिए । मलाई पीडित छोरी परिवर्तित नाम धादिङ १(ट) ले भनेपछि थाहा पाएको हुँ भन्ने जाहेरवाला परिवर्तित नाम धादिङ १(ठ) ले यस अदालतमा गरेको बयान ।

पीडित परिवर्तित नाम धादिङ १(ट) लाई नाम परिवर्तित धादिङ १(त) ले रामेश्वर चेपाङको छाप्रोमा जवरजस्ती करणी गरेको हो । सो यी पीडित नानीले भनेपछि थाहा पाएको हुँ भन्ने वादी पक्षको साक्षी यमप्रसाद लुइटेलले यस अदालतमा गरेको बकपत्र ।

प्रहरीसमक्ष मैले गरेको कागजको व्यहोरा ठीक छ भन्ने पीडित परिवर्तित नाम धादिङ १(ट) ले यस अदालतमा गरेको बकपत्र ।

पीडित परिवर्तित नाम धादिङ १(ट) लाई नाम परिवर्तित धादिङ १(त) ले रामेश्वर चेपाङको छाप्रोमा जवरजस्ती करणी गरेको हो । राती अन्दाजी ९-१० बजेको समयमा घटना भएको हो भन्ने वादी पक्षको साक्षी सम्झना अर्याललले यस अदालतमा गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएको विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री बद्रीप्रसाद नेपालको बहस र प्रतिवादीको तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री दुर्गाप्रसाद तिवारीको बहससमेत सुनी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई सजाय गरिपाऊँ भन्ने वादी पीडितसँग सुतेको हो भन्ने प्रतिवादीको बयान भएको प्रस्तुत मुद्दामा मिसिल अध्ध्यन गरी निम्न प्रश्नहरूको निरुपण गरी निर्णय दिनु पर्ने देखियो ।

(१) पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको हो होइन ?

(२) प्रतिवादीलाई सजाय गर्नु पर्ने हो होइन, सजाय भए के कति गर्नु पर्ने हो ?

पहिलो प्रश्नतर्फ विचार गर्दा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको दफा ३(२) नं. र ९(क) नं. बमोजिम सजाय गरिपाऊँ भनी अभियोग मागदाबी भएको । जाहेरवालाले जाहेरी दरखास्त दिँदा मिति २०७०/१०/१६ गते बेलुका मेरी छोरी परिवर्तित नाम धादिङ १(ट) लाई प्रतिवादी परिवर्तित नाम धादिङ १(त) पछाडिबाट मलद्वारमा जवरजस्ती करणी गरेको कुरा पीडित छोरीले भनेको हुँदा प्रतिवादीलाई सजाय गरिपाऊँ भनी जाहेरी दरखास्त दिएको देखियो ।

पीडितले प्रहरीसमक्ष कागज गरी दिँदा जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडा भन्ने स्थानमा मामा रामेश्वर चेपाङको बनाउदै गरेको घरमा काम सघाउँन भनी गई कामकाज गर्दै आएकोमा

मिति २०७०/१०/१६ गते राती तत्काल बस्न बनाएको छाप्रोमा म, मामा रामेश्वर चेपाङको जाहान परिवार र प्रतिवादी परिवर्तित नाम धादिङ १(त) सुतिरहेको अवस्थामा प्रतिवादीले म निदाएको अवस्थामा मेरो सुरुवाल खोली पछाडि मलद्वारबाट आफ्नो सु गर्नेले भित्रबाहिर गराई करणी गरेपछि मलाई दुखी ब्युँझिदा निजले छोडी गएको हुन् भनी पीडित परिवर्तित नाम धादिङ (ट) ले कागज गरी दिएको र प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जिल्ला धादिङ, गोगनपानी गा.वि.स., वडा नं. ७ गडीडाँडा भन्ने स्थानस्थित रामेश्वर चेपाङको बन्दै गरेको घरमा मजदुरीको काम गर्न भनी म आई कामकाज गरी तत्काल बस्नको लागि बनाएको छाप्रोमा सुत्ने बस्ने गर्दै आएको थिए । मिति २०७०/१०/१६ गतेका दिन राती उक्त छाप्रोमा म, रामेश्वर चेपाङको जहान परिवार र पीडित परिवर्तित नाम धादिङ १(ट) सुतिराखेको अवस्थामा पीडित आई म सुतेको ठाउँमा आई सुतेकाले मलाई करणी गर्न मन लागी निज कोल्टो परी सुतेको अवस्थामा निजको सुरुवाल खोली आफ्नो लिङ्ग निकाली निजको दिशा गर्ने ठाउँमा दलेको हुँ । दल्दा निज ब्युँझिएपछि भागेको हुँ भनी कसूर अपराध स्वीकार गरी प्रतिवादी परिवर्तित नाम धादिङ १(त) ले बयान गरेको र निजले यस अदालतमा आई बयान गर्दासमेत मिति २०७०/१०/१६ गते राती रामेश्वर चेपाङको घरमा पीडितसँगै सुतेको हो भनी साबिती भई बयान गरेको देखिन्छ । मौकामा कागज गर्ने पीडित परिवर्तित नाम धादिङ १(ट) ले यस अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले मलाई जवरजस्ती करणी गरेको हो । मैले प्रहरीमा गरिदिएको कागज व्यहोरा ठीक छ भनी लेखाई दिएको र जाहेरवाला एवं घटना प्रकृति मुचुल्कामा बस्ने यमप्रसाद लुइटेल र सम्झना अर्यालले यस अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो भनी मौकामा दिएको जाहेरी दरखास्तको व्यहोरा एवं गरिदिएको मुचुल्काको व्यहोरासमेतलाई समर्थन हुने गरी बकपत्र गरी दिएको देखिएको ।

पीडितको उमेर निजले बकपत्र गर्दा १२ वर्षको भनी लेखाई दिएको देखिएको र जवरजस्ती करणी मुद्दामा पीडितले गरिदिएको कागज व्यहोरालाई मुख्य प्रमाणको रुपमा ग्रहण गर्नु पर्ने हुँदा मिसिल संलग्न प्रमाणको आधारबाट यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(२) नं. र ९(क) नं. बमोजिम कसूर अपराध गरेको पुष्टि हुन आयो ।

दोश्रो प्रश्नतर्फ विचार गर्दा यी प्रतिवादीलाई के कति सजाय गर्नु पर्ने हो भनी हेर्दा जाहेरवालाले जाहेरी दिँदा यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएको र पीडितले कागज गर्दासमेत प्रतिवादीले पछाडिबाट जवरजस्ती करणी गरेको हो भनी किटानी साथ लेखाई दिएको र सोही व्यहोरालाई समर्थन हुने गरी यस अदालतमा आई बकपत्र गरी दिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकार ीसमक्ष बयान गर्दा पीडितसँगै सुतेकोमा करणी गर्न मन लागी पीडितको सुरुवाल फुकाली पछाडिबाट करणी गरेको हुँ भनी साबिती भई बयान गरेको र निजले यस अदालतमा आई बयान गर्दासमेत पीडित मसँगै सुतेको हो भनी साबिती भई बयान गरेको र पीडित जाहेरवाला, एवं घटना विवरण कागज गर्ने मानिसहरूले बकपत्र गर्दासमेत मौकामा गरिदिएको कागज व्यहोरालाई स्वीकार गरी बकपत्र गरेको देखिँदा

यी प्रतिवादी परिवर्तित नाम धादिङ १(त) को वर्ष १५ को भनी Department of Forensic Medecine को पत्रबाट खुली आएको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले जवरजस्ती करणी महल ३(२) नं. बमोजिम हुने सजायको आधा चार वर्ष कैद र ९(क) नं. बमोजिम थप हुनेको आधा ६ महिनासमेत चार वर्ष ६ महिना कैद हुने ठहर्छ । साथै निजबाट पीडितले क्षतिपूर्तिबापत रु. १०,०००/- भराई पाउनेसमेत ठहर्छ । सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी आज यो मुद्दा अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी नाम परिवर्तित धादिङ १(त) के माथि इन्साफ खण्डमा लेखिएबमोजिम ४ (चार) वर्ष ६ (छ) महिना कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७०/१०/२० बाट प्रहरी हिरासतमा रही हालसम्म बाल सुधार गृह, भक्तपुरमा रहेको देखिँदा सोही मितिबाट लागू हुने गरी मिति २०७५/४/१९ गतेसम्म कैदमा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०७५/४/२० गते छाडी दिनु भनी तहसिल फाँटमा लगत दिनु १

पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत रु. १०,०००/- भराई पाउने ठहरी फैसला भएकोले मुद्दा अन्तिम भएपछि प्रतिवादीको यसै सरदहको जायजेथा देखाई दरखास्त गर्न आए कानूनबमोजिम गरी भराई दिनु भनी तहसिल फाँटमा लगत दिनु २

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीका नाममा जारी हुने पुनरावेदनको म्याद निजलाई बुझाई दिनु भनी बाल सुधार गृह, भक्तपुरमा पठाई दिनु र फैसला भएको जानकारी श्री जिल्ला सरकारी वकिल कार्यालय, धादिङलाई दिनु ३

सरोकारवालाले यो फैसलासहित कागजातको नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी दिनु ५

यो फैसला विद्युतिय माध्यमबाट अपलोड गरी पीठमा जनाउनु ६

यो मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत, पाटनमा पठाउने गरी मिसिल शाखामा बुझाई दिनु ७

श्री माननीय जिल्ला न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम कम्प्युटर टाइप गर्ने डि. कृष्णकुमार श्रेष्ठ । फाँटवाला ना.सु. प्रदिपकुमार राई ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ..... ।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

सम्वत् २०७० सालको स.फौ.नं. ३२२/२९१

निर्णय नं: ४२३

०७०-CR-०१०५

मुद्दा: जवरजस्ती करणी।

वादी	प्रतिवादी
परिवर्तितत जिल्ला ४१, हेम्जा गा.वि.स., वडा नं. २ बस्ने हाल नाम परिवर्तित तारा वि.क.को जाहेरीले नेपाल सरकार १	म्याग्दी जिल्ला, कुइने मङ्गले गा.वि.स., वडा नं. ७ बस्ने रि बहादुर वि.क.को छोरा परिवर्तित नाम कास्की ड १

छलफलमा उपस्थित

बालमनोवैज्ञानिकः टंकप्रसाद शर्मा

समाजिसेवीः मदनप्रसाद तिवारी

प्रस्तुत मुद्दाको टिपोट र ठहर यस प्रकार छः

मिति २०७०/६/१६ गते राती २०:०० बजेको समयमा कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. २ स्थित बडहरेको जङ्गलमा कास्की ड ले मेरो बहिनी वर्ष १३ की हाल परिवर्तित नाम पोखरा न लाई जवरजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको हाल नाम परिवर्तित तारा वि.क.को जाहेरी।

पीडित र पीडितको शारीरिक परीक्षण रिपोर्ट मिसिल संलग्न रहेको।

मेरो दिदी र पीडितको दिदी (जाहेरवाली) को घर नजिकै रहेछ। दशैंमा दिदीलाई लिनको लागि मिति २०७०/६/१३ गते म्याग्दीबाट हेम्जा आएको हुँ। दिदीको घर आएपछि पीडितले मलाई जिस्काउने,

हाँसो मजाक गर्ने गर्दथिन । मिति २०७०/६/१६ गते बेलुका निजले मलाई घुम्न जाऊँ भनेकी हुँदा हामी नजिकै रहेको बडहरेको जङ्गलमा घुम्न गएका हौं । गफगाफ गर्ने, जिस्कने यौनसम्बन्धी कुराकानी गर्ने क्रममा मेरो लिङ्ग उत्तेजित भएपछि निजको स्तन र योनी खेलाउँदा नबोली बसेकी थिइन् । पछि मलाई करणी गर्न मन लागेकोले निजलाई समाती निजको कपडा खोल्न लाग्दा हुँदैन भने तापनि मैले निजको कपडा जवरजस्ती खोली चउरमा पल्टाई उत्तानो पारी एक पटक जवरजस्ती करणी गरेको हुँ । सोपश्चात् कपडा लगाई म भाग्न लाग्दा बाटोमा मानिसको आवाज सुनेपश्चात् सो स्थानबाट भागी गएकोमा मिति २०७०/६/२६ गते मलाई प्रहरीले फेला पारी पक्राउ गरी ल्याएका हुन् । मैले पीडितलाई ज्यानै मार्ने सम्मको धम्काधम्की र मुख थुनेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की ड को बयान कागज ।

मिति २०७०/६/१६ गते स्कुलको झोला सिलाउनका लागि टेलरमा गई फर्कदै गर्दा अध्यारो भइसकेको थियो । बाटोमा यी कास्की ड ले मेरो एक्कासी कपालमा समाती बोले कराएमा मारी दिने सम्मको धाकधम्की दिई नजिकै रहेको जङ्गलको बीचमा रहेको चौरमा लगी मेरो कपडा खोली मेरो संवेदनशील अङ्गहरू छुने, निमोठ्नुका साथै मलाई बोल्न कराउन नपाउने गरी मुख थुनी मलाई जवरजस्ती करणी गरेका हुन् । सोही क्रममा मैले कराएको सुनी मेरी दिदीले (जाहेरवाला) थाहा पाई आएपछि निज कास्की ड हतारहतारमा कपडा लगाई भागी गएका हुन् । मैले भएको सम्पूर्ण व्यहोरा दिदीलाई बताएपछि दिदीले जाहेरी दिएकी हुन् । निज कास्की ड लाई कानूनबमोजिम कडा कारवाही गरी क्षतिपूर्ति दिलाई पाऊँ भन्ने व्यहोराको पीडित पोखराको न को कागज ।

हाल परिवर्तितत जिल्ला ४१, हेम्जा गा.वि.स., वडा नं. २ स्थितमा रहेको बडहरेको जङ्गलको बीचमा मिति २०७०/६/१६ गते राती २०:०० बजेको समयमा परिवर्तित पोखरा न लाई कास्की ड ले जवर जस्ती करणी गरेको भनी देखाइएको घटनास्थल मुचुल्का ।

२०७०/६/१६ गते राती २०:०० बजेको समयमा कास्की ड ले हाल परिवर्तित नाम पोखरा न लाई जवर जस्ती करणी गरेको भनी कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. २ स्थितमा बाटो ढुकी जवरजस्ती हातमा समाई बडहरेको जङ्गलमा लगी ज्यानै मारी दिने सम्मको धम्काधम्की दिई बोल्न कराउन नपाउने गरी मुख थुनी पीडितले लगाएको कपडा खोली जवरजस्ती करणी गरेको भन्ने थाहा पाएको हुँदा निज कास्की ड लाई कानूनबमोजिम कडा कारवाही गरी निजै प्रतिवादीबाटै पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीले वारदात मिति २०७०/६/१६ गते राती अन्दाजी ८:०० बजेको समयमा कास्की जिल्ला, हेम्जा गा.वि.स., वडा नं. २ स्थित विष्णु पादुका मा.वि. नजिकको बडहरेको जङ्गलमा घुम्न जाउँ भनी झुक्यान गफलतमा पारी वर्ष १३ की पोखराको न (नाम परिवर्तित) लाई लगी निजको इच्छा विपरीत जवर जस्ती करणी गरेको र पीडितले हारगुहार गर्दा जाहेरवालासमेत मानिसहरू वारदात स्थलमा आइपुगेपछि

घटनास्थलबाट भागी गएको तथ्य सप्रमाण पुष्टि हुन आएकोले विरुद्ध खण्डका अभियुक्त कास्की ड लाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ३ नं. बर्खिलापको कसूर अपराधमा ऐ. महल ३(२) नं. बमोजिम सजाय गरी ऐ. महलको १० ग नं. बमोजिम क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदाबी ।

मलाई पीडित भनिएकी पोखरा न ले घुम्न जाउँ भनेकी थिइन् । मैले जान्न भनें । उनी कपडा सिलाउन गइन र कपडा सिलाउन दिई मेरो पछिपछि आइरहेकी रहिछन् । उनले हात समाउने, जिस्काउने गरेकीले मैले यसो नगर हामी दिदीभाइ जस्तो नाताका व्यक्तिले यस्तो गर्नु हुँदैन भनी भनेका थिएँ । यसै बेला उसको र मेरो दिदी आएपछि हामी आआफ्नो घर गएको हो । उनलाई मैले जवरजस्ती करणी गरेको होइन भन्ने प्रतिवादी कास्की ड ले अदालतमा गरेको बयान ।

मिति २९७०/७/२२ गतेको थुनछेक आदेशानुसार प्रतिवादी कास्की ड लाई बाल सुधार गृह, सराङकोट कास्कीमा थुनामा बसेका रहेछन् ।

आदेशानुसार जाहेरवाली परिवर्तित नाम तारा वि.क. पीडित पोखरा न मौकामा बुझिएका मानिस पवित्रा ढकाल र प्रतिवादीका साक्षी नविना छन्त्याललले गरेको बकपत्र मिसिल सामेल रहेछ ।

बालमनोवैज्ञानिक टंकप्रसाद शर्माले पेश गरेको प्रतिवेदन मिसिल सामेल रहेछ ।

रितुङ मा.वि. दुलेखर्क, म्याग्दीबाट प्राप्त प्रतिवादी कास्की ड को भर्ना रजिष्टर सक्कलै प्राप्त भएको रहेछ ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री खेमराज पाठक र जाहेरवालाको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री शोभादेबी पौडेल, प्रतिवादीको तर्फबाट उपस्थित विद्धान वैतनिक अधिवक्ता श्री बिनोद रेग्मीको बहस र बालमनोवैज्ञानिक श्री टंकप्रसाद शर्मा र समाजसेवी श्री मदनप्रसाद तिवारीले दिनु भएको लिखित प्रतिवेदन एवं इजलाससमक्ष उपस्थित भई पीडित प्रतिवादीसँग छलफल गरी दिनु भएको मौखिक सुझाव र मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र निजलाई सजाय हुने हो होइन, सो विषयमा निर्णय दिनु परेको छ ।

निर्णयतर्फ विचार गर्दा यी प्रतिवादी कास्की ड ले पीडित पोखरा न लाई जवरजस्ती करणी गरेकाले निजलाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ३ नं. को कसूरमा ऐ. ३(२) नं. बमोजिम सजाय गरी ऐ. महलको १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी रहेछ ।

प्रतिवादी कास्की ड ले अदालतमा बयाान गर्दा आफुले पीडित पोखरा न लाई जवरजस्ती करणी गरेको होइन । उनले मेरो हात समाई जिस्काएकी भए पनि मैले त्यसो गर्न हुँदैन भनी भनेको थिए । उनको दिदी र मेरो दिदी आएपछि आआफ्नो घरतिर गएको हो भनी बयान गरे तापनि मिति २०७०/६/१६ गते बेलुका पीडित पोखरा न को कपडा जवरजस्ती खोली चौरमा पल्टाई उत्तानो पारी एक पटक करणी गरेको हुँ भनी कसूरमा साबित रही अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ ।

जाहेरवाली परिवर्तित नाम तारा वि.क.ले आफ्नो बहिनी पीडित पोखरा न लाई जवरजस्ती करणी गरेको भनी जाहेरी दिई जाहेरी व्यहोरालाई समर्थन गर्दै झोला सिलाउन गएकी बहिनी राती अवेरसम्म घरमा नआएकोले प्रतिवादीको दिदीलाई साथी लिई खोज्न जाँदा बहिनी रोएको सुनी त्यसतर्फ जाँदा प्रतिवादी नाङ्गै रहेछन् । बहिनी रुँदै बसेको देखी के भयो भनी सोध्दा त्यो प्रतिवादी केटाले म झोला सिलाई आउँदा मलाई तानी जङ्गलतिर मुख थुनी जवरजस्ती करणी गरेको हो भनी भनेको हुन् भनी बकपत्र गरेकी पीडित पोखरा न ले झोला सिलाई फर्कि आउँदा प्रतिवादीले मलाई चौरमा लगी जवरजस्ती करणी गरेका हुन् । म रोए कराएको सुनी दिदी आएपछि उ भागी गएको हो भनी कागज गरी अदालतमा उपस्थित भई बकपत्र गर्दा म झोला सिलाई फर्केर आउँदा उसले मलाई ढुकी बसेको रहेछ । मलाई हातमा समाई तानेर जङ्गलतिर लगेर जवरजस्ती करणी गरेको हो । म रुँदै बसेको थिएँ । दिदीले रोएको सुनी आएर मलाई लिई जानु भएको हो भनी बकपत्र गरेको र मौकामा बुझिएकी पवित्रा ढकालले प्रतिवादीले पीडितलाई जङ्गलमा लगेर जवरजस्ती करणी गरेका हुन् भनी मौकामा लेखाई दिई अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीले पीडितलाई बिष्णु पादुका स्कुल नजिकको जङ्गलतिर लगेर जवरजस्ती करणी गरेका रहेछन् भनी बकपत्र गरेको देखिन्छ ।

Hyman not intact र Bleeding (+) भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

अतः माथि विवेचना गरिएअनुसार प्रतिवादीले आफ्नो बहिनी पीडित पोखरा न लाई जवरजस्ती करणी गरेकोले कारवाही गरिपाऊँ भनी परिवर्तित नाम तारा वि.क.ले दिएको किटानी जाहेरी र निजले आफ्नो बहिनी पीडित पोखरा न लाई जवरजस्ती करणी गरेको बहिनीले बताएकी हुन् भनी गरेको बकपत्र आफुलाई प्रतिवादीले तानेर जङ्गलतिर लगेर जवरजस्ती करणी गरेका हुन् भनी मौकामा कागज गरी यी प्रतिवादीले आफुलाई साँझको बेला झोला सिलाई फर्कदा जवरजस्ती तानी जङ्गलतिर लगेर जवरजस्ती करणी गरेका हुन् भनी पीडितले गरेको बकपत्र, मौकामा बुझिएकी पवित्रा ढकालले यी प्रतिवादीले पीडित

पोखरा न लाई जवरजस्ती करणी गरेका हुन् भनी मौकामा कागज गरी अदालतमा गरेको बकपत्र, पीडित पोखरा न लाई विष्णु पादुका मा.वि. नजिकको जङ्गलमा लगेर जवरजस्ती करणी गरेको हुँ भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, पीडितको स्वस्थ्य परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुन आयो ।

यसर्थ यी प्रतिवादीले अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ३ नं. को बर्खिलाप कसूरको अपराध गरेको भई सोही महलको ३(२) बमोजिम सजाय हुने भए पनि मिसिल संलग्न प्रतिवादीको जन्मदर्ता प्रमाणपत्र र रितुङ मा.वि. दुलेखर्क, म्याग्दीबाट प्राप्त विद्यार्थी भर्ना रजिष्टरमा उल्लेखित निजको जन्ममिति २०५६/८/२२ गते देखिँदा वारदात मितिमा निजको उमेर १४ वर्षमुनिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम यी प्रतिवादी कास्की ड लाई ६(छ) महिना कैद सजाय हुने ठहर्छ । यी प्रतिवादीको फैसलाबमोजिमको कैद सजाय भुक्तान गरिसकेको देखिँदा निजका अभिभावकले जिम्मा लिई लैजान चाहेमा आजै जिम्मा लगाई पठाई दिनु । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

प्रतिवादी कास्की ड के माथि इन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, जवरजस्ती करणी महलको ३(२) नं. बमोजिमको सजाय हुने भए पनि निज १४ वर्षमुनिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम ६(छ) महिना कैद सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०७०/६/२६ गतेदेखि प्रहरी हिरासतमा बसी मिति २०७०/७/२२ गतेको थुनछेक आदेशानुसार मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृह, सराङ्कोट कास्कीमा थुनामा बसेको देखिँदा निजलाई लागेको कैद भुक्तान भइसकेकोले निजलाई निजको अभिभावकको जिम्मा लिन चाहे अभिभावकको जिम्मा लिएको कागज गराई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भएमा प्रस्तुत मुद्दाबाट आजै छाडी दिनु भनी बाल सुधार गृह, सराङ्कोट कास्कीमा लेखी पठाई दिनु १

रोहवरमा रहेका प्रतिवादी कास्की ड लाई यो फैसला सुनाई यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी फैसला र पुनरावेदनको म्याद सुनाई फैसला सुनी पाएको कागज गराई निस्सा मिसिल सामेल राख्नु २

यो फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा पठाई दिनु ३

नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ४

यो मुद्दाकोको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत, पोखरा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ५

फैसला टिपोट गरी टाइप गराउने
फाँटवालाः ना.सु. रामप्रसाद न्यौपाने ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल आषाढ महिना ३ गते रोज ३ शुभम् .....।

झापा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रमेशकुमार खत्री

फैसला

उपस्थिति

बालमनोविज्ञः नारायण भट्टराई

समाजसेवीः सविना विष्ट

सम्वत् २०७० सालको स.फौ.नं. १८-०७०-००१४१

(CR-०७०-००३७)

मुद्दा: जवरजस्ती करणी।

निर्णय नं. ४४७

वादीको नाम, थर, वतनः

जिल्ला झापा, दमक ५ स्थित भुटानी शरणार्थी ८ शिविर वेलडाँगी २ सेक्टर वि. ४, हट नं. १२६ बस्ने वर्ष २८ की परिवर्तित नाम शान्तिको जाहेरीले नेपाल सरकार १

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

प्रतिवादीको नाम, थर, वतनः

जिल्ला झापा, दमक ५ स्थित भुटानी शरणार्थी शिविर वेलडाँगी २, सेक्टर वि.४, हट नं. २९ बस्ने खड्गबहादुर राइको छोरा वर्ष १४ को सविन (परिवर्तित नाम) १

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य उल्लेख गर्दा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम पीडितलाई ग-२ परिवर्तित नाम दिई तद्नुसार उल्लेख गरिएको छः

तथ्य खण्ड

जाहेरी विवरण

म जाहेरवालाको छाप्रामा खेलिरहेकी मेरी छोरी वर्ष ४ की परिवर्तित नाम ग-२ लाई प्रतिवादी सविनले ललाईफकाई गरी आफ्नो छाप्रामा लगी जुलुमीको खाँटमा सुताई छोरीको पेन्टी लगायत कपडा खोली जुलुमीसमेत आफ्नो कपडा खोली लिङ्ग उत्तेजित पारी छोरीलाई जवरजस्ती करणी गर्दा छोरी चिच्याएर रुँदै म भएको ठाउँमा आई मलाई पिसाब फेर्दा दुख्छ, पोल्छ, पिसाब फेर्न सकिन भनी मलाई भन्दा किन त्यसो भयो भन्दा पीडित छोरीले मलाई सविन दादाले मेरो पिसाब फेर्नेमा उनको लिङ्ग दली दुखाएकोले पिसाब फेर्न सारो परेको भनी बताएको हुँदा प्रतिवादी सविनले मेरी छोरीलाई जवरजस्ती करणी गरेको हुँदा प्रतिवादीउपर कानूनबमोजिम हदैसम्मको दण्ड सजाय गरिपाऊँ भन्ने शान्तिको जाहेरी दरखास्त ।

घटनास्थल विवरण

जिल्ला झापा, दमक ५ स्थित भुटानी शरणार्थी शिविर वेलडाँगी-२, सेक्टर वि. ४, हट नं. २९ स्थित पूर्वमा दिलिप क्षेत्रीको घर, पश्चिममा टिकाराम काफ्लेको घर, उत्तरमा रणबहादुर खड्काको घर र दक्षिणमा भक्त अधिकारीको घर । यति चारकिल्लाभित्र पर्ने प्रतिवादी सविनको उक्त घरको पूर्व मोहडा भएको घरभित्र रहेको खाँटमा निज पीडितलाई सुताई जवरजस्ती करणी गरेको हो भन्ने मिति २०७०/४/४ गतेको घटनास्थल मुचुल्का ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

मिति २०७०/४/१ हामीलाई IOM अफिसले ओरेन्टेसनको लागि बोलाएको हुँदा त्यो दिन मैले विद्यालयमा बिदा लिई घरमा नै बसिरहेको थिएँ । पछि बुबा खड्कबहादुर राईले तिमी जानु पर्दैन भनेपछि म घरमा नै बसें र मेरो बुबाआमा र दाजु ओरेन्टेसनको लागि जानु भयो र भाउजु अन्नतकला राईले छोरी हेरी बस्नु भनी मलाई छाडेर छिमेकी घरमा वर्थडेमा जानु भयो । म छोरी हेरी बसिरहेको थिएँ । अं. १५:०० बजेको समयमा मेरा भान्जा वर्ष ४ को साउन राई र बहिनी अं. २ वर्षकी आरोसी राई र पीडित ग-२ समेत मेरो घर अगाडि आँगनमा आई खेल्न थाले । खेल्ने क्रममा निकै वेरपछि निज पीडित ग-२ ले दुख्यो ऐया भनेपछि मैले निज पीडितलाई कहाँ दुख्यो भनी सोध्दा निजले हातले योनीतर्फ देखाइन् र निजलाई निजले लगाएको हापपाइन्ट खोल्न लगाई निजको योनीतर्फ हेर्दा निजको योनी वरपर सुनिएको देखें र निज पीडित ग-२ लाई भरे घरमा गएर आमालाई देखाउनु अहिले खेल्दै गर भनी सम्झाएको हो । निज पीडित ग-२ घरमा गई निजको आमालाई देखाइछिन् र निजको आमा जाहेरवाली शान्तिले देखी हेरी मलाईसमेत सोध्नु भएको थियो । मैले निजलाई जवरजस्ती करणी गरेको हैन । निज पीडित ग-२

मेरो घर अगाडि आँगनमा खेल्दै गर्दा अचानक दुख्यो ऐया भनेपछि मैले निजको योनी मात्र हेरेको हो तर हेर्न हुँदैन थियो भन्ने प्रतिवादी सविन (परिवर्तित नाम) ले गरेको बयान ।

पीडितले गरेको कागज

मिति २०७०/४/१ गते दिउँसो अं. १४:०० बजेको समयमा म छिमेकी दिदी अस्मिता खड्काको वर्थडेमा गएको थिएँ । मसँग मेरो ममी शान्तिसमेत जानु भएको थियो । ममी सो वर्थडे घरभित्र पसेर के के काम गर्न थाल्नु भयो । म बाहिर नै खेल्न थाले । म साथीहरूसँग खेल्दै गर्दा पछि मेरा छिमेकी दाजु सविन आई मलाई ललाईफकाई आफ्नो छाप्रामा लिई जानु भयो । छाप्रामा लगी सोही छाप्राकोभित्र कोठामा रहेको खाँटमा सुताई मेरो कपडा खोली आफ्नो लिङ्ग बाहिर निकाली मेरो पिसाब फेर्ने स्थान वरपर लिङ्ग दल्नु भयो । मेरो पिसाब फेर्ने स्थान वरपर दुख्न थाल्यो र मैले प्रतिवादी सविनले मलाई छाडा गरेको कुरा ममीलाई सुनाई दिएको हो । निज प्रतिवादीले मलाई ललाईफकाई आफ्नो छाप्राभित्र लगी खाँटमा सुताई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने पीडित ग-२ को कागज ।

बुझिएका व्यक्तिले गरेको कागज

म प्रतिवादी सविनलाई मेरी छोरी हेर्न लगाई छिमेकीको वर्थडेमा गएको थिएँ । सोही समयमा मेरा देवर प्रतिवादी सविन, भान्जा साउन राई र पीडित ग-२ मेरो घरमा नै खेल्दै गरेका थिए । जाहेरवाली शान्तिले पीडित ग-२ लाई प्रतिवादी सविनले जवरजस्ती करणी गरेको हो भनी सुनाउँदा सुनी थाहा पाएको हो । प्रतिवादीले पीडित ग-२ लाई जवरजस्ती करणी गरेको देखिन । सुनेको मात्र हो भन्ने अन्नतकला राईको कागज ।

परीक्षण प्रतिवेदन

पीडित ग-२ को योनी वरपर केही नभएको भन्ने पीडितको नामको शारीरिक परीक्षण रिपोर्ट ।

वस्तुस्थिति विवरण

मिति जाहेरीमा उल्लेखित मिति समयमा प्रतिवादी सविनले जाहेरवालीकी छोरी वर्ष ४ की पीडित ग-२ लाई प्रतिवादीले आफ्नो छाप्रामा लगी खाँटमा सुताई जवरजस्ती करणी गरेको हो भनी सुनी थाहा पाएको हो । करणी गरेकोमा विश्वास लाग्छ । प्रतिवादीउपर कानूनबमोजिम होस् भन्ने यसोदा बस्नेतसमेत ५ जनाले प्रायः एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

अभियोग दाबी

प्रतिवादी परिवर्तित नाम सविनले जाहेरवालीको नाबालक छोरी वर्ष ४ की ग-२ लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीतको कसूर गरेको देखिन आएकोले निज प्रतिवादी परिवर्तित नाम सविनलाई सोही ऐनको ३(१) बमोजिम सजाय हुन र सोही ऐनको १० नं.

बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको नेपाल सरकारको अभियोग दाबी ।

प्रतिवादीले यस अदालतमा गरेको बयान

पीडितले पिसाब फेनै ठाउँमा दुखेको भनी मलाई सुनाएकी हुँदा मैले निजको कट्टु खोली हेरी दिएको हो । निजको योनी सुन्निएको थियो । मैले पीडितलाई जवरजस्ती करणी गरेको होइन । अभियोग दाबी झुठ्ठा हो । मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सविन (परिवर्तित नाम) ले यस अदालतमा गरेको बयान ।

थुनछेक आदेश

तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीको उमेर १४ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०७०/४/३१ को आदेश पर्चा ।

साक्षी बकपत्र

क) उल्लेखित मितिमा प्रतिवादी सविन (परिवर्तित नाम) ले निजको घरमा लगी छाडा काम गरेको हो । मैले उक्त कुरा आमालाई पिसाब पोल्यो भनी भनेको हो भन्नेसमेत व्यहोराको पीडित ग-२ ले यस अदालतमा गरेको बकपत्र ।

ख) प्रतिवादी सविन (परिवर्तित नाम) ले नाबालिका वर्ष ४ की पीडितलाई निजले छाप्रोमा लगी जवरजस्ती करणी गरेपछि छोरीले मलाई भनेपछि थाहा पाएको हो भन्ने जाहेरवाली शान्ति (परिवर्तित नाम) ले यस अदालतमा गरेको बकपत्र ।

ठहर खण्ड

नियमानुसार दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट विद्धान जि.न्या.व. श्री रमेशकुमार सुवेदीले जाहेरवालीको नाबालक छोरी वर्ष ४ की ग-२ ले जवरजस्ती करणी महलको १ नं. विपरीतको कसूर गरेको पुष्टि भएकोले अभियोग दाबीबमोजिम ठहर फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै जाहेरवाला तर्फबाट विद्वान अधिवक्ता श्री बेनुप्रसाद सिटौलले पीडितलाई जवरजस्ती करणी गरेको भन्ने मिसिल प्रमाणबाट पुष्टि भएकोले अभियोग दाबीको कसूर ठहर हुने गरी फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै प्रतिवादीका तर्फबाट विद्धान अधिवक्ता श्री राजेन्द्र खनालले मेरो पक्ष बालक भएको, बालकले प्रायः झुठ्ठा कुरा नबोल्ने हुँदा मौकामा र अदालतमा बयान गर्दा उल्लेख गरेको पीडितको योनी हेरेकोसम्म कुरालाई इसु बनाई मेरो पक्षउपर अभियोग दायर भएकोले अभियोग दाबीबाट सफाई पाउने ठहर फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

सम्वद्ध मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी वर्ष १४ को सविन (परिवर्तित नाम) उपर जाहेरवालीको नाबालक छोरी वर्ष ४ ग-२ (परिवर्तित नाम) लाई जवरजस्ती करणी गरेकाले मुलुकी ऐन, जवरजस्ती करणीको गरेकाले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. को कसूरमा सोही महलको ३(१) नं. बमोजिम सजाय गरी सोही महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने दाबी लिई अभियोग दाबी लिएको देखिएकोमा प्रतिवादीले अभियोग दाबीबारे बयान गर्दा पीडितले पिसाब फेर्ने दुख्छ भनेकाले कट्टु खोली हेरी दिएको हो, जवरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको उल्लेख गरेको पाइन्छ ।

मिसिल संलग्न जाहेरी दरखास्त, पीडितले गरिदिएको मौकाको कागज एवं बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन लगायतका प्रमाणबाट जाहेरवालीको छोरी पीडित ग-२ (परिवर्तित नाम) ले पिसाब फेर्दा पोल्छ, पिसाब फेर्न सकिन, किन त्यसो भयो भन्दा प्रतिवादी सविन (परिवर्तित नाम) दादाले मेरो पिसाब फेर्नेमा उनको लिङ्ग दली दुखाएकोले पिसाब फेर्न साह्रो परेको भन्ने देखिन आएकोमा प्रतिवादी सविन (परिवर्तित नाम) ले मौकामा र अदालतमा बयान गर्दा पीडितले पिसाब गर्ने ठाँउमा दुखेको छ भनी सुनाएकीले पीडितको कट्टु खोली हेर्दा केही सुन्निएको थियो भनी स्वीकार गरी बयान गरेको देखिन आएबाट पीडित वर्ष ४ की ग-२ (परिवर्तित नाम) लाई प्रतिवादीले जवरजस्ती करणी गरेको भन्ने अभियोग दाबी सप्रमाण पुष्टि भएको देखिन आयो ।

यसर्थ वर्ष १४ को प्रतिवादी सविन (परिवर्तित नाम) ले वादी नेपाल सरकारको अभियोग दाबीअनुसार वर्ष ४ की ग-२ लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत जवरजस्ती करणी गरी सो नं. को कसूर गरेको ठहर्छ र सो कसूरमा निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) नं. बमोजिम दश वर्ष सजाय हुनेमा प्रतिवादी वर्ष १४ को नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा कैद वर्ष पाँच सजाय हुने ठहर्छ र पीडितलाई भराई दिने क्षतिपूर्तिका हकमा प्रतिवादी शरणार्थी भएकोले निजको अवस्थासमेतलाई विचार गरी निजबाट रु. १०००/- (एकहजार) क्षतिपूर्ति पीडितलाई भराई दिने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी सविन (परिवर्तित नाम) लाई ५ वर्ष कैद र रु. १०००/- (एक हजार) पीडितलाई क्षतिपूर्ति दिलाई दिने ठहर फैसला भएकोले कैदका हकमा निज मिति २०७०/४/१३ बाट बाल सुधार गृह, विराटनगरमा रहेको देखिँदा सोही मितिदेखि कैदको लगत कट्टा हुने गरी नाबालक हुन्जेल मिति २०७२ चैत्र मसान्तसम्म सोही बाल सुधार गृहमा राखी साबालक भएपछि अर्थात् २०७३/१/१ देखि मिति २०७५/४/१२ सम्म कारागारमा राखी २०७५/४/१३ मा कैद मुक्त गरी दिन लगत राख्नु १

पीडितलाई भराई दिने क्षतिपूर्ति रु. १०००/- (एक हजार) का हकमा मुद्दा अन्तिम भएपछि जिल्ला सरकारी वकिल कार्यालय, झापामार्फत पीडितलाई झिकाई दरखास्त जे जो लिनु पर्ने लिई नियमानुसार गरी भराई दिनु २

यो फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी स.मु.स. ऐन, २०४९ को दफा २६ बमोजिम प्रतिवादी सविन (परिवर्तित नाम) लाई पुनरावेदनको म्याद दिनु र जिल्ला सरकारी वकिल कार्यालय, झापालाई फैसलाको जानकारी दिनु ३

सरोकारवालाले फैसलासहितको नक्कल मागे ऐनको रीत पुर्‌याई सारी सराई लान दिनु र प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोली टिपाएबमोजिम टिपी फैसला तयार गर्ने ना.सु. लोकबहादुर अधिकारी ।
फाँटवाला ना.सु. नवराज पोखरेल ।
कम्प्युटर टाइप गर्ने डि. रितिका राई (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल असार ४ गते रोज ४ शुभम् .....।

झापा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रमेशकुमार खत्री

फैसला

उपस्थिति

बालमनोविज्ञः नारायण भट्टराई

समाजसेवीः सविना विष्ट

सम्वत् २०७० सालका मु.नं. १८-०७०-००१९४

मुद्दा: जवरजस्ती करणी उद्योग।

निर्णय नं.: ४६२

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला झापा, चन्द्रगढी गा.वि.स, वडा नं. ८ बस्ने वर्ष ४८ को "E" उपनाम गरेको व्यक्तिको जाहेरीले नेपाल सरकार १	जिल्ला झापा, चन्द्रगढी गा.वि.स., वडा नं. ८ मंगल टुडुको छोरा वर्ष १४ को "I" उपनाम गरेको व्यक्ति १
ऐ.ऐ. को प्रमाण	ऐ.ऐ. को प्रमाण
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्तमा तथ्य उल्लेख गर्दा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम पीडितलाई G परिवर्तित नाम दिई तद्नुसार उल्लेख गरिएको छः

तथ्य खण्ड

जाहेरी विवरण

मिति २०७०/४/२२ गते बेलुकी १८:०० बजे पैसा खोज्न भनी छिमेकीकोमा गएका थियौं । घरमा छोराछोरी मात्रै थिए । बेलुकी १९:४५ बजेतिर घर आउँदा वर्ष १३ को "F" उपनाम घरमा थिइनन् । मैले कहाँ गई भनी अर्की छोरीलाई सोध्दा "I" उपनाम गरेको व्यक्तिले दिदीलाई हातमा तानी पाटाबारीतिर लगेको छ भनेपछि मैले हातमा टर्चलाइट बोकी पाटाबारीमा गई खोजी गर्दा "I" उपनाम गरेको व्यक्तिलाई सुतिरहेको अवस्थामा फेला परेको र छेउमा छोरी रोइरहेको देखेको र निज प्रतिवादी "I" उपनाम गरेको व्यक्तिलाई लाठाले हिर्काएकोमा निज उक्त स्थानबाट भागी गयो । मैले श्रीमतिलाई बोलाई पीडितलाई सोध्दा निज "I" उपनाम गरेको व्यक्तिले मलाई हात समाती जवरजस्ती घरबाट पाटाबारीमा ल्याई जवरजस्ती करणी गर्न खोजेको भनी बताएकोले म निज प्रतिवादीको घरमा जाँदा निजले मलाई सिक्कल निकाली मलाई लखेटेको, भोलीपल्ट निजलाई खोजी गर्दै जाँदा चिया बगानमा फेला पारी पक्राउ गरी प्रहरीलाई जिम्मा बुझाएको हुँदा निजलाई कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको जाहेरी दरखास्त ।

घटनास्थल विवरण

जिल्ला झापा, चन्द्रगढी गा.वि.स, वडा नं. ८ स्थित पूर्वमा चन्द्रगढी बजार जाने बाटो, पश्चिममा तुलसी ढकालको खाली जग्गा, उत्तरमा नागरु राजवंशीको जग्गा र दक्षिणमा तुलसी ढकालको जग्गा । यति चारकिल्लाभित्र रहेको तुलसी ढकालको जग्गामा रहेको पाटाबारीमा प्रतिवादी "I" उपनाम गरेको व्यक्तिले पीडित वर्ष १३ की "F" उपनामकी बालिकालाई जवरजस्ती घरबाट उक्त स्थानमा लगी जवरजस्ती करणी उद्योग गरेको स्थान भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

जाहेरवाला पीडित मेरो घर नजिकै बस्ने छिमेकी हुन् । मैले पीडितलाई यताउता जाँदा देख्ने र निजलाई देख्दा विवाह गर्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । मिति २०७०/४/२२ गते दिनभरी बगानमा काम गर्न गई बेलुका घर आएँ र राती अन्दाजी २०:०० बजेको समयमा पीडितको घर नजिकै रहेको पसलमा गई ईशारा गरी निज पीडितलाई बोलाउँदा निजले मतिर नहेरी सरासर हिडिन् । सोपश्चात् म निज पीडितको घरमा गएँ, निजको घरमा पीडितको बुबाआमा कोही पनि थिएनन्, स-साना भाइबहिनीहरू मात्र रहेछन् । मैले पीडितको हातमा समाती तान्दै उता हिड भनी घरदेखि दक्षिणतर्फ रहेको सनपाटाघारीमा लगी हेर अव म पैसा कमाउन भारतको चेन्नाई जादैछु, एकपल्ट करणी गर्न दे, पछि आएर विवाह गर्छु भन्दा नाई दिन्न भनी सोपश्चात् निजलाई मैले समाती अंगालो हाली निजको स्तन छाती तिघ्रामा समातें । नाइनाई भन्दै थिई, मैले लडाउन खोजें । सोही बेला जाहेरवाली उक्त स्थानमा आई मलाई लाठाले कुटपिट गरेको कारण म भागी गएको हो भन्ने व्यहोराको प्रतिवादीले गरेको बयान ।

पीडितले गरेको कागज

मिति २०७०/४/२२ गते बेलुकी घरमा बुबाआमा नभएको, म गाई बाध्न गुहालीमा गएको अवस्थामा अं. २०:०० बजेको समयमा प्रतिवादी "I" उपनाम गरेको व्यक्ति के कहाँबाट मादकपदार्थ सेवन गरी मेरो घरमा आई पुग्यो र मलाई तिमी परालको माचातिर आउँ म त्यही बसिरहेको हुन्छु भनेको, म पानी लिन कलमा गई पानी लिई घरमा आउँदा निज प्रतिवादी "I" उपनाम गरेको व्यक्तिले मेरो हातमा समाती पानी राख्न लगाई मेरो संवेदनशील अङ्ग छाती स्तनमासमेत समात्यो र घरदेखि दक्षिणतर्फ सनपाटाघारीतर्फ तान्दै लग्यो । म विदेश जादैछु, म तिमीलाई एकदमै मन पराउछु भन्दै मेरो तिघ्रा स्तन समाती मलाई करणी गर्न दे भनी अंगालो हाली जवरजस्ती करणी गर्न खोजेकोमा मेरो बुबा मलाई खोज्दै आउनु भएकोले मलाई छाडी दिएको र बुबाले निजलाई लाठीले हिर्काएपछि भागी फरार भएको भन्ने व्यहोराको पीडित वर्ष १३ की "F" उपनामकी बालिकाले गरेको कागज ।

बुझिएका मानिसको कागज

मिति २०७०/४/२२ गते बेलुकी श्रीमान श्रीमती पैसा खोज्न भनी छिमेकीकोमा गएका थियौं । घरमा छोराछोरी मात्रै थिए । बेलुकी १०:४५ बजेतिर घर आउँदा वर्ष १३ की "F" उपनाम घरमा थिइनन् । मैले कहाँ गई भनी अर्की छोरीलाई सोध्दा "I" उपनाम गरेको व्यक्तिले दिदीलाई हातमा तानी पाटाबारीतिर लगेको छ भनेपछि श्रीमान निजलाई खोज्दै हातमा टर्चलाइट बोकी पाटाबारीमा जानु भयो । म पनि पछिपछि उक्त स्थानमा गएँ । जाँदा छोरीलाई रोइरहेको देखी सोधीखाजी गर्दा निज "I" उपनाम गरेको व्यक्तिले मलाई हात समाती जवरजस्ती घरबाट पाटाबारीमा ल्याई जवरजस्ती करणी गर्न खोजेको भनी छोरीले बताएकोले छिमेकीको सहयोगमा निजलाई खोजतलास गर्दा मिति २०७०/४/२२ गते चिया बगानमा फेला पारी पक्राउ प्रहरीलाई जिम्मा बुझाएको हुँदा निजलाई कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको पीतितको आमा वर्ष ४४ की "G" उपनामकी महिलाले गरेको कागज पत्र ।

अभियोग दाबी

प्रतिवादी "I" उपनामलाई मुलुकी ऐन, जवरजस्ती करणीको महल १ र ५ नं. विपरीतको कसूर भएको हुँदा निजलाई सोहि ऐनको महल ३(२) नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग दाबी ।

प्रतिवादीले यस अदालतमा गरेको बयान

मिति २०७०/४/२२ गते बेलुकाको समयमा म र "F" उपनाम छेउको पाटाबारीमा गफ गरी बसेका थियौं । जाहेरवाली "F" उपनामलाई टर्चलाइट बाली बोलाउर्द आएकोमा मैले निजलाई जाउँ भन्दा नमानीसँग केहि वेर लुडीड्याम खेलेको हो । लुकालुकी खेल्दा केहि वेर घुम्तिभित्र बसेको मात्र हो । मैले जवरजस्ती करणी गरेको छैन । जाहेरवालाको छोरीसँग खेल्दा निजको भाइ आयुस र गाउँकै अर्की केटी राधा साथीसमेत सँगै थिए । मैले अपराध नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी "I" उपनाम गरेको नाबालकले यस अदालतमा गरेको बयान ।

थुनछेक आदेश

प्रतिवादीको उमेर १४ वर्षको भनी अभियोगपत्रमा उल्लेख भएको र निजले पेश गरेको जन्मदर्ताको प्रतिलिपि निजको जन्ममिति २०५५/६/२४ उल्लेख भएकाले निज नाबालक देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा हाल बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०७०/२/९ को आदेश पर्चा ।

साक्षी बकपत्र

प्रतिवादीको

पीडितको बुबा रक्सी खाएर मातेका थिए । मातेको सुरमा यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी उद्योग गर्‌यो भनेर प्रहरीलाई खवर गरी बोलाई गाउँलेहरूले प्रतिवादी "I" ले यस्तो कार्य गरेको होइन भन्दासमेत नसुनी प्रतिवादीउपर झुठ्ठा मुद्दा लगाएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी देव मुर्मुले यस अदालतमा गरेको बकपत्र ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्धान जि.न्या.व. श्री रमेशकुमार सुवेदीले प्रतिवादीउपरको अभियोग पीडितको जाहेरी परेको र पीडितको शारीरिक जाँचसमेतबाट जवरजस्ती करणीको उद्योग पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबी ठहर हुने गरी फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै प्रतिवादीका तर्फबाट विद्धान वैतनिक अधिवक्ता श्री काली प्रसाद सञ्जेलले फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहने हुन्छ । वादी पक्षले गवाह/साक्षी प्रस्तुत गरी अभियोग दाबी पुष्टि गर्न सकेको नदेखिँदा मेरो पक्षलाई सफाई हुने गरी फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

सम्वद्ध मिसिल अध्ययन गरी हेर्दा वर्ष १४ का "I" (परिवर्तित नाम) ले पीडित वर्ष १३ की "F" (परिवर्तित नाम) लाई जवरजस्ती करणीको उद्योग गरेको भनी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ५ नं को कसूरमा सोहि महलको ३ नं. को (२) नं. ले हुने सजायमा ५ नं. बमोजिम सजाय हुनेमा प्रतिवादी नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम हुनसमेत अभियोग दाबी लिएको देखिएकोमा प्रतिवादीले यस अदालतमा बयान गर्दा अभियोगअनुसारको कसूर गरेमा इन्कार रहेको देखिन्छ । प्रतिवादी इन्कार भए तापनि निज पर किटानी जाहेरी, प्रतिवादीको मौकामा साबित रहेको र साबिती बयान व्यहोरा, निजको शारीरिक जाँचमा खुलेको विवरणसमेतबाट पुष्टि भएको देखिन आएकाले प्रतिवादी "I" (परिवर्तित नाम) ले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ५ नं को कसूर गरेको ठहर्छ । प्रतिवादीको उमेर, जाहेरी दरखास्तमा १७ वर्ष लेखिएको, मौकामा बयान गर्दा प्रतिवादीले आफ्नो उमेर १६ वर्ष उल्लेख गरेको देखिएको र अभियोगपत्रमा १४ वर्ष उल्लेख गरी अभियोग दायर भएको पाइयो । अभियोजनमा खुलाइएको वर्ष १४ वर्ष को आधार मिसिलबाट सम्बन्धित

गा.वि.स.को जन्मदर्ता भन्ने देखिन आई सो जन्मदर्ता हेर्दा प्रतिवादीको जन्ममिति २०५६/१०/११ देखिन आएकोमा वारदात मिति २०७०/४/२२ भन्ने हुँदा उल्लेखित जन्ममितिबाट गणना गर्दा वारदात मितिमा प्रतिवादी वर्ष १४ वर्ष पुगेको भन्न मिल्ने देखिन आएकोमा प्रतिवादी १४ वर्षभन्दा उमेर देखिन आएकाले प्रतिवादी "I" (परिवर्तित नाम) लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. ले ६ महिना कैद सजाय हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी "I" लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) ले ६ महिना कैद सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०७०/४/२३ देखि मिति २०७०/५/१२ सम्म २२ दिन थुनामा रहेको देखिँदा सो कैद कट्टा गरी बाँकी ५ महिना ८ दिन बेरुजु हुँदा लगत कसी असुल गर्नु १

प्रकरण १ मा ५ महिना ८ दिन लागेको कैद असुल गर्न प्रतिवादी "I" लाई २०७०५१३ गतेका दिन यस अदालतबाट भएको आदेशानुसार प्रतिवादीकी आमा मिना टुडुले फिर्ता बुझि लगेको देखिँदा निजमार्फत मुलुकी ऐन, दण्ड सजायका २३ नं बमोजिम पक्राउ गरी पेश गर्नु भनी जिल्ला प्रहरी कार्यालय, झापामा लेखी पठाई पक्राउ गरी वा आफै हाजिर भए बाल सुधार गृह, विराटनगरमा राख्न लेखी पठाई दिनु २

यो फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी स.मु.स. ऐन, २०४९ को दफा २६ नं. बमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु र फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, झापालाई दिनु ३

सरोकारवालाले फैसलासहितको नक्कल मागे ऐनको रीत पुर्‍याई सारी सराई लान दिनु र प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोलि टिपाउनु भएबमोजिम टिपी फैसला तयार गर्ने ना.सु. लोकबहादुर अधिकारी ।
फाँटवाला ना.सु. नवराज पोखरेल
कम्प्युर टाइप गर्ने डि. रितिका राई (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल असार ८ गते रोज १ शुभम् .....।

दैलेख जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ

फैसला

मुद्दा नं. ७७-०७०-००५४३

निर्णय नं. १७३

कम्प्यूटर नं.०७०-CR-००३४

मुद्दाः नकवजनी चोरी।

वादीको नाम, थर, वतन

डम्वरबहादुर मल्लको जाहेरीले वादी नेपाल सरकार १

साक्षी

जाहेरवाला डम्बरबहादुर मल्ल १

महेन्दविक्रम शाही १

दिपकबहादुर थापा १

कागजः ×

प्रतिवादीको नाम, थर, वतन

जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. ६ बस्ने सुजन चौधरी १

जिल्ला दैलेख बस्ने B-1 .....१

ऐ.ऐ. बस्ने Y-1 .....१

साक्षी

यज्ञप्रसाद रेग्मी १

मिनबहादुर थापा १

बखतबहादुर शाही १

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ।

जाहेरी दरखास्तको व्यहोरा

मिति २०७०/०९/२७ गते रातको समयमा जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. १ नयाँ बजारस्थित सञ्चालन गरेको मल्ल घडी रेडियो सर्भिसमा जिल्ला दैलेख नारायण नगरपालिका वडा नं. ६

बस्ने सुजन चौधरी, ऐ. ८ बस्ने विकास के.सी., ऐ. ७ बस्ने Y-1 र ऐ. १ बस्ने नमूना थापा भन्ने देवराज थापासमेतले विभिन्न कम्पनीको मोवाइल, ऐ. को ब्याट्री एनसेल, स्काई र नमस्तेको रिजार्च कार्ड गरी जम्मा रु. २,२४,०००/- वरावरको धनमाल चोरी गरेकोले कानूनबमोजिम कारवाही गरी क्षतिपूर्तिसमेत दिलाई भराईपाउँ भन्नेसमेत व्यहोराको मिति २०७०/११/२५ गतेको जाहेरी दरखास्त ।

घटनास्थल मुचुल्का

जिल्ला दैलेख ना.न.पा, वडा नं. १ स्थित मल्ल घडी रेडियो सर्भिस सेन्टरको ताला फोडी तोडी खोली विभिन्न किसिमका मोवाइल सेट, ब्याट्री घडी टर्च, आइपट, रिचार्ज कार्ड लगायतका सामान चोरी लिएको भन्नेसमेत व्यहोराको चारकिल्लासहितको मिति २०७०/०९/२८ गतेको घटनास्थल मुचुल्का ।

खानतलासी तथा वरामदी मुचुल्का

जिल्ला दैलेख ना.न.पा., वडा नं.७ स्थित घरमा खान तलासी गर्दा उक्त घर कोठामा रहेको निलो बाकसमा Yestell call zeiss लेखेको रातो रंगको मोवाइल थान १, Yestell call zeiss लेखेको कालो रंगको मोवाइल थान १, Zeorgia लेखेको सेतो रंगको मोवाइल थान १, Nokia BL-4ct लेखेको ब्याट्री थान १, SS BRIGHT लेखेको सेतो रंगको आइपट थान १, पहेलो रंगको चार्जरवाला टर्चलाइट थान १ फेला परेको भन्ने व्यहोराको चारकिल्लासहितको मिति २०७०/११/२८ गतेको खानतलासी तथा वरामदी मुचुल्का ।

प्रतिवादी Y-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज

मिति २०७०/०९/२७ गते मसँगै एकै कक्षामा पढने B-1 ले मलाई गणित विषय अप्ठेरो लाग्छ मेरो घरमा आउनु भनी B-1 ले भनेको हुँदा म निज B-1 को घरमा गएको थिए । यसै क्रममा सोही रातको अन्दाजी १०:३० बजेको समयमा बजारतिर घुम्न जाँउ भनी बजारमा आई पुग्यौँ । निज B-1 ले तिमीले प्रहरी तथा आउने जाने मानिसहरूलाई हेर्नु कोही आएमा सिठ्ठी बजाउनु म मल्ल घडी रेडियो पसलबाट मोवाइल चोरी गरी ल्याउछु भनी भनेकोले म निजले भनेबमोजिम बाटोमा कोही मानिसहरू आउने जाने र प्रहरीलाई हेरी बसेको थिए । केही समयपछि निज निज B-1 ले प्लाष्टिकको झोलामा सामानहरू ल्याएका थिए । तर ति सामानहरूमध्ये भोलीपल्ट ३ वटा मोवाइल, चार्जर, एनसेलको रु. ८००/- रिचार्जकार्ड, नमस्तेको रु. ६,००/- को रिचार्जकार्ड स्काईको रु. २००/- को रिचार्जकार्ड र नगद रु. ५०/- दिएका हुन् । उक्त सामानहरू मैले घरमा लगेको हुँ । अन्य चोरी भएका सामानहरू B-1 ले आफै लगेका हुन् भन्नेसमेत व्यहोराको मिति २०७०/१२/०३ गतेको बयान ।

डम्मरबहादुर मल्लको सनाखत कागज

Yestell call zeiss लेखेको रातो रंगको मोवाईल थान १, Yestell call zeiss लेखेको कालो रंगको मोवाइल थान १, Zeorgia लेखेको सेतो रंगको मोवाईल थान १, Nokia BL - 4ct लेखेको ब्याट्री थान

१, SS BRIGHT लेखेको सेतो रंगको आइपट थान १, पहेलो रंगको चार्जरवाला टर्चलाईट मेरो पसलबाट चोरी भएको सामानहरू हुन देखाउँदा चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको डम्मरबहादुर मल्लको मिति २०७०/१२/०३ गतेको सनाखत कागज ।

विकास के.सी. ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

मिति २०७० साल फाल्गुन महिनाको १ वा २ गतेतिर बोर्डिङ्ग स्कुलको नजिकै चिया पसलमा B-1 ले रु. ३००/- तिर्नु रहेछ । उक्त रकम मैले तिरिदिएपछि त्यसको साटोमा मलाई B-1 ले सेतो रंगको किप्याड भएको मोवाइल दिएका थिए । उक्त मोवाइल जिल्ला दैलेख ना.न.पा., वडा नं.८ तर्ताङ्ग बस्ने पारस खड्कालाई नगद रु. ८००/- मा बिक्रि गरेको थिए भन्नेसमेत व्यहोराको मिति २०७०/१२/०४ गतेको विकास के.सी.को बयान ।

नमूना थापा भन्ने देवराज थापाको कागज

मिति २०७०/०९/०८ गते प्रतिवादी B-1 ले जिल्ला दैलेख ना.न.पा., वडा न.१ स्थित रहेको श्रेष्ठ अफसेट र पुर्णागिरी इलेक्ट्रोनिक्समा चोरी गर्दाको बखत मैले मानिसहरू रेखदेख गर्ने काम गरेको हुँ । भने निज B-1 ले उक्त पसल चोरी गरेका हुन् । त्यसबाट मैले केही पनि लगेको होइन भन्नेसमेत व्यहोराको मिति २०७०/१२/०४ गतेको बयान ।

सुजन चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज

मिति २०७०/०९/२७ गते रातको समयमा पक्राउमा परी प्रहरी हिरासतमा रहेका प्रतिवादी Y-1 ले जाहेरवालाको पसलको ताला फोडी मोवाइल, रिचार्ज कार्ड तथा नगद रुपैयाँ म र B-1 ले भई चोरी गरेका हौं भनी भनेपछि सुनी थाहा पाएको हुँ । प्रतिवादी B-1 ले कालो रंगको २ वटा मोवाइल दिई मलाई पैसाको खाँचो छ बेची देउ भनी मोवाइल दिएका हुन् । सो मोवाइल बुवाले पठाई दिएको भनी भनेका थिए । मैले उक्त मोवाइल नाम, थर थाहा नभएका २ जना आर्मी जस्ता देखिने व्यक्तिहरूलाई रु. ६०००/- (छ हजार) मा बेची दिएको हुँ । मैले उक्त रकम B-1 लाई दिएपछि निजले मलाई रु. २०००/- (दुई हजार) दिएका हुन् । मेरो कुनै पनि चोरी घटनामा संलग्नता छैन भन्नेसमेत व्यहोराको सुजन चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मिति २०७०/१२/०४ गतेको बयान कागज ।

B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज

मिति २०७०/०९/२७ गते सार्वजनिक बिदा परेको र भोलीपल्ट गणित विषयको परीक्षा भएको कारण मसँगै एकै कक्षामा अध्ययन गर्ने Y-1 लाई मेरो घरमा आई मलाई सिकाई दिनु भनी भनेको हुँदा निज मेरो घरमा आई बेलुकाको खाना खाएपछि रातको अन्दाजी १०:३० बजेसम्म अध्ययन गरेपश्चात् प्रतिवादी Y-1 ले हाम्रो गाउँमा नाचगान छ भनेपछि मैले जाँउ नाचगान पनि हेरौँला र बजार पनि घुमौँला भनी हामी दुवै जना हिड्यौँ र रातको अन्दाजी ११:४५ को समयमा जाहेरवालाले सञ्चालन गरेको मल्ल घडि सर्भिस

पसल नजिक पुग्दा प्रतिवादी Y-1 लाई राजु स्टोर नजिक बस प्रहरी गस्तीमा तथा स्थानीय मानिसहरू आएमा सिट्टी बजाउनु भनी सल्लाह गरी चोरी गर्ने मनसायले लुकाई राखेको फलामको रडको सहायताले मैले उक्त पसलको ताला फोडी उक्त पसलभित्र प्रवेश गरी मोवाइल ब्याट्री, चार्जवाला टर्च, आइपट, विभिन्न रिचार्ज कार्ड र नगद रुपैयाँ चोरी गरेका हौं । उक्त सामानहरू घरमा गएर बाँडेको हौं भन्नेसमेत व्यहोराको मिति २०७०/१२/११ गते B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

महेन्द्र बिक्रम शाहीको कागज

जाहेरवालाको मल्ल घडी रेडियो सर्भिसबाट प्रतिवादी B-1 र Y-1 ले उक्त पसल चोरी गरेपश्चात् जो जस्ले उक्त सामानहरू लिने खाने बाँड्ने राख्ने गरे निजहरूलाई कानूनबमोजिम कारवाही गरी जाहेरवालाको बिगोबमोजिमको क्षतिपूर्तिसमेत दिलाई भराई दिनु पर्छ भन्नेसमेत व्यहोराको कागज ।

गगनबहादुर रावलको कागज

जाहेरवालाको पसल हाल पक्काउमा परेको भिष्म र यामप्रसादले चोरी गरेको भन्ने सुनेको छु र निज यामप्रसादको घरबाट केही दशीका सामानहरू फेला परेको छ । अतः यसरी उक्त पसलबाट चोरी गरेको सामान बाँडी लिने राख्ने खाने जो जति छन् कानूनबमोजिम कारवाही गरी जाहेवालालाई बिगोबमोजिमको क्षतिपूर्ति दिलाई दिनु पर्छ भन्नेसमेत व्यहोराको कागज ।

दिपकबहादुर थापाको कागज

जाहेरवाला डम्बरबहादुर मल्लको मल्ल घडी रेडियो सर्भिसबाट प्रतिवादी B-1 र Y-1 ले उक्त पसल चोरी गरेपश्चात् जो जस्ले उक्त सामानहरू लिने खाने बाँड्ने राख्ने गरे निजहरूलाई कानूनबमोजिम कारवाही गरी जाहेरवालाको बिगोबमोजिमको क्षतिपूर्तिसमेत दिलाई भराई दिनु पर्छ भन्नेसमेत व्यहोराको कागज ।

अभियोग मागदाबी

प्रतिवादी द्वय B-1 र Y-1 ले नै जाहेरवाला डम्वरबहादुर मल्लको पसल तोडी समान र नगद चोरेको तथ्य पुष्टि भएकोले निजहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको महलको १ नं. र ३ बमोजिमको कसूर भएकोले निज B-1 र Y-1 लाई उक्त कसूरमा बिगो रु. २१९८००/- का आधारमा सोही महलको १४(१) नं. बमोजिम सजाय हुन र निज B-1 र Y-1 को उमेर १४ वर्षभन्दा माथि १६ वर्षभन्दा कम देखिएकोले निजहरूको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन् र प्रतिवादी सुजन चौधरीले चोरीको मोवाइल हो भनी जानीजानी बेच्न सहयोग गरेको र बिक्री भएको रकम बाँडीचुँडी खाएको देखिँन आएकोले निज सुजन चौधरीलाई मुलुकी ऐन, चोरीको महलको २४ नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

प्रतिवादी Y-1 ले अदालतसमक्ष गरेको बयान

म वारदात भयो भनिएको दिन आफ्नै घरमा थिएँ । मैले चोरी गरेको होइन । मिति २०७०/११/२८ गते प्रहरीले वरामत गरेका सामानहरू प्रदिप चन्दले मेरो बुवाले भारतबाट ल्याई दिनु भएको हो, राखी देउ

भनेर भनेपछि मैले राखी दिएको हो । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरा मेरो होइन । प्रहरीले ज्यानमार्ने धम्की दिई ल्याप्चे सहिछाप गर भनेकाले गरेको हुँ । अभियोग दाबी झुठ्ठा हो । अभियोग दाबीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी Y-1 को अदालतसमक्ष मिति २०७०/१२/१९ गते गरेको बयान ।

प्रतिवादी सुजन चौधरीले अदालतसमक्ष गरेको बयान

मिति २०७०/०९/२७ गते म बिद्यालयको होस्टेलमा थिए । म चोरीमा संलग्न छैन् । मलाई अधिकारप्राप्त अधिकारीसमक्ष बयान गराउँदा प्रहरीद्धारा डर, धम्की देखाई आफुले लेखी मलाई कागजमा सहिछाप गराएका हुन् । मैले अपराध नगरेकाले अभियोग दाबीबाट सफाई पाँऊ भन्नेसमेत व्यहोराको प्रतिवादी सुजन चौधरीले मिति २०७०/१२/१९ गते अदालतसमक्ष गरेको बयान ।

प्रतिवादी B-1 ले अदालतसमक्ष गरेको बयान

मिति २०७०/०९/२७ गते आफ्नै घरमा थिएँ । सो दिन Y-1 सँग भेट भएन । मैले चोरी गरेको होइन । अधिकारप्राप्त अधिकारीसमक्ष बयान गराउँदा कुटपिट गरी सहन नसकेर सोमा भएको व्यहोरा स्वीकार गरेको हुँ । मैले अभियोग दाबीअनुसार कसूर नगरेकाले अभियोग दाबीबाट अलग फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी B-1 ले अदालतसमक्ष मिति २०७०/१२/१९ गते गरेको बयान ।

वादीका साक्षीको बकपत्र

मेरो पसल मल्ल घडी रेडियो सर्भिसमा मिति २०७०/०९/२८ गते सोही पसल नजिकै पसल गर्ने उदय थापाले मलाई फोन गरी तपाइको पसलको ताल्चा फोडिएको छ भनेपछि घरबाट आएर हेर्दा चोरी भएको थाहा भएको हो । मेरो पसलबाट विभिन्न कम्पनीका मोवाइल घडी टर्च एनसेल सिमकार्ड लगायत अन्य सामानहरू गरी जम्मा रु. २,२४,०००/- मूल्य वरावर सामान चोरी भएको हो । मिति २०७०/०९/२८ गतेको जाहेरी निवेदन व्यहोरा ठीक छ । सहिछाप मैरै हो । प्रहरीले अनुसन्धानको क्रममा प्रतिवादी B-1 को आमाबाट चोरीको कुरा खोल्दा Y-1 लाई प्रहरीमा ल्याई सोधपुछ गर्दा र निजबाट मेरो पसलमा चोरी भएका केही सामान वरामद भएपछि यी प्रतिवादीहरूले मेरो पसल चोरी भएको कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला डम्वरबहादुर मल्लले अदालतसमक्ष गरेको बकपत्र ।

मिति २०७०/०९/२८ गते बिहान म आफ्नो पसल खोल्दा देवकोटाचोक जाने क्रममा बाटोमा रहेको डम्बरबहादुर मल्लको पसलमा चोरी भएको सम्बन्धमा मुचुल्का बनाउन लागेका थिए । त्यही चोरी भएको कुरा थाहाँ पाएको हुँ । चोरी कति परिमाणमा भयो थाहा भएन । मौकामा कागज गर्दा मैले नपढी सहि गरेको हुँ भन्नेसमेत व्यहोराको मौकामा बुझिएका महेन्द्रबिक्रम शाहीले अदालतसमक्ष गरेको बकपत्र ।

मिति २०७०/०९/२७ गते म आफ्नै पसलमा थिएँ । उक्त राती पसल चोरी भएको थाहाँ पाई २८ गते बिहान पसलमा जाँदा ताल्चा तोडिएको देखी म लगायत छिमेकीहरूले प्रहरीलाई खवर गर्‌यौं । प्रहरीले

प्रतिवादीहरू B-1, Y-1 र सुजनलाई बयान गराउँदा हामीले चोर्यो भनी बयान दिएपछि यिनै प्रतिवादीहरूले चोरेका रहेछन् भन्ने थाहाँ पाएको हुँ । मौकाको कागज व्यहोरा सहिछाप मेरै हो भन्नेसमेत व्यहोराको मौकामा बुझिएका दिपकबहादुर थापाले अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी सुजन चौधरीका साक्षीको बकपत्र

सुजन चौधरी मेरो छिमेकी हुन् । वारदात मितिमा उनी विद्यालयको छात्रवासमा भएकाले निजले नकवजनी चोरी गरेका होइनन् । जाहेरवालाले शंकाको आधारमा जाहेरी दिएका होलान् । मैले सुजन चौधरीलाई चोरी गरी मोवाइल किन बेचिस् भनी सोध्दा साथिले मेरो मोवाइल बेची दे भनेकाले बेची दिएको हुँ भनी भनेका थिए । प्रतिवादी सुजनले अभियोग दाबीको कुनै कसूर गरेका छैनन् भन्नेसमेत व्यहोराको प्रतिवादी सुजन चौधरीका साक्षी यज्ञप्रसाद रेग्मीले अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी B-1 का साक्षीको बकपत्र

मिति २०७०/०९/२७ गते म देवकोटा चोकस्थित आफ्नै घरमा थिएँ । प्रतिवादी ि B-1 ठुलो बुवाको घरको आँगनमा बसिरहेको देखेको हुँ । उनले चोरी गरेका होइनन् । गलत अनुसन्धानका कारणले झुठ्ठा जाहेरी परेको हुनु पर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी B-1 का साक्षी मिनबहादुर थापाले अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी Y-1 को साक्षीको बकपत्र

प्रतिवादी Y-1 ले चोरी गरेको होइन प्रहरीमा धम्काएका कारण निज नाबालक भएकाले चोरे भनी भनेका हुन् । शंकाको भरमा अभियोग लगाइएको हो । मिति २०७०/०९/२७ गते म घाँस काट्न गएको बेला बिहान ८:०० बजेदेखि निजको घरमा बसेको थिएँ । प्रदिप चन्दले सामान राखिदे भनेकाले सामान राखेका रहेछन् । पछि थाहा भयो । ती सामान चोरीका रहेछन् । यी प्रतिवादी आफैले ती सामान चोरेका होइनन् भन्नेसमेत व्यहोराको प्रतिवादी Y-1 का साक्षी बखतबहादुर शाहीले अदालतसमक्ष गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मीनारायण दाहालले प्रतिवादीहरूको साबिती बयानसमेतबाट निजहरू विरुद्धको अभियोग पुष्टि भएको हुँदा अभियोग दाबीबमोजिम सजायसमेत हुनु पर्छ भनी गर्नु भएको बहस तथा प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री सुरेन्द्रकुमार अधिकारी, श्री ललितबहादुर मल्ल र श्री दिपेन्द्रबहादुर थापाले प्रतिवादीहरूमध्ये B-1 र Y-1 नाबालक भएको साथै निजहरूको हालको चालचलन सन्तोषजनक भएकाले निजहरूलाई सुध्रने मौका दिइनु पर्छ र अर्का प्रतिवादी सुजन चौधरी

विरुद्धको अभियोग पुष्टि हुने आधार प्रमाण नभएकाले निजले अभियोग दाबीबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो । प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनु पर्ने देखिएको छ :

१. अभियोग दाबीबमोजिम नकवजनी चोरी भएको हो होइन ?
२. चोरी भएको भए के कति बिगोको धनमाल चोरी भएको हो ?
३. सो कार्यमा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? भए निजहरूउपर के-कस्तो व्यवहार हुनु पर्ने हो ?

पहिलो प्रश्नतर्फ विचार गर्दा आफुले सञ्चालन गरेको मल्ल घडी रेडियो सर्भिस नामक पसलबाट मिति २०७०/०९/२७ गते रातिको समयमा मोवाइलसमेतका रु. २,२४०००/- बराबरको सामानहरू चोरी भएकोले अनुसन्धान गरिपाऊँ भन्ने जाहेरवाला डम्बरबहादुर मल्लको मौकाको जाहेरी दरखास्त परेबमोजिम घटनास्थल मुचुल्कामा मल्ल घडी रेडियो सर्भिस पसलको ताल्चा फोडी तोडी खोली सामान चोरी लिएको भन्नेसमेतको व्यहोरा उल्लेख भएको देखिन्छ । प्रतिवादीहरू Y-1 र B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा फलामको रडले पसलको ताल्चा फोडी चोरी गरेको भनी कसूरमा साबित रही चोरी गरेका सामानहरूको विवरण खुलाएका तथा प्रतिवादी Y-1 को घरबाट बरामद भएका सामानहरू जाहेरवालाबाट सनाखतसमेत भएको पाइन्छ । यसरी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का तथा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान व्यहोरासमेतबाट जाहेरवालाको पसलमा नकवजनी चोरी भएको व्यहोरा पृष्टि भएको देखिन्छ ।

के कति बिगोको धनमाल चोरी भएको हो ? भन्ने अर्को प्रश्नतर्फ विचार गर्दा अभियोगपत्रमा जाहेरवालाले जम्मा बिगो रु. २,२४,०००/- बराबरको भनी खुलाए तापनि प्रत्येक सामानको मूल्य जोड्दा फरक पर्न गएको भनी बिगो रु. २,१९,८००/- दाबी भएको पाइन्छ । यद्यपि सो मालसामान खरिद बिक्रीको बिलसहित स्टोर रेकर्ड पेश हुन सकेको देखिँदैन।

प्रतिवादी B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा LG कम्पनीको मोवाइल थान-२, Yestell कम्पनीको मोवाइल थान-३, चार्जवाला टर्च थान-१, सानो मोवाईल थान-१, I-Pot रेडियो थान-१, मोवाइलको ब्याट्री थान-१ चार्जर थान-४, Earphone थान-३, Ncell को रु. १,४००/- को रिजार्च कार्ड, नमस्तेको रु. १,६००/- को रिचार्ज कार्ड र नगद रु. ३५०/- चोरी गरेका हौँ भनी सामानहरूको विवरण खुलाएको पाइन्छ । साथै सो सामानहरू प्रतिवादी Y-1 सँग बारदातको भोलीपल्ट बाँडचुड गरेको भन्नेसमेतको तथ्य उल्लेख गरेको पाइन्छ ।

त्यसै गरी अर्का प्रतिवादी Y-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा चोरी गरेका सामानहरूमध्येबाट प्रतिवादी B-1 ले आफुलाई ३ वटा मोवाइल सेट, चार्जरवाला टर्च-१ मोवाइलको ब्याट्री-१, I-Pot रेडियो थान-१, Ncell को रु. ८००/- को रिचार्ज कार्ड, नमस्तेको रु. ६००/- को रिचार्ज कार्ड, sky को रु. २००/- को रिचार्ज कार्ड र नगद रु. ५०/- दिएका हुन् भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ ।

प्रतिवादी Y-1 को कोठाबाट मिति २०७०/११/२८ मा मोवाइल लगायतका सामानहरू वरामद भएको तथा सो सामानहरू आफ्नो पसलबाट मिति २०७०/९/२७ गते राति चोरी भएका सामानहरूमध्येका हुन् भनी जाहेरवालाले मिति २०७०/१२/३ गते गरिदिएको सनाखत कागज मिसिल संलग्न रहेको देखिन्छ। उल्लेखित वरामद भएका सामानहरू अभियोगपत्र साथ पेश भई जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०(क) को प्रयोजनका लागि आदेशबमोजिम तपसिलबमोजिम मूल्याङ्कन भएको पाइन्छ।

सि.नं.	विवरण	परिमाण	मूल्य रु.
१	Yestell Call Zeiss मोवाइल	थान-२	६,३७५/-
२.	Zergia मोवाइल	थान-१	१,०५०/-
३.	Nokia BL–Ct ब्याट्री	थान-१	२००/-
४.	SS BRIGHT I–POT	थान-१	३००/-
५	चार्जरवाला टर्च लाइट	थान-१	८२/-
		जम्मा	८,००७/-

त्यसैगरी प्रतिवादी Y-1 ले आफुले पाएको भनी खुलाएकामध्ये वरामद भएकाबाहेक प्रतिवादी B-1 ले निज Y-1 लाई दिएको भनी खुलाएका सामानहरू तथा दैलेख उद्योग बाणिज्य संघ, दैलेखबाट यसै मिसिल संलग्न च.नं. ३७१, मिति २०७०/१२/१७ मा प्राप्त मूल्य सूची तथा मुद्दा नं. ७७-०७०-००५४१ नं. को नकवजनी चोरी मुद्दाको मिसिल संलग्न च.नं. ३७०, मिति २०७०/१२/१३ को मूल्य सूचीको आधारमा सो समानका बिक्रि मूल्यहरू निम्नबमोजिम रहेको देखिन्छ।

सि.नं.	विवरण	परिमाण	मूल्य रु.
१	चार्जर	थान-३	९००/-
२.	Earphone	थान-२	६००/-
३.	रिचार्ज कार्ड (Namaste, Ncell, Sky)	-	१,२००/-
४.	नगद रु.		५०/-
		जम्मा	२,७५०/-

त्यसै गरी प्रतिवादी B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा खुलाएबमोजिम प्रतिवादी Y-1 लाई दिएको भनिएका बाहेकका निजले आफ्नो साथमा राखेका सामानहरू तथा माथि उल्लेखित उद्योग बाणिज्य संघबाट प्राप्त मूल्य सूचीका आधारमा सो सामानहरूको बिक्री मूल्य निम्नबमोजिम रहेको देखिन्छ।

सि.नं.	बिवरण	परिमाण	मूल्य रु.
१	LG Mobile	थान-२	३,७००/-
२.	Yestell Mobile	थान-१	१,०५०/-
३.	चार्जर	थान-१	३००/-

४.	Earphone	थान-१	३००/-
५	रिचार्ज कार्ड (Namaste, Ncell)	-	१८०० /-
६	नगद रु.	-	३००/-
जम्मा			७,४५०/-

यसरी अभियोगपत्रमा जाहेरी दरखास्तमा उल्लेख भएबमोजिमको रु. २,१९,८००/- बिगो वरावरको मालसामान चोरी भएको भन्ने दाबी भएको भए तापनि सो दाबीलाई पृष्टि गर्ने गरी मालसामान खरिद बिक्रीको बिल भरपाईसहित स्टोर विवरण पेश हुन सकेको देखिँदैन । वरामद भएका सामान तथा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष खुलाएको विवरणका आधारमा माथि उल्लेख भएबमोजिम जम्मा मूल्य रु. १८,२०७/- वरावरको मालसामान चोरी भएको व्यहोरा मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि हुन आएको देखिन्छ ।

अव माथि उल्लेखित कार्यमा प्रतिवादीहरूको के कस्तो संलग्नता छ भन्ने प्रश्नमा विचार गर्नु पर्ने देखिएको छ । चोरीको २४ नं. को अभियोग दाबी भएका प्रतिवादी सुजन चौधरीको हकमा विचार गर्दा निजले चोरीको मोवाइल हो भनी जानीजानी २ थान LG मोवाइल बेच्न सहयोग गरेको र बिक्री भएको रकम बाँडीचुडी खाएको भन्ने अभियोग दाबी रहेको देखिन्छ । निजले अदालतसमक्ष बयान गर्दा कसूरमा पूर्णतः इन्कार रहेका तथा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफुलाई प्रतिवादी B-1 ले २ वटा LG मोवाइल बेच्नका लागि दिएकोमा आर्मी जस्ता देखिने व्यक्तिहरूलाई रु. ६,०००/- मा बेचिएको हो । सो मोवाईल बुवाले पठाई दिएको हो भनी निज B-1 ले भनेका थिए भन्नेसमेतको व्यहोरा उल्लेख गरेको पाइन्छ । निज प्रतिवादी सुजन चौधरीले अभियोग दाबीको मोवाइल बेचेका हुन् भन्ने रहेकोमा सो किन्ने व्यक्तिको पहिचान यकीन साथ खुल्न आएको देखिँदैन । साथै सो मोवाइल चोरीको हो भन्ने जानजानी यी प्रतिवादी सुजन चौधरीले लिई बेचेका हुन् भनी पुष्ट्याई गर्ने वस्तुनिष्ट आधार प्रमाण वादी पक्षबाट पेश हुन सकेको पाइदैन । अतः यी प्रतिवादी सुजन चौधरी विरुद्धको अभियोग दाबी वस्तुनिष्ट ढङ्गबाट पुष्टि हुन सकेको नदेखिँदा निजले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ ।

चोरीको ३ नं.को कसूरमा सोही महलको १४(१) नं. बमोजिमको सजाय हुन अभियोग दाबी भएका प्रतिवादीहरू B-1 र Y-1 को हकमा विचार गर्दा निज दुवै प्रतिवादीहरू अदालतसमक्ष कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । निजहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी Y-1 ले स्थानीय मानिस तथा प्रहरीहरू आए नआएको हेर्ने र प्रतिवादी B-1 ले फलामको रडले पसलको ताला तोडी माथि उल्लेख भएबमोजिमका मालसामानहरू चोरी गरी आपसमा बाँडेको भनी कसूरमा साबित रही एक अर्कालाई पोल गरेकोसमेत पाइन्छ । त्यसै गरी प्रतिवादी Y-1 को कोठाबाट वरामद भएको सामान जाहेरवालाले आफ्नो पसलबाट चोरी भएका सामानहरू हुन भनी सनाखत गरी दिएकोसमेत देखिन्छ । यसरी यी प्रतिवादीहरू B-1 र Y-1 अदालतसमक्ष कसूरमा इन्कार भए तापनि निजहरूले अधिकारप्राप्त

अधिकारीसमक्ष बयान गर्दा कसूरमा साबित रही एक अर्कालाई पोल गरेको साथै निजहरूको बयान वरामदी मुचुल्कासमेतबाट समर्थित भइरहेको देखिँदा यी प्रतिवादीहरूले माथि उल्लेख भएबमोजिम बिगो रु. १८,२०७/- वरावरका धनमाल पसलको ताला तोडी नकवजनी चोरी गरेको ठहर्छ ।

यी प्रतिवादीहरू B-1 र Y-1 दुवैको उमेर १४ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम रहेको तथ्यमा विवाद देखिँदैन् । सो उमेर समूहका बालकलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने भएकोले उल्लेखित कसूरमा चोरीको १४(१) बमोजिम निज प्रतिवादीहरू B-1 र Y-1 लाई उमेर पुगेका कसूरदारलाई हुने सजायको आधा जनही रु. १३,६५५/२५ जरिवाना र २२ दिन कैद सजाय हुने ठहर्छ ।

मिसिल संलग्न सामाजिक अध्ययन प्रतिवेदनबाट निज दुवै जना प्रतिवादीहरूको शारीरिक र मानसिक तथा परिवारिक अवस्था सामान्य रहेको भन्ने देखिएको छ । साथै यस अदालतको आदेशबमोजिम निज प्रतिवादीहरू अध्ययनरत स्कुलबाट प्राप्त मासिक प्रतिवेदनहरूमा निजहरूको चालचलन राम्रो भएको भन्ने उल्लेख भएको र सो प्रतिवेदनसाथ प्राप्त हाजिर रेकर्डसमेतबाट निजहरूको कक्षामा उपस्थित नियमित रहेको देखिएको छ । निजहरूको उल्लेखित सुधारोन्मुख अवस्थालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम यी प्रतिवादीहरू B-1 र Y-1 को सजाय स्थगित गरी दिएको छ ।

बिगो भरीभराऊतर्फ विचार गर्दा माथि विवेचना भएबमोजिम जम्मा बिगो रु. १८,२०७/- वरावरको धनमाल चोरी भएको ठहरेकोमा बिगो रु. ८,००७/- वरावरको धनमाल वरामद भएकाले सो वरामद भएका सामान पीडित जाहेरवालाबाट सनाखतसमेत भएको हुदाँ सो सामान निजलाई भराई दिने ठहर्छ । साथै नपुग बिगोको हकमा प्रतिवादी Y-1 ले लिएको देखिएको धनमालको बिगो रु. २,७५०/- निज Y-1 बाट प्रतिवादी B-1 ले लिएको देखिएको धनमालको बिगो रु. ७,४५०/- निज B-1 बाट पीडित जाहेरवालाले भराई लिन पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

नाबालिका प्रतिवादीहरूको हकमा विषेश प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ को दफा २(क) बमोजिम निजहरूको पहिचान गोप्य राख्न सांकेतिक नाम राखि नियमानुसार गर्नु १

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू B-1 र Y-1 लाई जनही जरिवाना रु. १३,६५५/२५ र कैद दिन २२ ठहरेकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सो सजाय स्थगित गरिएकोले सोको लगत राखि निम्नानुसार कार्यान्वयन गर्नु २

क. निज B-1 र Y-1 को चालचलन तथा कक्षा हाजिरी रेकर्ड निजहरू अध्ययनरत विद्यालयबाट मासिक रुपमा १ वर्षसम्म लिई निजहरूको चालचलन र कक्षामा नियमित उपस्थित देखिए लगत असुल जनाई कट्टा गरी दिनु ।

ख. प्रकरण नं. क मा उल्लेख भएबमोजिमको व्यवहार नगरी कुनै कसूर गरेमा कानूनबमोजिम सजाय हुने भनी अभिभावकहरूको रोहवरमा निज बालकहरू B-1 र Y-1 लाई सूचीत गराई यो फैसलाको प्रतिलिपि दिनु ।

इन्साफ खण्डमा लेखिएबमोजिम जम्मा बिगो रु. १८,२०७/- वरावरको धनमाल चोरी भएको ठहरेकोमा वरामद भएको रु. ८,००७/- वरावरको धनमाल हकवालालाई भराई नपुग रु. १०,२००/- मध्ये प्रतिवादी Y-1 बाट बिगो रु. २,७५०/- (दुई हजार सात सय पचास) र प्रतिवादी B-1 बाट बिगो रु. ७,४५०/- (सात हजार चारसय पचास) भराई पाउने ठहरेकाले प्रतिवादीहरूको नेपाल सरहदको जेथा देखाई मुलुकी ऐन, दण्ड सजायको ४२ नं. को म्यादभित्र सम्बन्धित हकवालाले दरखास्त दिए नियमानुसार गरी बिगो भराई दिनु ३

यस अदालतको इन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम श्री पुनरावेदन अदालत सुर्खेतमा पुनरावेदन गर्नु भनी श्री जिल्ला सरकारी वकिल कार्यालय, दैलेखलाई र प्रतिवादीहरू Y-1 र B-1 लाई पुनरावेदनको म्याद दिनु ४

जाहेरवालालाई जानकारी दिनको लागि फैसलाको प्रतिलिपिसहित जानकारी जिल्ला प्रहरी कार्यालय, दैलेखमा पठाई दिनु ५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ६

टिपोट गर्ने इजलास सहायक ना.सु. बिरेन्द्रप्रकाश खड्का ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल असार १२ गते रोज ५ शुभम् .....।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

सम्वत् २०७० सालको स.फौ.नं.३६८/१६७

नि.नं.: ४४७

०६९-CR-०२२४

मुद्दा: जवरजस्ती करणी।

वादी	प्रतिवादी
परिवर्तित जिल्ला ४१, लुम्ले गा.वि.स, वडा नं. १ बस्ने परिवर्तित नाम तारा वि.क.को जाहेरीले नेपाल सरकार १	कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाँउ बस्ने बेलबहादुर वि.क.को नाती लालबहादुर वि.क. भन्ने लाल वि.क. को छोरा परिवर्तित नाम कास्की च १

छलफल उपस्थित
समाजसेवीः लक्ष्मीदेबी श्रेष्ठ
बालमनोवैज्ञानिकः कृष्णकुमारी गुरुङ

प्रस्तुत मुद्दाको टिपोट र ठहर यस प्रकार छः

मिति २०७०/१/३ गते दिउँसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाँउस्थित बिन्दुमाया वि.क.को भैसीगोठमा कास्की च ले मेरी छोरी वर्ष ५ की परिवर्तित नाम पोखरा ट ललाईफकाई गरी जवरजस्ती करणी गरेको हुँदा आवश्यक कारवाही गरिपाऊँ भन्ने व्यहोराको परिवर्तित नाम तारा वि.क. जाहेरी।

पीडित परिवर्तित नाम पोखरा ट र पीडक कास्की च को नामको शारीरिक परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको पाइन्छ।

मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा चरा मार्न जान्छु भनी घरमा सुकाएको सुकुटी मासु खाँदी बिन्दु माया बि.क.को आँगन हुँदै जादै थिएँ । यसै क्रममा बिन्दु माया बि.क.को घरको आँगनमा परिवर्तित नाम पोखरा ट र निजको बहिनी खेलिरहेको देखें । कोही नभएको एकान्त मौकामा पारी दिदीलाई करणी गर्छु भन्ने सोची निजलाई सुकुटी दिई बहिनीलाई आँगनमा बस्न लगाएँ भने दिदीलाई रु. १/- को सिक्का दिई तान्दै गोठतर्फ लगें । सोपश्चात् निजलाई सुत्न लगाई निजले लगाएको कपडा खोली मेरो उत्तेजित लिङ्ग निजको पिसाब फेर्ने ठाँउमा दल्दै पसाउन बल गरे । बलले धकेल्ने क्रममा मेरो लिङ्गको टुप्पो भाग मात्र निजको पिसाब फेर्नेमा छिरेको थियो । यसै क्रममा निजले ऐया दुख्यो भन्दै रुँने क्रममा कुमार राई आई मलाई गाली गरेका हुन् । यसै क्रममा बिन्दुमाया बि.क.समेत आएपछि म त्यहाँबाट भागी घरतर्फ गई बसेकोमा सोही विषयमा लिएर प्रहरीले मलाई पर्काउ गरी ल्याएका हुन् भन्ने व्यहोराको प्रतिवादी कास्की च को बयान कागज ।

मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाउँस्थित बिन्दुमाया बि.क.को भैसीगोठमा कास्की च ले वर्ष ५ की परिवर्तित नाम पोखरा ट लाई जवरजस्ती करणी गरेको भनी देखाइएको घटनास्थल मुचुल्का ।

पीडक कास्की च लाई उमेर परीक्षणको लागि पठाइएकोमा परीक्षणपश्चात् प्राप्त हुन आएको परीक्षण रिर्पोटमा समेत निजको उमेर १४ देखि १६ वर्ष रहेको भन्ने व्यहोराको उमेर परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाउँस्थित फुपूको घरमा दिदी बहिनी खेली बसेका थियौं । यसै क्रममा कास्की च ले मलाई ललाईफकाई गोठमा लगी विवाह गरी खेली भनी मलाई सुत्न लगाई मैले लगाएको कट्टु खोली ममाथि चढी आफ्नो पिसाब फेर्ने कुराले मेरो पिसाब फेर्ने ठाँउमा घोच्न थाले । मलाई बेस्सरी दुख्न थालेपछि ऐना भन्दै रोएँ । यसै क्रममा कुमार अङ्कलले देखी निज कास्की च लाई गाली गरे । पछि फुपू आई म र बहिनीलाई घरमा लगेपछि कास्की च ले मलाई नराम्रो काम गरेको कुरा आमालाई बताएको हुँ । कास्की च ले मेरो पिसाब फेर्ने कुरामा आफ्नो पिसाब फेर्ने कुराले बेसरी घोचेको हुँदा मलाई पिसाब फेर्ने क्रममा दुख्छ भन्ने व्यहोराको पीडित पोखरा ट को कागज ।

मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाउँस्थित फुपूको घरमा दिदी बहिनी खेली बसेका थियौं । यसै क्रममा कास्की च ले मलाई पिढीमा बस्न लगाई दिदीलाई ललाईफकाई गोठमा लगी विवाह गरी खेलौं भनी घोडचढी रहेको देखेको हुँ । पछि कुमार अङ्कल आई कास्की च लाई गाली गर्नु भएको हो । कास्की च दाईले दिदीको पिसाब फेर्ने कुरामा घोचेको भन्ने थाहा पाएँ भन्ने व्यहोराको पीडितको बहिनी दिक्षा बि.क.को कागज ।

मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाउँस्थित बिन्दुमाया बि.क.को भैसीगोठमा कास्की च ले जाहेरवाली परिवर्तित नाम तारा वि.क.को छोरी परिवर्तित नाम पोखरा ट लाई ललाइफकाई जवरजस्ती करणी जवरजस्ती करणी गरेको देखेको हुँ । यसरी नाबालिकी परिवर्तित नाम पोखरा ट लाई जवरजस्ती करणी गर्ने यी अभियुक्त कास्की च लाई कानूनबमोजिम कडा कारवाही होस् भन्ने व्यहोराको प्रत्यक्षदर्शी कुमार राईको कागज तथा सोही व्यहोराको वस्तुस्थित मुचुल्कामा लेखाउने मानिस विमला वि.क. र सन्तोषी गुरुङको कागज ।

प्रतिवादी कास्की च ले मिति २०७०/१/३ गते दिउसो ३:०० बजेको समयमा कास्की जिल्ला, लुम्ले गा.वि.स., वडा नं. १ माझगाउँस्थित बिन्दुमाया वि.क.को घरमा कोही नभएको एकान्त मौका पारी गोठमा लगी वर्ष ५ की पोखरा ट लाई जवरजस्ती करणी गरेको हालसम्मको अनुसन्धानबाट देखिन आएको र पीडित प्रतिवादी कास्की च ले आफ्नो उमेर १६ वर्ष भएँ भनी लेखाई नागरिकताको प्रमाणपत्र लिने उमेर भएको छैन भनी अनुसन्धानको क्रममा बयान गरेका, निज प्रतिवादीको उमेर सम्बन्धमा यकीन गर्न पठाइएकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराको पत्रबाट निजको उमेर १४-१६ उल्लेख भई आएको, प्रतिवादीले आफ्नो उमेर १६ वर्ष लेखाएको, प्रतिवादीको शारीरिक अवस्था र कसूरको प्रकृतिसमेतलाई मध्यनजर गर्दा प्रतिवादी कास्की च नाबालक हुन् भन्न मिल्ने अवस्था देखिन आएन । अत निज प्रतिवादी कास्की च को सो कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. को कसूर अपराध गरेको देखिन आएको हुँदा निज प्रतिवादी कास्की च लाई ऐ. महलको ३ को (१) नं. बमोजिम सजाय गरी पीडितलाई प्रतिवादीबाट ऐ. ऐनको दफा १०(ग) बमोजिम क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदाबी ।

जाहेरी मेरो माइजू, पीडित मामाको छोरी बहिनी हुन् । मैले दाउरा काटेको ज्याला माग्न माइजूको घरमा गएको थिएँ । माइजूले पैसासैसा दिन्न तलाई एक दिन जाँकी दिन्छु भनी गाली गर्नु भयो । मैले बहिनीहरूलाई खाजा बनाएर खान दिएँ । पीडित भनिएकी बहिनी पहिला ७ महिनासम्म आमाको दुध नआएर मेरै आमाको दुध खाएर हुर्केकी हुन् । उनलाई मैले त्यस्तो नराम्रो व्यवहार गर्ने कुरै छैन । मैले उनीहरूसँग बहिनी भनी भाइटीकासमेत लगाउथें तर माइजूले पैसा मागेको रिसमा झुठ्ठा आरोप लगाउनु भएकोले मैले पोखरा ट लाई जवरजस्ती करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की च ले अदालतमा गरेको बयान ।

मिति २०७०/१/३१ गतेको थुनछेक आदेशानुसार प्रतिवादी कास्की च मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृह, सराङकोट कास्कीमा थुनामा बसेका रहेछन् ।

आदेशानुसार जाहेरवाली तारा वि.क. पीडित पोखरा ट, मौकामा बुझिएका मानिस सन्तोषी गुरुङले गरेको बकपत्र मिसिल सामेल रहेछ ।

आदेशानुसार समाजसेवी लक्ष्मी श्रेष्ठ, बालमनोवैज्ञानिक कृष्णकुमारी गुरुङले पेश गरेको छुट्टाछुट्टै अध्ययन प्रतिवेदन मिसिल सामेल रहेछ ।
प्रतिवादी कास्की च को उमेरको सम्बन्धमा पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराबाट जाँच भई आएको प्रतिवेदन मिसिल सामेल रहेछ ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका जिल्ला न्यायाधिवक्ता श्री योगनाथ ढकाल र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान वैतनिक अधिवक्ता श्री विनोद रेग्मीको बहस सुनी र समाजसेवी लक्ष्मीदेबी श्रेष्ठ र बालमनोवैज्ञानिक श्री कृष्णकुमारी गुरुङसमेत संलग्न भई पीडित, प्रतिवादीसमेतका रोहवरमा छलफलसमेत भई मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादीले अभिमयोग दाबीबमोजिम कसूर गरेको हुन्, होइनन् सो विषयमा निर्णय दिनु परेको छ ।

निर्णयतर्फ विचार गर्दा यी प्रतिवादी कास्की च ले पीडित नाबालिक पोखरा ट लाई जवरजस्ती करणी गरेका पुष्टि हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं.को कसूरमा ऐ. ऐन महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. ऐन महलको १०(ग) नं बमोजिमको प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने अभियोगपत्र मागदाबी देखिन्छ ।

प्रतिवादी कास्की च ले अदालतमा बयान गर्दा यी पीडित मामाकी छोरी बहिनी नाताकी हुन् । आफुले उनको घरमा दाउरा काटेको ज्याला माग्न जादा माइजूले गाली गर्नु भएको थियो । भाइटीकामा टीका लगाएकी बहिनी यी पीडितलाई करणी गर्ने कुरै हुँदैन । जवरजस्ती करणी गरेको होइन भनी कसूर अपराधमा इन्कार रही बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७०/१/२ गते दिउसो यी पीडितलाई रु. १/- को सिक्का दिई तान्दै गोठतिर लगी निजलाई सुत्न लगाई निजले लगाएको कपडा खोली मेरो लिङ्गले निजको पिसाब फेर्ने ठाँउमा दल्दै पसाउन बल गरे । निजले ऐया दुख्यो भन्दै रुँने क्रममा कुमार राई र बिन्दु बि.क.समेत आएपछि म भागी घरतर्फ गएको हुँ भनी बयान गरेको पाइन्छ ।

यी प्रतिवादीले आफ्नी छोरी पीडित पोखरा ट लाई जवरजस्ती करणी गरेको भनी जाहेरी दिई जाहेरवाली परिवर्तित नाम तारा बि.क.ले अदालतमा उपस्थित भई बकपत्र गर्दा म दिउसो म घरमा नभएको मौका पारी यी प्रतिवादीले छोरीलाई बिन्दुमायाको गोठमा लगेर जवरजस्ती करणी गरेछन् । बेलुकी घरमा आउँदा छोरीले भनेपछि थाहा पाई प्रतिवादीलाई खोजी घरमा ल्याई सोध्दा होइन भने पनि देख्ने कान्छी छोरीले किन होइन भनी भनेपछि मैले उजूरी दिएकी हुँ भनी बकपत्र गरेकी, आफ्नो पिसाब फेर्ने कुरामा प्रतिवादीले

आफ्नो पिसाब फेर्ने कुराले घोचेका हुन् भन्नेसमेत व्यहोरा उल्लेख गरी पीडित पोखरा ट ले मौकामा कागज गरी अदालतमा उपस्थित भई बकपत्र गर्दा मौकामा आफुले गरेको कागज व्यहोरालाई समर्थन गर्दै मलाई प्रतिवादीले मलाई गोठमा लगेर पैसा र मासु दिएर काठमा सुत्न लगाएका हुन् । म राएको हुँ भनी व्यहोरा खुलाई दिएको देखिन्छ र मौकामा देखिएको मानिस कुमार राई, विमला बि.क., सन्तोषी गुरुङले यी प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेका हुन् भनी लेखाई दिई सन्तोषी गुरुङ अदालतमा उपस्थित भई मैले घटना वारदात भएको देखेकी होइन, प्रतिवादीले पीडितलाई आफ्नो फुपूको गोठमा लगेर जवरजस्ती करणी गरेको हो अरे भन्ने सुनेकी हुँ भनी बकपत्र गरेको देखिन्छ ।

अतः माथि विवेचना गरिएअनुसार किटानी जाहेरी एवं जाहेरी व्यहोरालाई पुष्ट्याई हुने गरी जाहेरवालीले अदालतमा गरेको बकपत्र, पीडितको मौकाको कागज एवं उक्त कागजलाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान, Small tear on hymen 1.5 cm an redness on vegina भन्ने व्यहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणबाट यी प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुन आयो ।

अतः पीडितको उमेर ४ वर्षको रहे भएको सन्दर्भमा यी प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको १ र ३(१)नं. को कसूर अपराध गरेको देखिँदा सोहि १३(१) नं. अनुसार १० वर्ष कैद हुनेमा यी प्रतिवादी १४ वर्ष माथि र १६ वर्षमुनिको नाबालक रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेकालाई हुने सजायको आधा मात्र सजाय हुने हुँदा यी प्रतिवादीलाई ५ वर्ष कैद सजाय हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

प्रतिवादी कास्की च के माथि इन्साफ खण्डमा लेखिएबमोजिम ५(पाँच) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७०/५/१ गतेदेखि प्रहरी हिरासतमा बसी यस अदालतको मिति २०७०/१/३१ गतेको थुनछेक आदेशबमोजिम मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृह, सराङकोट कास्कीमा थुनामा बसेको देखिँदा प्रहरी हिरासतमा बसेको मितिदेखि कैद कट्टा हुने गरी लगत कसी कैद ठेकी पठाउन तहसिल शाखामा लगत राख्नु १

प्रातिवादी कास्की च लाई यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गर्नु २

यो फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा पठाई दिनु ३

नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिईनक्कल दिनु ४

यो मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत, पोखरामा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ५

फैसला टिपोट गरी टाइप गराउने
फाँटवालाः ना.सु. रामप्रसाद न्यौपाने ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल अषाढ महिना १३ गते रोज ६ शुभम् .....।

रुपन्देही जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः शिवलाल भण्डारी

समाजसेवीः प्रदिपकुमार यादव

सम्वत् २०७० सालको बालबिज्याँई दर्ता नं.०७०-CR-०४१४

नि.नं.: ४५९

मुद्दा: जवरजस्ती करणी।

वादी	प्रतिवादी
नाम परिवर्तित २०७०(४) एम को जाहेरीले नेपाल सरकार १	नाम परिवर्तित २०७०(४)आर को छोरा २०७०(४) एस १
साक्षीः जाहेरवाला परिवर्तित नाम २०७०(४) एम लगायत वस्तुस्थिति मुचुलकाका मानिसहरू कागजः अभियोगपत्र साथ संलग्न संलग्न कागजातहरू	साक्षीः × कागजः ×

अदालतले बुझेको

जाहेरवाला परिवर्तित नाम २०७०(४) एम, पीडित परिवर्तित नाम २०७०(४) ए, डा. बृजेश पाण्डे, रेखा थापा

कागजः ×

मुलुकी ऐन, अ.ब. २९ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्र भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः

मिति २०७०/१२/२७ मेरो नाबालिक छोरी नाम परिवर्तित गरिएको २०७०(४) ए बहाल कोठादेखि अं. १०० मिटर पूर्व उत्तरतर्फ रहेको खाली जग्गामा खेल्न गएको अवस्थामा सोही ठाउँमा ढुकी बसेका हाल परिवर्तित नाम २०७०(४) एस ले जवरजस्ती नियन्त्रणमा लिई मुख थुनी भाग्न उम्कन नदिई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको हाल नाम परिवर्तित गरिएको २०७०(४) एम को जाहेरी दरखास्त ।

मिति २०७०/१२/२७ गते मेरो जाहेरी दस्तखास्तमा उल्लेखित स्थानमा कानूनसँग विवादमा परेको बालकसँग खेल्ने क्रममा निजले मैले लगाएको हाप कट्टुसमेत खोली दिई उठेर नै आफ्नो लिङ्ग मेरो योनीमा छिराएको हो भन्नेसमेत व्यहोराको हाल परिवर्तित नाम २०७०(४) ए ले गरेको घटना विवरण कागज ।

हाल नाम परिवर्तन गरिएको २०७०(४) एस को जन्ममिति २०६३/२/२० गते भएको भन्ने जन्मदर्ताको प्रमाण प्रतिलिपि ।

जवरजस्ती करणी मुद्दामा वारदातपश्चात् फरार रहेका हाल नाम परिवर्तित गरिएको २०७०(४) एस लाई पक्राउ गरी दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन ।

रुपन्देही जिल्ला, सि.न.पा., वडा नं. १३ स्थित पूर्वमा ओमप्रकाश जि.सी.को घर, पश्चिममा नेपाली कांग्रेस पार्टी कार्यालयको भवन, उत्तरमा ओमकार गौचनको घर, दक्षिणमा कच्ची बाटो । यति चारकिल्लाभित्र रहेको खाली जग्गामा मिति २०७०/१२/२७ गते हाल नाम परिवर्तित गरिएको २०७०(४) एस ले हाल नाम परिवर्तित गरिएको २०७०(४) ए लाई जवरजस्ती करणी गरेको भनिएको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७०/१२/२७ गते जाहेरवालाकी छोरी नाम परिवर्तन गरिएको २०७०(४) ए को योनीबाट प्रशस्त मात्रामा रगत बगिरहेको देखेको हुँ । निजको हालको अवस्था सामान्य छ । निज बालिकालाई कानूनसँग विवादमा परेको बालक नाम परिवर्तित २०७०(४) एस ले जवरजस्ती करणी गरेको पूर्ण विश्वास लाग्छ भन्नेसमेत व्यहोराको सपना कुँवरसमेतका मानिसहरूको घटना विवरण कागज ।

Blood stains present in the vulva (was clean with normal saline by the on duty emergency allow) Congestion present around bilaterial libia minora, tenderness present, active bleeding absent. भन्नेसमेतको नाम परिवर्तन गरिएकी पीडित २०७०(४) ए को परीक्षण प्रतिवेदन तथा Normal genitalia, no discharge भन्नेसमेतको नाम परिवर्तन गरिएका २०७०(४) एस को स्वास्थ परीक्षण प्रतिवेदन ।

नाम परिवर्तन गरिएकी पीडित २०७०(४) ए को जन्ममिति २०६५/६/५ गते भएको भन्ने बुद्धज्योति हाइएर सेकेण्डरी स्कुल, भैरहवाको पत्र ।

मिति २०७०/१२/२७ गते घरदेखि अं. ४०/४५ मिटर दुरीमा रहेको चौरमा खेल्न गएको अवस्थामा गाँउकै चिनेको बालिका हालको नाम परिवर्तित २०७०(४)ए समेत खेलिरहेकी थिइन् । यस्तैमा निज पीडितसँग धकलाधकेल भएको हो । निजलाई मैले जवरजस्ती करणी (नराम्रो कुरा) केही गरेको छैन भन्नेसमेत व्यहोराको कानूनसँग विवादमा परेको बालक हाल नाम परिवर्तित गरिएको २०७०(४) एस ले गरेको बयान कागज ।

पीडकको उमेरको आधारमा निजले अपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहे तापनि सजायसम्बन्धी कुरा र अनुसन्धानबाट कसूर यकीन भएको स्थितिमा पीडितले क्षतिपूर्ति पाउने कुरा भिन्न प्रकृति र अवस्थाको विषय भएको एवं क्षतिपूर्तिको हकमा नाबालकहरू छुट दिने कानूनी व्यवस्था नरहेको अवस्थामा पीडक र पीडित दुवै नाबालकहरूका अधिकारको सम्मान गर्नु पर्ने हुन्छ । अतः प्रस्तुत मुद्दामा सामाजिक अध्ययन प्रतिवेदन मिसिल सामेल गर्ने तथा पीडक नाबालक वा निजका अभिभावकको नाममा के कति चल अचल सम्पत्ति रहेको छ भन्ने लगायतको अनुसन्धान कार्य बाँकी नै रहेको देखिँदा बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा बालबालिकासम्बन्धी ऐन, २०४८ लगायतको कानूनी प्रावधानहरूका आधारमा बालकको सर्वोतम हितलाई मध्यनजर गर्दा आरोपित बालकलाई निजको अभिभावकको जिम्मा लगाई थप अनुसन्धान कार्य गर्नु नै श्रेयस्कर देखिँदा सोहि अनुरुप थप अनुसन्धान कार्य सम्पन्न गर्नु भन्नेसमेतको जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीको पत्र ।

कानूनसँग विवादमा परेको बालक हाल नाम परिवर्तन गरिएको २०७०(४) एस लाई खोजी गरेको बखत उपस्थित गराउने गरी निजको बाबुले जिम्मा बुझि लिएको भरपाई कागज ।

बालकको मनस्थिति हेर्दा बालकले गलत नगरेको र बालकलाई फसाउन खोजेको देखिएको भन्नेसमेत सामाजिक अध्ययन प्रतिवेदन ।

मिति २०७०/१२/२७ गते जाहेरी दरखास्त उल्लेखित मिति र स्थानमा कानूनसँग विवादमा परेको बालक हाल नाम परिवर्तन गरिएको २०७०(४) एस ले जाहेरवालाकी छोरी हाल नाम परिवर्तन गरिएको २०७०(४) ए लाई खेल्ने क्रममा करणी गरेको भनी सुनी थाहा पाएको हो । करणी गरे गरेनन् थाहा भएन भन्नेसमेत व्यहोराको चेतबहादुर क्षेत्रीसमेतले गरेको वस्तुस्थिति मुचुल्का ।

आरोपित बालक नाम परिवर्तित २०७०(४) एस ले मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. तथा ३ को देहाय १ नं. बमोजिमको कसूर गरेकोले उक्त कसूरमा निज आरोपित बालकलाई सोही महलको

३(१) नं. बमोजिम सजाय हुनेमा वारदात हुँदाको अवस्थामा निजको उमेर ७ वर्ष १० महिना ७ दिनको देखिएको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) नं.अनुरुप निजलाई कुनै प्रकारको सजाय हुन सक्ने अवस्था नदेखिई पीडकको उमेरको आधारमा निज नाबालकले अपराधिक दायित्वबाट उन्मूक्ति पाउने अवस्था हुँदा सजायको हकमा निजलाई सोही नं. बमोजिम हुन अनुरोध गरिन्छ । साथै पीडक नाबालकलाई हुने सजायसम्बन्धी कुरा र अनुसन्धानबाट कसूर यकीन भएको स्थितिमा पीडितले क्षतिपूर्ति पाउने कुरा भिन्न प्रकृति र अवस्थाको विषय भएको एवं क्षतिपूर्तिको हकमा नाबालकलाई छुट दिने कानूनी व्यवस्था उक्त ऐनले नगरेकोले जवरजस्ती करणीको महल १० नं. अनुरुप पीडितलाई क्षतिपूर्ति भराई पाऊँ भन्नेसमेत अभियोग मागदाबी ।

पीडित भनिएकी नाम परिवर्तित २०७०(४) ए र म बस्ने घर वल्लोपल्लो जोडिएको छ तर निजको स्कुल र मेरो स्कुल सँगै नभएकाले भेटघाट हुँदैन । निज मभन्दा सानो छन्, निजसँग म खेल्दिन । मिति २०७०/१२/२७ गतेका दिन साँझ मेरो साथी क्रिस र पीडित खेलिरहेका थिए । सोही क्रममा नाम परिवर्तित २०७०(४) ए एउटा लौरामा बल्झिएर लडेपछि निज रुँन थालिछन् । क्रिस भागेर आएको भनेर क्रिसले आफ्नो मम्मीसँग भन्दा मैले सुनेको हुँ । तर म मेरोघरमा थिए, मैले केही देखिन । मैले पीडितलाई केही पनि गरेको छैन । उक्त दिन पीडितसँग मेरो भेट पनि भएको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी नाम परिवर्तित २०७०(४) एस ले अदालतसमक्ष गरेको बयान ।

नाम परिवर्तित २०७०(४) एस ले खेल्दाखेल्दै मैले लगाएको पाइट र पेन्टी खोली दियो र उसले पनि आफ्नो पाइन्ट खोली सुसु गर्ने ठाउँमा आफ्नो सुसु गर्ने छिराई दिएकोले म दुखेर रुँदा निजले मलाई ढाडमा पिटी मम्मीलाई भन्यौ भने कुट्छु भनी भनेको हो । म रुँदै घरमा गई मम्मीलाई सबै कुरा भनेकोले मेरो मम्मी र निज प्रतिवादीको मम्मीले मलाई हस्पिटल लिएर गएका हुन् भन्नेसमेत व्यहोरा पीडित नाम परिवर्तित २०७०(४)ए ले गरेको बकपत्र ।

जाहेरवाला परिवर्तित नाम २०७०(४) एम र प्रहरीमा कागज गर्ने सपना कुँवरले गरेको बकपत्र मिसिल सामेल रहको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायधिवक्ता श्री मनोहरसागर बस्यालले आरोपित बालक नाम परिवर्तित २०७०(४) एस ले मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. तथा ३ को देहाय १ नं. बमोजिमको कसूर गरेकोले उक्त कसूरमा निज आरोपित बालकलाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुनेमा वारदात हुँदाको अवस्थामा निजको उमेर ७ वर्ष १० महिना ७ दिन भएको देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) नं. अनुरुप निजलाई कुनै प्रकारको सजाय हुन

सक्ने अवस्था नदेखिई पीडकको उमेरको आधारमा निज नाबालकले अपराधिक दायित्वबाट उन्मूक्ति पाउने अवस्था हुँदा सजायको हकमा निजलाई सोही नं. बमोजिम हुनुका साथै पीडक नाबालकलाई हुने सजायसम्बन्धी कुरा र अनुसन्धानबाट कसूर यकीन भएको स्थितिमा पीडितले क्षतिपूर्ति पाउने कुरा भिन्न प्रकृति र अवस्थाको विषय एवं क्षतिपूर्तिको हकमा नाबालकलाई छुट दिने कानूनी व्यवस्था उक्त ऐनले नगरेकोले जवरजस्ती करणीको महल १० नं. अनुरुप पीडितलाई क्षतिपूर्ति भराई पाऊँ भनी गर्नु भएको बहस तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री धर्मबहादुर खड्काले यी प्रतिवादीको उमेर ७ वर्षको भन्ने देखिएको भनी स्वयं अभियोजन पक्षले स्वीकार गरी मुद्दा दर्ता गराएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) नं. अनुरुप १० वर्ष कम उमेरको बालकले गरेको जुनसुकै कसूरमा पनि कारवाही गर्न हुँदैन भनी गरेको व्यवस्था विपरीत पर्न आएको प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर गरेको नगरेको के हो ? कसूर गरेको भए निजबाट पीडितले दाबीबमोजिम क्षतिपूर्ति पाउने नपाउने के हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, नाम परिवर्तित २०७०(४) एस ले मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. तथा ३ नं. को देहाय १ नं. बमोजिमको कसूर गरेकोले उक्त कसूरमा निज आरोपित बालकलाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुनेमा वारदात हुँदाको अवस्थामा निजको उमेर ७ वर्ष १० महिना ७ दिनको भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) बमोजिम निजलाई कुनै प्रकारको सजाय हुन नसक्ने देखिई पीडकको उमेरको आधारमा निज नाबालकको अपराधिक दायित्वबाट उन्मूक्ति पाउने हुँदा क्षतिपूर्तिको हकमा छुट दिने कानूनी व्यवस्था ऐनले नगरेको हुँदा जवरजस्ती करणीको महल १० नं. बमोजिम क्षतिपूर्ति भराई पाऊँ भन्नेसमेत अभियोग मागदाबी रहेकोमा पीडित २०७०(४) ए ले अदालतमा गरेको बकपत्रसमेतबाट आफ्नो सुसु गर्ने ठाउँमा आरोपित बालकले आफ्नो सुसु गर्ने छिराएको हो भनी बकि लेखाई दिए पनि निज पीडितको पटकपटक भएको स्वास्थ परीक्षण प्रतिवेदनबाट त्यस्तो देखिन आएन । आरोपित बालक ७ वर्ष १० महिना ७ दिनको देखिन आएकोमा निजले पीडित २०७०(४) ए ले जवरजस्ती करणी गरेको भन्ने कुरा उल्लेखित प्रमाणबाट स्थापित हुन सकेको देखिन आएन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) नं. ले १० वर्षभन्दा मुनिको बालक रहेछ भने कुनै प्रकारको सजाय हुन नसक्ने भन्ने कानूनी व्यवस्था भइरहेको स्थितिमा निज आरोपित बालकले जवरजस्ती करणी गरेको भन्ने कसूर कायम नभई सोही कसूरमा पीडितले निज प्रतिवादीबाट क्षतिपूर्ति भराई पाउन नसक्ने हुँदा वारदात नै स्थापित नभई रहेको क्षतिपूर्ति भराई पाऊँ भनी दाबी लिई अदालतमा मुद्दा दायर गर्नलाई ऐन, २०४८ को दफा ११(१) नं. को कानूनी व्यवस्थाको प्रतिकुल हुन जाने देखिएकोले यी नाम परिवर्तित प्रतिवादी २०७०(४) एसउपर लिइएको अभियोग दाबी पुग्न नस्कने ठहर्छ । सो ठहर्नाले तपसिलबमोजिम हुने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल

प्रतिवादी परिवर्तित २०७०(४) एसके माथि इन्साफ खण्डमा लेखिएबमोजिम अभियोग दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई यस फसैलाउपर चित्त नबुझे श्री

पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्यादसहित फसैलाको जानकारी दिनु १

सरोकारवाल पक्ष फसैलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु २

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखा बुझ्काई दिनु ३

माननीय न्यायाधीशज्यूले टिपाएबमोजिम फैसला तयार गर्ने डि. सपना गौतम ।
फाँटवालाः ना.सु. युवराज पन्थी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल आषाढ १७ गते रोज ३ शुभम्.....।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

सम्वत् २०७० सालको स.फौ.नं. २५९/७९

नि.नं: १७

०७०-CR-००४२

मुद्दा: जवरजस्ती करणी।

वादी	प्रतिवादी
परिवर्तितत जिल्ला-४१, भरतपोखरी गा.वि.स., वडा नं. २ आँपुभन्ज्याङ्ग बस्ने पीडित परिवर्तित नाम पोखरा भ को नाम शारदा वि.क.को जाहेरीले जाहेरी नेपाल सरकार १	कास्की जिल्ला, भरतपोखरी गा.वि.स., वडा नं.२, आँपुभन्ज्याङ्ग बस्ने बसन्तकुमार श्रेष्ठको छोरा परिवर्तित नाम कास्की छ .....१ कास्की जिल्ला, भरतपोखरी गा.वि.स., वडा नं.२ लम्गादी बस्ने खड्कबहादुर बाँनियाको छोरा परिवर्तित नाम कास्की ज १

छलफलमा उपस्थित

बालमनोवैज्ञानिकः कृष्णकुमारी गुरुङ

समाजसेवीः लक्ष्मीदेबी श्रेष्ठ

प्रस्तुत मुद्दाको टिपोट र ठहर यस प्रकार छः

मिति २०७०/४/५ गते दिउँसो करिव १५:०० बजेको समयमा कास्की जिल्ला, भरतपोखरी गा.वि.स., वडा नं. २ आँपुभन्ज्याङ्गस्थित मेरै घरको बाथरुममा नुहाउन लागेको मेरी अपाङ्ग छोरी वर्ष २२ को हाल परिवर्तित नाम पोखरा भ लाई कास्की छ र कास्की ज ले बोले कराएमा ज्यानै मार्ने सम्मको धाकधम्की दिई कराउन चिच्याउन नदिइकन मुख थुनी पालैपालो जवरजस्ती करणी गरेको हुँदा निजहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने व्यहोराको परिवर्तित नाम शारदा वि.क.को जाहेरी पीडित परिवर्तित नाम पोखरा भ र पीडिक कास्की छ र कास्की ज को शारीरिक परीक्षण रिपोर्ट मिसिल संलग्न रहेको।

परिवर्तित जिल्ला-४१, भरतपोखरी गा.वि.स., वडा नं. २ आँपुभन्ज्याङ्गस्थितमा जाहेरीवाली परिवर्तित नाम शारदा वि.क.को घर र सो घरदेखि उत्तरतर्फ बाथरुम रहेको, उक्त बाथरुममा मिति २०७०/४/५ गते दिउँसो करिव १५:०० बजेको समयमा परिवर्तित नाम पोखरा भ लाई कास्की छ र कास्की ज ले जवरजस्ती करणी गरेको भनी देखाइएको घटना मुचुल्का ।

मिति २०७०/४/५ गते हाल मसँगै प्रहरी पत्राउमा परेका कास्की ज र मैले परिवर्तित नाम पोखरा भ घरमा प्रायजसो एक्लो हुन्छे निजलाई पालो गरी करणी गरौं भनी सल्लाह गर्‌यौं । सल्लाहबमोजिम पोखरा भ को घरमा पुग्दा बाथरुममा रहेकी निज पोखरा भ ले हामीलाई देखी लठ्‌यौरो स्वरमा कता आयौ भनी सोधेपछि यतै आएको भनी हामीले जवाफ दियौं । कास्की ज लाई म पहिला करणी गर्छु तँ मान्छे हेर भनी बाहिर पठाएँ । म बाथरुममा पस्दा पीडितले नुहाउनको लागि कपडा खोलेकी रहिछन् । पीडितले मलाई यहाँ किन आएको भन्दै सोध्दै थिई मैले वास्तै नगरी निजलाई च्याप्पै समाई उसको स्तन समाई निजको मुख चुस्दै मेरो कट्टु खोल्न थाले । पीडितले नगर हुँदैन हुँदैन भन्दै गर्दा मैले हप्कीदप्की गरी बाथरुमकै गारोमै आड लगाई उभिई एक पटक जवरजस्ती करणी गरेको हुँ । वीर्य स्खलन हुने बेलामा उत्तेजित लिङ्ग योनीबाट बाहिर निकाली वीर्यपात गराई पानीले बगाई हातमुख धोई बाहिर निस्किएको हुँ । त्यसपछि कास्की ज बाथरुमभित्र प्रवेश गरे । उ भित्र गएको केही समयपछि पीडितको घरतर्फ मान्छेहरू बोले कराएको सुनी मान्छे आयो छिटो गर भनी मैले कराएपछि निज कास्की ज फुत्त बाहिर निस्किनासाथ पीडितलाई कोही कसैलाई यो कुरा भनेमा याद गर भन्दै हामी सो स्थानबाट भागी गएका हौं । कास्की ज सँग तिमीले करणी गर्‌यौ गरेनउ भनी सोध्दा एक पटक लिङ्ग छिराई भित्रबाहिर गर्न खोज्दाखोज्दै त्यत्तिकै निस्केको हुँ भनी बताएका थिए । सोही घटना सम्बन्धमा म र कास्की ज लाई प्रहरीले पत्राउ गरी ल्याएको हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की छ को बयान कागज ।

मिति २०७०/४/५ गते हाल मसँगै प्रहरी पत्राउमा परेका कास्की छ र मैले परिवर्तित नाम पोखरा भ घरमा प्राय जसो एक्लो हुन्छे निजलाई पालो गरी करणी गरौं भनी सल्लाह गर्‌यौ । सल्लाहबमोजिम पोखरा भ को घरमा पुग्दा बाथरुममा रहेकी निज पीडित पोखरा भ ले हामीलाई देखी लठ्‌यौरो स्वरमा कता आयौ भनी सोधेपछि यसै आएको भनी हामीले भन्यौं । त्यसपछि कास्की छ ले म पहिले करणी गर्छु तिमी बाहिर मानिस हेरी बस भनी भनेको हुँदा म बाहिर मानिस हेर्दै बसे । कास्की छ वाथरुममा छिरे । कास्की छ वाथरुममा प्रवेश गरेको ५/७ मिनेटपछि निज कास्की छ ले एक पटक गरे अव तँ जा भन्दै हातमुख पानीले भिजाई चिसो पारी बाहिर आए । त्यसपछि म बाथरुमभित्र प्रवेश गर्दा यी पीडित नाङ्गै थिइन । मैले निजलाई च्याप्पै समाई मेरो कट्टु खोली निजको छातीमा समाई मुखतिर चुस्दै निजले हुँदैन हुँदैन भन्दाभन्दै बाथरुमको भित्तामा आड लगाई निजको योनीमा मेरो उत्तेजित लिङ्ग छिराई हाले । एक दुई पटक लिङ्ग भित्रबाहिर मात्र के गरेका थिएँ साथी कास्की छ ले मान्छे आयो छिटो गर भनी कराएकोले मैले हत्तपत्त पीडितलाई छाडी कट्टु लगाई बाहिर निस्किएपछि त्यहाँबाट भागी गएका हौं । केही पर गएपछि मैले पर्खालको आड लगाई उत्तेजित लिङ्गलाई हस्तमैथुन गरी पीडितलाई करणी गरेको

सम्झी झाडीमा वीर्य पतन गराएको हुँ । सोही घटना सम्बन्धमा प्रहरीले म र कास्की छ लाई पक्राउ गरी ल्याएका हुन् भन्ने व्यहोराको प्रतिवादी कास्की ज को बयान कागज ।

मिति २०७०/४/५ गते घरमा म एक्लै रहेको थिएँ । दिउँसो करिव १५:०० बजे घरकै बाथरुममा नुहाउन लागेको अवस्थामा कास्की छ र कास्की ज बाथरुमभित्र पसी एक्कासी मलाई समाती पालैपालो मेरो छाती समाई मैले लगाएको कपडा खोली बोले कराएमा ज्यानै मार्ने सम्मको धाकधम्की दिई बोल्न कराउन नपाउने गरी मेरो मुख थुनी मेरो योनीमा लिङ्ग प्रवेश गराई पटकपटक घोची दुवै जनाले जवरजस्ती करणी गरेका हुन् । सोपश्चात् निजहरूले कोही कसैलाई भनेमा बाँकी नराख्ने भनी धाकधम्की दिई भागी गएको हुँदा मलाई डर लागि कोही कसैलाई जानकारी नगराई बसेकोमा मेरो व्यवहार परिवर्तन भएको देखी आमाले सोधेको हुँदा मैले भएको सम्पूर्ण व्यहोरा बताएपछि आमाले जाहेरी दिएकी हुन् । यसरी म एक अपाङ्ग महिलालाई घरमा एक्लो भएको मौका पारी ज्यानै मार्ने सम्मको धम्की दिई जवरजस्ती करणी गर्ने निज कास्की ज र कास्की छ लाई कानूनबमोजिम हदैसम्मको सजाय होस् भन्ने व्यहोराको पीडित परिवर्तित नाम पोखरा झ को कागज ।

मिति २०७०/४/५ गते दिउँसो करिव १५:०० बजेको समयमा परिवर्तित कास्की जिल्ला-४१, भरतपोखरी गा.वि.स., वडा नं. २ आँपुभन्ज्याङ्गस्थित जाहेरीवालीको घरको बाथरुममा नुहाउन लागेको जाहेरवालीको अपाङ्ग छोरी परिवर्तित नाम पोखरा झ लाई कास्की छ र कास्की ज ले बोले कराएमा ज्यानै मार्ने सम्मको धाकधम्की दिई कराउन चिच्याउन नदिइकन मुख थुनी पालैपालो जवरजस्ती करणी गरेको भन्ने थाहा पायौं । यसरी घरमा एक्लो भएको मौका पारी अपाङ्ग महिलाको मुख थुनी ज्यानै मार्ने सम्मको धाकधम्की दिई पालैपालो जवरजस्ती करणी गर्ने कास्की ज र कास्की छ लाई कानूनबमोजिम हदैसम्मको सजाय होस् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी कास्की ज र कास्की छ ले ज्यानै मार्ने सम्मको धाकधम्की दिई पीडितलाई बोल्न कराउन नपाउने गरी मुख थुनी पीडितको संवेदनशील अङ्ग, स्तनसमेतमा समाई पालैपालो जवरजस्ती करणी गरेको देखिन आएको हुँदा निज प्रतिवादीहरू कास्की छ र कास्की ज ले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(५) र ३(क) नं ले निषेधित गरेको कसूर अपराध गरेको देखिन आएको र प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नो उमेर १५ वर्ष उल्लेख गरी बयान गरे तापनि निजहरू नाबालक देखिने आधिकारिक कागज नदेखिएको, उमेर पुरा गरेका व्यक्तिहरूले सरह जवरजस्ती करणीको कसूर गरेको भन्ने मिसिलबाट देखिनुका साथै निज प्रतिवादीहरूको उमेर परीक्षण प्रतिवेदनमा प्रतिवादीहरूको उमेर १४ देखि १६ वर्ष भन्ने उल्लेख भएको देखिँदा निजहरू नाबालक भन्ने देखिन आएन । अतः निज अभियुक्तहरू कास्की छ र कास्की ज लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(५) र ३(क) नं को कसूर गरेकोमा सोही महलको ३(५) नं. बमोजिम सजाय गरी शारीरिक दुर्वलता (अपाङ्ग) पीडितलाई सामुहिक रुपमा करणी गरेकोमा सोही महलको ३(क) नं. बमोजिम सजायसमेत थप गरी

सजाय गरी ऐ. महलको १० ग नं. बमोजिम यिनै अभियुक्तहरूबाटै पीडित पोखरा झ लाई क्षतिपूर्ति दिलाई पाऊँ भन्ने अभियोगपत्र मागदाबी ।

पीडित भनिएको पोखरा झ लाई मैले सामान्य रुपले चिने पनि राम्रो चिनजान थिएन । उनलाई राम्रोसँग चिनेको साथी अन्जित वि.क. र सन्दिप पुनले मलाई निजसँग करणी गर्न मिलाई दिने कुरा गरेको हुँदा निज पोखरा झ को घरमा जाँदा घरमा रहिछन् । निज अन्जित र सन्दिपले हामीहरू कास्की ज र म चारै जनालाई करणी गर्न देऊ भन्दा हुन्छ भनेकी र निज बाथरुममा नुहाउन गएकी थिई । बाथरुममा ढोका थिएन कपडाको पर्दा मात्र थियो । उसले नुहाउन लाग्दा हामी चार जनाले पर्दा हटाई हेरेका थियौं । निजले नाङ्गै नुहाएकी थिइन् । पोखरा झ को सहमतिले करणी गर्ने उद्देश्य रहेको र निजले हुन्छ भनी नुहाउँदा कुरी बसेको अवस्थामा निजको भाउजु आएको हुँदा कसैले पनि करणी गर्न नपाउदै चारै जना भागेका हौं । पीडित झ आपाङ्ग होइनन् । मैले अनुसन्धानमा करणी गरेको भनी लेखाएको होइन । बयान व्यहोरा फरक पारी लेखिएको रहेछ । प्रहरीले मलाई बयान व्यहोरा नसुनाइकन सहिछाप गराएका हुन् । मउपरको अभियोग झुठ्ठा हो । मैले कसूर नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको कास्की छ ले यस अदालतमा गरेको बयान ।

म, कास्की झ, सन्दिप र अन्जितले पीडित पोखरा झ को घरमा जाउँ भनेको हुँदा गएका थियौं । निज पोखरा झ घरमा थिइन् । अजितले कास्की छ लाई पोखरा झ सँग कुरा गरेको र उसलाई करणी गर्न मिलाई दिने कुरा गरेको रहेछ । उ करणी गर्ने उद्देश्यले गएको भए पनि म करणी गर्ने उद्देश्यले गएको होइन । हामी सबै जना पोखरा झ को घरमा गई बाहिर बसेका थियौं । सोही वेलामा निज केटी बाथरुमभित्र पसी नुहाउन लागेकी रहिछन् । हामीहरू सबैले पर्दा हटाई लुकीछिपी पर्दाको चरबाट हेरेका हौं । नाङ्गै नुहाएकी थिइन सोही समयमा मेरो आफ्नै माइजू आउनु भयो र हामीहरू छोडी भागेका हौं । कसैले पनि करणी गरेको होइन । मेरो अनुसन्धानमा भएको बयान व्यहोरा झुठ्ठा हो । बयान कागज पढी बाँची नसुनाई सहिछाप गराएका हुन् । मैले कुनै कसूर नगरेको हुँदा सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की ज ले यस अदालतमा गरेको बयान ।

मिति २०७०/५/११ गते थुनछेक आदेशानुसार प्रतिवादीमध्येका कास्की छ लाई मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय कास्कीमा र प्रतिवादीमध्येका कास्की ज लाई मुद्दा पुर्पक्षको लागि बाल सुधर गृह, साराङकोट कास्कीमा थुनामा राख्नु भन्ने आदेश भएको रहेछ ।

आदेशानुसार बुझिएकी पीडित परिवर्तित नाम पोखरा झ जाहेरवाली परिवर्तित नाम शारदा वि.क., मौकामा बुझिएका शिव गुरुङले गरेको बकपत्र मिसिल सामेल रहेछ ।

बालमनोवैज्ञानिक कृष्णकुमारी गुरुङ, समाजसेवी लक्ष्मीदेबी श्रेष्ठले पेश गरेको सुझाव तथा राय प्रतिवेदन मिसिल सामेल रहेछ ।

मिति २०७०/११/२६ गते इजलासबाट भएको आदेशानुसार प्रतिवादी कास्की ज लाई बाल सुधार गृह, सराङकोट कास्कीमा थुनामा राख्न पठाइएको र मिति २०७१/३/८ गतेको आदेशानुसार प्रतिवादीहरूको परिवर्तित नाम कास्की छ र कास्की ज कायम गरिएको रहेछ ।

अदालतको ठहर

नियमबमोजिम शाप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान जिल्ला न्यायाधिवक्ता श्री योगनाथ ढकाल र प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्धान वैतनिक अधिवक्ता श्री विनोद रेग्मीको बहस र बालमनोवैज्ञानिक श्री कृष्णकुमारी गुरुङ र समाजसेवी लक्ष्मीदेबी श्रेष्ठले दिनु भएको लिखित प्रतिवेदन एवं इजलाससमक्ष उपस्थित भई पीडित प्रतिवादीसँग छलफल गरी दिनु भएको मौखिक सुझाव र मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् ? र निजलाई सजाय हुने हो होइन सो विषयमा निर्णय दिनु परेको छ ।

निर्णय तर्फ विचार गर्दा यी प्रतिवादी कास्की ज र कास्की छ ले ज्यानै मार्ने सम्मको धाकधम्की दिई बोल्न कराउन नपाउने गरी मुख थुनी पीडितको संवेदनशील अङ्ग, स्तनसमेत समाई पालैपालो जवरजस्ती करणी गरेको देखिन आएको हुँदा निज प्रतिवादी कास्की छ र कास्की ज ले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(५) र ३(क) नं ले निषेधित गरेको कसूर अपराध गरेको देखिन आएको र प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नो उमेर १५ वर्ष उल्लेख गरी बयान गरे तापनि निजहरू नाबालक देखिने आधिकारिक कागजात नदेखिएको, पुरा उमेर पुरा गरेका व्यक्तिहरूले सरह जवरजस्ती करणीको कसूर गरेको भन्ने मिसिलबाट देखिनुका साथै निज प्रतिवादीहरूको उमेर परीक्षण प्रतिवेदनमा प्रतिवादीहरूको उमेर १४ देखि १६ वर्ष भन्ने उल्लेख भएको देखिँदा निजहरू नाबालक भन्ने देखिन आएन । अतः निज अभियुक्तहरू कास्की छ र कास्की ज लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(५) र ३(क) नं को कसूर गरेमा सोही महलको ३(५) नं. बमोजिम सजाय गरी शारीरिक दुर्वलता (अपाङ्ग) पीडितलाई सामुहिक रुपमा करणी गरेमा सोही महलको ३(क) नं. बमोजिम सजायसमेत थप गरी सजाय गरी ऐ. महलको १० नं. बमोजिम यिनै अभियुक्तहरूबाटै पीडित पोखरा झ लाई क्षतिपूर्ति दिलाई पाऊँ भन्ने अभियोगपत्र मागदाबी रहेछ ।

प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफुले यी पीडित पोखरा झ लाई जवरजस्ती करणी गरेको होइन भनी आरोपित कसूर गरेकोमा इन्कार रही बयान गरे तापनि पीडित पोखरा झ को सहमतिले करणी गर्ने उद्देश्य रहेकोमा निजले हुन्छ भनी निजले नुहाएको ठाउँमा कुरी बसिरहेको अवस्थामा निजको भाउजु आएको हुँदा भागी गएको हौं भनी वारदात स्थलमा उपस्थित रहे भएको कुरालाई स्वीकार गरी बयान

गरेको पाइन्छ । यी प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अपाङ्ग पीडित पोखरा भ लाई आफुहरूले पालैपालो जवरजस्ती करणी गरेका हौं भनी कसूरमा साबित रही बयान गरेको देखिन्छ ।

मिति २०७०/४/५ गते दिउँसो करिव ३ बजेको समयमा मेरै घरको बाथरुममा नुहाउन लागेकी अपाङ्ग छोरी परिवर्तित नाम पोखरा भ लाई कास्की छ र कास्की ज ले बोले कराएमा ज्यानै लिने सम्मको धम्की दिई मुख थुनी पालैपालो जवरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी दिई अदालतमा उपस्थित भई उक्त जाहेरी दरखास्त व्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरेको पाइन्छ भने आफुलाई यी प्रतिवादीहरूले सामुहिक रुपमा जवरजस्ती करणी गरेका हुन भनी पीडितले मौकामा व्यहोरा खुलाई कागज गरी दिई उक्त कागज व्यहोरालाई पुष्टि हुने बकपत्र गरी दिएको पाइन्छ । वस्तुस्थिति मुचुल्का एवं मौकामा बुझिएका व्यक्ति शिवबहादुर गुरुङले मौकामा कागज गर्दा प्रतिवादीहरूले अपाङ्ग अवस्थाकी पीडित पोखरा भ लाई पालैपालो जवरजस्ती करणी गरेका रहेछन् भनी लेखाई दिएको व्यहोरालाई समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्र गरी दिएको देखिन्छ । वस्तुस्थिति मुचुल्का एवं मौकामा बुझिएका व्यक्ति शिवबहादुर गुरुङले मौकामा कागज गर्दा प्रतिवादीहरूले अपाङ्ग अवस्थाकी पीडित पोखरा भ लाई पालैपालो जवर जस्ती करणी गरेका रहेछन् भनी लेखाई दिएको व्यहोरालाई समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्र गरी दिएको व्यहोरासमेतको आधार प्रमाणबाट यी प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र कास्की ज ले आरोपित कसूर गरेको पुष्टि हुन आयो ।

यसर्थ जवरजस्ती करणीको १ र ३(५) को कसूरमा सोहि महलको ३(५) नं. बमोजिम यी प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र कास्की ज लाई जनही ५ वर्ष कैद र ऐ. को दफा ३(क) नं बमोजिम यी प्रतिवादीहरूले सामुहिक रुपमा लाटी अपाङ्ग महिलालाई जवरजस्ती करणी गरेको देखिँदा यी प्रतिवादीलाई ऐ. ३(क) नं बमोजिम थप ५ वर्षसमेत जम्मा १० वर्ष कैद सजाय हुनेमा कसूर गर्दाको अवस्थामा यी प्रतिवादीहरूको उमेर मिसिल संलग्न जन्मदर्ताबाट १६ वर्षमुनिको रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले यी प्रतिवादीलाई आधामात्र सजाय हुने हुँदा यी प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र कास्की ज लाई जनही ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्छ । साथै यी प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र कास्की ज बाट पीडितले जवरजस्ती करणीको महल १० नं बमोजिम रु. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति स्वरुप भरी पाउनेसमेत ठहर्छ । अन्य तपसलिबमोजिम गर्नु ।

तपसिल

प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र प्रतिवादी कास्की ज समेत जना-२ के माथि इन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, जवरजस्ती करणी महलको ३(५) नं. बमोजिम निजहरूलाई जनही ५ वर्ष कैद र ऐ. को ३(क) नं. बमोजिम यी प्रतिवादीहरूले सामुहिक रुपमा अपाङ्ग महिलालाई जवरजस्ती करणी गरेको ठहरी यी प्रतिवादीलाई ऐ. थप ५ वर्षसमेत जम्मा १० वर्ष कैद सजाय हुनेमा कसूर गर्दाको

अवस्थामा यी प्रतिवादीहरू १६ वर्षमुनिको रहेको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले यी प्रतिवादीलाई आधामात्र सजाय हुने हुँदा यी प्रतिवादीहरूलाई जनही ५ (पाँच) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोले निजहरू मिति २०७०/४/१६ गतेदेखि प्रहरी हिरासतमा बसी मिति २०७०/५/११ गतेको थुनछेक आदेशानुसार मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृह, सराङकोट कास्कीमा थुनामा बसेको देखिँदा निजहरूलाई लागेको कैद उक्त प्रहरी हिरासतमा बसेको मितिदेखि कट्टा हुने गरी असुल गर्न तहसिल शाखामा लगत दिनु १

पीडित परिवर्तित नाम पोखरा भ के माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूबाट रु. ५०,०००/- क्षतिपूर्ति दिलाई भराई पाउने ठहरी फैसला भएकोले यी प्रतिवादीहरू परिवर्तित नाम कास्की छ र परिवर्तित नाम कास्की ज को यसै सरहको जेथा देखाई कानूनका म्यादभित्र क्षतिपूर्ति रकम दिलाई भराई पाऊँ भनी दरखास्त दिए भराएको क्षतिपूर्ति रकमको दशौद रकम लिई पीडित पोखरा भ लाई भराई दिनु २

प्रतिवादीहरूलाई यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गर्नु ३

यो फैसलाको प्रतिलिपि साथै राखी यस अदालतको इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा लेखी पठाई दिनु ४

नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ५

यो मुद्दाको दायरी लगत कट्टा गरी मिसिल श्री पुनरावेदन अदालत पोखरामा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ६

फैसला टिपोट गरी टाइप गराउने फाँटवाला ना.सु. रामप्रसाद न्यौपाने ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल श्रावण महिना १६ गते रोज ६ शुभम् .....।

सप्तरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद अधिकारी

फैसला

सम्वत् २०७० सालको २०७१-CR-००५१

निर्णय नं: १३

मुद्दा: जवरजस्ती करणी उद्योग ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम, थर, वतन जिल्ला १५, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने पूर्णिमाकुमारीको जाहेरीले नेपाल सरकार १	जिल्ला १५, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने परिवर्तित नाम थर पर्शुरामको छोरा वर्ष १५ को बलराम १
प्रमाण:	प्रमाण:
साक्षी: ×	साक्षी: ×
कागज: ×	कागज: ×

अदालतबाट बुझेको

साक्षी:×

कागज:×

मुलुकी ऐन, अ.ब. २९ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्तमा तथ्य यस प्रकार रहेको छः

मेरी छोरी वर्ष ७ की परिवर्तित नाम, थर कञ्चनपुर (च) जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोला नजिकैको जङ्गलमा बाख्रा चराउन भनी मिति २०७०/५/३१ गते गएकीमा सोही दिनको अं. २:०० बजेको समयमा परिवर्तित नाम, थर वर्ष १५ को बलरामले जङ्गलमा घाँस काटी दिन्छु भनी प्रलोभनमा पारी जङ्गल बीचमा लगी बल जवरजस्ती भुईमा लडाई छोरीले लगाएको कपडासमेत

खोली जवरजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम, थर, वतन जिल्ला १५ फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने पूर्णिमाकुमारीको जाहेरी दरखास्त ।

मिति २०७०/५/३१ गते स्कुल बिदा भएको कारण बिहान ८:०० बजेको समयमा म मेरी आमा तथा सानो भाइ सन्तोषसमेत खसी बाख्रा लिएर चराउन भनी फत्तेपुर २ स्थित जङ्गलमा गएकोमा आमा खोलामा नै गिट्टी कुट्न भनी बस्नु भयो, म र भाइ बाख्रा खसी लिई केहि पर जङ्गलतर्फ छाडि अम्हाखोलामा गिट्टी कुटिरहेको अवस्थामा अं. १४:०० बजेको समयमा मैले दाई भनी बोलाउने प्रतिवादी परिवर्तित नाम, थर बलराम म नजिकै आई तिमीलाई घाँस काटी दिन्छु हिड भन्दा मैले जान्न भन्दा जवरजस्ती समाती बोकी म भएको ठाउँमा रुँदै गरेको भाइलाई समेत हप्काईदप्काई गरी जङ्गल बीचमा रुखको फेदमा लगी बोल्न कराउन नदिई मुख थुनी मेरो शरीरको कपडा खोली भूईमा लडाई मेरो पिसाब फर्नेमा निजको पिसाब फेर्ने लगाई म रुँदा चिच्याउँदासमेत नछाडि जवरजस्ती करणी गरेको र सो कुरा घर आई आमालाई सुनाएकी हुँ भन्नेसमेत व्यहोराको पीडित कञ्चनपुर (च) ले गरेको घटना विवरण कागज ।

जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको पर्सा सामुदायिक जङ्गलमा रहेको जामुन जातको रुखको फेदमा भ्यास पातपतिङ्गर सोरिएको खोम्रिएको जस्तो देखिएको स्थान, सोही स्थानमा प्रतिवादी परिवर्तित नाम, थर बलरामले परिवर्तित नाम, थर कञ्चनपुर (च) लाई मिति २०७०/५/३१ गते जवरजस्ती करणी गरेको भनिएको चारकिल्लासहितको घटनास्थल मुचुल्का ।

मिति २०७०/५/३१ गते स्कुल गई दिउसो अं. दिनको १:०० बजेको समयमा घर आई बाख्रा लिई फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको जङ्गलमा जाँदा मैले साथमा भकुण्डो पनि बोकेको थिएँ । दिउसो अं. २:०० बजेको हुनु पर्छ, हालको परिवर्तित नाम, थर कञ्चनपुर (च) र निजको भाइ नजिकैको अम्हाखोलाको किनारमा खेल्दै गरेको देखेपछि नजिकै जाँदा पीडित गिट्टी कुट्दै रहिछन्, त्यतिबेला कोही पनि मानिसहरूको चालचुल नदेखेपछि मेले पीडितलाई उसको नाम लिई बोलाई घाँस काटी दिन्छु जङ्गलमा हिड भन्दा उनले मम्मीले कुट्नु हुन्छ भनी नमानेपछि मैले जान्छेस् भने हिंडिहाल नत्र बोकेर लैजान्छु भन्दासमेत नमानेपछि मैले त्यही उसलाई लडाएँ, भाइसमेत त्यतिबेला रोएकोले भाइलाई मेरो भकुण्डो खेल्न दिई चुप लाग भनी पीडितलाई बाँकी जङ्गलतिर लगी बीचमा भएको रुखको फेदमा लगी सुताउन खोज्दा उनी नमानी रोएकीले मैले केही पनि नगरी फर्की आई भकुण्डो लिई बेलुका घरमा आएको हुँ, पीडितलाई मैले जवरजस्ती करणी गरेको छैन, निजकी आमाले सिकाएकोले गर्दा पीडितले मेरो नाम पनि दिएको हुनु पर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम बलरामले अधिकारप्राप्त अधिकारीसमक्ष बुबा परिवर्तित नाम पर्शुरामको रोहवरमा गरेको बयान कागज ।

मिति २०७०/५/३१ गते म र दिदी बाख्रा चराउन भनी जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको जङ्गलमा गएका थियौं । दिदी र म खोलामा गिट्टी कुट्दै खेल्दै बसिरहेको बेला

गाउँकै दाजु नाताको बलराम आई दिदीलाई घाँस काटी दिन्छु मसँग हिड भन्यो । दिदीले नमानेपछि बलरामले दिदीलाई समाएर त्यही लडाई दिदीमाथि चढ्यो । दिदी र म रुँन थालेपछि मलाई भकुण्डो दिई चुप लाग भनी म तेरो दिदीलाई केही पनि गर्दिन भरे मिठाई किनी दिन्छु भनी दिदीलाई बोकी लग्यो अनि केहीवेरमा दिदी रुँदै आएपछि मेले के भयो भन्दा मलाई बलराम दादाले छाडा गर्‌यो भनेकी हुन् अनि हामी बेलुकी घर गई आमालाई सुनाएको हो भन्नेसमेत व्यहोराको पीडित कञ्चनपुर (च) को भाइ सन्तोषले गरेको घटना विवरण कागज ।

मिति २०७०/५/३१ गते म आफ्नै घरमा थिएँ, परिवर्तित नामथर पर्शुरामको छोरा बलरामले मेरो नाबालिका छोरी कञ्चनपुर (च) लाई बाख्रा चराउन गएको अवस्थामा जवरजस्ती करणी गरेछ भनी पछि पीडितकी आमा जाहेरीवालीले भन्दा सुनी थाहा पाएको हुँ, त्यसपछि मसमेतले पीडितलाई सोध्दा पीडितले म र भाइ बाख्रा चराउन अम्हाखोलाको जङ्गलमा गएको अवस्थामा बलराम दाईले भाइलाई खेल्ने कुरा दिई फकाई भुलाई मलाई जवरजस्ती बोकी जङ्गलमा रहेको रुखको फेदमा सुताई मेरो शरीरको कपडा खोली ममाथि चढी छाडा (जवरजस्ती करणी) गर्‌यो भनी भनेको सुन्दा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ, निजलाई कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको देबी वि.क.ले गरेको घटना विवरण कागज ।

वारदात मिति २०७०/५/३१ गते हाल पक्राउ परेका बलरामले जाहेरवालीकी छोरी कञ्चनपुर (च) लाई जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको जङ्गलमा जवरजस्ती करणी गर्‌यो भन्ने कुरा सुनी थाहा पाएको, पछि गाउँघरमा घटना बारेमा बुझ्दा जाहेरवालीकी नाबालिका छोरी वर्ष ७ कञ्चनपुर (च) लाई प्रतिवादी बलरामले विभिन्न धाकधम्की दिई डरत्रास देखाई जवरजस्ती करणी गरेको रहेछ भनी सुने बुझेको, प्रतिवादीले नाबालिका निज पीडितलाई जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्ने जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने रमनबाबु कर्णसमेत जना ३ ले एकै मिलानको हुने गरी गरिदिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी बलरामलाई मुलुकी ऐन, अ.ब. १७३ बमोजिम सनाखत गराउँदा पीडित कञ्चनपुर (च) ले हेरी चिनी मिति २०७०/५/३१ गते दिउसो अं. २:०० बजे सप्तरी फत्तेपुर-२ स्थित अम्हाखोलाको जङ्गलमा मलाई जवरजस्ती करणी गर्ने व्यक्ति यही हो भनी गरेको सनाखत कागज ।

यसमा अनुसनधानको सिलसिलामा सङ्कलित जाहेरी दरखास्त पीडितले गरेको घटना विवरण कागज घटनास्थल मुचुल्का, प्रतिवादीको बयान कागज, मौकामा बुझिएका व्यक्तिहरूले लेखाई दिएको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का लगायतका प्रमाण कागजबाट मिति २०७०/५/३१ गते बाख्रा चराउन गएको वर्ष ९ की परिवर्तित नाम कञ्चनपुर (च) लाई दिउसो अं. २:०० बजेको समयमा सप्तरी फत्तेपुर-२ स्थित अम्हाखोला छेउ जङ्गलमा प्रतिवादी बलरामले जवरजस्ती करणी गरेको तथ्य स्थापित

भएको र निजको उमेरबाट नाबालक देखिँदा मुलुकी ऐन, जवरजस्ती करणी महलको ३(१) नं. ले हुने सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय कैद गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

जाहेरवाली तथा पीडितसँग मेरो चिनजान छ । बारदात मिति समयको दिन म आफ्नै घरमा हुँदा पीडितसँग मेरो भेटघाट भएन, मैले पीडितलाई जवरजस्ती करणी गरेको छैन । मलाई फसाउन झुठ्ठा जाहेरी दरखास्त दिई पीडितलाई निजको आमाले सिकाएर त्यस्तो व्यहोराको कागज लेखाएको हो । मौकामा भएको बयान मैले भनेअनुसार लेखेको होइन, म निर्दोष हुँदा अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्र. बलरामले यस अदालतमा गरेको बयान ।

यस अदालतका मिति २०७०/७/५ का आदेशानुसार प्र. बलरामलाई मुद्दाको पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न पठाएको ।

आदेशानुसार जाहेरवाली (परिवर्तित नाम) पूर्णिमाकुमारी पीडित कञ्चनपुर (च) को बकपत्र भई भौतिक परीक्षण प्रतिवेदन केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला महाराजगञ्जबाट प्राप्त भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निरन्तर सुनुवाइका लागि इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री हिमालयकुमार त्रिताल र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री हेमनारायण चौधरीले गर्नु भएको बहससमेत सुनियो ।

प्रतिवादी परिवर्तित नाम बलरामले जवरजस्ती करणी महलको १ र ३(१) नम्बरबमोजिमको कसूर गरेकाले सोही नम्बरबमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दाबी भई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा हातले अगाडिबाट बोकी जङ्गलतिर लगें, अलि भित्र नजिकको रुखको फेदमा लगी सुताउन खोजेको थिए, उसले मानिन, नमानी रोएपछि मैले केही पनि गरिन, घाँसपनि काटी दिइन, अनी उसको नजिक आई मेरो भकुण्डो लिई घरतिर बेलुकी खेर आए, जङ्गलमा निज बालिकालाई मैले त्यही छाडेकोमा पछि भाइ नजिक उनी रुँदैरुँदै आएकी थिइन् । उनीलाई जवरजस्ती करणी मैले गरेको छैन, संलग्नता छैन भन्नेसमेत उल्लेख गरेका छन् भने यस अदालतमा कसूर इन्कार रहेको प्रस्तुत मुद्दामा दाबीबमोजिम प्रतिवादीलाई सजाय हुनु पर्ने हो, होइन ? सोही कुराको निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णयतर्फ विचार गर्दा यसमा घाँस काटी दिने प्रलोभन दिई जङ्गलमा लगी प्रतिवादीले जवरजस्ती करणी गरेकाले कारवाही गरी सजाय गरिपाऊँ भन्ने जाहेरी, पीडितलाई जङ्गल लगेको सम्म स्वीकार गरी

जवरजस्ती करणी गरेको छैन भन्ने अधिकारप्राप्त अधिकारीसमक्षको प्रतिवादीको बयान भई जङ्गलमा डर देखाई मेरो र उसको कपडा खोल्यो, ममाथि चढ्यो, मेरो पिसाब फेर्नेमा उसको पिसाब फेर्ने छिराई तल माथि गर्‌यो भन्नेसमेत पीडितको कागज भई सोही मिलान यस अदालतमा बकपत्र रहेछ । मौकामा शरीरिक जाँच गराउँदा Might be involved in sexual activity भन्ने जाँच प्रतिवेदन रहेको देखिन्छ ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसूरमा इन्कार रहे पनि जङ्गलमा पीडितलाई लगेको कुरा स्वीकार गरेका छन् । निजउपर किटानी जाहेरी रहेको छ । पीडितको किटानी व्यहोराको कागज रहेको छ, जवरजस्ती करणी कार्यमा सरिक हुन सक्ने भन्ने स्वास्थ्य परीक्षणबाट देखिएको छ । उल्लेख भएअनुसारको जाहेरी, पीडितको कागज व्यहोरा, उल्लेख भए अनुरुपको स्वास्थ्य परीक्षण प्रतिवेदन र निजको जङ्गलमा पीडितलाई लगेको कुरा स्वीकार गरेको बयानसमेतको परिस्थितिजन्य अवस्थासमेतबाट कसूरदार हुन् भन्ने कुरा स्थापित हुन आएको छ ।

प्रतिवादीको उमेर १४ वर्षभन्दा माथि र १५ वर्ष नपुगेको अवस्थाको देखिन्छ । सोही कुरालाई मध्यनजर राखी समाजसेवी केशवकुमार दासले हुन सक्ने वर्ष ५ कैद सजायका लागि अभिभावकको जिम्मा दिनु उपयुक्त हुने भन्ने राय प्रतिवेदन पेश गर्नु भएको छ भने बालमनोविज्ञानवक्ता हरिप्रसाद यादवले समेत सोही अनुरुप राय व्यक्त गर्नु भयो ।

तर यस अदालतबाट थुनछेकका क्रममा नै एउटा इजलासबाट बाल सुधार गृहमा पठाइएको अवस्थामा पुनः संरक्षकको जिम्मा दिनु उपयुक्त देखिन आउँदैन । अतः प्रतिवादी बलरामले कसूर गरेको देखिँदा निजलाई ५ वर्ष कैद सजाय हुने भई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम बाल सुधार गृहमा राखी कैद भुक्तान हुनु पर्ने समेत ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी (परिवर्तित नाम) बलरामके माथि ठहर खण्डमा लेखिएबमोजिम ५ वर्ष कैद सजाय हुने ठहरेकाले मिति २०७०/६/४ देखी प्रहरी हिरासतमा रही हालसम्म पनि बाल सुधार गृह, विराटनगरमा रहेको देखिँदा प्रहरी हिरासतमा रहेकै मितिदेखि गणना भई निजलाई लागेको कैद मिति २०७१/६/४ मा कट्टा भई ऐ. ५ गते छुटी जाने गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम बाल सुधार गृहमा राखी कैद भुक्तान गराउन निज रहेको बाल सुधार गृह, विराटनगरमा लेखी पठाई दिनु १

यो फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई अ.ब. १९३ नं. बमोजिम पुनरावेदनको म्याद दिनु २

सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाऊँ भनी माग गरे नियमानुसार गरी दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ४

यो पाना नं. ५ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने सन्तोष दास ।
फाँट नं.: १ ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल श्रावण महिना १८ गते रोज १ शुभम् .....।

सप्तरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद अधिकारी

फैसला

सम्वत् २०७० सालको ०७०-CR-००५०

निर्णय नं: १४

मुद्दा: अप्राकृतिक मैथुनसमेत गरी जवरजस्ती करणी ।

वादीको नाम, थर, वतन
जिल्ला १५ फत्तेपुर गा.वि.स. वडा नं. ३ बस्ने पुर्णिमाकुमारीको जाहेरीले नेपाल सरकार ...१

प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम, थर जिल्ला १५, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने परिवर्तित नाम, थर, रामेश्वरको छोरा वर्ष १२ को रामवरण १

प्रमाण:
साक्षी: ×
कागज: ×

प्रमाण:
साक्षी: ×
कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

मुलुकी ऐन, अ.ब. २९ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्तमा तथ्य यस प्रकार रहेको छः

मेरी छोरी वर्ष ७ की परिवर्तित नाम, थर कञ्चनपुर (च) जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोला नजिकैको जङ्गलमा बाख्रा चराउन भनी मिति २०७०/६/१ गते गएकीमा सोही दिनको अं. २:३० बजेको समयमा परिवर्तित नाम, थर वर्ष १२ को रामवरणले जङ्गलमा घाँस काटी दिन्छु भनी प्रलोभनमा पारी जङ्गल बीचमा लगी बल जवरजस्ती भुईमा लडाई छोरीले लगाएको कपडासमेत खोली जवरजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम, थर, वतन जिल्ला १५, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने पूर्णिमाकुमारीको जाहेरी दरखास्त ।

मिति २०७०/६/१ गतेको दिन दिउसोतिर म र मेरो भाइ अम्हाखोलाको जङ्गलतिर बाख्रा लिई जाँदा दिउसोको अन्दाजी १४:३० बजेको समयमा ट्याक्टरमा चढी आएको हालको परिवर्तित नाम, थर रामवरणले मलाई घाँस काटी दिन्छु भनी बोलाई साज नामको रुखको घाँस काटी दिई मलाई सोही जङ्गलमा रहेको रुखको फेदमा लगी जवरजस्ती भुईमा लडाई मेरो कपडा खोली ममाथि चढी मलाई वशमा पारी मेरो पिसाब फर्नेमा निजको पिसाब फेर्ने लगाई केही वेर तलमाथि गर्दैगर्दा मैले चिच्याएको आवाज सुनी मेरो घर नजिकैको राजेश चौधरीले ममाथि चढिरहेको रामवरणको ढाडमा एक लाठी हिर्काएपश्चात् निज भागी गएको र निजले जवरजस्ती करणी गरेका कारण मेरो पिसाब फेर्नेबाट रगतसमेत आएकोले मैले पातले पुछी पछि भाइ भएको ठाउँमा आई भाइसँगै घर आई आमालाई सुनाएकी हुँ भन्नेसमेत व्यहोराको पीडित कञ्चनपुर (च) ले गरेको घटना विवरण ।

जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको पर्सा सामुदायिक जङ्गलमा झ्यास पातपतिङ्गर सोरिएको खोस्रिएको जस्तो देखिएको स्थान, सोही स्थानमा प्रतिवादी परिवर्तित नाम, थर रामवरणले परिवर्तित नाम, थर कञ्चनपुर (च) लाई मिति २०७०/६/१ गते जवरजस्ती करणी गरेको भनिएको चारकिल्लासहितको घटनास्थल मुचुल्का ।

मिति २०७०/६/१ गते दिउसो अं. दिनको ११:०० बजेको समयमा मैले मेरो घरको बाख्रा लिई फत्तेपुर २ स्थित अम्हाखोलाको जङ्गलमा जाँदा मैले गाउँका राजेश गोश्वामीलाई पनि बाटामा भेटी सँगसँगै गई जङ्गल पुग्दा हाल नाम, थर परिवर्तित कञ्चनपुर (च) अम्हाखोलामा किनारमा खेल्दै गिट्टी कुट्दै रहिछन्, बाख्रा जङ्गलमा लगाई घरमा आई भात खाई जङ्गलमा ट्याक्टर चढी कञ्चनपुर (च) ले गिटी कुट्दै गरेको ठाउँमा पुगी सुशील र सन्तोष भाइले पिङ खेल्दै गरेको ठाउँमा जाँदा कञ्चनपुर (च) पनि त्यही आएकी हुँदा निजलाई साजको घाँस काटी दिई केही परको नजिकैको रुखमुनि तान्दै लगी जवरजस्ती भुईमा लडाई निजले लगाएको कपडा खोली आफ्नो पाइन्टको चेन खोली निजमाथि चढी निजको पिसाब फेर्नेमा आफ्नो पिसाब फेर्ने लगाई १ मिनेट जति तलमाथि गर्दा पनि राम्ररी नपसेको हुँदा रोई कराई रहेकी निजको पिसाब फेर्नेमा औला हाल्दा निज जोडसँग कहालिई रोएको राजेश गोश्वामीले सुनेछन्, त्यसपछि निजले मलाई पीडितमाथि चढेका अवस्थामा नै १ लाठी हानेपछि म त्यहाँबाट भागी गएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम, थर रामवरणले अधिकारप्राप्त अधिकारीसमक्ष आफ्नै बुबाको रोहवरमा गरेको बयान कागज ।

मिति २०७०/६/१ गते म र सानो भाइ सुशील फत्तेपुर २ स्थित अम्हाखोलाको जङ्गलमा बाख्रा चराउदै थियौं, खोलाको छेउमा पीडित र निजको भाइ खेल्दै थिए, म र सुशील जङ्गलमा भएको रुखमा चढी बसिरहेको थियौं । यस्तैमा दिनको २:३० बजेको समय हुनु पर्छ पीडित कञ्चनपुर (च) एक्कासी जोडले रोएको सुनेपछि हतारहतार रुखबाट ओर्लिई पीडित रोएको ठाउँमा जाँदा कञ्चनपुर (च) लाई भुईमा उत्तानो पारी लडाई प्रतिवादी रामवरण चढेको देखें, देख्ने बित्तिकै रामवरणले पीडितलाई जवरजस्ती करणी (छाडा) गरेको जस्तो लागी रुखको हाँगा भाँची सोही हाँगाको लाठीले कञ्चनपुर (च) माथि घोप्टो परी चढेको रामवरणलाई पछाडिबाट जोडले एक लाठी हाने । हानेपछि रामवरण उठी भागी गयो, पीडित

कञ्चनपुर (च) पनि भुईबाट उठी एकछिन उठी उभिई आमालाई भनी दिन्छु भनी त्यँहाबाट गएकी हुन्, निज प्रतिवादी रामवरणले पीडित कञ्चनपुर (च) लाई जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको राजेशकुमार गोश्वामीले गरेको घटना विवरण कागज ।

मिति २०७०/६/१ गते म आफ्नै घरमा थिएँ, सो दिन बेलुकीपखको समयमा जाहेरवाली पूर्णिमाकुमारीले मलाई बोलाई निजको घरमा म जाँदा हालका प्रतिवादी परिवर्तित नाम, थर रामवरणले मेरी नाबलिका छोरीलाई बाख्रा चराउन जङ्गलमा गएको बेला जवरजस्ती करणी गरेछ भनेपछि मसमेतले पीडितको गुप्ताङ्ग हेर्दा रगत जस्तो तरल पदार्थ आएको, योनी रातो भएको देखी जवरजस्ती करणी गरेको विश्वास लागी मसमेतले प्रहरीमा जानकारी गराएको हौं, घटना बारेमा बुझ्दा प्रतिवादी रामवरणले जाहेरवालाकी छोरी पीडित कञ्चनपुर (च) लाई अम्हाखोलाको नजिकैका जङ्गलमा बाख्रा चराउन गएको अवस्थामा घाँस काटी दिन्छु भनी ललाईफकाई एकान्त रुखको फेदमा लगी भुईमा सुताई बालिकाको कपडा खोली जवरजस्ती करणी गरेका रहेछन् निज प्रतिवादीलाई कानूनबमोजिम कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको धनमाया नेपालीले गरेको घटना विवरण कागज ।

वारदात २०७०/६/१ गते दिनको अं. २:३० बजेको समयमा जाहेरवालीको छोरी पीडित कञ्चनपुर (च) लाई प्रतिवादी रामवरणले फत्तेपुर गा.वि.स., वडा नं. २ स्थित अम्हाखोलाको जङ्गलमा बाख्रा चराउन गएको अवस्थामा ललाईफकाई जवरजस्ती करणी गरेको रहेछ भनी सुनी थाहा पाएको, घटनाबारे बुझ्दा प्रतिवादीले पीडितलाई घाँस काटी दिन्छु भनी सोही जङ्गलमा रहेको रुखको फेदमा भुईमा लडाई जवरजस्ती करणी गर्दै गरेको अवस्थामा राजेशकुमार गोश्वामीले फेला पारी लखेटेका रहेछन् भनी सुने बुझेको हुँ, प्रतिवादीले नाबालिकालाई एक्लै जङ्गलमा जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ, निजलाई कानूनबमोजिम कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको जिल्ला सप्तरी, फत्तेपुर गा.वि.स., वडा नं. ३ बस्ने हिरादेबी थापासमेत जना ३ ले प्राय एकै मिलानको हुने गरी दिएको वस्तस्थिति मुचुल्का ।

प्रतिवादी रामवरणलाई मुलुकी ऐन, अ.ब. १७३ नं. बमोजिम सनाखत गराउँदा पीडित कञ्चनपुर (च) ले हेरी चिनी मिति २०७०/६/२ गते दिउँसो अं. २:३० बजे सप्तरी, फत्तेपुर २ स्थित अम्हाखोलाको जङ्गलमा मलाई जवरजस्ती करणी गर्ने व्यक्ति यही हो भनी गरेको सनाखत कागज ।

यस अनुसन्धानको सिलसिलामा सङ्कलित जाहेरी दरखास्त, घटना विवरण कागज, घटनास्थल मुचुल्का, प्रतिवादीको बयान कागज, मौकामा बुझिएका व्यक्तिहरूले लेखाई दिएको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का लगायतका प्रमाण कागजातबाट मिति २०७०/६/१ गते बाख्रा चराउन गएको वर्ष ७ की परिवर्तित नाम कञ्चनपुर (च) लाई अं. २:३० बजेको समयमा जि.स., गा.वि.स. फत्तेपुर-३ स्थित अम्हाखोला छेउ जङ्गलमा प्रतिवादी रामवरणले जवरजस्ती करणी गरेको तथ्य स्थापित भएको र निजको उमेरबाट नाबालक देखिँदा मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. र ९(क) नं. द्धारा निषेधित सोही महलको ३(१) र ९(क) नं. मा परिभाषित कसूरमा हुने कैद सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. अनुसार ६ महिनासम्म कैद सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मिति २०७०/६/१ गते म बाख्रा चराउन जङ्गल गएको थिएँ । सो दिन मसँग पीडित कञ्चनपुर (च) को भेटघाट भएको छैन । मेरो घर र पीडितको घर एकै गाउँमा छ । निजको परिवार र मेरो परिवार बीच रिसइवी थियो सोही कारणले मलाई फसाउन यो झुठ्ठा मुद्दा दिएको हो । म निर्दोष छु अभियोग दाबीबाट सफाई पाउनु पर्ने हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामवरणले अदालतमा गरेको बयान ।

यस अदालतमा मिति २०७०/७/४ गतेको आदेशानुसार प्र. रामवरणलाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी हाललाई यी प्रतिवादीलाई कागज गराई निजको बाबु/आमाको जिम्मा लगाई मुद्दाको कारवाही अघि बढाइएको ।

आदेशानुसार जाहेरवाली (प्रतिवादी नाम) पूर्णिमाकुमारी पीडित कञ्चनपुर (च) को बकपत्र भई भौतिक परीक्षण प्रतिवेदन केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, महाराजगञ्जबाट प्राप्त भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निरन्तर सुनुवाइका लागि इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री हिमालयकुमार त्रिताल र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री हेमनारायण चौधरीले गर्नु भएको बहससमेत सुनियो ।

प्रतिवादी (परिवर्तित नाम) रामवरणले जवरजस्ती करणी महलको १ नं. र ३(१) नम्बर विपरीत कसूर गरेकाले ऐ. नम्बरबमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दाबी भई प्रतिवादी रामवरण कसूरमा अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरी यस अदालतमा इन्कार रहेको प्रस्तुत मुद्दामा दाबीबमोजिम प्रतिवादीलाई सजाय हुनु पर्ने हो, होइन ? सोही कुराको निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णयतर्फ विचार गर्दा यसमा बाख्रा चराउन गएको समयमा प्रतिवादी रामवरणले मेरी छोरी वर्ष ७ की कञ्चनपुर (च) लाई जवरजस्ती करणी गरेकाले कारवाही गरी सजाय गरिपाऊँ भन्ने जाहेरी भई ममाथि चढी कपडा खोलेर मेरो पिसाब फेर्नेमा उसको पिसाब फेर्ने राखी तलमाथि गर्दागर्दै मेरो पिसाब फेर्नेबाट रगत चुहिएको र म कराएको रोएको सुनी मानिस आएपछि प्रतिवादी भागी गएकोले कारवाही र सजाय गरिपाऊँ भन्ने पीडित कञ्चनपुर (च) को कागज रहेछ ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा ज. ६ मा रुखको फेदमा लगी सुताई उसको तलको कट्टु खोल्ने मेरो पेन्टका चेन खोली उसको पिसाब फेर्नेमा मेरो पिसाब फेर्ने लगाउन खोजेको थिएँ, मेरो पिसाब फेर्ने कडा भई मिलाउँदा पनि भित्र पसेन, हातको औलाले उसको पिसाब फेर्नेमा भित्र हाल्दा जोडसँग कहालिई रोइन, राजेश गोश्वामी आई मलाई कसेर १ लाठी ढाडमा हान्यो अनी म भागी गएको हो भन्नेसमेत उल्लेख गरेका रहेछन् ।

प्रतिवादी कसूरमा यस अदालतमा इन्कार रहे तापनि निजउपर किटानी जाहेरी रहेको, सोहीबमोजिम यस अदालतमा बकपत्र रहेछ । पीडितको उल्लेख भएबमोजिम आरोपित गरिएको कागज गरेकी र यस अदालतमा बकपत्र गरेकी रहिछन् । फलतः प्रतिवादी कसूरदार हुन् भन्ने कुरा स्थापित हुन आएको छ । अनुसन्धानमा बसेको थुना अवधिलाई गाभी सजाय गरिनु पर्ने भन्ने समाजसेवी विद्धान अधिवक्ता केशवप्रसाद दासको राय प्रतिवेदन रहेछ । त्यसै गरी अर्का बालमनोविज्ञानवक्ता हरिप्रसाद यादवको एउटै व्यहोराको राय प्रतिवेदन रहेछ । सो प्रतिवेदनसमेतलाई मध्यनजर राखी हेरियो ।

प्रतिवादी रामवरण वर्ष १२ का रहेको भन्ने जाहेरीमा नै उल्लेख भएको र निजले पनि वर्ष १२ को भनी बयान गरेको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित हुने अवस्था देखियो ।

अतः प्रतिवादी रामवरणले कसूर गरेको देखिँदा अव आइन्दा यस्ता अपराधजन्य कृयाकलाप नगर्नु भनी सम्झाईबुझाई गर्ने एवं दिन २० कैद सजायसमेत हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी (परिवर्तित नाम) रामवरणके माथि ठहर खण्डमा लेखिएबमोजिम हुने ठहरेको २० दिन कैद सजाय निज मिति २०७०/६/४ गतेदेखि मिति २०७०/७/३ सम्म प्रहरी हिरासतमा रही भुक्तान भइसकेकोले केही गर्नु परेन १

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई अ.ब. १९३ नं. बमोजिम पुनरावेदनको म्याद दिनु २

सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाऊँ भनी माग गरे नियमानुसार गरी दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ४

यो पाना नं. ५ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने सन्तोष दास । (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल श्रावण महिना १८ गते रोज १ शुभम् .....।

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.

फैसला

सम्वत् ०७० सालको ७४-०७०-००२१४/CR-००३३

नि.नं. १३

मुद्दाः लागूऔषध ब्राउनसुगर ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला प्रहरी कार्यालय, बाँकेका प्र.स.नि. पूर्णबहादुर वलीको प्रतिवेदन जाहेरीले नेपाल सरकार १	जिल्ला बाँके, जयसपुर गा.वि.स., वडा नं.४ बस्ने मो. सदिक जोलाहको छोरा मोहम्मद आशिफ जोलाह १
प्रमाणः प्रतिवेदक प्र.स.नि. पूर्णबहादुर ओली वरामदी मुचुल्काका मानिसहरू घटना विवरणका मानिसहरू दशीः लागूऔषध नमूना बन्दी खाम थान- १	जिल्ला बाँके, जयसपुर गा.वि.स., वडा नं. ६ बस्ने जावद्दिन खानको छोरा सानु खान .....१ प्रमाणः × साक्षीः ×

अदालतबाट बुझेको

प्रमाणः ×

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

१. जिल्ला बाँके, जयसपुर गा.वि.स., वडा नं. ६ स्थित पूर्वमा किराना पसल, पश्चिममा नेपालगञ्ज भन्सार कार्यालय भवन कम्पाउण्ड, उत्तर दक्षिणमा नेपालगञ्ज भन्सार पिप्रहवा रोड । यति

चारकिल्लाभित्र प्रहरी टोलीले नेपाल भारत आवतजावत गर्ने मानिसलाई चेकजाँच गर्ने क्रममा बाँके, जयसपुर-४ बस्ने आसिफ अन्सारी र ऐ.ऐ. ६ बस्ने सानु खानलाई चेकजाँच गर्दा आसिफ अन्सारीले लगाएको कालो पाइन्टको बायाँ खल्तीमा कालो प्लाष्टिकले लपेटी राखेको १ पोका ब्राउनसुगर नजिकैको पसलमा लगी तौल गर्दा ४१ ग्राम ब्राउनसुगर प्रहरी टोलीले वरामद गरी लिएको भन्ने वरामदी मुचुल्का ।

२. मिति २०७०/३/२७ गते मसमेतको टोलीले बाँके, जयसपुर-६ स्थित नेपाल भारत आवतजावत गर्ने मानिसलाई चेकजाँच गर्ने क्रममा शङ्कास्पद रुपमा हिडिरहेको बाँके, जयसपुर-४ बस्ने आसिफ अन्सारी र ऐ.ऐ. ६ बस्ने सानु खानलाई चेकजाँच गर्दा आसिफ अन्सारीले लगाएको कालो पाइन्टको बायाँ खल्तीमा कालो प्लाष्टिकले लपेटी राखेको १ पोका ब्राउनसुगर नजिकैको पसलमा लगी तौल गर्दा ४१ ग्राम ब्राउनसुगर फेला पारी निज सानु खान र आसिफ अन्सारीलाई प्रतिवेदन साथ दाखिला गरेको छु । कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको प्र.स.नी. पूर्णबहादुर वलीको प्रतिवेदन ।

३. परिक्षण, अदालत र अनुसन्धानका लागि नमूना छुट्याई शिलबन्दी गरी नमूना छुट्याई दियौं भन्ने नमूना छुट्याइएको मुचुल्का ।

४. प्रतिवादीबाट वरामद लागूऔषध हो होइन खुलाई पठाई दिन भन्ने व्यहोराको परीक्षणको लागि पठाएको पत्र ।

५. मैले ३/४ महिनादेखि ब्राउनसुगर सेवन गर्दै आइरहेको छु । यस्तैमा मिति २०७०/३/२७ गते मलाई मेरो घर नजिकैका सानु खान आई एकछिन तिमीसँग काम छ भनी बोलाएकोमा मैले के कुन काम हो भन्दा घरमा जाउँ उतै भनौला भनेको हुँदा म निजको घरमा जाँदा निजले मलाई बाटोमा एक जना माल (ब्राउनसुगर) लिने मान्छे आएका छन्, म गए प्रहरीले शङ्का गर्दछन् बरु तिमीलाई ४००/५०० दिउँला यो माल तिमीले राखी बाटोसम्म पुर्‍याई देउ भनी निज सानु खानले दिएकाले मैले खल्तीमा राखी म र सानु खान बाटोतर्फ आउँदै गर्दा जयसपुर-६ स्थित प्रहरी टोलीले हामीलाई शङ्का गरी चेकजाँच गर्दा मेरो साथमा भएको वरामद लागूऔषध ब्राउनसुगरसहित पक्राउमा परेको हुँ । मैले पैसा पाएको थिएन किन्ने मान्छे को के हुन थाहा भएन, के कति रकममा दिने भनेका थिएँ सोसमेत थाहा छैन । निज सानु खानलाई नै थाहा होला, सानु खान पनि मसँगै पक्राउमा परेका छन् भन्ने व्यहोराको मोहम्मद आसिफ जोलाहको बयान ।

६. मैले गाडी चलाउने काम गर्ने हुँदा साथीहरूबाट ब्राउनसुगर सेवन गर्न सिकेको थिएँ । भारत रुपैडियामा सस्तो मूल्यमा ब्राउनसुगर पाइने हुँदा मैले पहिला पनि भारतबाट ब्राउनसुगर खरिद गरी घरमा ल्याई खरिद मूल्यभन्दा नाफा खाई आसिफ अन्सारीमार्फत मेरो सम्पर्कमा आउने मानिसलाई

बिक्री वितरण गर्ने गरेकोमा मैले वारदात मितिभन्दा दुई दिन अगाडि भारत रुपैडिया सब्जीमण्डी नजिक बस्ने अनिस कुरेसीसँग रु. २२,०००/- मा हाल वरामद ४१ ग्राम ब्राउनसुगर खरिद गरी ल्याई घरमा राखेकोमा मिति २०७०/३/२७ गते मसँग पहिला पनि खरिद गर्ने यकीन नाम थर थाहा नभएको व्यक्ति ब्राउनसुगर खरिद गर्न आएको हुँदा मैले आफैले बिक्री गरे अन्य व्यक्तिहरूले थाहा पाउने ठानी उक्त दिन पनि आसिफ अन्सारीलाई तिमीलाई रु. ४००/५०० दिउँला बाटोमा ब्राउनसुगर खरिद गर्ने मानिस आएका छन् । यो सामान बाटोसम्म लगी देउ भनेपश्चात् निज आसिफ अन्सारीले मैले दिएको ब्राउनसुगर आफ्नो खल्तीमा राखी हामी दुवै जना ब्राउनसुगर खरिद गर्न आएका व्यक्तिलाई बिक्री गर्न भनी जाँदै गर्दा बाटोमा प्रहरी टोलीले मसमेतलाई चेकजाँच गर्दा आसिफ अन्सारीले खल्तीमा राखेको हाल वरामद ४१ ग्राम ब्राउन सुगर फेला पारी मसमेतलाई पक्राउ गरेका हुन् । मूल्य यकीन भएको थिएन नाफा खाई बिक्री गर्ने भनेको थिएँ । किन्न आउने व्यक्तिको उमेर अन्दाजी २९ का थिए पहाडिया मुलुकका हुन् भन्ने व्यहोराको सानु खानको वयान ।

७. परिक्षण सबुद १ मा हिरोइन पाइएको छ भन्ने परीक्षण प्रतिवेदन ।

८. मिति २०७०/३/२७ गते म वारदात स्थान नजिकै थिएँ । प्रहरी टोलीले प्रतिवादी सानु खान र आसिफ अन्सारीलाई चेकजाँच गर्दा आसिफ अन्सारीले लुकाईछिपाई राखेको ४१ ग्राम ब्राउनसुगर फेला पारी निजहरू दुवै जनालाई पक्राउ गरेका हुन् । प्रतिवादी सानु खान र मोहम्मद आसिफ अन्सारी भई बिक्री वितरण गर्न लिई हिडेको अवस्थामा फेला पारी पक्राउमा परेका हुन् भन्ने व्यहोराको मुराद अली जोलाह, जनक आचार्य र प्रेम सोनखरको कागज ।

९. नमूना छुट्याई बाँकी रहेको लागूऔषध जिल्ला प्रशासन कार्यालय, बाँकेको प्राङ्गणमा जलाई नष्ट गरी दियौं भन्ने नष्ट मुचुल्का ।

१०. प्रतिवादी सानु खान र मोहम्मद आसिफ अन्सारीले एक आपसमा मिलोमतो गरी बिक्री वितरण गर्ने उद्देश्यले प्रतिवादी सानु खानले भारत रुपैडियाबाट खरिद गरी घर ल्याई सञ्चय गरी राखेको लागूऔषध ब्राउनसुगर प्रतिवादी मोहम्मद आसिफ अन्सारी र सानु खानले बिक्री वितरण गर्न लिई हिडिरहेको अवस्थामा प्रहरी टोलीले फेला पारी उक्त ४१ ग्राम लागूऔषध ब्राउनसुगरसहित निज प्रतिवादीहरू पक्राउमा परेको पुष्टि भई प्रतिवादी मोहम्मद आसिफ अन्सारी र सानु खानले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) ले निषेधित कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१) को छ(२) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोगपत्र ।

११. म लागूऔषध सेवन गर्छु । सञ्चय भण्डारण बिक्री वितरण केही गर्दैन । मलाई सानु खानले फोनबाट बोलाई यो सामान घुमुवा प्रहरीलाई दिएर आउन भनेपछि म सो सामान दिन जाँदा प्रहरीले मलाई

पक्राउ गरेको हो । सो लागूऔषध ब्राउनसुगर मेरो खल्तीबाट नभई मेरो हातमा रहेको अवस्थामा मबाटै प्रहरीले वरामद गरेको हो । साम्नेमा तौल नगरेकाले के कति ग्राम थियो मलाई थाहा भएन । प्रतिवेदन व्यहोरा सुनाउँदा सुनी पाएँ सवै ठीक हो । मलाई सानु खानले बोक्न दिएकोले सजाय हुने होइन भन्ने व्यहोराको प्रतिवादी मोहम्मद आसिफ जोलाहाले यस अदालतमा गरेको बयान ।

१२. म लागूऔषध ब्राउनसुगरको कारोवार, सञ्चय, बिक्री वितरण, सेवन केही गर्दैन । मैले अनुसन्धानको क्रममा गरेको बयानको व्यहोरा पढी बाँची सुनाउँदा सुनी पाएँ । झुठ्ठा हो । अर्का प्रतिवादी मोहम्मद आसिफ जोलाहाको बयानसमेत सुनी पाएँ । सो व्यहोरासमेत झुठ्ठा हो । म बेकसूर छु । सजाय नहोस् भन्ने व्यहोराको प्रतिवादी सानु खानको बयान ।

१३. तत्काल प्राप्त प्रमाणहरूबाट अहिले नै यी प्रतिवादीहरू निर्दोष रहेछन् भनी भन्न सकिने अवस्थाको विद्यमानता नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी कानूनबमोजिम थुनुवा पूर्जीसमेत दिई प्रतिवादीमध्येका सानु खानलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा राख्न जिल्ला कारागार कार्यालय, बाँकेमा पठाई दिनु । अर्का प्रतिवादी मोहम्मद आसिफ जोलाहा हकमा हेर्दा अनुसन्धान क्रममा निजको उमेर १७ वर्ष उल्लेख भएको देखिन्छ भने निजले यस अदालतमा बयान गर्दा आफु १४½ वर्षको रहेको भनी पेश गरेको २०७०/३/३० को जन्मदर्ताबाट निजको जन्ममिति २०५६/५/३० भन्ने देखिँदा निज १४ वर्षभन्दा कम उमेरका देखिएको र उक्त जन्मदर्ता पक्राउ परेपछि तयार भएको भन्ने देखिए पनि अहिले नै सो जन्मदर्तालाई इन्कार गर्न सक्ने अवस्था नहुँदा निज नाबालक देखिई निजका हकमा हाल बालबालिकासम्बन्धी ऐन, आकृष्ट हुने नै देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम मुद्दा पुर्पक्षको लागि बाल सुधार गृह, पोखरामा पठाई दिनु भनी मुलुकी ऐन, अ.ब. १२४ ग नं. बमोजिम यो आदेश गरी दिएको छ । साथै प्रतिवादी चुक्ता भइसकेको देखिँदा प्रतिवेदकसहित वादी र प्रतिवादीहरूका साक्षी बुझ्नु । मोहम्मद आसिफ जोलाहाले २०५६/५/३० मा जन्म भएको भन्ने २०७०/३/३० को जन्मदर्ता पेश गरेको देखिँदा सोलाई पुष्टि गर्ने अन्य प्रमाण जस्तै स्कुल भर्ना, भएको रेकर्ड केही भए निजबाटै पेश गराउनु भन्ने मिति २०७०/५/१४ को आदेश ।

१४. प्रतिवादी मोहम्मद आशिफ जोलाह लागूऔषध बिक्री वितरण गर्ने व्यक्ति होइनन् । निज नाबालक व्यक्ति हुन् । निज नाबालक हुँदा कसैको लहलहैमा लागेर उक्त कार्य गरेको हो । निजको चालचलन राम्रो छ भन्नेसमेत व्यहोराको प्रतिवादी मोहम्मद आसिफ जोलाहको साक्षी मुराद अलि जोलाहले गरेको बकपत्र ।

१५. निज प्रतिवादी लागूऔषध बिक्री वितरण, सेवन तथा कारोबारसमेत गर्ने व्यक्ति होइनन् । प्रतिवादी सानु खान र मोहम्मद आसिफको परिवारको बीचमा पुरानो रिसइवी भएकोले मोहम्मद आसिफ

जोलाहले पोल गरेका हुन् । प्रतिवादी सानु खानलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सानु खानको साक्षी मुस्सु पठान (खाँ) ले गरेको बकपत्र ।

१६. मिति २०७०/३/२७ गते म समेतको टोलीले चेकजाँच गर्ने क्रममा पैदल आउदै गरेका सानु खान र आशिफ अन्सारीमाथि शङ्का लागी खानतलासी लिँदा आसिफ अन्सारीको साथबाट ४१ ग्राम लागूऔषध ब्राउनसुगर वरामद भएको हो भन्नेसमेत व्यहोराको प्रतिवेदक पूर्णबहादुर वलीले गरेको बकपत्र ।

अदालतको ठहर

१७. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता कर्णबहादुर महतले प्रतिवादीहरू ४१ ग्राम लागूऔषधसहित पक्राउ परेका र सानु खानलाई पोल गरी मोहमद आसिफ जोलाहाले यस अदालतमा समेत बयान गरेको देखिँदा प्रतिवादीहरूको आरोपित कसूर प्रमाणित भएको हुँदा दाबीबमोजिम सजाय गरिपाऊँ भनी र प्रतिवादी सानु खानका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता इन्द्रजित तिवारी र विश्वजित तिवारीले सानु खानबाट लागूऔषध वरामद भएको छैन । अदालतमा आरोपित कसूरमा इन्कार छन् भने निजको इन्कारी निजका साक्षीको बकपत्रबाट पुष्टि भएको छ । डाँका वारदातका रिसइवीले पोल गरेको हुँदा आरोपित कसूरबाट सफाई पाउनु पर्छ भनी र प्रतिवादी मोहमद आसिफ जोलाहाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता ध्रुवप्रसाद बस्यालले मेरो पक्ष नाबालक रहेका र अनुसन्धानका क्रममा र यस अदालतमा समेत बयान गर्दा वरामद लागूऔषध आफ्नो नभएको भनी अह्राई लिई जाँदा पक्राउ परेको भन्ने देखिँदा नाबालक रहेका र कसूरसमेत नगरेकाले सफाई पाउनु पर्छ भनी गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१८. निर्णयतर्फ विचार गर्दा मिति २०७०/३/२७ गतेका दिन जयसपुर-६ स्थित नेपाल भारत सिमामा भारतबाट नेपालतर्फ सँगै आउदै गरेका प्रतिवादी मोहमद आशिफ जोलाहको पाइन्टको खल्तीबाट कालो प्लाष्टिकमा बेरेको तौल गर्दा ४१ ग्राम ब्राउनसुगरसहित प्रतिवादी आशिफ जोलाह र सानु खान पक्राउ परेको भन्ने खानतलासी र वरामदी मुचुल्का एवं प्र.स.नि. पूर्णबहादुर वलीको प्रतिवेदनबाट देखिन्छ ।

१९. वरामद लागूऔषध हेरोइन रहेको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ ।

२०. प्रतिवादी सानु खान यस अदालतमा आई बयान गर्दा आरोपित कसूरमा इन्कार रही अर्का प्रतिवादी आसिफ जोलाहले गाउँघरको रिसइवीले पोल गरेका हुन् भनी उल्लेख गरेको देखिए पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफुले सेवन र बिक्रीसमेत गर्ने हुँदा नाफा खाई विक्रि गर्ने उद्देश्यले वरामद लागूऔषध आफुले भारतबाट रु. २२,०००/- (बाइस हजार) नेपालीमा खरिद गरी ल्याई घरमा बसेकोमा ब्राउनसुगर खरिद गर्ने मानिस सम्पर्कमा आएको हुँदा आफुले लिई जाँदा शङ्का गर्छन् भनी आशिफ जोलाहलाई बोलाई भन्सार नजिक ब्राउनसुगर किन्ने मानिस आएका छन् लगेर हिड ४/५ सय दिउँला भनी निजलाई बोक्न लगाई साथै जाँदा प्रहरीले शङ्का मानी चेकजाँच गर्दा आसिफ जोलाहबाट उक्त ४१ ग्राम लागूऔषध वरामद भएको भनी आरोपित कसूरमा साबित रहेको देखिन्छ। त्यसै गरी प्रतिवादी आसिफ जोलाहले यस अदालत एवं अनुसन्धानका क्रममा बयान गर्दा सानु खानले आफ्नो घरमा काम छ भनी बोलाई एक जना मानिस ब्राउनसुगर किन्न बाटोमा आएका छन्, म गए शङ्का मान्छन्, तिमीले ब्राउनसुगर पाकेटमा राख ४/५ सय दिउला भनेकाले हुन्छ भनी पाइन्टको खल्तीमा राखी जाँदै गर्दा प्रहरीले शङ्का मानी जाँच गर्दा उक्त ब्राउनसुगर फेला पारी पक्राउ गरेको भनी उल्लेख गरी आफु साबित रही प्रतिवादी सानु खानलाई पोल गरेको देखिन्छ।

२१. थुनछेक बहसका क्रममा प्रतिवादी सानु खानका कानून व्यवसायीले आशिफ जोलाहको परिवारले डाँका वारदात गरी जाहेरीसमेत परेको रिसइवीबाट सानु खानलाई फसाउन आसिफ जोलाहले पोल गरेका भनी उक्त जाहेरी दरखास्तको प्रतिलिपिसमेत पेश गरेको देखिन्छ भने सो जाहेरीबाट २०७०/३/२७ गते साँझ ४:३० बजेदेखि राती १०:३० बजेसम्म डाँका वारदात भएको उल्लेख भएको देखिन्छ भने सोही २०७०/३/२७ गतेकै दिन प्रतिवादीहरूलाई अदालतबाट हिरासतमा राख्न म्याद थपसमेत भएको देखिन्छ भने निज प्रतिवादी सानु खानले अदालतमा बयान गर्दासमेत डाँका वारदातको कुनै कुरा उल्लेख गर्न नसकी घरायसी झगडासम्म रहेको भनी उल्लेख गरेको देखिँदा डाँका वारदातका कारण रहेको रिसइवीबाट आसिफले सानु खानलाई पोल गरेका भन्ने सानु खानका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन।

२२. प्रतिवेदक प्र.स.नि. पूर्णबहादुर वलीले २०७०/३/२७ गते दिनको २ बजे चेकजाँच गर्ने क्रममा आशिफ जोलाहबाट ४१ ग्राम लागूऔषध ब्राउनसुगर वरामद भएको, सानु खानबाट वरामद नभएको, साथै रहेकाले पक्राउ गरेको भनी बकपत्र गरी दिएको देखिन्छ। प्रतिवादी सानु खानका साक्षी मुस्सु पठान खाँले प्रतिवादीले लागूऔषध सेवन बिक्री गर्दैनन् भन्दै आसिफ जोलाहका परिवार र सानु खानका परिवारका बीच केटीसम्बन्धी विवाद र दुश्मनी रहेको भनी बकपत्र गरी दिएको देखिन्छ भने प्रतिवादी आशिफ जोलाहका साक्षीले प्रतिवादीले लागूऔषध बिक्री सेवन नगर्ने नाबालक हुँदा कसैको लहैलहैमा लागेर उक्त ब्राउनसुगर लान सक्छन् भनी बकपत्र गरी दिएको देखिन्छ।

२३. प्रतिवादी आसिफ जोलाहको जन्मदर्ताबाट निजको जन्ममिति २०५६/५/३० भन्ने देखिँदा वारदातका समयमा निज १४ वर्षभन्दा कम उमेरका नाबालक रहेका भन्ने देखिन्छ भने सो जन्मदर्तालाई अन्यथा

भनी पुष्टि हुन सकेको पनि देखिएन । अन्यथा प्रमाणित नभएसम्म आधिकारिक सरकारी निकायबाट दिइएको प्रमाणलाई प्रमाणमा लिनु पर्ने नै देखियो ।

२४. यसरी सानु खान अदालतमा बयान गर्दा कसूरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष आफुले रु. ४००/५०० दिउँला भनी आसिफ खानलाई बोकाई बिक्री गर्न लैजादै गर्दा पक्राउ परेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ । निजको उक्त अधिकारप्राप्त अधिकारीसमक्षको बयान अर्का प्रतिवादी आसिफ जोलाहले अदालत र अनुसन्धानका क्रममा गरेको प्रतिवादी सानु खानले रु. ४/५ सय दिउँला बोकी हिड भनी भनेकाले खल्तीमा राखी जाँदै गर्दा पक्राउ परेको भनी गरेको बयानबाट थप पुष्टि भएको छ । यी प्रतिवादी सानु खान पनि आसिफ जोलाहसँगै पक्राउमा परेका र निज सानु खानलाई आसिफ जोलाहले झुठ्ठा पोल गर्नु पर्ने कुनै ठोस कारण रहे भएकोसमेत देखिँदैन । प्रतिवादी आसिक जोलाहबाट ४१ ग्राम ब्राउनसुगर हेरोइन वरामद भएको तथ्यमा समेत विवाद नदेखिँदा प्रतिवादी सानु खानले भारतबाट वरामद लागूऔषध ब्राउनसुगर खरिद गरी ल्याई बिक्री गर्न नाबालक प्रतिवादी आसिफ जोलाहलाई राख्न दिई लिई जाँदै गर्दा उक्त लागूऔषधसहित पक्राउ परी प्रतिवादी सानु खान र आसिफ जोलाहले अभियोग दाबीबमोजिम लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) ले निषेधित कसूर गरेको पुष्टि हुन आएकोले ऐ. को दफा १४(१) छ(२) बमोजिम प्रतिवादी सानु खानलाई वरामद लागूऔषधको परिमाणसमेतका आधारमा १२ (बाह्र) वर्ष कैद र रु. १,००,०००/- (एक लाख) जरिवानासमेत हुने र प्रतिवादीमध्येका आसिफ जोलाह १४ वर्षमुनिका नाबालक देखिँदा निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने हुँदा निजलाई सोही ऐनको दफा ११(२) बमोजिम ६(छ) महिना कैद हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी सानु खानलाई १२ वर्ष कैद र रु. १,००,०००/- (एक लाख) जरीवाना हुने ठहरेकाले निज मिति २०७०/३/२७ देखि हालसम्म थुनामा रहेको देखिँदा जरीवाना र कैदको लगत कसी कैद म्याद ठेकी असुल गर्नु १

प्रतिवादी आसिक जोलाहलाई ६ महिना कैद हुने ठहरेकाले निज मिति २०७०/३/२७ देखि २०७०/५/१३ सम्म प्रहरी हिरासतमा त्यस उप्रान्त बाल सुधार गृह, सराङकोटमा रहेको र निजलाई लागेको कैद भुक्तान भइसकेकोले अन्य मुद्दामा थुना वा कैदमा राख्न नपर्ने भए आजै मुक्त गरी दिनु भनी बाल सुधार गृह, पोखरामा लेखी पठाई दिनु २

यस इन्साफमा चित्त नबुझे स.मु.स. ऐनको दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत नेपालगञ्जमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूलाई र फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकील

कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनु ३

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ४

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने
फाँटवालाः ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल श्रावण २८ गते रोज ४ शुभम् .....।

सुनसरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७०-CR-०२९२

निर्णय नं :१६

मुद्दाः सवारी ज्यान।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला सुनसरी, भा.सि.गा.वि.स., वडा नं ५ बस्ने वर्ष ४३ को अमरनाथ कार्कीको जाहेरीले नेपाल सरकार १	उपेन्द्र चौधरीको छोरा-१०-सुनसरी सिंगीया गा.वि.स., वडा नं. ४ बस्ने वर्ष १५ को परिवर्तित नाम सि.डि .....१ मिश्रीलाल चौधरीको छोरा जि. सुनसरी सिंगीया गा.वि.स., वडा नं. ४ बस्ने अं. वर्ष १५ को परिवर्तित नाम सि.एन १
ऐ.ऐ. को प्रमाण साक्षीः × कागजः ×	ऐ.ऐ. को प्रमाण साक्षीः × कागजः ×

अदालतबाट बुझेको
साक्षीः ×
कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको परी दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम नाबालक प्रतिवादीहरूको नाम परिवर्तन गरी सि.डी. र सि.एन. उल्लेख गरी गोपनीयता कायम गरिएको छ। प्रस्तुत मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरिएको छ।

मिति २०७०/१०/१७ गते जिल्ला सुनसरी, भा.सि. गा.वि.स., वडा नं. ५ स्थित पूर्व पश्चिममा राजमार्गबाट डुम्राहा जाने कच्ची बाटो, उत्तरमा नरेन्द्र श्रेष्ठको घर, दक्षिणमा एन.सेल. कम्पनीको टावर । यति चारकिल्लाभित्र रहेको डुम्राहातर्फ जाने ग्रावेल बाटोमा पूर्वबाट पश्चिमतर्फ अमरनाथ कार्कीले चलाई लादै गरेको को.३प. ७०९५ नं को मोटरसाइकल उत्तरतर्फ क्रस गर्दा सोही दिशाबाट तत्काल नाम, थर, वतन नखुलेको पुरुष व्यक्तिले चलाई ल्याउदै गरेको को.१५प. ७०६३ नं को मोटरसाइकलले ठक्कर दिदा को.३प. ७०९५ नं को मोटरसाइकल पछाडि सवार जिल्ला सुनसरी, भा.सि.-५ बस्ने मनमाया कार्की गम्भीर घाइते भई उपचारको लागि अस्पतालतर्फ पठाएको, को.१५प. ७०६३ नं को मोटरसाइकल चालक फरार रही उक्त को.१५.प. ७०६३ नं. को मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको भन्ने मिति २०७०/१०/१७ गतेको घटनास्थल मुचुल्का ।

मिति २०७०/१०/१७ गते जिल्ला सुनसरी, भा.सि. गा.वि.स., वडा नं. ५ स्थित भित्री सडक खण्डमा झुम्काबाट शिबनगरतर्फ गइरहेको को.३.प. ७०९५ नं को मोटरसाइकललाई सोही दिशातर्फ जादै गरेको गरेको को.१५प. ७०६३ नं को मोटरसाइकलले ठक्कर दिदा को.३प. ७०९५ नं को मोटरसाइकल पछाडि सवार जिल्ला सुनसरी, भा.सि.-५ बस्ने मनमाया कार्कीको टाउकोमा चोट लागी गम्भीर घाइते भई उपचारको लागि न्यूरो अस्पतालतर्फ पठाएको, को.१५प. ७०६३ नं को मोटरसाइकल चालक फरार रही उक्त को.१५प. ७०६३ नं को मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको भन्ने घटनास्थल स्केच ।

मिति २०७०/१०/१७ गते काम विषेशले म आफ्नो घरबाट को.३प. ७०९५ नं को मोटरसाइकलमा मेरी आमा वर्ष ७५ की मनमाया कार्कीलाई पछाडि राखी झुम्का बजार पुगी त्यहाँबाट काम सकी घरतर्फ फर्कदै गर्दा जिल्ला सुनसरी भा.सि.-५ स्थित घर नजिक आइपुगेपछि अचानक पछाडिबाट तिब्र गतिमा आएको को.१५प. ७०६३ नं को मोटरसाइकलले ओभरटेक गरी उछिन्ने क्रममा मैले चलाएको मोटरसाइकलको पछाडि ठक्कर दिदा मोटरसाइकल पछाडि बस्ने मेरी आमा उक्त दुर्घटनामा परी सख्त घाइते भई तत्काल न्यूरो अस्पताल, विराटनगरमा उपचार गराई उक्त अस्पतालमा उपचार हुन नसकि सुविधा सम्पन्न अस्पताल भारतको सिलीगुडी लाने क्रममा बाटोमा नै मृत्यू भएको हुँदा उक्त को.१५प. ७०६३ नं को मोटरसाइकल चालक तत्काल फरार भएको हुँदा खोजतलास गरी कानूनबमोजिम उचित क्रिया खर्च भराई दिलाई पाउनको साथै लाश पोष्टमार्टम गरी जातीय परम्पराअनुसार लाश दाहसंस्कारको लागि जिम्मा पाऊँ भन्ने अमरनाथ कार्कीको जाहेरी दरखास्त ।

जिल्ला सुनसरी, इनरुवा न.पा., वडा नं-१ स्थित जिल्ला स्वास्थ्य कार्यालय, सुनसरी इनरुवाको शबगृहमा रहेको मनमाया कार्कीको मृतक लाशको दाहिने कुममा दरिएको चोट रहेको, दायाँ खुट्टाको गोलीगाँठामा निलो डाम भएको, दायाँ आँखामाथि निलो डाम भएको, नाकमाथि डाम रहेको भन्नेसमेत व्यहोराको घटनास्थल लाशजाँच मुचुल्का ।

Causes of Death to R.T.A भन्नेसमेत व्यहोराको मनमाया कार्कीको पोष्टमार्टम रिपोर्ट ।

जिल्ला सुनसरी, भा.सि. गा.वि.स., वडा नं-५ बस्ने अमरनाथ कार्कीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी को.१५प. ७०६३ नं को मोटरसाइकल चालक भएको सवारी ज्यान मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल मृतकको नजिकको हकदारले पाउने क्रिया खर्च बापतको रु. २५,०००/- पच्चीस हजार) म पर्शुराम कार्कीले बुझिलिएँ भनी जिल्ला प्रशासन कार्यालय, सुनसरी इनरुवामा रकम बुझेको भरपाई कागज ।

मिति २०७०/१०/१७ गते मेरो नाममा दर्ता रहेको को.३प. ७०९५ नं. को मोटरसाइकलमा मेरी आमा जिल्ला सुनसरी, भा.सि.-५ बस्ने वर्ष ७५ की मनमाया कार्कीलाई पछाडि राखी घरतर्फ जादै गर्दा प्रतिवादी परिवर्तित नाम थर, ठेगाना जिल्ला-१०-सिंगीया-४ बस्ने सि.डी.ले हाकेको को.१५प. ७०६३ नं को मोटरसाइकलले ओभरटेक गरी उछिन्ने क्रममा निजले चलाएको मोटरसाइकल अनियन्त्रित भई मैले चलाएको मोटरसाइकलको पछाडि ठक्कर दिदा मोटरसाइकल पछाडि बस्ने मेरी आमा उक्त दुर्घटनामा परी सख्त घाइते भई तत्काल न्यूरो अस्पताल, विराटनगरमा उपचार गराई उक्त अस्पतालमा उपचार हुन नसकि सुविधा सम्पन्न अस्पताल भारतको सिलीगुडी लाने क्रममा बाटोमा नै मेरी आमाको मृत्यू भएकाले मिति २०७०/१०/१८ गते जिल्ला प्रहरी कार्यालय सुनसरी, इनरुवामा निवेदन गरी त्यहाँबाट पोष्टमार्टम गरी लाश जातीय परम्पराअनुसार दाहसंस्कार गरेको हुँदा चालक साङ्केतिक नाम सि.डी.लाई पक्राउ गरी प्रचलित कानूनबमोजिम कारवाही गरी क्रिया खर्च तथा क्षतिपूर्तिसमेत भराई दिलाई पाऊँ भन्ने अमरनाथ कार्कीको जाहेरी दरखास्त ।

प्रतिवादी परिवर्तित नाम वर्ष १५ को सि.डी.लाई तत्काल पक्राउ गरी आवाश्यक कारवाहीको लागि यसै प्रतिवेदन साथ दाखिला गरेका छौं कानूनबमोजिम गरिपाऊँ भन्ने प्रहरी प्रतिवेदन ।

जिल्ला सुनसरी, भा.सि. गा.वि.स., वडा नं-५ बस्ने अमरनाथ कार्कीको जाहेरीले वादी नेपाल सरकार, प्रतिवादी जिल्ला-१०-सिंगीया गा.वि.स., वडा नं. ४ बस्ने सि.डी.समेत भएको सवारी ज्यान मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०७०/१०/१७ गते जिल्ला सुनसरी, भा.सि. गा.वि.स., वडा नं. ५ स्थित को.३प. ७०९५ नं को मोटरसाइकललाई को.१५प. ७०६३ नं को मोटरसाइकलले ठक्कर दिदा को.३प. ७०९५ नं को मोटरसाइकल पछाडि सवार जिल्ला सुनसरी भा.सि.-५ बस्ने मनमाया कार्कीको मृत्यू भएकोमा मृतकको हकवालाले पाउने रु. ५,००,०००/- (पाँच लाख) मध्ये क्रिया खर्च बापतको रु. २५,०००/- कट्टा हुने गरी रु. ४,७५,०००/- (चार लाख पचहत्तर हजार) बुझिलियौं भन्ने मृतकको नजिकको हकवाला जेठो छोरा शंकर कार्कीसमेतले रकम बुझेको भरपाई ।

मिति २०७०/१०/१७ गते अं. ११:५० बजेको समयमा म आफ्नो घरमा थिएँ । सोही बेला जिल्ला सुनसरी, सिगिया-४ बस्ने मिश्रीलाल चौधरीको छोरा वर्ष १५ को परिवर्तित नाम सि.एन.ले को.१५प.

७०६३ नं को मोटरसाइकल लिई मेरो घरमा आउँदा उक्त मोटरसाइकल मैले चलाई परिवर्तित नाम सि.एन. मोटरसाइकलको पछाडि बसी झुम्का बजार कपाल कटाउन गई एकछिन अलमल गरी आफ्नो घर फर्कने क्रममा जिल्ला सुनसरी भा.सि.-५ स्थित ग्रावेल बाटोमा को.३प. ७०९५ नं. को मोटरसाइकल साइडलाइट नबाली एक्कासी बाटो क्रश गर्दा मैले चलाएको मोटरसाइकलले उक्त को.३प. ७०९५ नं को मोटरसाइकलको खुट्टा राख्ने पौदानीमा ठोक्किदा मोटरसाइकल लडी मोटरसाइकल पछाडि सवार जिल्ला सुनसरी, भा.सि.-५ बस्ने मनमाया कार्की घाइते भई उपचार गराउने क्रममा मृत्यू भएको हो । मेरो उमेर नपुगेकाले मैले सवारी चालक अनुमतिपत्र प्राप्त भएको छैन । निज परिवर्तित नाम सि.एन.सँग मोटरसाइकल चलाउन मागेको हुँ । उक्त दुर्घटना मैले चलाएको मोटरसाइकलबाट भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सि.डी.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज ।

मेरी आमाको वास्तविक नाम मनकुमारी कार्की हो । आफन्त तथा छिमेकीहरूले मनमाया कार्की भनी बोलाउने भएकाले तत्काल घटनास्थलमा तथा निजको मृत्यू भएपछि मनमाया कार्की भनी लेखाएका हौं । निजको नागरिकतामा समेत नाम मनकुमारी कार्की छ । निज मेरी आमा मनमाया कार्की भन्ने मनकुमारी कार्की एकै व्यक्ति हुन् भन्ने जाहेरवाला अमरनाथ कार्कीको कागज ।

को.३प. ७०९५ नं. को मोटरसाइकलको दायाँ फुट स्टेन भाँचिएको, अगाडिको भाइजर फुटेको, बायाँपट्टिको ऐनासमेत फुटेको र को.१५प. ७०६३ नं. को मोटरसाइकलको अगाडि दायाँ साइडमा कोरिएको पाइएको अन्य उक्त दुवै मोटरसाइकलहरूको इन्जिन, स्टेरिङ्ग, गियर, क्लज, ब्रेक, हर्न लगायतको मेसिनरी सामानहरूको चेक जाँच गर्दा ठीक रहेको भन्ने स.चा.अ.म. पत्र नं. ०२४८१५१ का प्र.ज. सुवास थापाको प्रतिवेदन ।

प्रतिवादी परिवर्तित नाम सि.एन. गाउँघरमा फेला नपरेको, को.१५प. ७०६३ नं को मोटरसाइकल धनी जिल्ला सुनसरी, सिंगीया गा.वि.स., वडा नं. ४ बस्ने मिश्रीलाल चौधरी बैदेशिक रोजगारको सिलसिलामा मिति २०७० साल मंसिर महिनामा साउदी गएको भन्ने बुझिएको, साथै निज प्रतिवादीहरूको खोजतलास कार्य जारी रहेको हुँदा फेला परेमा पक्राउ गरी दाखिला गरिने भन्ने प्रहरी प्रतिवेदन ।

मिति २०७०/१०/१७ गते अं. १४:०० बजेको समयमा जिल्ला सुनसरी, भा.सि.-५ स्थितमा ऐ. बस्ने अमरनाथ कार्कीले आफ्नी आमा मनमाया भन्ने मनकुमारी कार्कीलाई को.३प. ७०९५ नं. को मोटरसाइकल पछाडि राखी आफ्नो घरतर्फ ल्याउँदै गरेको अवस्थामा पछि नाम थर थाहा भएका जिल्ला-१०-सिंगीया गा.वि.स., वडा नं.४ बस्ने सि.डी.ले सोही दिशातर्फ चलाई ल्याउँदै गरेको को.१५प. ७०६३ नं. को मोटरसाइकलले ठक्कर दिँदा निज मनमाया भन्ने मनकुमारी कार्की घाइते भई उपचारको सिलसिलामा मृत्यू भएको हो । निजले जानीजानी लापरवाही तरिकाले मोटरसाइकल चलाई सो दुर्घटना भएको होइन र सो दुर्घटना सम्बन्धमा मृतकको नजिकको हकदारले क्षतिपूर्तिसमेत पाइसकेका छन् भन्नेसमेत एकै मिलान हुने गरी निर कार्कीसमेतले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम सि.डी.को सो कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) वर्खिलाप कसूर देखिँदा निज प्रतिवादी परिवर्तित नाम सि.डी.लाई ऐ. ऐनको दफा १६१(२) बमोजिम सजाय हुन र निजसँग सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नभएकाले ऐ. ऐनको दफा १६१(४) बमोजिमको थप सजाय हुन मागदाबी लिई प्रतिवादी परिवर्तित नाम सि.डी.को जन्मदर्ताको प्रमाणपत्र र ब्रिलेन्ट अंग्रेजी माध्यमिक बोर्डिङ्ग स्कुलको रेकर्डअनुसार मिति २०७०/११/१९ गते निज प्रतिवादी परिवर्तित नाम सि.डी.को उमेर १४ वर्ष ०० महिना ०४ दिन देखिएको हुँदा निज प्रतिवादी परिवर्तित नाम सि.डि.लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम हुन साथै मिश्रीलाल चौधरीले आफ्नो नाममा रहेको को.१५प. ७०६३ नं. को मेटरसाइकल निजको छोरा परिवर्तित नाम सि.एन.लाई जिम्मा दिएको र तत्काल निज परिवर्तित नाम सि.एन.को जिम्मामा रहेको उक्त को.१५प. ७०६३ नं को मोटरसाइकल अर्का सवारी चालक अनुमतिपत्र नभएका प्रतिवादी सि.डी.लाई सवारी चलाउन दिई निज परिवर्तित नाम सि.डी.ले चलाएको को.१५प. ७०६३ नं को मोटरसाइकलबाट दुर्घटना गरी मनमाया भन्ने मनकुमारी कार्कीको मृत्यूसमेत भएकाले सो मोटरसाइकल धनी प्रतिवादी परिवर्तित नाम सि.एन.को सो कार्य सवारी तथा यातायात ऐनको दफा १६१(५) वर्खिलाप कसूर देखिँदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा १६१(५) बमोजिमको सजाय गरिपाऊँ भन्नेसमेतको अभियोगपत्र ।

मैले चलाएको मोटरसाइकलमा म र प्रतिवादी परिवर्तित नाम सि.एन. २ जना थियौं । जाहेरवालाले चलाएको मोटरसाइकल अगाडिअगाडि र मैले चलाएको मोटरसाइकल पछाडि थियो । घटनास्थलमा आइपुगेपश्चात् विना सङ्केत साइडलाइटसमेत नबाली निजले रोड क्रश गर्न लागेकाले मैले चलाएको मोटरसाइकल ब्रेक लगाउँदालगाउँदै निजको मोटरसाइकललाई खुट्टा राख्नेले छोएको सम्म हो । पछि बस्ने जाहेरवालाकी आमा लड्नु भयो । जाहेरावालाको मोटरसाइकल तथा हामीलाई केही भएन । मैले पछाडिबाट ल्याएर ठक्कर लगाएको होइन । मोटरसाइकल चलाउन जान्दथें । उमेर नपुगेको कारण लाइसेन्स नलिएको हो । उक्त मोटरसाइकल मेरो साथी परिवर्तित नाम सि.एन.को बाबुको हो । मैले जानीजानी लापरवाही साथ मोटरसाइकल चलाई दुर्घटना भएको होइन भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम सि.डी.ले अदालतमा गरेको बयान ।

प्रतिवादी परिवर्तित नाम सि.डी. १४ वर्षका नाबालक देखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम गर्ने गरी हाल संरक्षकको जिम्मा लगाउनु भन्ने मिति २०७०/११/२१ को आदेशानुसार निज प्रतिवादीलाई संरक्षकको जिम्मा लगाएको देखिएको ।

प्रतिवादी सि.डी.ले गरेको बयान झुठ्ठा हो । मैले उक्त मोटरसाइकल लिई निजको घरमा गएको होइन । मोटरसाइकल बुबाको नाममा रहेको बुबा विदेश जानु भएकोले त्यतिकै राख्दा बिग्रन्छ भनेर कहिलेकाँही स्टार्ट गरी बन्द गरी राख्ने गरेकोमा त्यस दिन मोटरसाइकलको चाँबी त्यही रहेकोमा म पिसाब फेर्न गएका बेलामा निज मेरो घरमा आई मोटरसाइकल स्टार्ट गरेछन् । आवाज सुनी बाहिर आउँदा मोटरसाइकल

लिई उनी हिडेछन् । रोक रोक भन्दा म एकछिनमा आउछु भनी गएकोमा पछि दुर्घटना भएको कुरा थाहा भएको हो म निजसँग मोटरसाइकलमा बजार गएको होइन भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम सि.एन.ले अदालतमा म्यादमा उपस्थित भई संरक्षक आमाको रोहवरमा गरेको बयान ।

निज प्रतिवादी नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम खोजेका बखत उपस्थित गराउने गरी बयानमा रोहवरमा बस्ने आमाको जिम्मा लगाउनु भन्नेसमेतको मिति २०७१/१/२१ को आदेशानुसार निज प्रतिवादीलाई संरक्षक आमा कमलाकुमारीको जिम्मा लगाएको देखिएको ।

को.१५प. ७०७३ नं को मोटरसाइकल तिब्र गतिमा चलाई ल्याई मैले चलाई ल्याएको मोटरसाइकललाई ठक्कर दिई मेरी आमा मनमाया कार्की घाइते भई उपचार गर्ने क्रममा मृत्यू भएको हो भन्नेसमेतको जाहेरवाला अमरनाथ कार्कीको बकपत्र ।

मोटरसाइकल क्रश गर्दा सि.डी.ले हाँकेको गाडीले ठक्कर दिँदा मृतक भुईमा लडी उपचारको क्रममा मृत्यू भएको हो भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम सि.डी.का साक्षी मानपुर चौधरीले गरेको बकपत्र ।

सि.एन. गाडी चालु गरी ५ मिनेट गएका अवस्थामा सि.डी.ले सो गाडी लगेको हो भन्नेसमेतको प्रतिवादी सि.एन.का साक्षी दयाराम चौधरीले गरेको बकपत्र ।

<u>अदालतको ठहर</u>

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयकुमार श्रेष्ठ तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शंकरप्रसाद पोखरेलले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा प्रतिवादीमध्येका नाबालक परिवर्तित नाम सि.डी.ले मिति २०७०/१०/१७ मा चलाएको को.१५प. ७०६३ नं को मोटरसाइकलले सुनसरी, भा.सी. गा.वि.स., वार्ड नं ५ स्थित भित्री सडक खण्डमा सोही दिशातर्फ गइरहेको को.३प. ७०९५ को मोटरसाइकललाई ठक्कर दिदा को.३प. ७०९५ को पछाडि सवार मनमाया कार्की घाइते भई मृत्यू भएको भन्ने अभियोगमा उल्लेख भएको पाइन्छ । निज नाबालक परिवर्तित नाम सि.डी.ले पनि अदालतसमक्ष जाहेरवालाले चलाएको मोटरसाइकल आफुले चलाएको मोटरसाइकलभन्दा अगाडि भएको र घटनास्थलमा आइपुग्दा विना सङ्केत साइडलाइट नबाली रोड क्रश गर्न लागेपछि आफुले चलाएको मोटरसाइकलको खुट्टा राख्नेले छोएपछि उक्त मोटर साइकलको पछाडि बस्ने जाहेरवालाकी आमा लड्नु भएको हो, जानीजानी दुर्घटना गराएको होइन भनी आफुले चलाएको मोटरसाइकलबाट ठक्कर लाग्न गई घटना भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । जाहेरवाला

अम्बरनाथ कार्कीले तिब्र गतिमा आई ठक्कर दिने को.५प. ७०६३ नं को मोटरसाइकल चालक नचिनेको, मोटरसाइकल पछाडि खुट्टा टेक्ने ठाउँमा टर्निङ्ग लिने बेलामा ठक्कर लागी घाइते भएकी आमा मनमाया कार्कीको उपचारको क्रममा मृत्यू भएको भनी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । जाहेरवालाले ठक्कर दिने चालक नचिने पनि दुर्घटना गराउने को.१५प. ७०४३ को मोटरसाइकल चालक यिनै नाबालकको बयानबाट समेत निज परिवर्तित नाम सि.डी. नै रहेको तथ्यमा विवाद देखिएन । निज नाबालकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) तथा ऐ. ऐनको दफा १६१(४) को कसूरमा सोहीबमोजिम सजायको मागदाबी रहेको पाइन्छ ।

जाहेरवालाले बकपत्र गर्दा आफ्नो पछाडि आएको मोटरसाइकले टर्निङ्ग लिने बेलामा पछाडिबाट खुट्टा राख्ने ठाउँमा ठक्कर दिदा दुर्घटना भएको भनी लेखाएको पाइन्छ । टर्निङ्ग लिने बखतमा सङ्केतिक बत्ती (side light) बाले नबालेको कुरामा स्वयं जाहेरवाला मौन रहेको पाइयो । साथै प्रतिवादीले मोटरसाइकल लापरवाहीपूर्वक चलाएको भन्नेसमेत उल्लेख भएको नदेखिँदा प्रस्तुत घटना आकस्मिक रुपमा घटेको देखियो ।

घटनाक्रम तथा मिसिल संलग्न जाहेरवालाको बकपत्र, बिज्याँईकर्ता बालकको बयानसमेतका आधारमा परिवर्तित नाम सि.डी.बाट भएको बालबिज्याँई उपरोक्त आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुरुपको देखिन नआएकोले निजका हकमा सो कसूर कायम गर्न मिलेन । निजबाट भएको बिज्याँई ऐ. ऐनको दफा १६१(३) अनुरुपको देखिँदा सोहीबमोजिम बालबिज्याँई गरेको ठहर्छ । साथै यी नाबालक कानूनबमोजिम चालक अनुमति प्राप्त गर्न सक्ने उमेर पुगेका व्यक्ति नभई सोसमेत नहुँदा ऐ. ऐनको दफा १६१(४) अनुसारको समेत बिज्याँई भएको ठहर्छ ।

परिवर्तित नाम सि.डी.को उमेर मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्रबाट निजको जन्म २०५६/१०/१३ मा भएको देखिई घटना हुँदा निजको उमेर १४ वर्ष पुरा गरेको नदेखिँदा अभियोगमा उल्लेख भएको १५ वर्ष उमेर कायम गर्न मिलेन । नाबालकको उमेर घटनाक्रम, निजको शैक्षिक अवस्था तथा आचरणसमेतलाई मध्यनजर गरी, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को बिज्याँईतर्फ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम निज परिवर्तित नाम सि.डी.लाई अनुसन्धानको क्रममा हिरासतमा बसेको अवधिलाई नै कैद कायम गर्दा उपयुक्त हुने देखिँदा सोही अवधि कायम हुन्छ । निजउपर लागेको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) को हकमा थप जरिवानासम्म हुने बिज्याँई भएको र नाबालकको उमेर १४ वर्ष पुरा भएको नदेखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सम्झाईबुझाई गरी दिने सम्म ठहर्छ ।

अर्का प्रतिवादी परिवर्तित नाम सि.एन.का हकमा निजलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) को अभियोग लागेको देखिन्छ । उक्तबमोजिम अभियोग लाग्दा सवारी धनी जिम्मा लिने व्यक्तिको रुपमा प्रस्तुत गरिएको रहेछ ।

सवारी साधन लगायतका चिजवस्तु नाबालकले जिम्मा लिने दिने हैसियतका उमेर पुगेका व्यक्तिसरह जिम्मेवारी बहन गर्न सक्ने सम्मको रहेको भनी अर्थ गर्न मिल्दैन । दुर्घटनाका अवस्थामा प्रयोग भएको मोटरसाइकलका सवारी धनी यी परिवर्तित नाम सि.एन.का पिता रहेको भन्ने सवारी साधन दर्ताको विवरणबाट देखिन्छ । सवारी धनी (हाल घटना हुँदाका अवस्थामा) बैदेशिक रोजगारमा गएको भन्ने देखिँदा नाबालक सि.एन. सवारी धनी रहेको मान्न मिलेन । नाबालकका घरमा अन्य वयस्क व्यक्ति रहेको भन्ने २०७०/११/१९ मा मोटरसाइकल सम्बन्धित प्रहरी कार्यालयबाट जिम्मा लिने आमासमेत रहेको देखिन्छ । अनुसन्धानकर्ताले नै सवारी साधन यी नाबालककी आमालाई जिम्मा दिएको र नाबालकले यस्ता वस्तुको जिम्मेवारी बहन गर्ने दायित्व नरहने हुँदा मोटरसाइकल यी नाबालकको जिम्मामा रहेको भन्ने अभियोजनसँग सहमत हुन सकिएन । अभियोजनअनुसार जिम्मेवारी बोध नगर्ने नाबालकलाई जिम्माको दायित्व बहन गराउनसमेत सकिदैन । तसर्थ उपर्युक्त आधारमा यी नाबालक सि.एन. मोटरसाइकल धनी नभएको र जिम्मा लिने व्यक्ति नै हुन नसक्ने हुँदा निजलाई प्रतिवादी नै कायम गरिआएको अभियोग निज परिवर्तित नाम सि.एन. का हकमा कायम हुन नसक्ने भई खारेज हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम सि.डी.के माथि इन्साफ खण्डमा लेखिएअनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम बिज्याँई गरेको ठहरी हिरासतमा बसेको अवधि कैद हुने ठहरेकाले निज प्रतिवादी मिति २०७०/११/८ देखि प्रहरी हिरासतमा रही मिति २०७०/११/२१ का आदेशानुसार संरक्षकको जिम्मा लगाएको देखिँदा सो अवधि १३(तेह्र) दिन लगत कसी असुली जनाई दिनु तथा ऐ. १६१(४) को अभियोगको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सम्झाईबुझाई सम्म गरी दिने ठहरेकाले हाल केही गरिरहनु परेन १

प्रतिवादी परिवर्तित नाम सि.एन.का हकमा अभियोग दाबी खारेज हुने ठहरेकाले वादी नेपाल सरकार हुँदा केही गरिरहनु परेन २

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरी र प्रतिवादीमध्येका सि.डी.लाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० (सत्तरी) दिने पुनरादेनको म्याद दिनु ३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार सारी वा सराई दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने ना.सु. डम्बरप्रसाद घिमिरे ।
फाँट : १

.....
न्यायाधीश

सम्वत् २०७१ साल श्रावण २८ गते रोज ४ शुभम्.....।

काभ्रेपलाञ्चोक जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री ईश्वरराज आचार्य

फैसला

सम्वत् २०७१/७२ सालको CR-००८३

निर्णय नम्बरः ६

वादीको नाम, थर, वतन	प्रतिवादी नाम, थर, वतन
काभ्रेपलाञ्चोक जिल्ला, ढुङ्गेखर्क गा.वि.स., वडा न ७ बस्ने परिवर्तित नाम वर्ष २८ कि काभ्रे ३०(झ) को जाहेरीले नेपाल सरकार १	काभ्रेपलाञ्चोक जिल्ला, ढुङ्गेखर्क गा.वि.स, वडा नं. ७ बस्ने वर्ष १५ का तिर्थराज ढुङ्गाना १
वादीको साक्षीः ×	प्रतिवादीको साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको

साक्षीः जाहेरीवाली काभ्रे ३०(झ), पीडित नाम परिवर्तित काभ्रे ३०(ञ), नवराज तिमल्सिना, गिरीप्रसाद तिमल्सिना, लिलानाथ तिमिल्सिना ।

कागजः समाजसेवी तथा बालमनोविज्ञको प्रतिवेदन ।

मुद्दाः जवरजस्ती करणी (अप्राकृतिक मैथुन)

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको सक्षिप्त विवरण र ठहर यस प्रकार छः

१. मेरो छोरी वर्ष ६ की हाल नाम परिवर्तित काभ्रे ३०(ञ) केही दिनदेखि झोक्राएर बस्ने, रुँन्चे अनुहार लगाउने, राम्रोसँग नखाने, स्कुल जान मन नगर्ने, विरामी जस्तो भएकी हुनाले मैले वारम्वार के भयो भनी सोध्दा यही मिति २०७०/१०/१७ गते बिहान करिब ८:०० बजे घरमा पूजाको लागि चापो लिन मेरो घरमाथि प्रतिवादी तिर्थराज ढुङ्गानाको घरमा जाँदा निज प्रतिवादीले मेरो छोरीलाई

घर नजिकैको पाखोमा लगी डर, धाक, धम्की, त्रास देखाई मेरो छोरीले लगाएको सुरुवाल फुकाई निजले मेरो छोरीको टाउकोमा समाई मुखमा लिङ्ग प्रवेश गराई बाहिरभित्र गरी मुखमा नै जवरजस्ती वीर्य स्खलन गरी यो कुरा कोही कसैलाई नभन्नु भनी रुँदै मलाई बताएकीले एल.के.जि.मा पढ्ने ६ वर्षकी नाबालिकालाई जवरजस्ती करणी गर्न खोज्दा नमानेपछि जवरजस्ती ढङ्गले अप्राकृतिक मैथुन गरी अत्यन्तै घृणित अमानवीय एवं अमानवीय एवं गम्भीर प्रकृतिको अपराध गरेको हुँदा निज प्रतिवादीलाई जवरजस्ती करणी महलअन्तर्गत कारवाही गरिपाऊँ भन्ने व्यहोराको ३०(झ) को किटानी जाहेरी दरखास्त ।

२. काभ्रेपलाञ्चोक जिल्ला, ढुङ्गेखर्क गा.वि.स. वडा न ७ स्थित पूर्वमा कामीखोरीया गाउँ, पश्चिममा टोडका जङ्गल, उत्तरमा भंगेरी गैरी जङ्गल र दक्षिणमा चाँडी जङ्गल । यति चारकिल्लाभित्रको स्थानमा रहेको कामीखोरीया जङ्गल पाखोमा मिति २०७०/१०/१७ गते बिहान करिव ८:०० बजेको समयमा काभ्रेपलाञ्चोक जिल्ला, ढुङ्गेखर्क गा.वि.स, वडा नं. ७ बस्ने वर्ष १७ को तिर्थराज ढुङ्गानाले ऐ.ऐ. बस्ने वर्ष ६ नाबालिका हाल नाम परिवर्तित काभ्रे ३०(ञ) लाई ललाईफकाई डर, धाक, धम्कीमा पारी निज पीडितको सुरुवाल खोली मुखमा नै वीर्य स्खलन गरी जवरजस्ती करणी गरेको हो भन्ने व्यहोराको घटनास्थल मुचुल्काको विवरण ।

३. मिति २०७०/१०/१७ गते म आफ्नै घरमा बसिरहेको अवस्थामा उक्त दिन मेरो घरमा पूजा भएको हुँदा मलाई ममीले माथिल्लो घरको दाई तिर्थराज ढुङ्गानाको घरमा गई फुल चापो टिपेर ल्याउनु भनी बताएपछि निज दाजुको घरमा जाँदा निज दाजु प्रतिवादी तिर्थराज ढुङ्गानाले मलाई घर नजिकैको पाखो जङ्गलमा लगी सोही दिनको ८:०० बजेको समयमा मलाई फकाई मैले लगाएको सुरुवाल खोली निजले आफुले लगाएको पाइन्टसमेत खोली मलाई करणी गर्न लाग्दा म रोई कराई चिच्याउँदा मेरो मुखमा लिङ्ग प्रवेश गराई, तलमाथि गरी मेरो मुखमा नै वीर्य स्खलन गरायो । सो कुरा कोही कसैलाई भनेमा तलाई पिट्छु, कोही कसैलाई नभन्नु भनी डरत्रास देखाएपछि म आफ्नो घर आएँ । त्यसपछि मलाई राम्रोसँग खान मन नलाग्ने, स्कुल जान मनसमेत नलाग्ने, विरामी जस्तो भएकी हुँदा बेलाबेलामा ममीले सोध्नु हुन्थ्यो तर पनि मैले डरले नभनी बसेकोमा मिति २०७०/१०/२४ गते बेलुकी खाना खाई सुत्ने बेलामा ममीले सोध्नु भएपछि सबै कुरा मैले ममीलाई बताई दिएको हुँ । निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही हुनु पर्दछ भनी पीडित हाल नाम परिवर्तित काभ्रे ३०(ञ) ले गरेको कागज ।

४. म आफ्नै घरमा बसी श्री पार्वती उच्च माध्यामिक विद्यालयमा कक्षा ९ मा पढ्दै आइरहेकोमा मिति २०७०/१०/१७ गते बिहान अं ७:३० बजेको समयतिर मरो घरभन्दा तलको छिमेकी जाहेरवाली हाल नाम परिवर्तित काभ्रे ३०(झ) को छोरी वर्ष ६ कि नाबालिका हाल नाम परिवर्तित काभ्रे ३०(ञ) मेरो घरमा आई दाई हाम्रो घरमा पूजा लगाउने चापो काटी पठाई दिनु भनी ममीले बताएको छ भनेपछि मेरो घरभन्दा झण्डै १०० मिटर माथि कामीखोरीया भन्ने पाखा बारीमा निज बहिनी र

मसँगै गई चापोको बोट भएको ठाउँमा पुगी निज बहिनीलाई रुख छेउ भूईमा राखी म चापोको रुखमा चढी मैले साथमा लिई गएको हसियाले ६/७ वटा चापोको हाँगा झारी म रुखबाट ओर्ले र भुईमा झारेको चापो निज बहिनीले नै बटुली अचानक मलाई कस्तो भई मनमा कुरा खेली उसलाई एक पटक सेक्स गर्छु भन्ने सोची निज नाबालिका उठी बसिरहेकै अवस्थामा चापो एकापट्टि राखी निज बहिनी नाबालिकाले लगाएको कुर्ता सुरुवालमध्ये सुरुवाल खोली योनी हेरें । मैले मनै थाम्न नसकी निजलाई नानु भनी फकाईफलाई तिमी मुख आँ गर म पापा हाली दिन्छु भनी निजले आँ गरेपछि मैले आफ्नो पाइन्ट खोली निजको मुखमा लिङ्ग प्रवेश गराई ६/७ पटक तलमाथि गरी बाहिरभित्र गरे र मैले निज बहिनीको मुखमा सेक्स जस्तै गरी म एकदमै उत्तेजनामा आई मेरो लिङ्गबाट निक्लेको सेतो पदार्थ वीर्यको मुखमा नै झारी दिई मैले हतारहतारले आफ्नो पाइन्ट लगाई यो कुरो कोही कसैलाई आमा बुबालाई पनि नभन्नु, भनेमा तिमीलाई म पिट्छु भनी डरत्रासमेत देखाएको हो भन्ने व्यहोराको प्रतिवादी तिर्थराज ढुङ्गानाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

५. मिति २०७०/१०/१७ गते मेरो छोरी वर्ष ६ की नाबालिकालाई काभ्रे ३०(ञ) लाई आफ्नो घरमा पूजा भएको हुँदा माथिल्लो घरको दाजु तिर्थराज ढुङ्गाना भएको ठाउँमा गई चापो टिपेर ल्याउनु भनी पठाएकोमा निज प्रतिवादी तिर्थराज ढुङ्गानाले मिति २०७०/१०/१७ गते बिहान करिव अं. ८:०० बजेको समयमा घर नजिकैको कामीखोरीया भन्ने जङ्गल पाखोमा लगी सुरुवाल खोली मुखमा लिङ्ग छिराई करणी गरी मुखमा नै वीर्य खसालेको कुरा रुँदै बताएको भनी निज पीडितको आमा जाहेरवाला हाल नाम परिवर्तित काभ्रे ३०(झ) ले हल्लाखल्ला गरेपछि हामीहरूले मिति २०७०/१०/२५ गते सुनी थाहा पाएको हुँ । हामीहरूले बच्चालाई सोध्दासमेत रुँदै मेरो सुरुवाल खोली निजले लगाएको पाइन्ट खोली मेरो मुखमा लिङ्ग छिराई पसाई बाहिरभित्र गरी मुखमा नै वीर्य खसालेको बताएको हँदा निज प्रतिवादी तिर्थराज ढुङ्गानाले नाबालिका बच्चालाई त्यस्तो नराम्रो घृणित कार्य गरेको हुँदा कानूनबमोजिम हदैसम्मको कारवाही हुनु पर्दछ भन्ने व्यहोराको बुझिएका मानिसहरू लिलानाथ तिमल्सिना, गिरीप्रसाद तिमल्सीना र नवराज तिमल्सिनासमेत गरेको एकै मिलन व्यहोराको अलग घटना विवरण कागज ।

६. प्रतिवादी तिर्थराज ढुङ्गानाको जन्ममिति २०५५/९/१० गते रहेको व्यहोरा श्री पार्वती उच्च मा.वि.को पत्र ।

७. पीडित बालिकाको जन्ममिति २०६४/३/१३ गते रहेको व्यवहराको ढुङ्गेखर्क गा.वि.स. कार्यालयको पत्र ।

८. प्रतिवादी तिर्थराज ढुङ्गानाले पीडित बालिका वर्ष ६ की काभ्रे ३०(ञ) लाई मिति २०७०/१०/१७ गते बिहान ८:०० बजे स्थानीय कामीखोरीया भन्ने ठाउँमा पूजाको लागि चापो काट्न गएको अवस्थामा डर, धाक, धम्की, देखाई मुखमा लिङ्ग प्रवेश गराई मुखमा नै वीर्य स्खलनसमेत गरी

अप्राकृतिक मैथुनको कसूरको गरेको सप्रमाण पुष्टि भएकोले निज प्रतिवादी तिर्थराज ढुङ्गानालाई मुलुकी ऐन, जवरजस्ती करणीको महल १ र ९क नं बमोजिम कसूर अपराधमा सोही महलको ३(१) नं बमोजिम सजाय गरी ऐ. महलको १ र ९क नं बमोजिम थप सजाय हुन र सोही महलको ९क नं बमोजिम पीडित बालिकालाई निजै प्रतिवादीबाट मनासिब माफिकको क्षतिपूर्ति दिलाई भराई पाउन र निज प्रतिवादीको उमेर वारदात मितिको १५ वर्ष १ महिना ७ दिन देखिएको हुँदा प्रतिवादी तिर्थराज ढुङ्गानालाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुनसमेत मागदाबी लिएको छ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदाबी ।

९. मैले काभ्रे ३०(ञ) लाई जवरजस्ती करणी (अप्राकृतिक मैथुन) गरेको होइन । मेरो परिवार र जाहेरवालासँग पारिवारिक रिसइवी हुनाले सो रिसइवीका कारण यस्तो अमानवीय अपराधमा मलाई फसाउन खोजेको हो । १/२ वर्ष अगाडि भ्याल फुटाएको आरोपमा प्रहरी लगाई कुटपिट गरेको थियो र हाम्रो साँध सिमाना एउटै ठाउँमा भएकाले सामान्य कुरामा पनि विवाद हुने हुनाले षडयन्त्रपूर्वक फसाएको हो । मिति २०७०/१०/१७ गते म घरमा भाइ, दिदी र ममीसँगै थिए । पीडित काभ्रे ३०(ञ) ले आमाबुबाले जे जे सिकायो त्यहि कुरा लेखाएको हो । मलाई अनुसन्धानको क्रममा मेरो बयान व्यहोरा पढेर सुनाएनन् । मैले कुनै पनि घृणित कार्य नगरेको हुँदा झुठ्ठा अभियोग दाबीबाट फुर्सद पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी तिर्थराज ढुङ्गानाले यस अदालतसमक्ष गरेको बयान ।

१०. मलाई माथिल्लो घरको तिर्थराजले उसको पिसाब फेर्ने मेरो मुखमा हालेको हो भन्नेसमेतको पीडित परिवर्तित काभ्रे ३०(ञ) ले जाहेरवाला आमा काभ्रे ३०(झ) को रोहवरमा अदालतसमक्ष गरेको बकपत्र ।

११. मिति २०७०/१०/१८ गते सानोसानो पूजा लगाउने कुरा थियो । १७ गते मेरो श्रीमान घरमा हुनुहुन्थ्यो । चापो पूजाको लागि चाहिन्छ भनेर तिर्थराजको घरमा भएको हुनाले उसलाई ल्याई देउ भन्दा बहिनीलाई पठाई दिनु भनेकोले छोरीलाई पठाई दिएँ । घरनेरको पाखोमा लगेर जवरजस्ती सुरुवाल खोल्न लाग्दा उ रोएपछि उसले मुखतिर हालेछ । छोरी रुँन लाग्दा तैले घरतिर भनिस् भने तलाई स्कुल जाँदा पिट्छु र स्कुलमा पनि सुरुवाल खोल्ने काम गर्थ्यो रे । त्यो दिन पूजा नहुने भयो भनेपछि छोरीलाई फकाईफकाई सोध्दा उसले सबै कुरा बतायो । भोलीपल्ट बिहान श्रीमान आएपछि उहाँलाई छोरी आफैले सबै कुरा बताएपछि उहाँ बिहेमा गई तिर्थराजलाई लिएर आउनु भयो र सोधपुछ गर्दा पहिले हैन हैन भने पनि पछि उसले स्वीकारेपछि दाजुभाइले यो कुरा अहिले नगरौं, बिहे सकिएपछि बेलुका बसी कुरा गरौलाँ भनेपछि बेलुका सबैजना र उसको बुबाआमा अगाडि राखेर कुरा गर्दा मेरो जग्गा खानको निम्ति यस्तो गरेको हो भन्यो र पछि मिलौं भनेर भनेको थिए तर मैले मानिन । पछि तिर्थराज ढुङ्गानालाई प्रहरी चौकीमा बुझायौं । मेरो छोरीमाथि भएको अन्यायको लागि मैले न्याय पाउनु पर्छ भन्नेसमेत व्यहोराको जाहेरवाली काभ्रे ३०(झ) ले यस अदालतसमक्ष गरेको बकपत्र ।

१२. घरमा पूजा भएकोले चापो चाहिने भएकाले उक्त तिर्थराज ढुङ्गानालाई चापो टिपेर पठाई दिनु भनी पीडित काम्रे ३०(ञ) लाई प्रतिवादी तिर्थराज ढुङ्गानाको साथमा पठाएको र उनीहरू चापो लिन पाखोमा गएकोमा अप्राकृतिक मैथुन गराई बालिकालाई कसैलाई भनिस् भने तलाई मार्छु भनेर धम्की दिई घर पठाएको हो । उक्त घटनाको बारे स्वयं बालिका आफैमा हाम्रो अगाडि भनेपछि थाहा पाएको हो भन्नेसमेत व्यहोराको वादीका साक्षी नवराज तिमल्सिनाले यस अदालतसमक्ष गरेको बकपत्र ।

१३. मिति २०७० माघ २५ गते बिहेमा म भान्छामा काम गरिरहेको थिएँ । मलाई जाहेरीवालीको श्रीमान (पीडितको बुबा) ले मेरो छोरीलाई तिर्थराज ढुङ्गानाले चापो काट्न भनी घर नजिकको जङ्गलमा लगी जवरजस्ती करणी गर्‌यो, इन्साफ गर्नु पर्‌यो भाइ भन्नु भयो र मैले पीडित र तिर्थराज ढुङ्गानालाई सोधपुछ गर्दा दुवैले स्वीकारेको हो भन्नेसमेत व्यहोराको वादीको साक्षी गिरीप्रसाद तिमल्सिनाले यस अदालतसमक्ष गरेको बकपत्र ।

१४. मिति २०७० माघ १७ गते बालिकाको घरमा रुद्री पूजा थियो र जाहेरवालीको छोरी काम्रे ३०(ञ) लाई घर नजिकको जङ्गलमा चापो लिनको लागि भनी लगी तिर्थराज ढुङ्गानाले जवरजस्ती करणी (अप्राकृतिक मैथुन) गरेको भनी जाहेरीवालाले भनेको हुँदा निज काम्रे ३(ञ) लाई सोध्दा पनि जानकारी दिएको भन्ने व्यहोराको वादीका साक्षी लिलानाथ तिमल्सिनाले यस अदालतसमक्ष गरेको बकपत्र ।

यस अदालतको ठहर

१५. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात एवं समाजसेवी तथा बालमनोविज्ञसमेतको प्रतिवेदनहरू अध्ययन गरी बादीका तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधिवक्ता सिताराम अर्याल तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता नवराज बडालसमेतले गर्नु भएको बहस सुनी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादीले सजाय पाउनु पर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने हुन आयो ।

१६. यसमा यी प्रतिवादी तिर्थराज ढुङ्गानाउपर मुलुकी ऐन, जवरजस्ती करणीको १ र ९क नं को कसूरमा ऐ. ३(१) र ९क बमोजिम सजायको अभियोग दाबी देखियो । उक्त ऐनको दफा ९क को व्यवस्था हेर्दा कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जवरजस्ती करणी गरेको मानी यसै महलको ३ नं बमोजाम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई पर्न गएको मर्कासमेत विचार गरी अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनु पर्ने कानूनी व्यवस्था गरेको पाइयो । प्रस्तुत मुद्दामा बालिकासँगको अभियोग रहेको र उक्त व्यवस्थाले नाबालकसँगको कार्यलाई दण्डित गर्ने देखिएकाले आकर्षित हुँदैन भनी प्रतिवादी तर्फबाट उपस्थित विद्धान अधिवक्ताको बहस जिकिर रहेकोमा कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १(१) ले नेपाल ऐनमा पुलिङ्गलाई बुझाउने शब्दहरूले स्त्रीलिङ्गलाई पनि बुझाउछ भन्ने व्यवस्था गरेको देखिएबाट नाबालिकासँगको अप्राकृतिक मैथुन उक्त कानूनी व्यवस्थासँग सान्दर्भिक छैन भन्ने विद्धान अधिवक्ताको बहससँग सहमत हुन सक्ने अवस्था देखिएन ।

यी प्रतिवादी तिर्थराज ढुङ्गानाले यस अदालतसमक्ष बयान गर्दा हाम्रो साँध सिमाना एउटै भएकोले सामान्य कुरामा पनि विवाद गरिरहने र झ्याल फुटाएको आरोपमा प्रहरी लगाई कुटपिट गरेको हुँदा षडयन्त्रपूर्वक फसाएको भनी कसूर गरेमा इन्कार रही बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडित काभ्रे ३(ञ) लाई फकाई मुख आ गर, म पापा हालिदिन्छु भनी निजको मुखमा लिङ्ग प्रवेश गराई ६/७ पटक तलमाथि भित्रबाहिर सेक्स जस्तै गरी एकदमै उत्तेजनामा आई मेरो लिङ्गबाट निक्लेको सेतो पदार्थ वीर्य निज नाबालिकाको मुखमा नै झारी दिई कसैलाई नभन्नु भनी डर, त्राससमेत देखाएको कुरामा साबित रही बयान गरेको देखियो । मेरो छोरी वर्ष ६ की परिवर्तित नाम काभ्रे ३०(ञ) लाई पूजाको लागि चापो लिन प्रतिवादी तिर्थराज ढुङ्गानाको घरमा जाँदा नजिकैको पाखोमा लगी डर, धाक, धम्की, त्रास देखाई मेरो छोरीले लगाएको सुरुवाल फुकाई करणी गर्न खोज्दा रोई कराई गरेपछि छोरीको टाउकोमा समाई मुखमा लिङ्ग प्रवेश गराई मुखमा नै जवरजस्ती वीर्य स्खलन गराई अप्राकृतिक मैथुन गरी अत्यन्तै घृणित एवं अमानवीय गम्भीर अपराध गरेको हुनाले हदैसम्मको सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भनी जाहेरवाली परिवर्तित नाम काभ्रे ३०(झ) को यी प्रतिवादीउपर किटानी जाहेरी दरखास्त परेकोमा जाहेरी दरखास्त व्यहोरा र सहिछाप मेरो हो, चापो लिन पठाउँदा घरनिरको पाखोमा लगी सुरुवाल खोल्न लाग्दा छोरी रोएपछि मुखतिर हालेछ । मेरो छोरीमाथि भएको अन्यायको लागि न्याय पाउनु पर्छ भनी अदालतमा आई बकपत्र गरेको पाइयो । पीडित परिवर्तित नाम काभ्रे ३०(ञ) ले तिर्थराज ढुङ्गाना दाईले मलाई नजिकैको पाखोमा लगी ललाईफकाई मेरो सुरुवाल र निजले लगाएको पाइन्टसमेत खोली म रुँन कराउन लाग्दा निजले मेरो मुखमा लिङ्ग प्रवेश गराई तलमाथि गरी मेरो मुखमा नै वीर्य स्खलन गराई कोही कसैलाई नभन भनी डर, त्रासमा पारी आफ्नो घर गयो । म रुँदै घरमा आए भनी अनुसन्धानको क्रममा कागज गरेको र तिर्थराजले उसको पिसाब फेर्ने मेरो मुखमा हालेको हो भनी अदालतसमक्ष बकपत्र गरेको देखियो । तिर्थराज ढुङ्गानाले वर्ष ६ की परिवर्तित नाम काभ्रे ३०(ञ) लाई ललाईफकाई डर, धाक, धम्की दिई लिङ्ग मुखमा छिराई अप्राकृतिक मैथुन गराएको कुरा सुनी स्वयं तिर्थराज ढुङ्गानालाई सोधपुछ गर्दा यथार्थ कुरा बताएको भनी अनुसन्धानका क्रममा कागज गर्ने लिलानाथ तिमल्सिना, गिरीप्रसाद तिमल्सिना र नवराज तिमल्सिनासमेतका मानिसहरूले सो कागज व्यहोरालाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्रसमेतको मिसिल संलग्न कागजहरूबाट प्रतिवादी तिर्थराज ढुङ्गानाको अधिकारप्राप्त अधिकारसमक्षको सो साबिती बयान व्यहोरालाई अन्यथा मान्न नमिली प्रमाणमा लिन मिल्ने नै अवस्था देखिएकोले प्रतिवादी तिर्थराज ढुङ्गानाले आरोपित कसूर गरेको ठहरी निजलाई मुलुकी ऐन, जवरजस्ती करणीको महल ३(१) ले कैद वर्ष १० (दश) तथा ऐ. ९क ले थप कैद वर्ष १ (एक) गरी कैद वर्ष ११ (एघार) हुनेमा निज प्रतिवादीको उमेर कसूर हुँदाका बखत १५ को भन्ने देखिएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३)ले सोको आधा हुने कैद ५ (पाँच) वर्ष छ (६) महिना हुने ठहरी पीडितले प्रतिवादीबाट उक्त ऐनको दफा ९क बमोजिम रु. २५,०००/- (पच्चीस हजार) क्षतिपूर्ति भराई पाउने ठहर्छ । अरु तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी तिर्थराज ढुङ्गानालाई ५ (पाँच) ६ वर्ष ६ (छ) महिना कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७०/१०/२९ गतेदेखि प्रहरी हिरासतमा रही मिति २०७०/११/२३ गतेको यस अदालतको आदेशानुसार बाल सुधार गृहमा लगातार थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मिति २०७०/१०/२९ गतेदेखि कट्टा हुने गरी मिति २०७६/४/२८ सम्म कैदमा राखी मिति २०७६/४/२९ मा कैदबाट छुटी जाने गरी कैदी पूर्जी दिनु १

प्रस्तुत इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी तिर्थराज ढुङ्गानालाई पुनरावेदानको म्याद दिनु २

पीडितले प्रतिवादी तिर्थराज ढुङ्गानाबाट रु. २५,०००/- (पच्चीस हजार) क्षतिपूर्ति भराई पाउने ठहरेको र प्रतिवादी तिर्थराज ढुङ्गानाको पिता यदुनाथ ढुङ्गानाको नाउँमा दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला, ढुङ्गेखर्क गा.वि.स., वडा नं. ७ कि.नं. १८८ को क्षेत्रफल ९-३-०-० को जग्गा रोक्का रहेको देखिँदा प्रस्तुत मुद्दाको पुनरावेदानको अवस्था नाघेपछि क्षतिपूर्ति भराउने प्रयोजनको लागि प्रतिवादीलाई बाल सुधार गृहमार्फत भिकाई वा सोही बाल गृहमार्फत क्षतिपूर्ति रकम नगदै दाखिला गर्न सक्ने, नसक्ने सम्बन्धमा कागज गराई नगदै दाखिला गरे सोही रकम र नगदै दाखिला गर्न नसके प्रतिवादीको उक्त जेथा कानूनबमोजिम लिलाम गरी पीडितलाई जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेपलाञ्चोकमार्फत भिकाई क्षतिपूर्ति भराई दिनु..३

फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेमा फैसलाको जानकारी पठाई दिनु ४

सरोकारवालाले नक्कल मागे कानूनबमोजिम दिनु.....५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ६

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपी कम्प्युटर टाइप गराउने ना.सु. गोविन्द तिवारी ।
फाँटवालाः अरुणा बराल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल भाद्र ३ गते रोज शुभम् .....।

धादिङ जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रमेशराज पोखरेल

फैसला

२०७० सालको बालबिज्याँई दर्ता नं. ०७०-CR-१३०

दर्ता मितिः२०७१/३/१८

४६-०७०-००३८६

निर्णय नं: ३०

मुद्दाः जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई।

वादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ १(ष) को जाहेरीले
नेपाल सरकार.....१

प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ १(त्र).....१

ऐ. को साक्षी
धादिङ १(क्ष), धादिङ १(ह), धादिङ १(ज्ञ),
सूर्य राई, गोकुल राई, सुरेश राई
देख्नेः ×
सुन्नेः धादिङ १(ज्ञ), सूर्य राई, गोकुल राई,
सुरेश राई

ऐ. को साक्षी
रोशन राई, विनोद राई, जनक राई
प्रमाणः ×
कागजः ×

अदालतबाट बुझेको
जाहेरवालाः धादिङ १(क्ष)
साक्षीः धादिङ १(क्ष), धादिङ १(ह), धादिङ १(ज्ञ), सूर्य राई, गोकुल राई, सुरेश राई
धादिङ १(ज्ञ), सूरेश राई
प्रतिवादीको साक्षीः रोशन राई, विनोद राई
देख्नेः
सुन्नेः गोकुल राई, सुरेश राई, सुर्य राई
प्रमाण कागजः ×

कानूनी व्यवसायी

वादीको तर्फबाटः जिल्ला सरकारी वकिलको कार्यालय, धादिङका सहायक जिल्ला न्यायाधिवक्ता श्री बद्रिप्रसाद नेपाल.....१

प्रतिवादीका तर्फबाटः वैतनिक कानून व्यवसायी अधिवक्ता दुर्गाप्रसाद तिवारी १

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(३) र (४) र अ.ब. २९ नं. समेतले यसै अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत दायर रहेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

जिल्ला धादिङ, नौविसे गा.वि.स., वडा नं. ४ स्थित पूर्वमा कुष्णबहादुर के.सी.को खेत, पश्चिममा युनाइटेड सिमेन्ट फ्याक्ट्री जाने सडक, उत्तरमा कुष्णबहादुर के.सी.कै खेत, दक्षिणमा बुद्ध भिजन बोर्डिङ्ग स्कुल । यति चारकिल्लाभित्र कुष्णबहादुर के.सी.कै घर रहेको उक्त घरभित्र रहेको खाँटमा प्रतिवादी हाल परिवर्तित नाम धादिङ १(त्र) ले पीडित धादिङ पीडित परिवर्तित नाम धादिङ १(क्ष) र धादिङ १(ह) लाई पालोपालो गरी दुवै जनालाई जवरजस्ती करणी गरेको भनिएको देखाएअनुसारको घटनास्थल रहेको भन्ने व्यहोरासमेतको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७१/३/३ गतेका दिन अं. ४:३० बजेको समयमा जिल्ला धादिङ, नौबिसे गा.वि.स., वडा नं. ४ जुगेडीस्थित कुष्णबहादुर के.सी.को घरको कोठामा म जाहेरवालीको छोरी हाल परिवर्तित नाम धादिङ १(ह), परिवर्तित नाम धादिङ १(क्ष) सँग खेल्न गएको बखत प्रतिवादी धादिङ १(त्र) ले फकाईफुल्याई गरी दुवै जनालाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको जाहेरी दरखास्त ।

वारदातपश्चात् फरार रहेका प्रतिवादी हाल परिवर्तित नाम धादिङ १(त्र) लाई पक्राउ गरी यसै प्रतिवेदन साथ पेश गरेको छु । कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको प्रहरी प्रतिवेदन ।

पीडितहरूलाई जवरजस्ती करणीसम्बन्धी परीक्षण गर्नको लागि यसै पत्रसाथ पठाइएको भन्ने व्यहोरासमेतको पत्र ।

पीडित परिवर्तित नाम धादिङ १(क्ष) मेरो नातिनी हुन् । निजको बुबाआमा बितिसकेपश्चात् मैले पालनपोषण गर्दै आएकोमा मिति २०७१/३/३ गतेका दिन दिउसो अं. १६:३० बजेको समयमा नातिनी धादिङ १(क्ष) र निजको साथी धादिङ १(ह) सँग घरको कोठाबाहिर चोटामा खेली बसेको अवस्थामा हाल परिवर्तित नाम धादिङ १(त्र) आई नातिनी धादिङ १(क्ष) र निजको साथी धादिङ १(ह) लाई फकाईफुल्याई गरी घरभित्र लगी खाँटमा सुताई पालोपालो जवरजस्ती करणी गरी यो कुरा कसैलाई भनिस् भने काट्छु मार्छु भनी धम्काई गएको भन्ने व्यहोरासमेतको परिवर्तित नाम धादिङ (ज्ञ) ले गरिदिएको कागज ।

म नौ वर्षकी बालिका हुँ । मिति २०७१/३/३ गतेका दिन दिउँसो अं. १६:३० बजेको समयमा जिल्ला धादिङ, नौविसे गा.वि.स., वडा नं. ४ स्थित मेरो घर नजिकै कोठा भाडामा लिई बस्ने गरेको साथी धादिङ १(क्ष) को कोठामा खेल्न गई खेली बसेको अवस्थामा सो ठाँउमा हाल परिवर्तित नाम धादिङ १(त्र) आई मलाई र साथी धादिङ १(क्ष) लाई फकाईफुल्याई गरी कोठाभित्र लगी आफ्नो र हामीहरूको समेत लुगा खोली दिई पहिला साथी धादिङ १(क्ष) लाई र त्यसपछि मलाई पालोपालो गरी आफ्नो सु गर्नेले हामीहरूको सु गर्नेमा भित्रबाहिर गराउने कार्य गरी यो कुरा कसैलाई भनिस् भने काट्छु मार्छु भनी धम्काई गएका हुन् भन्ने व्यहोरासमेतको पीडित परिवर्तित नाम धादिङ १(ह) ले गरिदिएको कागज ।

मिति २०७१/३/३ गतेका दिन दिउसो अं. १६:३० बजेको समयमा म र साथी धादिङ १(ह) आफ्नो कोठाको बाहिर चोटामा खेली बसेको अवस्थामा प्रतिवादी धादिङ १(त्र) आई मलाई र धादिङ १(ह) लाई फकाईफुल्याई गरी जवरजस्ती समाई घरभित्र लगी मेरो र साथी धादिङ १(ह) को मुनिको लुगासमेत खोली दिई आफ्नो लुगासमेत खोली पहिला मलाई खाँटमा सुताई आफ्नो सु गर्नेले मेरो सु गर्नेमा भित्रबाहिर गराउँदा मलाई दुखेपछि छोडी दिई त्यसपछि साथी धादिङ १(ह) लाई पनि खाँटमा सुताई माथि चढी मेरो जस्तै साथीको पनि सु गर्नेमा आफ्नो सु गर्नेले भित्रबाहिर गराउँदा साथीलाई दुखी कराउँदा मुखसमेत थुनी सो कार्य गरी राखे । उक्त कार्य गरी यो कुरा कसैलाई भनिस् भने ठीक हुँदैन भनी धाकधम्की दिई गएका हुन् भन्ने व्यहोरासमेतको पीडित परिवर्तित नाम धादिङ १(क्ष) को कागज ।

पीडित धादिङ १(ह) को From the above findings it is sujestive that recent forceful penetrative sexual intercource has occurred भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

पीडक परिवर्तित नाम धादिङ १(क्ष) को from the above findings, it can't be said if forceful penetrative sexual intercourse has occurred भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।
पीडक परिवर्तित नाम धादिङ १(त्र) को It can be said that sexual intercourse has occurred with or without ejaculation भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

जिल्ला धादिङ, नौबिसे गा.वि.स., वडा नं. ४ स्थित रहेको कुष्णबहादुर के.सी.को घरमा कोठा भाडामा लिई मसमेत सपरिवार बस्दै आएकोमा मिति २०७१/३/३ गतेका दिन अं. १६:३० बजेको समयमा सोही घरमा भाडामा लिई बस्ने गरेकी पीडित परिवर्तित नाम धादिङ १(क्ष) र निजका साथी धादिङ १(ह) मिली दुवै जना आफ्नो कोठाबाहिर चोटामा खेली बसेको अवस्थामा देखी मलाई करणी गर्न मन लागेपछि सो ठाउँमा गई निजहरूलाई फकाईफुल्याई गरी धादिङ १(क्ष) बस्ने गरेको कोठाभित्र लगी निजहरूको लुगा र आफ्नो लुगासमेत खोली पहिला धादिङ १(क्ष) लाई र त्यसपछि धादिङ १(ह) लाई खाँटमा सुताई पालोपालो गरी एक/एक पटक दुवै जनालाई करणी गरी यो कुरा कसैलाई भनिस् भने ठीक हुँदैन भनी आएको हुँ भन्ने व्यहोरासमेतको परिवर्तित नाम धादिङ १(त्र) को बयान ।

मिति २०७१/३/३ गतेका दिन जिल्ला धादिङ, नौबिसे गा.वि.स., वडा नं. ४ स्थित परिवर्तित नाम धादिङ १(त्र) ले पीडितहरू परिवर्तित नाम धादिङ १(क्ष) लाई र धादिङ १(ह) लाई पालोपालो गरी जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हो भन्ने व्यहोरासमेतको सूर्य राईसमेतले गरिदिएको घटना विवरण कागज ।

यस सक्कल मिसिल संलग्न घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, बुझिएको मानिस र पीडितहरूको कागज, प्रतिवादीको बयान, पीडित र प्रतिवादीको शारीरिक परीक्षण प्रतिवेदन, घटना विवरण कागजसमेतका आधार प्रमाणबाट मिति २०७१/३/३ गते १६:३० बजेको समयमा जिल्ला धादिङ, नौबिसे गा.वि.स., वडा नं. ४ स्थित घटना स्थलमा जवरजस्ती करणीको वारदात भएको कुरा स्थापित हुन आयो ।

अव उक्त वारदात को कसले के कस्तो परिवन्दबाट को कस्लाई जवरजस्ती करणी गरेका रहेछन् र त्यसरी जवरजस्ती करणी गर्नेलाई के कुन कानूनअनुसार सजायको मागदाबी लिई अभियोगपत्र पेश गर्ने त ? भनी सक्कल मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा मिति २०७१/३/३ गतेका दिन १६:३० बजेको समयतिर पीडित परिवर्तित नाम धादिङ १(क्ष) वर्ष ६ को कोठामा खेल्न आएकी परिवर्तित नाम धादिङ १(ह) वर्ष ९ बाहिर खेलिरहेको स्थानमा परिवर्तित नाम धादिङ १(त्र) आई फकाईफुल्याई गरी पीडित धादिङ १(क्ष) बस्ने कोठाभित्र लगी दुवै जनालाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भनी परिवर्तित नाम धादिङ १(ष) को जाहेरी परेको, सो जाहेरीलाई पुष्टि हुने गरी घटनास्थल मुचुल्का तयार भएको, घटनास्थलमा सेतो गुलावी रंगको बुट्टा भएको तन्ना फेला परेको, उक्त वारदात नातिनीले मलाई बताएकीले प्रतिवादीलाई कानूनबमोजिम गरिपाऊँ भनी पीडित परिवर्तित नाम धादिङ १(क्ष) को हजुर बुबा परिवर्तित नाम धादिङ १(ज्ञ) ले कागज गरी दिएको देखिन्छ । त्यसै गरी जाहेरी दरखास्तलाई पुष्टि गर्दै आफुहरूलाई पालैपालो प्रतिवादी परिवर्तित नाम धादिङ १(त्र) ले जवरजस्ती करणी गरेको र करणी गरी सकेपछि कसैलाई भनिस् भने खत्तम गरी दिन्छु, काट्छु, मार्छु भनी डर त्रास देखाएको भनी पीडितहरू दुवै जनाले मौकामा कागज गरी दिएको अवस्था छ । पीडित परिवर्तित नाम धादिङ १(ह) को शारीरिक परीक्षण प्रतिवेदन हेर्दा From the above findings, it is sujestive that recent forceful penetrative sexual intercource has occurred भन्ने उल्लेख भएको छ । पीडित धादिङ १(क्ष) को शारीरिक परीक्षण गर्दा sexual intercourse भएको नदेखिए तापनि प्रतिवादीले अनसन्धानको क्रममा बयान गर्दा स.ज. ८ मा दुई वटी केटीहरू खेलिरहेको देखेपछि निजहरू भएको ठाउँमा गई फकाईफुल्याई गरी धादिङ १(क्ष) बस्ने कोठामा लगी निजहरूको कपडा खोली पहिला वर्ष ७ कि धादिङ १(क्ष) लाई र दोश्रो पटक धादिङ १(ह) लाई पालैपालो १/१ पटक करणी गरेको हुँ भनी साबिती रही बयान गरेको देखिन्छ । घटना विवरण कागज गरी दिने सूर्य राई, गोकुल राई र सुरेश राईसमेतले घटनास्थलमा गई बुझ्दा जवरजस्ती करणी गरेको बुझिएको भनी लेखाएबाट वारदात भएकै हो भन्ने कुरा थप पुष्टि हुन आएको छ ।

अतः उल्लेखित आधार कारण र प्रमाणबाट प्रतिवादी परिवर्तित नाम धादिङ १(त्र) ले परिवर्तित नाम धादिङ १(क्ष) जन्म रेकर्ड हेर्दा वारदात मितिमा ६ वर्ष ७ महिना २० दिन पुगेकी र परिवर्तित नाम धादिङ १(ह) वारदात मितिमा जन्म रेकर्ड हेर्दा ९ वर्ष २ महिना २ दिन पुगेकी नाबालिकालाई ललाईफकाई जवरजस्ती करणी गरेको कार्य मुलुकी ऐन, जवरजस्ती करणी महल १ नं. ले परिभाषित ऐ. महलको ३(१) ले सजाय हुने कसूर अपराध गरेको देखिन आएकोले निज प्रतिवादी परिवर्तित नाम धादिङ १(त्र) लाई सोही महलको ३(१) नं.अनुसार पुरा सजाय हुनु पर्नेमा निज प्रतिवादी वारदात मितिमा १५ वर्ष २६ दिनको हुँदा निज प्रतिवादी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) को परिभाषाभित्र परेको देखिँदा निजलाई सोही ऐनको दफा ११(३) अनुसार सजाय हुन र पीडितहरूलाई मुलुकी ऐन, जवरजस्ती करणीको महल १० नं. अनुसार क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने अभियोगपत्र ।

घरमा म र हजुर आमा मात्र थियौं । बुबा घरमा थिएन । एकछिनपछि हाँस, कुखुरा थुन्नु भनेको थियो । हाँसलाई कुकुरले टोकेकोले बाबुलाई फोन गरी कुकुरले टोकेको कुरा सुनाई दिएपछि म औषधि लिई आउछु तिमी घरमा बस भनेकोले म घरमा बसिरहें । केही वेरपछि मेरो घरदेखि माथिल्लो घरबाट बोलाएकोले म गएँ । त्यहाँ जाँदा परिवर्तित नाम धादिङ १(ह) र परिवर्तित नाम धादिङ १(क्ष) निजको आमा बाबु बीरबहादुर राई लगायत ५-६ जना रहेछन् । त्यहाँ बच्ची रुँदै रहेछ । म त्यहाँ पुगेपछि तैले यी बच्चीलाई जवरजस्ती गरिछस् भन्यो । मैले केही गरेको छैन भनी जवाफ दिएँ । तिनीहरूले पत्याएनन् । मैले मेरो बाबुलाई बोलाई बाबु र अन्य मानिसहरू आई जम्मा भएपछि मैले जवरजस्ती गरेको होइन भन्दाभन्दै निजहरूले प्रहरीलाई बोलाई पक्राउ गरेको हो । मैले जवरजस्ती करणी गरेको छैन भन्ने प्रतिवादी धादिङ १(त्र) ले यस अदालतमा गरेका बयान ।

पीडितको कपडा खोली हेर्दा जवरजस्ती करणी गरेको प्रष्ट खुलेको हो भन्ने बुझिएका सूर्य राईले गरेका बकपत्र ।

प्रतिवादीले पहिले पनि जवरजस्ती करणी गरेको थियो । यस पटक पनि स्कुलबाट आई आरु खाइरहँदा प्रतिवादीले मलाई र मेरो साथीलाई तानी भित्र लगी तन्ना ओछ्याई हामीलाई खाँटमा सुतायो । झ्याल ढोका बन्द गर्‌यो । मेरो साथीलाई प्रतिवादीले करणी गर्दै गर्दा मैले ढोका खोल्न लाग्दा निजले मलाई तानी मेरो सुरुवाल र पेन्टी खोली करणी गर्‌यो । मलाई प्रतिवादीले करणी गरिरहेको बेलामा मेरो साथीले ढोका खोली बाहिर निस्केको हो । त्यस दिन प्रतिवादीले हामी दुवैलाई करणी गरेको हो भन्ने पीडित परिवर्तित नाम १(ह) ले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीले पीडितहरूलाई जवरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भन्ने बुझिइएका गोकुल राई, सुरेश राईले गरेको बकपत्र ।

प्रतिवादीले जवरजस्ती करणी गरेको होइन भन्ने प्रतिवादीको साक्षी विनोद राई र रोशन राईले गरेको बकपत्र ।

प्रतिवादीले मेरो नातिनीलाई मेरो कोठामा जवरजस्ती करणी गरेको हो भन्ने नाम परिवर्तित नाम धादिङ १(ज्ञ) ले गरेको बकपत्र ।

मिति २०७१/३/३ गतेका दिन म परिवर्तित नाम धादिङ १(ह) स्कुलबाट आएर आरु खाइरहेको अवस्थामा प्रतिवादी परिवर्तित नाम १(त्र) ले म र दिदी दुवैलाई समातेर लगी कोठाको झ्याल ढोका लगाएर आछ्यानमा तन्ना हालेर म र दिदीलाई लडायो । त्यसपछि मेरो शरीरको सम्पूर्ण वस्त्र निज प्रतिवादीले खोलेर मेरो शरीरमा चढेर जवरजस्ती करणी गर्‌यो । त्यसपछि मेरो दिदीलाई जवरजस्ती करणी गर्न लाग्यो । त्यस समयमा मैले ढोका खोल्न जाँदा निज प्रतिवादीले तानेर लडायो । मलाई प्रतिवादीले जवरजस्ती करणी गर्न लाग्दा बहिनीले ममी ममी भनी बोलाउँदा प्रतिवादीले मेरो मुख थुनेर बोल्न दिएन । निज प्रतिवादीले दिदीलाई करणी गरिरहँदा मैले दिदी भनी बोलाउन लाग्दा निजले मेरो मुखसमेत थुनी बन्द गरेकाले बोल्न दिएन । निजले हामीलाई करणी गरिसकेपछि पसलमा जा भन्यो । हामी पसलमा गई रेश्मा दिदीलाई भनेको हो भन्ने पीडित १(ष) ले यस अदालतमा गरेको बकपत्र ।

यस अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएको विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री बद्रीप्रसाद नेपालको बहस र प्रतिवादीको तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री दुर्गाप्रसाद तिवारीले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी मुलतः निम्न प्रश्नहरूको निरुपण गरी निर्णय दिनु पर्ने देखियो ।

(१) पीडितहरूलाई प्रतिवादीले जवरजस्ती करणी गरेको हो होइन ?

(२) प्रतिवादीलाई सजाय गर्नु पर्ने हो होइन ? सजाय भए के कति सजाय हुनु पर्ने हो, पीडितहरूले क्षतिपूर्ति पाउनु पर्ने हो होइन ?

पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादीले पीडितहरूलाई जवरजस्ती करणी गरेकोले प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको दफा १ को परिभाषाभित्र पर्ने गरी अपराध गरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा ३(१) नं. बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादी वारदातको मितिमा १५ वर्ष २६ दिनको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) को परिभषाभित्र परेको देखिँदा निजलाई सोही ऐनको दफा ११(३) बमोजिम सजाय गरी पीडितहरूलाई मुलुकी ऐन, जवरजस्ती करणीको १० नं. बमोजिमको क्षतिपूर्ति दिलाई पाऊँ भनी अभियोग दायर भएको देखियो । जाहेरवालीले जाहेरी दरखास्त दिँदा मिति २०७१/३/३ गतेका दिन म खेतमा काम गर्न गएको मौका पारी घरमा रहेका मेरी छोरी परिवर्तित नाम धादिङ १(ह) र छोरी साथी परिवर्तित नाम १(क्ष) लाई प्रतिवादी परिवर्तित

नाम धादिङ १(त्र) ले जवरजस्ती करणी गरेको भनी घरमा आउँदा छोरीले भनेकाले थाहा पाई जाहेरी दरखास्त गर्न आएको छु । पीडित छोरीहरूको शरीर चेकजाँच गर्दा प्रतिवादीलाई सजाय गरिपाऊँ भनी जाहेरी दरखास्त परी प्रतिवादी नाम परिवर्तित १(त्र) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा जिल्ला धादिङ, नौबिसे गा.वि.स., वडा नं. ४ स्थित रहेको कुष्णबहादुर के.सी.को घरमा कोठा भाडामा लिई मसमेत सपरिवार बस्दै आएकोमा मिति २०७१/३/३ गतेका दिन अं. १६:३० बजेको समयमा सोही घरमा भाडामा लिई बस्ने गरेकी पीडित परिवर्तित नाम धादिङ १(क्ष) र निजका साथी धादिङ १(ह) मिली दुवै जना आफ्नो कोठाबाहिर चोटामा खेली बसेको अवस्थामा देखी मलाई करणी गर्न मन लागेपछि सो ठाउँमा गई निजहरूलाई फकाईफुल्याई गरी धादिङ १(क्ष) बस्ने गरेको कोठाभित्र लगी निजहरूको लुगा र आफ्नो लुगासमेत खोली पहिला धादिङ १(क्ष) लाई र त्यसपछि धादिङ १(ह) लाई खाँटमा सुताई पालोपालो गरी एक/एक पटक दुवै जनालाई करणी गरी परिवर्तित नाम धादिङ १(त्र) को बयान गरेको र निज प्रतिवादीले यस आदलतमा आई बयान गर्दा म घरमा बसिरहेको थिए । मेरो घरदेखि माथिल्लो घरबाट बोलाएकोले म गएँ । त्यहाँ जाँदा परिवर्तित नाम धादिङ १(ह) र १(क्ष) निजको आमा र बाबु बीरबहादुर राई लगायत ५-६ जना रहेछन् । त्यहाँ बच्ची रुँदै रहेछ । म त्यहाँ पुगेपछि तैले ती बच्चीलाई जवरजस्ती गरिछस् भन्यो । मैले केही गरेको छैन भनी जवाफ दिए । तिनीहरूले पत्याएनन् भनी बयान गरेको र मौकामा कागज गर्ने नाम परिवर्तित धादिङ १(क्ष), सूर्य राई, गोकुल राई, सुरेश राईसमेतले कागज गरी दिँदा यी प्रतिवादीले पीडितहरूलाई जवरजस्ती करणी गरेको हो भनी लेखाई दिएको र पीडितहरूले कागज गरी दिँदासमेत यी प्रतिवादीले हामीहरूलाई जवरजस्ती करणी गरेको हो भनी किटानी लेखाई दिएको र निजहरूले यस अदालतमा आई बकपत्र गर्दासमेत सो कागजलाई समर्थन हुने गरी बकपत्र गरी लेखाई दिएको र जवरजस्ती करणी मुद्दामा पीडितहरूले गरेको कागजलाई मुख्य प्रमाणमा लिनु पर्ने देखिँदा मिसिल संलग्न कागज प्रमाणको आधारमा यी प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको दफा ३(१) अनुसार अपराध गरेको पुष्टि हुन आयो ।

अव दोश्रो प्रश्नतर्फ विचार गर्दा यी प्रतिवादीलाई के कति सजाय गर्नु पर्ने हो र पीडितहरूलाई क्षतिपूर्ति भराई दिनु पर्ने हो होइन भनी हेर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितहरूलाई भेट भएपछि मलाई करणी गर्न मन लागी दुवै जनालाई फकाई करणी गरेको हो भनी साबित भई बयान गरेको र पीडितहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्दा हामीलाई प्रतिवादीले जवरजस्ती करणी गरेको हो भनी लेखाई दिएको र निजहरूले यस अदालतमा आई बकपत्र गर्दासमेत प्रतिवादीले हामीहरूलाई जवरजस्ती करणी गरेको हो भनी किटानी बकपत्र गरी लेखाई दिएको देखिँदा यी प्रतिवादी नाम परिवर्तित धादिङ १(त्र) लाई मुलुकी ऐन, जवरजस्ती करणीको दफा ३(१) ले सजाय हुनेमा निजले कसूर गर्दाको अवस्थामा उमेर १५ वर्ष २६ दिनको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ७ (सात) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ । साथै यी प्रतिवादीका अभिभावकबाट पीडितहरूद्वयले प्रतिवादीबाट जनही रु. १,००,०००/- का दरले क्षतिपूर्ति पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी आज यो मुद्दा अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी नाम परिवर्तित धादिङ १(त्र) के माथि इन्साफ खण्डमा लेखिएबमोजिम ७ (सात) वर्ष ६ (छ) महिना कैद ठहरी फैसला भएकोले निज मिति २०७१/३/४ बाट प्रहरी हिरासतमा रही हालसम्म बाल सुधार गृह, भक्तपुरमा रहेको देखिँदा सोही मितिबाट कैद कट्टा हुने गरी मिति २०७८/९/३ सम्म राखी अन्य मुद्दा वा कारणबाट राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०७८/९/४ गते छाडी दिनु भनी लेखी पठाउन तहसिल फाँटमा लगत दिनु १

पीडितहरूद्वयले प्रतिवादीको अभिभावकबाट जनही रु. १,००,०००/- का दरले जम्मा रु. २,००,०००/- भराई पाउने ठहरी फैसला भएकोले मुद्दा अन्तिम भएपछि भराई पाऊँ भनी प्रतिवादीका अभिभावकको यसै सरहदको जायजेथा देखाई दरखास्त गर्न आए कानूनबमोजिम गरी भराई दिनु भनी तहसिल फाँटमा लगत दिनु २

अभियोगपत्रसाथ दशीको रुपमा आएको तन्ना थान १ यस अदालतको जि.खा.पा.नं. ३३४ मिति २०७१/३/२२ मा आम्दानी बाधेको देखिँदा कानूनबमोजिम गर्नु ३

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई सुनी पाएको कागज गराई पठाई दिनु भनी बाल सुधार गृह, भक्तपुरमा लेखी पठाई दिनु र फैसला भएको जानकारी श्री जिल्ला सरकारी वकिल कार्यालय, धादिङलाई दिनु ४

सरोकारवालाले यो फैसलासहित कागजातको नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी दिनु ६

यो मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत, पाटनमा पठाउने गरी मिसिल शाखामा बुझाई दिनु ७

श्री माननीय जिल्ला न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम कम्प्युटर टाइप गर्ने ना.सु. कृष्णकुमार श्रेष्ठ । फाँटवाला ना.सु. प्रदीपकुमार राई ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल भाद्र ११ गते रोज ४ शुभम्.....।

सप्तरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद अधिकारी

फैसला

सम्वत् २०७० सालको ०७०-CR-०२१८

निर्णय नं: ५४

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम विपनाको जाहेरीले नेपाल सरकार १	जिल्ला सप्तरी, बोरिया गा.वि.स., वडा नं. ३ बस्ने रामप्रसाद देवको छोरा वर्ष १७ को कृष्णकान्त देव १
प्रमाण	प्रमाण
साक्षी: ×	साक्षी: ×
कागज: ×	कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारक्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्तमा तथ्य यस प्रकार रहेको छः

म जाहेरवालाको छोरा बाबुरामको छोरी वर्ष ५ कि परिवर्तित नाम सगरमाथा १९ मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा आफ्नै ब्याडबल खेलिरहेको अवस्थामा प्रतिवादी कृष्णकान्त देवले मसँग ब्याडबल खेल्न आऊ भनी ललाईफकाई गरी आफ्नो घर कोठामा लगी जवरजस्ती गरी नातिनीले लगाएको कट्टु खोली खाँटमाथि उत्तानो तथा घोप्टो पारी जवरजस्ती करणी गर्दाको अवस्थामा निज नाबालिका नातिनी पीडा सहन नसकी रोई कराई गरेको अनितादेबी यादवले सुनी थाहा पाई के भएछ

भनी प्रतिवादीको घरकोठातर्फ जाँदा कोठाभित्रबाट प्रतिवादी कृष्णकान्त देव बाहिर निस्केर भाग्दै गरेको तथा सोही कोठाबाट पीडित नातिनी रुँदै बाहिर निस्कदै गरेको देखी के भयो भनी नातिनीलाई सोध्दा निज पीडितले उपरोक्त कुरा बताएको हुँदा निज प्रतिवादीले पीडित नाबालिका नातिनीलाई जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम बिपनाले दिएको जाहेरी दरखास्त ।

मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा म मेरो घरको आगनमा साथीहरूसँग व्याडबल खेलिरहेको अवस्थामा साथी र मसमेत भई पानी खान गई पानी खाइसकी सोही कल नजिक उभिइरहेको अवस्थामा विपक्षी कृष्णकान्त देवले मसँग व्याडबल खेल्न आऊ भनी ललाईफकाई गरी कोठाभित्र लगी ढोका थुनी खाँटमाथि उत्तानो पारी लडाई मेले लगाएको कट्टु खोली निजको उत्तेजित लिङ्ग मेरो योनीमा पसाई जवरजस्ती करणी गरी घोप्टो पारेर योनीमा गुद्धारमा समेत निजको उत्तेजित लिङ्ग घुसाउन खोज्दा निजले जोडसँग करणी गर्दा मलाई पीडा भई रोई कराई गरेपछि प्रतिवादी कृष्णकान्त देवले कोठाभित्र छाडी बाहिर भागी गएका हुन् । तत्पश्चात् म चिच्याएको सुनी अनितादेबी यादव म भएको कोठामा के भयो भन्दै सोधपुछ गर्दा उपरोक्त कुराहरू मैले अनितादेबी यादव र मेरो हजुर आमा जाहेरवाली विपनालाई बताएकी हुँ । निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको परिवर्तित नाम सगरमाथा १९ ले गरेको घटना विवरण कागज ।

जिल्ला सप्तरी, बोरिया गा.वि.स., वडा नं. ३ स्थित पूर्वमा हरिकृष्ण यादवको गुहाली, पश्चिममा रामप्रसाद देवको जग्गा, उत्तरमा उपेन्द्रलाल देवको कच्ची घर, दक्षिणमा रामप्रसाद देवको बारी । यति चारकिल्लाभित्र पश्चिम फर्केको टिनको छानो भएको एक तले २ कोठाको घर, सो घरको उत्तरतर्फको कोठामा खाँट विस्तारा रहेको, सोही खाँट विस्तारामा मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा कृष्णकान्त देवले पीडित सगरमाथा १९ लाई जवरजस्ती करणी गरेको भनिएको उक्त खाँट विस्तारामा रहेका कपडाहरू यत्रतत्र छरिएको छरपष्ट रहेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा प्रतिवादी कृष्णकान्त देवले पीडित सगरमाथा १९ लाई जवरजस्ती करणी गर्दाको अवस्थामा पीडितले लगाएको हरियो रंगको कट्टु थान १ वरामद भएको भन्नेसमेत व्यहोराको वरामदी मुचुल्का ।

मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा पीडित परिवर्तित नाम सगरमाथा १९ लाई जवरजस्ती करणी गरी घटनास्थलबाटै फरार रहेका प्रतिवादी जिल्ला सप्तरी, बोरिया गा.वि.स., वडा नं. ३ बस्ने वर्ष १७ को कृष्णकान्त देवलाई ऐ. राजविराज न.पा., वडा नं. ६ स्थित लुकीछिपी बसिरहेको अवस्थामा मिति २०७१/२/१ गतेका दिन साँझ १८:३० बजेको समयमा फेला पारी पक्राउ गरी दाखिला गराएको छौं, कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको प्र.ना.नि. शंकरप्रसाद खतिवडासमेतको पक्राउ प्रतिवेदन ।

पीडित सगरमाथा १९ लाई जवरजस्ती करणी भए नभएको यकीनसाथ भन्न नसकिने, निजको योनीच्छेद भएको नदेखिएको, पीडितको योनी वरिपरि कुनै किसिमको घाउँचोट, निलडाम नदेखिएको, पीडितले लगाएको कपडाहरूमा पुरुषको वीर्य पाइन्छ भन्ने यकीनसाथ भन्न नसकिने, पीडितको गुद्धारमा अप्राकृतिक करणी भएको यकीनसाथ भन्न नसकिने, सोमा कुनै किसिमको घाउँचोट निलडाम नदेखिने भन्नेसमेत व्यहोराको पीडित सगरमाथा १९ को शारीरिक परीक्षण रिपोर्ट ।

मिति २०७१/१/३० गते विहानको १०:०० बजेको समयमा मेरो नयाँ घर जिल्ला सप्तरी, राजविराज न.पा., वडा नं. ७ बाट हजुरआमालाई खाना लिई साइकलमा चढी ऐ. बोरिया गा.वि.स., वडा नं. ३ स्थित पुरानो घरमा गएको थिएँ, हजुरआमालाई खाना दिई गाईको दुध लिई ११:०० बजेको समयमा रोडको नयाँ घरमा आएको हुँ, निज पीडित सगरमाथा १९ लाई मैले जवरजस्ती करणी गरेको भन्ने मेरो बुवा रामप्रसाद देवले पीडितलाई जवरजस्ती करणी गरिस् भन्दै सामान्य हातपात गर्नु भएको थियो, तत्पश्चात् म आफ्नो क्याम्पस पढ्न गएको हुँ । मैले वारदातको दिन पीडितलाई व्याडबल खेलिरहेको अवस्थामा देखेको थिए भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णकान्त देवले गरेको बयान ।

प्रतिवादी कृष्णकान्त देवले पीडित सगरमाथा १९ लाई मैले जवरजस्ती करणी गरेको छ, छैन भन्न यकीनसाथ नसकिने, निज प्रतिवादी कृष्णकान्त देवको लिङ्गमा योनी रस तथा गुद्धार रस छ, छैन भन्न यकीनसाथ नसकिने भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णकान्त देवको सगरमाथा अञ्चल अस्पताल, राजविराजको शारीरिक परीक्षण रिपोर्ट ।

मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा म आफ्नै घरमा थिएँ । उक्त मिति र समयमा पीडित परिवर्तित नाम सगरमाथा १९ निजकै घर दरबाजामा व्याडबल खेलिरहेकी थिइन् । निजलाई व्याडबल खेलिरहेको अवस्थामा प्रतिवादी कृष्णकान्त देवले तिमी मसँग व्याडबल खेल्न आऊ भनी ललाईफकाई निजको घरको उत्तरतर्फको कोठाभित्र लगी पीडितले लगाएको कट्टु फुकाली प्रतिवादीले समेत आफुले लगाएको कपडा खोली पीडितलाई जवरजस्ती करणी गर्दा पीडित चिच्याई रोएको आवाज प्रतिवादीको घर कोठाबाट बाहिर सुनी उक्त ठाउँमा जाँदा प्रतिवादी कृष्णकान्त देवले पीडितलाई जवरजस्ती करणी गरिरहेको मैले मेरो आँखाले देखेको हुँ । निज प्रतिवादीले मलाई देख्नासाथ नाङ्गै कपडा बोकी कोठाबाट बाहिर निस्की भागी गएको मैले देखेको हुँ । पीडित पीडाले छट्पटाई रहेकी थिइन् । निज प्रतिवादी कृष्णकान्त देवलाई कडाभन्दा कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको बिनितादेबी यादवसमेत २ जनाले एकै मिलान हुने गरी दिएको घटना विवरण कागज ।

मिति २०७१/१/३० गते दिनको १०:०० बजेको समयमा म आफ्नै घरमा थिएँ । उक्त मिति र समयमा पीडित परिवर्तित नाम सगरमाथा १९ निजकै घर दरबाजामा व्याडबल खेलिरहेकी थिइन् । निजलाई व्याडबल खेलिरहेको अवस्थामा प्रतिवादी कृष्णकान्त देवले तिमी मसँग व्याडबल खेल्न

आउन भनी ललाईफकाई निजको घरको उत्तरतर्फको कोठाभित्र लगी पीडितले लगाएको कट्टु फुकाली प्रतिवादीले समेत आफुले लगाएको कपडा खोली पीडितलाई जवरजस्ती करणी गर्दा पीडित चिच्याई रोएको आवाज प्रतिवादीको घर कोठाबाट बाहिर सुनी उक्त ठाउँमा जाँदा प्रतिवादी कृष्णकान्त देवले पीडितलाई जवरजस्ती करणी गरिरहेको मैले मेरै आँखाले देखेको हुँ । निज प्रतिवादीले मलाई खेख्नासाथ नाङ्गै कपडा बोकी कोठाबाट बाहिर निस्की भागी गएको मैले देखेको हुँ । पीडित पीडाले छटपटाई रहेकी थिइन् । निज प्रतिवादी कृष्णकान्त देवलाई कडाभन्दा कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको अनितादेबी यादवले खुलाई लेखाई दिएको घटना विवरण कागज ।

मिति २०७१/१/३० गते दिनको १३:०० बजेको समयमा म आफ्नै घरमा थिएँ । उक्त मिति र समयमा पीडित परिवर्तित नाम सगरमाथा १९ निजकै घर दरबाजामा व्याडबल खेलिरहेकी थिइन् । निजलाई व्याडबल खेलिरहेको अवस्थामा प्रतिवादी कृष्णकान्त देवले तिमी मसँग व्याडबल खेल्न आउन भनी ललाईफकाई निजको घरको उत्तरतर्फको कोठाभित्र लगी पीडितले लगाएको कट्टु फुकाली प्रतिवादीले समेत आफुले लगाएको कपडा खोली पीडितलाई जवरजस्ती करणी गर्दा पीडित चिच्याई रोएको आवाज प्रतिवादीको घर कोठाबाट बाहिर सुनी उक्त ठाउँमा जाँदा प्रतिवादी कृष्णकान्त देवले पीडितलाई जवरजस्ती करणी गरिरहेका मैले मेरो आँखाले देखेको हुँ । निज प्रतिवादीले मलाई खेख्ना साथ नाङ्गै कपडा बोकी कोठाबाट बाहिर निस्की भागी गएको मैले देखेको हुँ । पीडित पीडाले छट्पटाई रहेकी थिइन् । निज प्रतिवादी कृष्णकान्त देवलाई कडाभन्दा कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको लक्ष्मण यादवसमेत ५ जनाले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

यसमा अनुसन्धानको सिलसिलामा सङ्कलित जाहेरी दरखास्त, पीडितले मौकामा गरेको कागज, घटनास्थल मुचुल्का, वरामदी मुचुल्का, पीडित एवं प्रतिवादीको शारीरिक परीक्षण रिपोर्ट, घटना विवरण कागज, मौकामा बुझिएकी अनितादेबीको कागज, वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी कृष्णकान्त देवले वर्ष ५ की नाबालिका पीडित सगरमाथा १९ ललाईफकाई आफुसँग व्याडबल खेल्न उक्साई आफ्नै घरको कोठामा लगी उत्तानो बनाई जवरजस्ती करणी गरी पुनः यौन सन्तुष्टि नभएपछि पीडितको गुद्धारमा समेतमा अप्राकृतिक मैथुन गरेको तथ्य पुष्टि भएको हुँदा निज प्रतिवादी कृष्णकान्त देवलाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. र ३(१) नं. को कसूरमा सोही महलको ३(१) नं. बमोजिम सजाय गरी उक्त महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई सोही महलको ९(क) नं. बमोजिम सजायको मागदाबी लिई पेश भएको अभियोगपत्र ।

जाहेरी दरखास्त झुठ्ठा हो । मेरो बुबासँग जमिनको विषयमा जाहेरवालासँग पटकपटक झगडा भएको छ । त्यही रिसले झुठ्ठा मुद्दा लगाएको हो । बिनितादेबी यादव भनेको पीडित भनिएकी केटीको आमा अनितादेबी ठूली आमा होलान् । निजहरूले लेखाएको घटना विवरण कागजमा कुनै सत्यता छैन । म बेकसूर छु । मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्णकान्त देवले गरेको बयान ।

यस अदालतमा मिति २०७१/२/२७ मा आदेशानुसार प्रतिवादीलाई पुर्पक्षका लागि बाल सुधार गृह, सानोठिमी भक्तपुरमा थुनामा राखिएको ।

आदेशानुसार वादी प्रतिवादीका साक्षी बुझ्दा व्याडबल नखेलेकोमा प्र. कृष्णकान्तले सामान्य कुटपिट गरेको हो । मलाई जवरजस्ती करणी गरेको छैन । जवरजस्ती करणीको अपराधमा प्रतिवादी निर्दोष छन् भन्ने पीडित सगरमाथा १९ ले जाहेरवालीको रोहवरमा गरेको बकपत्र ।

मेरो नातिनीलाई प्रतिवादी कृष्णकान्त देवले व्याडबल खोसेको कारण सामान्य झैझगडा कुटपिट भएको थियो । मैले प्रहरीमा निवेदन दिन भनेकी हुँ । प्रहरी कर्मचारीले जाहेरी दरखास्तमा कम्प्युटर गराई मलाई सहिछाप गराएका हुन् । कृष्णकान्त देवले मेरो नातिनीलाई जवरजस्ती करणी नगरेको हुँदा अभिगोग दाबीबाट सफाई पाउनु पर्छ भन्नेसमेत व्यहोराको परिवर्तित नाम विपना (जाहेरवाली) को बकपत्र ।

वस्तुस्थिति मुचुल्काको व्यहोरा मेरो होइन । सहिछाप मेरो हो । पीडित सगरमाथा १९ लाई प्रतिवादी कृष्णकान्त देवले जवरजस्ती करणी गरेको कुरा मैले सुनेको छैन, देखेको छैन । व्याडबल खोसाखोस गरेको कारण झगडा भई कुटपिट गरेकाले जाहेरवालीले यस्तो किसिमको जाहेरी दिएको हुन सक्छ । प्रतिवादी कृष्णकान्त देवले अपराध नगरेको अवस्था हुँदा सफाई पाउनु पर्छ भन्नेसमेत व्यहोराको गोमादेबी यादवले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादी कृष्णकान्त देवको चालचलन शिक्षा असाध्यै राम्रो छ । गाउँघरको केटाकेटीको झगडा र पाटा पार्टीको करण गलत किसिमको मानिसको बहकाउमा लागि झुठ्ठा मुद्दा दिएको हुनु पर्दछ । प्रतिवादी कृष्णकान्त देवले जवरजस्ती करणी अपराध नै नगरेकाले झुठ्ठा अभियोगबाट निजले सफाई पाउनु पर्छ भन्ने प्रतिवादीका साक्षी हिरालाल चौधरीको बकपत्र ।

भौतिक परीक्षण केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट जाँच भई प्रतिवेदन मिसिल सामेल रहेको ।

बालमनोविज्ञ श्री हरिप्रसाद यादव र सामाजिक कार्यकर्ता अधिवक्ता श्री केशवप्रसाद दासले पेश गर्नु भएको रायसमेत मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निरन्तर सुनुवाइका लागि इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री हिमालयकुमार त्रिताल र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री नवराजकुमार क्षेत्री र विद्धान अधिवक्ता श्री गोपालप्रसाद शाहले गर्नु भएको बहससमेत सुनियो ।

प्रतिवादी कृष्णकान्त देवले जवरजस्ती करणी महलको १ र ३(१) नं. बमोजिम कसूर गरेकाले ऐ. ३(१) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दाबी भई प्रतिवादी कसूरमा अधिकारप्राप्त अधिकारी र यस अदालतमा इन्कार रहेको प्रस्तुत मुद्दामा दाबीबमोजिम सजाय हुनु पर्ने हो होइन ? सोही कुराको निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णयतर्फ विचार गर्दा यसमा मेरी छोरी वर्ष ५ की सगरमाथा १९ लाई ललाईफकाई जवरजस्ती करणी गरेकाले सजाय गरिपाऊँ भन्ने जाहेरी दरखास्त, सोहीअनुरुप पीडित सगरमाथा १९ को कागज रहेको र स्वास्थ्य परीक्षण गराउँदा पीडितको योनीच्छेद भएको नदेखिएको र योनी वरिपरि कुनै किसिमको घम्निएको, निलडाम, कोतरिएको नदेखिएको भन्नेसमेत प्रतिवेदन रहेछ । जाहेरवाली र पीडित एवं प्रहरीमा कागज गर्नेहरूले यस अदालतमा उपस्थित भई प्रतिवादीले जवरजस्ती करणी नगरेको, व्याडबल खोसाखोस गरेको कारण सामान्य झगडा भई कुटपिट गरेको कारण यो उजूरीमा जवरजस्ती करणीको अभियोगमा निजले सफाई पाउनु पर्छ भन्नेसमेत पृथकपृथक बकपत्र गरेको देखिन्छ । पीडित वर्ष ५ की नाबालिका छन् भने प्रतिवादी वर्ष १५ का देखिन्छन् । वर्ष १५ का बालकले वर्ष ५ की नाबालिकालाई जवरजस्ती करणी गरेको भए पीडितको गुप्ताङ्गमा कुनै न कुनै घाउँचोट अवश्य पनि देखिनु पर्ने हुन्छ । तर मौकाको स्वास्थ्य परीक्षणमा कुनै त्यस्तो लक्षणको देखा पर्न सकेको छैन जसको आधारमा जवरजस्ती करणी भएको हो भन्न सकियोस् । यस्तो अवस्थामा मौकाको जाहेरी र पीडितसमेतको प्रहरीमा भएको कागजलाई मात्र आधार मानी ठहर गर्न सकिने अवस्था देखिएन । पीडितको शारीरिक परीक्षण प्रतिवेदन र पीडितसहित मौकामा कागज गर्ने व्यक्ति र जाहेरवाली स्वयंको अदालतको बकपत्रबाट अभियोग दाबी खण्डित भएको छ ।

प्रस्तुत मुद्दा बाल इजलासले हेर्ने भई सामाजिक कार्यकर्ता श्री केशव दास र बालविशेषज्ञ श्री हरिप्रसाद यादवले समेत प्रतिवादीले सफाई पाउनु पर्ने भनी राय व्यक्त गर्नु भएको देखिन्छ ।

अतः प्रतिवादी कृष्णकान्त देवले कसूर गरेको नदेखिँदा अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी कृष्णकान्त देवके माथि ठहर खण्डमा लेखिएबमोजिम अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले अन्य मुद्दाका कारण निजलाई थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दामा आजै थुना मुक्त गरी दिनु भन्ने बाल सुधार गृह, सानोठिमी भक्तपुरमा लेखी पठाई दिनु १

यो फैसलाउपर चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालयलाई पुनरावेदनको म्याद दिनु २

सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाऊँ भनी माग गरे नियमानुसार गरी दिनु ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ४

यो पाना नं. ६ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने सन्तोष दास (फाँट नं. १) ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल भाद्र १२ गते रोज ५ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बन्द इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७१-CR-००२०

निर्णय नं: ४०

मुद्दा: नकबजनी चोरी।

वादीको नाम, थर, वतन
जिल्ला सुनसरी, घुस्की गा.वि.स., वार्ड नं. २ हरेराम मेहताको जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन
जिल्ला सुनसरी, घुस्की गा.वि.स., वार्ड नं. २ बस्ने माडवारी उरावको छोरा परिवर्तित नाम ख बहादुर १

ऐ.ऐ. को प्रमाण
साक्षी: ×
कागज: ×

ऐ.ऐ. को प्रमाण
साक्षी: ×
कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको परी दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ बमोजिम नाबालक प्रतिवादीको नाम परिवर्तन गरी ख बहादुर कायम गरी गोपनीयता कायम गरिएको छ साथै प्रस्तुत मुद्दाको सुनवाई बन्द इजलासबाट गरिएको छ।

मिति २०७१/४/५ गते राती १:०० बजेको समयमा हामी घरका सबै सदस्य सुतिरहेको मौकामा घुस्की २ बस्ने माडवारी उरावको छोरा परिवर्तित नाम ख बहादुरले मेरो घरभित्र प्रवेश गरी घर कोठामा राखेको टिनको बाकसको तल्चा खोली लुगा कपडा यत्रतत्र फ्याकी बाकसमा राखेको नगद रु. ६१,०००/- चोरी गरी भाग्न लागेको अवस्थामा तत्कालै पक्राउ गरी निजको साथमा रहेको मेरो चोरी भएको रकम निजले यत्रतत्र फाली दिएको र उक्त रकम सङ्कलन गर्दा रु. ५५,०००/- मात्र फेला परेको र रु. ६,०००/- फेला नपरेको हुँदा निज चोरी गर्ने प्रतिवादी ख बहादुरउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेतको हरेराम मेहताको २०७०/४/७ मा दर्ता गराएको जाहेरी दरखास्त ।

घुस्की २ स्थित पूर्वमा रामचन्द्र साहको घर, पश्चिममा विजय साहको घर, उत्तरमा चितनारायण मेहताको बारी, दक्षिणमा पूर्व पश्चिमको सार्वजनिक कच्ची सडक । यति चारकिल्लाभित्र रहेका नथुनी मेहताको दक्षिण मोहडा भएको टिनको भुई घरको पश्चिम कोठामा राखेको टिनको बाकस खोली २०७१/४/६ गते बिहानको राती १:०० बजेको समयमा परिवर्तित नाम ख बहादुरले बाकसमा रहेको सम्पूर्ण लुगाहरू छरपष्ट पारी सो बाकसमा रहेको नगद रु. ६१,०००/- चोरी गरी भाग्न लागेको अवस्थामा थाहा पाई पक्राउ गरिएको अवस्थामा निजको साथबाट रु. ५५,०००/- फेला परेको रु. ६,०००/- फेला नपरेको भन्नेसमेतको २०७१/४/६ को घटनास्थल मुचुल्का ।

मिति २०७१/४/५ गते बिहान म जाहेरवालाको घरमा टिभी हेर्न गएको, सोही बखतमा जाहेरवालाको बाबु नथुनी मेहता विरामी भई उपचार गराउनको लागि के कहाँबाट ल्याएको रकम रु. ६१,०००/- जाहेरवालासमेतले गन्दै गरेको देखेको थिएँ । उक्त रकम देखी मलाई चोरी गर्ने मनमा सोच आई घरमा गई खाना खाएर आफ्नो पाडी भैंसी चराउन गई भैंसी चराई ल्याई बाँधी खाना खाई गाउँकै बैजनाथ साहको घरमा गई सुतें । रातको १० बजेतिर ब्युँझि जाहेरवालको घरतर्फ गई हेर्दा जाहेरवालासमेत जागै रहेको देखी पुनः आफ्नो घर गई हेर्दा फेरी बैजनाथ साहको मतानमा गई सुतें । अन्दाजी १:०० बजेको समयमा जाहेरवालको घरमा गई हेर्दा सबै सदस्य निद्रामा मस्त देखी उक्त घरको पूर्वतर्फको कोठाको कमजोर सिक्री खोली पूर्व कोठामा टाटीको चेपबाट पश्चिम कोठामा प्रवेश गरी हेर्दा सो कोठामा टिनको ठुलो नयाँ बाकस रही ताल्चा लागेको र चावी बाकसमाथि नै रहेको देखी बाकसको ताल्चा खोली बाकसमा रहेको रु. ६१,०००/- चोरी गरी पुनः बाकस लगाई हिड्न लाग्दा बाकस बजेको आवाजले जाहेरवालाले थाहा पाई तत्कालै पक्राउ गरेको, मैले उक्त रकम फाली दिएँ । मैले रकम गन्न भ्याइन । रु. ५५,०००/- फेला परेको र रु. ६,०००/- फेला नपरेको भनेकोमा उक्त रकम मैले खाई मासेको छैन । मबाट भुल भयो भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम ख बहादुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

थुनुवा भागेको हुँदा खोजतलास गरिपाऊँ भन्नेसमेतको प्रहरी प्रतिवेदन । थुनुवा पक्राउ गरी दाखेला गरेको प्रतिवेदन छानविन गरी पेश गरेको प्रतिवेदन, दोषी कर्मचारीलाई कारवाहीको लागि पठाएको पत्र मिसिल सामेल रहेको र म प्रहरी नियन्त्रणको सुधार कोठाको ढोकाको रड बंग्याई भागी फरार भएको हुँ भन्नेसमतेको प्रतिवादी परिवर्तित नाम ख बहादुरले गरेको ततिम्बा बयान कागज ।

मिति २०७१/४/६ गते बिहानको राती १:०० बजेको समयमा म आफ्नै घरमा सुतिरहेको थिएँ । जाहेरवाला हरेराम मेहताले आफ्नो घरमा उल्लेखित समयमा प्रवेश गरी प्रतिवादी ख बहादुरले बाकसमा राखेको रु. ६१,०००/- नगद चोरी गरी भाग्न लागेको अवस्थामा पक्राउ गरी राखेको छु भनी होहल्ला गरेपश्चात् घटनास्थलमा गई हेर्दा प्रतिवादी परिवर्तित नाम ख बहादुरले रु. ५५,०००/- चोरी गरी भाग्न लागेको अवस्थामा पक्राउ गरी नगद रुपैयाँसहित फेला पारेको देखी थाहा पाएँ । निज प्रतिवादीले पहिले पनि गाउँघरमा नगद तथा जिन्सी चोरी गर्दै हिड्ने गरेको निज खराब आचरणका बालक हुन् भन्नेसमेतको रामलाल महतोसमेतले व्यहोरा लेखाएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम ख बहादुरले जाहेरावालाको रु. ६१,०००/- नगद नकवजनीका रीतसँग चोरी गरेको प्रमाणित हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १ र ३ नं विपरीत कसूरमा ऐ. को १४(१) नं. बमोजिम सजाय गरी पक्राउ पर्दाको अवस्थामा निज १४ वर्ष ३ दिनको नाबालक भएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र वरामदी रु. ५५,०००/- जाहेरवालालाई फिर्ता दिलाई रु. ६,०००/- प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्नेसमेतको अभियोगपत्र ।

जाहेरवालाको घरमा म गएको हो र त्यही राखेका चावी खोली ट्रंकामा भएको रुपैयाँमध्ये रु. १०,०००/- मात्र गोजीमा हाली बाहिर निस्कन खोज्दा हरेरामले चाल पाई मलाई पक्रेको हो । बाकसमा पैसा कति थियो थाहा भएन । मलाई पक्रेपछि मैले गोजीको रुपैयाँसमेत खाँटमुनि फाली दिएको हुँ भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम ख बहादुरले अदालतमा गरेको बयान

मिति २०७१/४/१५ का आदेशानुसार निज प्रतिवादीलाई संरक्षक बाबुको जिम्मा लगाइएको ।

मिति २०७१/४/५ गते राति १:०० बजेको समयमा प्रतिवादी ख बहादुरले मेरो मुल घरभित्रको बाकसको ताला तोडी रु. ६१,०००/- नगद चोरी गरेका र चोरी गर्दा गर्दैको अवस्थामा रु. ५५,०००/- छरिएको अवस्थामा फेला परेको रु. ६,०००/- फेला परेन । प्रतिवादीलाई तत्कालै पक्राउ गरी प्रहरी जिम्मा लगाएको भन्नेसमेतको जाहेरवाला हरेराम मेहताले गरेको बकपत्र ।

जाहेरवालाको घरमा हल्लाखल्ला भएकाले त्यहाँ जाँदा प्रतिवादीलाई पक्री राखेको र चोरी गरेको रु. ५५,०००/- वरामद भएको भन्नेसमेतको घटनास्थल मुचुल्काका गंगाप्रसाद मेहताले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरहकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयकुमार

श्रेष्ठ तथा प्रतिवादी तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री राजेन्द्रप्रसाद कोइरालाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा प्रतिवादी परिवर्तित नाम ख बहादुरले जाहेरावालाको रु. ६१,०००/- नगद नकवजनीका रीतसँग चोरी गरेको प्रमाणित हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १ र ३ नं विपरीत कसूरमा ऐ. को १४(१) नं बमोजिम सजाय गरी पक्राउ पर्दाको अवस्थामा निज १४ वर्ष ३ दिनको नाबालक भएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेतको अभियोग दाबी रहेको देखिन्छ ।

परिवर्तित नाम ख बहादुरले २०७१/४/६ गते बिहानको अं. १:०० बजेको समयमा जाहेरवालाको घरका सदस्य सुतेका आवस्थामा जाहेरवालाको घरको पूर्वपट्टिको कोठाको कमजोर सिक्री खोली बाकसको ताल्चा खोली बाकसमा राखेको नगद रु. ६१,०००/- चोरी गरी भाग्न लागेका अवस्थामा तत्कालै पक्राउ गरी निजले यत्रतत्र फाली दिएको रु. ५५,०००/- मात्र फेला परेको भन्नेसमेत जाहेरी व्यहोरा देखिन्छ । जाहेरीअनुसार चोरी गरेकोमा अधिकारप्राप्त अधिकारीसमक्ष यी नाबालक साबित देखिए पनि घटनाको मितिमा राती जाहेरवालाको घरमा गई त्यही राखेका चाँबी खोली ट्रंकामा रहेको पैसामध्ये रु. १०,०००/- मात्र गोजीमा राखी बाहिर निस्कन खोज्दा हरेराम (जाहेरवाला) ले चालपाई पक्रेको हो । त्यो बाकसमा कति पैसा थियो थाहा भएन । जाहेरवालाले पक्रेपछि गोजीको पैसा त्यही खाँटमुनि फ्याँकी दिएको थिएँ । कोठामै आफु पक्राउ परेको, सबै रुपैयाँ त्यही थियो मैले कुनै रुपैयाँ लुकाएको छैन भनी मौकामा प्रहरीले भनेबमोजिम नपढी सहिछाप गराइएको भनी अदालतसमक्ष बयान गरेको देखिन्छ ।

मिति २०७१/४/६ को वरामदी मुचुल्का हेर्दा दक्षिण मोहडा भएको टिनको भुई घरको पूर्वपट्टिको ढोका खोली पूर्व कोठाबाट पश्चिम कोठामा प्रवेश गरी पश्चिम कोठामा राखेको टिनको बाकस खोली २०७१/५/६ गते बिहानको राती १:०० बजेको समयमा लुगाहरू छरपष्ट पारी बाकसमा रहेको रु. ६१,०००/- चोरी गरी भाग्न लागेको अवस्थामा थाहा पाई पक्राउ गरेको अवस्थामा निजको साथबाट रु. ५५,०००/- फेला परेको रु. ६,०००/- फेला पार्न नसकिएको भन्नेसमेत व्यहोरा लेखिएको देखिन्छ ।

घटनास्थल मुचुल्काका व्यक्ति गंगाप्रसाद मेहताले घटनास्थल मुचुल्काको समर्थन गर्दै जाहेरवालाको घरमा होहल्ला भएको थाहा पाई त्यहाँ जाँदा परिवर्तित नाम ख बहादुरलाई पक्रेर राखेको र चोरी गरी लगेको रु. ५५,०००/- फेला परेको थियो, त्यति नै वरामद भएको हो भन्नेसमेत व्यहोराको बकपत्र गरेको पाइन्छ ।

जाहेरवाला हरेराम मेहताले घटना मिति र समयमा मेरो मुल घरभित्र बाकसको ताल्चा फोरी सो बाकसमा भएको नगद रु. ६१,०००/- परिवर्तित नाम ख बहादुरले चोरी गरी लगेका हुन् । सो रकममध्ये रु. ५५,०००/- चोरी गर्दागर्दैका अवस्थामा पक्राउ गरी घरैमा छाडिएको अवस्थामा फेला परेको हो ।

बाँकी रु. ६,०००/- वरामद भएन । प्रतिवादीलाई तत्काल पक्राउ गरी प्रहरी जिम्मा लगाएको हो । रु. १०,०००/- निजको गोजीमा थियो । गोजीबाट निकाली फालेको हो, अरु पैसा त्यतिकै फालिएको थियो भन्नेसमेत व्यहोराको बकपत्र गरेको देखिन्छ ।

जाहेरवाला, घटनास्थल मुचुल्काका व्यक्तिको बकपत्र तथा बिज्याँईकर्ता ख बहादुरकै अदालतसमक्ष गरेको बयानसमेतबाट २०७१/४/६ को बिहान अं. १:०० बजेको समयमा जाहेरवालाका घरका व्यक्ति सुतेको अवस्थामा ढोकाको सिक्री खोली कोठामा प्रवेश गरी ट्रंकाको ताला खोली ख बहादुरले नगद चोरी गरेको तथ्यमा विवाद देखिएन ।

जाहेरवालाले आफुले राखेको नगद रु. ६१,०००/- प्रतिवादीले चोरी गरेको भने तापनि तत्काल प्रतिवादी बनाइएका नाबालक ख बहादुर घटनास्थलमै पक्राउ परेका तथा तत्कालै घटनास्थलबाट रु. ५५,०००/- मात्र वरामद भएको देखिन्छ । बिज्याँईकर्ता बालकले आफुले रु. १०,०००/- मात्र चोरी गरी लैजान लाग्दाकै अवस्थामा पक्राउ परेपछि गोजीको नगदसमेत खाँटमुनि फाली दिएको भनी सो हदसम्म कसूर स्वीकारेको देखिन्छ । जाहेरवालाको बकपत्रबाट पनि बिज्याँईकर्ताले गोजीबाट रु. १०,०००/- निकाली फालेको अरु पैसा त्यही थियो भनी घटनाको चित्रण गरेको पाइन्छ । चोरी गर्दा गर्दैका अवस्थामा ख बहादुर पक्राउ परेका र बिज्याँईकर्ताले गोजीमा राखेको नगद फाली भुईमा छरिएकोसमेत गरी जम्मा रु. ५५,०००/- मात्र घटनस्थलमा फेला परेको, अन्य व्यक्ति यी बिज्याँईकर्तासँग घरमा प्रवेश गरेको नदेखिएको तथा बिज्याँईकर्ता बालक घटनास्थलबाट निस्किसकेको अवस्थासमेत नहुँदा घटनास्थलमा जाहेरवालाको दाबीबमोजिम रु. ६१,०००/- नगद रहेको तथ्य प्रमाणित भएन ।

अब प्रतिवादी ख बहादुरले रु. ५५,०००/- नै चोरी गरेका हुन् वा रु. १०,०००/- भन्ने सन्दर्भमा यी नाबालकले अदालतसमक्ष घटनाको चित्रण गरी बिज्याँई स्वीकार गरी बयान गर्दा, घटनास्थलमा के कति रकम थियो भन्नेमा आफु अनभिज्ञ रहेको उल्लेख गर्दै आफुले रु. १०,०००/- मात्र चोरी गरी गोजीमा राखेको भन्ने उल्लेख गरेको देखिन्छ । जाहेरवालाले बिज्याँईकर्ता पक्राउ परेका अवस्थामा निजको गोजीबाट रु. १०,०००/- फालिएको भनी बकपत्र गरेका र अन्य रुपैयाँ छरिएको अवस्थामा भेटिएको भनी भनी बकपत्र गरेको देखिन्छ बिज्याँईकर्ताले भुईमा छरिएका वा भएका सम्पूर्ण रकम चोरी गर्ने उद्देश्य राखेको भए हात लागेको रकम गन्ती नगरी आफ्नो साथमा राख्न सक्ने अवस्था रहन्थ्यो ।

तसर्थ छरिएका वा घटनास्थलबाट वरामद भएका सम्पूर्ण रु. ५५,०००/- नै यी बिज्याँईकर्ताले चोरी गरेको नभई रु. १०,०००/- सम्म चोरी गरी लाने क्रममा अन्य रकम छरिएको देखियो । अत परिवर्तित नाम ख बहादुरले जाहेरावलाको नगद रु. १०,०००/- सम्म मुलुकी ऐन, चोरीका महलको १ नं तथा घरको ठोका खोली रातको समयमा टाटीको चेपबाट समेत भित्र पसी चोरी गरेको देखिँदा ऐ. को ३ नं बमोजिम बिज्याँई गरेका ठहर्छ ।

कसूरका आधारमा वयस्कलाई चोरीको १४(१) नं बमोजिम डेड महिना कैद र रु. १५,०००/- जरिवाना हुनेमा यी बिज्याँईकर्ता ख बहादुर (परिवर्तित नाम) को उमेर १४ वर्ष देखिएकाले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम चोरीका १४(१) नं बमोजिम हुने सजायको आधा कैद दिन २२(बाइस) र रु. ७,५००/- जरिवाना हुन्छ। जाहेरवालाले वरामद बिगो प्राप्त गरिसकेको देखिँदा भराइरहनु परेन। अरुमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ।

तपसिल

प्रतिवादी परिवर्तित नाम ख बहादुरके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी निजलाई कैद दिन २२(बाइस) र जरिवाना रु. ७,५००/- हुने ठहरेकाले निज प्रतिवादी मिति २०७१/४/६ देखि प्रहरी नियन्त्रण सुधार कक्षमा रही २०७१/४/८ गतेको राती भागी फरार भएको र पुन मिति २०७१/४/११ देखि नियन्त्रणमा रही मिति २०७१/४/१४ आदेशानुसार संरक्षकको जिम्मामा रहेको हुँदा उक्त हिरासतको सुधार कक्षमा रहेको अवधि दिन ७ कट्टा गरी बाँकी कैद १५ (पन्ध्र) दिन र जरिवाना लगत कसि असुल गर्नु १

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदाल, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई तथा प्रतिवादीलाई सराकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिनु २

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार सारी वा सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने ना.सु. डम्बरप्रसाद घिमिरे।
फाँटः १

.....
न्यायाधीश

सम्वत् २०७१ साल भाद्र १३ गते रोज ६ शुभम् .....।

ललितपुर जिल्ला अदालत

बन्द बाल इजलास

माननीय न्यायाधीश श्री टेकनारायण कुँवर

फैसला

२०७१/५/१६ को स.वा.फौ.मि.नं. ०७१ -CR-००२२

नि.नं: १९

उपस्थिति
समाजसेवीः सुजाता रेग्मी
बालमनोविज्ञानवेत्ताः सजना कोइराला

वादीको नाम, थर, वतन
महानगरीय प्रहरी वृत्त, सातदोबाटो ललितपुरको जाहेरीले वादी नेपाल सरकार.....१

प्रतिवादीको नाम, थर, वतन
बिरबहादुर आले मगरको छोरा १४ जिल्ला रुम्जाटार ४ घर भई हाल ललितपुर घर भई धापाखेल १ बस्ने वर्ष १४ को सातदोबाटो (च) १

हर्कबहादुर लिम्बूको छोरा १० जिल्ला चक्रघटी घर भई हाल ललितपुर जिल्ला सुनाकोटी ८ जैनखेल बस्ने माइला भन्ने सातदोबाटो (छ) २

लक्ष्मण कार्कीको छोरा १० जिल्ला भरोल ३ घर भई हाल ललितपुर जिल्ला, सुनाकोठी ८ जैनखेल बस्ने वर्ष १४ को धनबहादुर भन्ने सातदोबाटो (ज) १

ऐ. को प्रमाण कागज
साक्षीः प्र.ना.नि. रामसिंह धामी
कागजः ×

ऐ. को प्रमाण कागज
साक्षीः ×
कागजः ×

मुद्दाः सार्वजनिक अपराध ।

दायरी मितिः २०७१/५/१६

तथ्य खण्ड

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको विवरण यस प्रकार छः

क. केशको संक्षिप्त व्यहोराः

१. मिति २०७१/४/२० गते बेलुका अन्दाजी १९:४५ बजेको समयमा ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ महालक्ष्मीस्थानस्थित सार्वजनिक बाटोमा पछिमात्र नाम, थर खुल्न आएका नाम परिवर्तित सातदोबाटो (ज) समेतले सार्वजनिक स्थानमा अश्लील अपशव्द प्रयोग गरी सर्वसाधारणको सँगसाथमा रहेको धनमालसमेत क्षति पुर्‍याउन खोजी होहल्ला अशान्ति फैलाई अशान्ति वातावरण श्रृजना गरिरहेको बखत प्रहरीले फेला पारी सोधपुछ गर्दा उल्टै प्रहरीलाई विवाद गरी काम कर्तव्यमा वाधा अवरोध पुर्‍याएकोले आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

२. ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ महालक्ष्मीस्थानस्थित पूर्व तथा पश्चिममा सार्वजनिक बाटो, उत्तरमा सातदोबाटोतर्फ जाने पक्की सडक र दक्षिणमा विशालचोकतर्फ जाने पिच बाटो । यति चारकिल्लाभित्र अवस्थित पछिमात्र नाम, थर खुल्न आएको नाम परिवर्तित सातदोबाटो (ज) समेत ३ जनाले सार्वजनिक स्थानमा अश्लील अपशव्द प्रयोग गरी सर्वसाधारणको सँगसाथमा रहेको धनमालसमेत क्षति पुर्‍याउन खोजी होहल्ला अशान्ति फैलाई अशान्ति वातावरण श्रृजना गरी केही सार्वजनिक अपराध गरेको भनिएको स्थानको घटनास्थल चारकिल्लासहितको विवरण ठीक छ ।

३. मिति २०७१/४/२० गते बेलुका अन्दाजी १९:४५ बजेको समयमा ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ महालक्ष्मीस्थानस्थित सार्वजनिक बाटोमा पछिमात्र नाम, थर खुल्न आएका नाम परिवर्तित सातदोबाटो (च), (छ) र (ज) समेतले सार्वजनिक स्थानमा अश्लील अपशव्द प्रयोग गरी सर्वसाधारणको सँगसाथमा रहेको धनमालसमेत क्षति पुर्‍याउन खोजी होहल्ला अशान्ति फैलाई अशान्ति वातावरण श्रृजना गरिरहेको बखत प्रहरीले फेला पारी सोधपुछ गर्दा उल्टै प्रहरीलाई विवाद गरी काम कर्तव्यमा वाधा अवरोध पुर्‍याएकोले निजहरूलाई कानूनबमोजिम हुनु पर्छ भन्नेसमेत व्यहोराको एकै मिलान व्यहोराको बुझिएका मानिसहरूले खुलाई लेखाई दिएको घटना विवरण कागज ।

(ख) प्रतिवादीले मौकामा गरेको बयानः

४. मिति २०७१/४/२ गते बेलुकी अन्दाजी १९:४५ बजेको समयमा नाम थाहा नभएको एक होटेलमा सामान्य रक्सी र खाजा खाई मसँगै पक्राउमा परेका सबै साथीहरू बाटोमा पैदल हिडी जाने क्रममा रक्सी खाएको नशाको सुरमा बटुवाहरूसँग विवाद भइरहेका बखत प्रहरीले फेला पारी सोधपुछ गर्दा प्रहरीसँग सामान्य विवाद हुँदा होहल्ला भएको हो । त्यसपछि मसमेत पक्राउमा परेको हुँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित प्रतिवादी धनबहादुर भन्ने सातदोबाटो (ज) को बयान ।

५. मिति २०७१/४/२ गते बेलुकी अन्दाजी १९:४५ बजेको समयमा नाम थाहा नभएको एक होटेलमा सामान्य रक्सी र खाजा खाई मसँगै पक्राउमा परेका सवै साथीहरू बाटोमा पैदल हिडी जाने क्रममा रक्सी खाएको नशाको सुरमा बटुवाहरूसँग विवाद भइरहेका बखत प्रहरीले फेला पारी सोधपुछ गर्दा प्रहरीसँग रक्सीको नशामा सामान्य विवाद हुँदा होहल्ला भएको हो । त्यसपछि मसमेत पक्राउमा परेको हुँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित प्रतिवादी माइला भन्ने सातदोबाटो (छ) को बयान ।

६. मिति २०७१/४/२ गते बेलुकी अन्दाजी १९:४५ बजेको समयमा नाम थाहा नभएको एक होटेलमा सामान्य खाँजासमेत खाई मसँगै पक्राउमा परेका सबै साथीहरू बाटोमा पैदल हिडी जाने क्रममा बटुवाहरूसँग विवाद भइरहेका बखत प्रहरीले फेला पारी सोधपुछ गर्दा प्रहरीसँग सामान्य विवाद हुँदा होहल्ला भएको हो । त्यसपछि मसमेत पक्राउमा परेको हुँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित प्रतिवादी सातदोबाटो (च) को बयान ।

(ग) अभियोग मागदाबीः

७. निज नाम परिवर्तन सातदोबाटो (च), (छ) र (ज) समेतले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को खण्ड (क), (ग), (ज) र (झ) अनुसारको कसूर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूउपर केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(१) बमोजिम सजाय हुनेमा निज प्रतिवादीहरू नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम वयस्कलाई हुने सजायको आधा सजाय गरी र बालबालिका समावेश भएको मुद्दाको न्याय निरोपण बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५(३) बमोजिम बाल अदालत गठन भएको बाल इजलासबाट हुने हुँदा प्रस्तुत मुद्दाका प्रतिवादीहरू परिवर्तित नाम सातदोबाटो (च) र (ज) लाई प्रस्तुत अभियोगपत्र पेश गरिएको भन्ने गरिपाऊँ भन्ने मिति २०७१/५/१६ को अभियोग मागदाबी ।

(घ) प्रतिवादीहरूले अदालतमा गरेको बयानः

८. मिति २०७०/४/२० गते म साथीको जन्मोत्सवको पार्टीमा गई खानपिन गरी आएको अवस्थामा प्रहरीले सोधपुछ गरको प्रहरीसँग भनाभन हुन गई प्रहरीले पक्राउ गरेको हो । मैले अन्य कुनै बटुवासँग

सामान तथा धनमाल क्षति पार्न खोजेको होइन । रक्सीको नशामा प्रहरीसँग सामान्य विवाद भएको थियो । मैले अभियोग मागदाबीबमोजिम कसूर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सातदोबाटो (च) ले यस अदालतमा गरेको बयान ।

९. मिति २०७०/४/२० गते म जन्मोत्सवको पार्टीमा गई खानपिन गरी आएको अवस्थामा प्रहरीले सोधपुछ गरको र प्रहरीसँग भनाभन हुन गई प्रहरीले पक्राउ गरेको हो । मैले अन्य कुनै बटुवासँग सामान तथा धनमाल क्षति पार्न खोजेको होइन । मैले बटुवासँग अभद्र व्यवहार गरेको छैन । मैले अभियोग मागदाबीबमोजिम कसूर नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सातदोबाटो (ज) ले यस अदालतमा गरेको बयान ।

ङ. बुझिएका साक्षी प्रमाणः

१०. ललितपुर, नखिपोट १४ महालक्ष्मीस्थान नजिक बेलुका १९:४५ बजेको समयमा हाल परिवर्तित नाम सातदोबाटो (ज) र (च) तीनै जना बाटो होहल्ला गरी हिडिरहेको अवस्थामा नियन्त्रण गर्न खोज्दा अरु व्यक्तिहरूलाई असर पर्ने गरी गरे । मेडिकल जाँच गराउँदा मा.प.से. गरेको पाइदा कारवाही अगाडी बढाएको हो भनी प्रतिवादी रामसिंह धामीले गरेको बकपत्र ।

च. सम्वद्ध कानूनः

११. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को खण्ड (क), (ग) (ज) र (झ) ।

खण्ड ठहर

१२. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्ति न्यौपानेले प्रतिवादीहरू सातदोबाटो (च) र (ज) ले सार्वजनिक स्थानमा अश्लिल तथा अपशव्द प्रयोग गरी सर्वसाधारणहरूको धनमालसमेत क्षति पुर्‍याउन खोजी होहल्ला गरी अशान्ति फैलाउने वातावरण श्रृजना गरी हिडेकाले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्छ भनी गरेको बहस सुनियो ।

१३. बालमनोविज्ञानवेत्ता सजना कोइराला र समाजसेवी सुजाता रेग्मी (खतिवडा) ले कानूनको द्धन्दमा परेका नाबालकहरूको मनोवैज्ञानिक तथा सामाजिक अध्ययन गरी पेश गरेको प्रतिवेदनसमेत हेरी सङ्कलित सबुत प्रमाणको आधारमा निज कानूनको द्धन्दमा परेका नाबालकहरूले आरोपित गरिएअनुसार बालबिज्याँई गरेका हुन् होइनन् ? भन्ने मुख्य प्रश्नको निरुपण गर्नु पर्ने देखिएको छ ।

१४. निर्णयतर्फ प्रवेश गर्दा सर्वप्रथम निज नाबालकहरूले गरेको कार्य केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को खण्ड (क), (ख), (ग) (ज) र (झ) अनुसारको कसूर

अपराध गरेको देखिँदा निज प्रतिवादीहरूउपर केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ६(१) बमोजिम सजायको मागदाबी गरी दायर भएको देखिन्छ ।

१५. सोअनुसार हेर्दा जम्मा ३ जना नाबालकहरूले गरेको बालबिज्याँई सम्बन्धमा दायर हुन आएको प्रस्तुत मुद्दाका आरोपित नाबालक धनबहादुर भन्ने सातदोबाटो (छ) फरार रहेको देखिएको र निजको हकमा अस्थायी ठेगाना सुनाकोठी ८ जैनखेल बस्ने भनी उल्लेख भएको सो ठेगाना निजको वास्तविक वतन नभई अस्थायी रुपमा बसोबास गर्ने वतनको रुपमा रहेको देखियो । यसरी अस्थायी ठेगाना उल्लेख भई आएकोमा निजका नाममा जारी हुने सूचना म्याद तामेल गर्न सकिने अवस्था अहिले नै नदेखिएको स्थितिमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क)(४) अनुसार पछि निजको यकीन वतन स्पष्ट खुलाई मुद्दामा कारवाही किनारा गर्नका लागि जिल्ला सरकारी वकिल कार्यालयबाट निवेदन पर्न आएमा तामेलीबाट जगाई बाँकी कारवाही उसै बखत गर्ने गरी हाल निजको हकमा मुद्दा तामेलीमा राख्न उपयुक्त देखिएकोले तामेलीमा राखी दिएको छु ।

१६. उपस्थित नाबालकहरू सातदोबाटो (च) र (ज) को हकमा विचार गर्दा निज नाबालकहरूले मिति २०७१/४/२० गते साँझ सार्वजनिक बाटोमा अश्लील शव्द प्रयोग गरी सर्वसाधारणलाई बाटो छेकी उनीहरूको धनमाल क्षति पुर्‍याउन खोजेको होहल्ला गरेको, अशाान्तिको वातावरण श्रृजना गरेका, प्रहरीले सोधपुछ गर्दा उल्टै विवाद गरी कर्तव्यमा वाधा पुर्‍याएको र सो कुरामा साबित भई बयान गरेको हुँदा सार्वजनिक अपराधसम्बन्धी बालबिज्याँई गरेकोमा कारवाही गरिपाऊँ भन्ने अभियोग लगाएको पाइन्छ । अभियोजन पक्षबाट कानून विपरीतको यस्तो कार्यको लागि केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ को २(क), (ख), (ज) र (झ) को बर्खिलाप गरेकोमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय माग भई आएकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार वयस्कलाई हुने सजायको आधी सजाय मागदाबीसमेत भएको देखिन्छ ।

१७. प्रस्तुत मुद्दामा निज आरोपित बालबिज्याँईकर्ताहरूले गरेको कृयाकलापबाट यही व्यक्ति नै पीडित भएको भन्ने देखिँन आउँदैन । नाबालकले सडकमा होहल्ला गर्ने, बाटो हिड्ने मानिसहरूलाई अश्लिल शव्द प्रयोग गर्ने, उनीहरूको सम्पत्तिमा क्षति पुर्‍याउने र प्रहरीलाई समेत विवाद गरी कर्तव्य निर्वाह गर्न अवरोध पुर्‍याउने कार्य गरेको भन्ने प्रहरीको प्रतिवेदन र निज प्रतिवेदकको बकपत्रबाट देखिन्छ । तर कानूनको द्धन्दमा रहेका यी नाबालकहरूले को कस्लाई अश्लील शव्द बोले कसको के कति सम्पत्ति नोक्सान गरे र प्रहरीलाई के कस्तो कर्तव्य निर्वाह गर्नमा अवरोध पुर्‍याए भन्ने बारेमा कुनै वस्तुनिष्ठ आधार प्रमाण अभियोजकले पेश गरेको पाइदैन । नाबालकहरूले गरेको बयानअनुसार साथीको जन्मोत्सवको पार्टीमा खानपिन गरी आएको अवस्थामा प्रहरीसँग भनाभन भएको हो भन्नेसमेत स्वीकार गरेको देखिन्छ तर बटुवाहरूलाई कुनै क्षति पुग्ने कार्य गरेको होइनौं भनी अन्य आरोपमा इन्कारी रहेको देखिन्छ । यसबाट निजहरूउपरको अभियोग पुष्टि हुन आउदैन ।

१८. समाजसेवी र बालमनोविज्ञानवेत्ताले पेश गरेको प्रतिवेदन हेर्दा समाजसेवी सुजाता रेग्मीको प्रतिवेदनमा बालक वरिपरिको वातावरण साथी सङ्गतिको बढ्दो उमेर पैसाप्रतिको चाहना र सहि अभिभावकत्वको अभाव देखिएको भन्ने उललेख छ । त्यस्तै बालमनोविज्ञानवेत्ता सजना कोइरालाको मनोसामाजिक प्रतिवेदनमा दिशान्तरको माध्यमबाट सम्झाई दिनु पर्दछ बाबुआमासँग पारिवारिक वातावरणमा राखी शिक्षालाई ध्यान दिनु पर्ने भन्ने उल्लेख छ ।

१९. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३ अनुसार बालबालिकाहरूसँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनु पर्ने हुन्छ । नेपाल उक्त महासन्धिको सदस्य राष्ट्र भएको र हाम्रो बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १५ अनुसार बालकलाई कठोर सजाय दिन नहुने, दफा २३ अनुसार बालकको शारीरिक मानसिक र शैक्षिक विकासको प्रवन्ध गर्नु पर्ने जस्ता सुधारात्मक कानूनी प्रावधानहरू रहेको परिप्रेक्ष्यमा यी नाबालकहरूले बिज्याँईको मात्रा, सो गर्दाको परिस्थिति र निजहरूले पारिवारिक सामाजिक परिवेशलाई समेत मूल्याङ्कन गर्नु पर्ने हुन्छ । सो परिवेश हेर्दा १४ वर्ष उमेर पुगिसकेका निज नाबालकहरूलाई सुधारको उच्चतम अवसर प्रदान गरिनु नै उपयुक्त हुन आउँछ ।

२०. उपर्युक्त प्रतिवेदनहरूमा यी नाबालकहरूले गम्भीर प्रकृतिको बालबिज्याँई गरेको भन्ने देखिन आउदैन । गरिवी अशिक्षा पारिवारिक कलह जस्ता कारणहरूबाट बालबिज्याँईका क्रियाकलापहरू हुने सामाजिक जगतका समान्य कारक तत्वहरू यी नाबालकहरूको हकमा पनि देखिएका छन् । यस्तो अवस्थामा निज नाकबालकहरूलाई दिशान्तरको माध्यमबाट सुधारको अवसर प्रदान गरिनु महत्वपूर्ण हुन आउँछ । अभियोग दाबीमा उल्लिखित कानूनी व्यवस्थाअनुसार सजाय नै गर्नु पर्नेसम्मको कसूर र सजाय गर्नु पर्ने अवस्था नदेखिँदा साथीभाइको लहडमा परी सामान्य होहल्लासम्म गरेको देखिँदा निज नाबालकहरूलाई आआफ्नो अभिभावकको जिम्मा लगाई पुनर्स्थापकीय न्याय पद्धतीका माध्यमबाट सुधार गर्नु पर्ने ठहर्छ । यसका लागि प्रस्तुत मुद्दामा उपस्थित समाजशास्त्री सुजता रेग्मी र बालमनोविज्ञानवेत्ता सजना कोइरालाका एवं नाबालकका अभिभावकसमेत संयुक्त रुपमा बसी लगातार ६ महिनासम्म प्रत्येक महिनाको १ पटक सामाजिक सुधार कार्यक्रमअन्तर्गत बाल सुधार शिक्षा प्रदान गर्नु उपयुक्त देखिन्छ । तर विद्यमान अवस्थामा त्यस्तो औपचारिक पद्धति सञ्चालन गर्न साधनश्रोत र सरकारी व्यवस्थापनको अभाव देखिएको एवं त्यस्तो पद्धति हामी कहाँ विकसित भई नसकेको हुँदा उपर्युक्त उल्लिखित समाजसेवी र बालमनोविज्ञानवेत्ताले नाबालकका अभिभावकसँग सम्पर्क राखी यस अदालतका श्रेस्तेदारको समन्वयमा उक्त कार्य सम्पन्न गरी प्रतिवेदन मिसिल संलग्न राख्नेसमेत ठहर्छ । आरोपित अभियोगबाट निज नाबालकहरू सातदोबाटो (च) र (ज) ले सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलमा लेखिएअनुसार गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिमक फैसला गरी दिएको छु ।

तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकोले निज प्रतिवादीहरूलाई अभिभावकको जिम्मा लगाई पठाएको देखिँदा सजायको हकमा केही गर्न परेन १

निज नाबालकहरूलाई पुनर्स्थापकीय न्याय पद्धतिको माध्यमबाट समाजशास्त्री र बालमनोविज्ञानवेत्ता र अभिभावकसमेत संयुक्त रुपमा बसी लगातार ६ महिनासम्म प्रत्येक महिनाको १ पटक सामाजिक सुधार कार्यक्रमअन्तर्गत बाल सुधार शिक्षा प्रदान गर्ने उपयुक्त देखिन्छ । विद्यमान अवस्थामा यस्तो औपचारिक पद्धति विकसित भई नसकेको हुँदा समाजसेवी र बालमनोविज्ञानवेत्ताले नाबालकका अभिभावकसँग सम्पर्क राखी यस अदालतमा श्रेस्तेदारको समन्वयमा उक्त कार्य सम्पन्न गरी प्रतिवेदन राख्ने ठहरी फैसला भएकोले प्रतिवेदक समाजसेवी र बालमनोविज्ञानवेत्ताले नाबालकका अभिभावकसँग सम्पर्क राखी यस अदालतमा श्रेस्तेदारको समन्वयमा उक्त कार्य सम्पन्न गरी प्रतिवेदन दिनु भनी समाजसेवी र बालमनोविज्ञानवेत्ता र यस अदालतका श्रेस्तेदारलाई जानकारी गराउनु २

प्रस्तुत फैसलामा चित्त नबुझे पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरलाई ७० दिने पुनरावेदनको म्यादसहित फैसलाको जानकारी पठाई दिनु ३

सरोकारवाला व्यक्तिले मिसिल संलग्न कागज प्रमाणको नक्कल लिन आए कानूनको रीत पुर्‍याई नक्कल दिनु ४

दायरी लगत कट्टा गरी, फैसला अपलोड गरी मिसिल नियमबमोजिम बुझाई दिनु ५

ना.सु. सुवोधसिंह खड्का ।
कम्प्युटर गर्ने मनमोहन थापा ।
मुद्दा फाँटः १
पाना ८ को फैसला ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल भाद्र २९ गते रोज १ शुभम् .....।

सुनसरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७१-CR-००५८

निर्णय नं: ५५

मुद्दा: जवरजस्ती करणी (बालबिज्याँई) ।

वादीको नाम, थर, वतन
जिल्ला सुनसरी, (६-६-३) बस्ने गोपाल तामाङको श्रीमती जानुका भन्ने सानुकी तामाङ (राई) को जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन
जिल्ला सुनसरी, (६-६-३) बस्ने कुमार राईको छोरा परिवर्तित नाम R कुमार १

ऐ.ऐ. को प्रमाण
साक्षीः ×
कागजः ×

ऐ.ऐ. को प्रमाण
साक्षीः ×
कागजः ×

अदालतबाट बुझेको
साक्षीः ×
कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको परी दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

मेरो ७ वर्षकी छोरी परिवर्तित नाम M कुमारीलाई मिति २०७१/४/१६ गते १८:०० बजेको समयमा बराहक्षेत्र ३ स्थित गंगा अर्यालको घरमा १४ वर्षको परिवर्तित नाम R कुमारले जवरजस्ती करणी गरी भागेपश्चात् गाउँमा हल्लाखल्ला हुँदा छोरीलाई सोध्दा लगाईफकाई कोठाको खाँटमा सुताई करणी गर्दा पीडाले सहन नसकी कराउँदा भागेको भन्ने कुरा छोरीले बताएकाले कारवाही गरिपाऊँ भन्नेसमेतको जानुका भन्ने सानुकी तामाङ (राई) ले दिएको २०७१/५/६ को जाहेरी दरखास्त ।

जिल्ला सुनसरी, (६-६-३) स्थित पूर्वमा लालबहादुर लिम्बूको घर, पश्चिममा कुमार राईको घर, उत्तरमा सरस्वती प्याकुरेलको खाली जग्गा, दक्षिणमा चतारा बजारको खाली जग्गा । यति चारकिल्लाभित्र रहेको गंगा अर्यालको २ तर्फ बरन्डा भएको टिनको छानो लगाएको भुई घरमा बीचको पूर्वतर्फको कोठामा दक्षिण सिरानी लगाएको बिछ्यौनासमेतको खाँटमा परिवर्तित नाम R कुमारले परिवर्तित नाम M कुमारीलाई जवरजस्ती करणी गरेको भन्नेसमेतको घटनास्थल मुचुल्का ।

मिति २०७१/४/१६ गते मलाई परिवर्तित नाम R कुमार दादाले चकलेट दिन्छु भनी गंगा आन्टीको घर हिड भनी कोठाभित्र लगी हल्लाखल्ला नगर भनी खाँटमा सुताई मेरो कट्टु खोली निजको लिङ्ग मेरो योनीमा पसाई तलमाथि केहि वेर गरी मलाई छाडी दिनु भयो । त्यसपछि म रुँदा दादाले कसैलाई नभन्नु भोली चकलेट दिन्छु भनेको र पछि हल्ला भई मैले आमालाई सुनाएको हो भन्नेसमेतको परिवर्तित नाम M कुमारीले गरेको कागज ।

Development normal Injury to frenulum etc no भन्नेसमेत व्यहोराको परिवर्तित नाम R कुमारको शारीरिक परीक्षण रिपोर्ट ।

उक्त मितिमा जाहेरवालाको छोरी वर्ष ७ की परिवर्तित नाम M कुमारीलाई चकलेट दिन्छु भनी गंगा अर्यालको घरको कोठामा खाँटमा सुताई निको कट्टुसमेत खोली मेरो पनि कट्टु खोली मेरो लिङ्ग निजको योनीमा पसाई तलमाथि गरेपश्चात् रुँन कराउन लागिन् अनि मैले निजलाई त्यही छाडी घरतर्फ लागें भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम R कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

परिवर्तित नाम R कुमारले परिवर्तित नाम M कुमारीलाई गंगा अर्यालको घरमा लगी ललाईफकाई जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको भन्नेसमेतको लालबहादुर लिम्बूसमेतका मानिसहरूले व्यहोरा लेखाएको वस्तुस्थिति मुचुल्का ।

Hymen not intact minimal pain भन्नेसमेतको परवर्तित नाम M कुमारीको शारीरिक जाँच रिपोर्ट ।

१४ वर्ष ८ महिना १८ दिनका प्रतिवादी परिवर्तित नाम R कुमारले पीडित ७ वर्षकी परिवर्तित नाम M कुमारीलाई जवरजस्ती करणी गरी जवरजस्ती करणीको १(३)(१) नं बमोजिम कसूर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. महलको ३(१) नं बमोजिम सजाय हुनुका साथै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र मुलुकी ऐन, जवरजस्ती करणीको २० नं बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोगपत्र ।

छिमेकी गंगा अर्यालको घरमा टिभी हेरिरहेको थिएँ । M कुमारी पनि टिभी हेरिरहेकी थिई । मसँग चलिरहेकी थिई । M कुमारीले पेन्टी खोली मलाई आफ्नो गुप्ताङ्ग (पिसाब पर्ने ठाउँ) देखाई दिई ।

त्यसपछि म पनि उसँग एकछिन चलें । त्यसपछि M कुमारीले मलाई गुप्ताङ्ग देखाएको देखाई गरेपछि म त्यहाँबाट हिडेको हुँ । त्यसपछि कहाँ गई मलाई थाहा भएन । मैले चकलेट दिन्छु भनी फकाई जवरजस्ती करणी गरेको होइन । २०७० सालको सुरुमै मैले निज M कुमारीलाई एक पटक करणी गरेको हुँ । त्यसभन्दा अघि र पछि मैले निजलाई करणी गरेको छैन भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम R कुमारले अदालतमा गरेको बयान ।

मिति २०७१/५/२० का आदेशानुसार निज प्रतिवादी मुद्दा पुर्पक्ष निमित्त बाल सुधार गृहमा रहेको देखिएको ।

मेरो छोरीलाई प्रतिवादीले जवरजस्ती करणी गरेको मलाई थाहा भएन । इलाकामा मलाई पढेर सुनाएनन् । नाम लेख भनेकाले नाम लेखी दिएको हो । पढ्नसमेत आउदैन । मैले जाहेरी दिएको होइन छैन भन्नेसमेतको जाहेरवाली जानुका भन्ने सानुकी तामाङले गरेको बकपत्र ।

प्रतिवादीले जवरजस्ती करणी गरेको होइन अभियोग दाबी झुठ्ठा हो भन्नेसमेतको प्रतिवादीका साक्षी अर्जुन भण्डारीले गरेको बकपत्र ।

R कुमार दादाले चकलेट दिन्छु भन्यो । म दिदीको घरमा टिभी हेर्दै थिएँ । कट्टु खोल्यो, छाडा कुरा गर्नु भयो भन्नेसमेतको पीडित परिवर्तित नाम M कुमारीले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयकुमार श्रेष्ठ र प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मणिराज दुलालले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा १४ वर्ष ८ महिना १८ दिनका प्रतिवादी परिवर्तित नाम R कुमारले पीडित ७ वर्षकी परिवर्तित नाम M कुमारीलाई जवरजस्ती करणी गरी जवरजस्ती करणीको १ नं. र ३(१) नं बमोजिम कसूर गरेको हुँदा निज प्रतिवादीलाई ऐ. महलको ३(१) नं बमोजिम सजाय हुनुका साथै बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन र मुलुकी ऐन, जवरजस्ती करणीको १० नं बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग अभियोग मागदाबी रहेको देखिन्छ ।

प्रतिवादी परिवर्तित नाम R कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अभियोग दाबीबमोजिमको कसूर गरेको कुरा स्वीकार गरी बयान गरेको र अदालतसमक्ष आफु छिमेकी गंगा अर्यालको घरमा टिभी

हेरिरहेको र पीडित परिवर्तित नाम M कुमारी पनि टिभी हेरिरहेकी थिई, मसँग चलिरहेकी थिई । M कुमारीले पेन्टी खोली मलाई आफ्नो गुप्ताङ्ग (पिसाब पेर्ने ठाउँ) देखाई दिई । त्यसपछि म पनि उसँग एकछिन चलें । त्यसपछि M कुमारीले मलाई गुप्ताङ्ग देखाएको देखाई गरेपछि म त्यहाँबाट हिँडेको हुँ । त्यसपछि कहाँ गई मलाई थाहा भएन । मैले चकलेट दिन्छु भनी फकाई जवरजस्ती करणी गरेको होइन । २०७० सालको सुरुमै मैले निज M कुमारीलाई एक पटक करणी गरेको हुँ । त्यसभन्दा अघि र पछि मैले निजलाई करणी गरेको छैन भनी कसूरमा इन्कार रही बयान गरेको देखियो।

मेरो छोरीलाई प्रतिवादीले जवरजस्ती करणी गरेको मलाई थाहा भएन । इलाकामा मलाई पढेर सुनाएनन् । नाम लेख भनेकाले नाम लेखी दिएको हो । पढ्नसमेत आउँदैन भन्ने व्यहोरा उल्लेख गर्दै आफुले जाहेरी नदिएको भनी जाहेरवाली जानुका भन्ने सानुकी तामाङले र R कुमार दादाले चकलेट दिन्छु भन्यो म दिदीको घरमा टिभी हेर्दै थिएँ । कट्टु खोल्यो । छाडा कुरा गर्नु भयो भन्नेसमेतको पीडित परिवर्तित नाम M कुमारीले बकपत्र गरेको पाइन्छ ।

परिवर्तित नाम R कुमारले जाहेरवालीकी छोरी वर्ष ७ की परिवर्तित नाम M कुमारी लाई २०७१/४/१६ मा कसूर गरेको भन्ने जाहेरी र अभियोगअनुसारका घटनाका सम्बन्धमा अदालतसमक्ष जाहेरवालीले अनविज्ञता जनाए पनि निज घटनाको प्रत्यक्षदर्शी हुन् भन्ने देखिँदैन । पीडित M कुमारीले घटना विवरण कागज गर्दा उल्लेख गरेको व्यहोरालाई "प्रहरी अङ्कल" को मा भएको भनी समर्थन गरेको पाइन्छ। परिवर्तित नामा R कमारलाई "दादा" सम्बोधन गरेकी पीडितले अदालतसमक्ष पूर्व परिचित रहेको आफुउपर निजले "छाडा कुरा गरेको" भनी वारम्वार उल्लेख गरी बकपत्र गरेको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षणबाट पनि पीडितको Hymen not intact भनी पीडासमेत भएको जनाइएको देखिन्छ। परिवर्तित नाम R कुमार स्वयंले अदालतसमक्ष घटनाको दिन कसूर नगरेको भने तापनि घटनाको दिन समयमा पीडितसँग निजको उपस्थिति रही पीडितसँग चलेको भनी बयान गरेको पाइन्छ । घटना विवरण कागज हुँदा र अदालतसमक्ष बकपत्र गर्दा पीडितले प्रयोग गरेका शब्दावली र वाक्यांशमा एकरुपता भएको छैन भन्नेसमेत बहसको क्रममा प्रश्न उठेकोमा ७ वर्षकी नाबालिकाबाट घटना विवरण कागज हुँदा र बकपत्र गर्दा समान प्रकारका शव्दावली र वाक्यांशको प्रयोगको अपेक्षा गर्नु सान्दर्भिक देखिदैन । घटनाको सार भएकोलाई नै प्रमाण योग्य कथन मान्नु पर्ने हुन्छ । जाहेरवाली स्वयं प्रत्यक्षदर्शी नभएकी पीडितको कथन विपरीत घटनाको बारेमा निजले अनविज्ञता जनाउदैमा घटनामा पीडित भएकाको भनाईलाई वेवास्ता गर्न मिल्दैन ।

तसर्थ पीडितको शारीरिक परीक्षणबाट देखिएको अस्वभाविक प्रकृति, पीडितको मौकाको कागज व्यहोरा र अदालतसमक्ष भएको बकपत्रसमेत परिवर्तित नाम R कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान मालाकार देखिन्छ। तसर्थ उपरोक्त आधार प्रमाणबाट घटनाको दिन समयमा पीडितसँगको उपस्थिति तथ्य स्वीकारी अदालतसमक्ष कसूरमा इन्कारसम्म गरेको आधारमा मात्र परिवर्तित नाम R कुमारलाई निर्दोष मान्न मिलेन । निजले अभियोग दाबीअनुसार जवरजस्ती करणीको महलको १ र ३(१) नं अनुसार

बालबिज्याई गरेको ठहर्छ । ऐ. को ३(१) नं. बमोजिम सजाय हुनेमा बिज्याँईकर्ता परिवर्तित नाम R कुमार १४ वर्ष उमेर पुगेको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम तजविजी कैद वर्ष ५(पाँच) हुन्छ । बिज्याँईकर्ताको आर्थिक अवस्थासमेतलाई हेरी जवरजस्ती करणीको १० नं बमोजिम बिज्याँईकर्ताको तर्फबाट पीडितलाई रु. २०,०००/- क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ । हाल बाल सुधार गृहमा रहेका बिज्याँईकर्ताको विगतको यही प्रकृतिको कृयाकलापको बारेमा स्वयं बयानमा उल्लेख गरेको गम्भीर प्रकृतिको मुद्दा भएको र पीडितको उमेरसमेतलाई मधयनजर गर्दा निजका तर्फबाट बहसमा माग भएअनुसार बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सजाय स्थगित गर्न मिलेन । अरुमा तपसिलमा लेखिएबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम R कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी कैद वर्ष ५ हुने ठहरेकाले निज प्रतिवादी मिति २०७१/५/७ देखि प्रहरी हिरासतमा रही मिति २०७१/५/२० को आदेशानुसार हालसम्म बाल सुधार गृहमा रहेका हुँदा हिरासतमा रहेको मितिबाटै कैद कट्टा हुने गरी कैदम्याद ठेगी बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा पठाई दिनु १

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावदेन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम फैसलाको नक्कलसहितको ७०(सत्तरी) दिने पुनरावेदनको म्याद दिनु र फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई दिनु २

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार सारी वा सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने ना.सु. डम्बरप्रसाद घिमिरे । फाँट नं.: १

.....
न्यायाधीश

सम्वत् २०७१ साल भाद्र ३१ गते रोज ३ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्ट

फैसला

मु.नं.: ०७०-CR-१४००

दायरी मितिः २०७०/११/१३

निर्णय नं.: ५२

उपस्थिति

बालमनोविज्ञः सुचिता सुवेदी

समाजसेवीः रिमा शर्मा

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
राजकुमार रजकको जाहेरीले वादी नेपाल सरकार १	जिल्ला सिन्धुपाल्चोक, गुम्वा गा.वि.स., वडा नं. ६ घर भई हाल का.जि., का.म.न.पा.वार्ड नं. २ लाजिम्पाट बस्ने कर्म दोर्जे लामाको छोरा वर्ष १५ को कमलेश लामा १
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

मुद्दाः नकवजनी चोरी।

मुद्दाको संक्षिप्त विवरणः

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.ब. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छः

केशको संक्षिप्त व्यहोराः

मिति २०७०/१०/१८ गतेका दिन १६:०० बजे म जि.का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको आफ्नै तीनतले घरको तल्लो तलाको कोठामा व्यस्त भएको मौका पारी मेरो घरमा पहिलेदेखि नै आउने जाने गरेका कमलेश लामा तेश्रो तलाको खुल्ला कोठामा प्रवेश गरी कोठाभित्र रहेको थ्रिपिस

दराज र सो दराजभित्रको सेफसमेत फोडी सेफमा रहेको साढे २ तोलाको सुनको चुरा २ थान मूल्य रु. १,४५,०००/- को, ३ तोलाको सुनको नेकलेस १ थान मूल्य रु. १,७४,०००/- को, आधा तोलाको सुनको सेतो गुलावी पत्थर जडित औठी १ थान मूल्य रु. २९,०००/- पर्ने, आधा तोलाको पानी आकारको झापो भएको सुनको औठी १ थान मूल्य रु. २९,०००/- पर्ने, आधा तोलाको सुनको टप १ जोर मूल्य रु. ५८,०००/- पर्ने, आधा तोलाको सुनको तिलहरी १ थान मूल्य रु. २९,०००/- पर्ने, आधा तोलाको सुनको कानपासा १ थान मूल्य रु. २९,०००/- पर्ने, आधा तोलाको घाँटीमा लगाउने ताय १ थान मूल्य रु. २९,०००/- को गरी जम्मा रु. ५,२२,०००/- (पाँच लाख बाइस हजार) वरावरको धनमाल चोरी गरी लगेकोले निजलाई पक्राउ गरी कारवाही र चोरी भएको मेरो धनमाल दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको मिति २०७०/१०/१८ गतेको राजकुमार रजकको जाहेरी दरखास्त ।

का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकस्थित पूर्व कृष्णलाल रजकको दुइतले घर, पश्चिम श्याम रजकको तीनतले घर, उत्तर रामबाबु रजकको दुई तले घर र दक्षिण नारायणहिटी उत्तर ढोका मार्ग । यति चारकिल्लाभित्र दक्षिण मोहडा भइरहेको राजकुमार रजकको तिनतले घरको तेश्रो तलामा पूर्व र दक्षिण ढोका गरेको दुई वटा कोठाहरू रहेको, जसमध्ये दक्षिण ढोका भइरहेको कोठाको ढोका खुल्ला अवस्थामा रहेको, उक्त कोठाभित्र पश्चिम कुनामा राखिएको थ्रिपिस काठेदराजको उत्तरतर्फको पिसको दराजको ढोकाको चुकुल लगाउने स्थानमा फोडी चुकुल उप्काई ढोका खुल्ला अवस्थामा रहेको, सोही पिसको काठको सेफको चुकुल लगाउने स्थानमा समेत फोडी सेफ खुल्ला अवस्थामा रहेको तथा सो सेफबाट जाहेरी दरखास्तमा उल्लेख भएअनुसारको गरगहनाहरू चोरी भएको भन्नेसमेत व्यहोराको मिति २०७०/१०/१८ गतेको घटनास्थल मुचुल्का ।

का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाटस्थित पूर्वमा नारायणहिटी राजदरवारको पूर्वी गेटतर्फ मोडिने, पश्चिममा केशरमहल लैनचौरतर्फको मूल सडक, उत्तरमा खुर्सानीटार निस्कने सानो गल्ली बाटो, दक्षिण नारायणहिटी उत्तर गेट । यति चारकिल्लाभित्र रहेको सार्वजनिक सडकमा राजकुमार रजकको घरमा चोरी गर्ने कमलेश लामालाई फेला पारी निजको शरीर तलासी लिदा निजले लगाएको जिन्स पाइन्टको अगाडि दायाँतर्फको खल्तीमा रुमालमा पोको पारिराखेको अवस्थामा सुनका गरगहनाहरू चुरा १ तोला साढे ७ लालको थान १, चुरा १ तोला साढे ११ लालको थान १, नेकलेस ३ तोला २८ लालको थान १, सेतो र कलेजी पत्थर जडित सुनको औठी ३८ लालको थान १, पान आकारको झापो भएको सुनको औठी साढे २४ लालको थान १, सुनको टप ५८ लालको १ जोर र घर कोठाको ढोकामा लगाउने कालो रङ्गको चुकुल थान १ समेत वरामद भएको भन्नेसमेत व्यहोराको मिति २०७०/१०/१८ गतेको खानतलासी तथा वरामदी मुचुल्का ।

मिति २०७०/१०/१८ गते १६:०० बजेको समयमा का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको राजकुमार रजकको घरमा चोरी गर्ने मानिसको खोजतलास गर्दै जाँदा ऐ. दिनको

१८:३० बजेको समयमा का.जि.का.म.न.पा., वार्ड नं. २ लाजिम्पाटस्थित सार्वजनिक बाटोमा एक जना मानिसलाई शङ्कास्पद अवस्थामा फेला पारी सोधपुछ गर्न खोज्दा हड्बडाई भाग्न उम्कन खोजेकोले निजलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा मेरो नाम कमलेश लामा हो । घर जिल्ला सिन्धुपाल्चोक, गुम्वा गा.वि.स., वार्ड नं. ७ मा पर्छ र हाल का.जि.का.म.न.पा., वार्ड नं. २ लाजिम्पाटमा डेरा गरी बस्छु भनी बताएपछि निजको शरीर तलासी लिदा निजले लगाएको पाइन्टको अगाडितर्फको दायाँ खल्तीमा रुमालमा पोको पारी लुकाईछिपाई राखेको अवस्थामा वरामदी मुचुल्कामा उल्लेख भएअनुसारको सुनको गरगहनाहरू फेला पारी वरामद गरी दशी वरामदी मुचुल्का र मानिससमेत पक्राउ गरी दाखिला गरेको भन्ने व्यहोराको मिति २०७०/१०/१८ गतेको प्रहरी प्रतिवेदन ।

म का.जि.का.म.न.पा., वार्ड नं. २ लाजिम्पाटमा डेरा गरी बस्ने गरेको र जाहेरवालाको घर पनि मेरो डेरा कोठा नजिकै रहेकोले पहिलेदेखि नै जाहेरवालाको घरमा आउने जाने गर्दथें । मिति २०७०/१०/१८ गतेका दिन पनि जाहेरवालाको का.जि.का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको घरमा आएको थिएँ । जाहेरवाला घरको तल्लो तलाको कोठामा ब्यस्त थिए भने घरमा अन्य मानिसहरू कोही पनि थिएनन् । तेश्रो तलामा जाँदा कोठाको ढोका खुल्ला रहेछ । सो कोठामा रहेको थ्रिपिस दराजको एउटा पिसको ढोकामा लगाएको चावी केही कमजोर देखें र बल प्रयोग गरी सो ढोका प्रेस गर्दा चुकुल ढोकाबाट उप्किएर ढोकाबाट अलग भयो र ढोका खोली दराजभित्र रहेको कोठाको सेफसमेत फोडी हेर्दा वरामदी मुचुल्कामा उल्लेख भएको वरामदी सुनको गरगहनाहरू सुनको चुरा २ थान, औठी २ थान, नेकलेस १ थान र टप १ जोरसमेत फेला पारी आफ्नो रुमालमा पोको पारेको हुँ । सो क्रममा हतार भई दराजको ढोकामा जडान गरेको मैले फोड्दा उप्किएको कालो रङ्गको चुकुलसमेत पोको पर्न गई उक्त धनमालसहितको रुमालमा पोको पारी चोरी लगेको हुँ । सो धनमाल मैले आफुले लगाएको पाइन्टको अगाडि दायाँतर्फको खल्तीमा लुकाई बिक्री गर्ने उपयुक्त स्थानको खोजी गरी हिडेको अवस्थामा सोही दिन १८:३० बजेतिरको समयमा का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट सडकमा प्रहरीले मलाई फेला पारी मेरो शरीर तलासी लिई उक्त धनमाल वरामद गरी मलाईसमेत पक्राउ गरेको हो । वरामदबाहेक जाहेरीमा उल्लेख भएको अन्य धनमाल चोरी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी कमलेश लामाको मिति २०७०/१०/२४ गतेको बयान कागज ।

कमलेश लामा म आफैले जन्म दिएको मेरो छोरा हुन् । निजको जन्ममिति २०५५/११/१४ गते भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी कमलेश लामाको आमा सुनदेबी लामाले मिति २०७०/११/२ गते पेश गरेको निवेदन साथको प्रतिवादी कमलेश लामाको जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि, राहदानी प्रतिलिपि र नाबालक परिचयपत्रको प्रतिलिपि ।

प्रतिवादी कमलेश लामाको साथबाट वरामद भएका सुनको गरगहनाहरू चुरा २ थान, नेकलेस १ थान, सुनको औठी २ थान र टप १ जोर मिति २०७०/१०/१८ गते १६:०० बजेको समयमा का.जि.,

का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको मेरो घरको तेश्रो तलाको दराज फोडी चोरी भएका जाहेरी दरखास्तमा उल्लेख भएको मध्येको धनमाल हो र वरामद चुकुलसमेत फोडिएको दराजमा जडान गरेको चुकुल हो । हेरी चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको जाहेरवाला राजकुमार रजकले मिति २०७०/११/२ गते गरेको सनाखत कागज ।

प्रतिवादी कमलेश लामा पहिलेदेखि नै जाहेरवाला राजकुमार रजकको घरमा आउनेजाने गरेको थिए । मिति २०७०/१०/१८ गतेका दिन १६:०० बजेको समयमा जाहेरवालाको घर कोठामा रहेको दराज फोडी विभिन्न किसिमको सुनको गरगहनाहरू चोरी भयो भन्ने थाहा पाएको थिएँ । पछि सोही दिन १८:०० बजे चोरी भएकोमध्ये केही गरगहनासहित कमलेश लामा पक्राउमा परेपछि पहिलेदेखि नै उक्त घरमा आउने जाने गरेका कमलेश लामाले गरगहना भएको दराज यकीन गरी चोरी गर्न मिल्ने वातावरण मिलाई दराज फोडी धनमाल चोरी गरेको हुन् भन्नेसमेत व्यहोराको सिताराम खतिवडाले मिति २०७०/११/४ गते गरिदिएको कागज ।

निवेदिका सुनदेबी लामा मलाई जन्म दिने आमा हुन् । म पक्राउमा परी अधिकारप्राप्त अधिकारीसमक्ष मिति २०७०/१०/२४ गते मेरो बयान कागज हुने क्रममा उमेर सोधनी भएपछि यति नै उमेरको भए भन्ने मलाई याद नभई अन्दाजको भरमा १८ वर्षको भए भनी खुलाई लेखाई दिएको हुँ । सो नभई मेरो उमेर मेरो आमा सुनदेबी लामाले पेश गरेको उमेर खुल्ने कागजातबमोजिमकै हुनु पर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी कमलेश लामाले मिति २०७०/११/६ गते गरिदिएको ततिम्वा बयान कागज ।

हामी का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको जाहेरवालाको घर नजिकै बस्ने छिमेकी हौं भने प्रतिवादी कमलेश लामा पनि सोही क्षेत्रमा बस्ने मानिस हुन् । कमलेश लामा पहिलेदेखि नै जाहेरवालाको घरमा आउने जाने गर्दथे । मिति २०७०/१०/१८ गतेका दिन अं. १६:०० जति बजेको थियो होला हामी आआफ्नै घर डेरामा थियौं । प्रतिवादी कमलेश लामा जाहेरवालाको घर गेटबाट हतारिदो मोडमा हस्याङफस्याङ गरी हाम्रै घर डेराको बाटो हुँदै आत्तिदै गएको देख्यौं । केही समयमा नै जाहेरवालाको घरमा चोरी भएको खवर सुनी गई हेर्दा तेश्रो तल्लाको कोठामा रहेको दराज र सेफसमेत फोडिएको अवस्थामा देख्यौं भने सो दराजबाट विभिन्न किसिमको सुनको गरगहना चोरी भएको भन्ने थाहा पायौं । पछि १८:३० बजेतिरको समयमा कमलेश लामा चोरी भएको धनमालसहित पक्राउमा परेपछि निज कमलेश लामाले नै चोरी गरेको यकीन भयो । चोरी गर्ने मानिस कमलेश लामा नै हुन् भन्नेसमेत व्यहोराको रमेश खतिवडा, सुमन तामाङ र मनराज श्रेष्ठले गरिदिएको मिति २०७०/११/६ गतेको संयुक्त घटना विवरण कागज ।

मिति २०७०/१०/१८ गतेका दिन का.जि., का.म.न.पा., वार्ड नं. २ लाजिम्पाट कैलाशचोकमा रहेको मेरो घर कोठाको दराज तथा सेफ फोडी कमलेश लामाले चोरी गरी लगेको मैले सोही दिन दिएको जाहेरी

दरखास्तमा उल्लेख भएको धनमालमध्ये सुनको चुरा २ थान, नेकलेस १ थान, औठी २ थान र टप १ जोरको तौल तत्काल यति नै छ भन्ने यकीन नभई अन्दाजको भरमा जाहेरीमा उल्लेख गरी दिएको हुँ । सो धनमालको तौल र मूल्यमा केही घटबढ हुन सक्छ । हाल उक्त गरगहनाहरू वरामद भई आएकोले सुन चाँदी व्यवसायी संघमा परीक्षण गरी सोहीबमोजिम तौल र मूल्य खुलाई बिगो कायम गरिपाऊँ । जाहेरीमा उल्लेख अन्य धनमालको मूल्य भने जाहेरी दरखास्तबमोजिम नै हो भन्नेसमेत व्यहोराको जाहेरवाला राजकुमार रजकले मिति २०७०/११/६ गते पेश गरेको निवेदन ।

त्यस कार्यालयको च.नं. २०८७ मिति २०७०/१०/२२ को पत्रसाथ परीक्षण गर्न पठाइएको गरगहना सबै सुनको हो । जसमा चुरा १ थानको तौल १ तोला साढे ७ लाल मूल्य रु. ५८,०५०/-, सुनको चुरा १ थानको तौल १ तोला साढे ११ लालको मूल्य रु. ६०,२१०/-, नेकलेस १ थानको तौल ३ तोला २८ लालको मूल्य रु. १,७७,१२०/-, औठी १ थानको तोला ३८ लालको मूल्य रु. २०,५२०/-, औठी १ थान साढे ४४ लालको मूल्य रु. २४,०३०/- र सुनको टप १ जोरको तौल साढे अन्ठाउन्न लालको मूल्य रु. ३१,५९०/- गरी जम्मा रु. ३,५१,५२०/- मूल्यको धनमाल रहेको भन्ने काठमाडौं सुनचाँदी व्यवसायी संघको मिति २०७०/११/७ गतेको पत्र ।

प्रतिवादि कमलेश लामाले जाहेरवाला राजकुमार रजकको घरको दराज र सेफ फुटाई सुनको चुरा नेकलेस टपसमेत गरी जम्मा रु. ५,२२,०००/- मूल्य वरावरको धनमाल चोरी गरी मुलुकी ऐन, चोरीको महलको १ नं. र ३ नं. बमोजिमको कसूर अपराध गरेको देखिएकोले निज प्रतिवादी कमलेश लामालाई सोही महलको १४(१) नं. बमोजिम सजाय गरी जाहेरवालाको चोरी भएको बिगो रु. ५,२२,०००/- वरावरको धनमालमध्ये वरामद बिगो रु. ३,५१,५२०/- मूल्य वरावरको वरामदी मुचुल्कामा उल्लेखित धनमाल सोही महलको २१ नं. बमोजिम निज जाहेरवालालाई फिर्ता दिलाई नपुग बिगो रु. १,७०,४८०/- सोही महलको १०(३) नं. बमोजिम निज प्रतिवादीहरूबाटै जाहेरवालालाई दिलाई भराई पाउन साथै प्रतिवादी कमलेश लामाको उमेर १५ वर्ष भनी बयानमा उल्लेख गरी जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि र नाबालक परिचयपत्रसमेत पेश गरेकोले निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम गरी पाउनसमेतको अभियोग मागदाबी ।

मैले कुनै कसूर अपराध गरेको छैन । म जाहेरवालाको घरमा जाँदा मेरो घरमा नआइज भन्ने गर्नु हुन्थ्यो । म जाहेरवालाको भतिज पर्ने व्यक्तिसँग साथी भई गितार बजाउने, उसँग बोलचाल गर्ने गरेको, मन नपराई मलाई फसाउन प्रहरीसँग मिली झुठ्ठा मुद्दाको अभियोग लगाएकोले म निर्दोष छु, मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन । मेरो आमा विदेश पोर्चुगलमा बस्ने र म यहाँ काठमाडौंमा एक्लै बस्छु । सबैसँग राम्रो चिनाजान छैन । हाल मलाई प्रहरीले पक्राउ गरेको भन्ने सुनी आमा नेपाल आउनु भएको हो भनी प्रतिवादी कमलेश लामाले यस अदालतसमक्ष गरेको बयान ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट उपस्थित बिदुषी सहायक जिल्ला न्यायाधीवक्ता प्रतिमाकुमारी भट्टराई पोखरेल र प्रतिवादीका तर्फबाट उपस्थित बिदुषी वैतनिक वकिल सरस्वती थापाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादीले कसूर गरेको हो होइन र निजलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो वा होइन ? सो सम्बन्धमा नै निर्णय दिनु पर्ने देखिन आयो ।

प्रतिवादीको विरुद्धमा रु. ५,२२,०००/- वरावरको धनमाल नकवजनी चोरी गरेको भन्ने आधारमा चोरीको १४(१) नं. र प्रतिवादीको उमेर १५ वर्ष भएकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सजायको मागदाबी अभियोगपत्रमा लिएको पाइयो ।

निज प्रतिवादीको हकमा निर्णयतर्फ विचार गर्दा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा निजको विरुद्धमा अभियोगपत्रमा मागदाबी लिएको कसूर गरेमा स्वीकार गरेको देखिन्छ ।

प्रतिवादीको शरीर खानतलासी गर्दा चोरी भएको भनिएका सामानहरू वरामद भएको यसरी वरामद भएका सामान दशीको रुपमा अभियोगपत्रसाथ पेश भई जाहेरवालाले बुझी लगेको देखिन्छ ।

यस आधारबाट प्रतिवादीले अभियोगपत्र मागदाबीबमोजिमको कसूर गरेको पुष्टि हुन आएको छ ।

अब के कति बिगो वरावरको धनमाल प्रतिवादीले चोरी गरेको रहेछ भनी सोतर्फ विचार गर्दा, वरामदी मुचुल्कामा उल्लेखित सामानमध्ये कालो रंगको चुकुल (७ नं) जाहेरी दरखास्तमा चोरी भएको सामानमध्येको भनी उल्लेख नभएको र सोको मूल्यसमेत खुलेको पाइदैन ।

प्रतिवादीबाट वरामद भएका सोबाहेकका अन्य सामानहरूको काठमाडौं सुनचाँदी व्यवसायी संघको मिसिल संलग्न २०७०/११/७ को पत्रमा गरगहना परीक्षण गरी जम्मा मूल्य रु. ३,७१,५२०/- खुलाइएको देखिँदा सोही बिगो वरावरको धनमालमात्र प्रतिवादीले चोरी गरेको पुष्टि हुन्छ ।

तसर्थ, उपरोक्त आधारबाट प्रतिवादीले बिगो रु. ३,७१,५२०/- वरावरको धनमाल चोरी गरी अभियोगपत्र मागदाबीबमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले वारदातको समयमा प्रतिवादीको उमेर १५ वर्ष भएको देखिँदा निजलाई चोरीको १४(१) नं. बमोजिमको सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा २३ दिन कैद र रु. २,७८,६४०/- जरिवाना हुन्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीलाई २३ दिन कैद र रु. २,७८,६४०/- जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी अनुसन्धानको क्रममा मिति २०७०/१०/११ मा पक्राउ परी यस अदालतको आदेशले माग भएको धरौटी रु. ३०,०००/- मिति २०७०/११/१३ मा राखी तारेखमा रही जम्मा १ महिना २ दिन थुनामा बसी निजलाई लागेको कैद २३ दिन भुक्तान गरी सकेको हुँदा कैद सम्बन्धमा केही गरिरहनु परेन र जरिवानाको हकमा निज बढी थुनामा बसेको अवधि ९ दिनको दिन १ को रु. २५/- ले हुने रु. २२५/- निजलाई लागेको जरिवाना रु. २,७८,६४०/- बाट कट्टा गरी बाँकी जरिवाना रु. २,७८,४१५/- निज बेरुजु हुँदा लगत कसी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाउनु र प्रतिवादीले अदालतबाट तोकिएको तारेख गुजारी बसेको हुँदा पुर्पक्षको क्रममा र.न. १०२८ मिति २०७०/११/१३ मा राखेको धरौटी रु. ३०,०००/- जफत हुन्छ । पुनरावेदनको अवस्थापछि राजश्वमा सदर स्याहा गर्नु १

यस अदालतको जिन्सी नं ५०३६ मिति २०७०/११/१६ मा आम्दानी बाँधिएका दशीका सामान जाहेरवालालाई भरपाई गरी फिर्ता लगिसकेको देखिँदा केही गरिरहनु परेन २

यस फैसलाउपर चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद जारी गर्नु र सोही मुताविक फैसलाको जानकारीसहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई दिनु ३

सरोकारवालालाई नियमानुसार नक्कल दिनु ४

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु..५

माननीय न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम पाना ६ को फैसला कम्प्युटर गर्ने क.अ. शान्ति मुक्तान फाँट (१)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल आश्विन महिना ३ गते रोज ६ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्ट

फैसला

मु.न.: ०७०-CR-११६१

दायरी मितिः २०७०/९/२८

निर्णय नं.: १०६

उपस्थिति

बालमनोविज्ञः सुचिता सुवेदी

समाजसेवीः रिमा शर्मा

वादीको नाम, थर र वतन	प्रतिवादीको नाम, थर र वतन
नेपाल सरकार १	जिल्ला रौतहट, पौराही गा.वि.स., वडा नं.८ घर भई हाल का.जि., का.म.न.पा., वार्ड नं. ७ वस्ने रामप्रसाद गौतमको नाती शंकर गौतमको छोरा वर्ष १५ को कमल गौतम १
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

मुद्दाः नकवजनी चोरी।

मुद्दाको संक्षिप्त विवरणः

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.ब. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छः

केशको संक्षिप्त व्यहोराः

मिति २०७०/८/२८ गतेका दिन म जाहेरवाला तथा मेरो घर परिवारहरू घरको ढोका बन्द गरी काम विशेषले बाहिर गएको अवस्थामा कमल गौतमसमेतका चोरहरू घर कम्पाउन्डभित्र प्रवेश गरी कौशिमा गई झ्यालको जाली च्याती मेरो घर कोठाभित्र प्रवेश गरी नगद रु. ५,०००/- का नोटहरू थान ३२

को रु. १६,०००/- १ तोलाको सुनको चुरा १ थानको रु. ५५,०००/- आधा तोलाको सुनको झुम्का, १ जोरको रु. २७,५००/- मोतीको माला २ वटाको रु. ३०,०००/- (मोतीको माला ३ वटाको रु. ४५,०००/- हिराको औठी २ थानको रु. ७०,०००/- हिराको टप २ जोरको रु. ५५,०००/- आधा तोलाको कानमा लगाउने सुनको टप १ जोरको रु. २७,५००/- घडी ४ थानको रु. ४५०००/- सुनको सिक्रि थान १ को रु. २५,०००/- चाँदीको पाउजु १ जोरको रु. ८,०००/- चाँदीको औठी थान २ को रु. ८,०००/- कानमा लगाउने झुम्का १ जोरको रु. ३०,०००/- सुनको लकेट थान १ को रु. ४५,०००/- सुनको सानोसानो लकेट थान ५ को ६०,०००/- चाँदीको सिक्का रु. २,०००/- मोतीको ब्रासलेट १ थानको रु. १,५०० /- सोनी कम्पनीको ल्यापटपको रु. ५२,०००/- ब्ल्याकबेरी मोवाइल १ थानको रु. ४५,०००/- सामसुङको ट्यावलेट थान १ को रु. ३५,०००/- एनसेलको डाटाकार्ड र सिमकार्डसहितको रु. ३५००/- विभिन्न प्रकारका नक्कली समानहरूको मूल्य रु. १०,०००/- लेडिज नाडी घडी थान १ को रु. ३०००/- समेतको धनमाल चोरी गरी लगेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

कमल गौतमलाई खानतलासी गर्दा निजको साथबाट मोवाइल सेटहरू, घडीहरू, चाँदीको सिक्का, नगद नोटहरू, विभिन्न गरगहनाहरू, मोतीका मालाहरू, सिक्रीहरू, विभिन्न प्रकारका नक्कली गहनाहरूसमेत फेला परी वरामद भएको भन्नेसमेत व्यहोराको मिति २०७०/९/१ को खानतलासी तथा वरामदी मुचुल्का ।

मिति २०७०/८/२८ गतेका दिन जाहेरवाला मोहनबहादुर श्रेष्ठको घरकोठा बन्द अवस्थामा रहेको हुँदा म जाहेरवालाको घरमा गई झ्यालको जाली हातले ठेली च्याती झ्यालबाट जाहेरवालाको घर कोठाभित्र प्रवेश गरी उक्त घर कोठाभित्र रहेको नगद, ल्यापटप, ब्ल्याकबेरी मोवाइल, ट्यावलेट लगायत विभिन्न गरगहनाहरूसमेतका वरामदित सामानहरू चोरी गरी ल्याएको र चोरी गरी ल्याएकोमध्ये जिन्सी धनमालहरू बिक्रीको लागि लैजाने क्रममा प्रहरीले मलाई नगद एक हजारसहित वरामदी मुचुल्कामा उल्लेखित सामानहरूसहित पक्राउ गरेको हो, चोरी गरी ल्याएको नगदमध्ये दश हजार खर्च भइसक्यो । वरामदी मुचुल्कामा उल्लेखित धनमाल जाहेरवालाको घरबाट मैले नै चोरी गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीको बयान ।

मिति २०७०/८/२८ गतेका दिन जाहेरवाला मोहनबहादुर श्रेष्ठको घरकोठाबाट नगद तथा विभिन्न गरगहनासमेत चोरी भएको हो भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

अनुसन्धानको क्रममा वरामद भई आएको वरामदी मुचुल्कामा उल्लेखित विभिन्न धनमाल नगद सुनचाँदीका गरगहनाहरू नक्कली धातुका गहनाहरूसमेत मेरो घर कोठाबाट वरामद भएका धनमालहरू हुन् । हेरी चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको जाहेरवालाले गरिदिएको सनाखत कागज ।

वरामद भई आएकोमध्ये सुनचाँदी परीक्षणको लागि र मूल्य खुलाउनको लागि पठाइएकोमा विभिन्न सुनचाँदीको तौल र मूल्य खुलाई पठाइएको र विभिन्न नक्कली धातुका गहनाहरूको मूल्य खुलाउन नसकिने भन्नेसमेत व्यहोराको काठमाडौं सुनचाँदी व्यवसायी संघको च.न. ५८ मिति २०७०/९/१९ को पत्र ।

वरामद भई अह्राएकोमध्ये हिरामोती परीक्षणको लागि र मूल्य खुलाउनको लागि पठाइएकोमा खुलाई पठाएको भन्नेसमेत व्यहोराको नेपाल रत्न तथा आभुषण संघको मिति २०७०/९/१९ को पत्र ।

मिति २०७०/९/१९ को मूल्य मुचुल्का मिसिल सामेल रहेको ।

मिति २०७०/८/२८ गते मेरो घर कोठाबाट चोरी भएको जम्मा धनमालमध्ये नगद सोह्र हजारमध्ये एक हजारमात्र फेला परी पन्ध्र हजार फेला पर्न बाँकी रहेको र तीन हजार पर्ने घडी थान १ समेत फेला पर्न बाँकी रहेको र अन्य सम्पूर्ण सामान फेला परी मैले सनाखतसमेत गरी दिएको छु भन्नेसमेत व्यहोराको मोहनबहादुर श्रेष्ठको कागज ।

मिति २०७०/८/२८ गतेका दिन जाहेरवाला मोहनबहादुर श्रेष्ठको घर कोठामा कोही नभएको अवस्थामा चोरहरू आई निजको घर कोठामा प्रवेश गरी विभिन्न नगद तथा जिन्सी धनमाल चोरी गरी लगेका र उक्त चोरी वारदातमा के कहाँ बस्ने को को संलग्न छन् भनी बुझ्दा कमल गौतम, दिपेश मगर तथा सोनाम तामाङसमेत भई चोरी गरेका र निजहरूमध्ये कमल गौतमको साथबाट चोरी भएका धनमालमध्ये कमल गौतमको साथबाट अधिकांश धनमाल वरामद भएको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिसहरूले लेखाई दिएको कागज ।

मिति २०७०/८/२८ गतेका दिन प्रतिवादी कमल गौतमसमेतले जाहेरवाला मोहनबहादुर श्रेष्ठको घरको झ्यालको जाली च्याती कोठाभित्र प्रवेश गरी जाहेरी दरखास्तमा उल्लेखित नगद तथा सुन चाँदीका गरगहना एवं अन्य सामानहरूसमेत जम्मा बिगो रु. ५,०२,५४२/- वरावरको धनमाल नकबजनीका रीतबाट चोरी गरेको पुष्टि भई निजको उक्त कार्य मुलुकी ऐन चोरीको १ र ३ नं बमोजिमको कसूर भएको हुँदा सोही कसूरमा निज प्रतिवादीलाई रु. ५,०२,५४२/- बिगो कायम गरी ऐ. १४१ बमोजिम सजाय हुन तथा वरामदित नगद रु. १,०००/- एवं वरामद मुचुल्कामा उल्लेखित गरगहना लगायतका निज जाहेरवालालाई फिर्ता दिलाई नपुग बिगो रु. १८,०००/- निज प्रतिवादीबाटै जाहेरवालालाई दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मैले जाहेरवालाको घरमा चोरी गर्न गएको होइन र मैले चोरी गरेको होइन । जाहेरी व्यहोरा झुठ्ठा हो । जाहेरवालाको घरबाट चोरी भएको भनिएका वरामदी मुचुल्कामा उल्लेखित सामान बौद्ध टुसालतिर घर

बताउने तामाङ थर भएका व्यक्तिहरूले दिनु भएको हो । उनीहरूको नाम मलाई थाहा भएन । मसँग रु. एक हजार थियो । मेरै पैसा प्रहरीले लिनु भएको हो । अनुसन्धानको क्रममा भएको बयान मैले भनेबमोजिम लेखिएको होइन । प्रहरीले आफु खुशी लेखी मलाई कुटपिट गरी सहि गराएका हुन् । मैले चोरी नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कमल गौतमले यस अदालतमा गरेको बयान ।

जाहेरवालाले गरेको बकपत्र एवं वरामदी सामान सनाखत गरी गरेको भरपाई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधीवक्ता पदमबहादुर कार्की र प्रतिवादीका तर्फबाट उपस्थित विदुषी वैतनिक वकिल सरस्वती थापाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादीले कसूर गरेको हो होइन ? सो सम्बन्धमा नै निर्णय दिनु पर्ने देखिन आयो ।

प्रतिवादीको विरुध्दमा रु. ५,०२,५४२/- वरावरको धनमाल नकवजनी चोरी गरेको भन्ने आधारमा चोरीको १४(१) नं. को सजायको र वरामदी सामानको हकमा ऐ. को २१ नं, नपुग बिगो रु. १८,०००/- को हकमा ऐ को १०(३) नं को मागदाबी अभियोगपत्रमा लिएको पाइयो ।

प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा प्रतिवादीको साथबाट रु. ५,०२,५४२/- वरावरको धनमाल वरामद भएको वरामदी मुचुल्का मिसिल संलग्न रहेको छ । अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको बयानमा जाहेरवालाको घरको झ्यालको जाली फोडी झ्यालबाट प्रवेश गरी आफुबाट वरामद भएको सामानसमेत चोरी गरेको भनी उल्लेख गरेको पाइन्छ । वरामदी मुचुल्काबाट उक्त बयानको पुष्टि भएकोले सो बयान प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने नै देखिन आउँदछ ।

जाहेरवालाको छोरीले प्रतिवादीबाट वरामद भएको अभियोगपत्र साथ पेश भएको दशी सामान सनाखत गरी अदालतमा उपस्थित भई बयान गरेको पाइयो ।

प्रतिवादीले के कति बिगो वरावरको धनमाल चोरी गरेको रहेछ भनी विचार गर्दा निजबाट वरामद भएको रु. ४,९०,५४२/- बिगो नै प्रतिवादीले चोरी गरेको ठहर हुन न्यायोचित देखिन्छ ।

यस आधारबाट प्रतिवादीले बिगो रु. ४,९०,५४२/- वरावरको धनमाल नकवजनी चोरी गरी अभियोगपत्र मागदाबीबमोजिमको कसूर गरेको देखिन आयो ।

सजायतर्फ विचार गर्दा, अभियोगपत्रमा प्रतिवादीको उमेर १७ वर्ष उल्लेख भएकोमा अदालतसमक्षको बयानमा १५ वर्ष उल्लेख गरेको देखिन्छ ।

त्रि.बि. शिक्षण अस्पतालबाट प्रतिवादीको उमेर १३ देखि १५ वर्ष उल्लेख हुनुका साथै जाँचको समयमा १४ वर्ष चल्दै गएको हुन सक्ने उक्त अस्पतालको मिसिल संलग्न पत्रबाट देखिन आउँदछ ।

उक्त पत्रमा १४ वर्ष चल्दै गरेको भन्ने उल्लेख भए तापनि सोही पत्रमा १३ देखि १५ वर्ष भन्नेसमेत उल्लेख भइरहेको र प्रतिवादी स्वयंले अदालतसमक्षको बयानमा १५ वर्ष उल्लेख गरेबाट प्रतिवादीको उमेर १५ वर्ष नै मान्नु पर्ने देखिन आउँदछ ।

तसर्थ, उपरोक्त आधारबाट प्रतिवादीले बिगो रु. ४,९०,५४२/- बराबरको धनमाल चोरी गरी अभियोग मागदाबीबमोजिमको कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीको उमेर १५ वर्ष भएको हुँदा चोरीको १४ नं को देहाय १ बमोजिम हुन आउने सजायमा प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन आउने आधा २३ दिन कैद र रु. ३,६७,९०६/- जरिवाना हुन्छ । सो ठहरेकोले अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीलाई २३ दिन कैद र रु. ३,६७,९०६/- जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी अनुसन्धानको क्रममा मिति २०७०/९/१ मा पक्राउ परी यस अदालतका आदेशले माग भएको धरौटी रु. १,२५,०००/- दिन नसकी थुनामा बसी हालसम्म पुर्पक्षका लागि बाल सुधार गृहमा रहेको देखिँदा निजलाई लागेको कैद २३ दिन भुक्तान गरिसकेको हुँदा कैद सम्बन्धमा केही गरिरहनु परेन र जरिवानाको हकमा निज बढी थुनामा बसेको अवधिको दिन १ को रु. २५/- ले हुने रकम निजलाई लागेको जरिवानाबाट कट्टा गरी बाँकी जरिवाना बुझाए कैदबाट छाडि दिनु भनी र नबुझाए सो जरिवाना बापतमा पनि रीत पूर्वको कैदी पूर्जी दिई थुनामा राखी असुलउपर गर्नु भनी तहसिल शाखामा लेखी पठाउनु १

यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका दशीका सामान भरपाई गरी फिर्ता लगिसकेको देखिँदा केही गरिरहनु परेन २

यस फैसलाउपर चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद जारी गर्नु र सोही मुताविक फैसलाको जानकारीसहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंलाई दिनु ३

सरोकारवालालाई नियमानुसार नक्कल दिनु ४

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ५

माननीय न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम फैसला कम्प्युटर गर्ने राजकुमार सुवेदी ।
फाँटः१

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कात्तिक महिना २ गते रोज १ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत बिष्ट

फैसला

मु.न.: ०७१-CR-०२१७३

नि.न.: १०५

उपस्थिति
बालमनोविज्ञः सुचिता सुवेदी
समाजसेवीः रिमा शर्मा

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
रजनी थामीको जाहेरीले नेपाल सरकार १	जिल्ला काभ्रेपलान्चोक, खरेलथोक गा.वि.स., वडा नं. ३ घर भई हाल का.जि., महाङ्काल गा.वि.स., वडा नं. ६ बस्ने धनबहादुर तामाङको छोरा वर्ष १५ को सन्तोष तामाङ १
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको
साक्षीः ×
कागजः ×

मुद्दाः जवरजस्ती करणी उद्योग।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः

रजनी थामीको जाहेरी दरखास्तः
मिति २०७१/३/३ गते साँझ ६:०० बजेको समयमा का.जि., महाङ्काल गा.वि.स., वडा नं ६ स्थित सन्तोष तामाङले वर्ष ५ कि छोरी महाराजगञ्ज ३२ लाई हस्तमैथुन गर्न लगाई लिङ्ग समाउन लगाएको

अवस्थामा फेला परेको र निज सन्तोष तामाङले छोरीको योनी मुसार्ने चलाउने गरी जवरजस्ती करणी उद्योग गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको रजनी थामीको जाहेरी दरखास्त ।

पीडित महाराजगञ्ज ३२ को कागजः

मिति २०७१/३/३ गते साँझ ६:०० बजेको समयमा का.जि., महाङ्काल गा.वि.स., वडा नं ६ स्थित आफ्नै डेरा कोठामा बसिरहेको अवस्थामा प्रतिवादी सन्तोष तामाङले मलाई टिभि हेर्न बोलाई निजको कोठामा बोलाई गएकोमा निजले मलाई बोकी आफ्नो काखमा राखी मेरो सुसु गर्ने ठाउँ कति राम्रो भनी चलाई मेरो सुसु गर्ने ठाउँ हेर भनी आफ्नो पाइन्ट खोली निजको सुसु गर्ने ठाउँ चलाउन लगाई रहेको अवस्थामा मेरो आमाले मलाई बोलाउदै ढोका घचेटेपछि ढोका खुलेपछि आमाले देखी यो के गरेको भनी कराउन थाल्नु भएपश्चात् मलाई छोडी दिएको हो । निजले मलाई विगतका दिनहरूमा समेत पटकपटक आफ्नो सुसु गर्ने चलाउन लगाई मेरो सुसु गर्ने ठाउँ चलाउने गरेको थियो भन्नेसमेत व्यहोराको पीडित महाराजगञ्ज ३२ ले लेखाई दिएको कागज ।

घटनास्थल मुचुल्काः

का.जि., महाङ्काल गा.वि.स., वडा नं. ६ स्थित राजेन्द्र लामाको १ तले घर उक्त घरको उत्तरतर्फ किचन कोठा रहेको दक्षिणमा प्रतिवादी सन्तोष तामाङसमेत सुत्ने गरेको कोठा । उक्त कोठामा २ वटा झ्याल रहेको सो कोठामा ३ वटा खाँट रहेको सोमध्ये बीचको खाँटमा प्रतिवादी सन्तोष तामाङले पीडित महाराजगञ्ज ३२ लाई जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

प्रतिवादी सन्तोष तामाङको बयान कागजः

म राजेन्द्र लामाको घरमा कोठा भाडामा लिएर बस्दै आएको छु । जाहेरवालाको परिवार पनि म बस्ने घर नजिकै बस्छन् । पीडित मेरो कोठामा आई बेलाबेलामा खेल्ने गर्दथ्यो । मिति २०७१/३/३ गते साँझ ६:०० बजेको समयमा म आफ्नो कोठामा बसी टिभी हेरी ढोका खुल्ला राखी हस्तमैथुन गरिरहेको अवस्थामा निज पीडित मेरो कोठामा आइन र मैले खेलाई रहेको लिङ्ग समातिन । सोही समयमा निज जाहेरवालाले मेरो कोठामा आउँदा पीडितले मेरो लिङ्ग समातेको देखी मैले जवरजस्ती करणी गरेको भनी मेरो विरुद्धमा जाहेरी दरखास्त दिएको हो । मैले निजको योनी चलाउने खेलाउने कार्य गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सन्तोष तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

रामबहादुर थामीको कागजः

मिति २०७१/३/३ गते साँझ ६:०० बजेको समयमा का.जि., महाङ्काल गा.वि.स., वडा नं ६ स्थित सन्तोष तामाङको डेरा कोठामा निजले टिभि हेरिरहेको अवस्थामा मेरो छोरी उक्त कोठामा गई निज सन्तोष तामाङले हस्तमैथुन गर्न लागेको अवस्था देखी लिङ्ग समाएको हो । निजले योनी चलाउने खेलाउने कार्य गरेकोमा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको रामबहादुर थामीले लेखाई दिएको कागज ।

परीक्षण प्रतिवेदनः

No fresh external injury is present over the body including the genital region भन्ने व्यहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

प्रतिवादी सन्तोष तामाङले वर्ष ५ कि पीडित महाराजगञ्ज ३२ लाई आफ्नो लिङ्ग समाउन खेलाउन लगाई निज प्रतिवादीले निजको योनीसमेत खेलाई जवरजस्ती गर्न खोज्दा पीडितकी आमाले देखी हल्ला गरेको कारण करणी गर्न नपाएको र प्रतिवादीको उल्लेखित कसूर मुलुकी ऐन, जवरजस्ती करणीको महलको ५ नं बमोजिमको कसूर हुँदा निजलाई उल्लेखित कसूरमा सोही ऐन महलको ३(१) नं. बमोजिम हुने सजायमा ऐ. ५ नं. बमोजिम सजाय हुन अनुरोध छ । साथै प्रतिवादीको उमेर १५ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन अनुरोध छ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

पीडितले गरेको कागज व्यहोरा झुठ्ठा हो । मैले पीडितलाई मैले टिभी हेर्ने मेरो कोठामा बोलाएको छैन । म कोठामा बसी हस्तमैथुन गरिरहेको अवस्थामा त्यो नानी अकस्मात आई पुगेकोमा मैले धकेली दिएको हो र त्यही अवस्थामा उसको आमाले पनि देखेको हुँदा मैले नगरेको आरोप लगाई मउपर झुठ्ठा जाहेरी दिएकी हुन् । मैले पीडितको सुसु चलाउने छुने गरेको छैन । मैले पीडितउपर कुनै घटना घटाएको छैन । मैले पीडितलाई ज.क. उद्योग गरेको छैन । मैले अभियोग दाबीअनुसारको कसूर गरेको छैन । म निर्दोष छु । त्यसैले मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सन्तोष तामाङले यस अदालतसमक्ष गरेको बयान ।

सामाजिक अध्ययन प्रतिवेदन मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरी वादी तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद आचार्य तथा प्रतिवादी तर्फबाट उपस्थित विद्वान वैतनिक वकिल सरस्वती थापाले गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम हुनु पर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

प्रतिवादी सन्तोष तामाङले वर्ष ५ कि पीडित महाराजगञ्ज ३२ लाई आफ्नो लिङ्ग समाउन खेलाउन लगाई पीडितको योनीसमेत खेलाई जवरजस्ती गर्न खोज्दा करणी गर्न नपाएकोले प्रतिवादीको कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको ५ नं बमोजिमको कसूर हुँदा निजलाई उल्लेखित कसूरमा सोही ऐन महलको ३(१) नं बमोजिम हुने सजायमा ऐ. ५ नं बमोजिम सजाय हुन र प्रतिवादीको उमेर १५ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन भन्ने व्यहोराको अभियोग दाबी देखियो ।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा पीडितले गरेको कागज व्यहोरा झुठ्ठा हो । पीडितलाई टिभी हेर्ने कोठामा बोलाएको छैन । म कोठामा बसी हस्तमैथुन गरिरहेको अवस्थामा त्यो नानी अकस्मात आई पुगेकोमा धकेली दिएको हो र त्यही अवस्थामा उसको आमाले पनि देखेको हुँदा मैले नगरेको आरोप लगाई झुठ्ठा जाहेरी दिएकी हुन् । पीडितको सुसु चलाउने छुने गरेको छैन । पीडितउपर कुनै घटना घटाएको छैन । पीडितलाई ज.क. उद्योग गरेको छैन । अभियोग दाबीअनुसारको कसूर गरेको नहुँदा अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखियो ।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा No fresh external injury is present over the body including the genital region भन्ने व्यहोरा उल्लेख भएकोले पीडितको शरीरमा चोटपटक लागेको भन्ने देखिएन ।

प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसूर गरेको पुष्टि हुने गरी जाहेरवाली लगायत अनुसन्धानको क्रममा बुझिएका मानिससमेतका वादी पक्षका साक्षी अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको देखिन आएन ।

प्रतिवादीका साक्षी मिलन लामाले यस अदालतमा आई बकपत्र गर्दा प्रतिवादीको अदालतसमक्षको बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखियो ।

तसर्थ, उपरोक्त आधारबाट प्रतिवादीले अभियोगपत्र मागदाबीबाट सफाइ पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले निज प्रतिवादीले अदालतका आदेशानुसार र.न. १८०७ मिति २०७१/३/२३ मा रु. ५०००/- धरौटी राखी तारेखमा रहेको हुँदा पुनरावेदनको अवस्थापछि उक्त धरौटी प्रतिवादीलाई फिर्ता दिनु १

यस फैसलाउपर चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत पाटनसमक्ष पुनरावेदन गर्नु भनी फैसलाको जानकारीसहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई दिनु २

नक्कल माग्ने सरोकारवालालाई कानूनबमोजिम नक्कल दिनु ३

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ४

माननीय न्यायाधीशज्यूले बोली टिपाएबमोजिम फैसला टाइप गर्ने
फाँट ना.सु. त्रिबिक्रम ज्ञवाली ।
फाँट नं. १

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम् .....।

बारा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री नारायणप्रसाद पोखरेल

फैसला

२०७१ सालको-CR-००४९

रजिष्ट्रेसन नं.: ५०-०७१-००५१७

मुद्दा: जवरजस्ती करणी।

नि.न. ८६

वादी	प्रतिवादी
परिवर्तित नाम, थर, जिल्ला २३ सिमरा ७ बस्ने क कुमारीको जाहेरीले नेपाल सरकार .१	परिवर्तित नाम, थर, वतन, जिल्ला ३३ सिमरा ७ बस्ने १५ को (A) १

अदालतबाट बुझेको

जाहेरवाला, घटना विवरण कागज गर्ने मानिसहरू, वस्तुस्थितिका मानिस र प्रतिवादीको साक्षी।

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको कार्यक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

तथ्य खण्ड

१. म जाहेरवालाको छोरी वर्ष ७ की नाम परिवर्तित (B) जिल्ला बारा, गढीमाई न.पा., वडा नं. ७ स्थितमा रहेको होलीराज इङ्लिस बोर्डिङ स्कुल, जितपुरमा कक्षा १ मा पढ्ने गरेकोले मिति २०७१/६/१२ गते बिहान अन्दाजी ८:०० बजेको घरबाट पढ्न गएको अवस्थामा सोही स्कुलको शौचालयमा लगी प्रतिवादी नाम परिवर्तित वर्ष १५ को (A) ले मुख थुनी जवरजस्ती करणी गरी कसैलाई यो कुरा गरेमा कुटपिट गर्ने भनी धाकधम्की, डर, त्रास देखाई छाडी भागी फरार रहेको हुँदा निजलाई पक्राउ गरी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित क कुमारीको जोहेरी दरखास्त।

२. जिल्ला बारा, गढीमाई नगरपालिका, वडा नं. ७ अन्तर्गत चारैतिर इटाको वालले घेरेको होलीराज इङ्लिस बोर्डिङ स्कुलको कम्पाउण्डभित्र पूर्व र उत्तर मोहडाको २ वटा पक्की ढलान छत भएको भवनहरू रहेकोमा पूर्व मोहडाको भवनको पश्चिम कुनामा उत्तर मोहडा भवन घरको उत्तर पश्चिम कुनामा पूर्व मोहडाको घरमा कुनामा रहेको एक कोठा भएको शौचालयमा परिवर्तित नाम (B) लाई परिवर्तित नाम (A) ले लगी विभिन्न धाकधम्की, डर, त्रास दिई जवरजस्ती करणी गरेको भनी पीडित वर्ष ७ की परिवर्तित नाम (B) ले देखाएबमोजिम लेखिएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

३. म जिल्ला बारा, गढीमाई न.पा., वडा नं. ७ स्थित होलीराज इङ्लिस बोर्डिङ स्कुलको कक्षा १ मा पढ्ने गरेको हुँदा मिति २०७१/६/१२ गते बिहान अन्दाजी ८:०० बजेको समयमा आफ्नो घरबाट स्कुल पढ्न आएकीमा सोही दिनको अन्दाजी ८:३० बजेको समयमा हाम्रै स्कुलको कक्षा ९ मा पढ्ने परिवर्तित नाम (A) ले मलाई स्कुलको पम्पाउण्डमा भेटी मलाई विभिन्न प्रकारको धाकधम्की, डर, त्रास दिई समाती स्कुलको शौचालय कोठामा लगी परिवर्तित नाम (A) ले पाइन्टको चेन खोली लिङ्ग निकाली मेरो फराक (स्कर्ट) माथि उठाई आफ्नो लिङ्ग मेरो योनीमा छिराउँदा म रुँन कराउन खोज्दा मेरो मुख थुनी मलाई जवरजस्ती करणी गरी कसैलाई यो कुरा भन्यो भने कुटपिट गर्छु भनी डर, त्रास दिई मलाई छाडेको हुँदा म कसैलाई नभनी सोही दिनको १२:०० बजेको समयमा स्कुलको पढाई सकेपछि आफ्नो घर जाँदा आमाले मलाई कपडा खोल्न भन्दा मेरो गुप्ताङ्गको भाग दुखेको छ भनी भन्दा उक्त कुरा आमालाई भनेकोमा मैले आफ्नो आमाको साथमा यस कार्यालयमा आई आफ्नो बयान दिन आएको छु भन्नेसमेतको व्यहोराको नाम परिवर्तित (B) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको कागज ।

४. परिवर्तित नाम, थर, वतन पीडित B र पीडक A समेतको स्वास्थ्य परीक्षण गराउँदा जवरजस्ती करणी भएको पाइएन भन्नेसमेत व्यहोराको नारायणी उपक्षेत्रीय अस्पताल विरगञ्ज, पर्साको च.नं. ८६७ र ८६८ मिति २०७१/६/१४ गतेको छुट्टाछुट्टै स्वास्थ्य परीक्षण प्रतिवेदन ।

५. जाहेरवालाको छोरी परिवर्ति नाम पीडित B को जन्ममिति २०६४/१०/२ गते र प्रतिवादी परिवर्तित नाम A को जन्ममिति २०५६/६/१ गते रहेको भनी यस स्कुलको अभिलेखबाट देखिएको र पीडित B यस स्कुलको कक्षा १ मा स्वमं प्रतिवादी A कक्षा ९ मा अध्ययनरत रहेको भन्नेसमेत व्यहोराको होलीराज इङ्लिस बोर्डिङ स्कुलको पत्र ।

६. निज जाहेरवालाको छोरी वर्ष ७ की नाम परिवर्तित B ले मैले सञ्चालन गरेको स्कुलमा कक्षा १ मा पढ्ने गरेकीले मिति २०७१/६/१२ गते बिहान ८:३० बजेको समयमा परीक्षा दिन आएकीमा परीक्षा दिई आफ्नो घरमा गई सोहि दिनको अन्दाजी १२:०० बजेको समयमा नाम परिवर्तित B ले

आफ्नो आमालाई साथमा लिई स्कुलमा पुनः आएको देखी किन आएको हो भनी सोधपुछ गर्दा मेरो छोरीलाई स्कुलका कक्षा ९ मा पढ्ने विद्यार्थी नाम परिर्तित A ले शौचालयमा लगी जवरजस्ती करणी गरेको बताएकोले निजलाई खोजतलास गर्न आएको छु भनी बताएको तत्कालै मैले निज नाम परिवर्तित A लाई खोजतलास गर्दा भागी फरार भएको थियो र मैले पीडित नाम परिवर्तित B सँग सोधपुछ गर्दा मैले स्कुलमा जाँच दिन आएको अवस्थामा नाम परिवर्तित A ले विभिन्न प्रकारको धाकधम्की, डर, त्रास देखाई मलाई शौचालयमा लगी जवरजस्ती करणी गरी कसैलाई यो कुरा भन्यो भने कुटपिट गर्छु भनी बताएकोले मैले स्कुलमा कसैलाई नभनी घरमा गई आमालाई बताएकी थिइन । सोही कुरा नाम परिवर्तित B ले भनेको हुँदा सुनी थाहा हो भन्नेसमेत व्यहोराको होलीराज इङ्लिस बोर्डिङ स्कुलका प्रधानाध्यापक सुधिर कुमारले गरिदिएको कागज ।

७. मैले जिल्ला बारा, गढीमाई नगरपालिका, वडा नं. ७ स्थितमा रहेको होलीराज इङ्लिस बोर्डिङ स्कुलको कक्षा ९ मा पढ्ने गरेको हुँदा मिति २०७१/६/१२ गतेका दिन बिहान अन्दाजी ६:३० बजेको समयमा कोचिङ पढ्न गएकोमा बिहान ८:३० बजेसम्म स्कुलका शिक्षक नितेश निधीसँग कोचिङ पढी अन्दाजी ८:३० बजेको समयमा कोचिङ छुट्टी हुँदा मसँग पढ्न आएका साथी शरद झा, प्रविन कर्णसमेतका साथीलाई सोही स्कुलमा पढ्न आएका नर्सरी कक्षादेखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई प्रार्थनाको लागि लाइनमा लगाई मिलाउन नर्सरी कक्षामा पढाउने मिसहरूले भनेको हुँदा मसमेतका साथीहरूले नर्सरी देखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई प्रार्थनाको लागि लाइनमा मिलाउदै जाने क्रममा जाहेरवालाको छोरी नाम परिवर्तित B लाइनभन्दा छुट्टै उभिरहेकीले निजको हात समाई लाइन भएको ठाँउतर्फ लैजाँदा नमानेपछि हात समाई तानी लाइनमा लगी राखिदिएको हो । सोपश्चात् म आफ्नो घर गएँ । घरमा खाना खाई स्कुलमा परीक्षण रहेकोले सोही स्कुलमा १२:०० बजे गई परीक्षा दिई घर फर्कि आई बसेको हुँदा प्रहरी आई मलाई पक्राउ गरी ल्याएको हो भन्नेसमेत व्यहोरा प्रतिवादी नाम परिवर्तित A ले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज ।

८. मिति २०७१/६/१२ गते बिहान अन्दाजी ८:३० बजेको समयमा जिल्ला बारा, गढीमाई न.पा., वडा नं. ७ स्थितमा रहेको होलीराज इङ्लिस बोर्डिङ स्कुलमा अध्ययनरत विद्यार्थी नाम परिवर्तित B लाई सोहि स्कुलमा अध्ययनरत विद्यार्थी नाम परिवर्तित A ले विभिन्न प्रकारको धाकधम्की, डर, त्रास देखाई सोही स्कुलको शौचालयमा लगी जवरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

९. मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको कागज, घटनास्थल मुचुल्का, स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान कागज, बुझिएको व्यक्तिहरूको कागज र वस्तुस्थिति मुचुल्कासमेतको कागज व्यहोराबाट यी पक्राउमा परी आएका ती वादी नाम परिवर्तित A र पीडित नाम परिवर्तित B

जिल्ला बारा, गढीमाई न.पा., वडा नं. ७ स्थितमा रहेको होलीराज इङ्लिस बोर्डिङ स्कुलमा पढ्ने विद्यार्थीहरू भएकोले नाम परिवर्तित A ले मिति २०७१/६/१२ गते बिहान ६:३० बजेको समयमा सोहि स्कुलमा कोचिङ पढ्न गएकोमा बिहान ६:३० बजेदेखि ८:३० बजेसम्म कोचिङ पढाई सकेपछि अन्दाजी ८:३० बजेको समयमा सोही स्कुलमा पढ्न आएकी निज जाहेरवालाको छोरी वर्ष ७ की नाम परिवर्तित नाम B लाई धाकधम्की, डर, त्रास दिई सोही स्कुलको शौचालयमा लगी जवरजस्ती गरेको हो भन्ने वारदात पुष्टि हुन आएको हुँदा निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. अनुसार कसूर गरेको देखिँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी प्रतिवादीको उमेर १५ वर्ष भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार हुन तथा प्रतिवादीबाट पीडितलाई सोही महलको १० नं. अनुसार मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी ।

१०. म होलीराज इङ्लिस बोर्डिङ स्कुलमा कक्षा ९ मा पढ्छु । उक्त स्कुल बिहान ६:३० बजेदेखि कोचिङ कक्षा हुने भएकोले म सधै कोचिङ पढ्न स्कुल जाने गर्दछु । मिति २०७१/६/१२ गते पनि म कोचिङ पढ्न स्कुल गएकोमा ८:३० बजेको समयमा कोचिङ कक्षा सकिएपछि घर जान लाग्दा कोचिङ पढाउने सर तथा मिसहरूले स्कुलमा जाँच दिन नर्सरीदेखि कक्षा ४ सम्मका विद्यार्थीहरूलाई प्रार्थनाका लागि लाइन मिलाई उभ्याई दिनु पर्‌यो भनी भन्नु भएकोले म लगायत कोचिङ पढ्ने सबै विद्यार्थीहरूले साना कक्षाका केटाकेटीहरूलाई लाइनमा बस्न भनेकोमा कुनैकुनै केटाकेटीहरू अटेर गरेकोले हात समाई लाइनमा उभ्याई सर तथा मिसको जिम्मा लगाई घर गएको र घरमा खाना खाई एकछिन किताब पढी पुनः ११:३० बजेतिर जाँच दिन स्कुल आई करिव ३:०० बजेतिर जाँच सकिएकोले घर गएको थिएँ । सोही दिन करिव ४:३० बजेतिर प्रहरी आई मलाई पक्राउ गरी सिमरा लगेका हुन् । किन समातेको भनी सोधपुछ गर्दा तिमीले नाम परिवर्तितलाई जवरजस्ती करणी गरेकोले पक्रेको भनी भन्दा म आश्चर्य चकित भएँ । मैले निजलाई राम्रोसँग चिनेको पनि थिएन । स्वास्थ्य परीक्षण गर्न विरगञ्ज अस्पताल लैजादा मात्रै उक्त नाम परिवर्तित B लाई देखेको हो । बिहान लाइन लगाउने बेला निजको समेत हात समाई लाइन लगाए होला । सोही कारण झुठ्ठा कुरा भनेकी हुन् की ? मैले निजलाई जवरजस्ती करणी गरेको होइन । मलाई सजाय हुनु पर्ने होइन भन्नेसमेतको व्यहोरा उल्लेख गरी प्रतिवादी परिवर्तित नाम A ले अदालतमा आई गरिदिएको बयान मिसिल सामेल रहेको ।

११. मिति २०७१/६/१२ को जाहेरी दरखास्त भएको व्यहोरा सहिछाप मेरो हो । मेरो छोरीलाई प्रतिवादीले कुटेको भनी छोरीले भनेकोले झोकले जाहेरी दिएको थिएँ । म आफ्नो छोरीसँग सोधपुछ गर्दा हो भनी पछि होइन भनेकी हुन् । प्रतिवादीले जवरजस्ती करणी गरेको होइन । मेरो छोरी अहिले नारायणघाटमा छिन् भन्नेसमेत व्यहोरा उल्लेख गरी जाहेरवाला परिवर्तित नाम क कुमारीले अदालतमा आई गरिदिएको बकपत्र मिसिल सामेल गरेको ।

१२. मिति २०७१/६/२४ को घटना विवरण कागजमा भएको व्यहोरा सहिछाप मेरो हो । प्रतिवादीले यो घटना घटाएको होलान् भन्ने मलाई विश्वास लाग्दैन । प्रतिवादी राम्रो चालचलन र पढ्नमा राम्रो छन् भन्ने एकै मिलानको व्यहोरा उल्लेख गरी घटना विवरण कागज गर्ने मानिसहरू सौरभ झा र नितेसकुमार घिमिरेले अदालतमा आई गरिदिएको बयान छुट्टाछुट्टै बकपत्र मिसिल सामेल रहेको ।

१३. मिति २०७१/६/१५ गते अनुसन्धान अधिकृतसमक्ष लेखाएको व्यहोरा र सहिछाप मेरो हो । उक्त घटनाको सन्दर्भमा निज प्रतिवादीसँग तत्कालै सोधपुछ गर्दा उक्त घटना अस्वीकार गरेको र म प्रिन्सीपलको नाताले शिक्षक र विद्यार्थीहरूसँग सोधपुछ गर्दा घटना नघटेको भन्ने कुरा थाहा पाएँ । घटनाको समय उक्त विद्यार्थी पीडित ९:३० बजेको परीक्षामा सामेल थियो । प्रतिवादीको चालचलन राम्रो र शान्त व्यवहारको छ । खराव आचरणको छैन भन्नेसमेत व्यहोरा उल्लेख गरी वस्तुस्थिति बुझिएका मानिस सुधिर कुमारले आदलतमा आई गरिदिएको बकपत्र मिसिल सामेल रहेको ।

१४. जाहेरी बनावटी झुठ्ठा हो । प्रतिवादीको आचरण स्वभाव राम्रो छ । अभियोग दाबीअनुसार प्रतिवादीले कसूर अपराध गरेका छैन । अभियोग दाबीअनुसार प्रतिवादीलाई सजाय हुनु पर्ने होइन भन्नेसमेतको व्यहोरा उल्लेख गरी प्रतिवादीको साक्षी रामानन्द प्रसादले अदालतमा आई गरिदिएको बकपत्र मिसिल सामेल रहेको ।

ठहर खण्ड

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री सुभाषकुमार भट्टराईले प्रतिवादीउपर किटानी जाहेरी र पीडितको मौकामा गरेको किटानी कागज हुँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्छ भनी बहस गर्नु भएको ।

प्रतिवादी परिवर्तित नाम A को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रभातचन्द्र दाहालले जाहेरवालाको मौकाको जाहेरी व्यहोरालाई खण्डन हुने गरी अदालतमा आई बकपत्र गरी दिएको । पीडितलाई वादी पक्षले बकपत्रको लागि अदालतमा उपस्थित गराउन नसकेको हुँदा निजको मौकाको कागज विश्वसनीय नभएको । प्रतिवादी अदालतमा कसूरमा इन्कारी भई बयान गरेको एवं पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षणबाट अभियोग मागदाबी पुष्टि हुन सकेको पाइदैन । प्रतिवादीले सफाई पाउनु पर्छ भनी बहस गर्नु भयो ।

विद्वान अधिवक्ताहरूले गर्नु भएको उपरोक्तबमोजिमको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी परिवर्तित नाम A ले पीडित परिवर्तित नाम B लाई जवरजस्ती करणी गरेको हुन, होइनन् ? र निज प्रतिवादीलाई आरोपित कसूरमा सजाय हुनु पर्ने हो, होइन भन्नेसमेतका प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी परिवर्तित ना A ले पीडित परिवर्तिन नाम B लाई जवरजस्ती करणी गरेको भनी प्रतिवादीउपर मुलुकी ऐन, जवरजस्ती करणीको महल को १/३ को कसूरमा महल को ३(१) बमोजिम सजाय हुन र सोही ऐनको सोही सोही महलको १० नं. बमोजिम क्षतिपूर्ति भराउन र प्रतिवादीको उमेर १५ वर्ष भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमसमेत दाबी लिएको भन्ने अभियोगमा मागदाबी रहेछ ।

प्रतिवादीले मौकामा तथा अदालतमा आई बयान गर्दा कसूरमा पूर्ण इन्कारी रही व्यहोरा लेखाएको मिसिल संलग्न बयानबाट देखिन्छ । जाहेरवाली परिवर्तित नाम क कुमारीले अदालतमा आई बकपत्र गर्दा म आफ्नी छोरीसँग सोधपुछ गर्दा हो भनी, पछि होइन भनी भनेकी हुन् । जवरजस्ती करणी गरेको होइन (स.ज. ५) । मेरो छोरीलाई प्रतिवादी A ले कुटेको भनी छोरीले भनेकोले झोकले जाहेरी दरखास्त दिएको थिएँ भनी (स.ज. ६) मा व्यहोरा लेखाएको पाइन्छ । वादी पक्षले पीडित परिवर्तित नाम B लाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको पाइदैन । मिसिल संलग्न पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि जवरजस्ती करणी भएको भन्ने तथ्य पुष्टि हुन सकेको पाइदैन । घटना विवरण कागज गर्ने मानिसहरू सौरभ झा, नितेसकुमार घिमिरे र वस्तुस्थितिमा बुझिएका मानिस सुधिरकुमार साथै प्रतिवादीको साक्षीसमेतले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीलाई सफाई हुने गरी व्यहोरा लेखाई दिएको पाइन्छ । यसरी प्रतिवादीउपरको किटानी जाहेरी व्यहोरालाई खण्डित हुने गरी जाहेरवाली स्वयंले अदालतमा आई बकपत्र गरी दिएको देखिन्छ । पीडितलाई वादी पक्षले अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन । पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट अभियोग मागदाबी पुष्टि हुन सकेको देखिँदैन ।

तसर्थ, प्रतिवादीलाई कसूरदार ठहर गर्न मिल्ने अवस्था नहुँदा प्रतिवादीले प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसकी प्रतिवादी परिवर्तित नाम (A) ले आरोपित कसूरबाट सफाई पाउने ठहरेकाले केही गरिरहन परेन १

यसमा प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाई पाउने ठहरी फैसला भएकाले फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, बारालाई पुनरावेदनको म्याद दिनु २

नक्कल माग्ने सरोकार पक्षबाट नियमानुसार लाग्ने नक्कलको दस्तुर लिई नक्कल दिनु ३

प्रस्तुत मुद्दाको डायरीको लागत कट्टा गरी, फैसला अपलोड गरी मिसिल सुरक्षित राख्न नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनु ४

प्रस्तुत पाना ६ को माननीय न्यायाधीशज्यूले बोली टिपाउँदा मिति टिपी कम्प्युटर टाइप गर्ने डि. सुरज थापा ।
फाँटवालाः ना.सु. रामचन्द्र रौनियार ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कार्तिक महिना १७ गते रोज २ शुभम् .....।

ललितपुर जिल्ला अदालत

बन्द बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री टेकनारायण कुँवर

फैसला

सम्वत् २०६९ सालको ०७१-CR-००५८

निर्णय नं.: ४३/७

मुद्दाः साधारण चोरी।

दायर मितिः २०७१/७/२०

वादीको नाम, थर, वतन

ललितपुर जिल्ला, गोदावरी गा.वि.स., वडा नं. २ घर भई हाल ऐ. जिल्ला ल.पु.उ.म.न.पा. वडा नं. १३ एकान्तकुना स्थित बस्ने वर्ष १९ को राजिन सुनवारको जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन

वरियापुर (क) को नाती, वरियापुर ख को छोरा जिल्ला ३३ वरियापुर गा.वि.स., वडा नं. २ घर भई हाल जिल्ला २८, उ.म.न.पा. वडा नं. ४ बस्ने वर्ष १५ को जावलाखेल (क) १

ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

तथ्य खण्ड

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः

मुद्दाको संक्षिप्त तथ्य

१. ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा नं. १३ स्थित पूर्वमा खड्काटोलतर्फ जाने बाटो, पश्चिममा टासी लामाको तीनतले पक्की घर, दक्षिणमा इन्टर लामाको घर र उत्तरमा राजिन सुनुवारकै खाली बारी । यति चारकिल्लाभित्र पूर्व मोहडा भएको तीनतले पक्की घर रहेको उक्त घरको मुल ढोकाबाट प्रवेश गरी तेम्रो तल्लामा पुग्दा एउटा कोठा रहेको कोठाको ढोकाबाट भित्र प्रवेश गर्दा पूर्वतर्फ भित्तामा विस्तारासहितको बेड रहेको किनारा नजिकै स्पिकरहरू भित्तामा सटाएर राखिएको । सोहि स्पिकरमाथि जाहेरवाला राजिन सुनुवारले कम्प्याक कम्पनीको ल्यापटप राखेकोमा उक्त ल्यापटपसहित विस्तारा नजिकै भुँइमा चार्ज गर्न राखेको कर्लस कम्पनीको मोवाइलसमेत मिति २०७१/६/२९ गते सुतिरहेको अवस्थामा बिहानको समयमा चोरी भएको स्थानको चारकिल्ला विवरणसहितको घटनास्थल मुचुल्का ।

२. मिति २०७१/६/२९ गते विहान अं. ७:३० बजेको समयमा म निवेदकको कोठामा सुतिरहेको अवस्थामा मेरो कालो रंङको कम्प्याक ल्यापटप थान १ को रु. २०,०००/- पर्ने, कलर्स कम्पनीको मोवाइल थान १ को रु. ४,६००/- पर्ने गरी जम्मा रु. २४,६००/- वरावरको धनमाल चोरी गरी लाने जावलाखेल (क) माथि शङ्का लागेको हुँदा निजलाई भिकाई आवश्यक अनुसन्धान गरिपाऊँ भन्ने राजिन सुनुवारको निवेदन ।

३. ल.पु.जि., ल.पु.उ.म.न.पा., वडा नं. १३ खड्काटोल एकान्तकुनास्थित पूर्वमा कुसुन्ती रोडतर्फ निस्कने बाटो, पश्चिममा तिब्बेटियन क्याम्पतर्फ जाने बाटो, उत्तरमा जावलाखेलतर्फ जाने बाटो, दक्षिण कुसुन्ती तथा एकान्तकुना जाने बाटो । यति चारकिल्लाभित्र खड्काटोलस्थित रोडमा तत्काल पछि नाम, थर, खुल्न आएको नाम परिवर्तित जावलाखेल (क) ले power लेखिएको कालो रंङको झोला बोकी हिडिरहेको अवस्थामा २०७१/६/३० गते दिउँसो १२:३० बजेतिर फेला पारी सोधपुछ एवं झोला र शरीर तलासी लिदा झोलाबाट कालो रंगको कम्प्याक ल्यापटप थान १ र कालै रंङको कलर्स मोवाइल (सिम नभएको) सेट थान १ फेला परेको हुँदा रीतपूर्वकको खानतलासी एवं वरामती मुचुल्का तथा दशी र मानिससहितको दाखिला गरेको भन्ने खानतलासी तथा वरामद मुचुल्कासहितको प्रहरी प्रतिवेदन र आवश्यक कारवाहीको लागि वरामत दशी, मानिस, मिसिल कागजातहरू पठाइएको भन्ने महानगरीय प्रहरी अपराध शाखा, ललितपुरको मिति २०७१/६/३१ गतेको पत्र ।

४. ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १३ एकान्तकुनास्थित म बस्दै आएको घरकोठामा मिति २०७१/६/२९ गतेका दिन विहान अं. ७:३० बजेको कोठा खल्लै राखी सुतिरहेको अवस्थामा प्रतिवादी जावलाखेल (क) ले कमप्याक ल्यापटप थान १ को रु. २०,०००/- पर्ने, कलर्स मोवाइल थान १ को रु. ४६००/- पर्ने गरी जम्मा रु. २४,६००/- वरावरको धनमाल चोरी गरी लगेको हुँदा निजलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेतको राजिन सुनुवारको जाहेरी दरखास्त ।

५. म जाहेरवाला राजिन सुनुवारलाई चिन्दछु । मिति २०७१/६/२९ गतेका विहान अं. ५:३० बजेको समयमा उठी हातमुख धोई छतमा जान्छु भन्ने सोची कोठाबाट बाहिर निस्किएर भऱ्याङ चढी माथिल्लो तलामा राजिन सुनुवार बस्ने कोठाबाहिर पुग्दा निज राजिन दाई उठ्नु भयो भने गफ गर्नु पर्यो भन्ने सोची ढोका धकेली भित्र प्रवेश गर्दा निज जाहेरवाला विस्तारामा सुतिरहेका थिए । भूँईमा कलर्स मोवाइल चार्ज गरिराखेको र कम्प्याक कम्पनीको ल्यापटपसमेत स्टेन्जरमाथि राखी रहेकोमा उक्त मोवाइल र ल्यापटप चोरी गरी बेच्न पाएमा तिहार खर्च पुग्छ भन्ने सोची उक्त मोवाइल र ल्यापटप चोरी गरी आफ्नो कोठा अगाडि भऱ्याङको कुनामा राखेको हो । म बस्ने कोठाबाट झोला निकाली सोहि झोलामा चोरी गरेको मोवाइल र ल्यापटप राखी बाहिर निस्की गेम खेली बेलुकी चोरी गरेको बारेमा घरमा थाहा जानकारी हुन्छ भनी चिनजानका दाजु निमेश आर्चाय बस्ने ल.पु.जि., ल.पु.उ.म.न.पा., वडा नं. १३ स्थित गई बसें भने भोलिपल्ट बिहान ६/७ बजेतिर पनि बाहिर सो झोला लिई गेम खेल्न निस्केको दिन अं. १२:३० बजेको समयतिर एकान्तकुनास्थित खड्काटोल निरबाट प्रहरीको टोलीले फेला पारी उक्त चोरी गरेको मोवाइल र ल्यापटपसमेत वरामत गरी मलाई प्रकाउ गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी जावलाखेल (क) ले अधिकारप्राप्त अधिकार ीसमक्ष गरेको बयान कागज ।

६. मिति २०७१/६/३० गतेका दिन प्रतिवादी हाल नाम परिवर्तित जावलाखेल (क) को साथबाट वरामत भएको कम्प्याक कम्पनीको ल्यापटप र कलर्स कम्पनीको मोवाइल सेट देखाउँदा देखी हेरी चिनी अ.ब. १७३ नं. बमोजिम सनाखत गरी दिएँ । उल्लिखित सामानहरू मिति २०७१/६/२९ गते मेरो कोठाबाट चोरी भएका कम्प्याक कम्पनीको ल्यापटप र कलर्स कम्पनीको मोवाइल सेट मेरै हुन् भनी जाहेरवाला राजिन सुनुवारले गरेको सनाखत कागज ।

७. मिति २०७१/६/२९ गतेका दिन बिहान अं. ७:३० बजेको समयमा ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १३ जाहेरवाला आफ्नै घरकोठामा सुतिरहेका खबतमा निजै सुतेको कोठामा रहेको कम्पनीको ल्यापटप, कलर्स कम्पनीको मोवाइल सेट चोरी भएको थाहा पाएको सम्बन्धमा हाल बुझ्दा उक्त सामान हाल पक्राउ परेका प्रतिवादी नाम परिवर्तित (क) ले बेची खाने उद्देश्यले चोरी गरी लिई हिडेका रहेछन् । यसरी अर्काको घरमा राखेको धनमाल चोरी हिड्ने प्रतिवादी हाल नाम परिवर्तित जावलाखेल (क) लाई कानूनबमोजिम हदैसम्मको कारवाही र सजाय हुनु पर्छ भनी कैलाश गदाल, मनिष सुनुवार र सुजन घतानीसमेतले खुलाई लेखाई दिएको एकै मिलान व्यहोराको घटना विवरण कागज ।

८. प्रतिवादी जावलाखेल (क) को साथबाट वरामद भई आएको कम्प्याक कम्पनीको ल्यापटप थान १ को रु. १२,०००/- र कालो रङको कलर्स मोवाइल थान १ को रु. ४,२००/- को गरी जम्मा रु. १६,२००/- पर्छ भन्नेसमेत व्यहोराको मूल्य मुचुल्का ।

९. प्रस्तुत मुद्दामा उल्लेखित विवरणसमेतका प्रमाण कागजातहरू, घटनास्थल मुचुल्का, खानतलासी तथा वरामदी मुचुल्का, जाहेरी दरखास्त, प्रतिवादीको बयान, जाहेरवालाको सनाखत कागज, घटना विवरणका व्यक्तिहरूको कागज तथा वरामद चोरीका सामानको मूल्य मुचुल्कासमेतका आधारमा प्रतिवादी जावलाखेल (क) ले मुलुकी ऐन, २०२० चोरीको महलको १ नं. को परिभाषाबमोजिमको कसूर ऐ.ऐ. को १२ नं. बमोजिम सजाय गरी ऐ. चोरीको २१ नं. बमोजिम जाहेरवालालाई चोरीको सामान दिलाई पाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

१०. जाहेरी व्यहोरा ठीक साँचो हो । जाहेरीमा उल्लिखित भएको सामान मैले चोरी गरेको हुँदा मलाई सजाय हुनु पर्ने हो भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम जावलाखेल (क) ले अदालतसमक्ष गरेको बयान ।

ठहर खण्ड

११. नियमबमोजिम आजको दैनिक पेशी सूचीमा चढी थुनछेक बयानका लागि बन्द बाल इजलाससमक्ष पेश हुन आएको प्रस्तुत अभियोगपत्रसाथ उपस्थित गराइएका कानूनको द्धन्द्धमा परेका नाबालक जावलाखेल (क) को बयान कार्य सम्पन्न भयो । वादी नेपाल सरकारको तर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता श्री घनश्याम ओझाले निज नाबालकले जाहेरवालाको हराएको सामान आफुबाट वरामत भएको कुरालाई अदालतसमक्ष गरेको बयानमा समेत स्वीकारै गरी लेखाई दिएको र बयानमा आफ्नो साक्षी प्रमाणसमेत राख्न नसकेको हुँदा अभियोग दाबीबमोजिम कारवाही होस् भनी बहस गर्नु भयो ।

१२. प्रतिवादी तर्फबाट रहनु भएका वैतनिक कानून व्यवसायी श्री अनिता महर्जनले निज नाबालकले चोरी गरेको ल्यापटप र मोबाइल वरामत भई जाहेरवालाले फिर्तासमेत लगिसकेको अवस्था छ भनी अदालतसमक्ष आफ्नो गल्ती स्वीकार गरी बयान गरेको हुँदा न्यूनतम् कारवाही हुने गरी आजै फैसला होस् भनी गर्नु भएको बहससमेत सुनियो ।

१३. उपर्युक्त बहस सुनी अभियोगपत्र तथा मिसिल कागजात अध्ययन गरी हेर्दा कानूनको द्धन्द्धमा परेका निज नाबालकले यस अदालतमा बयान गर्दा आरोपित कुरामा साबित रही बयान नगरेको अवस्था छ । साथै आफ्नो साक्षी प्रमाणसमेत राखेको देखिएन । आफुले गरेको बालबिज्याँई अरु कुनै कारणले स्वीकार गरेको नभई जो भएको कुरा सत्य साँचो र नढाँटी जस्ताको तस्तै व्यक्त गरेको पाइयो । निज नाबालकको यस बयान व्यहोराबाट आफुले गरेको गल्तीलाई महसुस गरी पश्चाताप व्यक्त गरेको देखियो । यस स्थितिमा प्रस्तुत मुद्दा थुनछेक प्रयोजनका लागि पेश भएको भए तापनि अ.ब. १८४ क नं. अनुसार थप प्रमाण बुझिरहनु पर्ने अवस्था देखिन आएन । त्यसैले प्रस्तुत मुद्दा आजै फैसला गरी दिँदा कुनै किसिमको कानूनी बाँधासमेत नरहेको हुँदा थुनछेक आदेश गरिरहन परेन ।

१४. अब यी नाबालकले अभियोग दाबीबमोजिमको बालबिज्याँई गरेका हुन्, होइनन् ? र गरेको भए निजलाई के कस्तो कारवाही हुने हो ? भन्ने विषयमा नै मुख्य निर्णय दिनु पर्ने देखियो ।

१५. निर्णयतर्फ विचार गर्दा कानूनको द्धन्द्धमा परेका नाबालक जावलाखेल (क) उपर मुलुकी ऐन, २०२० चोरीको महलको १ नं. को परिभाषाबमोजिमको कसूर ऐ.ऐ. को १२ नं. बमोजिम गरेको हुँदा ऐ.ऐ. १२ नं. बमोजिम सजाय गरी ऐ. चोरीको २१ नं. बमोजिम जाहेरवालालाई चोरीको सामान दिलाई पाऊँ भन्नेसमेत अभियोग दाबी रहेको पाइन्छ । निज नाबालकले सो अभियोग दाबी स्वीकार गरी बयान गरेको अवस्था छ । यसरी निजले आरोपित कुरामा साबिती रही अदालतमा समेत बयान गरेको हुँदा र निजको साथबाट हराएको सामान वरामद भएको देखिँदा निजलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, चोरीको १ नं. विपरीतको कार्य गरेको प्रमाण्ति हुँदा सोही १२ नं. अनुसार सजाय गर्नु पर्ने हुन्छ । तसर्थ निज जावलाखेल (क) लाई ०/१/१५ (एक महिना पन्ध्र दिन) कैद र रु. १६,२००/- जरिवाना हुने ठहर्छ । तर निज १५ वर्षको नाबालक भएकोले बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्दछ । नेपालसमेत पक्ष रहेको बालअधिकार महासन्धि, १९८९ को धारा ३ अनुसार नाबालकको सर्वोत्तम हितको सिद्धान्त प्रस्तुत मुद्दामा पनि लागू गर्नु वाञ्छनीय हुन आउँछ । यस अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० अनुसार निज नाबालक जावलाखेल (क) लाई माथि उल्लिखित सजाय गर्नुभन्दा निजको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि उचित वातावरण उपलब्ध गराउनु उपयुक्त हुने भएकोले निजको आफ्नै आमाबाबुको संरक्षणमा रहने गरी सजाय स्थगन गरी दिने ठहर्छ । वरामद भई आएको जाहेरवालाको सामान फिर्ता पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलमा उल्लेख भएबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम आज यो मुद्दा फैसला गरी दिएको छु ।

तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी जावलाखेल (क) लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० अनुसार आफ्नै आमाबाबुको संरक्षणमा रहने गरी सजाय स्थगन गरी दिने ठहरेकोले केही गरिरहनु परेन १

प्रस्तुत फैसलाको एकएक प्रति बाल न्याय समन्वय समिति र केन्द्रीय बाल कल्याण समितिमा समेत पठाई दिनु २

प्रस्तुत इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी मुलुकी ऐन, अ.ब. १९३ नं. बमोजिम प्रतिवादी जावलाखेल (क) का नाउँमा पुनरावेदनको म्याद जारी गर्नु ३

फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरमा पुनरावेदनको म्यादसहित फैसलाको जानकारी पठाई दिनु ४

सरोकारवाला व्यक्तिले फैसलाको नक्कल मागे नक्कल दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ६

माननीय जिल्ला न्यायाधीशज्यूबाट बोली टिपाउनु भएबमोजिम टिपी कम्प्यूटर टाइप गर्ने ना.सु. गणेशमान श्रेष्ठ ।
फाँट फिराद दायरी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कार्तिक महिना २० गते रोज ५ शुभम् .....।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

उपस्थिति
बालमनोविज्ञः श्री कृष्णकुमारी गुरुङ
समाजसेवीः श्री मदनप्रसाद तिवारी

सम्वत् २०७० सालको बालबिज्याँई
दर्ता नं.: ३१८/९९ (०७०-CR-०१०१)
दर्ता मितिः २०७०/७/१०
निर्णय नं.: १६५

मुद्दाः नकवजनी चोरी।

वादी	प्रतिवादी
कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. ११ पचभैया घर भई हाल कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. ८ बस्ने विष्णुहरी न्यौपानेको जाहेरीले नेपाल १	कास्की जिल्ला, पोखरा उ.म.नं.पा., वडा नं. ९ चोरसाँघु बस्ने राम सुनारको छोरा कास्की घ १

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छः

मिति २०७०/६/१७ गते राती ११:३० बजेको समयमा कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. ४ सिद्धार्थचोकमा कास्की घ लाई शङ्कित अवस्थामा फेला पारी निजको शरीर रीतपूर्वक खानतलासी लिने क्रममा निजले बोकेको झोलाभित्र स्क्रुड्राइभर १ थान, फलामको हेम्बर हथौडा १ थान, रेती १ थान, ४१ इन्च लामो फलामको पाइप १ थान, सनासो १ थान, कार्वन मोवाइल १ थान, निजले लगाएको पाइन्टको खल्तीबाट ने.रु. ३९,०४०/- र भा.रु. ११००/- फेला पारी वरामत गरी वरामत दशीसहित निज कास्की

घ लाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का र दाखिला प्रतिवेदन ।

कास्की जिल्ला, पोखरा उ.म.न.पा., वडा नं. ९ न्यूरोडस्थितमा विष्णुहरी न्यौपानेले कञ्चन कोल्ड स्टोर एण्ड सप्लायर्स पसल सञ्चालन गर्दे आएको, सो पसलको पछाडिको प्लाइउडको ढोका फोरिएको अवस्थामा रहेको, सो ढोकाबाट प्रवेश गरी कास्की घ ले पसलमा रहेको नगद तथा मोवाइल चोरी गरी लगेको भनी देखाइएको घटनास्थल मुचुल्का ।

मिति २०७०/६/१७ गते राती ११:०० बजेको समयमा कास्की जिल्ला, पोखरा-९ न्यूरोडस्थितमा मैले सञ्चालन गरेको कञ्चन कोल्ड स्टोर एण्ड सप्लायर्स पसलको ढोकाको ताल्चा फोडी कास्की घ ले पसलमा रहेको नगद रु. ४०,८००/- र मूल्य रु. १९,६००/- पर्ने कार्वन मोवाइल थान १ जम्मा बिगो रु. ६०,४००/- वरावरको धनमाल चोरी गरेको हुँदा निज कास्की घ लाई प्रकाउ गरी कानूनबमोजिम कारवाही गरी मेरो चोरी भएको धनमाल फिर्ता दिलाई भराई पाऊँ भन्ने व्यहोराको बिष्णुहरी न्यौपानेको जाहेरी ।

प्रतिवादी कास्की घ को साथबाट वरामत भएको नगद र मोवाइल देखाउँदा देखी पाएँ, उक्त नगद र मोवाइल मेरो चोरी भएको मोवाइल हो, हेरी चिनी सनाखत गरी दिएँ भन्ने व्यहोराको जाहेरवाला विष्णुहरी न्यौपानेको सनाखत कागज ।

वरामत भएको हालको मूल्य रु. १५,०००/- पर्ने भन्ने व्यहोराको मूल्य मुचुल्का ।

बुबाले आमालाई छाडी जानु भएको र आमा पनि माइतीमा गई बसेपछि घरमा रेखदेख गर्ने कोहि नभएपछि म पोखरामा बेवारीसे अवस्थामा गल्ली, सडकमा बस्ने बालबालिकासँग हिड्ने र खाने गर्दथें । रुपैयाँ भएको बेला खाने र नभएको बेला भोकै पनि सुत्ने गर्दथें । घुम्ने क्रममा पोखरा-९ कञ्चन कोल्ड स्टोर एण्ड सप्लायर्समा कहिलेकाही मासु माग्दा नदिने, गालीगलौज गर्ने गरेको हुँदा मलाई रिस उठिरहेको थियो । मौका परेमा पसल चोरी गर्छु भन्ने सोचि राखेको थिएँ । मिति २०७०/६/१७ गते राती ११:०० बजेको समयमा म उक्त सप्लार्यसमा जाँदा कोहि नदेखेपछि सोही मौकामा मैले उक्त सप्लार्यसको पछाडिको ढोका फोडी भित्र प्रवेश गरी घर्रामा रहेको ने.रु. र भा.रु. गरी जम्मा रु. ४०,८००/- नगद र कार्वन मोवाइल १ थान चोरी गरी उक्त सामान लिई सो स्थानबाट भागी हिडेकोमा सोही राति ११:३० बजेको समयमा कास्की जिल्ला, पोखरा-४ सिद्धार्थचोकमा प्रहरीले फेला पारी मेरो साथमा रहेको चोरी गर्नमा प्रयोग गरेको स्क्रुड्राईभर १ थान, फलामको हेम्बरहथौडा १ थान, रेती १ थान, ४१ इन्च लामो फलामको पाइप १ थान, सनासो १ थानसहित चोरी गरेको कार्वन मोवाइल १ थान र ने.रु. ३९,०४०/- र भा.रु. ११००/- सहित मलाई पक्राउ गरी ल्याएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की घ को बयान कागज ।

कास्की जिल्ला, पोखरा-९ न्यूरोडमा रहेको कञ्चन कोल्ड स्टोर एण्ड सप्लायर्समा काम गर्नुका साथै सोहि सप्लायर्स मै खाने सुत्ने गर्दै आएको छु। २०७०/६/१७ गते राती करीव ११:०० बजे काउन्टरमा आवाज आएको सुनी काउन्टरमा गई हेर्दा एक जना केटा फुत्त बाहिर निस्केको देखें । हामीले हारगुहार गर्दा गर्दै निज भाग्न सफल भएका हुन् । तत्काल साहु विष्णुहरी न्यौपानेलाई खवर गरी खोजतलास गर्ने क्रममा सोही राती सप्लायर्सबाट चोरी भएको नगद धनमालसहित हाल नाम थाहा भएका कास्की घ लाई प्रहरीले पक्राउ गरेर ल्याएको भन्ने थाहा पाएँ। रातको समयमा ढोका तोडफोड गरी जाहेरवालाको धनमाल चोरी गर्ने निज कास्की घ लाई कानूनबमोजिम कडा कारवाही गरी जाहेरवालाको चोरी भएको धनमाल निजै कास्की घ बाटै फिर्ता दिलाई भराई पाऊँ भन्ने व्यहोराको वस्तुस्थिति मुचुलकामा बुझिएकामा बुझिएका बसन्त बरालसमेतको कागज ।

विरुद्ध खण्डमा उल्लेखित अभियुक्त कास्की घ ले मिति २०७०/६/१६ रातको ११:३० बजेको समयमा कोल्ड स्टोर्स एण्ड सप्लार्यसमा लगाएको ताला तथा ढोका फोडी नगद रु. ४०,८००/- (ने.रु. ३९,०४०/- तथा भा.रु. ११००/- को हुने ने.रु. १७६०/- समेत गरी) र मूल्य मुचुल्कामा उल्लेखित मूल्य रु. १५,०००/- पर्ने कार्वन मोवाइल थान १ गरी कुल बिगो रु. ५५,८००/- (पचपन्न हजार आठ सय रुपैयाँ) वरावरको धनमाल जाहेरवालाको मञ्जुरी बेगर निजलाई थाहा जानकारी नदिई बेइमानीका नियतले आफुले लिन खानको लागि मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत ३ नं. का रीत र तरहसँग चोरी गरी लगेको सोही राती ११:३० बजेको समयमा कास्की जिल्ला, पोखरा-४ सिद्धार्थचोकस्थितमा प्रहरीले निज कास्की घ लाई उक्त चोरीको नगद रु. ४०,८००/- र कार्वन मोवाइल थान १ तथा चोरीमा प्रयोग गरेको स्क्रुड्राईभर १ थान फलामको हेम्बरहथौडा १ थान, रेती १ थान, ४१ इन्च लामो फलामको पाइप १ थान, सनासो १ थानसहित पक्राउ गरेर ल्याएको हालसम्मको अनुसन्धानबाट देखिन आएको हुँदा निज अभियुक्त कास्की घ को सो कार्य मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. बमोमिको कसूर अपराध गरेको देखिन आएकोले निज अभियुक्त साजन सुनवारउपर ऐ. महलको १२ तथा १४(१) बमोजिम सजाय गरी बिगोबमोजिम जरिवाना गरिपाऊँ भन्ने व्यहोराको अभियोगपत्र मागदाबी ।

मसँगबाट वरामदी मुचुल्कामा उल्लेखित नगद रुपैयाँ भा.रु. तथा ने.रु., कार्वन मोवाइल फोन र अन्य चोरी गर्न प्रयोग हुने सामग्रीहरू वरामत भएको ठीक साँचो हो । उक्त रुपैयाँ झोला र कार्वन मोवाइल जाहेरवाला साहुँको हो भने पाइप, रेती, पेचकस सामग्री मभन्दा ठुला दाईहरूको हो । मसमेत अरु ५ जना गरी जम्मा ६ जना थियौँ । मैले अरुको काम भन्न सक्दिन । उनीहरूले चोर्न पठाएकोले दोकानको प्लाइउडको खालबाट पसी चोरी गरेको हो । तत्कालै प्रहरी आएपछि रमेश र सुरेश लगायत ठूलाठूला दाईहरू भागेर गए । मलाई प्रहरीले पक्राउ गरेर ल्याएका हुन् । मभन्दा ठूलाठूला दाईहरूले लाएअह्राएबमोजिम म उनीहरूसँगै चोरी कार्यमा संलग्न भएको हो । म सडक बालक भई बाबाआमाले छाडी गएकाले खाने खर्च नभई खानसमेतको लागि चोरी गरेको हो । मलाई प्रहरीले बाटोमा नभई घरमा पक्रेका हुन् । मैले मभन्दा ठूला दाईहरूले लगाएअह्राएबमोजिम चोरी गरेको हुँ । कानूनबमोजिम भएमा मेरो मञ्जुर छ भन्नेसमेत

व्यहोराको प्रतिवादीको नाम परिवर्तित कास्की घ ले अदालतमा आई गरेको बकपत्र ।

यस अदालतका आदेशबमोजिम बालमनोवैज्ञानिक र समाजसेवीबाट पेश भएको प्रारम्भिक प्रतिवेदन मिसिल सामेल रहेको ।

यस अदालतको आदेशबमोजिम प्रतिवादी कास्की घ मुद्दा पुर्पक्षको निम्ति बाल सुधार गृह, सराङकोट कास्कीमा रहेका ।

यस अदालतको आदेशबमोजिम बाल सुधार गृह, सराङकोट कास्कीबाट सामाजिक अध्ययन प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेछ ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री खेमराज पाठक र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री बिनाद रेग्मीले गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् ? र निजलाई सजाय हुनु पर्ने हो वा होइन, सो विषयमा निर्णय दिनु परेको छ ।

निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीले अधिकारप्राप्त तथा अदालतमा समेत बयान कागज गर्दा बाबुआमाले छाडी गएकोले सडक बालक हुँदा खाने खर्च नभई खानसमेतको लागि मसमेत अरु ५ जना भई दोकानको प्लाइउडको खालबाट पनि चोरी गरेको हो । वरामदी मुचुल्कामा उल्लेखित नगद रुपैयाँ भा.रु. तथा ने.रु. कार्वन मोवाइलसमेत र अन्य चोरी गर्न प्रयोग हुने सामग्रीहरू वरामत भएको ठीक साँचो हो भनी आरोपित कसूरमा साबित रही बयान गरेका र जाहेरवाला विष्णुहरी न्यौपानेले यस अदालतमा सनाखत बयान गर्दा यी प्रतिवादी कास्की घ ले पछाडिपट्टिको ढोका फोडी भित्र पसी टेवलको चाँबी लगाएको घर्राभित्र रहेको नगद रु. ४०,८००/- र कार्वन मोवाइल २ थान चोरी गरी लगेका हुन् भनी जाहेरी दरखास्तलाई समर्थन गरी सनाखत बयान गरी दिएका र वरामदी मुचुल्काबाट निजले बोकेको झोलाबाट चोरी गर्न प्रयोग भएका फलामको हेम्बरहथौडासमेतका सामान तथा नगदसमेत वरामत भएको देखिँदा यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर गरेको देखिन आयो ।

अतः जाहेरी दरखास्त वरामदी मुचुल्का, प्रतिवादीको अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, जाहेरवालाको बकपत्र एवं सनाखत बयानसमेतका अधार प्रमाणबाट यी प्रतिवादीले आरोपित

कसूर गरेको पुष्टि हुन आयो । यसर्थ चोरीको १ र ३ नं. बमोजिमको कसूर अपराध गरेको ऐ. को १२ तथा १४(१) नं. अनुसार सजाय हुनेमा अभियोगपत्रमा प्रतिवादीको उमेर १४ वर्ष उल्लेख भएको र यस अदालतको आदेशअनुसार यी प्रतिवादीको उमेर परीक्षण हुँदा १३-१४ वर्ष बीचको भन्ने उल्लेख भई आएको देखिँदा यी प्रतिवादी १४ वर्षभन्दा कम उमेरका नाबालक रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार यी प्रतिवादीलाई तजविजि रुपमा दिन १५ कैद सजाय हुने ठहर्छ । यी प्रतिवादीलाई हुने सजाय यी प्रतिवादीले बाल सुधार गृहमा रही बसी भुत्तानी गरिसकेको देखिँदा निजको अभिभावकले जिम्मा लिन आएमा जिम्मा लगाई पठाई दिनु भनी सम्बन्धित बाल सुधार गृहमा लेखी पठाइ दिनु । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

प्रतिवादी कास्की घ के माथि इन्साफ खण्डमा लेखिएबमोजिम मुलुकी ऐन, चोरीको १ र ३ नं. बमोजिमको कसूर अपराध गरेकोमा ऐ. को १२ नं. तथा १४(१) नं. अनुसार सजाय हुनेमा निज नाबालक रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार यी प्रतिवादीलाई तजविजि रुपमा दिन १५ कैद सजाय हुने ठहरेकोले निजलाई लागेको कैद बाल सुधार गृहमा बसी भुत्तान गरी सकेको देखिँदा निजलाई अभिभावकले जिम्मा लगाई पठाई दिन भनी बाल सुधार गृह, सराङकोट, कास्कीमा लेखी पठाई दिनु १

प्रतिवादी कास्की घ लाई यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गर्नु २

प्रास्तुत मुद्दाको फैसलाको प्रतिलिपि साथै राखी मुद्दा किनारा भएको जानकारी जिल्ला सरकारी वकील कार्यालय, कास्कीमा लेखी पठाई दिनु ३

नक्कल माग गर्ने सरोकारवालालाई नियमअनुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन अदालत, पोखरामा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ५

फैसला टिपोट गरी टाइप गराउने डिठ्ठा कमलप्रसाद पौडेल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कार्तिक महिना २५ गते रोज ३ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बन्द इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७१-CR-०११३

निर्णय नं: १४१

मुद्दा: ज्यान मार्ने उद्योग ।

वादीको नाम, थर, वतन
मानबहादुरको छोरा जिल्ला सुनसरी, दुहवी भलुवा न.पा., वार्ड नं. ५ बस्ने सागर सुवेदीको जाहेरीले नेपाल सरकार १

ऐ.ऐ. को प्रमाण
साक्षी: ×
कागज: ×

प्रतिवादीको नाम, थर, वतन
कालीबहादुरको छोरा जिल्ला सुनसरी, दुहवी भलुवा न.पा., वार्ड नं. ५ बस्ने परिवर्तित नाम B कुमार १

बिजय कुमारको छोरा जिल्ला सुनसरी, दुहवी भुलवा न.पा., वार्ड नं. ५ बस्ने परिवर्तित नाम C कुमार १

ऐ.ऐ. को प्रमाण
साक्षी: ×
कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र रही दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम गर्ने निर्देशिका, २०६४ बमोजिम प्रतिवादीहरूको नाम परिवर्तन गरी क्रमशः 'B' कुमार र 'C' कुमार उल्लेख गरी गोपनीयता कायम गरीएको छ साथै प्रस्तुत मुद्दाको निरन्तर सुनवाई बन्द इजलासबाट गरिएको छ ।

मेरो भाइ वर्ष २१ को संगित सुबेदीको कानको विरामी भएको र औषधी उपचार गर्दा पनि भाइको कानमा सुधार नभएकोले राम्ररी कान सुन्दैन थिए । प्रतिवादीहरू B कुमार र C कुमार मेरै गाउँका मानिसहरू भएकोले मेरो भाइलाई त कान नसुन्ने बैरो भनी जिस्काउने, हेप्ने गर्दै आएको थिए । निजहरूले मेरो भाइलाई बैरो भन्दा यसो नभन्नु भनी सम्झाउँदा मेरो भाइसँग सामान्य विवाद भई रिसइबी राखेका रहेछन् । मिति २०७१/६/१४ गते बेलुकी २०:३० बजेको समयमा हाल घाइते भएका मेरो भाइ संगित सुबेदी मेरो मामा अर्जुन भट्टराईलाई घरमा बोलाई ल्याउन भनी घरबाट मामाको घरतर्फ गएका थिए । घरदेखि पर वारदात स्थल हुँदै मामाको घरतर्फ जाँदै गरेको अवस्थामा निज प्रतिवादीहरूले मेरो भाइलाई मार्ने नियत मनसाय राखी योजनाबद्ध तवरबाट बाटो गौडा ढुकी छुरी, चक्कु बोकी बसिरहेका रहेछन् । मेरो भाइलाई देख्नासाथ निज प्रतिवादीहरूले मार्न भनी धारिलो हतियार छुरीले मेरो भाइको मुटुमा समेत लाग्ने गरी शरीरको विभिन्न भागमा छुरी प्रहार गरी घटनास्थलमा नै छाडी भागेका रहेछन् । भाइ भुईमा लडिसकेपछि केही वेरमा होश खुलेपछि घरमा आएपश्चात् मैले थाहा पाएपछि हेर्दा भाइको मुटुमा छुरी नलागी दाहिने हातको नाडीमा र ढाडमा छुरी लागी गम्भीर चोट लागी घाइते अवस्थामा रहेकोले मैले भाइलाई उपचारको लागि नोबेल अस्पताल, विराटनगरमा लगी भाइको उपचार गराई रहेको छु । मेरो भाइलाई मार्ने नियत मनसायले गर्दा छुरी प्रहार गरेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी भाइको उपचार गर्दा लागेको औषधी उपचारसमेत दिलाई भराई निजहरूलाई ज्यान मार्ने उद्योग मुद्दामा कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको सागर सुबेदीको जाहेरी दरखास्त ।

जि. सुनसरी, दुहवी भुलुवा ५ स्थित पूर्वमा धानखेत, पश्चिममा उपशाखा कच्ची सडक, उत्तर दक्षिण मालहट्टीबाट भुटानी चोकतर्फ जाने आउने सडक बाटोको पश्चिमतर्फको सिमाना उपशाखा सडकको सुरबाट दक्षिणतर्फ रहेको बाँसको झ्याङ्ग अगाडि सडक बाटो । ऐ. बस्ने B कुमारसमेतले संगित सुबेदीलाई मार्ने नियतले धारीलो हतियार चक्कु छुरी प्रहार गरी सख्त घाइते बनाएको भन्नेसमेत व्यहोराको घटनास्थल चारकिल्ला विवरण ।

जि. सुनसरी, दुहवी भलुवा न.पा., वार्ड नं. ५ स्थित पूर्वमा मालहट्टीबाट भुटानी चोकतर्फ जाने कच्ची सडक, पश्चिममा खाली खेत, उत्तर दक्षिण कोशी राजमार्ग । यति चारकिल्लाभित्र रहेको सडकको उपशाखा सोबाट १०० मिटर पश्चिम सडकको बायाँ भागमा रहेको सार्वजनिक कल । सो कलदेखि ४ मिटर पश्चिम सडकको बायाँ भागमा रहेको झाडी, सो झाडी पन्छाई तलासी लिँदा मिति २०७१/६/१४ गते बेलुकी २०:३० बजेको समयमा B कुमारसमेतले संगित सुबेदीलाई छुरी प्रहार गरी घाइते बनाउन प्रयोग गरेको भनिएको लम्बाई १० ईन्च भएको काठ र फलामले बनेको छुरी थान १ वरामद भएको भन्नेसमेत व्यहोराको वरामदी मुचुल्का ।

हाल पक्राउ परी आएका प्रतिवादीहरू B कुमार र C कुमार मेरो घर छिमेकका मानिसहरू हुन् । म विगत ७/८ वर्ष अगाडिदेखि कान सुन्दिन । मेरो अगाडिबाट कसैले बोल्यो भने ओठको इसारालेबुझ्छु । मिति २०७१/६/१४ गते करीब १६:०० बजेको समयमा म प्रतिवादी B कुमार र C कुमार भई दुहवी बजारमा

नाम थाहा नभएको पसलमा तुङ्गवा खायौं । तुङ्गवा खाएको सबै पैसा मैले दिएँ र हामी ३ जना करिव १८:०० बजेको समयमा आफ्नो घरतर्फ लाग्यौं । बाटोमा जाने क्रममा प्रतिवादीमध्येका C कुमारले मलाई हेपेर ठुलो स्वरमा मलाई अपशब्द प्रयोग गरेकोले मैले भाइ सम्झेर C कुमारलाई मुखमा एक झापड हिर्काएँ । मेरो कुटाईले गर्दा C कुमारले ओठमा घाउँ भई रगत बगेपछि म घरतर्फ आएँ । B कुमार र C कुमार भने बाटैमा नै बसे । मेरा गाउँका भाइहरू हुनु, सम्झाएर ल्याउनु पऱ्यो भनी फेरी निजहरू रहे बसेको ठाउँमा गई घरतर्फ आउँदै गर्दा हामी अब घर जान्छौं भनी C कुमारले भनेपछि निजहरू घर जालान् भनी म आफ्नो घरतर्फ लागे । घरमा गई खाना खाई करिव २०:३० बजेको समयमा मेरो घरदेखि केही पर रहेको मामाको घरतर्फ गएँ । बाटोमा जाने क्रममा निज प्रतिवादीहरूलाई देखिन, वारदात स्थलमा पुग्दा एक्कासी C कुमार र B कुमारले मलाई पिछा गर्दै आई विवाद गरे र मलाई छुरी हान्यो, मैले छल्दा मेरो दाहिने हातको पाखुरामा चोट लाग्यो । मैले प्रतिकार गर्न खोजे तर सकिन मलाई सोही छुरीले C कुमारले ढाडमा हान्यो, त्यसपश्चात् निजहरू दुवै जना भागे । मैले पनि निजहरूलाई कुटपिट गर्न भनी खेदाउँदै केही परसम्म गए तर भेटाउन सकिन । म घरदेखि नजिक बाटोमा पुगी कराएपछि मेरा दाजु जाहेरवालाले थाहा पाई आई मलाई विराटनगरको नोवेल अस्पतालमा लगी उपचार गराउनु भयो । मेरो दाहिने पाखुरा र ढाडमा चोट लागेको छ । अवस्था सामान्य छ । म हिडडुल गर्न र हातसमेत चलाउन सक्छु । मेरो औषधी उपचारमा ४० हजार जति खर्च भएको छ । सो जाहेरवालाले व्यहोरेका छन् । प्रतिवादीहरू र म मा वादविवाद भएको भएपछि छुरी हानेका हुन् । यस घटना अघि निजहरूसँग मेरो कुनै रिसइवीसमेत थिएन भन्नेसमेत व्यहोराको घाइते संगित सुबेदीको घटना विवरण कागज ।

जाहेरवाला सागर सुबेदी र घाइते संगित सुबेदी मेरो गाउँ घरका मानिसहरू हुन् । घटना भएको मिति २०७१/६/१४ गतेका दिन १६:३० बजेको समयमा हाल मसँग पक्राउ परी आएका प्रतिवादी B कुमारले, घाइते संगित सुबेदी र मसमेत ३ जना भई दुहवी बजारको एउटा होटलमा गई तुङ्गवा खायौं । तुङ्गवा खाएको पैसा सबै घाइतेले नै तिरे । त्यसपश्चात् घरतर्फ लाग्यौं । घरतर्फ आउने क्रममा मैले घाइतेलाई तँ भनी बोलाएको थिएँ, मैले तँ भनेकोले मलाई हेप्छस् भनी घाइतेले मलाई मुक्काले मुखमा प्रहार गरे भने B कुमारलाई पनि धकेली लडाएँ । त्यसपश्चात् एक्लै घरतर्फ लागें । म र B कुमार पनि केहि वेरसम्म बाटोमा बसेको बेलामा फेरी घाइते हामी भएको ठाउँमा आए र हामीलाई सम्झाएपछि घरतर्फ लागे । मलाई र B कुमारलाई सधै हेप्ने, म जेठो मलाई आदर गर्नु पर्छ भन्ने गरेको र कुटपिटसमेत गर्ने गरेकोले माछा मार्दा खोलामा भेटेको, छुरी म र B कुमारले जङ्गलमा राखेका थियौं । उक्त छुरी ल्याई घरतर्फ आउँदै गर्दा फेरी घाइतेले हामीलाई कुट्न आएको जस्तो लागेपछि निजसँग विवाद गरी विवाद हुँदा र B कुमारले छुरी हान्न खोजे । त्यसबेला घाइतेले छल्दा हातको पाखुरामा लाग्यो । त्यसपश्चात् मैले छुरी लिए र घाइतेको अत्याचार सहन नसकी रिस आवेशमा आई छुरी हान्दा ढाडमा लागेपछि हामीलाई फेरी कुट्न थालेपछि हामी भाग्यौं । हामीले मार्ने नियत मनसायले छुरी प्रहार गरेको हैनौं । विवाद हुँदा रिस आवेशमा आई छुरी प्रहार गरेका हौं । घाइतेको अवस्था सामान्य रहेको र उपचारपश्चात् डिस्चार्ज भइसकेको भन्नेसमेत सुनेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी C कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

जाहेरवाला सागर सुबेदी र घाइते संगित सुबेदी मेरो एउटै गाउँका मानिसहरू हुन् । हाल घाइते भएका संगित सुबेदी बहिरो भए पनि अगाडिबाट बोलेको सबै कुरा राम्ररी सुन्छन् । हामी सधै सँगै हिडडुल गर्छौं । मिति २०७१/६/१४ गतेका दिन १६:३० बजेको समयमा हाल मसँगै पक्राउ परी आएका प्रतिवादी C कुमारले, घाइते संगित सुबेदी र म दुहवी बजारमा गई तुङ्गवा खायौं । हामीले तुङ्गवा खाएको सबै पैसा घाइते संगित सुबेदीले नै तिरे र घरतर्फ आयौं । बाटोमा आउने क्रममा आउने क्रममा मेरो साथी C कुमारले तँ भनी घाइतेलाई भनेपछि मलाई तैले तँ भनी हेप्ने बोल्ने भनी C कुमार र मसँग झगडा गरे । C कुमारलाई मुखमा मुक्काले कुटे, मलाई धकेली लडाई दिए । त्यसपश्चात् घरतर्फ लागे र हामी पनि विस्तारै घरतर्फ लाग्यौं । त्यसको केही समयपछि फेरी संगित सुबेदी हामी भएको ठाउँमा आए र हामीलाई फकाउन थाले । अब घर जाने भनेपछि फेरी घर गए । म र C कुमारले माछा मार्दा फेला परी घरदेखि पर जङ्गलमा राखेको छुरी ल्याई घरतर्फ आउँदा फेरी संगित हामी सँगै विवाद गर्न आएपछि हामीले पनि रिस आवेशमा आई पहिला मैले छुरीले निजको दाहिने हातमा विस्तारो हानी दिएँ भने मेरो साथी C कुमारले पनि सो छुरीले ढाडमा हाने । त्यसपछि हामी दुवै जनालाई कुटपिट गर्न भनी संगितले लखेटेपछि हामी छुरी केही पर फाली भाग्यौं । हामी विरुद्धमा जाहेरी परेपछि प्रहरीले पक्राउ गरेको हो । हामीले ज्यान मार्ने नियतले छुरी प्रहार गरेको हैन भन्नेसमेत व्यहोराको प्रतिवादी B कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

घाइते संगित सुबेदीलाई कोशी अस्पताल, विराटनगरमा घाउँजाँच गराउँदा निज घाइतेको दाहिने हातको पाखुरा र ढाडमा चोट लागेको भन्नेसमेत व्यहोराको घाउँजाँच रिपोर्ट ।

मेरा भाइ घाइते संगित सुबेदीको विराटनगरको नोबेल अस्पतालमा औषधी उपचार गर्दा जम्मा रु. ४३,६५३/- खर्च भएको छ । उक्त रकमको बिल भरपाई पेश गरेको छु । उपचार खर्चसमेत प्रतिवादीहरूसँग दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको जाहेरवाला सागर सुवेदीको निवेदनपत्र ।

मिति २०७१/०६/१४ गते बेलुकी करिव २०:३० बजेको समयमा म आफ्नै घरमा थिएँ । हाल पक्राउ परी आएका प्रतिवादीहरू C कुमार र B कुमार तथा घाइते संगित सुबेदी मेरो गाउँका मानिसहरू हुन् । घाइते तथा प्रतिवादीहरू सँगै हिड्ने, डुल्ने गर्थे भने निजहरूको एक आपसमा कुनै वादविवाद रिसइवीसमेत केही थिएन । घटना भएको मिति २०७१/६/१४ गते बेलुकी प्रतिवादी C कुमार र B कुमार र घाइते संगित सुबेदी सँगै गई बजारमा मादक पदार्थ तुङ्गवा सेवन गरी ३ जना सँगै घरतर्फ आएका रहेछन् । बाटोमा आउने क्रममा घटनास्थलमा आई पुग्दा एक आपसमा विवाद झगडा गरेका रहेछन् । विवाद र झगडा गर्ने क्रममा घाइते संगित सुबेदीले प्रतिवादीहरू B कुमार र C कुमारलाई सामान्य लछारपछार गरेका रहेछन् । त्यसपश्चात् प्रतिवादीहरू पनि रिस आवेशमा आई छुरीले हान्दा घाइतेको दाहिने हात र ढाडमा चोट लागेको रहेछ । निज घाइते तथा प्रतिवादीहरू बीच कुनै विवाद तथा झगडा थिएन । छुरी प्रहार गरी ज्यान मार्ने नियत मनसायसमेत भए जस्तो लाग्दैन । एक आपसमा विवाद झगडा हुँदा छुरी चलाएका

रहेछन् । घाइतेको दायाँ हातको पाखुरा र ढाडमा छुरी लागेको रहेछ । अवस्था सामान्य छ । उपचार गर्दा लागेको खर्च जाहेरवाला आफैले व्यहोरेका भन्ने सुने र निज प्रतिवादीहरूउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहाराको शिवराज संदेलसमेतले एकै मिलान हुने गरी गरेको वस्तुस्थिति मुचुल्का ।

मिति २०७१/६/१४ गते साँझ २०:३० बजेको समयमा जि. सुनसरी, दुहबी भलुवा न.पा., ५ स्थित घटनास्थल सडक बाटोमा प्रतिवादीहरू परिवर्तित नाम B कुमार र C कुमारले जाहेरवालाको भाइ संगित सुबेदीलाई ज्यान मार्ने मनसायले धारिलो हतियार छुरी ढाड तथा पाखुरामा प्रहार गरी सख्त घाइते बनाएको र निज पीडितको सुविधा सम्पन्न अस्पतालमा उपचार गराएको कारण ज्यान बच्न गएको तथा प्रमाणित भएको हुँदा प्रतिवादी B कुमार र C कुमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. अनुसारको कसूर अपराधमा ऐ. ऐन, ऐ. महलको १५ नं. बमोजिम सजाय गरी पाउन तथा प्रतिवादीहरूको उमेर १५ वर्षको देखिँदा निज प्रतिवादीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुनसमेत मागदाबी लिई दायर भएको अभियोगपत्र ।

संगित सुबेदी र हामी बीच सामान्य वादविवाद हुँदा हामीलाई बाबुआमाको नाम लिई गाली गरी धकलेर लडाई दिएकाले हामीले पनि निजलाई ठेलेर लडाएकोमा भूईमा बाँसको चोकेमा परी हात र ढाडमा चोट लागेको, हामीभन्दा ठुलो दाई भएकोले मार्छन् होला भनी डरले हामी घरतिर गएका हौं । हामीले संगित सुबेदीलाई छुरी हानी ज्यान मार्ने उद्योग गरेको होइन । अभियोग दाबीबाट सफाई पाऊँ भन्ने व्यहोराको प्रतिवादी C कुमारले अदालतमा गरेको बयान ।

संगित सुबेदीसँग हाम्रो वादविवाद हुँदा बाटैमा ठेलाठेल भई हामीलाई ठेलेर लडाई दिएकोले हामीले पनि ठेलेर लाई दिदा घोँचोमा लाग्न गई सामान्य चोट परेको हो, मरणासन्न हुने गरी छुरीले हानेको होइन, अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान मैले भनेर लेखेको होइन, सहि गर भनेकाले सहिसम्म गरी दिएको हो भन्ने व्यहोराको प्रतिवादी B कुमारले अदालतमा गरेको बयान ।

मिति २०७१/७/३ का आदेशानुसार माग भएको धरौटी जनही रु. ५,०००/- नगदै राखी प्रतिवादीहरू B कुमार र C कुमार तारेखमा रहेको र सोही मितिमा वादी प्रतिवादीका साक्षी बुझ्ने आदेश भएको ।

झगडाको क्रममा संगित सुवेदीको दाहिने हातमा र ढाडमा चोट लागेको हो । पीडित संगित सुबेदीको लागेको चोट ठीक भई हाल राम्रो अवस्थामा छ भन्ने व्यहोराको जाहेरवाला सागर सुबेदीले गरेको बकपत्र ।

पीडित र प्रतिवादी दुवै पक्ष मिलेर मःमः खाई घरतर्फ जाने क्रममा बाटोमा पीडित र प्रतिवादीहरूको बाटोमा भनाभन हुँदा तानातान गरी तिनैजना लडेको सो लडेकोमध्ये संगित सुबेदीको हातमा बाँसको छेसकाले घोँचेको हो, प्रतिवादीहरूले छुराले प्रहार गरेको होइन भन्ने प्रतिवादी B कुमारका साक्षी अर्जुन आचार्यले गरेको बकपत्र ।

पीडित, जाहेरवाला र प्रतिवादीहरू मःमः खाई बाटोमा आउँदा आफुआफुमा विवाद भई विवादमा संगित सुबेदी बाटोमा लड्दा निजको हात, पाखुरामा बाँसको छेस्कोले चोट लागेको हो । सो ठाउँमा कसैले छुरी बोकेको थिएन । सो ठाउँमा छुरी पछि कसरी कसले ल्याए, सो मलाई थाहा भएन । प्रतिवादीहरूलाई लगाएको कसूर झुठ्ठा हो भन्ने प्रतिवादी B कुमारका साक्षी दिपक ढकालले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री राजकुमार कोइराला तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामबहादुर निरौला क्षेत्रीले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा यी प्रतिवादीहरू B कुमार र C कुमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. अनुसारको कसूर अपराधमा ऐ. ऐन, ऐ. महलको १५ नं. बमोजिम सजाय गरी पाउन तथा प्रतिवादीहरूको उमेर १५ वर्षको देखिँदा निज प्रतिवादीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुनसमेत मागदाबी लिई दायर भएको अभियोगपत्र दायर भएको देखिन्छ ।

प्रतिवादी परिवर्तित नाम C कुमारले अदालतसमक्ष पीडितले बाबुआमाको नाम लिई अपशब्द प्रयोग गरी वादविवाद हुँदा निजले धकेली दिएपछि आफु र परिवर्तित नाम B कुमारसमेतले धकेली दिँदा लडेको ठाउँमा बाँसको चेकीले लागी घाइते भएपछि डरले घर गयौं, छुरीले हानेको होइन, छुरी हाम्रो होइन, ज्यान मार्ने उद्योग गरेको होइन भन्ने तथा अर्का प्रतिवादी परिवर्तित नाम B कुमारले पनि सोही व्यहोराको बयान गरेको देखिन्छ । पीडित संगित सुबेदी अभियोजन पक्षका साक्षीका रुपमा अदालत आएको जिल्ला सरकारी वकिल कार्यालयको पत्रबाट देखिए पनि निजको बकपत्र नभएको देखिन्छ । जाहेरवाला सागर सुबेदीले जाहेरीको समर्थन गर्दै पीडित भाइको झगडाका क्रममा हात र ढाडमा चोट लागेको हो, झगडाका क्रममा आफु नहुँदा केले चोट लाग्यो म भन्न सक्दिन, प्रतिवादीहरू पीडितका साक्षी भएकोले साथसाथै हिड्ने, रिसइवी, झगडा थिएन, पीडितको लागेको चोट निको भई हाल राम्रो अवस्थामा छ, उपचारको लागि प्रतिवादीबाट नगदसमेत प्राप्त भई प्रतिवादीसँग सम्बन्ध पनि राम्रो रहेको व्यहोराको बकपत्र गरेको पाइन्छ । प्रतिवादी B कुमारका साक्षी अर्जुन आचार्य तथा प्रतिवादी C कुमारका साक्षी दिपक ढकालले दुवै पक्ष मःमः खाएर आउँदा विवाद भई लडेका संगित सुबेदी घाइते भएका, कसैसँग छुरी थिएन भन्नेसमेत व्यहोराको बकपत्र गरेको पाइन्छ ।

मुद्दाको तथ्यबाट साथै रहेका साथी जस्ता व्यक्तिहरू बीच तत्काल वादविवाद हुँदा झगडा ठेलमठेल हुँदा घटना घटेको भन्ने देखिन्छ । प्रतिवादीहरूसँग साथ के हतियार थियो भन्ने घटनाका पीडित, प्रत्यक्षदर्शी रहेका संगित सुबेदी बकपत्र नगरी बसेको देखिन्छ । पीडितको घाउँजाँच रिपोर्टसमेतबाट ज्यान मार्ने

सम्मको चोट लागेको भन्ने नदेखिई विवाद, झगडापश्चात् पीडित लडेपछि यी प्रतिवादीहरू स्वयं भागी घर गएको भन्ने देखिँदा तेश्रो पक्षको उपस्थितिबाट ज्यान मर्न नपाएको रहेछ भन्ने पनि देखिन आएन । जाहेरवालाको बकपत्रबाट पनि पीडितलाई लागेको चोट निको भई राम्रो अवस्थामा रहेको भन्ने हुँदा अभियोग दाबीअनुसार ज्यान मार्ने उद्योगको कसूर कायम हुन सक्ने भएन । तसर्थ प्रतिवादीहरूले ज्यानसम्बन्धीको १५ नं. अनुसारको कसूर गरेको ठहर्दैन ।

प्रतिवादीहरूसँगको झगडाको कारणबाट पीडितलाई चोट लागेको भन्ने देखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवालालाई झिकाई सकार गरेमा कुटपिटतर्फ पक्ष कायम गरी पक्ष कायम हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएअनुसार प्रतिवादीहरूले ज्यान मार्ने उद्योग कसूर गरेको नठहरी कुटपिटतर्फ कारवाही हुने गरी फैसला भएकाले पुनरावेदनको अवस्था नाघेपछि सरोकारवाला पीडितलाई झिकाई निजले कुटपिटतर्फ कारवाही गर्न मञ्जुर गरे कुटपिटतर्फ साधारण फौजदारी मुद्दा दर्ता गरी कारवाही गर्नु १

उपरोक्त इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिनु २

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार नक्कल दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

सम्वत् २०७१ साल कार्तिक २६ गते रोज ४ शुभम् .....।

मोरङ जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री शेखरप्रसाद पौडेल

फैसला

२०७१ सालको स.फौ.नं.: ००१८०

२०७१-CR-००१६

नि.नं: १८६

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
सांकेतिक नाम पथरी (न) को जाहेरीले सरकार ...१	जिल्ला मोरङ, शनिश्चरे गा.वि.स., वडा नं. १ स्थित रहेको भुटानी शरणार्थी शिविर सेक्टर डि ४ छाप्रा नं. ६१ मा बस्ने वर्ष १४ को साङ्केतिक नाम पथरी (द) १
प्रमाण	प्रमाण
साक्षी: ×	साक्षी: ×
कागज: ×	कागज: ×

अदालतबाट बुझेको

साक्षी: ×

कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा निम्नानुसार देखिन्छः

मिति २०७१/३/२८ गते अं. १७:४० बजेको समयमा जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा., वडा नं. ८ स्थित भुटानी शरणार्थी शिविर सेक्टर डि ४, छाप्रा नं. ६१ मा साङ्केतिक नाम पथरी (ध) रुँदै कराउदै गरेको आवाज खेमराज बराइलीले सुनी के भएको रहेछ भनी उक्त घर छाप्राभित्र पसी हेर्दा साङ्केतिक नाम

पथरी (द) ले बालिका साङ्केतिक नाम पथरी (ध) लाई खाँटमाथि लडाई नाङ्गो पारी जवरजस्ती करणी गर्दै गरेको अवस्थामा रङ्गेहात फेला पारेपछि तत्काल निज खेमराज बराइलीले हल्लाखल्ला गर्दा हामी उक्त स्थानमा आइपुग्दा निज प्रतिवादी साङ्केतिक नाम पथरी (द) ले अर्धनग्न अवस्थामै भागी के कता लुकी वेपत्ता भएको र मैले निज बालिका साङ्केतिक नाम (ध) लाई सोधपुछ गर्दा निज प्रतिवादी साङ्केतिक नाम पथरी (द) ले आँप दिन्छु भनी जवरजस्ती हात समाती उक्त घर कोठाभित्र लगी मलाई खाँटमाथि लडाई मुख थुनी चख्न बोल्नसमेत नदिई जवरजस्ती तलको कपडा खोली निज साङ्केतिक नाम पथरी (द) लेसमेत तलको कपडा खोली मलाई उत्तानो पारी ममाथि चढी मेरो गुप्ताङ्गमा निज साङ्केतिक नाम पथरी (द) ले जवरजस्ती लिङ्ग भित्रबाहिर गर्दा मलाई अति नै पीडा भएकोले सो पीडा सहन नसकी म जोरजोरले कराउँदासमेत निज साङ्केतिक नाम पथरी (द) ले मलाई नछाडी जवरजस्ती करणी गर्दै गरेको अवस्थामा खेमराज बराइलीले फेला पारी मलाई उद्धार गर्नु भएको हो भनी निज बालिकाले मलाई बताएकी हुन् । तसर्थ निज बालिकालाई जवरजस्ती करणी गर्ने निज जख्मी जुल्मी विपक्षी साङ्केतिक नाम पथरी (द) लाई पक्राउ गरी कानूनबमोजिम हदैसम्मको कडा कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला मोरङ, पथरी शनिश्चरे गा.वि.स., वडा नं. ८ स्थित भुटानी शरणार्थी शिविर सेक्टर डि ४ स्थित पूर्वमा पूर्णबहादुर गुरुङको घर छाप्रा, पश्चिममा रोशन रेग्मीको घर छाप्रा, उत्तरमा पथरी शनिश्चरे कच्ची बाटो, दक्षिणमा न्यु होराइजन एकेडेमी । यति चारकिल्लाभित्र साङ्केतिक नाम पथरी (द) को बाँसकोले बनेको घरको दक्षिण पूर्वतर्फ कुनामा बाँसका भाटाहरूले बनेको खाँटमा ओछ्याएको तन्ना मडारिएको, सो बेडमा मिति २०७१/३/२८ गते अं. १७:४० बजेको समयमा वर्ष अं. १४ की साङ्केतिक नाम पथरी (द) ले साङ्केतिक नाम वर्ष ९ की बालिका पथरी (ध) लाई जवरजस्ती करणी गरेको भनी देखाई लेखाई दिएको घटनास्थल मुचुल्का ।

मिति २०७१/३/२८ गते अं. १७:४० बजेको समयतिर म आफ्नै छाप्रामा बसिरहेको बेला मेरी पीडित नातिनी साङ्केतिक नाम पथरी (ध) कराएको चिच्याएको आवाज सुनी भुटानी शरणार्थी शिविर सेक्टर डि ४ छाप्रा नं. ६१ अपराध गर्ने मानिस साङ्केतिक नाम पथरी (द) को घरमा पुग्दा मेरी नातिनी भित्र कोठामा रुँदै कराउदै गरेको सुनी टाटीको प्वालबाट चियाएर भित्र हेर्दा मेरी पीडित नातिनी पथरी (ध) लाई अपराध गर्ने गर्ने व्यक्ति साङ्केतिक नाम पथरी (द) ले जवरजस्ती साथ खाँटमा लडाई जवरजस्ती करणी गरेको मेरो आखाँले प्रत्यक्ष देखी सो घरको ढोका ठेली भित्र पस्दा अपराधी पथरी (द) अर्धनग्न अवस्थामा मलाई छक्याई भागेको हुँदा निज अपराधीलाई हदैसम्मको कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको खेमराज बराइलीले गरिदिएको घटना विवरण कागज ।

साथीहरूसँग कामकाज गर्दा मोवाइल फोनमा केटाले केटीलाई करणी गरेको भिडियो देखेकोले गर्दा मलाई पनि केटीलाई करणी गर्न मन लागेकोले मिति २०७१/३/२८ गते साङ्केतिक नाम पथरी (ध) लाई आँप दिन्छु भनी फकाएर मेरो घर छाप्रामा ल्याई अं. १७:४० बजेको समयमा खाँटमाथि उत्तानो पारी सुताई

निजको योनीमा लिङ्ग छिराई जवरजस्ती करणी गरिरहेको अवस्थामा निज पीडित रोई कराएको र काका नाता पर्ने खेमराज बराइली आई पुग्नु भएपछि म तत्काल त्यहाँबाट भागी गएकोमा पछि प्रहरीले पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी साङ्केतिक नाम पथरी (द) ले गरिदिएको बयान कागज ।

मिति २०७१/३/२८ गतेका दिन म साथीहरूसँग खेली आफ्नो घरतर्फ आउदै गरेको अवस्थामा मेरो छिमेकी साङ्केतिक नाम पथरी (द) ले बाटोमा भेटी आँप दिन्छु, मेरो घरमा आँप छ भनी भनेकाले निजसँग निजको घर सेक्टर डि ४ छाप्रा नं. ६१ मा अं. १७:४० बजेको समयमा पुग्दा निजले ढोका बन्द गरी बाँसको भाटाले बनेको खाँटमाथि सुताई मेरो कपडा खोली गुप्ताङ्ग कोट्याई निजले आफ्नो लिङ्ग मेरो योनीमा छिराउँदा मलाई अति नै पीडा भई दुख्न थालेकोले म रुँन कराउन लाग्दा निज पथरी (द) ले मुख थुनी मलाई च्यापी जवरजस्ती करणी गर्दा दुखाईको कारणले गर्दा म छटपटाएर निकै नै बल प्रयोग गरी उठ्न खोज्दा पनि निजले मलाई नछाडेकोले मेरो मुख खुल्ला भएपछि अनि म जोरले चिच्याउन थालेपछि हजुरबुबा नाताको खेमराज बराइली उक्त घर छाप्राभित्र आउनु भएपछि अनि मात्र निज पथरी (द) ले मलाई छाडेका थिए भन्नेसमेत व्यहोराको साङ्केतिक नाम पथरी (ध) ले गरिदिएको घटना विवरण कागज ।

मिति २०७१/३/२८ गते अं. १७:४० बजेको समयमा जिल्ला मोरङ, पथरी शनिश्चरे गा.वि.स., वडा नं. ८ स्थित भुटानी शरणार्थी शिविर सेक्टर डि ४ छाप्रा नं. ६१ मा साङ्केतिक नाम पथरी (द) ले साङ्केतिक नाम पथरी (ध) लाई आँप दिन्छु भनी ललाईफकाई उक्त घर छाप्राभित्र लगी निज प्रतिवादीले बालिका साङ्केतिक नाम पथरी (ध) लाई जवरजस्ती करणी गर्दै गरेको अवस्थामा खेमराज बराइलीले रङ्गेहात फेला पारेकोमा बालिकालाई हामीले सोधपुछ गर्दा पथरी (द) ले जवरजस्ती करणी गरेको कुरा बताएकी हुन् तसर्थ निज प्रतिवादीउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको डिल्लीराम विश्वाससमेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

साङ्केतिक नाम पथरी (ध) को कन्याजाली च्यातिएको भन्नेसमेत व्यहोराको कोशी अञ्चल अस्पताल, मोरङ, विराटनगरको शारीरिक परिक्षण प्रतिवेदन ।

प्रतिवादी साङ्केतिक नाम पथरी (द) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. को कसूर अपराधमा ऐ. महलको ३(१) नं. बमोजिम सजाय गरी निज प्रतिवादीको उमेर १४ वर्षको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

मेरो घर परिवारसँग पीडित भनिएकीको हजुर आमासँग पहिलेदेखि झगडा परेको र निजहरूले हामीलाई फसाउने भन्थे । मैले नगरेको दोष मलाई लगाई फसाएको मात्र हो । मैले साङ्केतिक नाम पथरी (ध) लाई

आँप दिन्छु भनी घरभित्र लगी जवरजस्ती करणी गरेको छैन, जाहेरी झुठ्ठा हो । प्रहरीमा भएको बयान मैले भनी लेखाएको होइन । म निर्दोष छु सफाई पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादीले अदालतमा गरेको बयान ।

पीडित पथरी (ध) हरिमाया गुरुङको बकपत्र मिसिल रहेको ।

अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम शाप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता निर्मला योञ्जया, जाहेरवालाको तर्फबाट उपस्थित हुनु भएको विद्वान अधिवक्ता श्री माया अधिकारी र बालबिज्याँईकर्ताको तर्फबाट अधिवक्ता श्री हेमराज पन्तले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा बालबिज्याँईकर्ता अभियोग दाबीबमोजिमको कसूर गरेको हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न प्रमाणको आधारमा उपरोक्त प्रश्नतर्फ विचार गर्दा, बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको कसूर अपराधमा ऐ. महलको ३(१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादीको उमेर १४ वर्ष देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउन मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । वादी पक्षबाट अभियोग दाबी प्रमाणित हुने प्रमाणको रुपमा जाहेरवालाको जाहेरी, पीडितले अनुसन्धानको सिलसिलामा गरेको कागज, प्रतिवादीले अनुसन्धानको सिलसिलामा गरेको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई लिएको देखिन्छ । जाहेरवालीका जाहेरी हेर्दा मेरो ९ वर्ष को भान्जी साङ्केतिक नाम पथरी (ध) लाई बालबिज्याँईकर्ता साङ्केतिक नाम (द) ले नाङ्गो पारी जवरजस्ती गर्दै गरेका अवस्थामा खेमराज बराइलीले देखी हल्ला गर्दा निज अर्धनग्न अवस्थामा भागेको पीडित आफुलाई बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (ध) नाङ्गो पारी आँप दिन्छु भनी मलाई कपडा खोली जवरजस्ती करणी गर्दा मलाई पीडा भएकोले जोडले कराउँदा खेमराज बराइलीले फेला पारी मलाई उद्धार गर्नु भएको हो भनी निज बालिकाले बताएको हुँदा बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) लाई पक्राउ गरी कारवाही गरिपाऊँ भन्ने व्यहोराको जाहेरी परेको देखिन्छ । बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) ले अनुसन्धानमा बयान गर्दा पीडितलाई आँप दिन्छु भनी फकाई आफ्नो घर छाप्रामा ल्याई पीडितको कम्मरदेखि मुनिको कपडा खोली आफ्नो कम्मरमुनिको कपडा तल सारी पीडितलाई आफुमाथि चढी करणी गर्दा केटीले चिच्याउन लाग्दा काका नाता पर्ने खेमराज बराइली आइपुगेकाले तत्काल म त्यहाँबाट भागी गएको हो भनी बयान गरेको देखिन्छ । पीडितले आफुले बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) ले अदालतमा बयान गर्दा आफुले पीडितलाई आफ्नो घरमा लगी आँप दिन्छु भनी फकाई जवरजस्ती करणी गरेको छैन भनी बयान गरेको देखिन्छ । पीडितले आफुलाई बिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) ले घरमा बोलाई

आँप दिन्छु भनी फकाई छाडा कुरा गर्‌यो भनी बकपत्र गरी दिएको देखिन्छ । पीडितले अनुसन्धानमा कागज गर्दा आफुलाई बिज्याँईकर्ता तथा साङ्केतिक नाम पथरी (द) ले आँप दिन्छु भनी फकाई घर लगी जवरजस्ती करणी गरेको भनी उल्लेख गरी कागज गरी दिएको र अदालतमा पनि अनुसन्धानमा भएको व्यहोरा उल्लेख गरी बकपत्र गरेको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको कन्याजाली च्यातिएको छ भन्ने उल्लेख भई आएबाट पीडितको भनाई पुष्टि भइरहेको देखिएबाट पीडितलाई बिज्याईकर्ता परिवर्तित नाम पथरी (द) ले पीडितलाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. को कसूर गरेको देखिँदा बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको ३(१) बमोजिम १० वर्षदेखि १५ वर्षसम्म कैद हुनेमा प्रतिवादीको उमेर १४ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने व्यवस्था भएबमोजिम प्रस्तुत मुद्दाका बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) लाई ५ वर्ष कैद हुने ठहर्छ । पीडितलाई क्षतिपूर्ति भराउनेतर्फ विचार गर्दा बालबिज्याँईकर्ता १४ उमेर रहेको, निज भुटानी शरणार्थी शिविरमा बसोवास गर्ने व्यक्ति भएको देखिँदा पीडितलाई क्षतिपूर्ति दिन सक्ने आर्थिक हैसियत भएको व्यक्ति नदेखिँदा पीडितलाई नेपाल सरकारले रु. १५,०००/- (पध्र हजार) क्षतिपूर्ति भराई दिनु पर्ने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

बालबिज्याँईकर्ता साङ्केतिक नाम पथरी (द) के माथि ठहर खण्डमा लेखिएबमोजिम ५ वर्ष कैद हुने ठहरेकाले निज २०७१/३/२८ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतका मिति२०७१/४/१७ का आदेशानुसार बाल सुधार गृह, विराटनगरमा रहेका देखिँदा हिरासतमा रहेकै मितिबाट कैद कट्टा हुने गरी कैद म्याद ठेकी पठाउनु १

पीडित साङ्केतिक नाम पथरी (ध) के क्षतिपूर्तिबापत रु. १५,०००/- पुनरावेदनको अवस्था नाघेपछि ऐनका म्यादभित्र नेपाल सरकारबाट भराई पाऊँ भनी दरखास्त दिए क्षतिपूर्ति रकम निकासाका लागि कानून मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा लेखी पठाउनु २

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न जानु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु र फैसलाको प्रतिलिपिसहितको ७० दिने पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय, मोरङलाई दिनु ३

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानूनको रीत पुर्‌याई नक्कल सारी वा सराई दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख संरक्षण फाँटमा बुझाई दिनु ५

यो फैसला टिपोट गर्ने फा.ना.सु. श्याम ओझा ।
कम्प्युटर सेटिङ गर्ने रश्मी श्रेष्ठ ।
फाँटः फौजदारी ख ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल कार्तिक २६ गते रोज ४ शुभम् .....।

सप्तरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद अधिकारी

फैसला

सम्वत् २०६९ सालको ०६९-CR-०१७१

निर्णय नं: १३१

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन

परिवर्तित नाम, थर, वतन, जिल्ला १५ नर्घौ गा.वि.स., वडा २ बस्ने महादेवको श्रीमती वर्ष ३६ की पार्वतीको जाहेरीले नेपाल सरकार १

प्रमाण

साक्षी: ×

कागज: ×

प्रतिवादीको नाम, थर, वतन

जिल्ला सप्तरी, नर्घौ गा.वि.स., वडा नं. ४ बस्ने महिनारायण यादवको छोरा वर्ष १६ को दिलिपकुमार यादव १

ऐ. बनैनिया गा.वि.स., वडा नं. ६ बस्ने दिगम्बर यादवको छोरा वर्ष १८को सञ्जयकुमार याादव...१

प्रमाण

साक्षी: ×

कागज: ×

अदालतबाट बुझेको

साक्षी: ×

कागज: ×

मुलुकी ऐन, अ.ब. २९ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्तमा तथ्य यस प्रकार रहेको छः

जिल्ला सप्तरी, नर्घौ गा.वि.स., वडा नं. ४ स्थित दिलिपकुमार यादवको एकासगोलको गोठघरमा मिति २०७०/२/१ गतेको बिहानको राती १:३० बजेको समयमा पीडित वर्ष १५ की सगरमाथा ५ लाई सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेतले लडाई कपडा खोली पूर्व टाउँको पश्चिम खुट्टा पारी पालैपालो जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

मिति २०७०/२/१ गतेको बिहानको राती परिर्तित नाम, थर, वतन जिल्ला १५, नर्घौ गा.वि.स., वडा २ बस्ने पार्वतीकी छोरी वर्ष १५ की सगरमाथा ५ लाई अन्यायी दिलिपकुमार यादव, सञ्जयकुमार यादवसमेतले सुतेको ठाउँबाट मुख थुनी उठाई लगी दिलिपकुमार यादवको गोठघरमा पुर्‌याई पालैपालो जवरजस्ती करणी गरेको भन्ने यस कार्यालयमा जानकारी प्राप्त हुँनासाथ निजहरूलाई पक्राउ गर्न मेरो कमान्डमा प्रहरी टोली घटनास्थलमा पुग्दा स्थानीय मानिसहरूले निज अन्यायीहरूलाई नियन्त्रण्मा लिइराखेको अवस्थामा निज अन्यायी दिलिपकुमार यादव, सञ्जयकुमार यादवलाई पक्राउ गरी यसै प्रतिवेदन साथ कानूनबमोजिम कारवाहीको दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्र.ना.नि. विश्वनाथ राय यादवको प्रतिवेदन ।

म दरखास्तवालीको श्रीमान महादेव उपचारको लागि भारतको कुनौलीतर्फ गएको म मेरो माइती घर जिल्ला सप्तरी, रुपनगर ५ मा मेरो बहिनीको विवाहमा निम्तो मान्न गएको थिएँ । घरमा छोरी सगरमाथा ५ तथा कान्छी छोरी किरण मात्र बसेकी थिई । मिति २०७०/२/१ गतेको बिहानको राती १:३० बजेको समयमा दुबै दिदी बहिनी आफ्नो गोठघरमा सुतेकी, म लगायतका घर परिवारका मानिसहरू घरमा नभएको मौका छोपी विपक्षीहरू सञ्जयकुमार यादव, दिलिपकुमार यादव मेरो गोठघरमा आई सगरमाथा ५ लाई मुख थुनी गोठघरबाट उठाई दिलिपकुमार यादवको गोठघरमा ल्याई पालैपालो जवरजस्ती करणी गरेको कुरा टेलिफोनबाट मेरो छरछिमेकका मानिसहरूले मलाई जानकारी गराउँदा म तत्कालै घरमा आई पीडित छोरी सगरमाथा ५ लाई अपराध वारदातको बारेमा सोधपुछ गर्दा छोरी २०७०/१/३१ गतेका राती खाना खाई गोठमा सुतिरहेको अवस्थामा विरुद्ध खण्डमा उल्लेखित अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेत मिली आई मलाई उठाई समाती बोल्न कराउनसमेत नदिई दिलिपकुमार यादवको गोठघरमा लगी राखी गोठघरमा नै मलाई मेरो इच्छा विपरीत विपक्षी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेतले मेरो शरीरको सम्पूर्ण लुगाहरू फुकाली विपक्षीहरूले आफ्नो कपडासमेत खोली पहिला दिलिपकुमार यादवले मेरो हात समाती सञ्जयकुमार यादवले जवरजस्ती आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराई पछि सञ्जयकुमार यादवले हात समाती दिलिपकुमार यादवले आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराई मलाई पालैपालो जवरजस्ती करणी गरेको भनी बताएको हुँदा अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम पार्वतीले पेश गरेको जाहेरी दरखास्त ।

मेरो बुबा उपचारको लागि भारतको कुनौलीतर्फ गएको, आमा पार्वती आफ्नो माइती रुपनगरतर्फ जानु भएको थियो । घरमा म तथा मेरो बहिनी किरण मात्र घरमा बसिरहेका थियौं । अन्यायी दिलिपकुमार यादव, सञ्जयकुमार यादवले मनमा बदनियत राखेको कुरा सोच्न सकेकी थिइन । मिति २०७०/२/१ गतेको बिहानको राती २ दिदी बहिनी मात्र सुतेको मेरो घरमा परिवारको मानिसहरू कोही नभएको मौका छोपी विपक्षी सञ्जयकुमार यादव, दिलिपकुमार यादव मेरो गोठघरमा आई म निद्रामा सुतिरहेको बेलामा नै मेरो मुख थुनी जवरजस्ती गोठघरबाट उठाई विपक्षी दिलिपकुमार यादवको गोठघरमा लगी खाँटमा सुताई

मेरो इच्छा विपरीत विपक्षी सञ्जयकुमार यादव, दिलिपकुमार यादवले मेरो सम्पूर्ण लुगा खोली फुकाली विपक्षीहरूले आफ्नो कपडासमेत खोली पहिले दिलिपकुमार यादवले मेरो हात समाती सञ्जयकुमार यादवले जवरजस्ती आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराई सकेपछि सञ्जयकुमार यादवले मेरो हात समाती दिलिपकुमार यादवले जवरजस्ती आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराई दिलिपकुमार यादव, सञ्जयकुमार यादवले पालैपालो जवरजस्ती करणी गरेकोमा मेरो योनी दुखेको पोलेकाले मैले हल्ला गर्दा स्थानीय मानिसहरू आई अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई पक्राउ गरेको हुँदा निज अन्यायीहरूलाई कानूनबमोजिम कारवाही गरी मैले पाउनु पर्ने क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम सगरमाथा ५ ले गरेको घटना विवरण कागज ।

म उपचारको लागि भारतको कुनौलीतर्फ गएको मेरो श्रीमती माइती घर जिल्ला सप्तरी, रुपनगर ५ मा श्रीमतीको बहिनीको विवाहमा निम्तो मान्न गएको थिए । घरमा छोरी सगरमाथा ५ तथा कान्छी छोरी किरणमात्र बसेकी थिई । मिति २०७०/२/१ गतेको बिहानको राती १:३० बजेको समयमा दुवै दिदी बहिनी आफ्नो गोठघरमा सुतेकी, म लगायतका घर परिवारका मानिसहरू घरमा नभएको मौका छोपी विपक्षीहरू सञ्जयकुमार यादव, दिलिपकुमार यादव मेरो गोठघरमा आई सगरमाथा ५ लाई मुख थुनी गोठबाट उठाई दिलिपकुमार यादवको गोठघरमा ल्याई पालैपालो जवरजस्ती करणी गरेको कुरा टेलिफोनबाट मेरो घर परिवारको मानिसहरूले मलाई जानकारी गराउँदा म तत्कालै घरमा आई पीडित छोरी सगरमाथा ५ लाई अपराध वारदातको बारेमा सोधपुछ गर्दा छोरी मिति २०७०/१/३१ गतेका राती खाना खाई गोठमा सुतिरहेको अवस्थामा विरुद्ध खण्डमा उल्लेखित अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेत मिली आई मलाई उठाई समाती बोल्न कराउनसमेत नदिई दिलिपकुमार यादवको गोठघरमा लगी राखी गोठघरमा नै मलाई मेरो इच्छा विपरीत विपक्षी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेतले मेरो शरीरको सम्पूर्ण लुगाहरू फुकाली विपक्षीहरूले आफ्नो कपडासमेत खोली पहिला दिलिपकुमार यादवले मेरो हात समाती सञ्जयकुमार यादवले जवरजस्ती आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराएपछि सञ्जयकुमार यादवले हात समाती दिलिपकुमार यादवले आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई वीर्य स्खलन गराई मलाई पालैपालो जवरजस्ती करणी गरेको भनी बताएको हुँदा अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम महादेवले गरेको बयान कागज ।

मिति २०७०/२/१ गतेका दिन बिहान जवरजस्ती करणी मुद्दाको अनुसन्धानको सिलसिलामा यस कार्यालयमा उपस्थित भएकी पीडित सगरमाथा ५ लाई अपराध वारदातको बारेमा सोधपुछ गर्दा पीडित सगरमाथा ५ ले मिति २०७०/१/३१ गतेका राती खाना खाई म र बहिनी गोठघरमा सुतेका थियौं । सो राती घरमा अरु कोही नभएको मौका छोपी अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादव मिली आई मलाई समाती बोल्न कराउनसमेत नदिई मुख थुनी जवरजस्ती उठाई आफ्नो गोठघरमा लगी राखी आफ्नो गोठघरमा नै मलाई मेरो इच्छा विपरीत सञ्जयकुमार यादव, दिलिपकुमार यादवले मेरो शरीरको

सम्पूर्ण लुगाहरू खोली फुकाली विपक्षीहरूले आफ्नो कपडा खोली पहिले दिलिपकुमार यादवले मेरो हात समाती सञ्जयकुमार यादवले आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई जवरजस्ती करणी गरी वीर्य स्खलन गराएपछि सञ्जयकुमार यादवले हात समातेको र दिलिपकुमार यादवले आफ्नो लिङ्ग मेरो योनीभित्र छिराई जवरजस्ती करणी गरी वीर्य स्खलन गराई पालैपालो जवरजस्ती करणी गरेको भनी बताएको हुँदा निज अन्यायीहरू सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको महिला प्र.ज. सरस्वती चौधरीले गरेको कागज ।

यी मेरो सामुन्ने उभिएका १० जनामध्ये मिति २०७०/२/१ गतेका राती १:३० बजेको समयमा मलाई पालैपालो जवरजस्ती करणी गर्ने यी सञ्जयकुमार यादव, दिलिपकुमार यादव नै हो भनी यी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई देखी चिनी सनाखतसमेत गरी दिएको हो भन्नेसमेत व्यहोराको पीडित सगरमाथा ५ ले गरेको सनाखत कागज ।

मिति २०७०/२/१ गतेका दिन नर्घौं ४ बस्ने सालो नाता पर्ने दिलिपकुमार यादवको घरमा पाहुँना आएकोमा राती खाना खाई दिलिपकुमार यादवसँग सुतेकोमा सुत्ने बेलामा दिलिपकुमार यादवले छिमेकी परिवर्तित नाम सगरमाथा ५ एक्लै गोठमा सुतिरहेको छ । निजको आमाबुबा बाहिर गएको छ, दुवै जना मिलेर जाउँ, सगरमाथा ५ लाई उठाएर ल्याउँ, हामी दुवै जना पालैपालो जवरजस्ती करणी गरौं भनी म दिलिपकुमार यादवको कुरामा सहमत भई हामी दुवै जना मिली, सगरमाथा ५ को गोठघरमा गई हेर्दा सगरमाथा ५ लाई सुतिरहेको देखी जवरजस्ती उठाई दिलिपकुमार यादवको गोठघरमा ल्याई पहिले मैले र पछि दिलिपकुमार यादवले पालैपालो जवरजस्ती करणी गरेकोमा स्थानीय मानिसहरू आई दिलिपकुमार यादव र मलाई पक्राउ गरी प्रहरीमा जिम्मा बुझाएको हो भन्नेसमेतको व्यहोराको प्रतिवादी सञ्जयकुमार यादवले गरेको बयान कागज ।

मिति २०७०/२/१ गतेका दिन मेरो घरमा भिनाजु नाता पर्ने सञ्जयकुमार यादव पाहुँना आएकोमा राती खाना खाई सञ्जयकुमार यादव मसँगै एउटै खाँटमा सुतिरहेको अवस्थामा मैले सञ्जयकुमार यादवलाई छिमेकी सगरमाथा ५ एक्लै घरमा सुतिरहेको छ, हामी दुवै जना जाउँ, सगरमाथा ५ लाई उठाएर ल्याऔं अनि दुवै जनाले पालैपालो जवरजस्ती करणी गर्नु पर्छ भनी भन्दा मेरो कुरामा सञ्जयकुमार यादव सहमत भई म र सञ्जयकुमार यादव मिली सगरमाथा ५ को गोठघरमा गई हेर्दा सगरमाथा ५ लाई सुतिरहेको देखी जवरजस्ती उठाई मेरो गोठघरमा ल्याई पहिले सञ्जयकुमार यादवपछि मैले पालैपालो जवरजस्ती करणी गरेकोमा स्थानीय मानिसहरू आई मसमेतलाई पक्राउ गरी प्रहरीमा जिम्मा बुझाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिलिपकुमार यादवले गरेको बयान कागज ।

मिति २०७०/२/१ गते राती म आफ्नो घरमा सुतिरहेको अवस्थामा घटनास्थलमा पीडित सगरमाथा ५ चिच्याएको अवस्थामा म मेरो श्रीमान मौवालाल उठी घटनास्थलमा पुग्दा विपक्षी सञ्जयकुमार यादवले

पीडित सगरमाथा ५ को हात समातेको र विपक्षी दिलिपकुमार यादव सगरमाथा ५ को जिउ शरीरमा चढी जवरजस्ती करणी गरिरहेको देखी मैले हल्ला गरी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई म मेरो श्रीमान लगायतका स्थानीय मानिसहरूले पक्राउ गरी प्रहरीलाई जिम्मा लगाएको सो अवस्था पीडित सगरमाथा ५ लाई अपराध वारदातको बारेमा सोधपुछ गर्दा पीडित सगरमाथा ५ ले मिति २०७०/२/१ गतेका दिन बिहानको राती १:३० बजेको समयमा अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेत मिली आई मलाई बोल्न कराउनसमेत नदिई उठाई दिलिपकुमार यादवको गोठघरमा लगी गोठघरमा नै मलाई इच्छा मेरो इच्छा विपरीत सम्पूर्ण लुगाहरू खोली अन्यायीहरूले आफ्नो लुगासमेत खोली फुकाली पालैपालो पहिले सञ्जयकुमार यादवले पछि दिलिपकुमार यादवले मलाई जवरजस्ती करणी गरेको हुँदा अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको कमलादेबी मन्डलले गरेको कागज ।

पीडित सगरमाथा ५ लाई जवरजस्ती करणी भएको छ छैन यकीनसाथ भन्न नसकिने, पीडकहरू सञ्जयकुमार यादव, दिलिपकुमार यादवले गरेको वा नगरेको यकीनसाथ भन्न नसकिने भन्नेसमेत व्यहोराको परीक्षण प्रतिवेदन ।

मिति २०७०/२/१ गतेका राती म आफ्नो सुतिरहेको अवस्थामा घटनास्थलमा हल्ला भएको सुनी घटनास्थलमा पुग्दा स्थानीय मानिसहरूले अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई स्थानीय मानिसहरूले पक्राउ गरी राखेको अवस्थामा प्रहरी टोली आई निजहरूलाई पक्राउ गरेको सो अवस्थामा प्रहरी टोलीसमेतको सामुन्नेमा पीडित सगरमाथा ५ लाई अपराध वारदातको बारेमा सोधपुछ गर्दा पीडित सगरमाथा ५ ले मिति २०७०/२/१ गते विहानको राती १:३० बजेको समयमा अन्यायी सञ्जयकुमार यादव, दिलिपकुमार यादवसमेत मिली आई मलाई बोल्न कराउनसमेत नदिई उठाई दिलिपकुमार यादवको गोठघरमा लगी गोठघरमा नै मलाई मेरो इच्छा विपरीत सम्पूर्ण लुगाहरू खोली अन्यायीहरूले आफ्नो लुगासमेत खोली फुकाली पालैपालो पहिले सञ्जयकुमार यादवपछि दिलिपकुमार यादवले मलाई जवर जस्ती करणी गरेको भनी ताएको हुँदा विपक्षी सञ्जयकुमार यादव, दिलिपकुमार यादवलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

यसमा अनुसन्धानको सिलसिलमा सङ्कलित घटनास्थल मुचुल्का, जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, पीडितले गरेको सनाखत कागज तथा मौकामा बुझिएका मानिसहरूले गरेको घटना विवरण कागज, पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्कासमेतका प्रमाण कागजातहरूबाट मिति २०७०/२/१ गते राती १:३० बजेको समयमा प्रतिवादीहरू सञ्जयकुमार यादव, दिलिपकुमार यादवले परिवर्तित नाम सगरमाथा ५ लाई सामुहिक करणी गरेको पुष्टि हुन आएको देखिँदा मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. को कसूरमा प्रतिवादीहरूलाई सोही महलको ३ नं. को देहाय ३ अनुसार सजाय हुन र ऐ. महलकै ३(क) नं. बमोजिम थप सजाय हुन मागदाबी लिई पेश भएको अभियोगपत्र ।

पीडित सगरमाथा ५ लाई म चिन्दिन । मैले जवरजस्ती करणी गरेको छैन । सो वारदातबारे मलाई केही थाहा छैन । म निर्दोष हुँदा सजाय पाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सञ्जयकुमार यादवले यस अदालतमा गरेको बयान ।

वारदात मिति समयमा म सञ्जय यादवसँग आफ्नै गुहालीमा सुतिरहेको थिए । मैले जवरजस्ती करणी गरेको होइन । मैले केही अपराध नगरेकाले कलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी दिलिपकुमार यादवले यस अदालतमा गरेको बयान ।

यस अदालतका मिति २०७०/२/३१ का आदेशानुसार प्रतिवादी दिलिपकुमार यादवलाई अ.ब. ४७ नं. बमोजिम साधारण तारेखमा राखिएको र प्रतिवादी सञ्जयकुमार यादवलाई बाल सुधार गृह, पोखरामा संरक्षणमा राख्न पठाएकोमा प्रतिवादी सञ्जयकुमार यादव मिति २०७०/६/२८ गते बाल सुधार गृहबाट भागेको भनी पत्र प्राप्त भएको ।

प्रतिवादी दिलिपकुमार यादवको हकमा पु.वे.अ., राजविराजको मिति २०७०/६/१० को आदेशानुसार रु. ४५००/- धरौट माग्ने आदेश भएकोमा मिति २०७०/७/७ मा नगद धरौट जम्मा गरी पुर्पक्षका निमित्त तारेखमा रहेको ।

आदेशानुसार पीडितसहित वादी पक्षका साक्षीको बकपत्र भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी छिटो छरितो सुनुवाइको क्रममा पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री बालकिशोर यादव र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री नबिनसिंहले गर्नु भएको बहससमेत सुनियो ।

प्रतिवादी दिलिपकुमार यादवसमेतले जवरजस्ती करणीको १ र ३(३) नं विपरीत कसूर गरेकाले सोही नं. बमोजिम सजाय गरी थप सजाय र क्षतिपूर्तिसमेत दिलाई पाऊँ भन्ने अभियोग दाबी भई प्रतिवादीहरू कसूरमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित भई यस अदालतका इन्कार रहेको प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो, होइन ? सोही कुराको निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णयतर्फ विचार गर्दा यसमा मेरी छोरी परिवर्तित नाम सगरमाथा ५ लाई प्रतिवादी दिलिपकुमार यादव, सञ्जयकुमार यादवले पालैपालो जवरजस्ती करणी गरेकाले सजाय गरिपाऊँ भन्ने जाहेरी दरखास्त, प्रतिवादीहरूले जवरजस्ती पत्नी दिलिपको घरमा लगी पालैपालो जवरजस्ती करणी गरेकाले सजाय गरिपाऊँ भन्ने पीडित सगरमाथा ५ को कागज व्यहोरा रहेछ । पीडितको स्वस्थ्य परीक्षण गर्दा Redness

swelling भन्नेसमेत उल्लेख भएको पाइन्छ भने जवरजस्ती करणी भए नभएको यकीन साथ भन्न नसकिने भन्ने उल्लेख भएको पाइन्छ ।

प्रतिवादीहरू यस अदालतमा बयान गर्दा इन्कार रहेको र पीडित र जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा प्रतिवादीमध्येका सञ्जयकुमार यादवलाई सफाई दिएका छन् भने प्रतिवादी दिलिपकुमार यादवलाई कसूर गरेका हुन् भन्ने किटानी साथ बकपत्र गरेको देखिन्छ । फलतः सो आधारमा प्रतिवादी दिलिपकुमार यादव कसूरदार हुन् भन्न सकिने अवस्था देखियो ।

प्रतिवादी दिलिपकुमार यादवले यस अदालतमा बयान गर्दा वर्ष १२ को भनी उल्लेख गरेका छन् भने जन्मदर्ता प्रमाणपत्र २०५८/३/२१ को जन्म भन्ने देखिन्छ । साथै श्री जनता शंकर उच्च माध्यमिक विद्यालय, राजगढ नर्घौ सप्तरीको जन्ममिति प्रमाणित गरिएको पत्रमा २०५८/३/२१ लाई नै जन्ममिति भनी उल्लेख गरेको पाइन्छ । साथै सो उमेरलाई मान्यता दिई पुनरावेदन अदालत, राजविराजबाट २०७०/६/१० मा बालबालिकासम्न्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम हुने भनी रु. ४५००/- धरौटी माग गरेको देखिन्छ । तसर्थ २०५८/३/२१ नै प्रतिवादी दिलिपकुमार यादवको जन्ममिति हो भन्ने मान्नु पर्ने हुन आयो ।

साथै बालमनोविज्ञ र समाजसेवी अधिवक्ता श्री केशवदास र अधिवक्ता श्री हरिप्रसाद यादवले प्रतिवादी दिलिपकुमार यादवलाई ६ महिना कैद र प्रतिवादी सञ्जयकुमार यादवलाई ५ वर्ष कैद होस् भन्ने राय प्रस्तुत गर्नु भएको देखिन्छ ।

अतः प्रतिवादी दिलिपकुमार यादवले कसूर गरेको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) नं. बमोजिम दिन २५(पच्चिस) कैद सजाय हुने ठहर्छ । प्रतिवादी सञ्जयकुमार यादवले कसूर गरेको नदेखिँदा अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी सञ्जयकुमार यादवले अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले केही सजाय गर्न परेन १

प्रतिवादी दिलिपकुमार यादवले हुने ठहरेको कैद दिन २५ (पच्चिस) मा निज मिति २०७०/२/१ देखि प्रहरी हिरासतमा रही मिति २०७०/२/३१ को आदेशले तारेखमा रहेको देखिँदा निजलाई लागेको म्यादी कैद प्रहरी हिरासतमा रहेकै अवधिबाट कट्टा भइसकेकाले निजले मिति २०७०/७/७ मा र.नं. १०८ बाट राखेको नगद धरौट रु. ४५००/- फिर्ता पाऊँ भनी अन्तिम फैसला भएपछि म्यादभित्र माग गरी निवेदन दिए रीत पुर्‌याई फिर्ता दिनु २

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, सप्तरीलाई दिनु र प्रतिवादी दिलिपकुमार यादवलाई पुनरावेदनको म्याद दिनु ३

सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाउँ भनी माग गरे नियमानुसार गरी दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ५

यो पाना नं. ८ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने सन्तोष दास । (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर ७ गते रोज १ शुभम् .....।

पाल्पा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री दयानाथ खरेल

फैसला

सम्वत् २०७१ सालको CR-००१२

नि.नं.: ६२

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम अ कुमारीको जाहेरीले नेपाल सरकार १	पाल्पा जिल्ला, रामपुर नगरपालिका, वडा नं. १५ बस्ने वर्ष १२ को परिवर्तित नाम त कुमार १

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

मुद्दाको संक्षिप्त तथ्यः
सम्मानित सर्वोच्च अदालतद्धारा जारी विशेष प्रकृतिका मुद्दाहरूमा पक्षहरूको नाम गोप्य राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ अनुसार जाहेरवाली, पीडितसमेतको नाम परिवर्तन गरी अनुसन्धान कार्य सुरु गरिएको भन्नेसमेत व्यहोराको मिति २०७१/५/७ गतेको खामबन्दी पत्र।

मिति २०७१/५/५ गते बेलुका १७:३० बजेको समयमा मेरो नाबालक छोरी वर्ष ६ की परिवर्तित नाम मंसिरकुमारीलाई गाउँ कै परिवर्तित नाम त कुमारले बेलौती दिई बारीमा लगी जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम कडाभन्दा कडा कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम अ कुमारीको जाहेरी दरखास्त।

मिति २०७१/५/५ गते बेलुका म साथीको घरबाट बेलौती लिई मेरो घरतर्फ आउने क्रममा मलाई मेरै गाउँ कै परिवर्तित नाम त कुमारले तिमीलाई बेलौती खान दिन्छु भनी बेलौती खान जाउँ भनी मलाई बाटोबाट बारीको कुनामा लगी लगाएको कपडा निज त कुमारले खोली नाङ्गै भई मेरो पनि कपडा निजले नै खोली दिई मलाई बारीको कुनामा सुताई आफ्नो पिसाब गर्ने कुरी मेरो पिसाब गर्ने स्थानमा राखेका हुन् । मैले दुख्यो भनी कराउँदा मेरो मामा आई मामा परिवर्तित नाम र बहादुरले देखेपछि त कुमार भागे । मलाई मेरो घरमा ल्याउनु भएको हो, घरमा आई उक्त कुरा मेरो आमालाई भनेकी हुँ भन्नेसमेत व्यहोराको मिति २०७१/५/७ गतेको पीडित मंसिरकुमारीले आमा अ कुमारीको रोहवरमा खुलाई लेखाई दिएको कागज ।

पाल्पा जिल्ला, रामपुर नगरपालिका, वडा नं. १५ सिकुवाडाँडा राना गाउँमा परिवर्तित नाम अ कुमारीको बुबाको बारीमा मकैका बोटहरू तथा झिलङ्गी (सिल्टीम) का बोटहरू रहेको सो बारीको कुनामा मिति २०७१/५/५ गते परिवर्तित नाम मंसिरकुमारीलाई ऐ.ऐ. बस्ने परिवर्तित नाम त कुमारले जवरजस्ती करणी गरेको भन्नेसमेतको व्यहोराको मिति २०७१/५/८ को घटनास्थल मुचुल्का ।

मिति २०७१/५/५ गते साँझ म मेरा बारीमा घाँस काट्न गएको थिएँ । घरदेखि नजिक घाँस काट्न जाँदा परिवर्तित नाम मंसिरकुमारी भेट भएपछि निजलाई तल बारीमा गर्न जाउँ भन्दा निजले मलाई बेलौती टिप्देउ त बल्ल जान्छु भनेकोले घरको ढिकमा भएको २ वटा बेलौती टिपी निजलाई दिएँ । त्यसपछि हिड जाउँ भनी घरदेखि तल बारीमा लगी मंसिरकुमारीलाई कट्टु खोल भनें । निजले आफुले लगाएको कट्टु खोलिन् । निजको जामा मैले खोली दिएँ । त्यसपछि मैले जाँगे र भेष्ट खोलें । मंसिरकुमारीको जामा बारीमा ओछ्याई मंसिरकुमारीलाई सुताएँ । त्यसपछि मेरो पिसाब फेर्ने कुरी मंसिरकुमारीको पिसाब फेर्ने ठाउँमा राखी धेरै वेर काम गरे । मेरो पिसाब फेर्ने मंसिरकुमारीको पिसाब फेर्ने ठाँउमा भित्र छिरेन । त्यसपछि सेतो पानी जस्तो पदार्थ खसेको हो भन्नेसमेत व्यहोराको मिति २०७१/५/९ गते परिर्तित नाम थ बहादुरको रोहवरमा प्रतिवादी परिवर्तित नाम त कुमारले खुलाई लेखाई दिएका बयान कागज ।

मिति २०७१/५/५ गते म मेरो घरबाट बारीमा घाँस काट्न भनी जाँदा मेरो घरदेखि अन्दाजी १०० मिटर पूर्व बारीको कुनामा मानिस कराएको सुनी को रहेछ भनी उक्त स्थानतर्फ गई हेर्दा गाउँ कै परिवर्तित नाम त कुमार र अर्को १ जना बालिका दुवै नाङ्गै अवस्थामा बालिकामाथि निज त कुमार सुतेको अवस्थामा देखें । म कराई उक्त स्थानतर्फ जाँदा निज त कुमार आफु नजिकै रहेको आफ्नो कपडा लिई भागे । म निज बालिका नजिकै जाँदा मेरो भान्जी परिवर्तित नाम मंसिरकुमारीले रुँदै मलाई निज त कुमारले बेलौती खान दिने भनी ल्याई जवरजस्ती मेरो कपडा खोली आफुले पिसाब गर्ने कुरी मेरो पिसाब गर्ने स्थानमा छिराए भनेपछि मैले मेरो भान्जी मंसिरकुमारीलाई निजको कपडासहित उचाली मेरो दिदी जाहेरवालीको घरमा ल्याई आई उल्लेखित मैले देखेको कुरा दिदीलाई बताएको हुँ भन्नेसमेत व्यहोराको मिति २०७१/५/९ गतेको परिवर्तित नाम र कुमारले खुलाई लेखाई दिएको कागज ।

प्रतिवादी परिवर्तित नाम त कुमार र पीडित परिवर्तित नाम मंसिरकुमारीको पाल्पा जिल्ला अस्पतालबाट भएको स्वास्थ्य परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको ।

निज पीडित परिवर्तित नाम मंसिरकुमारीको जन्ममिति २०६५/८/२६ गते उल्लेख भएको श्री बालसिद्ध प्राथमिक विद्यालय, गेभ्रा स्वामीभञ्ज्याङ्ग, पाल्पाको पत्र र पीडक परिवर्तित नाम त कुमारको जन्ममिति २०५९/१०/२८ गते उल्लेख भएको पाल्पा जिल्ला, गेभ्रा गा.वि.स.को जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि मिसिल संलग्न रहेको ।

मिति २०७१/५/५ गते साँझ अन्दाजी १७:३० बजेको समयमा घरदेखि नजिकै बारीमा परिवर्तित नाम त कुमारले जाहेरवालाकी छारी वर्ष ६ कि परिवर्तित नाम मंसिरकुमारीलाई बेलौती खान दिने निहुँमा ललाईफकाई एकान्त मकै बारीमा लगी जवरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएका हौं । यसरी एकान्त स्थानमा लगी बालिकालाई जवरजस्ती करणी गर्ने निज प्रतिवादीलाई कानूनबमोजिम कडाभन्दा कडा कारवाही हुनु पर्दछ भन्नेसमेत व्यहोराको मिति २०७१/५/२४ गतेको वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाई ।

प्रतिवादी परिवर्तित नाम त कुमारले ५ वर्ष ८ महिना ९ दिनकी नाबालिका परिवर्तित नाम मंसिरकुमारीलाई पाल्पा जिल्ला, रामपुर नगरपालिका, वडा नं. १५ स्थित रानागाउँमा रहेको मकै बारीमा बेलौती दिने निहुँ पारी एकान्त स्थानमा लगी ललाईफकाई जवरजस्ती करणी गरेको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जवरजस्ती करणी महलको दफा १ नं. विपरीतको कसूर हुँदा सो कसूरमा निज प्रतिवादीलाई सोही ऐनको दफा ३ को १ नं. ले दश वर्षभन्दा मुनिकी बालिकाको करणी गरेमा दशदेखि पन्ध्र वर्षसम्म कैदको सजाय हुनेमा निज प्रतिवादीको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कमको देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को (२) अनुसार कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैदको सजाय गरी पाउन मागदाबी लिइएको छ । साथै उक्त कार्यबाट पीडितलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सोही ऐनको दफा १० बमोजिम मनासिब क्षतिपूर्तिसमेत निज प्रतिवादीबाट पीडितलाई दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी छ ।

मिति २०७१/५/५ गते साँझ म बारीमा घाँस काट्न भनी गएको समयमा परिवर्तित नाम पीडित मंसिरकुमारीसँग भेट भएको र निजलाई बेलौती टिपी दिएर बेलौती खान दिएको हुँ । त्यसपछि निज मंसिरकुमारीलाई तलतिर जाउँ भनी केही पर गई निजले लगाएको कट्टु खोल्न लगाई मैले लगाएको जाँगे र भेष्ट खोली मैले पीडित मंसिरकुमारीलाई सुताई मेरो पिसाब फेर्ने अङ्ग निजको पिसाब फेर्न अङ्गमा छिराउने प्रयास गरेको हुँ । तर निजको पिसाब फेर्ने अङ्गमा नछिरेको र मेरो पिसाब फेर्ने अङ्गबाट सेतो पानी जस्तो पदार्थ खसेको हो । मैले पीडित मंसिरकुमारीलाई करणी गरेको अवस्थामा र बहादुर आई म

त्यँहाबाट भागेको हुँ । त्यसपछि पीडित मंसिरकुमारीको आमा र मामाले कुटेका हुन् । त्यसपछि म अर्को दिन मामाको घरमा गई बसेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम थ बहादुरको रोहवरमा परिवर्तित नाम त कुमारको यस अदालतमा गरेको बयान ।

परिवर्तित नाम त कुमारको आमा अर्को विवाह गरी गएको र बुबाले सौतेनी आमा ल्याई आफु विदेशमा काम गर्न गएका देखिन्छन् । निज प्रतिवादी सौतेनी आमाको साथमा बसी घरमा घाँस दाउरा गोठालो गरी समय बिताउने हुँदा उनी एक्लोपन एकान्त प्रेमी स्वभावको व्यवहार देखिन्छ । निजले पढ्न लेख्न नजान्ने र मोवाइलमा अश्लिल चित्रहरू हेर्ने र एक्लै हुँदा मनमा कुरा खेल्ने गरेकाले मंसिरकुमारीलाई बेलौती दिन्छु भनी बारीमा लगी कपडा फुकाई खेलको रुपमा सिक्न खोजेको कुरा व्यक्त गरेका थिए । प्रतिवादीलाई समाजमा मानिसहरूले घटनाको बारेमा वारम्वार सोधपुछ गर्दा निजलाई नकारात्मक असर भई अझ ठूलो घटना घट्ने सम्भावना देखिन्छ त्यसैले निजको सकारात्मक विकासका लागि उमेरअनुसारको शिक्षा हुनु आवश्यक देखिन्छ भन्नेसमेत व्यहोराको बालमनोविज्ञान बलबहादुर थापाको प्रतिवेदन ।

परिवर्तित त कुमारको आमा निज सानैमा पोइल गएको हुँदा निजले आमाबाट पाउनु पर्ने माया ममता पाउन नसकेको हुँदा निजको व्यवहारमा फरक पर्न गएको देखिन्छ । घरको आर्थिक अवस्था कमजोर भएको हुँदा उचित शिक्षा हासिल गर्न सकेको देखिँदैन । कहिलेकाही साथीभाइसँग टिभि हेर्ने र त्यस्तो घटनामा सहयोग पुर्‍याउने घटनाका कुराहरू सुनाउने जस्ता कार्यले निजको मानसिकतामा आपराधिक गतिविधि देखिन्छ । निजलाई परिवारको माया ममता हुनु पर्छ र सुधार गृह वा संरक्षकको रेखदेखमा राख्दा राम्रो हुन्छ भन्नेसमेत व्यहोराका समाजसेवी बाबुराम कार्कीको प्रतिवेदन ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णयार्थ बाल इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट जिल्ला न्यायाधिवक्ता श्री हरि भट्ट प्रतिवादीका तर्फबाट बैतनिक कानून व्यवसायी अधिवक्ता श्री डिल्लीबहादुर कार्की र बाल इजलासका सदस्य बालमनोविज्ञ र समाजसेवी तथा प्रतिवादीका तर्फबाट सेलर्डका कानून व्यवसायी श्री जोगबहादुर बि.क.समेतको छलफल, बहस र प्रतिवेदन अध्ययन गरियो ।

प्रतिवादीले अदालतमा गरेको बयानमासमेत पीडित ६ वर्षिय मंसिरकुमारीलाई करणी गरी आफ्नो लिङ्गबाट सेतो पानी जस्तो पदार्थ खसेको भनी अभियोग दाबीको कसूर स्पष्ट स्वीकार गरेकोले निज नाबालक १२ वर्षिय त कुमारले जवरजस्ती करणीको १ नं. को कसूर गरेको देखियो । सो कसूरमा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार ६ महिना कैद हुने ठहर्छ । सो कैद सजाय कार्यान्वयनको सन्दर्भमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० (२) अनुसार बाल सुधार गृह, साराङकोट, पोखराको बाल सुधार गृहमा बसी व्यतित गर्ने गरी पठाई दिनु ।

अव पीडितको क्षतिपूर्तिसमेतको मागदाबी रहेकोमा प्रतिवादीले सम्पत्तिसम्बन्धी कानूनले दिएको अधिकार प्राप्त नगरेको र पीडितसमेतले संरक्षण पाउने अधिकार प्राप्त गरेको सम्म देखियो । तर नेपाल सरकार विरुद्ध पवनकुमार यादवसमेतको मुद्दामा श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०६७, अङ्क ११ पृ. १८०२, नि.नं. ८४९४) अनुसार जवरजस्ती करणी कसूर ठहर हुँदा स्वतः क्षतिपूर्ति प्राप्त भई सो मिनाह छुट गर्ने अधिकार पीडितसँग मात्र रहने भन्ने भएकाले प्रतिवादीले आर्थिक अधिकार प्राप्त गरेपछि पीडितलाई दिलाई दिने गरी रु. २५,०००/- (पच्चिस हजार रुपैयाँ मात्र) प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई दिने ठहर्छ । सो ठहरेकाले अरु कुरामा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएको छ ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी परिवर्तित नाम त कुमारलाई ६ (छ) महिना कैदको सजाय हुने ठहरेकोले सो कैद कार्यान्वयनको लागि निज प्रतिवादी परिवर्तित नाम त कुमारलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा (२) अनुसार उक्त कैद भुक्तान गर्न बाल सुधार गृह, सराङकोट कास्कीमा पठाई दिनु .१

पीडित परिवर्तित नाम मंसिरकुमारीले प्रतिवादी परिवर्तित नाम त कुमारको उमेर पुगी आर्थिक अधिकार पाउने भएपछि क्षतिपूर्तिबापत रु. २५,०००/- (पच्चिस हजार) भराई पाउने ठहरेकोले मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवादी १६ वर्ष नाघेपछि प्रतिवादीको निजको जेथाबाट पीडितलाई उक्त क्षतिपूर्ति भराई दिनु ...२

यस फैसलामा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गर्नु भनी प्रतिवादी परिवर्तित नाम त कुमारलाई ७० (सत्तरी) दिने पुनरावेदनको म्याद दिनु । साथै प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपिसहित फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, पाल्पालाई दिनु ३

सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नक्कल दिनु ४

प्रस्तुत मुद्दा दायरीको लागत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ५

फैसला कम्प्युटर गर्ने,
टाइपिष्ट यामकुमारी राना ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर ८ गते रोज २ शुभम् .....।

उदयपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री भोजराज शर्मा

२०७१ सालको र.नं. ०७१-CR-००५४

निर्णय नम्बरः ९२

मुद्दाः लागूऔषध ।

वादीको नाम, थर, वतन

इलाका प्रहरी कार्यालय जलजले उदयपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक गंगाराम राईसमेतको प्रतिवेदनले नेपाल सरकार.....१

प्रतिवादीको नाम, थर, वतन

दोदराज ठकुरीको छोरा जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ७ बस्ने वर्ष १४ को नाम परिवर्तित उदयपुर ७ .....१

वादीको

साक्षीः ×

कागजः ×

प्रतिवादीको

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य विवरण यस प्रकार रहेछः

(१) वरामदी मुचुल्काको व्यहोराः

जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ११ जलजलेस्थित पूर्वमा जलजलेको पूल, पश्चिममा गाईघाट कदमाहा सडक, उत्तरमा प्रमोद राईको घर, दक्षिणमा बुधसेन चौधरीको मोटर साइकल ग्यारेज । यति चारकिल्लाभित्र रहेको गाईघाँट कदमाहा सडक खण्डमा निशान ठकुरीलाई फेला पारी प्रहरीलाई शङ्का लागि निजलाई चेक जाँच गर्दा निजको साथबाट DIAZEPAM लेखिएको 2 M.I. शिलबन्दी

शिशि थान १, लेवुल च्यातिएको लागूऔषध शिलबन्दी 2 M.I. शिलबन्दी थान २, DIAZELAB लेखिएको 2 M.I. शिलबन्दी थान १, PHENERGAN शिलबन्दी थान १, सेतो प्लाष्टिकको शिशा जस्तो व्यागभित्र रहेको तरल पदार्थ लागूऔषध भरिएको शिशि बन्दी भएको थान २ प्रहरीले फेला पारी वरामद गरेको भन्ने वरामदी मुचुल्का ।

(२) प्रहरीको प्रतिवेदन व्यहोराः

मिति २०७१/५/७ गते अन्दाजी १७:४५ बजेको समयमा जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ११ जलजले स्थित निसान ठकुरीलाई शङ्कास्पद अवस्थामा देखी निज भाग्न खोज्दा निजलाई शङ्का लागी निजको शरीर तलासी लिदा निजले लगाएको ज्याकेटको बायाँ गोजीभित्र DIAZEPAM लेखिएको 2 M.I. शिलबन्दी सिसि थान १, लेवुल च्यातिएको लागूऔषध शिलबन्दी 2 M.I. शिलबन्दी थान २, DIAZELAB लेखिएको 2 M.I. शिलबन्दी थान १, PHENERGAN शिलबन्दी थान १, सेतो प्लाष्टिकको शिलबन्दी शिशा जस्तो व्यागभित्र रहेको तरल पदार्थ लागूऔषध भरिएको सिसि बन्दी भएको थान २ फेला पारी पक्राउ गरेको भन्ने सहायक निरीक्षक गंगाराम राईसमेतको प्रतिवेदन ।

(३) प्रतिवादी नाम परिवर्तित उदयपुर ७ को बयान व्यहोराः

मिति २०७१/५/७ गते बसमा चढी लाहानतर्फ गई लौकी ठाडी गई भारतको औषधि पसलबाट DIAZEPAM लेखिएको 2 M.I. शिलबन्दी सिसि थान १, लेवल च्यातिएको लागूऔषध शिलबन्दी 2 M.I. शिलबन्दी थान २, DIAZELAB लेखिएको 2 M.I. शिलबन्दी थान १, PHENERGAN शिलबन्दी थान १, सेतो प्लाष्टिकका शिलबन्दी शिशा जस्तो व्यागभित्र रहेको तरल पदार्थ लागूऔषध भरिएको सिसि बन्दी भएको थान २ किनी ल्याई जिल्ला उदयपुर, त्रि.न.पा., वडा नं. ११ जलजलेस्थितमा बसबाट ओर्लि टेम्पु चढी गाईघाट आउने क्रममा प्रहरीले मलाई फेला पारी सोधपुछ गरी मेरो शरीर खान तलासी गर्दा उल्लेखित लागूऔषध प्रहरीले फेला पारी वरामद गरी मलाई पक्राउ गरेका हुन् भन्ने प्रतिवादी निसान ठकुरीको बयान कागज ।

(४) घर खानतलासीको मुचुल्काको व्यहोराः

प्रतिवादी निसान ठकुरी बस्ने गरेको घर कोठामा लागूऔषध मुद्दामा प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको भन्ने घर खान तलासी मुचुल्का ।

(५) वस्तुस्थितिको मुचुल्काको व्यहोराः

उल्लेखित वारदात मिति, समय र स्थानबाट प्रतिवादी निसान ठकुरीको साथबाट वरामदी मुचुल्कामा उल्लेखित लागूऔषध प्रहरीले फेला पारी वरामद गरी निज प्रतिवादीलाई पक्राउ गरेको हो । निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्ने देवकान्त साह, सजिन राई, बद्री ठाकुरसमेतले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

(६) परीक्षण रिपोर्ट व्यहोराः

भौतिक सबुद नं. १ मा डाइजेपाम पाइन्छ भन्नेसमेत व्यहोराको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, महाराजगञ्ज काठमाडौंको परीक्षण रिपोर्ट ।

प्रतिवादी निसान ठकुरीको शरीर खानतलासी लिँदा निजको साथबाट DIAZEPAM लेखिएको 2 M.I. शिलबन्दी सिसि थान १, लेवल च्यातिएको लागूऔषध शिलबन्दी 2 M.I. को शिलबन्दी थान २, DIAZELAB लेखिएको 2 M.I. को शिलबन्दी थान १, PHENERGAN शिलबन्दी थान १, सेतो प्लाष्टिकको झोलामा लागूऔषध भरिएको सिसि बन्दी भएको थान २ समेत लागूऔषध फेला परेको हुँदा प्रतिवादी निशान ठकुरीले गरेको उक्त कार्य लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को ७ ले परिभाषित सोही ऐनको दफा ४ को (घ), (ङ), (च) र (छ) ले निषेधित कसूरजन्य अपराध भएको देखिँदा निज प्रतिवादीलाई उक्त कसूरमा सोही ऐनको दफा १४(१) को (झ) बमोजिम सजाय हुन तथा प्रतिवादी निशान ठकुरीको उमेर जन्मदर्ता प्रमाणपत्रअनुसार १३ वर्ष ८ महिनाको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

जिउ खानतलासी मुचुल्काका उल्लेख भएबमोजिमको लागूऔषध मेरो साथबाट वरामद भएको होइन । मलाई प्रहरीले किन पक्राउ गरेको हो थाहा भएन । मैले अहिलेसम्म लागूऔषध सेवन तथा प्रयोग गर्ने कार्य गरेको छैन । मैले अभियोग मागदाबीबमोजिमको कसूर नगरेको हुँदा मलाई सो अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी उदयपुर ७ ले यस अदालतसमक्ष गरेको बयान ।

आदेशानुसार प्रतिवेदक तथा प्रतिवादीका साक्षीको बकपत्र भई मिसिल सामेल रहेको रहेछ ।

प्रस्तुत मुद्दाका प्रतिवादी नाम परिवर्तित उदयपुर ७ नाबालक भएको हुँदा बालमनोविज्ञ दिपक बस्नेत तथा समाजसेवी निर्मला आचार्यको तर्फबाट इजलाससमक्ष पेश भएको प्रतिवेदनसमेत मिसिल सामेल रहेछ ।

<u>अदालतको ठहर</u>

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा हेर्ने अधिकार क्षेत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.ब. २९ नं. ले यसै अदालतको भएकोले मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान अधिवक्त श्री नारायणप्रसाद दाहाल तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विना पाण्डेले गर्नु भएको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसूर गरेका हुन् हैनन् र निजलाई दाबीबमोजिमको सजाय हुने नहुने के रहेछ ? सो विषयमा नै निर्णय दिनु पर्ने हुन आयो ।

यसमा वरामदी मुचुल्काबाट यी नाम परिवर्तित उदयपुर ७ बाट ML डाइजेपाम, २ ML सिसि थान २ को डाइजेल्याप 2 ml अर्कोला औ तरल पदार्थ वरामद भएको मिति २०७१/५/७ को वरामदी मुचुल्काबाट देखियो । यी उदयपुर ७ ले लागूऔषध सेवन गर्नको लागि ल्याएको भनी अनुसन्धानमा बयान गरेको देखियो । अदालतमा दाबीबमोजिमको कसूर आफुले नगरेको भनी बयान गरेको भए पनि सो कुरालाई अन्यथा सिद्ध गर्न नसकेको स्वयं प्रतिवेदकको बकपत्रसमेतबाट उक्त लागूऔषध निज प्रतिवादी उदयपुर ७ बाट वरामद भएको भन्ने देखियो । प्रतिवादी नाम परिवर्तित उदयपुर ७ ले उक्त लागूऔषध सेवनलाई साथमा राखेको सम्म देखियो । खरिद ओसारपसारसमेत गरेको भन्ने तर्फको वादीको दाबी पुग्न सक्ने देखिन आएन । निजले लागूऔषध सेवन गरेको सम्म देखिन आएकोले निजलाई लागूऔषध नियन्त्रण ऐन, २०३३ को दफा १४(५) ज बमोजिम सजाय हुनेमा निज नाबालक भएको भन्ने निजको जन्मदर्ताको प्रमाणपत्रबाट देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम तजविजी सजाय १ महिना हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम आज यो फैसला गरी दियाँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम उदयपुर ७ के माथि इन्साफ खण्डमा लेखिएबमोजिम निज प्रतिवादीलाई १ महिना सजाय हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०७१/५/७ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७१/७/२३ गतेको आदेशले तारेखमा रहेको र निजलाई भएको कैद हिरासत मै भुक्तान भइसकेको देखिँदा केही गरिरहनु परेन १

यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, उदयपुरलाई र प्रतिवादी नाम परिवर्तित उदयपुर ७ लाई पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले नककल मागे नियमानुसार लाग्ने दस्तुर लिई सारी वा सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

फैसलामा मा.जि.न्या.ज्यूले बोली टिपाउनु भएबमोजिम फैसला तयार गर्ने ना.सु.कृष्ण प्रसाद ढुङ्गाना फाँट (क) ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर ८ गते रोज २ शुभम् .....।

सुनसरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७१-CR-००९६

निर्णय नं: १५४

मुद्दा: नकवजनी चोरी

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला सुनसरी, मधेशा गा.वि.स. वार्ड नं. ९ बस्ने नारायण बस्नेतको जाहेरीले नेपाल सरकार १	गणेशको छोरा जिल्ला सुनसरी, मधेशा गा.वि.स. वार्ड नं. ९ बस्ने परिवर्तित नाम एस कुमार १
ऐ.ऐ. को प्रमाण	ऐ.ऐ. को प्रमाण
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र रही दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दामा गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम प्रतिवादीको नाम गोप्य राखी परिवर्तित नाम एस कुमार उल्लेख गरी गोपनीयता कायम राखिएको छ। प्रस्तुत मुद्दाको सुनवाई बन्द इजलासबाट गरिएको छ।

जिल्ला सुनसरी, मधेशा गा.वि.स., वार्ड नं. ९ स्थित पूर्वमा कृष्ण ढकालको घर, पश्चिममा उदय बस्नेतको घर, उत्तरमा लालबहादुर मगरको घर, दक्षिणमा निलमणी ढुङ्गानाको घर। यति चारकिल्लाभित्रमा

मिति २०७१/५/१२ गते राती नारायण बस्नेतको घरको माथिल्लो तलाको उत्तरपट्टिको कोठामा राखेको नारायण बस्नेतको कालो रंगको झोलाभित्र रहेको डेल कम्पनीको आई ल्यापटप थान १, सामसुङ्ग ट्यावलेट थान १ समेत नगदसमेत चोरी भएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७१/५/१३ गते रातीको समयमा मेरो घरमा कुन अज्ञात मानिसहरूले घरको घोप्टेको चुकुल निकाली घरमा रहेको सामानहरू ल्यापटप (डेल कम्पनी) को आइसेट, सामसुङ्ग कम्पनीको ट्यावलेट र ग्यालेक्सी मोवाइल सामान र नगदसमेत चोरी गरी लगेको हुँदा चोरी गर्ने चोरहरूको खोजतलास गरिपाऊँ भन्नेसमेत व्यहोराको नारायण बस्नेतले दिएको २०७१/५/१९ को हुलिया निवेदन ।

मिति २०७१/५/१३ गते अं. ११ बजे रातीको समयमा मेरो घरमा कुन अज्ञात मानिसहरूले घरको घोप्टेको चुकल फुटाई भत्काई घरको कोठाभित्र पसी रहेको सामानहरू ल्यापटप (डेल कम्पनी) को आइसेट, एप्पल कम्पनीको आईप्याड र सामसुङ्ग कम्पनीको ट्यावलेट र ग्यालेक्सी मोवाइलसमेत गरी जम्मा रु. ५,६८,०००/- मूल्य वरावरको सामान र नगदसमेत चोरी गरी लगेको र उक्त सामानहरूको कस्ले चोरी गरेको रहेछन् भनी पत्ता लगाउँदा गाउँकै परिवर्तित नाम एस कुमारले चोरी गरी लगेको भनी पत्ता लाग्न आएको हुँदा निज एस कुमारलाई खोजतलास पत्राउ गरी मेरो चोरी भएको धनमाल निजबाट दिलाई भराई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको नारायण बस्नेतको मिति २०७१/५/३० गतेको जाहेरी दरखास्त ।

नारायण बस्नेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी एस कुमार भएको चोरी मुद्दामा जाहेरी दरखास्तमा उल्लेख भएका जिल्ला सुनसरी, मधेशा गा.वि.स., वार्ड नं. ९ बस्ने परिवर्तित नाम एस कुमारलाई गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा फेला पारी निजलाई पत्राउ गरी प्रतिवेदन साथ दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

मिति २०७१/५/१३ गते रातीको समयमा म आफ्नै घरमा सुती बसेको थिए । म बोर्डिङ्ग स्कुलमा पढ्ने विद्यार्थी हुँ, निज जाहेरवाला नारायण बस्नेतको घरमा चोरी भएको नगद तथा जिन्सी धनमाल मैले चोरेको होइन, गाउँघरमा चोरी भयो भन्दा हल्ला सुनेको हो, उक्त वारदातभन्दा पहिला मैले गाउँघरमा कुखुरा चोरी गरी खाएको थिए । सोही कारण मलाई लगाएको होला, मैले कुनै पनि सरसामानहरू चोरी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम एस कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

जिल्ला सुनसरी, मधेशा गा.वि.स., वार्ड नं. ९ स्थित पूर्वमा रतिलाल उरावको घर, पश्चिममा भोला खतिवडाको घर, उत्तरमा सुनील अधिकारीको घर, दक्षिणमा खाली खेत । यति चारकिल्लाभित्र रहेको टिनको छाना भएको एकतले पक्की मान्ती उरावको घर । उक्त घर खानतलासी गर्दा चोरी मुद्दामा प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत व्यहोराको खानतलासी वरामदी मुचुल्का ।

मिति २०७१/५/१३ गते राती गाउँकै नारायण बस्नेतको घरमा जाहेरीमा उल्लेखित धनमाल चोरी भएको भन्ने सुनेको हुँ । उक्त सामान को कस्ले लगेको रहेछन् भन्ने सम्बन्धमा बुझ्दा गाउँकै सुरज उरावले चोरी गरी लगेको भन्ने सुनेको हो । निज परिवर्तत नाम एस कुमार गाउँ घरमा रहँदा बस्दासमेत गाउँ घरका मानिसहरूले पालेका कुखुरा चोर्ने, कहिले खसी चोर्ने गर्दथे । निज खराव प्रवृत्तिका मानिस हुन् । सोही कारण पनि निज जाहेरवाला नारायण बस्नेतको घरमा चोरी भएको जाहेरीमा उल्लेखित सामानसमेत निज परिवर्तित नाम एस कुमारले नै चोरी गरी लगेका हुनु पर्छ । निजलाई कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको स्थानीय मानिसहरूले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम एस कुमारले मुलुकी ऐन, चोरीको १ र ३ नं. को कसूर अपराध गरेकाले ऐ. को कसूर अपराध गरेकाले ऐ. को १४(१) बमोजिम सजाय गरी ऐ. को १०(३) र २१ नं. बमोजिम प्रतिवादीबाट भराई पाऊँ भन्नेसमेतको अभियोगपत्र ।

वारदात मिति समयमा आफ्नै घरमा सुतिरहेको थिएँ । भोलीपल्ट बिहान चोरी भएको भन्ने सुनेको हो । जाहरेवालाको धनमाल मैले चोरी गरेको होइन, किन मउपर जाहेरी दिए थाहा छैन भन्ने प्रतिवादी परिवर्तित नाम एस कुमारले अदालतमा गरेको बयान ।

मिति २०७१/६/२८ का आदेशानुसार माग भएको धरौटी रु. १५,०००/- नगदै राखी निज प्रतिवादी तारेखमा रहेको देखिएको ।

प्रतिवादी परिवर्तित नाम एस कुमारले चोरी गरेको होइन । साथीभाइसँग डुलेको कारण शङ्काले नाम किटानी गरी जाहेरी दिएको हुन सक्छ भन्नेसमेतको निज प्रतिवादीका साक्षी बसन्ती उरावले गरेको बकपत्र ।

प्रतिवादी परिवर्तित नाम एस कुमारले मेरो घरको कोठाबाट ल्यापटप आइप्याड ट्याबलेट, मोवाइल, जापानिज डिसप्ले मोनिटर, एम.आर.पी. पासपोर्ट, नगद रु. ४०,०००/-, १½ तोलाको सुनको औठी तथा जाहेरीमा उल्लेखित कागजातसमेत रु. ६,५०,०००/- वरावरको प्रतिवादीले चोरी गरेको हो भन्नेसमे तको जाहेरवाला नारायण बस्नेतको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयकुमार श्रेष्ठ तथा प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राजेन्द्रप्रसाद कोइरालाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यी प्रतिवादी परिवर्तित नाम एस कुमारउपर मुलुकी ऐन, चोरीको १ र ३ नं. को कसूर अपराध गरेकाले ऐ. को कसूर अपराध गरेकाले ऐ. को १४(१) बमोजिम सजाय गरी ऐ. को १०(३) र २१ नं. बमोजिम चोरीको बिगो प्रतिवादीबाट भराई पाऊँ भन्नेसमेतको अभियोग मागदाबी रहेको देखिन्छ ।

प्रतिवादी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष प्रस्तुत कसूर निजबाट भएको भन्नेमा पूर्ण इन्कार रहेको पाइन्छ । घटना लगत्तै भनिएको मिति, समयमा यी प्रतिवादीको सँग साथ वा निजको घरबाट समेत दशीका कुनै सामान वरामद भएको देखिदैन । जाहेरवालाले सुरुमा हुलिया जाहेरी दिई, पछि यी प्रतिवादी विरुद्ध किटानी जाहेरी दिएका र अदालतसमक्ष जाहेरीसमेतको समर्थनमा बकपत्र गरे पनि तथ्ययुक्त रुपमा अभियोग प्रमाणित हुन सक्ने आधार देखिदैन । प्रतिवादीले कसूर गरेको प्रत्यक्षदर्शी नभएका, कुनै दशीका सामान वरामद नभएको, अवस्थामा केवल शङ्काको आधारमा मात्र प्रतिवादीलाई कसूरदार ठहराउन मिलेन, शङ्काको सुविधा अभियुक्तले पाउने देखियो । तसर्थ प्रतिवादी परिवर्तित नाम एस कुमारले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम एस कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसार अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले वादी नेपाल सरकार हुँदा केही गरिरहनु परेन १

प्रतिवादी ऐ.के निजले आदेशानुसार र.नं. ५८६ मिति २०७१/६/२८ बाट राखेको धरौटी रु. १५,०००/- फिर्ता पाउने हुँदा पुनरावेदनको अवस्था नाघेपछि निवेदन दिए निमानुसार फिर्ता दिनु २

सरकारी वकिल कार्यालय, सुनसरीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७०(सत्तरी) दिने पुनरावेदनको म्याद दिनु ३

नक्कल माग्ने सरोकारवालालाई नियमानुसार सारी वा सराई दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर ८ गते रोज २ शुभम् .....।

सप्तरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद अधिकारी

फैसला

सम्वत् २०७१ सालको ०७१-CR-००५८

निर्णय नं: १४२

मुद्दा: जवरजस्ती करणी उद्योग ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम १०० को जाहेरीले नेपाल सरकार.....१	जि. सप्तरी, कुशाहा-८ बस्ने मो. मस्लिम मियाँको छोरा वर्ष १७ को मो. रजाबुल भन्ने मो. रजाउल मियाँ.....१
प्रमाण	प्रमाण
साक्षी: ×	साक्षी: ×
कागज: ×	कागज: ×

मुलुकी ऐन, अ.ब. २९ तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार रहेको छः

मिति २०७१/६/२१ गते दिनको १२:०० बजेको समयमा मैले आफ्नो घरबाट बाख्रा चराउनको लागि जिल्ला सप्तरी, कुशाहा गा.वि.स, वडा नं. ६ स्थित खोलाको बगरमा गई बाख्रा चराई खोलाको डिलमा बसिरहेको अवस्थामा पछाडिबाट प्रतिवादी मो. रजाउल मियाँ आई एक्कासी मेरो मुख छोपी मञ्जुरी विना मलाई जवरजस्ती लडाई मेरो शरीरमाथि चढी कपडा खोल्ने प्रयास गरिरहेको अवस्थामा मैले प्रतिकार गर्दा निजको हातबाट मेरो मुख खुल्न गई कराई हल्ला गर्दा गाउँकै भाउजु नाता पर्नेले कराउँदै आउँदा निज प्रतिवादी मलाई छाडी भागेका हुन् । निज प्रतिवादीलाई जवरजस्ती करणीको महलबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त ।

जिल्ला सप्तरी, कुशाहा गा.वि.स., वडा नं. ६ स्थितको पूर्वमा कैलु मियाँको सहमिल, पश्चिममा महिनारायाण चौधरीको घर, उत्तरमा विरघना खोला, दक्षिणमा महेन्द्र राजमार्ग । यति चारकिल्लाभित्र पर्ने बिरघना खोलाको डिलझाडी । यति चारकिल्लाभित्र परिवर्तित नाम सङ्केत १०० लाई रजाउल मियाँले पछाडिबाट मुख छोपी लडाई जवरजस्ती करणी गर्ने प्रयास गरेको झाडीमा झारपात माडिएको अवस्थामा पाइएको भन्नेसमेत व्यहोराको चारकिल्ला विवरण ठीक छ भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७१/६/२१ गतेको बिहान जिल्ला सप्तरी, बनरझुला गा.वि.स. तर्फबाट आफ्नो घर जिल्ला सप्तरी, कुशाहा गा.वि.स.तर्फ जाँदै गरेको अवस्थामा दिनको अं. १२:०० बजेको समयमा जिल्ला सप्तरी, कुशाहा गा.वि.स., वडा नं. ६ स्थित बिरघना खोलाको डिलमा परिवर्तित नाम १०० बाख्रा चराई बसिरहेको अवस्थामा म विस्तारै पछाडिबाट गई निजको मुख छोपी झाडीतर्फ लगी निजलाई लडाई डरत्रासमा पारी शरीरमाथि घोडा चढी मेरो लिङ्ग निजको योनीमा प्रवेश गराउने प्रयास गर्दागर्दै अन्य मानिसहरूले हल्लाखल्ला गर्दा म भागेको हुँ । परिवर्तित नाम सङ्केत १०० लाई मैले जवरजस्ती करणी गर्ने प्रयास गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी रजाउल मियाँको बयान ।

मिति २०७१/६/२१ गते दिनको अं. १२:०० बजेको समयमा जिल्ला सप्तरी, कुशाहा गा.वि.स., वडा नं. ६ स्थित बिरघना खोलाको डिल झाडीमा प्रतिवादी रजाउल मियाँले नाम परिवर्तित १०० लाई मुख छोपी झाडीमा लडाई निजको शरीरमाथि चढी जवरजस्ती करणी गर्न लागेको अवस्थामा मैले देखी तिमीहरू को भनी कराउँदा प्रतिवादी रजाउल मियाँ भागी फरार भएको हुन् । प्रतिवादी रजाउल मियाँले पीडितलाई जवरजस्ती करणीको उद्योग गरेको हुँदा निजलाई कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको बुझिएको पशुपतिदेबी पासवानको कागज ।

मिति २०७१/६/२१ गते बिहानको समयमा म आफ्नै घरमा थिएँ । जाहेरी लगायत मिसिल कागजातहरू पढी बाँची सुनाउँदा सुनी पाएँ । जाहेरीमा लेखिएको मिति २०७१/६/२१ गते दिनको १२:०० बजेको समयमा हल्लाखल्ला हुँदा मसमेत वारदातस्थलमा जाँदा प्रतिवादी मो. रजाउल मियाँले जाहेरवाली परिवर्तित नाम सङ्केत १०० लाई बिरघना खोलाको डिल झाडीमा लगी बाख्रा चराई बसिरहेको अवस्थामा पछाडिबाट प्रतिवादीले मुख छोपी समाई झाडीमा लगी जवरजस्ती लडाई करणी गर्ने प्रयास गरेको हो । निज प्रतिवादीलाई कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

यसमा अनुसन्धानको सिलसिलामा सङ्कलित जाहेरी दरखास्त पीडितले मैकामा गरेको कागज, घटनास्थल मुचुल्का, वस्तुस्थिति मुचुल्कासमेतको मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी मो. रजाउल मियाँले पीडित वर्ष १६ की परिवर्तित नाम सङ्केत १०० लाई जवरजस्ती करणी गर्ने उद्देश्यले खोलाको बगरमा बाख्रा चराई खोलाको डिलमा बसिरहेको अवस्थामा पछाडिबाट एक्कासी मेरो मुख छोपी निजको मञ्जुरी विना जवरजस्ती लडाई शरीरमाथि चढी कपडा खोल्ने प्रयास गरिरहेको अवस्थामा पीडितले प्रतिकार

गरेको कारणले मात्र जवरजस्ती करणी गर्न भने नपाएको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. र ५ नं. को कसूर अपराधमा सोही महलको ५ नं. बमोजिम ऐ. ३(४) नं. ले हुने सजायको आधा सजायको मागदाबी लिई पेश भएको अभियोगपत्र ।

जाहेरी दरखास्त झुठ्ठा हो । मैले जाहेरवालीलाई जवरजस्ती करणी गर्ने उद्योग गर्ने काम गरेको होइन । उक्त दिन म बनरझुला दिदीको घरबाट आफ्नो घरतर्फ जाँदै गरेको अवस्थामा निज जाहेरवालीले बाटोमा बाख्रा चराउँदै गरेको थियो । निजले मलाई देखेपछि बोलाई अनि म त्यहाँ गएपछि निजसँग एकछिन कुराकानी गरी आफ्नो घरतिर लागे । मैले पीडितलाई कुनै जवरजस्ती करणी गर्ने उद्योग गर्ने काम नगरेको हुँदा मागदाबीअनुसार सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मो. रजाउल मियाँले यस अदालतमा गरेको बयान ।

यस अदालतको मिति २०७१/७/१३ का आदेशानुसार प्र. रजाउल मियाँबाट माग भएको रु. १५०००/- र.नं. ९३ मिति २०७१/७/१३ मा रु. १५०००/- नगद धरौटी राखी पुर्पक्ष निमित्त तारेखमा राखिएको ।

खोलाको डिलमा बसिरहेको बेला प्र. रजाउल मियाँ मलाई पछाडिबाट समाती घिसारेर खोलातिर लग्दै गरेको बेला म लड्न पुगेपछि मेरो जिउमा चढी गएको हो भन्नेसमेत व्यहोराको पीडित सङ्केत १०० ले यस लदालतमा गरेको बकपत्र ।

उक्त दिन प्र. रजाउल मियाँ मेरो घरमा दिनको १० बजेदेखि २ बजेसम्म मेरो घरमा जन मजदुरी गरिराखेको थियो त्यसैले यो अभियोग दाबी गलत हो । साजिस गरी मुद्दामा फसाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी बच्चु मियाँले गरेको बकपत्र ।

आदेशानुसार पीडितसहित प्रतिवादीको पक्षका साक्षीको बकपत्र तथा बालमानोविज्ञ श्री हरिप्रसाद यादव र सामाजिक कार्यकर्ता अधिवक्ता श्री केशवप्रसाद दासले पेश गर्नु भएको रायसमेत मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी छिटो छरितो सुनुवाइका लागि इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता श्री हिमालयकुमार त्रिताल र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री बालकिशोर यादवले गर्नु भएको बहससमेत सुनियो ।

प्रतिवादी रजाउल मियाँले जवरजस्ती करणीको १ र ५ नम्बरबमोजिमको कसूर गरेकाले ऐ. को ३(४) नम्बरले हुने सजायको (ऐ. ५ नं बमोजिम) आधा सजाय गरिपाऊँ भन्नेसमेत अभियोग दाबी भई प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साबिती भई यस अदालतमा इन्कार रहेको प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो होइन ? सोही कुराको निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णयतर्फ विचार गर्दा यसमा २०७१/६/२१ मा बाख्रा चराउन खोलाको बगरमा गएको अवस्थामा प्रतिवादीले पछाडिबाट मुख छोपी मञ्जुरी विना लडाई मेरो शरीरमाथि चढी कपडा खोल्ने प्रयास गरिरहेको अवस्थामा हल्ला गर्दा भागी गएका हुन् भन्ने जाहेरी लडाई घोडा चढी जवरजस्ती करणी गर्ने प्रयास गर्दागर्दै अन्य मानिसले हल्ला गर्दा भागी गएको हुँ भन्नेसमेत प्रतिवादीको मौकाको बयान भई यस अदालतमा बयान गर्दा वारदातका दिन जाहेरवालीसँग भेट भएको तर जवरजस्ती गरेको छैन भन्नेसमेत प्रतिवादीको बयान रहेछ ।

जाहेरवालीले यस अदालतमा बकपत्र गर्दा पछाडिबाट समाती घिसारेर खोलातिर लग्दै गर्दा म लड्न पुगेपछि मेरो जिउमा चढी गएको हो (ज. ६), मेरो कपडा लुगा खोलेन (ज.७), मेरो दुवै हात खल्ला थियो (ज. १०), प्रतिवादीले आफ्नो जिउमा लगाएको कपडा खोलेको थियो थिएन भनी सोधिएकोमा ज. ११ मा प्र. ले लुगा खोलेको थिएन भन्नेसमेत व्यहोराको बकपत्र गरेको देखिन्छ । प्रतिवादीका साक्षीले सफाई दिई बकपत्र गरेको पाइन्छ ।

जाहेरवालीको बकपत्रमा लडेपछि शरीरमा चढेको भन्ने उल्लेख भई प्रतिवादीले पनि आफ्नो कपडा खोलेको भन्ने देखिएन र पीडितको कपडा पनि खोली सकेको देखिएन । करणीको लागि दुवैको कपडाहरू नखोल्दैको अवस्थामा भागेको देखिन्छ । मनसायसम्म दुषित देखिन्छ तर त्यतिको अवस्थालाई उद्योग नै भन्न मिल्ने देखिएन । आशयसम्मको विद्यमानता देखिन्छ । उमेरसम्बन्धी प्रमाणपत्र हेर्दा वारदात पूर्वकै दर्ता देखिन्छ । फलतः नाबालक अवस्थाको प्रतिवादी रहेकोसमेत हुँदा कसूरदार नै हुन् भन्नेसम्म अवस्था देखिन आएन ।

साथै बालमनोविज्ञ र समाजसेवी अधिवक्ता केशव दास र अधिवक्ता हरिप्रसाद यादवले प्र. मो. रजाउल मियाँलाई अभियोग दाबीबाट सफाई होस् भन्ने राय प्रस्तुत गर्नु भएको देखिन्छ ।

अतः प्रतिवादी रजाउल मियाँले कसूर गरेको नदेखिँदा अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी रजाउल मियाँके माथि ठहर खण्डमा लेखिएबमोजिम अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले केही सजाय गर्नु परेन १

प्र. मो. रजाउल मियाँले मिति २०७१/७/१३ मा राखेको नगद धरौटी रु. १५,०००/- निजले अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले अन्तिम फैसला भएपछि राखेको नगद धरौटी फिर्ता पाऊँ भनी माग गरी म्यादभित्र निवेदन दिए रीत पुर्‌याई फिर्ता दिनु २

यो फैसलाउपर चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालयलाई पुनरावेदनको म्याद दिनु ३

सरोकारवाला पक्षले यो फैसलासहितको नक्कल पाऊँ भनी माग गरे नियमानुसार गरी दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ५

यो पाना नं. ५ को फैसला माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भएबमोजिम टिपी कम्प्युटर टाइप गर्ने सन्तोष दास । (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर महिना ९ गते रोज ३ शुभम्.....।

सुनसरी जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७०-CR-०३०५

निर्णय नं: १६०

मुद्दाः सवारी ज्यान।

वादीको नाम, थर, वतन
जिल्ला सुनसरी, चाँदवेला गा.वि.स., वार्ड नं. २ बस्ने रमेश चौधरीको जाहेरीले नेपाल सरकार १

ऐ.ऐ. को प्रमाण
साक्षीः ×
कागजः ×

प्रतिवादीको नाम, थर, वतन
दिपलालको छोरा जिल्ला सुनसरी, चाँदवेला गा.वि.स., वार्ड नं. ३ बस्ने परिवर्तित नाम ओ कुमार १

ऐ.ऐ. वडा नं. २ बस्ने रविन खवास १

ऐ.ऐ. को प्रमाण
साक्षीः ×
कागजः ×

अदालतबाट बुझेको
साक्षीः ×
कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र रही दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम नाबालक प्रतिवादीको वास्तविक नाम परिवर्तन गरी साङ्केतिक नाम ओ कुमार राखी गोपनीयता कायम गरिएको छ।

जिल्ला सुनसरी, इनरुवा न.पा., वार्ड नं. १० स्थित पूर्वमा पश्चिम दुहवी इनरुवा सडक खण्ड, उत्तरमा खाली खेत, दक्षिणमा पानी बग्ने शाखा नहर । यति चारकिल्लाभित्र रहेको दुहवी इनरुवा सडक खण्डको पक्की सडकमा मिति २०७०/१०/२९ गते बिहानको १०:३० बजेको समयमा को.१४प. १२१९ नं. को मोटरसाइकलले साइकल यात्री भुदरलाल चौधरीलाई ठक्कर दिई दुर्घटना हुँदा घाइते भएको भन्नेसमेत व्यहोराको २०७०/१०/२९ घटनास्थल मुचुल्का ।

मिति २०७०/१०/२९ गते बिहानको १०:३० बजेको समयमा मेरो पिता भुदरलाल चौधरी साइकलमै जाँदै गर्दा इनरुवा १० स्थित सडकमा परिवर्तित नाम ओ कुमारले चलाएको को.१४प. १२१९ को मोटरसाइकलले ठक्कर दिई दर्घटना हुँदा सख्त घाइते भएकोमा बुबाको उपचारको क्रममा मृत्यू भएको हुँदा ओ कुमारलाई र मोटरसाइकलवालालाई पक्राउ गरी क्रिया खर्च र क्षतिपूर्तिसमेत दिलाई कानूनबमोजिम सजायसमेत गरिपाऊँ भन्नेसमेतको रमेश चौधरीले मिति २०७०/११/१ मा दिएको जाहेरी दरखास्त ।

मिति २०७०/१०/२९ गते बिहानको अं. १०:३० बजेको समयमा जिल्ला सुनसरी, चाँदवेला २ बस्ने भुदरलाल चौधरी साइकलमै जाँदै गर्दा जिल्ला सुनसरी, इनरुवा १० स्थित सडकमा परिवर्तित नाम ओ कुमारले चलाएको को.१४प. १२१९ नं. को मोटरसाइकलले ठक्कर दिई दुर्घटना हुँदा सक्त घाइते भई निजको उपचारको क्रममा मृत्यू भएको हुँदा सवारी चालक परिवर्तित नाम ओ कुमारलाई पक्राउ गरी दाखिला गरेको छु, कानूनबमोजिम होस् भन्नेसमेत व्यहोराको प्र.ह. हरि सुनुवारको मिति २०७०/११/२ को प्रहरी प्रतिवेदन ।

जिल्ला मोरङ, विराटनगर उप म.न.पा. १० स्थित कोशी अञ्चल अस्पतालको शव गृहमा मृतक भुदरलाल चौधरीको पूर्व टाउको, पश्चिम खुट्टा भई उत्तानो अवस्थामा रहेको मृतक लाशको आँखा दुबै बन्द नाकबाट रगत निस्किएको, दुबै हातको पन्जामा खोस्रिएको घाउँ देखिएको बायाँ, गालामा र बायाँ आँखामाथि चिउडोमुनि काटेको घाउँ देखिएको, निधारको दाहिनेपट्टि दुई इन्च लम्बाई, डेढ इन्च चौडाई भएको घाउँ देखिएको, हड्डीसमेत फुटी किचिएको घाउँ देखिएको, दिशा निस्किएको भन्नेसमेत व्यहोराको लाशजाँच मुचुल्का ।

म सूर्य किरण एकेडेमी स्कुल बलाहामा कक्षा ८ मा अध्यनरत छु । मिति २०७०/१०/२९ गते घरबाट स्कुल जान भनी साइकल चलाई चढी आइरहेकोमा ढिलो भएकोले इनरुवातर्फ जाँदै गरेको मैले चिनेको रविन खवास दाईले को.१४प. १२१९ नम्बरको मोटरसाइकल चलाई आइरहेको देखी मैले त्यो दाईलाई स्कुल जान ढिला भयो, मोटरसाइकल चलाई म जान्छु, साइकल लिई आउनु भनी भन्दा निजले पनि मोटरसाइकल दिए र मैले मोटरसाइकल लिई आउँदा जिल्ला सुनसरी, इनरुवा १० स्थित सडक खण्डमा विपरीत दिशाबाट आएको साइकल यात्री भुदरलाल चौधरीलाई मैले चलाएको मोटरसाइकलले ठक्कर लाग्न गई दुर्घटना हुँदा उपचारको क्रममा भुदरलाल चौधरीको मृत्यू भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ओ कुमारले गरेको बयान ।

Head Injury भन्नेसमेत व्यहोराको भुदरलाल चौधरीको शव परीक्षण प्रतिवेदन ।

रमेश चौधरीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम ओ कुमार भएको सवारी ज्यान मुद्दामा मृत्तक भुदरलाल चौधरीको नजिकको हकदार श्रीमती मानकुमारी थरुनीले कानूनबमोजिम पाउने कृया खर्च तथा क्षतिपूर्तिबापतको रकम को.१४प. १२१९ नम्बरको मोटरसाइकल चालकको तर्फबाट आमा लालोदेबी चौधरीले रु. ५,००,०००/- (पाँच लाख) मानकुमारी थरुनीलाई बुझ्काएको भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, सुनसरीको भरपाई कागज ।

मिति २०७०/१०/२९ गते अं. १०:३० बजेको समयमा जिल्ला सुनसरी, इनरुवा न.पा. वार्ड नं. १० स्थितमा प्रतिवादी परिवर्तित नाम ओ कुमारले चलाएको को.१४प. १२१९ नम्बरको मोटरसाइकलले साइकल यात्री भुदरलाल चौधरीलाई ठक्कर दिँदा घाइते बनाएकोमा निजको उपचारको क्रममा मृत्यू भएको, मृतकको नजिकको हकदारले कानूनबमोजिम पाउने कृया खर्च तथा क्षतिपूर्तिबापतको रकम सवारी चालक पक्षबाट पाइसकेको भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम ओ कुमारले विना लाइसेन्स मोटरसाइकल चलाएको कारणबाट भुदरलाल चौधरीको मृत्यू भएको प्रमाणित भएकाले प्रतिवादी परिवर्तित नाम ओ कुमारलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसूरमा ऐ. को दफा १६१(२) बमोजिम सजाय हुन र विना लाइसेन्स मोटरसाइकल चलाएको कारण ऐ. ऐनको दफा १६१(४) बमोजिम थप सजाय हुन र प्रतिवादी रविन खवासले सवारी चालक अनुमतिपत्र नभएको परिवर्तित नामा ओ कुमारलाई जानीजानी सवारी दिएको कारणबाट दुर्घटना भई भुदरलाल चौधरीको मृत्यू हुन गएको हुँदा प्रतिवादी रविन खवासलाई ऐ. ऐनको दफा १६१(५) को कसूरमा निज प्रतिवादीलाई ऐ. को दफा १६१(५) बमोजिम सजाय हुन र प्रतिवादी परिवर्तित नाम ओ कुमारको जन्ममिति २०५६/१०/२३ देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षित हुनसमेत अनुरोध गरी पेश भएको अभियोगपत्र ।

मिति २०७०/१०/२९ गते बिहान म र अर्का प्रतिवादी रविन खवास को.१४प. १२१९ नं. को मोटरसाइकल चढी स्कुलबाट बिहान १०:३० बजे घरतर्फ फर्कने क्रममा अचानक बाटोमा रोडा गिटीमा मैले चलाएको मोटरसाइकल चिप्लिएर लड्दा साइकलको पछाडि चक्कामा ठक्कर लाग्न गई सइकल यात्री भुदरलाल चौधरी घाइते भएको र निजको उपचारको क्रममा मृत्यू भएको, भुदरलाल चौधरीको मृत्यू भएको हुँदा निजलाई दिनु पर्ने क्षतिपूर्ति तथा कृया खर्चबापतको रकम निजका हकदारलाई मेरो परिवारको तर्फबाट भुक्तानी भइसकेको हुँदा अचानक मोटरसाइकल चिप्लिएको हुँदा साइकलमा ठक्कर लाग्न गई दुर्घटना भएको, मैले जानीजानी हानेको होइन भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम ओ कुमारले अदालतमा गरेको बयान ।

मिति २०७०/११/२८ का आदेशानुसार निज प्रतिवादीलाई अभिभावकको जिम्मा लगाइएको ।

प्रतिवादी रविन खवास यस अदालतबाट जारी भई मिति २०७०/१२/३० मा तामेल भएको ३० दिने म्यादमा हाजिर नभई शुरु म्यादै गुजारी बसेको देखिएको ।

मिति २०७१/३/११ का आदेशानुसार वादी तथा उपस्थित प्रतिवादीका साक्षी उपस्थित गराउन पत्राचार गर्दा वादी तथा प्रतिवादीबाट साक्षी उपस्थित गराएको नदेखिएको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री राजकुमार कोइराला तथा प्रतिवादी परिवर्तित नाम ओ कुमारको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्णकुमार थापाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा प्रतिवादी परिवर्तित नाम ओ कुमारले विना लाइसेन्स मोटरसाइकल चलाएको कारणबाट भुदरलाल चौधरीको मृत्यू भएको प्रमाणित भएकाले प्रतिवादी परिवर्तित नाम ओ कुमारलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसूरमा ऐ. को दफा १६१(२) बमाजिम सजाय हुन र विना लाइसेन्स मोटरसाइकल चलाएको कारण ऐ. ऐनको दफा १६१(४) बमोजिम थप सजाय हुन र प्रतिवादी रविन खवासले सवारी चालक अनुमतिपत्र नभएको परिवर्तित नाम ओ कुमारलाई जानीजानी सवारी दिएको कारणबाट दुर्घटना भई भुदरलाल चौधरीको मृत्यू हुन गएको हुँदा प्रतिवादी रविन खवासलाई ऐ. ऐनको दफा १६१(५) को कसूरमा निज प्रतिवादीलाई ऐ. को दफा १६१(५) बमोजिम सजाय हुन र प्रतिवादी परिवर्तित नाम ओ कुमारको जन्ममिति २०५६/१०/२३ देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आकर्षित हुने भन्नेसमेतको अभियोग मागदाबी रहेको देखिन्छ ।

प्रतिवादी परिवर्तित नाम ओ कुमारका हकमा निजले अदालतसमक्ष मिति २०७०/१०/२९ मा प्रतिवादी रविन खवासको को.१४प. १२१९ को आफुले चलाएको मोटरसाइकल चढी स्कुलबाट फर्कने क्रममा घटनास्थलमा पुग्दा अचानक रोडा गिटीमा मोटरसाइकल चिप्लिएर मोटरसाइकलसहित लडी आफुहरूसमेत घाइते भएको, साइकलको पछाडिको चक्कामा ठक्कर लागेकोले साइकल यात्री पनि लडेको, निजको उपचार गर्ने क्रममा मृत्यू भएछ । मोटरसाइकल पछाडि बसेका अर्का प्रतिवादी भागी गए । मोटरसाइकल चिप्लिएर एक्कासी दुर्घटना भएको हो । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान आफुले भनेबमोजिम लेखिएको हो भन्नेसमेत व्यहोराको बयान गरेको देखिन्छ ।

अर्का प्रतिवादी रविन खवास मौकामा पक्राउ नपरेका र यस अदालतबाट जारी भएको म्यादमा समेत हाजिर नभई बसेको देखियो ।

प्रतिवादी परिवर्तित नाम ओ कुमारले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफुले घटना हुँदा चलाएको मोटरसाइकल अर्का प्रतिवादी रविन खवासले चलाउन दिएको भनी बयानसमेतको व्यहोरालाई अदालतसमक्ष स्वीकार गरेको देखिन्छ ।

घटनाको प्रकृति हेर्दा प्रतिवादी परिवर्तित नाम ओ कुमार स्कुले विद्यार्थी रहेको देखिन्छ । निजलाई मोटरसाइकल चलाउन अर्का प्रतिवादी रविन खवासले उपलब्ध गराएको देखियो । मोटरसाइकल चलाई जाँदा दुर्घटनाको अन्जाम हुने गरी चलाएको नदेखिएको र अचानक चिप्लिएर मोटरसाइकलसमेत लडेपछि साइकल यात्री मृतक भुदरलाल चौधरीलाई ठक्कर लाग्न गई उपचारको क्रममा मृत्यू भएको देखिन्छ । कसैको ज्यान मर्न सक्छ जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारी बाहिरको समेत मानिसको मृत्यू हुन गएको रहेछ भने सो अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) आकर्षित हुने देखिन्छ । आदेशानुसार, अभियोजन पक्षका साक्षी प्रमाणका व्यक्तिहरूको अदालतसमक्ष बकपत्र प्रयोजनका लागि उपस्थित भएकोसम्म नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्ता व्यक्तिले मौकामा गरेको लिखत कागजको व्यहोरा प्रमाण योग्य हुने देखिएन ।

प्रतिवादी परिवर्तित नाम ओ कुमारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को सम्म कसूर गरेको ठहर्छ, ऐ. ऐनको दफा १६२(२) को अभियोगको अभियोग दाबी पुग्न सक्दैन । सजायका हकमा निज नाबालक रहेको तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सजाय हुन मागदाबी देखिँदा प्रतिवादी ओ कुमारलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम सजाय हुनेमा बालकको उमेर, विद्यार्थी रहेको अवस्थासमेतलाई विचार गरी तजविजी एक महिना कैद हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा १५ दिन कैद हुन्छ ।

अर्का प्रतिवादी रविन खवासले निज जिम्मा रहेको मोटरसाइकल सवारी चालक अनुमतीपत्र नभएका नाबालक परिवर्तित नाम ओ कुमारलाई चलाउन दिई दुर्घटना भई भुदरलाल चौधरीको मृत्यू भएको देखिँदा, निजबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) को कसूर भएको ठहर्छ । निजको उमेर अवस्थालाई हेरी ऐ. ऐनबमोजिम निजलाई तजविजी कैद दिन ७ (सात) हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम ओ कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी कैद १५ दिन (पन्ध्र दिन) हुने ठहरेकाले निज प्रतिवादी मिति २०७१/११/२ देखि प्रहरी हिरासतमा रही मिति २०७०/११/२८ का आदेशानुसार संरक्षकको जिम्मा लगाएको देखिँदा निजलाई ठहरेको कैद हिरासतमा

बसि भुक्तान भइसकेको देखिँदा लगत कसी असुली जनाई दिनु १

प्रतिवादी रविन खवासके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरको ठहरी कैद दिन ७ हुने ठहरेकाले बेरुजु हुदा लगत कसी असुल गर्नु २

उपरोक्ता इन्साफ खण्डमा चित्त नबुझे श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई र प्रतिवादीमध्येका परिवर्तित नाम ओ कुमारलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७०(सत्तरी) दिने पुनरावेदनको म्याद दिनु ३

प्रतिवादी रविन खवासके निजले शुरु म्यादै गुजारी बसेको देखिँदा अ.ब. २०८ नं. ले पुनरावेदनको म्याद दिनु परेन ४

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ६

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर १० गते रोज ४ शुभम् .....।

दैलेख जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ

फैसला

मुद्दा नं. ७७-०७०-००५४१

निर्णय नं.: ४४

कम्प्युटर नं.: 070-CR-0033

मुद्दा: नकवजनी चोरी।

वादीको नाम, थर, वतन
सनोजमेहर कायस्थको जाहेरीले वादी नेपाल सरकार.....१

साक्षी
जाहेरवाला सनोज कायस्थ १
बालकृष्ण के.सी. १

कागजः ×

प्रतिवादी नाम, थर, वतन
६२ D-1 .....१
ऐ.ऐ. बस्ने B-1.....१

दैलेख जिल्ला नारायण न.पा.६ बस्ने प्रदिप चन्द १

साक्षी
रत्नबहादुर चन्द.....१
मिनबहादुर थापा.....१
कागजः ×

अदालतबाट बुझेको
साक्षीः ×

कागजः प्रतिवादी B-1 को सामाजिक अध्ययन प्रतिवेदन १
प्रतिवादी अध्ययनरत विद्यालयको नियमित हाजिर उतार तथा चालचलन प्रतिवेदन १

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य विवरण र निर्णय यस प्रकार छः

जाहेरी दरखास्तको व्यहोराः
मिति २०७०/११/२० गते जिल्ला दैलेख, ना.न.पा., वडा नं. १ स्थित त्रिभुवन नमूना उच्च मा.वि. दैलेखको व्यापारिक भवनमा सञ्चालन गरेको मनकामना इलेक्ट्रोनिक्स्को पछाडिबाट भित्ता फुटाली उक्त पसलभित्र रहेको विभिन्न कम्पनीद्धारा उत्पादित क्यामरा, मोवाइल, ल्यापटप लगायत इलेक्ट्रोनिक्स् सामानहरू र नगद तथा रिर्चाजसमेत गरी रु. ६,६६,८५०/- बिगो चोरी भएकोले चोरी गर्नेको पत्ता लगाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको सनोजमेहर कायस्थको मिति २०७०/११/२१ को जाहेरी दरखास्त ।

घटनास्थल मुचुलकाः
जिल्ला दैलेख, ना.न.पा., वडा नं. १ स्थित मनकामना इलेक्ट्रोनिक्स्मा मिति २०७०/११/२० गते पसलको पूर्व तर्फको ढुङ्गको पर्खाल ३४ इन्च फराकिलो गोलाकार फुटालिएको, भित्रि प्लाईको भाग १० इन्च फराकिलो र उचाई ८.५ भित्ता फुटालिएको । उक्त पसलभित्र सामानहरूको खोलहरू यत्रतत्र छरिएको अवस्थामा रहेको भन्नेसमेत व्यहोराको चारकिल्लासहितको मिति २०७०/११/२१ को घटनास्थल मुचुल्का ।

खानतलासी वरामदी मुचुल्काः
जिल्ला दैलेख, ना.न.पा., वडा नं. ९ साडुँस्थित मंगला थापाको घर आँगनमा फेला परेको D-1 ले बोकेको व्याग (झोला) खानतलासी गर्दा उक्त झोलामा लामा Videocon Mobile Intex Cloud X2 mobile, Micromax X501 mobile, Samsung camera Es10, Samsung camera St65, Karbon K54t, karbon K57, Samsung camera charger, Samsung camera A.V. लिड, Karbon mobile charger, Micromax mobile charger, Fire master charger, Samsung mobile headphone, Samsung demo फेला परेको भन्नेसमेत व्यहोराको चारकिल्लासहितको मिति २०७०/११/२७ को खानतलासी तथा वरामदी मुचुल्का ।

प्रकाउ प्रतिवेदनः
मिति २०७०/११/२० गते जिल्ला दैलेख, ना.न.पा., वडा नं. १ स्थित रहेको मनकामना इलेकट्रोनिक्स् एण्ड सप्लायर्समा चोरी भएका विभिन्न कम्पनीद्वारा उत्पादित मोबाइल, क्यामरा, ल्यापटप लगायतका इलेक्ट्रोनिक्सका सामानहरू चोरी भएकोमा खोजतलास गर्दै जादाँ उक्त चोरी भएका सामानहरू D-1 को साथबाट फेला परेको हुँदा पक्राउ गरी दाखिला गरेका छौं । कानूनबमोजिमको होस् भन्नेसमेत व्यहोराको प्र.स.नि. सोमबहादुर सारु मगरको मिति २०७०/११/२ को प्रतिवेदन ।

जाहेरवाला सनोज कायस्थको सनाखत कागजः

सनाखतको लागि मलाई देखाइएको वरामदी मुचुल्कामा उल्लेखित Videocon mobile intex cloud X2 mobile, Micromax X501 mobile, Samsung camera Es10, Samsung camera St65, karnon k54t, Karbon k57, Samsung camera charger, Samsung camera A.V. लिड, Karbon mobile charger, Micromax mobile charger, Fire master charger, Samsung mobile headphone, Samsung demo मोवाइल मैले सञ्चालन गरेको मनकामना इलेक्ट्रोनिक्स् पसलबाट चोरी भएको हो । हेरी चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको जाहेरवाला सनोज कायस्थको मिति २०७०/११/२८ को सनाखत कागज ।

अभियुक्त D-1 को बयानः

मिति २०७०/११/२१ गते बिहानपख औषधी उपचारको लागि बजारतर्फ जाँदै गरेको अवस्थामा मेरो घर नजिकै बाटोको छेउमा रातो प्लाष्टिकमा इलेक्ट्रोनिक्सका सामानहरू फेला परेपछि उक्त सामान के कसरी आयो, मेरो घर नजिक छोरा B-1 भन्दा अन्य लोग्ने मानिसहरू छैनन् भनी सो सम्बन्धमा निजलाई सोधपुछ गर्दा निज B-1 ले म र प्रदिप चन्द भई चोरी गरेका थियौं भनेपछि अन्य बाँकी रहेको सामानहरू के कहाँ छन् ? ल्याएर प्रहरीलाई बुझाउनु पर्छ भनेपछि निजहरू भागेका थिए । यसरी भागेका B-1 लाई खोजी गरी फेला परेपछि सामानसहित प्रहरी कार्यालयमा बुझाउनु पर्छ भनी खोजतलास गरिरहेको अवस्थामा निज B-1 जिल्ला दैलेख, ना.न.पा., वडा नं. ९ स्थित साँडुमा मामा घरमा गएको छ भन्ने थाहा पाएपछि सामानसहित B-1 प्रहरीमा बुझाई दिन्छु भनी सो स्थानमा गएँ । त्यहाँबाट पनि निजहरू भागिसकेको हुँदा उक्त स्थानमा गएको अवस्थामा सामानसहित प्रहरीले पक्राउ गरेको थियो भन्नेसमेत व्यहोराको मिति २०७०/१२/३ गतेको बयान ।

B-1 को बयानः

जिल्ला दैलेख, ना.न.पा., वडा नं. ६ बस्ने प्रदिप चन्द र म एउटै विद्यालयमा अध्ययन गर्ने गर्दथ्यौं । यसै क्रममा मिति २०७०/११/२० गते दिउसो विद्यालयमा गएको अवस्थामा निज प्रदिप चन्दले B-1 तसँग साँझ काम छ, म तेरो घरमा आउछु है भनेपछि सो रातभन्दा पहिला पनि आउनेजाने गर्ने भएकोले हुन्छ भनें । त्यस रातको अं. १०:३० बजेको समयमा मेरो घरमा आई मनकामना इन्टरप्राइजेज पसल चोरी गर्न जाँउ, त भने रेखदेख मात्र गरी दे, बाँकी काम म गर्छु भनी कर गरेपछि म र निज प्रदिप चन्द सँगै बजारमा गई मनकामना इलेक्ट्रोनिक्स् पसल नजिकै रहेको क्यान्टिनमा गई सो स्थानमा रहेको गैटी, बन्चरो, फलामको रड, पनियो, चक्कु लगी गई मैले आवतजावत गर्ने मानिसहरूलाई हेर्ने काम गरे भने निजले पछाडिको भित्ता फुटाली सो पसलभित्र रहेको विभिन्न कम्पनीद्धारा उत्पादित मोबाइल, क्यामरा, लगाएत इलेक्ट्रोनिक्स् चोरी ल्याएको थियो । जसमध्ये केही प्रदिप चन्दले लगेको थियो भने केहि मैले लिएको थिए । वारदातको क्रममा ल्यापटप भने चोरी गरेका थिएनौं । पछि आमाले सो घटनापश्चात् प्रहरीमा बुझाउछु भनेपछि भागेको थिएँ भन्नेसमेत व्यहोराको B-1 को मिति २०७०/१२/११ गतेको बयान ।

जन्ममिति खुल्ने कागजः
यस विद्यालयको अभिलेखअनुसार निज B-1 को जन्ममिति २०५५/७/२८ गते हो भन्नेसमेत व्यहोराको सनराइज बोर्डिङ्ग स्कुलबाट प्राप्त पत्र ।

बालकृष्ण के.सी.को कागजः
मिति २०७०/११/२० गते म काम विशेषले काठमाडौंमा गएको अवस्थामा D-1 ले मनकामना इलेक्ट्रोनिक्स पसल चोरी भएको र उक्त पसल चोरी गर्ने B-1 र प्रदिप चन्द रहेछन् के गर्ने होला भन्नेसमे तको सरसल्लाह फोनबाट गरेकी थिइन् । त्यसबेला मैले गल्तीलाई लुकाएर हुँदैन, सामानसहित चोरी गर्नेलाई प्रहरीमा बुझाई देऊ भनेपछि निजले हुन्छ निजलाई प्रहरीमा बुझाउछु भनेकी थिइन् । त्यसपछि निजसँग कुनै सम्पर्क भएन । निज D-1 को छोरा B-1 घर छाडी भागेको रहेछ । निजलाई जिल्ला दैलेख, ना.न.पा., वडा नं. ९ साँडुमा मामा घरमा गएको छ भन्ने थाहा पाई सामानसहित निजलाई प्रहरी कार्यालयमा बुझाउन गएको अवस्थामा प्रहरीले पक्राउ गरेको भन्ने सुनेको छु भन्नेसमेत व्यहोराको मिति २०७०/१२/१३ गतेको कागज ।

सीता कार्कीको कागजः
मनकामना इलेक्ट्रोनिक्स चोरी गरी भागेको B-1 जिल्ला दैलेख, ना.न.पा., वडा नं. ९ स्थित साँडुमा गएको भन्ने जानकारी पाएपछि दिदी D-1 ले त घरमा बस्, B-1 लगायत साँडुमा गएका छन् रे, सामान पनि लैजान्छु, त्यहाँ तिनीहरूलाई भेटेपछि सामानसहित प्रहरीलाई बुझाएर आउछु भनी जानु भएको थियो । यसै क्रममा प्रहरीले उल्लेखित स्थानमा गई निज D-1 लाई पक्राउ गरेका थिए भन्नेसमेत व्यहोराको मिति २०७०/१२/१३ गतेको कागज ।

कुवेरराज अधिकारीको कागजः
मिति २०७०/११/२० गते मनकामना इलेक्ट्रोनिक्स्बाट चोरी गरेका सामानहरू भाउजु D-1 ले फेला पारी यकीन भइसकेपछि मसँग सल्लाह हुँदा जे हुनु भयो सामानसहित B-1 लाई प्रहरीमा बुझाउनु पर्छ भन्ने सल्लाह भयो तर निज B-1 घर छाडी भागेको हुँदा निजलाई खोजतलास गरिरहँदा निज B-1 जिल्ला दैलेख, ना.न.पा., वडा नं. ९ स्थित साँडुमा गएको जानकारी पाएपछि भाउजु D-1 ले सामान लिएर जान्छु B-1 लाई प्रहरीमा बुझाउछु भनी जानु भएको थियो सोहि समयमा प्रहरीद्धारा भाउजु पक्राउमा पर्नु भएको हो भन्नेसमेत व्यहोराको मिति २०७०/१२/३ गतेको कागज ।

अभियोग मागदाबीः
B-1 र प्रदिप चन्दले योजना बनाई मनकामना इन्टरप्राइजेजमा नकवनजी चोरी गरी मुलुकी ऐन, चोरीको महलको १ र ३ बमोजिम कसूर गरेको हुँदा सोहि महलको १४(१) नं. बमोजिम सजाय हुन र जाहेरवालालाई सोहि महलको १० र २१ नं. बमोजिम बिगो भराई पाउन साथै प्रतिवादी B-1 का हकमा

निजको उमेर १६ वर्षभन्दा मुनि रहेकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमाजिम हुन र प्रतिवादी D-1 को हकमा चोरीको सामान हो भन्ने जानीजानी आफ्नो साथमा राखेकोले सोही महलको २४ नं. बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

प्रतिवादी D-1 को अदालतसमक्षको बयानः

मिति २०७०/११/२१ बिहान मेरो देउरानी छोरो बिरामी भएकाले बजारतर्फ आउँदै गर्दा घरदेखि माथि १०/१५ मिटरको दुरीमा रहेको झोला देखी मैले देउरानीलाई देखाएँ । देउरानी झोला नजिकै गई खोली हेर्दा मोवाइल लगाएतका सामान हुन् भनिन् । पछि घरमा लिई राखेको हुँ । पछि ऐ. दिन बिहान ९ बजे पवित्र मेडिकल नजिक आइपुग्दा मनकामना इन्टरप्राइजेजको पसल चोरी भएको हल्ला सुनेपछि उक्त भेटाएका सामान चोरीको भनी अनुमान गरी घरमा गई छोरा B-1 लाई कस्को सामान हो ? मैले भेटाए भनी सोध्दा उसले आलटाले उत्तर दिएपछि निजमाथि शङ्का लागी कुटपिट गर्दा मैले चोरेको होइन, प्रदिपले म होस्टेलमा बस्छु त घरमा लिएर राख भन्दा मैले ती सामान लिई घरमा राख्न डर लागेपछि घरमाथि जङ्गलमा राखेको हुँ भनी भनेपछि मैले थाहा पाएको हुँ । ऐ. ४ बजे सनराइज बोर्डिङ्गमा आई शिक्षकसँग छलफल गर्दा तपाई भोली आउनु छलफल गरौला भनेपछि म घर गएँ । भोलिपल्ट बिहान ९ बजे विद्यालयमा आई शिक्षकसँगै राखी प्रदिपको आमा, म, B-1 र प्रदिप बीच चोरीको विषयमा छलफल गर्दा निजहरू B-1 र प्रदिप दुवै मिली चोरेका रहेछन् । प्रदिपलाई तैले राखेको सामान ल्याएर आइज भन्दा निज गएकोमा फर्की नआएपछि त्यसको केही समयपछि B-1 पनि रातमा नै भागी गए । मैले अभियोग दाबीबमोजिम कसूर नगरेकाले सजाय पाउनु पर्ने होइन भनी प्रतिवादी D-1 ले मिति २०७०/१२/१६ मा अदालतसमक्ष गरेको बयान ।

प्रतिवादी B-1 को अदालतसमक्ष गरेको बयानः

म र प्रदिप चन्द भई त्रि.न.उ.मा.वि.को क्यान्टिनको ताल्चा फोडी त्यहाँबाट बन्दोबस्तीका सामान लिई मनकामना इन्टरप्राइजेजको पछाडि गई प्रदिपले मलाई चियोचर्चो गर्न लगायो । निजले उक्त पसलको भित्ता फुटाई पछाडिपट्टिको मालसामान लिई कुसाडा जाने बाटोमा मालसामान बाड्यौं । प्रदिपले मेरो सामान तैले राख्, म होस्टेलबाट २/३ दिनपछि निस्कन्छु भनेपछि ती सबै सामान मैले लिई गएपछि घरमा आमाले थाहा पाउने डरले घर जाँदै खोल्सामा लुकाई राखेको थिए । हामीले चोरी गरेका सामान १२ थान मोबाइल, ३ थान क्यामरा, केहि चार्जर र लिडहरू हुन् । मेरो भागमा परेको ७ थान मोवाइल, २ थान क्यामरा, र केही चार्जर र लिडहरू हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी B-1 ले अदालतसमक्ष मिति २०७०/१२/१७ गते गरेको बयान ।

प्रतिवादी प्रदीप चन्दको अदालतसमक्ष बयानः

म र भाइ त्रि.न.उ.मा.वि., दैलेख क्यानटिनबाट बन्दोबस्तीका सामान लिई मनकामना इलेक्ट्रोनिक्स् पसलको दिवाल फोडी भित्र जाने प्वाल बनाई १२ थान मोवाइल, ३ थान क्यामरा, रु. ५०/- का २

थान एन सेल रिर्चाज कार्ड, २ थान क्यामरा, केहि चार्जर र रु. ८००/- चोरी गरेका हौं । मलाई ५ थान मोवाइल, १ थान क्यामरा, २ थान चार्जर र ४०० रुपैयाँ भाग पर्यो र बाँकी B-1 को भागमा पर्यो । पछि मेरो भागमा परेको रु. ४००/- बाहेक सबै सामान प्रतिवादी B-1 लाई राख्न दिएको हुँ । सोहि दिन म मामाघर नेपालगञ्ज गएँ । २०७०/१२/२० गते म घर आएको हुँ । जाहेरी व्यहोरा झुठ्ठा हो । हामीले माथि उल्लेखित सामानहरू मात्र चोरी गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रदिप चन्दले अदालतसमक्ष मिति २०७१/१/५ गते गरेको बयान ।

बादीका साक्षीको बकपत्रः
वारदात मितिमा म काठमाडौंमा थिएँ । मिति २०७०/११/२१ गतेका दिन प्रतिवादी D-1 ले घरदेखि माथि वेवारिसे अवस्थामा इलेक्ट्रोनिक्स् सामानहरू भेटाई छोरा B-1 लाई सोधपुछ गर्दा छोरा B-1 र प्रदिप चन्दले चोरी ल्याई राखेको थाहा पाई मलाई २०७०/११/२२ गते फोन गरेकी थिइन् । प्रतिवादीहरू B-1 र प्रदिप चन्द म अध्यक्ष भएको सनराइज इङ्गलिस स्कुलको विद्यार्थी हुन् । गलत कार्यलाई प्रोत्साहित गर्नु हुँदैन भनी मैले चोरेका सामान र प्रतिवादीहरूलाई प्रहरीमा बुझाई देउ भनेको थिएँ । अनुसन्धान अधिकृतसमक्ष गरेको कागज व्यहोरा र सहिछाप मेरै हो भने मौकामा बुझिएका बालकृष्ण केसीले अदालतसमक्ष गरेको बकपत्र ।

मिति २०७०/१२/१३ गते अनुसन्धान अधिकृतसमक्ष लेखाएको कागज व्यहोरा र सहिछाप मेरै हो भनी मौकामा बुझिएकी सिता कार्कीले अदालतसमक्ष गरेको बकपत्र ।

जाहेरवाला सनोजमेहर कायस्थको अदालतसमक्ष गरेको बकपत्रः
मेरो पसल मनकामना इन्टरप्राइजेज एण्ड सप्लायर्समा मिति २०७०/११/२० गते बिहान अनदाजी २/३ बजेतिर चोरी भएको हुनु पर्छ । मैले ७ बजे मात्र थाहा पाएको हुँ । मेरो पसलबाट जाहेरीमा उल्लेखित बिगो वरावर सामान चोरी भएको रहेछ । मैले मिति २०७०/११/२१ गते जिल्ला प्रहरी कार्यालय, दैलेखमा दिएको जाहेरी दरखास्त पढी बाँची सुनाउँदा सुनें । सोमा भएको व्यहोरा ठीक छ । सहिछाप मेरै हो । प्रतिवादी D-1 बाट प्रहरीले चोरीका केही सामानसहित पक्राउ गरेपछि प्रतिवादीहरू B-1 र प्रदिप चन्दले चोरी गरेको कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको जाहेरवाला सनोजमेहर कायस्थको अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी प्रदिप चन्दका साक्षी रत्नबहादुर चन्दको बकपत्रः
२०७०/११/२० गते म आफ्नै घरमा थिएँ । प्रतिवादी प्रदिप चन्द सनराइज बोर्डिङ्ग स्कुलको होस्टेलमा बस्दथे । प्रतिवादी प्रदिप चन्द होस्टेलमा बस्ने भएकोले चोरी भएपछि कहाँ गयो थाहा भएन । पछि सम्पर्कमा आउँदा अदालतसमक्ष उपस्थित गराएको हो । निजले सम्पर्कमा आइसकेपछि आफु र B-1 भई मनकामना पसलमा चोरी गरी चोरीका सामान प्रतिवादी B-1 लाई बुझाई होस्टेल गई त्यहाँबाट भागेको

कुरा गरेका थिए । प्रदिपकाअनुसार ५ वटा मोवाइल, २ वटा एयरफोन आफ्नो भागमा परेको भनी भनेका थिए भन्नेसमेत व्यहोराको प्रतिवादी प्रदिप चन्दका साक्षी रत्नबहादुर चन्दले अदालतसमक्ष गरेको बकपत्र ।

प्रतिवादी B-1 र D-1 का साक्षीको बकपत्रः
मिति २०७०/११/२० गते राति म आफ्नो घरमा सुतिरहेको थिए । २० गते साँझ ५/६ बजेतिर प्रतिवादी B-1 लाई दैलेख बजार देवकोटाचोकमा ठुलो बुबा माधव अधिकारीको घरमा खेलिरहेको देखेको थिएँ । प्रतिवादी D-1 लाई देखिँन । निजहरूले अभियोगपत्रअनुसार कसूर गरेकोमा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादीहरू B-1 र D-1 का साक्षी मिनबहादुर थापाले अदालतसमक्ष गरेको बकपत्र ।

वदामदी मुचुल्काका साक्षी प्र.स.नी. शुशोभन श्रेष्ठले गरेको बकपत्रः
वरामदी मुचुल्कामा लेखिएका सामानहरू दैलेख नारायण न.पा., वडा नं. ९ साँडु राजपानीस्थित मंगला थापाको घरको आगनमा प्रतिवादी D-1 को साथबाट वरामत गरिएको हो । वरामदी मुचुल्काको व्यहोरा देखाई सुनाउँदा सुने । व्यहोरा ठीक छ । सहिछाप मैरै हो भन्नेसमेत व्यहोराको प्र.स.नी शुशोभन श्रेष्ठले अदालतसमक्ष गरेको कागज ।

अदालतको ठहर

नियमबमोजिम आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरू श्री सुरेन्द्रकुमार अधिकारी र श्री ललितबहादुर मल्लले प्रतिवादीहरू B-1 र प्रदिप चन्द नाबालक भएको साथै निजहरूको चालचलन सन्तोषजनक भएकोले निजहरूलाई सुधिने मौका दिइनु पर्दछ र अर्का प्रतिवादी D-1 विरुद्धको अभियोग पृष्टि हुने आधार प्रमाण नभएकाले निजले अभियोग दाबीबाट सफाई पाउनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो । प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा निर्णय दिनु पर्ने देखिएको छः
१) अभियोग दाबीबमोजिम चोरी भएको हो वा होइन ?
२) सो कार्यमा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? भए निजहरूउपर के कस्तो व्यवहार हुनु पर्ने हो ?

पहिलो प्रश्नतर्फ विचार गर्दा जिल्ला दैलेख, ना.न.पा. वडा नं. १ स्थित त्रिभुवन नमूना उच्च मा.वि. दैलेखको व्यापारिक भवनमा सञ्चालन गरेको मनकामना इलेक्ट्रोनिक्सको पछाडिबाट भित्ता फुटाली उक्त पसलभित्र रहेको विभिन्न कम्पनीद्धारा उत्पादित क्यामरा, मोवाइल, ल्यापटप, लगाएत इलेक्ट्रोनिक्स् समानहरू र नगद तथा रिर्चाजसमेत गरी रु. ६,६६,८५०/- बिगो चोरी भएकोले चोरी गर्नेको पत्ता लगाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको सनोजमेहर कायस्थले मिति २०७०/११/२१ मा दिएको जाहेरी परेको र जिल्ला दैलेख, ना.न.पा., वडा नं. १ स्थित मनकामना इलेक्ट्रोनिक्स्मा मिति २०७०/११/२० गते पसलको पूर्वतर्फको ढुङ्गाको पर्खाल ३४ इन्च फराकिलो गोलाकार फुटालिएको, भित्रि प्लाईको भाग १० इन्च फराकिलो र उचाई ८.५ भित्ता फुटालिएको, उक्त पसलभित्र सामानहरूको

खोलहरू यत्रतत्र छरिएको अवस्थामा रहेको भन्ने घटनास्थल मुचुल्का रहेको देखिन्छ । प्रतिवादीहरू B-1 र प्रदिप चन्दले बयान गर्दा पसलको भित्ता फोडी ताल्चा फोडी चोरी गरेको भनी कसूरमा साबित रही चोरी गरेका सामानहरूको विवरण खुलाएका तथा प्रतिवादीमध्येकी D-1 का साथ वरामत भएका सामानहरू जाहेरवालाबाट सनाखतसमेत भएको पाइन्छ । यसरी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, वरामदी मुचुल्का तथा प्रतिवादीहरूको बयान व्यहोरासमेतबाट जाहेरवालाको पसलमा नकवजनी चोरी भएको व्यहोरा पुष्टि भएको देखिन्छ ।

के कति बिगोको धनमाल चोरी भएको हो ? भन्ने अर्को प्रश्नतर्फ विचार गर्दा अभियोगपत्रमा जाहेरवालाले जम्मा बिगो रु. ६६,६,८५०/- वरावरको भनी दाबी भएको पाइन्छ । यद्दपि सो मालसमान खरिद बिक्रीको विलसहित स्टोर रेकर्ड पेश हुन सकेको देखिँदैन ।

प्रतिवादी B-1 ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा १२ थान मोवाइल, ३ थान क्यामरा, केही चार्जर र लिडहरू हामीले चोरी गरेका हौं । सोमध्ये ७ थान मोवाइल, २ थान क्यामरा र केहि चार्जर र लिडहरू मेरो भागमा परेका हो भन्नेसमेतको तथ्य उल्लेख भएको पाइन्छ ।

अर्का प्रतिवादी प्रदिप चन्दले अदालतसमक्ष बयान गर्दा १२ थान मोवाइल, ३ थान क्यामरा र रु. ५०/- का २ थान एन सेल रिर्चाज कार्ड, २ थान क्यामरा, केहि चार्जर र रु. ८००/- चोरी गरेका हौं । सोमध्ये मलाई ५ थान मोवाइल, १ थान क्यामरा, २ थान चार्जर र रु. ४००/- रुपैयाँ भाग पर्यो र बाँकी B-1 को भागमा पर्यो । पछि मेरो भागमा परेको रु. ४००/- बाहेक सबै सामान प्रतिवादी B-1 लाई राख्न दिएको हुँ भन्नेसमेत व्यहोरा उल्लेख गरेको पाइन्छ ।

सनाखतको लागि देखाइएका वरामदी मुचुल्कामा उल्लेखित मोवाइल लगायतका सामानहरू आफ्नो पसलबाट चोरी भएका सामानहरू मध्येका हुन् भनी जाहेरवालाले मिति २०७०/११/२८ गते गरिदिएको सनाखत कागज मिसिल सलंग्न रहेको देखिन्छ । उल्लेखित वरामद भएका सामानहरू अभियोगपत्र साथ पेश भई जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०क को प्रयोजनका लागि आदेशबमोजिम तपसिलबमोजिम मूल्याङ्कन भएको पाइन्छ ।

सि.न.	विवरण	परिमाण	दर	मूल्य रु.	कैफियत
१.	फलामको गैटी	थान-१	१००/-	१००/-	ह्रास कट्टी गरी
२	फलामको रड	थान-१	२०/-	२०/-	
३	वन्चरो	थान-१	२००/-	२००/-	
४	स्टिलको चक्कु	थान-१	२५/-	२५/-	
५	फलामको पन्यु	थान-१	५०/-	५०/-	

६	कालो रंगको झोला	थान-१	२५/-	२५/-	
७	Videocon Mobile	थान-१	७,१२५/-	७,१२५/-	
८	Intex cloud X2 mobile	थान-१	६,३७५/-	६,३७५/-	
९	Micromax X501 mobile	थान-१	८,६२५/-	८,६२५/-	
१०	Samsung camera Es 10	थान-१	८,६२५/-	८,६२५/-	
११	Samsung camera St 65	थान-१	९,३७५/-	९,३७५/-	
१२	Karbon k45t	थान-१	३,३७५/-	३,३७५/-	
१३	Karbon k57	थान-१	३,०००/-	३,०००/-	
१४	Samsung camera charger	थान-१	९००/-	९००/-	
१५	Samsung camera AV लिड	थान-२	२२५/-	२२५/-	
१६	Carbon mobile charger	थान-१	३००/-	३००/-	
१७	Micromax mobile charger	थान-१	३००/-	३००/-	
१८	Fire master charger	थान-१	१८७/-	१८७/-	
१९	Samsung mobile headphone	थान-१	३००/-	३००/-	
२०	Samsung demo	थान-२	१,१२५/-	१,१२५/-	
२१	पहेलो रंगको थैली	थान-१	-	-	
२२	रातो प्लाष्टिक	थान-१	-	-	
	जम्मा			५१,६०७/-	

यसरी अभियोगपत्रमा जाहेरी दरखास्तमा उल्लेख भएबमोजिमको रु. ६,६६,८५०/- बिगो वरावरको मालसमान चोरी भएको भन्ने दाबी भएको भए तापनि सो दाबीलाई पुष्टि गर्ने गरी मालसमानको खरिद बिक्रीको विल भरपाईसहित स्टोर विवरण पेश हुन सकेको देखिँदैन । वरामत भएका सामानको बिगो माथि उल्लेख भएबमोजिम जम्मा मूल्य रु. ५१,६०७/- वरामत कायम भएको देखिन्छ ।

यस प्रकार अभियोग दाबीमा रु. ६,६६,८५०/- वरावरको धनमाल चोरी भएको भन्ने अभियोग दाबी भएको भए तापनि सो बिगो वस्तुनिष्ट ढङ्गबाट पुष्टि हुन सकेको देखिँदैन । साथै वस्तुनिष्ठ ढङ्गबाट पुष्टि नभएको बिगो अनिश्चित दाबीकै भरमा कायम गर्न न्यायसँगत पनि देखिँदैन । अतः माथि उल्लेख भएबमोजिम वरामदी मुचुल्कासमेतको वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि भएको रु. ५१,६०७/- वरावरको धनमाल चोरी भएको ठहर हुन्छ ।

चोरीको १ नं.को कसूरमा सोही महलको १४(१) नं बमोजिम सजाय मागदाबी भई अभियोग भएका प्रतिवादीहरू B-1 र प्रदिप चन्द दुवैजना अदालतसमक्ष कसूरमा साबित रही बयान गरेका र निजहरूको

सबिती बयान वरामदी मुचुल्कासमेतबाट समर्थिक भएको देखिँदा निज प्रतिवादीहरूले अभियोग दाबीबमोजिम चोरीको १४(१) नं. को कसूर गरेको देखियो ।

अतः प्रतिवादी प्रदीप चन्दलाई चोरीको १४(१) नं. बमोजिम १ महिना १५ दिन कैद र रु. ८०,४१०/५० जरिवाना हुने ठहर्छ। अर्का प्रतिवादी B-1 का उमेर १५ वर्षको रहेको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को ११(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा २२ दिन कैद र रु. ४०,२०५/५० जरिवाना हुने ठहर्छ ।

चोरीको २४ नं. को अभियोग दाबी भएका अर्का प्रतिवादी D-1 का हकमा विचार गर्दा निजले आफु सामानसहित छोरालाई प्रहरीसमक्ष बुझाउन भनी छोरालाई खोज्न गएको अवस्थामा पक्राउ परेको हो, सामान लिने खाने नियतले आफ्नो साथमा राखेको होइन भनी कसूरमा इन्कार रही गरेको इन्कारी बयान, मौकामा कागज गर्ने बालकृष्ण के.सी. र सिता कार्कीले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट समर्थित भएको देखिन्छ । अतः निज विरुद्धको अभियोग दाबी वस्तुनिष्ठ ढङ्गबाट पुष्टि हुन नसकेकोले निजले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ ।

मिसिल संलग्न सामाजिक अध्ययन प्रतिवेदनबाट प्रतिवादी B-1 को मानसिक एव शारीरिक अवस्था सामान्य रहेको तथा निज अध्ययनरत विद्यालयबाट प्राप्त मासिक प्रतिवेदनबाट निजको चालचलन राम्रो रहेको र हाजिरी रेकर्डबाट निजको कक्षामा उपस्थित नियमित देखिएको छ । उल्लेखित सुधारोन्मुख अवस्थालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम निजको सजाय स्थगित गरी दिएको छ ।

त्यसै गरी प्रदिप चन्दको उमेर १६ भई निज कक्षा १० मा अध्ययनरत रहेको अवस्थालाई समेत विचार गर्दा पहिलो पटकको कसूरमा कैदमा राख्न मनासिब नदेखिएकोले दण्ड सजायको महलको ११(क) को देहाय २ बमोजिम निजलाई कैदको हकमा १ दिनको पच्चीस रुपैयाँको दरले हुन आउने रु. १,०७५/- (एक हजार पचहत्तर) बुझाए कैद नगर्ने गरी यो फैसला गरी दिएको छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ को दफा २(क) बमोजिम गोपनीयता कायम गर्नु पर्ने प्रतिवादी नं. १ को D-1 र प्रतिवादी नं. २ को B-1 साङ्केतिक नाम कायम गरी दिएको छ । निजहरूको पहिचान गोप्य राख्न साङ्केतिक नाम राखी नियमानुसार गर्नु १

इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी D-1 ले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकाले केही गरिरहनु परेन २

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू B-1 लाई २२ दिन कैद र रु. ४०,२०५/२५ जरिवाना हुने ठहरेकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सो सजाय स्थगित गरिएकोले सोको लगत राखी निम्नानुसार कार्यान्वयन गर्नुः

क) निज B-1 को चालचलन तथा कक्षा हाजिरी रेकर्ड निज अध्ययनरत विद्यालयबाट मासिक रुपमा १ वर्षसम्म लिई निजको चालचलन र कक्षामा नियमित उपस्थित देखाए लगत असुल जनाई कट्टा गरी दिनु ।

ख) प्रकरण नं. क मा उल्लेख भएबमोजिमको व्यवहार नगरी कुनै कसूर गरेमा कानूनबमोजिम सजाय हुने भनी अभिभावकको रोहवरमा निज बालक B-1 लाई सूचीत गराई यो फैसलाको प्रतिलिपि दिनु ।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी प्रदिप चन्दलाई चोरीको १४(१) नं. बमोजिम १ महिना १५ दिन कैद र रु. ८०,४१०/५० जरिवाना हुने ठहरी फैसला भएकोमा जरिवाना असुल गर्नु र कैदको हकमा दण्ड सजायको महलको ११(क) को देहाय २ बमोजिम १ दिनको पच्चीस रुपैयाँको दरले हुन आउने रु. १,०६५/- बुझाए नियमानुसार गरी कैद कट्टा गरी दिनु ४

चोरीको बिगोको हकमा जाहेरवाला सनोजमेहर कायस्थले वरामद भएका सामानहरू मिति २०७१/३/५ मा बुझी लिई सकेकोले केही गरिरहनु परेन ५

यस अदालतको इन्साफमा चित्त नबुझे सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम श्री पुनरावेदन अदालत, सुर्खेतमा पुनरावेदन गर्नु भनी श्री जिल्ला सरकारी वकिल कार्यालय, दैलेखलाई र प्रतिवादीहरू B-1 र प्रदिप चन्दलाई पुनरावेदनको म्याद दिनु ६

जाहेरवालालाई जानकारी दिनको लागि फैसलाको जानकारी जिल्ला प्रहरी कार्यालय, दैलेखमा पठाई दिनु ..७

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ८

मा. न्यायाधीशज्यूले बोली टिपाएबमोजिम टिपोट गर्ने क.अ. खगेन्द्रकुमार खत्री ।

.....

न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर १० गते रोज ४ शुभम् .....।

रुपन्देही जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा

फैसला

सम्वत् २०७१ सालको मुद्दा नं. ०७१-CR-०१००

नि.नं.: १३२

मुद्दा: जवरजस्ती करणी ।

उपस्थिति

बालमनोवैज्ञानकिः शिवलाल भण्डारी

समाजसेवीः सुनिलकुमार त्रिपाठी

प्रदिपकुमार यादव

वादी	प्रतिवादी
परिवर्तित नाम २०७१(२) R को जाहेरीले नेपाल सरकार १	परिवर्तित वतन जिल्ला ५० बस्ने परिवर्तित २०७१ (२) S १
साक्षी	साक्षीः ×
परिवर्तित नाम २०७१(२) आर समेत वस्तुस्थिति मुचुल्काका मानिसहरू १	कागजः ×

कागजः

अभियोगपत्र साथ संलग्न कागजातहरू

अदालतबाट बुझेको

साक्षीः जाहेरवाला नाम परिवर्तित २०७१(२) आर, पीडित परिवर्तित नाम २०७१(२)ए

डा. बर्षा पौडेल

कागजः उमेर परीक्षण प्रतिवेदन

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेतले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः

जिल्ला रुपन्देही, बोधवार गा.वि.स., वडा नं. ३ बुचीस्थित पूर्वमा साजन पासीको घर, पश्चिममा भारतको दशगजातर्फ जाने कच्ची बाटो, उत्तरमा खाली जमिन, दक्षिणमा रुदल पासीको घर । यति चारजिल्लाभित्र रहेको साजन पासीको गोठमा उत्तर दक्षिण गरी राखेको १ फिट ४ इञ्च उचाई भएको काठको खाँट रहेको, सो खाँटको बीच फल्याकमा रातो रगत जस्तो पदार्थ सुकेको अवस्थामा रहेकाले फल्याक उठाई लगेको, सोही खाँटमा मिति २०७१/५/१६ गते परिवर्तित नाम २०७१(२) ए लाई परिवर्तित नाम २०७१(२) एस ले जवरजस्ती करणी गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम २०७१(२) एस लाई पक्राउ गरी दाखिला गरेका भन्ने प्रहरी प्रतिवेदन ।

मिति २०७१/५/९ गते म मजदुरीको लागि काममा गएको र श्रीमती माइती मावलीमा गएको अवस्थामा मेरो साहिली छोरी वर्ष ४ की नाम परिवर्तित २०७१(२) ए विपक्षी नाम परिवर्तित २०७१(२) एस को घरतर्फ खेल्न गएको अवस्थामा निज विपक्षीले एक्लै देखी जवरजस्ती आफ्नो कब्जामा लिई मुख थुनी घर नजिकै रहेको झोपडीमा लगी छोरीले लगाएको कट्टु जवरजस्ती खोली जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित २०७१(२) आर को जाहेरी दरखास्त ।

Labia majora swollen, hymen was torn भन्नेसमेत व्यहोराको परिवर्तित नाम २०७१(२) ए को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

Laceration over glans absent भन्नेसमेत व्यहोराको नाम परिवर्तित २०७१(२) एस को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०७१/५/१६ गते म छिमेकी नाम परिवर्तित २०७१(२) एस घरतर्फ खेलिरहेको अवस्थामा निजले मलाई निजको घर अगाडि रहेको गोठमा पलङमाथि पल्टाई मैले लगाएको कट्टु खोली मेरो सु गर्ने ठाउँमा आफ्नो सु गर्ने (लिङ्ग) जवरजस्ती भित्र घुसारी दिएपछि मलाई सारै पीडा भई रोई कराउँदा मुख थुनी दिएको र दिदीसमेतले थाहा पाई आएपछि निजले मलाई छाडी भागेको हो भन्नेसमेत व्यहोराको नाम परिवर्तित २०७१(२) ए ले गरेको घटना विवरण कागज ।

विगत १ वर्ष पहिलेदेखि निज कानूनमा विवादित बालक नाम परिवर्तित २०७१(२) एस लाई निजको आमा परिवर्तित नाम २०७१(२) यु सँग मैले घरमा ल्याई राखेको हुँ । निज बालक परिवर्तित नाम २०७१(२) यु र मेरो सम्भोगबाट जन्म भएको होइन । निजको जन्मदर्ता छैन र कुनै विद्यालयमा पनि भर्ना भएका छैनन् । निजले नाम परिवर्तित २०७१(२) ए लाई के कसरी जवरजस्ती करणी गरे थाहा भएन । साँझ घर आउँदा मात्र थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम २०७१(२) एस पि ले गरेको घटना विवरण कागज ।

मिति २०७१/५/१६ गते म घरमा नै खेलिरहेको अवस्थामा अ. १ बजेको समयमा नाम परिवर्तित गरिएको २०७१(२) ए पनि खेल्दै मेरो घरतर्फ आई सँगै खेलिरहेको अवस्थामा मलाई करणी गर्न मन लागी निजलाई मैले घर अगाडि रहेको गोठमा रहेको काठको पलङमा लगी पल्टाई मेरो उत्तेजित लिङ्ग निज बालिकाको पिसाब गर्ने ठाउँ (योनी) मा भित्र छिराउँदा निज एकदम जोरले चिच्याई निजको दिदीसमेत उक्त स्थानमा आएकीले म निजलाई सोही स्थानमा छाडी गएको हुँ भन्नेसमेत व्यहोराको कानूनमा विवादित बालकले गरेको बयान कागज ।

कानूनमा विवादित बालक परिवर्तित नाम २०७१(२) एस लाई खोजी गरेको बखत दाखिला गर्ने परिवर्तित नाम गरी २०७१(२)ं यु ले जिम्मा जमानीमा बुझि लिएको कागज ।

मिति २०७१/५/१६ गते मेरी साहिली बहिनी परिवर्तित नाम २०७१(२) ए प्रतिवादी परिवर्तित नाम २०७१(२) एसको घरतर्फ खेल्न गएको अवस्थामा सोतर्फबाट निज बहिनी चिच्याएको रोएको जस्तो आवाज सुनी के भएको हो भनी सोतर्फ जाँदा परिवर्तित नाम २०७१(२) एस को घर नजिक गोठमा मेरो बहिनी तल र माथि प्रतिवादी परिवर्तित नाम २०७१(२) एस चढी दुवैको कम्मर तल नाङ्गो अवस्थामा देखेको हुँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित २०७१(२) के ले गरेको घटना विवरण कागज ।

परिवर्तित नाम २०७१(२) एस को मानसिक अवस्थासमेत ठीक रहेको भन्नेसमेत व्यहोराको सामाजिक अध्ययन प्रतिवेदन ।

मिति २०७१/५/१६ गते जिल्ला रुपन्देही, बोधवार गा.वि.स., वडा नं ३ बुचीस्थितमा जाहेरवालाको घर नजिक कानूनमा विवादित बालक परिवर्तित नाम २०७१(२) एस ले जाहेरवालाकी छोरी परिवर्तित नाम २०७१(२) ए लाई जवरजस्ती करणी गरेको भन्ने गाउँघरमा होहल्ला सुनी घटनास्थलमा जाँदा निज पीडित बालिकले लगाएको कट्टुमा रगत लागेको अवस्थामा देखेको थिएँ । निज कानूनमा विवादित बालकलाई कानूनबमोजिम कारवाही गरी पीडितलाई उचित क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने व्यहोराको ओमप्रकाश उपाध्यायसमेतले गरेको वस्तुस्थिति मुचुल्का ।

परिवर्तित नाम २०७१(२) एस ले पीडित ४ वर्षिय २०७१(२) ए लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. को कसूर गरेकाले सोही महलको ३(१) बमोजिम हुने सजायमा प्रतिवादीको उमेर सुरु जाहेरी व्यहोराबाट १६ वर्षभन्दा कम भन्ने देखिँदा बालबालिककासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरी सोही महलकै १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी ।

मिति २०७१/५/१६ गते म आफ्नै घरमा थिएँ । पीडित रोइरहेको अवस्थमा मेरो भेट भएको हो । मैले किन रोएकी भन्दा घाउँ लागेको भनेकी थिइन् । के कसरी घाउँचोट लाग्यो बताइनन् । मैले पीडितलाई

जवरजस्ती करणी गरेको होइन । अनुसन्धानको क्रममा भएको बयान मैले भनेअनुसार लेखिएको होइन । मैले अभियोग दाबीअनुसार पीडितलाई जवरजस्ती करणी नगरेकाले दाबीबाट सफाई पाउनु पर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम २०७१(२) एस ले अदालतमा आई गरेको बयान ।

प्रतिवादी परिवर्तित नाम २०७१(२) एस ले मलाई घर नजिकैको घारीमा लगी मलाई सुताई मैले लगाएको कट्टु तल झारी आफुले लगाएको कट्टुसमेत खोली मेरो सु गर्ने ठाउँमा निजको सु गर्ने ठाउँ राखेका हुन् भन्नेसमेत व्यहोरा पीडित परिवर्तित नाम २०७१(२) ए ले गरको बकपत्र मिसिल सामेल रहेको ।

म भैरहवामा कामको सिलसिलामा आएको र श्रीमती माइतीमा गएको अवस्थामा घरमा यी पीडितसमेतका छोराछोरीमात्र थिए । सोही क्रममा प्रतिवादीले मेरो छोरी पीडित नाम परिवर्तित २०७१(२) ए लाई घारी गोठमा लगी जवरजस्ती करणी गरेको भनी छोरीले मसँग बताएकी हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला नाम परिवर्तित २०७१(२) आर ले गरेको बकपत्र मिसिल सामेल गरेको ।

मिति २०७१/५/१६ गते पीडितको स्वास्थ्य परीक्षण गरी दिएको रिर्पोट तथा सहिछाप मेरो हो । उक्त समयमा पीडितको स्वास्थ्य परीक्षण गर्दा योनीको बाहिरी भाग सुनिएको थियो । भित्रपट्टिको भल्भसमेत मिसिएको तरल पदार्थ भेटिएको थियो । योनीको भित्रपट्टिको भल्भमा छाला खुइलिएको थियो । कन्याजाली च्यातिएको थियो । पीडितको परीक्षण रिर्पोटमा देखिएका कुरा कुनै पुरुषले जवरजस्ती करणी गरेको खण्डमा पनि हुन सक्छन्, कुनै कडा चिज वस्तुले घोचेको कारण वा वाह्य आक्रमणबाट पनि योनीमा ती लक्षणहरू हुन सक्छन् भन्नेसमेत व्यहोराको विषेशज्ञ डाक्टर वर्षा पौडेलले अदालतमा आई गरेको बकपत्र ।

परिवर्तित नाम २०७१(२) को उमेर परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री कमलराज पन्थीले प्रतिवादी नाम परिर्वतन २०७१(२) एस ले पीडित वर्ष ४ की नाबालक नाम २०७१(२) ए लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. को कसूर गरेकाले सोही महल ३(१) कमोजिम हुने सजायमा प्रतिवादीको उमेर सुरु जाहेरी व्यहोराबाट १६ वर्षभन्दा कम भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरी सोही महलकै १० नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गुणनिधि लम्सालले यस प्रतिवादीको उमेर अवस्थासमेतबाट पीडितलाई जवरजस्ती करणी गर्न सक्ने अवस्था नदेखिएको, प्रतिवादीले पीडितलाई दाबीबमोजिम जवरजस्ती करणी नगरेकोले सफाई पाउनु पर्छ भनी गर्नु भएको बहस

तथा उपस्थित बालमनोवैज्ञानिक तथा समाजसेवीहरूको सल्लाह छलफलसमेत सुनी मिसिल अध्ययन गरी किनारा गरी दिए हुने भएको प्रस्तुत मुद्दामा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर गरेका हुन् होइनन् ? कसूर गरेको भए निजलाई के कस्तो सजाय हुनु पर्ने हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो । निर्णयतर्फ विचार गर्दा प्रतिवादी नाम परिवर्तित २०७१(२) एसउपर पीडित नाबालक २०७१(२) क लाई जवरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई जवरजस्ती करणीको १ नं.को कसूरमा ऐनको ३ नं. देहायको १ बमोजिम सजाय गर्नु पर्नेमा निज प्रतिवादीको उमेर १६ वर्षभन्दा कम उमेरको भन्ने हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरी सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग दाबी भएको प्रस्तुत मुद्दामा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन भनी दाबी लिएको देखिँन आएकोमा लुम्बिनी अञ्चल अस्पताल, बुटवलको मिति २०७१/६/२४ च.नं. ३९८ को पत्रसाथ प्राप्त भएको प्रतिवादीको उमेर जाँच प्रतिवेदनबाट प्रतिवादी २०७१(२) एस को उमेर १३ वर्षदेखि १५ वर्षको भन्ने देखिन आएकोले निज प्रतिवादी नाम परिवर्तित २०७१(२) एस को उमेर १४ वर्ष पुगी नसकेको वा १४ वर्षभन्दा कम उमेरको रहेछ भन्ने भन्नु पर्ने हुन आयो ।

निज प्रतिवादी २०७१(२) एसउपर पीडित २०७१(२) लाई जवरजस्ती करणी गरेको भनी परेको किटानी जाहेरीबमोजिम भएको प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागजमा निज प्रतिवादीले पीडित २०७१(२) को योनीमा आफ्नो लिङ्ग भित्रै छिराउँदा निज बालिका एकदम जोरले चिच्याएको, सोही समयमा निजकै दिदी दौड्दै आएको देखेपछि मैले निज बालिकालाई सोही स्थानमा छाडी भागी गएको भनी साबिती भई बयान कागज गरेको देखिन्छ । यसरी नै पीडित २०७१(२) ए ले मिति २०७१/५/१८ मा मौकामा कागज गर्दा प्रतिवादी २०७१(२) एस ले मेरो सु गर्ने ठाउँमा आफ्नो सु गर्ने (लिङ्ग) जवरजस्ती भित्र घुसारी दिएपछि मलाई साह्रै पीडा भई दुखेपछि रोई कराई गर्न लाग्दा मुख थुनी दिएको दिदी आएपछि मलाई छाडी भागेका भनी प्रतिवादीउपर किटानी कागज गरेको देखियो । पीडित २०७१(२) ए को शारीरिक परीक्षणबाटः

Labia majora swollen,

Blood mixed discharge present over vulva,

Vulva was tender to touch,

Laceration present over vulva,

Hyman was torn. No foreign bodies like raw wood were present on vegina, भन्ने देखिन आएकोमा त्यस्तो पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकले अदालतमा आई सोही प्रतिवेदनलाई पुष्टि हुने गरी बकपत्र गरी दिएको देखिन्छ । साथै पीडित २०७१(२) ए ले अदालतमा आई बकपत्र गर्दा आफ्नो मौकाको प्रतिवादी विरुद्धको किटानी कागजलाई नै समर्थन गर्ने कागज गरी दिएका समेतका यस्ता उल्लेखित भौतिक अभौतिक प्रमाण परिवन्दबाट पीडितको यौनाङ्गको भित्री र बाहिरी भागमा देखिएको त्यस्तो अवस्था र स्थिति कुनै वाह्य कारण वा अवस्थाबाट हुन गएको रहेछ भनी भन्न सकिने अवस्था

मिसिलबाट देखिन नआएको, मिसिल संलग्न कागज प्रमाणबाट पीडितको योनीमा लागेका घाउँचोटहरू प्रतिवादीले जवरजस्ती करणी गरेकोबाट हुन गएको भन्ने पुष्टि हुन आयो । यसैले निज प्रतिवादीले अभियोग दाबीबमोजिम पीडितलाई जवरजस्ती करणी गरेको देखियो ।

अव प्रतिवादीको हकमा सजायतर्फ विचार गर्दा निजउपर जवरजस्ती करणीको ३ नं. देहाय १ बमोजिम सजायको मागदाबी रहे पनि निज प्रतिवादीउपर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुने भन्ने दाबी रहेकोबाट सो कानूनी व्यवस्थाबमोजिम प्रतिवादीलाई बढीमा ६ महिनासम्म कैद हुन सक्नेमा निज प्रतिवादीको अवस्था र स्थिति निजको चालचलनसमेतलाई विचार गरी प्रतिवादी २०७१(२) एस लाई सोही ऐनबमोजिम कैद महिना ४(चार) हुने ठहर्छ ।

प्रतिवादी पीडित २०७१(२) ए लाई जवरजस्ती करणी गरेको ठहरी फैसला भएकोले निज प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गर्दा रु. ५०००/- (पाँच हजार) पीडितले जवरजस्ती करणीको १० नं. बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम २०७१(२) एसके माथि इन्साफ खण्डमा लेखिएबमोजिम जवरजस्ती करणीको ३ नं. को कसूरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम कैद महिना ४(चार) हुने र प्रतिवादीबाट पीडितले रु. ५०००/- (पाँच हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहरी फैसला भएकोले निज प्रतिवादी परिवर्तित नाम २०७१(२) एस मिति २०७१/५/१६ गतेसम्म अनुसन्धानको क्रममा थुनामा रही मिति २०७१/६/२३ गतेबाट पुर्पक्षका लागि बाल सुधार गृह, साराङकोट, कास्कीमा थुनामा बसेको देखिँदा मिति २०७१/५/१६ देखि निजलाई लागेको कैद कट्टा हुने गरी लगत कसी असुलउपर गर्नु र कैद भुक्तान भएपश्चात् प्रतिवादीलाई थुनाबाट छाडी दिन भनी बाल सुधार गृह, साराङकोट, कास्कीलाई लेखी पठाई दिनु १

प्रतिवादी परिवर्तित नाम २०७१(२) एस बाट पीडित नाम परिवर्तित २०७१(२) ए ले जवरजस्ती करणीको १० नं. बमोजिम रु. ५०००/- (पाँच हजार) क्षतिपूर्ति भराई लिन पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि भराई पाऊँ भनी पीडित ऐनका म्यादभित्र दरखास्त दिन आए नियमानुसार क्षतिपूर्ति भराई दिनु २

जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई यस फैसलाउपर चित्त नबुझे श्री पुनरावेदन अदालत, बुटवलमा पुरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्यादसहित फैसलाको जानकारी दिनु ३

प्रतिवादी परिवर्तित नाम २०७१(२) एस लाई यस फैसलाउपर चित्त नबुझे श्री पुनरावेदन अदालत, बुटवलमा पुरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्याद दिनु ४

सरोकारवाला फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ६

टाइप गरी फैसला तयार गर्ने डि. सपना गौतम ।
फाँटवालाः ना.सु. युवराज पन्थी

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर ११ गते रोज ५ शुभम् .....।

बाँके जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.बाट भएको

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः बिनोदकुमार उपाध्याय

समाजसेवीः ×

सम्वत् २०७१ सालको ०७१-CR-००९१ को बालबिज्याँई ।

दर्ता नं.: ७४-०७१-००४७३

दर्ता मितिः २०७१/६/२९

नि.नं.: ८४

मुद्दाः जवरजस्ती करणी उद्योगसम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन

परिवर्तित नाम बाँके १० को जाहेरीले नेपाल सरकार १

ऐ.ऐ. को साक्षी

प्रमाणः

जाहेरवाली परिवर्तित नाम बाँके १०

घटना विवरणका मानिसहरू

प्रतिवादीको नाम, थर, वतन

जिल्ला दैलेख, दुल्लु न.पा., वडा नं.१० बस्ने परिवर्तित नाम १० ख को छोरा परिवर्तित नाम १० क १

ऐ.ऐ. को साक्षी

चाँदनी जोशी

विपुल शर्मा

अनिता महत

प्रमाणः ×

अदालतबाट बुझेको

प्रमाणः

साक्षीः चाँदनी जोशी, परिवर्तित नाम बाँके १०

कागजः ×

कानून व्यवसायी

वादीको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधीवक्ता नविन कुमार भट्ट ।

प्रतिवादीको तर्फबाट विद्वान अधिवक्ता बासुदेव ज्ञवाली
विद्वान अधिवक्ता खिमराज गिरी ।

अवलम्वित नजिर

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छः

तथ्य खण्ड

१. जिल्ला बाँके, नेपालगञ्ज न.पा., वार्ड नं. १६ स्थित पूर्वमा गजेन्द्र हमालको घर, पश्चिममा हेल्थपोष्ट, उत्तरमा राधा शर्माको घर, दक्षिणमा रामप्रसाद शर्माको घर । यति चारकिल्लाभित्र रहेको शारदा घर्तिको दुई तले घर, सो घरको पहिलो तलाको पहिलो कोठामा बस्ने परिवर्तित नाम १० लाई परिवर्तित नाम १० क ले जवरजस्ती करणी उद्योग गरेको भन्ने घटनास्थल मुचुल्का ।

२. म जाहेरवाली बाँके, नेपालगञ्ज न.पा., वार्ड नं. १६ स्थित अङ्कल अन्टीको घरमा बसी अध्ययन गर्दै आइरहेको छु । मिति २०७१/६/७ गते दिउँसो म जाहेरवाली घर कोठामा नै बसी परीक्षाको तयारी गरिरहेको अवस्थामा दिनको अं. ३:०० बजेको समयमा घरमा अङ्कल अन्टी घरमा नभएको मौका छोपी अन्यायी परिवर्तित नाम १० क परीक्षाको तयारी के कस्तो छ भनी सोध्ने बहानामा मेरो कोठाभित्र आई कोठामा बसी मलाई एक्कासी जवरजस्ती करणी गर्ने मनसायले मेरो स्तनमा समातेको हुँदा मैले किन यस्तो गरेको तिमी कोठाबाहिर जाउँ भन्दा निजले साथमा ल्याएको कण्डम देखाई एक पटक शारीरिक सम्पर्क राख्न देउ भनी मलाई कोठामा नै लडाई मेरो कपडा खोल्न लाग्दा मैले रोई कराई गरेपश्चात् घरमा बस्ने एक जना दिदी आएपछि निज अन्यायी भागी गएकाले निजलाई पक्राउ गरी कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको परिवर्तित नाम बाँके १० को जाहेरी दरखास्त ।

३. मिति २०७१/६/८ गते प्रतिवादीलाई फेला पारी दाखिला गरेको छु भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

४. निवेदक परिवर्तित नाम १० ख विपक्षी जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिवादी परिवर्तित नाम १० क लाई फिर्ता पठाएको भन्ने पुनरावेदन अदालत, नेपालगञ्जको पत्र ।

५. म र जाहेरवाली एउटै विद्यालयमा एउटै कक्षामा अध्ययन गर्दछौं । हामी दुवैजना एउटै टोलमा समेत बस्ने गर्दछौं । हाम्रो कक्षाको परीक्षा चलिएको हुँदा मिति २०७१/६/७ गतेका दिन परीक्षा दिएर कोठामा आएपश्चात् मैले जाहेरवालीलाई करणी गर्ने सोच राखी जाहेरवालीसँग भोलिपल्ट हुने परीक्षाको के कस्तो तयार गरेकी छौ भनी निजको कोठामा गएकोमा निजको घरमा कोही नभएको र जाहेरवालीमात्र कोठामा बसेको देखी मलाई झन यौन इच्छा जागी मैले जाहेरवालीको स्तन समाती निजलाई एक पटक करणी गर्न देउ भनेकोमा निजले तिमी के गर्दछौ कोठाबाट बाहिर जाउ भनेपछि मैले साथमा रहेको कण्डम देखाई एक पटक शारीरिक सम्पर्क राख्दैमा केही हुँदैन भनी निजलाई समाती कपडा खोल्न लाग्दा निजले रोई कराई गर्दा सो घरमा बस्ने मान्छे आएको थाहा पाई भागी गएको हुँ भन्ने व्यहोराको परिवर्तित नाम १०क को बयान ।

६. जवरजस्ती करणी उद्योग मुद्दामा थुनामा रहेका छोरा परिवर्तित नाम १०क को जन्मदर्ता प्रमाण पेश गरेको छु भन्ने व्यहोराको परिवर्तित नाम १०ख को निवेदन ।

७. पिडित मेरो नाताकी हुन् । मिति २०७१/६/७ गतेका दिन निज घर कोठामा बसी परीक्षाको तयारी गरिरहेको अवस्थामा परिवर्तित नाम १०क परीक्षाको तयारी के कस्तो छ भनी सोध्ने बहनामा जाहेरवालीको कोठामा गई निजको स्तन समाती कण्डमसमेत देखाई कपडा खोली करणी गर्न लागेको र सो अवस्थामा जाहेरवालीले रोई कराई गरेपश्चात् निज भागी गएको जाहेरवालीले भनेपछि थाहा पाएका हौं । निज परिवर्तित नाम १०क ले पीडित एक्लै भएको मौका पारी निजलाई प्रलोभनमा पारी करणी गर्न लागेकाले कानूनबमोजिम होस् भन्ने व्यहोराको हरि विष्ट, अन्जु लामा र दिपकबहादुर मास्कीको कागज ।

८. पीडित जाहेरवाली वर्ष १५ की परिवर्तित नाम बाँके १० लाई घर कोठामा एक्लै परीक्षाको तयारी गरी बसेकी अवस्था परिवर्तित नाम १०क ले जवरजस्ती करणी गर्ने उद्देश्यले पीडितको घर कोठामा गई एक्कासी स्तन समाती जवरजस्ती करणी गर्न देउ भनी साथमा लिई गएको कण्डमसमेत देखाई पीडितलाई लडाई जवरजस्ती कपडा खोल्न लागेको अवस्थामा पीडित रोई कराई गरी भागी गएकोमा पछि प्रहरीद्वारा पक्राउमा परेको तथ्य पुष्टि भई प्रतिवादी परिवर्तित नाम १०क ले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ५ नं. को कसूर अपराध गरेकाले निजलाई सोही महलको ३(३) नं. ले हुने सजायमा ऐ. को ५ नं. बमोजिम सजाय हुन र प्रतिवादी परिवर्तित नाम १०क को उमेर १३ वर्ष भनी खुल्न आएको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

९. पीडितलाई मैले जवरजस्ती करणी उद्योग गरेको होइन । मिति २०७१/६/७ को घटनास्थल मुचुल्का र ऐ. ८ गतेको जाहेरी दरखास्तको व्यहोरा झुठ्ठा हो । जाहेरवाली र म एउटै स्कुलमा पढ्ने र निजले

मेरो होमवर्क पेपर मागी लगेकोमा माग्न जाँदा गलत आरोप लगाई पक्राउ गराएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम १०क ले गरेको बयान ।

१०. प्रतिवादीले अनुसन्धानका क्रममा गरेको साबिती बयान, घटना विवरणका मानिसहरूले गरेको कागजसमेतका आधारमा प्रतिवादी कसूरदार होइनन् भन्न सक्ने अवस्थाको विद्यमान नहुँदा र निजको जन्मदर्ताबाट वारदातका समयमा निज १३ वर्षका नाबालक रहेको र अभियोग दाबीसमेत सोहीअनुरुप भएकोले निजको अध्ययनसमेतलाई मध्यनजर राख्दा निजलाई मुद्दा पुर्पक्षका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम अदालतले खोजेको बखत उपस्थित गराउने गरी निजको अभिभावकको जिम्मा लगाई दिनु । साथै पीडितसहितका वादी पक्षका र प्रतिवादीका साक्षी बुझी पेश गर्नु भन्ने मिति २०७१/६/३० को आदेश ।

११. प्रतिवादी मेरो कोठामा करिव २, ३ बजेतिर आई निजले एक्कासी दुई हातले मउपर झम्टी दुवै हातले मेरो स्तनमा समातेको हो । मैले धकेलेर एक पटक हिर्काएकी र रोएकीले अरुले थाहा पाई आएपछि भागी गएको हो भन्ने व्यहोरा पीडित परिवर्तित नाम बाँके १० ले गरेको बकपत्र ।

१२. जाहेरीबमोजिम प्रतिवादीले जवरजस्ती करणी उद्योग गरेको होइन । प्रतिवादी जाहेरवालीको कोठामा होमवर्क पेपर लिन भनी गएको र जाहेरवालीले ढोका लगाएको मन नपरी आफ्नो घरमा आएको हो । प्रतिवादीको चालचलन राम्रो छ, पढाई पनि राम्रो छ । निजलाई अरुको अगाडि नराम्रो देखाउन जाहेरी दिएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी चाँदनी जोशीले अदालतमा गरेको बकपत्र ।

१३. प्रतिवादी परिवर्तित नाम १०क को शरीरमा कुनै निलडाम छैन भन्नेसमेत व्यहोराको भेरी अञ्चल अस्पताल, नेपालगञ्जको मिति २०७१/७/१३ च.नं. ३३३ को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

१४. पीडित परिवर्तित नाम बाँके १० को शरीरमा कुनै निलडाम छैन भन्नेसमेत व्यहोराको भेरी अञ्चल अस्पताल, नेपालगञ्जको मिति २०७१/७/१३ च.नं. ३३४ को स्वास्थ्य परीक्षण प्रतिवेदन ।

<u>अदालतको ठहर</u>

१५. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता नबिनकुमार भट्टले र प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता बासुदेव ज्ञवाली र खिमराज गिरीले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१६. निर्णयतर्फ विचार गर्दा मिति २०७१/६/७ गतेका दिन आफ्नो कोठामा प्रतिवादी आई केही वेर कुरा गरेपछि एक्कासी आफ्नो स्तन समाती खल्तीबाट कण्डम निकाली एक पटक शारीरिक सम्पर्क गर्न देउ भनी कोठामा लडाई जवरजस्ती कपडा खोल्न लाग्दा रोई कराई गर्दा छाडी गएको भन्ने पीडित परिवर्तित नाम बाँके १० को जाहेरी परेको देखिन्छ । पीडित तथा पीडक दुवैको शरीरमा कुनै चिथोरिएको कोतरिएको दाग निलडाम नभएको भन्ने उल्लेख भएको पाइन्छ भने पीडक यस अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रहे पनि अनुसन्धानका क्रममा बयान गर्दा पीडितको कोठामा गई निजलाई एकपटक शारीरिक सम्पर्क गर्न देउ भन्दा नमानेकिले खल्तीबाट ढाल निकाली करणी गर्ने मनसायले निजलाई समाती निजको कपडा खोल्न लाग्दा चिच्याई हल्ला गर्दा घरमा बस्ने मानिस आउन थालेकाले भागी गएको भनी आरोपित कसूरमा साबित रहेको देखिन्छ । त्यसै गरी पीडित बाँके १० ले आफ्नो जाहेरी व्यहोरा पुष्टि हुने गरी यस अदालतमा आई बकपत्रसमेत गरी दिएको देखिँदा प्रतिवादी पीडकले पीडित बाँके १० लाई करणी गर्ने उद्देश्यले स्तनसमेत समाई कपडासमेत खोल्ने प्रयास गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ५ नं. को कसूर गरेको पुष्टि हुन आएको र पीडक १३ वर्षका नाबालक रहेको भन्नेसमेत निजको जन्मदर्ताबाट देखिएकोले निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने हुँदा सो जवरजस्ती करणीको महलको ३(३) नं. ले हुने सजायमा ५ नं. बमोजिम सजाय हुनेमा निज नाबालक रही सजायका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय २ बमोजिम एक महिना कैद हुने ठहर्छ । सो ठहरे पनि निज कक्षा ९ मा अध्ययनरत नाबालक रहेका र बाँकी कैद कारागारमा राखी भुक्तान गर्न लगाउँदा निजको मानसिक अवस्था तथा अध्ययनमा समेत बाधा पुगी नाबालक मस्तिष्कमा नकारात्मक असरसमेत पर्ने देखिँदा एक वर्षभित्र पुनः यस्तो कसूर दोहोऱ्याएमा बाँकी कैदसमेत थपी कार्यान्वयन गर्ने गरी हाल निज पीडकलाई लागेको बाँकी कैद सजाय बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गरी दिएको छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीलाई १ महिना कैद हुने ठहरेकोले निज मिति २०७१/६/८ देखि ऐ. ३० सम्म दिन २२ थुनामा रहेको देखिँदा बाँकी कैदको रोहमा एक वर्षभित्र पुनः यस्तो कसूर दोहोरिएका अवस्थामा बाँकी कैदसमेत थपी कार्यान्वयन गर्ने गरी बाँकी कैद बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित गरी दिने गरी लगत कस्नु १

यस इन्साफमा चित्त नबुझे ऐनको म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदन म्याद दिनु २

फैसलाको प्रतिलिपिसहित जानकारी जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई दिनु ३

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ४

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने
क.अ.: वाङ लामा छुमी
फाँटवालाः ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर १४ गते रोज १ शुभम् .....।

ललितपुर जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री टेकनारायण कुँवरबाट भएको

फैसला

उपस्थिति

बालमनोविज्ञानवेत्ताः सजना कोइराला

समाजसेवीः श्री उर्मिला भुसाल

सम्वत् २०७१ सालको बालबिज्याँई ।

दर्ता नं.: फौ.मि.नं. ०७०-CR-०१९१

दर्ता मितिः २०७१/२/१४

फैसला मितिः २०७१/८/२२

नि.नंः १२३

मुद्दाः अप्राकृतिक मैथुनसम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन

ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १४, ताल्छीखेल बस्ने हाल नाम परिवर्तित ताल्छीखेल (क) को किटानी जाहेरी वादी नेपाल सरकार १

ऐ. को प्रमाण कागज

जाहेरीवाला ताल्छीखेल (क), पीडित सातदोबाटो (ज),

छोटु साह, राजदेव चौधरी ।

प्रमाण कागजः

प्रतिवादीको नाम, थर, वतन

भारत देश, वैशाली जिल्ला हाजिरपुर शहर, लालगञ्ज गाउँ वडा नं. २ घर भई हाल ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ ताल्छीखेल हाल बाल सुधार गृह, सानोठिमी बस्ने मोहमद जुमरातीको छोरा मोहमद ताज १

ऐ. को प्रमाण कागज

साक्षीः ×

प्रमाण कागजः ×

अदालतबाट बुझेको

साक्षीः

विशषेज्ञ डाक्टर हरिहर वस्ती ।

प्रमाण कागजः×

कानूनी व्यवसायी

वादीको तर्फबाट	प्रतिवादीका तर्फबाट
जिल्ला न्यायाधिवक्ता श्री घनश्याम ओझा ।	वैतनिक कानून व्यवसायी अनिता महर्जन ।

तथ्य खण्ड

मुद्दाको संक्षिप्त तथ्य

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यस बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदलतको ठहर यस प्रकार छः

१. जाहेरी दरखास्तः ललितपुर जिल्ला, ल.पु.उ म.न.पा., वडा नं. १४ ताल्छीखेलस्थित आर्ट पसल सञ्चालन गर्दै श्रीमान् र ६ वर्षको नाबालक छोरासहित रहदै बस्दै आएको छु । मिति २०७१/१/२० गते साँझ अन्दाजी १८:०० बजेको समयमा मेरो आर्ट पसल नजिकै विपक्षी मोहमद ताजले मेरो नाबालक छोरा हाल नाम परिवर्तित सातदोबाटो (ज) लाई पकौडा दिन्छु भनी फकाई आफ्नो पसलका लगी बच्चालाई बेडमा सुताई अप्राकृतिक मैथुन जवरजस्ती करणी गरेको, सो कृयाकलाप गर्दा बच्चा रोइरहेको जस्तो लागी हेर्न गएँ । निज प्रतिवादीको ढोका बन्द थियो । सो हल्ला गर्दा निज प्रतिवादी आफ्नो ढोका खोली तत्काल फरार भएकोमा बच्चालाई सोध्दा मेरो आँची गर्ने ठाउँमा निज मोहमद ताजले आफुले सु गर्ने (लिङ्ग) जवरजस्ती हाली पसाएको र म रुँदा कराउँदासमेत नछाडेको भनी बताएपछि पाइन्ट खोली हेर्दा बच्चाको मलद्धारबाट रगत निस्किरहेको देखी तत्काल स्थानीय मेडिकल पसलमा गई उपचार गराएको हो । विपक्षी मोहमद ताजले मेरो नाबालक छोरासँग जवरजस्ती अप्राकृतिक मैथुन गरेकाले निजलाई पक्राउ गरी कानूनबमोजिम हदैसम्मको कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको ताल्छीखेल (क) को मिति २०७१/१/२१ गतेको जाहेरी दरखास्त ।

२. घटनास्थल मुचुल्काः ललितपुर जिल्ला, ल.पु.उ म.न.पा., वडा नं. १४ ताल्छीखेलस्थित पूर्वमा सितारा आर्ट सेन्टर (पीडितकै आर्ट पसल), पश्चिममा रोशन सिजापतिको घर (कवाडी पसल), उत्तरमा विशाल इन्टरप्राइजेज, दक्षिणमा सार्वजनिक बाटो रहेको । यति चारकिल्लाभित्र जहागीर भन्ने व्यक्तिले सञ्चालन गरेको टायर मर्मत केन्द्र र दक्षिण मोहडा भएको जस्ताको छाना भएको रोशन सिजापतीको १ कोठा भएको घर, सोही घरको मुलढोकाभित्र प्रवेश गरी हेर्दा टायर मर्मत

गर्ने विभिन्न मालसामानहरू यत्रतत्र छरिएर रहेको र सो कोठाको उत्तर साइडको पश्चिम कुनामा विस्तरासहितको बेड रहेको, सोही बेडमा प्रतिवादी मोहमद ताजले नाम परिवर्तित सातदोबाटो (ज) लाई प्राकृतिक मैथुन जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको मिति २०७०/११/१६ गतेको घटनास्थल मुचुल्का ।

३. पीडितले गरेको घटना विवरण कागजः मिति २०७१/१/२० गते शनिबार सार्वजनिक विदा थियो । स्कुल नगई ममीसँगै घरमा थिएँ । मेरो आर्ट पसल नजिकै मलाई बोलाई राख्ने मोहमद ताज अङ्कलले मलाई हातमा पकौडा खाउँ भनी दिएको थियो । मैले हातमा पकौडा बोकी रहेको थिएँ । सोही दिन साँझ अन्दाजी १८:०० बजेको समयमा मलाई निज अङ्कलले आफ्नो कोठाभित्र लगी मेरो मुखमा आफ्नो मुख लगायो र मेरो शरीरमा लगाएको पाइन्ट निजले आफैले खोली दियो । मैले किन खोलेको भन्दा निज अङ्कलले पख तिम्रो सुसु कस्तो रहेछ भन्यो । त्यसपछि मलाई आफ्नो खाँटमा सुताई घोप्टो पारी उस्को सुसु मेरो आँची गर्ने ठाउँमा घुसायो । मलाई दुख्यो अङ्कल भन्दै माथि उठ्न खोज्दा मेरो आँची गर्ने ठाउँमा थिची राखियो । सहन नसकी हालको पकौडा पनि भुईमा फाली कराई भाग्न खोज्दा ढोका बन्द थियो । मैले मेरो आँची गर्ने ठाउँमा छाम्दा हातमा रगत आयो र डर लागी मम्मी भनी कराउँदा निज अङ्कलले चुप लाग भन्दै मलाई फेरी पकौडा दिउँला, नरोउ भनी आफ्नो काखमा बोक्न खोज्दा हुँदैन भनें । म ममीसँग जान्छु भन्दा उसले कट्टु लगायो र मेरो पाइन्ट पनि मलाई लगाई दियो । पछि म रुँदै गरेको ममीले थाहा पाएपछि ढोका खोली आउँदा निज अङ्कल भागेको हो । मैले सबै कुरा ममीलाई बताई दिएँ भन्नेसमेत व्यहोराको हाल नाम परिवर्तित सातदाबाटो (ज) ले मिति २०७१/१/२२ गते अनुसन्धान अधिकृतसमक्ष गरेको गोप्य कागज ।

४. परीक्षण प्रतिवेदनः पीडित सातदोबाटो (ज) को स्वास्थ्य परीक्षण गर्दा Sexual abuse भन्नेसमेत व्यहोराको मिति २०७१/१/२३ गतेको पाटन अस्पतालको परीक्षण प्रतिवेदन ।

५. घटना विवरण कागजः ललितपुर जिल्ला, ल.पु.उ म.न.पा., वडा नं. १४ ताल्छीखेलस्थित आर्ट पसल सञ्चालन गर्दै श्रीमान र ६ वर्षको नाबालक छोरासहित जाहेरवाली बस्दै आएकोमा मिति २०७१/१/२० गते साँझ अन्दाजी १८:०० बजेको समयमा जाहेरवालाको आर्ट पसल नजिकै विपक्षी मोहमद ताजले मेरो नाबालक छोरा हाल नाम परिवर्तित सातदोबाटो (ज) लाई पकौडा दिन्छु भनी फकाई आफ्नो पसलमा लगी बच्चालाई बेडमा सुताई अप्राकृतिक मैथुन जवरजस्ती करणी गरेको कुरा जाहेरवालीले बताएपछि मसमेतले थाहा पाएको हुँ । नाबालक बच्चालाई क्षतिपूर्तिसहित उपचार खर्चसमेत दिलाई भराई कानूनबमोजिमको हदैसम्मको कारवाही हुनु पर्छ भन्ने व्यहोराको मिति २०७१/१/३० गतेको घटना विवरण कागज ।

प्रतिवादीले मौकामा गरेको बयान

६. मोहमद ताजको बयानः मिति २०७१/१/२० गते साँझ अन्दाजी १८:०० बजेको समयमा ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ ताल्छीखेलस्थित म आफैले काम गर्ने पसलमा हाल परिवर्तित सातदोबाटो (ज) लाई पकौडा खाने भनी सोधी रु. १०/- को पकौडा किनी दिएपछि मेरो पसलभित्र आयो । पछि मेरो मोवाइल मागी मोवाइलमा गेम खेलिरहेको थियो । म खाँटमा ढल्किरहेको थिएँ । त्यसपछि मैले उसको मुखमा चुम्पा खाएँ । उसलाई मैले घोप्टो पारी मेरो आफ्नो लिङ्ग उत्तेजित बनाई निकाली उसको मलद्धारमा एक पटक मात्र छिराएको थियो उ रुँन थालेपछि मलाई डर लाग्यो । फकाउन खोज्दा मानेन, जाहेरवालीले उसलाई ढोका बाहिरबाट बोलाएको सुनेपछि म आफैले उसको लुगा लगाई दिन खोज्दा उ झन रुँन थाल्यो । ढाकछोप गर्न खोजें, पीडित सबै कुरा भन्न थालेपछि म भागेको हुँ । सातदोबाटो (ज) लाई मैले गर्दा नै पीडा भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी मोहमद ताजले अधिकारप्राप्त अधिकारसमक्ष मिति २०७१/१/१३ गते गरेको कागज ।

७. अभियोग दाबीः प्रस्तुत मुद्दामा हालसम्म सङ्कलित मिसिल कागजातहरू नाम परिवर्तित ताल्छीखेल (क) को किटानी जाहेरी, पीडितको स्वस्थ्य परीक्षण रिपोर्ट, प्रतिवादीको बयान कागज, पीडितले गरेको घटना विवरण कागज, घटना मुचुल्का र घटना आसपासका मानिसहरूले खुलाई दिएको कागजसमेतको आधार प्रमाणहरूसमेतबाट यी प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको ९(क) नं. ले परिभाषित गरेबमोजिम पीडित नाबालकउपर अप्राकृतिक मैथुनको अपराध गरेको देखिन आएको हुँदा प्रतिवादी मोहमद ताजलाई ऐ.ऐ. को ३(१) नं र ९(क) बमोजिम सजाय तथा पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको मिति २०७१/२/१४ गते अभियोग दाबी ।

प्रतिवादीले अदालतमा गरेको बयान

८. पीडित नाम परिवर्तित सातदोबाटो (ज) मेरो पसलमा आई जिस्किरहने गर्दथ्यो । सोही दिन मिति २०७१/१/२० गते पनि आई जिस्किरहँदा मैले निजको आँची गर्ने ठाउँमा मेरो लिङ्ग पसाउँदा निजले हल्ला गरेकोले निकाली लुगा लगाई पठाएको थिएँ । त्यसपछि निज बच्चा रुँदै आफ्नो आमालाई भनेको होला । सोपछि मलाई प्रहरीले पक्राउ गरी लगेको हो । मैले जानीजानी अप्राकृतिक मैथुन गरेको होइन । हामी नजिकै बस्ने गरेकाले निज बच्चा मसँग जिस्किरहने गरेको जिस्किदाजिस्कदै यस प्रकारको कार्य भएको हो । यस्तो कार्य गर्दा कानूनी रुपमा सजाय हुन्छ भन्ने मलाई थाहा थिएन भन्नेसमेत व्यहोराको प्रतिवादी मोहमद ताजले मिति २०७१/२/१६ गते अदालतमा गरेको बयान ।

थुनछेक आदेश

९. प्रतिवादी मोहमद ताजले अप्राकृतिक मैथुन गरेको भनी किटानी जाहेरी परेको, प्रतिवादीले अप्राकृतिक मैथुन गरेको कुरा अधिकारप्राप्त अधिकारी र अदालतमा आई स्वीकार गरेको पीडितले किटान गरी

कागज गरी दिएको हुँदा यी प्रतिवादीलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार हुन् भन्ने विश्वास गर्न सक्ने मनासिब आधार देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुलुकी ऐन, अ.ब. ११८ को देहाय २ को विद्यमानता देखिँदा हाललाई थुनामा राखी कारवाही गर्ने गरी अ.ब. १२१ नं. बमोजिम थुनुवा पूर्जी दिई कानूनबमोजिमको सिधा खर्च उपलब्ध गराई थुनामा राख्न सम्बन्धित कारागर कार्यालयमा पठाई दिनु भनी मिति २०७१/२/१६ मा यस अदालतबाट भएको थुनछेक आदेश ।

बुझिएका साझा प्रमाण

१०. प्रतिवादी मोहमद ताजले मेरो नाबालक छोरालाई लगी ढोका बन्द गरेर छोराको लुगा खोलेर घोप्टो पारी सुताई अनुचित कार्य गरेको हो । उक्त कुरा मैले मेरो छोरालाई मोहमद ताजले लिएर गएको केहि समयपछि मेरो छोरा रोएको सुनी त्यहाँ गएपछि प्रतिवादीले चुपलाग भनी भनिरहको र मैले बच्चालाई सोध्दा रुँदै सबै कुरा सुनाएकोले थाहा पाएको हुँ भनी जाहेरवाला परिवर्तित नाम ताल्छीखेल क ले मिति २०७१/२/२२ गते यस अदालतमा गरेको बकपत्र ।

११. प्रतिवादी मोहमद ताज पकौडा लिई मेरो घरमा आई पकौडा खान दिई फकाएर उसको घरमा लगी बिछ्यौनामा सुताई मेरो दिशा गर्ने ठाउँमा सु गर्ने कुराले घोचेको हो । त्यसपछि म दुखेर रोएकोले ममीले सुनी के भयो भनी सोध्नु भएकोले सो कुरा मैले मेरो ममीलाई भनेको हुँ भनी पीडित नाम परिवर्तित नाबालक सातदेबाटो (ज) ले मिति २०७१/२/२२ गते यस अदालतमा गरको बकपत्र ।

१२. प्रतिवादी मोहमद ताजले जाहेरवालाको नाबालक छोरालाई अनुचित कार्य गरेको कुरा मैले अरुबाट सुनेर थाहा पाएको हुँ । मिति २०७१/१/३० गते भएको घटना विवरण कागजमा भएको सहिछाप मेरो हो र त्यहाँ के लेखिएको थियो त्यो थाहा भएन । लेखिएको कागजमा सहि गर्नु भनेकोले सहि गरेको हुँ भनी बुझिएको मानिस छोटु साहले मिति २०७१/२/२२ मा यस अदालतमा गरेको बकपत्र ।

१३. यो कुरा घटना भएको ३ दिनपछि गाँउघरका मानिसहरूले भनी मैले थाहा पाएको हुँ । मिति २०७१/१/२१ मा भएको घटनास्थल मुचुल्का कागजमा भएको सहिछाप मेरो हो । व्यहोरा के लेखिएको थियो मलाई थाहा भएन भनी घटनास्थल मुचुल्काका माानिस राजदेव चौधरीले मिति २०७१/२/२२ गते यस अदालतमा गरेको बकपत्र ।

ठहर खण्ड

१४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका जिल्ला न्यायाधिवक्ता श्री घनश्याम ओझाले प्रतिवादीउपरको

जाहेरी दरखास्त, पीडितको कागज, मौका बुझिएका मानिसहरूको बकपत्रसमेतका प्रमाणहरूबाट यी प्रतिवादी कसूरदार भएको हुँदा अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो ।

१५. प्रतिवादीका तर्फबाट उपस्थित भएका विद्वान श्री माधवप्रसाद तिवारी र वैतनिक कानून व्यवसायी श्री अनिता महर्जनले प्रतिवादी नाबालक भएको र निजले पीडित भनिएका बच्चासँग जिस्किएको मात्र हो । कुनै अनैतिक कार्य नगरेको हुँदा निज मोहमद ताजले प्रस्तुत मुद्दामा सफाई पाउनु पर्छ भनी गरेको बहस सुनियो ।

१६. उपर्युक्त बहस छलफछ सुनी मुद्दाको तथ्यगत अवस्था एवं मिसिल संलग्न प्रमाणहरूको विश्लेषण एवं विवेचना गरी हेर्दा निम्न लिखित प्रश्नमा केन्द्रित रही न्याय दिनु पर्ने देखियो ।
क) मोहमद ताजले पीडितलाई अप्राकृतिक मैथुन गरेका हुन् होइनन् ?
ख) यदि गरेका हुन् भने निजलाई के कस्तो कानूनी दायित्व हुनु पर्ने हो ?
ग) पीडितलाई क्षतिपूर्ति के कसरी भराई दिनु पर्ने हो ?

१७. निणयतर्फ विचार गर्दा कानूनको द्वन्दमा परेका नाबालक मोहमद ताज प्रथमतः भारतीय नागरिक रहेकोमा विवाद छैन । निजले अभियोग दाबीमा उल्लेख भएको अप्राकृतिक मैथुनसम्बन्धी कानून विपरीतको कार्य गरेकोमा पश्चाताप व्यक्त गर्दै आफुले अपराधिक मनसायले नभई मनमा जागृत भएको जिज्ञासा समन गर्नलाई बालबिज्याँई गरेको हुँ भनी अदालतमा साबित भई आरोपित गल्ती स्वीकारै गरेको अवस्था छ । अनुसन्धानको सिलसिलामा सङ्कलित अदालतबाट परीक्षण गरिएका जाहेरी दरखास्त, बुझिएको मानिसको भनाई, विशषेज्ञको बकपत्र लगायत विभिन्न प्रमाणहरूबाट सो कुरा पुष्टि भएको छ ।

१८. यसरी निज मोहमद ताजउपर लगाइएको अभियोगको सन्दर्भमा स्वयं कानूनको द्वन्दमा परेका निजले अभियोग मागदाबीमा उल्लेख भएको कानून विपरीतको कार्य गरेको हुँ भनी स्वीकार गरिसकेपछि र अरु प्रमाणबाट सो तथ्य पुष्टि भइसकेपछि के कस्तो कानूनी दायित्वलाई बहन गर्नु पर्ने हो भन्नेतर्फ नै केन्द्रीत रही निर्णय गर्नु पर्ने भएको छ । स्वभावैले बाल जिज्ञासा मेटाउने क्रममा अभियोगमा उल्लिखित कानून विपरीतको कार्य निजबाट भएको अवस्था छ । सो कार्य गर्नमा निजको अपराधिक मनसाय रहेको नभई काल कौतुहलताले निर्देशित गरेको छ । यस्तो अवस्थामा निजलाई सजाय होइन सुधारको आवश्यकता पदर्छ ।

१९. यसै सिलसिलाका हाल निज बालकलाई आदेशानुसार बाल सुधार गृह, भक्तपुरमा राखिएको अवस्था छ । समाजसेवी र मनोविज्ञानवेत्ताको प्रतिवेदनअनुसार निजले गल्ती महसुस गरेको, आमाको

मृत्यू भएको, बाबुले अर्को विवाह गरी संरक्षण नदिएको, विखण्डित पारिवारिक पृष्ठभूमिसमेत रहेको भन्नेसमेत देखिन आएको छ । यसरी विसृङ्खलित पारिवारिक वातावरणबाट गुज्रेको एउटा नाबालकले सहि शिक्षादिक्षा, लालनपालन र दिशाबोधको अवसर नपाएको कारणबाट नै यस प्रकारको गल्ती भएको हो भन्ने देखिन्छ । तसर्थ निजलाई पुनर्स्थापकीय न्यायको दृष्टिकोणबाट सुधारको अवसर प्रदान गरिनु वाञ्छनीय हुन आउँछ । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३(१) ले बालबालिकाको उच्चतम् हितलाई प्राथमिकता दिनु पर्ने दायित्व यस अदालतको पनि रहेको छ । नेपाल उक्त महासन्धिको सदस्य राष्ट्र भएको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को परिच्छेद ३ र ४ अन्तर्गत व्यवस्थित विभिन्न प्रावधानहरूले प्रत्याभूत गरेका बालअधिकारहरूको हकदार निश्चित रुपमा निज नाबालक मोहमद ताज रहेका छन् ।

२०. उपर्युक्त कानूनी आधारहरूको पृष्ठभूमिमा प्रस्तुत मुद्दालाई हेरिनु पर्दछ । जिल्ला न्यायाधिवक्ताले १७ वर्ष उमेरको भनी मुद्दा दायर गरे पनि निजको उमेर यकीन गर्दा १५ वर्षको नाबालक देखिन आएकोले र निज बालकको आरोपित कानून विपरीतको कार्यलाई सहज रुपमा स्वीकार गरी न्यायिक प्रकृयामा सहयोगी भूमिकासमेत खेलेको अवस्था छ ।

२१. यस अदालतमा जाहेरी, निजको बयान र बुझिएका साक्षी प्रमाणबाट निज नाबालकले मुलुकी ऐन, जवरजस्ती करणीको महलको ९(क) र ३(१) को कसूर गरेको पुष्टि हुन आयो । तर निज १६ वर्ष पुरा नभएको बालक देखिएकोले उक्त दफा ३(१) बमोजिम दश वर्ष सजाय कैद भई दफा ९(क) अनुसार १ वर्ष थप कैद सजाय हुनेमा पीडकको रुपमा अभियोजित नाबालक १६ वर्ष पुरा नभएको भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय अर्थात् ५ वर्ष ६ महिना कैद गर्नु पर्ने हुन्छ । तर सो सजाय हुन सक्ने स्थितिमा पनि निज नाबालकको सम्पूर्ण पृष्ठभूमिलाई विचार गरी कसूर गर्दाको अवस्थालाई समेत अध्ययन गर्दा कारागारमा राखी कैद भुक्तान गराउनु निज नाबालकको शारीरिक, मानसिक र सामाजिक विकासमा गम्भीर अवरोध पर्न जाने देखिन्छ ।

२२. यस अस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार उक्त ठहर भएको कैद अवधि कारागारबाहिर रही वैकल्पिक एवं सुधारोन्मुख पद्दतिबाट बाल सुधार गृहमा बसी भुक्तान गरिनु बाल न्याय तथा सामाजिक न्यायको दृष्टिकोणबाट समेत उपयुक्त हुन आउँदछ । तर उक्त दफामा भएको कानूनी व्यवस्थाअनुसार सजाय स्थगन राख्न र तोकिएको सजाय अवधि बाल सुधार गृहमा बसी व्यतित गर्नु पर्ने २ वटा वैकल्पिक कानून अवस्था रहेको परिप्रेक्षमा निज कानूनको द्वन्दमा परेका नाबालकको हकमा उमेर नपुगेसम्म उक्त सुधार गृहमा नै रही सुधारको माध्यमबाट भुक्तानी गर्ने र उमेर पुरा भइसकेपछि निजको चरित्रमा सुधार भएको भनी सो संरक्षण दिने संस्थाले प्रमाणित गरेमा निजको अभिभावकले जिम्मा लिई आफ्नो संरक्षणमा राखी सुधार गरी यो फैसला गरी दिएको छु ।

२३. पीडित व्यक्ति पनि नाबालक नै भएकोले र निजलाई आफ्नो पीडाको क्षति भराउने कानूनी अधिकार रहने हुँदा र पीडकको तर्फबाट क्षतिपूर्ति भराउन सक्ने आर्थिक हैसियत नदेखिएकोले राज्यको तर्फबाट रु. १००००० (एक लाख) क्षतिपूर्ति भराई दिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी मुलुकी ऐन, अ.ब. १८६ बमोजिम अनुसार यो फैसला गरी दिएको छु ।

तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी मोहमद ताजलाई मुलुकी ऐन, जवरजस्ती करणीको दफा ३(१) बमोजिम दश वर्ष कैद सजाय भई दफा ९(क) अनुसार १ वर्ष थप कैद सजाय हुनेमा पीडकको रुपमा अभियोजित नाबालक १६ वर्षको पुरा नभएको भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय हुन्छ । तर निज नाबालकको सम्पूर्ण पृष्ठभूमि अध्ययन गर्दा र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) अनुसार उक्त तोकिएको अवधि बाल सुधार गृहमा बस्नु पर्ने भए तापनि निजको चरित्रमा सुधार भएको भनी सरक्षित संस्थाले प्रमाणित गरेमा निजको अभिभावकले जिम्मा लिन पाउने ठहरी फैसला भएकोले हाल बाल सुधार गृह, सानोठिमीमा रहेका निज प्रतिवादी मोहमद ताजलाई मुलुकी ऐन, जवरजस्ती करणीको दफा ३(१) बमोजिम दश वर्ष कैद सजाय भई दफा ९(क) अनुसार १ वर्ष थप कैद सजाय हुनेमा पीडकको रुपमा अभियोजित नाबालक १६ वर्ष पुरा नभएको भन्ने देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय गर्नु । प्रतिवादीको चरित्रमा सुधार भएको भनी सरक्षित संस्थाले प्रमाणित गरी पठाएमा निज प्रतिवादीलाई अभिभावकको जिम्मा लगाई दिनु भनी लगत दिनु १

पीडित सातदोबाटो (ज) लाई माथि इन्साफ खण्डमा लेखिएबमोजिम राज्यको तर्फबाट क्षतिपूर्तिबापत रु. १००००० (एक लाख) भराई पाउने ठहरेकाले पीडितलाई उक्त क्षतिपूर्तिबापतको रकम भराई दिनु भनी नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु २

पीडित सातदोबाटो (ज) लाई फैसलाको प्रमाणित नक्कलसहित राखी फैसलाको जानकारी दिनु ३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरलाई र प्रतिवादी मोहमद ताजलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम पुनरावेदनको म्याद दिनु ४

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्ठा गर्नु र फैसला अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ६

ना.सु. सुवोधसिंह खड्का ।
कम्प्युटर गर्नेः मनमोहन थापा
मुद्दा फाँटः १

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर २२ गते रोज २ शुभम् .....।

तनहुँ जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री बलभद्र बाँस्तोला

फैसला

सम्वत् २०७१ सालको ०७१-CR-००३८

नि.नं. १३९/२२

मुद्दाः चोरी।

उपस्थिति

समाजसेवीः सरस्वती खनाल

बालमनोवैज्ञानिकः राजेश गैह्रे

वादी

जिल्ला तनहुँ, ब्यास नगरपालिका वडा नं. ११ बस्ने लक्ष्मीभक्त खनालको जाहेरीले नेपाल सरकार १

प्रतिवादी

परिवर्तित नाम जिल्ला ३९, दमौली वस्ने वर्ष १४ को R. Nine.....१

परिवर्तित नाम जिल्ला ३९ दमौली बस्ने वर्ष १२ को B. One १

जाहेरवाला

(क) लक्ष्मीभक्त खनाल.....१

साक्षी

(क).....१

ऐ. कागज.....१

साक्षी

(क).....१

ऐ. कागज १

अदालतले बुझेको

कागजः ×

प्रस्तुत मुद्दाको संक्षिप्त टिपोट र ठहर यस प्रकार छः

मिति २०७१/६/२३ गते राती मेरो घर कोठाभित्र खाँटमा राखेको ९८५६०६०४५६ नं. को सिम प्रयोग भएको IMEI No. ३५२६०३०६१३९५९४८ भएको Samsung मोवाइल सेट १ थान चोरी भएको हुँदा

खोजतलास गरिपाऊँ भन्ने जिल्ला तनहुँ, ब्यास नगरपालिका वडा नं ११ बस्ने लक्ष्मीभक्त खनालले जिल्ला प्रहरी कार्यालयमा मिति २०७१/६/२४ मा दिएको निवेदन ।

मिति २०७१/६/२३ गते राती घर कोठाभित्र खाँटमा राखेको ९८५६०६०४५६ नं. को सिम प्रयोग भएको IMEI No ३५२६०३०६१३९५९४८ भएको नेपाली रु. ३१,०००/- पर्ने Samsung मोवाइल १ थान चोरी भएकोमा सो मोवाइल परिवर्तित नाम जिल्ला ३९ दमौली बस्ने वर्ष १६ को R. Nine र वर्ष १३ को B. One ले चोरी गरी लगेका हुन् भन्ने खुल्न आएको हुँदा निजहरूलाई तत्काल पक्राउ गरेर कारवाही गरी मेरो धनमाल फिर्ता दिलाई पाऊँ भन्ने व्यहोराको लक्ष्मीभक्त खनालले मिति २०७१/७/९ गते दिएको जाहेरी दरखास्त ।

जिल्ला तनहुँ, ब्यास नगरपालिका, वडा नं. ११ स्थित चारकिल्लाभित्र रहेको लक्ष्मीभक्त खनालको घर कोठाभित्र रहेका ९८५६०६०४५६ नं को सिम प्रयोग भएको IMEI no ३५२६०३०६१३९५९४८ भएको Samsung मोवाइल सेट १ थान कोठाको खाँटमा माथि रहेको झ्यालबाट दाउराको सहायतामे तानेर चोरी गरी लगेको हो भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

जिल्ला तनहुँ, ब्यास नगरपालिका, वडा नं. २ स्थितमा प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One लाई नियन्त्रणमा लिई तलासी लिँदा प्रतिवादी नाम परिवर्तित R. Nine ले लगाएको जिन्सी पाइन्टको दाहिनेपट्टिको गोजीबाट IMEI No ३५२६०३०६१३९५९४८ भएको स्क्रीन फुटेको Samsung मोवाइल सेट १ थान फेला पारी वरामद गरिएको भन्ने व्यहोराको खानतलासी एवं वरामदी मुचुल्का ।

हामीहरू दुवै जना कवाडी सङ्कलन गर्ने काम गर्छौं । कवाडी सङ्कलन गर्दै मिति २०७१/६/२२ गते राती जाहेरवाला लक्ष्मीभक्त खनालको घर नजिक पुग्दा घरको झ्याल खुला रहेको र भित्र खाँटमाथि मोवाइल रहेको देखी हामीमध्येको म B. One ले बाँसको भाटाको सहायतामे हात झ्यालबाट भित्र छिराई मोवाइल तानेर चोरी गरी हामीमध्येको म नाम परिवर्तित R. Nine को साथमा राखेर बेचबिखन गर्नको लागि लिई हिड्दै गर्दा मिति २०७१/७/९ गते प्रहरीले वरामद गरेको हो । मोवाइलमा प्रयोग भएको सिम बुल्दीखोलामा फाली दिएको हो । मोवाइलको स्क्रिनसमेत सोही बेला खसेर फुटेको हो भन्ने व्यहोराको प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One को एकै मिलानको बयान कागज ।

मिति २०७१/६/२३ गते राती जाहेरवाला लक्ष्मीभक्त खनालको कोठाभित्र खाँटमा राखेको ९८५६०६०४५६ नं. को सिम प्रयोग भएको IMEI No. ३५२६०३०६१३९५९४८ भएको नेपाली रु. ३१,०००/- पर्ने Samsung मोवाइल १ थान चोरी भएकोमा सो मोवाइल परिवर्तित नाम जिल्ला ३९, दमौली बस्ने वर्ष १६ को नाम परिवर्तित R. Nine र वर्ष १३ को B. One चोरी गरी लगेका भन्ने खुल्न आई मोवाइलसमेत वरामद भएको हो । निजहरूलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको एकै मिलानको घटना सम्बन्धमा देखे सुनेका स्थानीय मानिसहरूले खुलाई लेखाई दिएका घटना विवरण कागज ।

यी प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One ले जाहेरवालाको घर कोठाबाट मोवाइल चोरी गरेकोले निजहरूको उक्त कार्य मुलुकी ऐन, चोरी महलको १ नं. र १२ नं. को कसूर अपराधमा बिगो रु. ३१,०००/- जाहेरी दरखास्त साथ पेश बिलबमोजिम कायम गरी निज प्रतिवादीहरू नाम परिवर्तित R. nine र B. One लाई सोही महलको १२ नं. बमोजिम सजाय गरी वरामद चोरीको मोवाइल सोही महलको २१ नं. बमोजिम जाहेरवालालाई फिर्ता दिलाई भराई पाऊँ साथै प्रतिवादीको उमेर परीक्षण गर्दा नाम परिवर्तित R. nine को उमेर १४ देखि १७ वर्ष र B. One को उमेर १२ देखि १५ वर्ष रहेको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा प्रतिवादी नाम परिवर्तित R. Nine को हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम नाम परिवर्तित B. One को उमेर १२ को रहेको हुँदा निजको हकमा सोही दफा ऐनको ११(२) बमोजिम गरिपाऊँ भन्ने व्यहोराको अभियोग मागदाबी ।

मिति २०७१/६/२ गतेका राती जाहेरवालाको घरमा गई निजको किचनमा राखेको मोवाइल हात छिराएर चोरी गरी ल्याएको हो । नाम परिवर्तित R. Nine र म गएका थियौं । उसलाई मैले कवाडी खोज्दै हिड्दा चिनेको हुँ । नाम परिवर्तित R. Nine र म गएर बिछ्याउनामा राखेको मोवाइल हातले झ्यालबाट तानेको हो । उक्त घर कस्को हो ? मलाई थाहा छैन भनी परिवर्तित नाम B. One ले यस अदालतमा गरेको बयान ।

मिति २०७१/६/२३ गते लक्ष्मीभक्त खनालको घरमा गएको थिएँ । त्यहाँबाट हामीहरूले १ थान Samsung मोवाइल चोरी गरेको हो । म बाहिर बसें । सँगै गएको साथी B. One ले झ्यालबाट हात हाली मोवाइल निकालेको हो । मोवाइल खाँटमा थियो । चार्जमा राखेको मोवाइल हामीले निकालेको हो भनी परिवर्तित नाम R. Nine ले यस अदालतमा गरेको बयान ।

यी प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One दुवै जना कसूरदार नै देखिन आए तापनि नाम परिवर्तित B. One को उमेर १२ देखि १५ वर्षको भएको भन्ने अभियोग मागदाबी हुँदा र प्रतिवादीले अदालतमा बयान गर्दा १३ वर्ष उमेर लेखाएबाट निजहरूलाई हुन सक्ने सजायसमेतलाई मध्यनजर गर्दा यी प्रतिवादी नाम परिवर्तित B. One लाई अदालती बन्दोबस्तको ४७ नं. बमोजिम तारेखमा राख्नु ।

अर्को प्रतिवादी नाम परिवर्तित R. Nine को उमेर अभियोगपत्रमा १४ देखि १७ वर्षको भन्ने देखाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम हुन भनी सजाय माग गरिएकोमा निज प्रतिवादीका बाबु, आमा तथा संरक्षणसमेत कोही अदालतमा उपस्थित नभएको अवस्था हुँदा निजलाई हुन सक्ने सम्भावित सजायसमेतलाई मध्यनजर राख्दा निजलाई बाल सुधार गृह, पोखरामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने मिति २०७१/७/१९ गतेको यस अदालतमा थुनछेक आदेश ।

प्रतिवादीहरू चुत्ता भइसकेको र प्रतिवादीहरूले आफ्ना साक्षी राखेको नदेखिँदा जाहेरवाला, कोलिसा इन्टरप्राइजेजका प्रो. पुरुषोत्तम पौडेल, घटना विवरण कागज गर्ने व्यक्तिहरूलाई बकपत्रको लागि जिल्ला

प्रहरी कार्यालयमा उपस्थित गराउन लेखी पठाउनु साथै दमौलीमा सामसुङ मोवाइलको डिलरसिप लिएको पसल व्यक्ति को छ ? बुझी बकपत्रको लागि उपस्थित गराउन जिल्ला सरकारी वकिल कार्यालयमा लेखी पठाउनु र वरामद मोवाइलको जिन्सीमा आम्दानी बाध्नु भन्ने मिति २०७१/७/१९ गतेको यस अदालतको आदेश ।

मेरो चोरी भएको मोवाइल Samsung मिनि मोवाइल हो । त्यसको हालको मूल्य रु. ३३,०००/- पर्छ । मेरो मोवाइल चोरी हुँदा स्क्रिन फुटेको थिएन । यी प्रतिवादीहरूबाट वरामद हुँदा फुटेको पाइयो । यी प्रतिवादीहरूबाट नै फुटेको हुनु पर्दछ । अभियोगको मागदाबीबमोजिम यी प्रतिवादीहरूलाई सजाय हुनु पर्छ भन्नेसमेत व्यहोराको जाहेरवाला लक्ष्मीभक्त खनालले यस अदालतमा गरेको बकपत्र ।

अदालतको ठहर

यसमा नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. समेतले यसै अदालतको अधिकारक्षेत्रभित्रको भई वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री श्रीकला पौडेलले प्रतिवादीहरू नाबालक भए तापनि अदालतसमक्ष बयान गर्दासमेत कसूरमा साबिती बयान गरेका र चोरीको मोवाइल वरामद भएको र जाहेरवाला आई चोरीको मोवाइल सनाखत गरी बकपत्रसमेत गरेको अवस्था हुँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्दछ भनी र वैतनिक अधिवक्ता श्री त्रिभुवन श्रेष्ठले प्रतिवादी परिवर्तित नाम B. One वर्ष १२ को र प्रतिवादी नाम परिवर्तित R. Nine वर्ष १४ को देखिएको, कलिलो उमेरमा नाबालकहरूले अरुले सिकाएअनुसार अरुको इसारामा कसूर गरेको अवस्था हुँदा पहिला पटकको कसूर हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम सजाय स्थगन हुनु पर्दछ भनी गर्नु भएको बहससमेत सुनियो ।

प्रस्तुत मुद्दामा निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीहरूले आरोपित कसूर गरेका हुन् होइनन् ? हुन् भने निजहरूलाई के कति सजाय हुनु पर्ने हो ? भनी विचार गर्नु पर्ने देखिन आयो ।

यी प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One ले जाहेरवालाको कोठाबाट मोवाइल चोरी गरेकाले निजहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको महलको १ नं. र १२ नं. को कसूर अपराधमा बिगो रु. ३१,०००/- जाहेरी दरखास्त साथ पेश बिलबमोजिम कायम गरी निज प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One लाई सोही महलको १२ नं. बमोजिम सजाय गरी वरामद चोरीको मोवाइल सोही महलको २१ नं. बमोजिम जाहेरवालालाई फिर्ता दिलाई भराई पाऊँ साथै प्रतिवादीको उमेर परीक्षण गर्दा नाम परिवर्तित R. Nine को उमेर १४ देखि १७ वर्ष र B. One को उमेर १२ देखि १५ वर्ष रहेको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा प्रतिवादी नाम परिवर्तित R. Nine को हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम नाम परिवर्तित B. One को उमेर १२ को रहेको हुँदा निजको हकमा सोही ऐनको दफा ११(२) बमोजिम गरिपाऊँ भन्ने व्यहोराको अभियोग मागदाबी भएको पाइन्छ ।

लक्ष्मीभक्त खनालले जिल्ला प्रहरी कार्यालयमा मिति २०७१/६/२३ गते निवेदन दिँदा राती मेरा घर कोठाभित्र खाँटमा राखेको ९८५६०६०४५६ नं. को सिम प्रयोग भएको IMEI No. ३५२६०३०६१३९५९४८ भएको Samsung मोवाइल सेट १ थान चोरी भएको हुँदा खोजतलास गरिपाऊँ भनी हुलियाँ व्यहोरा लेखाएको पाइन्छ ।

यिनै जाहेरवाला लक्ष्मीभक्त खनालले जाहेरीमा मिति २०७१/६/२३ गते राती मेरो घर कोठाभित्र खाँटमा राखेको ९८५६०६०४५६ नं को सिम प्रयोग भएको IMEI No. ३५२६०३०६१३९५९४८ भएको नेपाली रु. ३१,०००/- पर्ने Samsung मोवाइल १ थान चोरी भएकोमा सो मोवाइल परिवर्तित नाम जिल्ला ३९ दमौली बस्ने वर्ष १६ को नाम परिवर्तित R. Nine र वर्ष १३ को B. One ले चोरी गरी लगेको भन्ने खुल्न आएको हुँदा निजहरूलाई तत्काल पक्राउ गरेर कारवाही गरी मेरो धनमाल फिर्ता दिलाई पाऊँ भन्ने व्यहोरा लेखिएको पाइन्छ । त्यसै गरी जाहेरवाला लक्ष्मीभक्त खनालले अदालतमा आई मेरो चोरी भएको मोवाइल Samsung मिनी मोबाइल हो । त्यसको हालको मूल्य रु. ३३,०००/- पर्छ । मेरो मोवाइल चोरी हुँदा स्क्रिन फुटेको थिएन । यी प्रतिवादीहरूबाट वरामद हुँदा फुटेको पाइयो । यी प्रतिवादीहरूबाट नै फुटेको हुनु पर्दछ । अभियोग मागदाबीबमोजिम यी प्रतिवादीहरूलाई सजाय हुनु पर्छ भनी आफ्नो जाहेरी व्यहोरा तथा अभियोग मागदाबीसमेत पुष्टि हुने गरी बकपत्र गरी दिएको देखिन्छ ।

घटनास्थल मुचुल्का हेर्दा जिल्ला तनहुँ, ब्यास नगरपालिका, वडा नं. ११ स्थित चारकिल्लाभित्र रहेको लक्ष्मीभक्त खनालको घर कोठाभित्र रहेको ९८५६०६०४५६ नं. को सिम प्रयोग भएको IMEI No. ३५२६०३०६१३९५९४८ भएको Samsung मोवाइल सेट १ थान कोठाको खाँटमा माथि रहेको झ्यालबाट दाउराको सहायतामा तानेर चोरी गरी लगेको हो भन्ने व्यहोरा भएको पाइन्छ ।

खानतलासी एवं वरामदी मुचुल्का हेर्दा जिल्ला तनहुँ, ब्यास नगरपालिका, वडा नं. २ स्थितमा प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One लाई नियन्त्रणमा लिई तलासी लिँदा प्रतिवादीहरू नाम परिवर्तित R. Nine ले लगाएको जिन्स पाइन्टको दाहिनेपट्टिको गोजीबाट IMEI No. ३५२६०३०६१३९५९४८ भएको स्क्रिन फुटेको Samsung मोवाइल सेट १ थान फेला परी वरामद गरिएको हो भनी व्यहोरा लेखाएको देखिन्छ ।

परिवर्तित नाम प्रतिवादी R. Nine ले अनुसन्धानमा अधिकारीसमक्ष बयान कागज गर्दा मिति २०७१/६/२३ गते राती निज र निजको साथी नाम परिवर्तित B. One कवाडी सामान खोज्दै जाहेरवालाको घर नजिक पुग्दा बाटो छेउमा झ्याल खुला रहेकोले मैले बाहिर बसी मानिसहरू हेर्दै र साथी नाम परिवर्तित B. One ले बाँसको भाटा झ्यालबाट छिराएर मोवाइल चोरी गरी मलाई राख्न दिएको हो । मोवाइलको सिल निकाल्ने क्रममा मोवाइल झरी स्क्रीन फुटेको हो । मोवाइल बेच्न भनी साथमा लिई हिँडिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो भनी कसूरमा पूर्ण साबिती व्यहोरा लेखाएको देखिन्छ भने सहप्रतिवादी

नाम परिवर्तित B. One समेतले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पनि निजको बयान व्यहोरासँग मिल्ने किसिमले बयान गरी यी प्रतिवादी नाम परिवर्तित R. Nine लाई पोल बयान गरेको अवस्था छ । अदालतसमक्ष बयान गर्दासमेत यी नाम परिवर्तित प्रतिवादी R. Nine ले जाहेरवालाको घरबाट सामसुङ मोवाइल चोरी गरेको हौं । म बाहिर बसी मेरो साथी नाम परिवर्तित B. One ले मोवाइल चोरी गरेको हो भनी जाहेरवालाको घरमा चोरी गर्न गएको र चोरी कार्यमा संलग्नता रहे भएको तथ्यमा र कसूरमा साबिती भएबाट र निज प्रतिवादी नाम परिवर्तित R. Nine ले लगाएको जिन्स पाइन्टको दाहिनेपट्टिको गोजीबाट Samsung मोवाइल सेट १ थान फेला परेको वरामदी मुचुल्का र वरामदी मुचुल्का हुँदा निज प्रतिवादी रोहवरमा बसी गरी दिएको सहिछाप, जाहेरवालाले वरामद मोवाइल निजको हो भनी गरिदिएको सनाखत कागज तथा जाहेरवाला लक्ष्मीभक्त खनालले अदालतमा आई बकपत्र गरी आफ्नो जाहेरी व्यहोरा पुष्टि र प्रमाणित गरेको अवस्था हुँदा र प्रतिवादीहरू कसूरमा साबित भई आफ्ना साक्षीसमेत राखेको अवस्था नहुँदा यी नाम परिवर्तित प्रतिवादी R. Nine ले जाहेरवालाको घरबाट समासुङ मोवाइल चोरीको महलको १ र १२ नं. विपरीत चोरी गरेको देखिन आयो ।

अव सजायतर्फ विचार गर्दा निज प्रतिवादीउपर चेारीको १२ नं. बमोजिम सजाय माग गरे तापनि निज १४ वर्षको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउन माग गरेको देखिन्छ । प्रस्तुत मुद्दा चोरी भएको मोवाइलको बिगो रु. ३१,०००/- भएको पाइन्छ । चोरीको १२ नं. अनुसार यी प्रतिवादीलाई पहिलो पटक कसूर गरेकोमा १ महिना कैद र रु. ३१,०००/- जरीवाना हुने देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को कानूनी व्यवस्था हेर्दा १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । सोअनुसार यी प्रतिवादी नाम R. Nine लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १५ दिन कैद र रु. १५,५००/- (पन्ध्र हजार पाँच सय) जरिवाना हुने ठहर्छ । वरामद भएको मोवाइल चोरीको २१ नं. बमोजिम जाहेरवालाले फिर्ता पाउने ठहर्छ ।

अर्को प्रतिवादी नाम परिवर्तित B.One पनि अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा जाहेरवालाको घरबाट मोवाइल चोरी गरेका हुँ भनी साबिती बयान गरेको सह प्रतिवादी नाम परिवर्तित R. Nine ले आफुसमेत कसूर साबित हुँदै निजसमेतलाई पोल बयान गरेको, जाहेरवालाले वरामद मोवाइल सनाखत गरी अदालतमा आई आफ्नो जाहेरी व्यहोरा पुष्टि र प्रमाणित हुने गरी बकपत्र गरेको अवस्था हुँदा यी नाम परिवर्तित B. One को कार्य चोरीको १ र १२ नं. विपरीतको देखिन आयो ।

अव सजायको हकमा निज प्रतिवादीउपर चोरी को १२ नं. बमोजिम सजाय माग गरे तापनि निजको उमेर १२ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजायको माग गरेको देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) को कानूनी व्यवस्था हेर्दा, बालकको उमेर

१० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाईबुझाई र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा चोरीको १२ नं. बमोजिम १ महिना र बिगो रु. ३१,०००/- हुने भएकोमा यी प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ७ दिन कैद हुने ठहर्छ र जरिवानाको हकमा प्रतिवादीलाई कुनै जरिवाना नहुने ठहर्छ । अरु तपसिलका कुरामा तपसिलबमोजिम हुने गरी अदालती बन्दोबस्तको १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी नाम परिवर्तित R. Nine के माथि इन्साफ खण्डमा लेखिएबमोजिम निज प्रतिवादीलाई चोरीको १२ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १५ दिन कैद र जरिवाना रु. १५,५००/- (पन्ध्र हजार पाँच सय) हुने ठहरेकाले निज प्रतिवादी नाम परिवर्तित R. Nine मिति २०७१/७/९ गतेदेखि हालसम्म बाल सुधार गृह, पोखरामा हिरासतमा रहेकाले निजलाई लागेको कैद र जरिवाना लगत कसी असुलउपर गर्नु १

प्रतिवादी नाम परिवर्तित B. One के माथि इन्साफ खण्डमा लेखिएबमोजिम निज प्रतिवादीलाई चोरीको १२ नं. तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ७ दिन कैद हुने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०७१/७/९ देखि मिति २०७१/७/१८ गतेसम्म हिरासतमा बसेको देखिँदा निजलाई लागेको कैद भुक्तान भइसकेकोले निजलाई लागेको कैद लगत कस्नु.....२

जाहेरवालाले चोरीको मोवाइल मिति २०७१/८/८ मा फिर्ता लगी सकेकोले सो सम्बन्धमा केही बोलिरहनु परेन.....३

यस इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ (१) बमोजिम प्रतिवादीहरू नाम परिवर्तित R. Nine र B. One लाई पुनरावेदन म्याद दिनु ४
यस इन्साफमा चित्त नबुझे पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपिसमेत साथै राखी फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, तनहुँलाई दिनु ५

सरोकारवालाले प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि मागे ऐन कानूनको रीत पुऱ्याई सारी सराई दिनु ६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिलबमोजिम अभिलेख शाखामा बुझाई दिनु ७

कम्प्युटर टाइप गर्ने डिठ्ठा मनमाया आले ।
फाँटवाला ना.सु. सन्तोष कुमार मेहता ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल मंसिर २९ गते रोज २ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बन्द इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

मुद्दा नं.: २६-०७०-CR-०२६०

निर्णय नं: २१२

मुद्दा: जवरजस्ती करणी ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला सुनसरी, क्षेत्र नं. ४ बस्ने वर्ष ४७ को राजेन्द्र मेहताको जाहेरीले नेपाल सरकार ...१	सुवालाल यादवको छोरा जिल्ला सुनसरी, राजगञ्ज सिनुबारी गा.वि.स. वार्ड नं. ९ घर भई हाल बाल सुधार गृह, कञ्चनबारी, विराटनगरमा रहेका परिवर्तित नाम 'क' बहादुर १
ऐ.ऐ. को प्रमाण साक्षी: × कागज: ×	ऐ.ऐ. को प्रमाण साक्षी: × कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र रही दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ बमोजिम नाबालक पीडितको वास्तविक नाम परिवर्तन गरी साङ्केतिक नाम 'डी' कुमारी तथा नाबालक प्रतिवादीको वास्तविक नाम परिवर्तन गरी साङ्केतिक नाम 'क' बहादुर राखी गोपनीयता कायम गरिएको छ साथै प्रस्तुत मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरिएको छ ।

मिति २०७०/१०/८ गते साँझ ७:०० बजेको समयमा पीडितको बाबु बैदेशिक रोजगारमा गएको हामी घरका सदस्य खेतबारीको काममा घरबाहिर रहेको र पीडित परिवर्तित नाम डी कुमारी घरमा एक्लै रहेको मौकामा परिवर्तित नाम क बहादुरले पीडितलाई फुल लिन आऊ भनी बहाना बनाई आफ्नो दरवाजामा लगी दरवाजाबाट भित्र आडनामा फुल ल्याउन बोलाई तत्पश्चात् हात समाती, एक्कासी घरभित्र छिराई, ढोका बन्द गरी चुक्कुल लगाई, पीडितले हल्ला गर्न खोज्दा मुख थुनी, पछि मुखमा कपडा कोची, पहिला अपराधीले आफ्नो कपडा खोली नाङ्गो भई, पीडितको लुगा कट्टु फुकाली जोर जवरजस्ती साथ भुईमा लडाई, आफ्नो लिङ्ग पीडितको योनीमा छिराई, करणी गरिसकेपछि रु. ५ को नोट दिई कसैलाई नभन्न भनी फकाउन लागे र सो रुपैयाँ नलिई भाग्न खोज्दा बोलिस् भने ज्यानै मारी दिन्छु भनी डर, धाक देखाएकोले सो रातसम्म पीडितले सो कुरा कसैलाई नभनी दर्द पीडा बढ्दै जाँदा योनीमा दर्द भएको कुरा आमालाई र म जाहेरवालालाई समेत भनेकी हुँदा प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेतको राजेन्द्र मेहताको मिति २०७०/१०/१० को जाहेरी दरखास्त ।

राजगञ्ज सिनबारी ९ स्थित पूर्वमा राम भजन मेहताको घर, पश्चिममा राजेन्द्र मेहताको घर, उत्तरमा जोगेन्द्र मेहताको घर, दक्षिणमा पूर्व पश्चिम ग्रावेल बाटो । यति चारकिल्लाभित्र पर्ने सुवाल यादवको घर आँगनमा परिवर्तित नाम डि कुमारीलाई फुल दिने बहानामा प्रतिवादीले जवरजस्ती करणी गरेको भन्नेसमेतको घटनास्थल मुचुल्का ।

उक्त मिति, समयमा म आफ्नो घरमा खेल्दै थिएँ । घरका गार्जिएन सबै खेतीको कामले घर फर्कि सक्नु भएको थिएन । मलाई खेलिरहेको देखी प्रतिवादी परिवर्तित नाम 'क' बहादुरले आफ्नो घरमा फुल लिन आउँ भनी घर आगनमा बोलाई आफ्नो घरको कोठाभित्र हात समाती लगी, ढोका बन्द गरी, आफ्नो र मेरोसमेत लुगा फुकाली, मेरो मुख थुनी, भुईमा लडाई, मेरो मुखमा कपडाले बाँधी कोची, आफ्नो लिङ्ग उत्तेजित बनाई भुईमा लडाई, आफ्नो लिङ्ग मेरो योनीमा जवरजस्ती पसाई करणी गर्न सफल भई म रुँन लागेपश्चात् फकाउन ५ रुपैयाँ दिई उक्त रुपैयाँ नलिएपश्चात् डरत्रास देखाई मार्ने धम्कीसमेत दिएको हुँदा समयमा कसैलाई भन्न नसकेकी र २०७०/१०/१० गते पीडा सहन नसकी आमालाई जानकारी गराएकी हुँ, प्रतिवादीउपर हदैसम्म सजाय गरिपाऊँ भन्नेसमेतको परिवर्तित नामा डि कुमारीले गरेको घटना विवरण कागज ।

२०७०/१०/८ गते बुधवारको अघिल्लै दिन म विराटनगर हजुरआमाको घर गई उक्त वारदातको दिन आफ्नै घरमा आएको थिएँ । मेरो घर र जाहेरवाला राजेन्द्र मेहताको घर आमनेसामने भएकाले एकअर्काको घरमा आउने जाने नियमित नै हुन्थ्यो । हामी दुवैको परिवार खेती किसानी गर्ने भएकोले साँझसम्म घरमा कोही आई नसकेको अवस्थामा पीडित परिवर्तित नाम डि कुमारी एक्लै घरमा रहेको देखी निजलाई आफ्नो घरमा बोलाई जवरजस्ती करणी गर्ने मनमा विचार उत्पन्न भई मैले आफ्नो घरमा फुल लिन आउँ भनी बहाना बनाई आफ्नो घरको कोठाभित्र लगी ढोकाको चुकुल लगाउँदा निजले किन ढोका बन्द गरेको भनी सोधखोज गर्न लाग्दा मैले निजको मुख थुनी भुईमा लडाई, मैले आफ्नो कपडा फुकाली पीडितको पनि कट्टु पनि फुकाली मैले आफ्नो उत्तेजित लिङ्ग निजको योनीमा छिराउँन खोज्दा

लिङ्ग नपसेपछि जोरजवरजस्ती गरी आफ्नो लिङ्ग निजको योनीमा पसाई स्खलित भएपश्चात् मनमा डर उत्पन्न भई रु. ५ को नोट दिई फकाउन खोजेको हुँ । डर, त्रास दिई मार्ने धम्की दिएको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम 'क' बहादुले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रतिवादी परिवर्तित नाम 'क' बहादुरको तथा पीडित परिवर्तित नाम डि कुमारीको शारीरिक परीक्षण रिपोर्ट मिसिल सामेल रहेको ।

मिति २०७०/१०/८ गते साँझ १७:०० बजेको समयमा प्रतिवादी परिवर्तित नाम क बहादुरले जाहेरवाला राजेन्द्र मेहताकी नातिनी परिवर्तित नामा डि कुमारीलाई आफ्नो घरमा बोलाई फकाईफुल्याई डर त्रास देखाई कोठाभित्र लगी थुनी जवरजस्ती करणी गरेको हुन् भन्ने कुरा सुनी थाहा पाएको हुँ । निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेतको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम 'क' बहादुरलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३ नं को देहाय १ बमोजिमको कसूर अपराधमा ऐ. को ३ नं को देहाय १ बमोजिम सजाय हुन तथा पीडितलाई ऐ. को १० नं बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई पाउन तथा प्रतिवादीको जन्मदर्ता अभिलेखअनुसार निजको जन्म २०५६/९/२५ भएको देखिँदा वारदात भएको दिन प्रतिवादी १४ वर्ष १३ दिनको देखिन आएको हुँदा निजउपर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय ३ बमोजिम हुनेसमेत मागदाबी लिई दायर भएको अभियोगपत्र ।

मैले पीडितलाई जवरजस्ती करणी गरेको छैन । यी जाहेरवालाको जग्गामा मेरो बाबु मोही भएको र सो जग्गाको मोही त्यसै छाडी दिनु भन्दा नमानेको र जाहेरवालाले मउपर यो जाहेरी दिएका हुन् । इलाका प्रहरी कार्यालय, देवानगञ्जमा छलफल हुँदा प्रहरीको सामुन्नेमा यी जाहेरवालाले उक्त जग्गाको मोही छाडी दिए यो मुद्दाको जाहेरी दिन्न, नत्र जाहेरी फिर्ता लिन्न भनेका थिए । घटनास्थल मुचुल्का तथा पीडितको कागज झुठ्ठा हो । प्रहरीले के कस्तो बयान व्यहोरा लेखे, म जान्दिन । सहि गर भनेकाले सहि गरेको हो भन्नेसमेतको प्रतिवादी परिवर्तित नामा क बहादुरले अदालतमा गरेको बयान ।

मिति २०७०/१०/२६ का आदेशानुसार निज प्रतिवादी बाल सुधार गृहमा रहेको ।

वादी प्रतिवादीका साक्षी बुझी प्रतिवादीको जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सम्बन्धित गा.वि.स. कार्यालयबाट झिकाउनु भन्ने २०७१/२/२० को आदेश ।

मिति २०७०/१०/९ गते साँझ ५ बजे मेरो नातिनी डि कुमारीलाई परिवर्तित नाम क बहादुरले जवरजस्ती करणी गरेको भन्ने कुरा भोलीपल्ट नातिनी कक्रयाककुक्रुक हुँदै हिडेकीले के भयो भनी सोध्दा मलाई ' क' बहादुरले फूल टिप्न आउँ भनी बोलाई समाती कोठाभित्र लगी कपडासमेत खोली मलाई जवरजस्ती करणी गरी भागी गएको भनी बताएकीले घटनाबारे जानकारी पाएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला राजेन्द्र मेहताले गरेको मिति २०७१/४/२८ गते गरेको बकपत्र ।

प्रतिवादीले पीडित बच्चीलाई निजको घरमा बोलाई जवरजस्ती करणी गरेका हुन् । बच्चीलाई फूल टिप्न आउँ भनी बाहना बनाई ललाईफकाई आफ्नो घर कोठामा लगी मुख थुनी भुईमा लडाई जवरजस्ती करणी गरेका रहेछन् भन्ने घटनास्थल मुचुल्कामा बस्ने मानिस ठकु मेहताले गरेको बकपत्र ।

मिति २०७०/१०/८ गते म आँगनमा बढार्दै थिए । प्रतिवादीले मलाई फूल लिन आउँ भनी बोलायो, लिन जाँदा घरभित्र लगी निजले कट्टु खोल्यो । मेरोसमेत खोल्यो, मुखसमेत थुन्यो र मेरो योनीभित्र ढुकाउन लाग्यो भन्ने व्यहोराको पीडित उपनाम डि कुमारीले निजको संरक्षक आमा सन्जुदेबी मेहताको रोहवरमा गरेको मिति २०७१/४/३० गतेको बकपत्र ।

घटना भएको मिति समयमा 'क' बहादुर विराटनगरमा थिए, प्रतिवादी 'क' बहादुरले गरेको होइन, मोही जग्गाको रिसइवीले प्रतिवादीलाई फसाएको हो भन्ने व्यहोराको प्रतिवादीका साक्षी राजकिशोर यादवले गरेको मिति २०७१/५/३ गतेको बकपत्र ।

मिति २०७०/१०/८ गते जवरजस्ती करणी गरेका रहेछन, डि कुमारी तथा गाउँलेहरूको भनाईअनुसार सो कुरा थाहा पाएँ भन्ने व्यहोराको घटनास्थल मुचुल्कामा कागज गर्ने मानिस महेन्द्र मेहताले मिति २०७१/५/३ गते गरेको बकपत्र ।

मोहीको झगडाको कारण, रिसइवीको कारणबाट जाहेरी दिएको हो, करणी गरेको कुनै चिन्हसमेत बच्चीको जिउ ज्यानमा थिएन, प्रहरीले ४ घण्टा राखेर सोध्दा पनि करणीको कुरा भनिनन्, अपराध भएको होइन, प्रतिवादी क बहादुर राम्रोसँग पढ्ने विद्यार्थी हुन्, गरिवलाई फसाएका हुन् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मानिस दयानन्द यादवले गरेको मिति २०७१/५/४ गते गरेको बकपत्र ।

आदेशानुसार बालमनोविज्ञ छत्रमणि न्यौपानेको राय प्रतिवेदन पेश भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री राजकुमार कोइराला तथा प्रतिवादी परिवर्तित नाम 'क' बहादुरको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सुमनचन्द्र कार्कीले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

परिवर्तित नाम क बहादुरलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३ नं को देहाय १ बमोजिम को कसूर अपराधमा ऐ. को ३ नं.को देहाय १ बमोजिम सजाय हुन तथा पीडितलाई ऐ. को १० नं. बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई पाउन तथा प्रतिवादीको जन्मदर्ता अभिलेखअनुसार निजको जन्म

२०५६/९/२५ भएको देखिँदा वारदात भएको दिन प्रतिवादी १४ वर्ष १३ दिनको देखिन आएको हुँदा निजउपर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को देहाय ३ बमोजिम हुनसमेत मागदाबी लिई दायर भएको अभियोग मागदाबी रहेको देखिन्छ ।

२०७०/१०/८ गते साँझ १७:०० बजेको समयमा घर परिवारका सदस्य खेतबारीमा गएका र परिवर्तित नाम डि कुमारी एक्लै घरमा रहेका अवस्था परिवर्तित नाम 'क' बहादुरले फुल दिने बहानामा आफ्नो घरमा लगी मुखमा कपडासमेत कोची जवरजस्ती लडाई योनीमा लिङ्ग पसाई जवरजस्ती करणी गरेको कुरा बालिकाको योनीमा दर्द भएपछि आमालाई बताएको जानकारी भएको भन्ने जाहेरी व्यहोरालाई समर्थन गर्दै जाहेरवालाले अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । पीडित परिवर्तित नाम डि कुमारीले बिज्याँईकर्ताले आफु एक्लै घर आँगनमा रहेको अवस्थामा फूल दिने बहानामा बोलाई घरभित्र लगी कपडा खोली भुईमा लडाई आफ्नो लिङ्ग जवरजस्ती पसाएको भन्ने व्यहोरासमेत उल्लेख गरेकी र अदालतसमक्ष बकपत्र गर्दा मुख थुनी लडाई लुगा खोली योनीभित्र ''ढुकाउन लाग्यो'' भन्ने उल्लेख गरेको पाइन्छ ।

पीडित डी कुमारीको स्वास्थ्य परीक्षण, कोशी अञ्चल अस्पतालमा जाहेरी परेकै दिन २०७०/१०/१० मा भएको देखिन्छ । उक्त अस्पतालको च.नं. १४१८ मिति २०७०/१०/१९ को प्रयोगशालाको संलग्न रिपोर्टअनुसार पीडितको संवेदनशील अङ्ग लगायतमा कुनै चोटपकट वा अन्य अस्वभाविक प्रकृति र शुक्रकिटसमेत रहेको देखिँदैन । परिवर्तित नाम 'क' बहादुरको परीक्षणमा पनि सामान्य प्रकृति देखिन्छ । जाहेरी तथा जाहेरवालाको बकपत्र तथा पीडितको घटना विवरण कागजमा उल्लेख भएअनुसारको घटना भई वर्ष ६ की नाबालिकाको यौनाङ्गमा बिज्याँईकर्ताको लिङ्ग प्रवेश गरेको भए घटनाको पर्सि पल्टै भएको परीक्षणबाट कुनै न कुनै अस्वभाविक प्रकृति देखिने थियो । पीडितको अदालतसमक्ष बकपत्र गर्दा 'ढुकाउन लाग्यो' भनी उल्लेख गर्नु र यौनाङ्गमा लिङ्ग प्रवेशसमेतका कुनै लक्षण पीडितमा नदेखिँदा जवरजस्ती करणीकै लक्षण देखिएन ।

परिवर्तित नाम 'क' बहादुर अदालतसमक्ष कसूरमा पूर्ण इन्कार रहे पनि जाहेरीको समर्थनमा भएका बकपत्र र पीडितको बकपत्रसमेतबाट २०७०/१०/८ को ५ बजेतिरको समयमा छिमेक रहेका यी बालिका तथा 'क' बहादुर मात्र आआफ्नो घरमा रहेको देखिन्छ । अदालतसमक्ष पीडितले बकपत्र गर्दा आफुलाई फूल लिन भनी बिज्याईकर्ताले निजको घरमा बोलाई जाँदा घरभित्र लगी बिज्याँईकर्ताले कपडा खोली मुख थुनी योनीभित्र ढुकाउन लाग्यो भनी उल्लेख गरेको वाक्यांशलाई पूर्णतः अस्वभाविक मान्न मिल्दैन । प्रस्तुत मुद्दामा बालमनोविज्ञको राय प्रतिवेदनसमेत प्राप्त भएको र मनोविज्ञले उमेरगत आधारले परिपक्क भई नसकेका, बाबुआमाले बालकको हुर्काई तथा विकासमा पर्याप्त समय दिन नसकेका कारणले समेत किशोर अवस्थामा देखिने जिज्ञासा एवं कौतुहलता पुरा गर्ने क्रममा यो घटना घटेको देखिने भन्नेसमेत उल्लेख गर्नु भएको छ । कुनै किसिमको घटना नै नभएको भए संवेदनशील मुद्दाको विषयवस्तुलाई नै आधार मानी अन्य विवादको कारणले जाहेरी दिनु र बालिकाको संवेदनशील प्रतिष्ठासमेतमा हुन सक्ने

क्षतिको मूल्याङ्कन नभई बिना कुनै कसूर जाहेरी परेको मान्न मिलेन । बालमनोविज्ञको रायअनुरुप पनि बालकमा उमेरगत कौतुहलता र जिज्ञासाले भएको घटनामा जवरजस्ती करणीको उद्योगसम्मको घटना घटेको देखियो ।

तसर्थ बिज्याँईकर्ता परिवर्तित नाम 'क' बहादुरले पीडित परिवर्तित नाम डि कुमारीलाई गरेको बिज्याँई जवर जस्ती करणीको महलको ५ नं. अनुरुपको देखिई सोहीबमोजिम जवरजस्ती करणीको उद्योग गरेको ठहर्छ । ऐ. का ५ नं. बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायमा परिवर्तित नाम 'क' बहादुर १४ वर्ष पुगेका देखिँदा ऐ. को ३(१) र ५ नं. बमोजिम हुने सजाय ५ (पाँच) वर्ष कैद कायम गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम आधा सजाय कैद दुई वर्ष छ महिना (२½ वर्ष) हुन्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम 'क' बहादुरके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी कैद दुई वर्ष छ महिना हुने ठहरेकाले निज प्रतिवादी मिति २०७०/१०/१० देखि प्रहरी हिरासतमा रही मिति २०७१/१०/२६ का आदेशानुसार हालसम्म बाल सुधार गृह कञ्चनबारी, विराटनगरमा रहेको देखिँदा हिरासतमा बसेको मितिबाटै कैद कट्टा हुने गरी दुई वर्ष छ महिना कैद म्याद ठेगी बाल सुधार गृह कञ्चनबारी, विराटनगरमा पठाई दिनु १

उपरोक्त इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई र प्रतिवादीलाई फैसलाको प्रतिलिपिसहित पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

सम्वत् २०७१ साल पौष २ गते रोज ४ शुभम् .....।

झापा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रमेशकुमार खत्री

फैसला

उपस्थिति

बालमनोविज्ञः नारायण भट्टराई

समाजसेवीः सविना विष्ट

सम्वत् २०७० सालको स.फौ.नं. १८-०७०-०१५६६

(०७०-CR-०३६०)

मुद्दाः जवरजस्ती करणी उद्योग।

निर्णय नं.: २२८

वादीको नाम, थर, वतन

जिल्ला झापा, दमक न.पा., वडा नं. ५ स्थित भुटानी शरणार्थी शिविर वेलडाँडी २ सेक्टर D/4 छाप्रा नं. ५० मा बस्ने परिवर्तित नाम G को जाहेरीले नेपाल सरकार १

प्रतिवादीको नाम, थर, वतन

जिल्ला झापा, दमक न.पा., वडा नं.५ स्थितमा रहेको भुटानी शरणार्थी शिविर बेलडाँडी २ सेक्टर D/4, छाप्रा नं १०३ मा बस्ने परिवर्तित उपनाम "स" को छोरा वर्ष १३ को परिवर्तित नाम B १

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

ऐ.ऐ. को प्रमाण

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य उल्लेख गर्दा पक्षहरूको गोपनीयता

कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम पीडितलाई ग-१४ (परिवर्तित नाम) र प्रतिवादीलाई B (परिवर्तित नाम) दिई तद्नुसार उल्लेख गरिएको छः

तथ्य खण्ड

जाहेरी विवरणः

मिति २०७०/१/१३ गते दिनको अन्दाजी २:३० बजेको समयमा म जाहेरवालीको छोरी वर्ष ७ की परिवर्तित नाम पीडितलाई ग-१४ लाई खेलिरहेको अवस्थामा जाहेरीको प्रकरण ४ मा उल्लेखित प्रतिवादीले फेला पारी समाई मुखले यौनाङ्गमा चाटी शरीरका संवेदनशील अङ्गमा समाई यौनाङ्गमा औला घुसाई करणी गर्न लाग्दा बाटोमा हिड्ने मानिसहरूले होहल्ला गर्दा निज प्रतिवादीले मेरो नाबालक छोरीलाई छाडी फरार भएको हुँदा प्रतिवादीलाई जवरजस्ती करणी उद्योग गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने परिवर्तित नाम G को जाहेरी दरखास्त ।

घटनास्थल विवरणः

जिल्ला झापा, दमक न.पा., वडा नं. ५ भुटानी शरणार्थी शिविर बेलडाँगी २ सेक्टर D/4 स्थित पूर्वमा पेमा छिरिङ्गको छाप्रा नं. १, पश्चिममा फूलमाया तामाङको छाप्रा नं. ६६, उत्तरमा चिल्ड्रेनको फोरमको कार्यालयको छाप्रा र दक्षिणमा बादल तामाङको छाप्रा नं. ६४ । यति चारकिल्लाभित्र उत्तर दक्षिण धुरी भएको भाटाको बेरा तथा चित्राको छाना भएको मनबहादुर तामाङको छाप्रा । सो छाप्राको पछाडि केही खाली जमिन सोही खाली ठाउँमा शरीर सुसङ्गठीत बनाउने कसरतका सामानहरू रहेको, सोही स्थानमा परिवर्तित नाम पीडितलाई ग-१४ लाई प्रतिवादी परिवर्तित नाम "B" ले जवरजस्ती करणी उद्योग गर्ने उद्देश्यले समाएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

मैले जाहेरवालाको छोरी परिवर्तित नाम ग-१४ लाई समाई निजले लगाएको कपडासमेत खोलेको हैन, छैन । निजको संवेदनशील अङ्गसमेत समाएको हैन । निजको यौनाङ्गमा समेतमा औला घुसाई मुखले चाटेको होइन, छैन । मेरो बुवा परिवर्तित नाम "स" तथा जाहेरवालीको पहिला सामान्य भनाभन भएको कारण सोही रिसइवीको कारण आरोप लगाई जाहेरी दिएको हुनु पर्दछ भन्ने प्रतिवादी "B" अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

बुझिएका व्यक्तिहरूले गरेको कागजः

(क) वारदात मिति तथा समयमा भाउजु नाता पर्ने सृजना तामाङको घरमा कुराकानी गर्न जाँदा जाहेरवाली र पीडित पहिलादेखि नै बसिरहेका थिए । म पनि बसेर प्रतिवादीसमेत आई आँप खायौं र निज प्रतिवादी शारीरिक व्यायामको लागि बनाएको जिमका सामानहरू हेर्न तथा जिमसमेत गर्न थाल्यो । जाहेरवालाले छोरीलाई नुहाउनको लागि लिएर गएको केही समयपछि छोरीलाई निज प्रतिवादीले जवरजस्ती करणी गर्नको लागि शरीरको विभिन्न अङ्गहरूमा छामेछ, सहयोग गर्नु पर्‌यो भनी भाउजु

श्रृजनासमेतलाई भन्दा मलाई पनि थाहा भई सँगै हेर्न जाँदा पीडितको जिउ अङ्गमा कुनै प्रकारको निलडाम, घाउँचोटसमेत थिएन । जाहेरवाली, पीडित र प्रतिवादीसँगै भएको कारण जवरजस्ती करणी उद्योग गरेकोमा विश्वाससमेत लाग्दैन भन्नेसमेत व्यहोराको सरिता तामाङको कागज ।

ख) उक्त दिन मेरो छाप्रामा सरिता तामाङ तथा जाहेरवालीसमेत बसी कुराकानी गरिरहेका थियौं । प्रतिवादी "B" समेत मेरो घरमा आई आँगनमा रहेको जिमका सामानहरू उठाउने तथा शारीरिक व्यायाम गर्दै थिए । पीडित ग-१४ समेत आमासँगै मेरो घरमा नै खेलिरहेका थिए । म पानी लिनको लागि जाँदा पीडितले मलाई जिस्काएपछि मलाई जिस्काउन मिल्छ भन्दै म पानी लिन गएँ । पीडितसमेतलाई म जाहेरवालीले नुहाउन हिड् भनी लिई गए । केही क्षणपछि पीडितको आमा आई बहिनी तिमीले मलाई सहयोग गर्नु पर्छ । जुन प्रतिवादीले मेरो छोरीलाई जवरजस्ती करणी उद्योग गर्न खोजेको हुँदा सहयोग गर्नु पर्‌यो भन्दा म छक्क परेको हुँ । पीडितलाई हेर्न जाँदा निजको शरीरमा कुनै पनि प्रकारको चोटपटक तथा निलडामसमेत थिएन । सबै जना छाप्रामा नै भएको कारण प्रतिवादीले त्यस्तो प्रकारको कार्य गरे जस्तो विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको सृजना तामाङको कागज ।

ग) वारदात मिति र समयमा म आफ्नै छाप्रामा सुतिरहेको थिएँ । जाहेरवाली तथा प्रतिवादीसमेतको छाप्रासँगै भएको कारण होहल्ला सुनी के कसो भएको हो भनी हेर्न जाँदा जाहेरवालीले मेरो नाबालिका छोरीलाई जवरजस्ती करणी उद्योग गरेको हुँदा कानून नियमानुसार हुनु पर्छ भनी होहल्ला गरेको थियो । गाउँका मानिसहरू भेला भई शारीरिक जाँच गराउने सम्मको सल्लाह दिएको हौं । म लगायतका मानिसहरूले हेर्दा त्यस्तो चोटपटक, निलडामसमेत देखिएन । दिउँसो सृजना तामाङको घरमा जाहेरवाली पीडित र प्रतिवादीसमेत गएको कारण जाहेरवालीले उक्त कुरा भएको हुन सक्छ भनी होहल्ला गरेको हुन सक्छ भन्नेसमेत व्यहोराको आइती माया तामाङको कागज ।

घ) वारदात मिति र समयमा भाइ "B" ले शिविरभित्र पीडित ग-१४ लाई जवरजस्ती करणी उद्योग गरे भन्ने सुनेको हुँ । प्रतिवादी पढाईमा साह्रै राम्रा केटा हुन् । गाउँमा इमान्दार थिए, उक्त वारदात घटाए घटाएनन् भन्न सक्दिन । प्रायः जसो मसमेतले बनाएको जिमको सामान उचाल्न (खेल्न) आउने गर्थ्यो । प्रतिवादीले पीडितलाई जवरजस्ती करणी उद्योग गरे भन्नेमा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको राजकुमार तामाङको कागज ।

ङ) पीडित तथा प्रतिवादीलाई चिन्दछु । वारदात मिति र समयमा म चर्चबाट घर आउँदा भाइ नाता पर्ने प्रतिवादी "B" ले मेरो घर पछाडि जिमका सामान फुटेकाले मर्मत गरिरहेको देखेको हुँ । म पुनः चर्च गएपछि घर आउँदा परिवर्तित नाम ग-१४ लाई जवरजस्ती करणी उद्योग गरे भन्ने हल्ला सुनेको हुँ । निज नाबालक भएको र शिविरमा बस्दा रहँदा राम्रै शीलस्वभाव भएको कारण उक्त वारदात घटाएकोमा विश्वास लाग्दैन भन्नेसमेत व्यहोराको सुकबहादुर तामाङको कागज ।

पीडितले गरेको कागजः

वारदात मिति र समयमा म मेरो घरभन्दा अगाडि माइली आमाको घर पछाडि खेलिरहेको थिएँ । सोही घरको पछाडि चिनेको दादा परिवर्तित नाम "B" ले म छेउमा गएको र हेरिरहेको अवस्थामा दादाले मलाई समाई मेरो सु गर्नेमा औलाले छोई म नमान्दासमेत बेस्सरी समाई उम्कन नदिई मैले लगाएको स्कट खोली मेरो सु गर्नेमा जिब्रोले चाटी दिएकोमा मलाई कुतकुती लागि अत्तालिएपछि धेरै हाँसेपछि स्थानीय मानिसहरू आउन थालेपछि दादाले मलाई छाडेका हुन् भन्नेसमेत व्यहोराको पीडित ग-१४ को कागज ।

वस्तुस्थिति विवरणः

वारदात मिति र समयमा म आफ्नै छाप्रामा बसिरहेको थिएँ । जाहेरवालीले छोरी हिडाउँदै ल्याई छोरी परिवर्तित नाम ग-१४ लाई प्रतिवादी परिवर्तित नाम "B" ले छाप्रा नं. २८ को पछाडि लगी समाई करणी गर्न खोजेकोले मलाई सहयोग गर्नु पर्छ भन्दा मैले उपचारको लागि लान सल्लाह दिएको हुँ । पछि उपचार गराउँन लाँदा कुनै त्यस्तो नदेखिएको भनी सुनेको हुँ । बद्लिदो परिस्थितिमा निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गर्ने उद्योग गर्न सक्छ भन्नेसमेत व्यहोराको सामसिंह तामाङसमेतले प्रायः एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

अभियोग दाबीः

प्रतिवादी परिवर्तित नाम "B" ले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ५ नं. बमोजिमको कसूर गरेकोले सोही ऐनको ३(१) नं. बमोजिम हुने गरी ऐ. महलको ५ न. बमोजिम सजाय हुन साथै निज प्रतिवादी वर्ष १३ को नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम गरिपाऊँ भन्नेसमेत वादी नेपाल सरकारको अभियोग दाबी ।

प्रतिवादीले यस अदालतमा गरेको बयानः

मिति २०७१/१/१३ गते शनिवार करिव २:३० को बजेको समयमा म जिम गर्ने सामान लिएर जिम गरिरहेको थिएँ । पीडित त्यही खेलिरहेकी थिइन् । उनको साथमा उनकी आमा र मेरी भाउजु नाताकी श्रृजना तामाङसँगै थिएँ । मैले पीडितसँग बोलचाल केहि नगरी जिम गरी मेरो फुपूकोमा बसेको हुँ । मैले पीडितलाई कुनै किसिमको जवरजस्ती करणीको प्रयास गरेको होइन, मेरो बुबासँगको पुरानो रिसइवी साध्न मलाई झुठ्ठा आरोप लगाएको हो भन्नेसमेत व्यहोराको बाबु उपनाम "स" को रोहवरमा प्रतिवादी परिवर्तित नाम "B" ले यस अदालतमा गरेको बयान ।

थुनछेक आदेशः

प्रतिवादी नाम "B" (परिवर्तित नाम) लाई पछि ठहरेबमोजिम हुने नै हुँदा हाललाई मुलुकी ऐन, अ.ब. ४७ नं. बमोजिम मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु भन्ने यस अदालतको मिति २०७१/१/३० को आदेश पर्चा ।

साक्षी बकपत्रः

वादीको

क) मिति २०७१/१/१९ गतेको जाहेरी दरखास्त व्यहोरा पढी बाँची सुने । व्यहोरा ठीक छ, सोमा भएको सहिछाप पनि मेरै हो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्दछ भन्नेसमेत व्यहोराको जाहेरवाला परिवर्तित नाम (जी) ले यस अदालतमा गरेको बयान ।

ख) मिति २०७१/१/१५ गते आमा परिवर्तित नाम "जी" को रोहवरमा गरेको कागजको व्यहोरा ठीक छ र सोमा भएको सहिछापसमेत म आफैले गरेको हो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम ग-१५ ले यस अदालतमा गरेको बकपत्र ।

ग) मिति २०७१/१/२६ गतेको घटना कागज व्यहोरा सुनाउँदा सुनी पाएँ । व्यहोरा ठीक छ । त्यसमा भएको सहिछापसमेत मेरो हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस फूलमाया तामाङले यस अदालतमा गरेको बयान ।

घ) मिति २०७१/१/२४ गते लेखाई दिएको घटना विवरण कागज व्यहोरा सुनें । व्यहोरा ठीक छ र त्यसमा भएको सहिछापसमेत म आफैले गरेको हो भन्नेसमेत व्यहोराको अ.ब. ११५ बमोजिम बुझिएकी मानिस श्रृजना तामाङले यस अदालतमा गरेको बकपत्र ।

ङ) मिति २०७१/१/२४ गते लेखाई दिएको घटना विवरण कागज व्यहोरा सुनें । व्यहोरा ठीक छ र त्यसमा भएको सहिछापसमेत म आफैले गरेको हो भन्नेसमेत व्यहोराको अ.ब. ११५ बमोजिम बुझिएकी मानिस सरिता तामाङले यस अदालतमा गरेको बकपत्र ।

प्रतिवादीको

क) प्रतिवादी असल व्यक्ति हुन् । प्रतिवादीले सो घटना घटाएको होइन । पुरानो रिसइवीको कारणले यस्तो उजूरी दिएको हो । प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउनु पर्छ भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी धनबहादुर मगरले यस अदालतमा गरेको बकपत्र ।

चिकित्सकले यस अदालतमा गरेको बकपत्रः

पीडित ग-१४ लाई शारीरिक परीक्षण गर्दा निजको भेजाइनल स्वावको प्रतिवेदन दिएअनुसार लेखिएको ठीक छ भन्नेसमेत व्यहोराको चिकित्सक जयकुमार ठाकुरले यस अदालतमा गरेको बकपत्र ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश भएको मुद्दामा बादी नेपाल सरकारको तर्फबाट विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराईले जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको मौकामा भएको कागज एवं अदालतमा भएको बकपत्र लगायतका कागजहरूबाट अभियोग दाबी पुष्टि भएकोले दाबी ठहर हुने फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै प्रतिवादी तर्फबाट विद्धान अधिवक्ता श्री देवेन्द्र भण्डारीले मेरो पक्षले कसूरमा इन्कार रही बयान गरेको, बुझिएका घटना

विवरणका मानिसहरू समेतले मेरो पक्षले कसूर गरेको भनी वारदात पुष्टि गर्न नसकेको र जाहेरवालाको मेरो पक्षसँग पुरानो रीसइवीको कारण मेरो पक्षलाई पोल गरेकोले मेरो पक्षलाई सफाई हुने गरी ठहर फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

सम्वद्ध मिसिल अध्ययन गरी हेर्दा वर्ष १३ को "B" (परिवर्तित नाम) ले पीडित वर्ष ७ को ग-१४ (परिवर्तित नाम) लाई जवरजस्ती करणी उद्योग गरेकाले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ र ५ नं. को कसूरमा सोही महलको ३(१) नं ले हुने सजायमा ५ नं. बमोजिम सजाय हुनेमा प्रतिवादी वर्ष १३ को नाबालक भएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन अभियोग दाबी लिएकोमा प्रतिवादी मौकामा र यस अदालतमा बयान गर्दासमेत इन्कार रहेको र प्रतिवादीले अभियोग दाबीअनुसार करणी गर्ने उद्योग गरेको भन्ने सबुद प्रमाणबाट पुष्टि भएको देखिन नआएकोले प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रतिवादी "B" (परिवर्तित नाम) ले सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी परिवर्तित नाम "B" ले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले निजलाई केहि गरिरहनु परेन १

यो फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी श्री जिल्ला सरकारी वकिल कार्यालय, झापालाई फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलासहितको नक्कल मागे ऐनको रीत पुर्‌याई सारी सराई लान दिनु र प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ३

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोली टिपाएबमोजिम टिपी फैसला तयार गर्ने ना.सु. लोकबहादुर अधिकारी ।
फाँटवाला ना.सु. नवराज पोखरेल
कम्प्युटर टाइप गर्ने डि. रितिका राई (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल पौष ६ गते रोज १ शुभम् .....।

धादिङ जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री रमेशराज पोखरेल

फैसला

२०७१ सालको CR-००५४

कोड नं. ४६-०७१-००१९१

निर्णय नं: २११

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ २(ल) को जाहेरीले नेपाल सरकार १

जाहेरवालाः परिवर्तित नाम धादिङ २(ल)
साक्षीः ×
प्रमाणः ×

प्रतिवादीको नाम, थर, वतन
परिवर्तित नाम धादिङ २(ष) १

साक्षीः ×
प्रमाणः ×

अदालतबाट बुझेको
साक्षीः ×
प्रमाणः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.ब. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारअन्तर्गत दायर रहेको प्रस्तुत मुद्दाको संक्षिप्त टिपोट र ठहर यस प्रकार रहेको छः

मिति २०७१/७/२३ गते विहान अन्दाजी १०:३० वजेको समयमा मेरो छोरी वर्ष ५ की हाल परिवर्तित नाम धादिङ २(श) पढ्न भनी घरबाट जादै गर्दा नातामा काका पर्ने वर्ष १३ को हाल परिवर्तित नाम धादिङ २(ष) ले जिल्ला धादिङ, चैनपुर गा.वि.स., वार्ड नं. ६ स्थित बारीमा तानी लगी लुगासमेत खोली जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको परिवर्तित नाम धादिङ २(ल) को जाहेरी दरखास्त।

मिति २०७१/७/२३ गतेका दिन जाहेरीवालाको छोरी परिवर्तित नाम धादिङ २(श) लाई प्रतिवादी धादिङ २(ष) ले हात समाई घिसार्दै बाटोभन्दा मुनि लगी जवरजस्ती करणी गरेको सुनी थाहा पाएको हो । निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेतको जुना राना मगरले गरिदिएको कागज ।

मिति २०७१/७/२३ गतेका दिन जाहेरीवालाको छोरी परिवर्तित नाम धादिङ २(श) लाई प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) हात समाई घिसार्दै बाटोभन्दा मुनि लगी जवरजस्ती करणी गरेको सुनी थाहा पाएको हो । निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेकोमा पूर्ण विश्वास लाग्छ भन्ने व्यहोरासमेतको श्रीमाया नेपालीले गरिदिएको कागज ।

पीडित परिवर्तित नाम धादिङ २(श) मेरो भतिजी नाता पर्ने व्यक्ति हुन् । मिति २०७१/७/२३ का दिन म र पीडित परिवर्तित नाम धादिङ २(श) पढ्न भनी स्कुलतर्फ जाँदै गर्दा घरबाट केहि पर पुगेपछि मलाई करणी गर्न मन लागी निज पीडित धादिङ २(श) लाई बाटोभन्दा अलीमुनि बारीमा लगी निजको लुगा र आफ्नो लुगासमेत खोली निजलाई करणी गर्दा निज रुँन कराउन थालेपछि छोडी त्यहाँबाट भागी गएको हुँ । पछि मैले पीडित परिवर्तित नाम धादिङ २(श) लाई जवरजस्ती करणी गरेको भन्दै प्रहरीले पक्राउ गरी ल्याएको हो भन्ने व्यहोरासमेतको प्रतिवादी धादिङ (ष) को बयान ।

पीडक आमाको नाम, थर, वतन परिवर्तित गरी परिवर्तित नाम धादिङ २(ह) राख्ने गरी खडा गरेको निर्णय पर्चा ।

प्रतिवादी धादिङ २(ष) को जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि यसै निवेदन साथ पेश गरेको छु भन्ने व्यहोरासमेतको धादिङ २(ह) को निवेदन ।

पीडक परिवर्तित नाम धादिङ २(ष) को (१) The examinee is in normal state of physical in mental health at the time of examination, (२) There is no evidence of the examinee being involved in forceful sexual entrecourse possibility of attempted sexual offence however can not be ruled out according to the history given by the examinee भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

पीडित परिवर्तित नाम धादिङ २(श) को (१) According to the history, sexual offence can not be ruled out. However according to the examination of the victim, there are no positive evidences suggestive of penetrative sexual intercourse to have occurred and there are no signs of struggle भन्ने व्यहोरासमेतको परीक्षण प्रतिवेदन ।

जिल्ला धादिङ, चैनपुर गा.वि.स., वडा नं. ६ स्थित पूर्वमा क्यामुनाको रुख, पश्चिममा चिलाउनेको रुख, उत्तरमा खनायोको रुख र दक्षिणमा आलस बारी । यति चारकिल्लाभित्र सुसे रोक्काको कोदोबारी रहेको

उक्त बारीमा मिति २०७१/७/२३ गते विहान १०:३० बजेको समयमा परिवर्तित नाम धादिङ २(श) लाई परिवर्तित नाम धादिङ २(ष) ले जवरजस्ती करणी गरेको घटनास्थल प्रकृति मुचुल्का ।

२०७१/७/२३ गतेका दिन जाहेरवाली छोरी परिवर्तित नाम धादिङ २(श) लाई धादिङ २(ष) ले हात समाई घिसार्दै बाटोभन्दा मुनि लगी जवरजस्ती करणी गरेको सुनी थाहा पाएको हो भन्ने व्यहोरासमेतको मिना बयलकोटीसमेतले गरिदिएको घटना विवरण कागज ।

यसमा मिसिल संलग्न जाहेरी दरखास्त, निर्णय पर्चा, बुझिएकी जुना राना मगरको कागज, पीडितको कागज, प्रतिवादीको बयान, परीक्षण प्रतिवेदन, बुझिएका चनमती नेपालीसमेतले गरिदिएको घटना विवरण कागजसमेतबाट २०७१/१०/२३ गतेका दिन बिहान अन्दाजी १०:३० बजेको समयमा परिवर्तित नाम धादिङ २(श) लाई परिवर्तित नाम धादिङ २(ष) ले जवरजस्ती करणी गरेको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७१/७/२३ गतेका दिन जाहेरवालीको छोरी परिवर्तित नाम धादिङ २(श) लाई प्रतिवादी धादिङ २(ष) ले हात समाई घिसार्दै बाटोभन्दा मुनि लगी जवरजस्ती करणी गरेको सुनी थाहा पाएको हो भन्ने व्यहोरासमेतको मिना बयलकोटीसमेतले गरिदिएको घटना विवरण कागज ।

यसमा सक्कल मिसिल संलग्न जाहेरी दरखास्त। निर्णय पर्चा, बुझिएकी जुना राना मगरको कागज, पीडितको कागज, प्रतिवादीको बयान, परीक्षण प्रतिवेदन, बुझिएका चनमती नेपालीसमेतले गरिदिएको घटना विवरण कागजसमेतबाट मिति २०७१/७/२३ गतेका दिन बिहान अन्दाजी १०:३० बजेको समयमा प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले पीडित वर्ष ५ कि परिवर्तित नाम धादिङ २(श) लाई जवरजस्ती करणी गरेको वारदात पुष्टि हुन आयो ।

अव प्रतिवादीले के कस्तो परिवन्दमा पारी पीडित धादिङ २(श) लाई जवरजस्ती करणी गरेका रहेछन् र त्यस्तो कसूर अपराध गर्ने प्रतिवादीलाई के कुन कानूनअनुसारको सजायको मागदाबी लिई अभियोगपत्र पेश गर्ने त भनी सक्कल मिसिल संलग्न कागज आधार प्रमाण हेर्दा मेरो वर्ष ५ की छोरी अध्ययन गर्न भनी घरबाट स्कुल जादै गर्दा नातामा काका पर्ने परिवर्तित नाम धादिङ २(ष) ले बाटोबाट तानी घिसार्दै नजिकै बुट्यान भएको बारीमा लगी छोरीले लगाएको लुगा खोली जवरजस्ती करणी गरेकाले आवश्यक कारवाही गरिपाऊँ भनी परिवर्तित नाम धादिङ २(ल) को जाहेरी परेको प्रस्तुत मुद्दामा वारदातलाई पुष्टि हुने गरी मौकामा भएको घटनास्थल मुचुल्का मिसिल संलग्न देखिन्छ । पीडित परिवर्तित नाम धादिङ २(श) पढ्न भनी स्कुलतर्फ गएको अवस्थामा प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले निज पीडितलाई जवरजस्ती करणी गरेको भनी सुनी थाहा पाएको हुँ भनी बुझिएका जुना राना मगर, श्रीमाया नेपालीले गरिदिएको एकै मिलानको छट्टाछुट्टै कागज, सोही मिलानको मौकामा बुझिएका पोडे सार्कीसमेत जना ३ ले गरिदिएको घटना विवरण कागज, म पढ्न भनी स्कुल जाँदै गर्दा मेरो काका नाता पर्ने प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले मलाई संगै जाउँ भनी स्कुल जादै गर्दा सालघारी पुगेपछि निजले मलाई चोर आयो भागौं घर फर्को भनी डर देखाई दुवै जना फर्की घरतर्फ आउन लाग्दा मलाई एक्कासी तानेर घिसार्दै अलि

पर लगी भुईमा पल्टाई सुताई फ्रक माथि उचाली भित्रको कट्टु फुकाली निजले आफ्नो सु गर्ने मेरो सु गर्नेमा छिराउन लागेपछि मलाई दुखी कराउन चिच्याउन लाग्दा मेरो मुख थुनी करणी गरी गएपछि उक्त कुरा घरमा मैले आमासमेतलाई बताएकी हुँ भनी पीडित परिवर्तित नाम धादिङ २(श) ले मौकामा गरिदिएको कागज, मैले मेरो भतिजी नाताकी परिवर्तित नाम धादिङ २(श) लाई करणी गर्दा निज रुँन थालेपछि छाडी गएको हुँ भनी प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, पीडित परिवर्तित नाम धादिङ २(श) को (१) According to the history, sexual offence can not be ruled out. However according to the examination of the victim, there are no positive evidences suggestive of penetrative sexual intercourse to have occurred and there are no signs of struggle भन्नेसमेत व्यहोरा उल्लेख भएको परीक्षण प्रतिवेदन ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले अध्ययनको लागि स्कुल जान लागेकी पीडित वर्ष ५ की परिवर्तित नाम धादिङ २(श) लाई बाटोबाट तानी बुट्यान भएको एकान्त स्थानमा लगी जवरजस्ती करणी गरेको देखिँदा निज प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) को उल्लेखित कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ तथा २ नं. ले परिभाषित ऐ. महलको ३(१) नं.अनुसारको कसूरजन्य कार्य भए गरेको दखिँदा सोहि महलको ३(१) नं. अनुसार सजाय गरी मुलुकी ऐन, हाडनाता करणी महलको ३ नं.अनुसार सजाय गरी प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) को मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रअनुसार वारदातको दिन निज १२ वर्ष ११ महिना १ दिनको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) को परिभाषाभित्र परेको देखिँदा निजलाई सोहि ऐनको दफा ११(२) अनुसार सजाय गरी निज प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) बाट पीडित प्रतिवादी परिवर्तित नाम धादिङ २(श) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १०(ग) अनुसार निजको चलअचल सम्पत्ति रोक्का राखी ऐ. को १० नं.अनुसार मनासिब क्षतिपूर्ति दिलाई भराई पाउन मागदाबी लिई पक्राउ प्रतिवादी धादिङ २(ष) र सक्कल मिसिल यसै अभियोगपत्र साथ प्रस्तुत गरिएको छ भन्ने अभियोगपत्र ।

जाहेरी दरखास्त र कागज व्यहोरा के कसो हो थाहा भएन । मैले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा व्यहोरा लेखी सहिछाप गर भनेकाले सहिछाप गरेको हो । के कसो लेखे थाहा भएन । मैले जवरजस्ती करणी गरेको छैन । मिति २०७१/७/२३ गते मैले दिनभर के के गरे ठेट कुरा थाहा भएन । म र धादिङ २(श) सँगै स्कुलमा पढ्छौ भन्ने यस अदालतमा प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) गरेको बयान । कागज व्यहोरा र सहिछाप मेरो हो । प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले मेरो पाइन्ट खोली मेरो सु गर्ने ठाउँमा चलाएको हो भनी पीडित परिवर्तित नाम धादिङ २(श) ले यस अदालतका आई गरेको बकपत्र ।

मिति २०७१/७/२३ मा परिवर्तित नाम धादिङ २(श) लाई परिवर्तित नाम धादिङ २(ष) ले जवरजस्ती करणी गरेको हो भन्ने कुरा छोरीले मलाई घरमा आएर भनेपछि थाहा भएको हो । छोरी परिवर्तित नाम धादिङ २(श) को योनीको माथिल्लो भाग फाटिएको थियो । डाक्टर तथा महिला विकासका दिदी

बहिनीहरूले भन्नु भएकोले जाहेरी दिएको हो, भाइ सुध्रिएमा राम्रो हुने थियो । जाहेरी दरखास्तको व्यहोरा र सहिछाप मेरै हो भनी जाहेरवाला परिवर्तित नाम धादिङ २(ल) ले यस अदनलतमा आई गरेको बकपत्र ।

मलाई घटनाको बारेमा केही थाहा छैन । कागज व्यहोरा र सहिछाप मेरै हो भनी बुझिएका मानिस चनमती नेपालीले यस अदालतमा आई गरेको बकपत्र ।

छरछिमेको रिसइवीले यस्तो गरी दिएका हुन् । प्रतिवादी बाह्र वर्षको टुहुरो नाबालक भएकाले यस्तो गर्ने क्षमता भइसकेको छैन । बच्चाले उमेर पुगेर जाहेरी दिएको होइन । घर सल्लाह गरी दिएको हो, केटाले यस्तो कार्य गर्छ जस्तो लाग्दैन । आमाले छोरालाई प्रहरीले लग्यो भन्दा घटनाको बारेमा थाहा पाएकी हुँ भनी प्रतिवादीका साक्षी सीता बयलकोटीले यस अदालतमा आई गरेको बकपत्र ।

म समाजसेवा गर्छु । घटना भएको ३ दिनपछि जाहेरवालीले भनेकाले मैले थाहा पाएको हुँ । म महिला तथा बालबालिका क्षेत्रमा काम गर्ने मानिस भएकाले साक्षी बसी दिएकी हुँ । यो घटना कहाँ कसरी भयो भन्ने कुरा सम्पूर्ण कुरा कागजमा नै उल्लेख छ । कागज व्यहोरा र सहिछाप मेरै हो भनी यस अदालतमा आई कागज गर्ने जुना राना मगरले गरेको बकपत्र ।

प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) लाई बाल सुधार गृहमा राख्ने गरी अभिभावको जिम्मा तारेखमा राख्ने मिति २०७१/८/९ को आदेशले प्रतिवादी अभिभावकको जिम्मा तारेखमा बसेको ।

अदालत को ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट जिल्ला न्यायाधिवक्ता श्री गोविन्दप्रसाद बरालको बहस र प्रतिवादीको तर्फबाट रहनु भएको विद्वान अधिवक्ता श्री रामचन्द्र भट्टले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेकोले सजाय गरिपाऊँ भन्ने अभियोग दाबी । मैले जवरजस्ती करणी गरेको छैन भन्ने प्रतिवादीको बयान भएको प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरुपण गरी निर्णय दिनु पर्ने देखिन आयो ।

१. पीडितलाई प्रतिवादीहरूले जवरजस्ती करणी गरेको हो होइन ?
२. प्रतिवादीलाई सजाय हुने हो, होइन र सजाय भए के कति सजाय हुने ?

पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले अध्ययनको लागि स्कुल जान लागेकी पीडित वर्ष ५ की प्रतिवादी परिवर्तित नाम धादिङ २(श) लाई बाटोबाट तानी बुट्यान भएको एकान्त स्थानमा लगी जवरजस्ती करणी गरेको देखिँदा निज प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) को उल्लेखित कार्य मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ तथा २ नं. ले परिभाषित ऐ. महलको ३(१) नं.अनुसारको कसूरजन्य कार्य भए गरेको देखिँदा सोही महलको सोही ३(१) नं. अनुसार सजाय गरी मुलुकी ऐन, हाडनाता करणी महलको ३ नं. अनुसार सजाय गरी प्रतिवादी परिवर्तित नाम धादिङ

२(ष) को मिसिल संलग्न कागज जन्मदर्ता प्रमाणपत्रअनुसार वारदातको दिन निज १२ वर्ष ११ महिना १ दिनको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) को परिभाषाभित्र परेको दखिँदा निजलाई सोहि ऐनको दफा ११(२) अनुसार सजाय गरी निज प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) बाट पीडित परिवर्तित नाम धादिङ २(श) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० ग अनुसार निजको चलअचल सम्पत्ति रोक्का राखी ऐ. को १० नं. अनुसार मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी भएकोमा जाहेरवालाले जाहेरी दरखास्त दिँदा मिति २०७१/७/२३ बिहान अन्दाजी १०:३० बजेको समयमा मेरो छोरी वर्ष ५ की हाल परिवर्तित नाम धादिङ २(श) पढ्न भनी घरबाट जादै गर्दा नातामा काका पर्ने वर्ष १३ को हाल परिवर्तित नाम धादिङ २(ष) ले जिल्ला धादिङ, चैनपुर गा.वि.स., वडा नं. ६ स्थित बारीमा तानी लगी लुगासमेत खोली जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोरासमेतको परिवर्तित नाम धादिङ २(ल) को जाहेरी दरखास्त दिएकोमा प्रतिवादीले यस अदालतमा आई बयान गर्दा जाहेरी दरखास्त र कागज व्यहोरा के कसो हो थाहा भएन । मैले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा व्यहोरा लेखी सहिछाप गर भनेकोले सहिछाप गरेको हो । के कसो लेखे थाहा भएन । मैले जवरजस्ती करणी गरेको छैन । मिति २०७१/७/२३ गते मैले दिनभर के के गरे ठेट थाहा भएन । म र धादिङ २(श) सँगै एउटै स्कुलमा पढ्छौ भन्ने प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) लेखाई दिएकोमा बुझिएको मानिसहरू जुना राना मगर, चनमती नेपालीले घटना भएको कुरा सुनी थाहा पाएको हो भनी कागज व्यहोरालाई पुष्टि गर्ने गरी यस अदालतमा आई बकपत्र गरेको तथा प्रतिवादीका साक्षी सीता बयलकोटीले यस अदालतमा आई गरेको बकपत्र गर्दा छरछिमेकीको रिसइवीले यस्तो गरी दिएका हुन् । प्रतिवादी १२ वर्षको टुहुरो नाबालक भएकाले यस्तो गर्ने क्षमता भइसकेको छैन । बच्चाले उमेर पुगेर जाहेरी दिएको होइन, घर सल्लाह गरी दिएको हो, केटाले यस्तो कार्य गर्छ जस्तो लाग्दैन । आमाले छोरालाई प्रहरीले लग्यो भन्दा घटनाको बारेमा थाहा पाएको हुँ भनी लेखाई दिएकोमा मिति २०७१/७/२३ मा परिवर्तित नाम धादिङ २(श) लाई परिवर्तित नाम धादिङ २(ष) ले जवरजस्ती करणी गरेको हो भन्ने कुरा छोरीले मलाई घरमा आएर भनेपछि थाहा भएको हो । छोरी परिवर्तित नाम धादिङ २(श) को योनीको माथिल्लो भाग फाटिएको थियो । जाहेरी दरखास्तलाई पुष्टि गर्ने गरी जाहेरवाला परिवर्तित नाम धादिङ २(ल) ले यस अदालतमा आई गरेको बकपत्र । मिति २०७१/७/२३ गते बिहान म पढ्न भनी स्कुल जादै गर्दा मेरो काका नाता पर्ने प्रतिवादी हाल परिवर्तित नाम धादिङ २(ष) ले मलाई सँगै जाउँ भनी जाँदै गर्दा सालघारीमा पुगेपछि निजले मलाई चोर आयो भागौं, घर फर्कौं भनी डर देखाई दुवै जना फर्की घरतर्फ आउन लाग्दा निजले मलाई एक्कासी तानेर घिसार्दै अली पर लगी भुईमा पल्टाई सुताई फ्रक माथि उचाली भित्रको कट्टु फुकाली जवरजस्ती करणी गरिसकेपछि उक्त कुरा घरमा मैले आमासमेतलाई बताएकी हुँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम धादिङ २(श) ले गरिदिएको कागज र परिवर्तित नाम धादिङ २(ष) ले मेरो पाइन्ट खोली सु गर्ने ठाँउमा चलाएको हो भनी कागज व्यहोरालाई पुष्टि हुने गरी पीडित परिवर्तित नाम धादिङ २(श) ले यस अदालतमा आई बकपत्रमा लेखाई दिएको देखिँदा मिसिल संलग्न कागजात प्रमाणको आधारमा यी प्रतिवादीले हाडनाताकी परिवर्तित नाम धादिङ २(श) लाई जवरजस्ती करणी गरेको पुष्टि हुन आयो ।

दोश्रो प्रश्नतर्फ विचार गर्दा यी प्रतिवादीलाई के कति सजाय गर्नु पर्ने हो भनी हेर्दा पीडितले मिति २०७१/७/२३ गते बिहान म पढ्न भनी स्कुल जादै गर्दा मेरो काका नाता पर्ने प्रतिवादी हाल परिवर्तित नाम धादिङ २(ष) ले मलाई सँगै जाउँ भनी जादै गर्दा सालघारीमा पुगेपछि निजले मलाई चोर आयो भागौं, घर फर्को भनी डर देखाई दुवै जना फर्की घरतर्फ आउँन लाग्दा निजले मलाई एक्कासी तानेर घिसार्दै अलि पर लगी भुईमा पल्टाई सुताई फ्रक माथि उचाली भित्रको कट्टु फुकाली जवरजस्ती करणी गरिसकेपछि उक्त कुरा घरमा मैले आमासमेतलाई बताएको हुँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम धादिङ २(श) ले गरिदिएको कागज र परिवर्तित नाम धादिङ २(ष) ले मेरो पाइन्ट खोली मेरो सु गर्ने ठाउँमा चलाएको हो भनी कागज व्यहोरालाई पुष्टि हुने गरी पीडित परिवर्तित नाम धादिङ २(श) ले यस अदालतमा आई बकपत्रमा लेखाई दिएको । मिति २०७१/७/२३ मा परिवर्तित नाम धादिङ २(श) लाई परिवर्तित नाम धादिङ २(ष) ले जवरजस्ती करणी गरेको हो भन्ने कुरा छोरीले मलाई घरमा आएर भनेपछि थाहा भएको हो । छोरी परिवर्तित नाम धादिङ २(श) को योनीको माथिल्लो भाग फाटिएको थियो । जाहेरी दरखास्तको व्यहोरा र सहिछाप मेरै हो भनी जाहेरीवाला परिवर्तित नाम धादिङ २(ल) ले पीडित परिवर्तित नाम धादिङ २(श) को कागज व्यहोरा र बकपत्रसमेतलाई पुष्टि हुने गरी यस अदालतमा आई गरेको बकपत्र लेखाई दिएको । पीडित परिवर्तित नाम धादिङ २(श) मेरो भतिजी नाता पर्ने व्यक्ति हुन् भनी मिति २०७१/७/२३ गतेका दिन म र पीडित धादिङ २(श) पढ्न भनी स्कुलतर्फ जाँदै गर्दा घरबाट केही पर पुगेपछि मलाई करणी गर्न मन लागी निज पीडित धादिङ २(श) लाई बाटोभन्दा अलिमुनि बारीमा लगी निजको लुगा र आफ्नो लुगासमेत खोली निजलाई करणी गर्दा निज रुँन कराउन थालेपछि छोडी त्यहाँबाट भागी गएको हुँ, पछि मैले पीडित धादिङ २(श) लाई जवरजस्ती करणी गरेको भन्दै प्रहरीले पक्राउ गरी ल्याएको हो भन्ने व्यहोरासमेतको प्रतिवादी धादिङ २(ष) को अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान र मिति २०७१/७/२३ गते मैले दिन भर के के गरे ठेट कुरा थाहा भएन, म र धादिङ २(श) सँगै एउटै स्कुलमा पढ्छौ भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) ले यस अदालतमा आई गरेको बयान व्यहोराले जाहेरवालाको जाहेरी दरखास्त यस अदालतमा आई गरेको बकपत्र र पीडितले गरिदिएको कागज तथा बकपत्रसमेतलाई पुष्टि गरेको देखिएकोले निज प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) उपर वादी नेपाल सरकारको अभियोग दाबी पुष्टि हुन आयो । अतः कानूनको द्धन्दमा परेको बालक धादिङ २(ष) ले हाडनाता पर्ने धादिङ २(श) लाई जवरजस्ती करणीको महलको १ र २ नं. तथा हाडनाता करणीको महलको ३ नं.को कसूर गरेको देखिँदा निजले गरेको उक्त कसूरबापत जवरजस्ती करणीको महलको ३(१) नं. र हाडनाता करणीको महलको ३ नं बमोजिम सजाय हुनेमा निजको उमेर १३ वर्षको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम दिन ७(सात) कैद हुने र प्रतिवादीका अभिभावबाट पीडितले रु. १०,०००/- क्षतिपूर्ति भराई पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिलबमोजिम गर्ने गरी आज यो मुद्दा अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) के माथि इन्साफ खण्डमा लेखिएबमोजिम दिन ७(सात) कैद हुने गरी ठहरी फैसला भएकोले निज मिति २०७१/८/१ बाट प्रहरी हिरासतमा रही मिति २०७१/८/९ को

यस अदालतको आदेशले प्रतिवादी अभिभावको जिम्मामा तारेखमा बसेकोले लागेको कैद दिन ७(सात) भुक्तान भइसकेकोले प्रस्तुत मुद्दाबाट केही गर्नु परेन १

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीका अभिभावकबाट पीडितले रु. १०,०००/- क्षतिपूर्ति भराई पाउने ठहरी फैसला भएकोले मुद्दा अन्तिम भएपछि पीडितले प्रतिवादीको यसै सरहको जायजेथा देखाई भराई पाऊँ भनी दरखास्त दिए कानूनबमोजिम भराई दिनु भनी तहसिल फाँटमा लगत दिनु २

यो इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादी परिवर्तित नाम धादिङ २(ष) लाई पुनरावेदन म्याद दिनु र फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, धादिङलाई दिनु ४

सरोकारवालाले यो फैसलासहित कागजातको नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी दिनु ६

यो फैसला विद्युतीय माध्यमद्वारा अपलोड गरी फैसलाको पीठमा जनाउनु ७

यो मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत, पाटनमा पठाउने गरी मिसिल शाखामा बुझाई दिनु ...८

श्री माननीय जिल्ला न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम कम्प्युटर टाइप गर्ने डि. रामचन्द्र खतिवडा । फाँटवाला ना.सु. कृष्णकुमार श्रेष्ठ ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल पौष २२ गते रोज ३ शुभम् .....।

झापा जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रमेशकुमार खत्री

फैसला

उपस्थिति

बालमनोविज्ञः नारायण भट्टराई

समाजसेवीः सविना विष्ट

सम्वत् २०६९ सालको स.फौ.नं. १८-०६९-०१५०७

मुद्दाः जवरजस्ती करणी।

निर्णय नं. २६९

बादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जि. झापा, अनारमनी-१ बस्ने केदारबहादुर जोगीको छोरा वर्ष ४४ को ईन्द्रबहादुर जोगी जाहेरीले नेपाल सरकार १	जिल्ला झापा, अनारमनी गा.वि.स., वडा नं. १ बस्ने सुदन राजवंशीको छोरा वर्ष १४ को परिवर्तित नाम (क-१) उपनाम १
ऐ.ऐ. को प्रमाण	ऐ.ऐ. को प्रमाण
साक्षीः ×	साक्षीः ×
कागजः ×	कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य उल्लेख गर्दा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४ बमोजिम पीडितलाई ख-१४ (परिवर्तित नाम) र प्रतिवादीलाई क-१ (परिवर्तित नाम) दिई तद्नुसार उल्लेख गरिएको छ।

तथ्य खण्ड

जाहेरी दरखास्त विवरणः

मिति २०७०/१/१९ गते म र मेरी श्रीमतीसमेत काम गर्न गई घरमा वर्ष ५ की पीडित ख-१४ उपनामकी छोरीलाई छाडी गएका थियौं । सोही दिन अं. १३:३० बजेको समयमा अनारमनी-१ बस्ने अं. वर्ष १४ को (क-१) उपनामले जवरजस्ती लगी घरको भान्सा कोठामा लडाई जवरजस्ती करणी गरेको कुरा पीडित छोरी चिच्याई कराउँदा मेरो अर्की छोरी प्रजा जोगीले थाहा पाई होहल्ला हुँदा जवरजस्ती करणी गरी भागेको कुरा सुनाई थाहा पाएकोले छोरीलाई बुझ्दा निज (क-१) उपनामले पीडित (ख-१४) लाई जवरजस्ती करणी गरेको कुरा स्पष्ट भएकोले जाहेरी दिएको छु, कानूनबमोजिम गरिपाऊँ भन्ने ईन्द्रबहादुर जोगीको जाहेरी दरखास्त ।

घटनास्थल विवरणः

जिल्ला झापा, अनारमनी-१ स्थित पूर्वमा इन्दिरा वि.क.को घर, पश्चिम खाली चौर, दक्षिण प्रतिवादीको घर, उत्तर खाली जमिन चौर । यति चारकिल्ला बीचमा रहेको काठ बास टिनाले बनेको घर, सो घरको उत्तरतर्फ रहेको भान्सा घरमा पीडित (ख-१४) लाई प्रतिवादी (क-१) उपनामले जवरजस्ती करणी गरेको भन्ने घटनास्थल मुचुल्का ।

पीडित (ख-१४) ले गरेको बयानः

मिति २०७०/१/१९ गते दिउसो बुवा आमा मजदुर काम गर्न गएको अवस्थामा म र मेरी दिदी घरमै बसी घर नजिकै चौरमा खेल्दै गरेको अवस्थामा निजकै चिनजानको छिमेकी (क-१) उपनामको केटा म नजिक आई मेरो हात समाई मेरो घरतर्फ तान्दै लाँदा दिदीले कहाँ लगेको भन्दाभन्दै म बहिनी ल्याई दिई हाल्छु भन्दै मलाई घरको भान्सा कोठामा लगी भुईमा राखी मेरो सुरुवाल खोली योनीमा औलाले चलाई निजको पेन्टसमेत खोली मलाई लडाई निजको उत्तेजित लिङ्ग मेरो योनीमा जवरजस्ती पसाउन खोज्दा मलाई पीडा भई रुँन चिच्याउन लाग्दा अन्य नजिकका छिमेकीहरूले थाहा पाई होहल्ला हुँदा निज भागी गएको हुन् । निज प्रतिवादी (क-१) उपनामले मलाई जवरजस्ती करणी गर्दा मेरो योनी दुखेको छ, पिसाब फेर्दा पोल्छ । कानूनबमोजिम गरिपाऊँ भनी पीडितले निजका बाबुको रोहवरमा गरेको घटना विवरण कागज ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः

मिति २०७०/१/१९ गते मैले मेरो साथीहरूको मोवाइलमा अश्लील यौन क्रियाकलाप भएको हेर्दा मलाई पनि यौन क्रिया गर्ने इच्छा जागेर आएकोले मेरो नजिकै छिमेकी पीडित (ख-१४) उपनामकी बालिकालाई ललाईफकाई निजका घरमा बुबाआमा नभएको अवस्थामा पीडितकै भान्सा घरमा लगी भुईमा लडाई मेरो उत्तेजित लिङ्ग पीडितको योनीमा पसाउन खोज्दा राम्रोसँग पसेन । सोही अवस्थामा अर्का छिमेकी

अमरजित शर्माले देखी होहल्ला गर्दा म भागेको हुँ । जाहेरवालाको छोरी वर्ष ५ की पीडित (ख-१४) लाई मैले जवरजस्ती करणी गरेको हो भन्नेसमेत प्रतिवादी (क-१) ले गरेको बयान ।

बुझिएका व्यक्तिहरूले गरेको कागजः

क) मिति २०७०/१/१९ गते १३:३० बजेको समयमा म आफ्नै घरमा थिएँ । वर्ष ५ की पीडित (ख-१४) र प्रतिवादी (क-१) उपनाम पनि नजिकै छिमेकी हुन् । उक्त समयमा पीडित (ख-१४) चिच्याएर कराएको सुनी निजको घरमा गई हेर्दा प्रतिवादीले पीडितको भान्सा घरमा पीडित (ख-१४) लाई भुईमा लडाई जवरजस्ती करणी गर्दै गरेको देखी ए के गरेको भनी निजलाई भन्दा ए साले त भागी हाल भनी मलाईसमेत भनेकाले मैले अन्य छरछिमेकीलाई समेत होहल्ला गर्दा निज प्रतिवादी भागी गएको हुन् । निजले पीडितलाई जवरजस्ती करणी गरेको मैले नजिकैबाट देखेको हो भन्ने अमरजित शर्माको कागज ।

ख) म र मेरो श्रमिान मसिना छोराछोरीलाई घरमा छाडी मजदुर काम गर्न गएका थियौं । मिति २०७०/१/१९ गते दिउसो अं. १३:३० बजेको समयमा मेरी छोरी पूजा जोगी काम गरेको स्थानमा आई बहिनी पीडित (ख-१४) लाई (क-१) उपनामको केटाले जवरजस्ती करणी गरेको भनी सुनाएकीले घरमा अत्तालिदै गई बुझ्दा छोरी पीडित (ख-१४) लाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको कमला जोगीको कागज ।

ग) मिति २०७०/१/१९ गते बुबाआमा काममा जानु भएको थियो । बहिनी र म घरमा बसी नजिक चौरमा खेल्दै थियौं । छिमेकी (क-१) उपनाम वर्ष १४ को पीडिकले बहिनी पीडित (ख-१४) लाई तान्दै घरतर्फ लगेकाले कता लानु भएको भन्दा म ल्याई दिई हाल्छु भनी लगे । म बुबाआमा काम गरेको स्थानतर्फ लागे । केही वेरपछि नै बुबाआमालाई छरछिमेकीले खवर गरी बहिनी पीडित (ख-१४) लाई जवरजस्ती करणी गरेको कुरा थाहा पाई सवै जना घरमा आई हेर्दा बहिनी कम्मरदेखि मुनि नाङ्गो अवस्थामा बेहोस भई लडिरहेकाले उपचार गर्न पठाएको हो । बहिनी पीडित (ख-१४) लाई वर्ष १४ को (क-१) उपनामको केटाले जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने पूजा जोगीको बयान ।

परीक्षण प्रतिवेदनः

पीडित (ख-१४) को योनी वरिपरि निलडाम नभएको, हाइमन जाली नच्यातिएको भन्नेसमेत व्यहोराको परीक्षण रिपोर्ट ।

वस्तुस्थिति विवरणः

मिति २०७०/१/१९ गते १३:३० बजे हाल पक्राउ परी आएका यी प्रतिवादी वर्ष १४ को (क-१) उपनामको केटाले वर्ष ५ की पीडित (ख-१४) लाई जवरजस्ती करणी गरेको कुरा सुनी थाहा पाएको हो । निज प्रतिवादी पीडितलाई ललाईफकाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम हदैसम्मको सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको कुमारी चौधरीसमेतले गरेको वस्तुस्थिति मुचुल्का ।

अभियोग दाबीः

प्रतिवादी (क-१) ले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं. विपरीत कसूर अपराधमा सोही ऐनको ३(१) नं. अनुसार सजाय गरी पीडितलाई सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत वादी नेपाल सरकारको अभियोग दाबी ।

प्रतिवादीले यस अदालतमा गरेको बयानः

मिति २०७०/१/१९ मा जाहेरवालाको छोरी (ख-१४) सँगै खेल्दै निजको घर गएँ । जाहेरवालाको घरमा अरु कोही मानिस थिएनन् । मलाई पीडित (ख-१४) सँग करणी गर्न मन लागेकाले निजको सुरुवाल खोली आफुले लगाएको पेन्टसमेत खोल्ने वित्तिकै छिमेकी अमरजित शर्मा आइपुगेको र बुबाआमालाई भनी दिन्छु भन्दै हिडेकाले मैले पीडित (ख-१४) लाई छाडी हिडेको हो । मैले निजलाई जवरजस्ती करणी गरेको छैन । अभियोग दाबीबमोजिम मलाई सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी (क-१) उपनामले यस अदालतमा गरेको बयान ।

थुनछेक आदेशः

प्रतिवादी (क-१) उपनाम निर्दोष हुन् भन्ने अवस्था हाल देखिन नआएकोले प्रतिवादीको उमेर १४ वर्षको रहेको भन्ने मेची अञ्चल अस्पतालको पत्र र अभियोगपत्रमा समेत उल्लेख भई निज नाबालक देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम बाल सुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०७०/२/१० को आदेश पर्चा ।

साक्षी बकपत्रः

<u>बादीको</u>

क) मिति २०७०/१/१९ गते मैले दिएको जाहेरी व्यहोरा पढी बाँची सुनी पाएँ । मैले भनेबमोजिम लेखिएको ठीक हो । सो कागजमा भएको सहिछाप म आफैले गरेको ठीक हो । अभियोग दाबीबमोजिम निज प्रतिवादीलाई कानूनबमोजिम कडा सजाय हुनु पर्छ भन्नेसमेत व्यहोराको जाहेरवाला इन्द्रबहादुर जोगीले यस अदालतमा गरेको बयान ।

ख) मिति २०७०/१/२८ गते मैले लेखाई दिएको घटना विवरण कागज पढी बाँची सुनी पाएँ । सो व्यहोरा ठीक हो । सोमा भएको ल्याप्चे सहिछापसमेत म आफैले लगाएको ठीक हो भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएको पूजा जोगीले यस अदालतमा गरेको बकपत्र ।

ग) मिति २०७०/२/१ गतेको कागज व्यहोरा पढी बाँची सुनाउँदा सुनी पाएँ । सोमा लेखिएको व्यहोरा ठीक छ र उक्त मुचुल्कामा भएको सहिछापसमेत म आफैले गरेको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का राजु मेचेले यस अदालतमा गरेको बकपत्र ।

घ) मिति २०७०/१/२७ गतेको कागज पढी बाँची सुनी पाएँ । लेखिएको व्यहोरा सत्य हो । सो कागजमा भएको सहिछापसमेत म आफैले गरेको ठीक हो । प्रतिवादीलाई अभियोग दाबीबमोजिम कडा सजाय हुनु पर्ने हो भन्नेसमेत व्यहोराको अनुसन्धानका क्रममा बुझिएको मानिस कमला जोगीले यस अदालतमा गरेको बकपत्र ।

ठहर खण्ड

नियमानुसार दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश भएको मुद्दामा बादी नेपाल सरकारको तर्फबाट विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराईले जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको मौकाको कथन र अदालतमा भएको बकपत्र, प्रतिवादीले मौकामा र अदालतमा गरेको बयान, पीडितको शारीरिक परीक्षण रिपोर्ट लगायतका मिसिल प्रमाणबाट अभियोग दाबी पुष्टि भएकाले दाबी ठहर हुने फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो । त्यस्तै प्रतिवादी क-१ (परिवर्तित नाम) का तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री लक्ष्मीप्रसाद सिवाकोटीले मेरो पक्षले जे भए गरेको कुरा हो यथार्थ खुलाई न्यायिक कार्यलाई सहयोग गरेको भन्ने मिसिल प्रमाणबाट देखिँदा कम सजाय हुने ठहर फैसला गरिपाऊँ भन्नेसमेत बहस प्रस्तुत गर्नु भयो ।

सम्वद्ध मिसिल अध्ययन गरी हेर्दा वर्ष १४ क-१ (परिवर्तित नाम) उपर वर्ष ५ की (ख-१४) परिवर्तित नामलाई जवरजस्ती करणी गरेको भनी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं को कसूरमा सोही ३(१) नं. अनुसार सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी क्षतिपूर्तिसमेत दिलाई पाउन अभियोग दाबी लिएको देखिएकोमा प्रतिवादीले यस अदालतमा बयान गर्दा करणी गर्न लागेकोमा छिमेकी आएकाले छाडी गएको भनी बयान गरे तापनि मौकामा बयान गर्दा साबित रहेको, जाहेरवाला लगायतका बादी पक्षका गवाह/साक्षीले यस अदालतमा उपस्थित भई मौकाको व्यहोरा अनुकुल गडाउ गरी बकपत्रमा व्यहोरा लेखाएको देखिन आएको, पीडितको मुत्यु भइसकेको भन्ने जिल्ला सरकारी वकिल कार्यालय, झापाको पत्रबाट देखिन आएकोमा पीडितले मौकामा कागज गर्दा प्रतिवादीउपर जवरजस्ती करणी गरेको भनी पोल गरेकोमा मौकाको भनाई प्रमाण ऐन, २०१३ को दफा १० ले प्रमाणयोग्य रहेको, पत्राचारको सिलसिलामा प्राप्त हुन आएको जन्ममिति प्रतिवादीको नामको नभई अर्कै व्यक्तिको देखिन आएको र अभियोग दाबीमा उल्लेखित उमेरलाई प्रतिवादीले स्वीकार गरेकै देखिन आएकाले प्रस्तुत मुद्दामा प्रतिवादी वर्ष १४ को क-१ ले बादी नेपाल सरकारको अभियोग दाबीअनुसार पीडित वर्ष ५ की ख-१४ (परिवर्तित नाम) लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. र ३(१) नं विपरीत कसूर गरेको ठहर्छ । सो कसूरमा प्रतिवादीलाई सोही ३(१) नं. ले हुने सजायको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं बमोजिम आधा सजाय पाँच वर्ष कैद हुने ठहर्छ र पीडितलाई प्रतिवादीबाट रु. ३०,०००/- (तीस हजार) क्षतिपूर्तिसमेत भराई दिने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिए बमेजिम प्रतिवादी वर्ष १४ (क-१) (परिवर्तित नाम) लाई ५ (पाचँ वर्ष) कैद सजाय हुने ठहरी फैसला भएकोले निज मिति २०७०/१/२० गतेदेखि नै बाल सुधार गृह, विराटनगरमा थुनामा रहेको देखिँदा सोही मितिबाट कैदको लगत कट्टा हुने गरी निजको मिति २०५६/१०/५ मा जन्म भएको भन्ने निजको जन्मदर्ताबाट देखिँदा निज २०७२/१०/४ मा १६ वर्ष हुने देखिएकोले सो

मितिसम्म सोही बाल सुधार गृहमा नै राखी मिति २०७२/१०/५ बाट बाल सुधार गृह, विराटनगरबाट झिकाई जिल्ला कारागार कार्यालय, झापामा बाँकी कैद भुक्तान गर्नका लागि पठाई मिति २०७५/१/१९ गतेसम्म कैदमा राखी निजलाई अन्य मुद्दामा कैदमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०७५/१/२० बाट कैद मुक्त गरी दिन लगत राख्नु १

पीडित ख-१४ (परिवर्तित नाम) ले प्रतिवादी क-१ बाट क्षतिपूर्तिबापत रु. ३०,०००/- (तीस हजार) भरी पाउने ठहरेको क्षतिपूर्ति भराई दिनका लागि पीडितको पहिचान खुलाई राख्नु पर्ने देखिन आएकोले जिल्ला सरकारी वकिल कार्यालय, झापामार्फत पीडितलाई यस अदालतमा झिकाई निजको छविचित्र राखी यस अदालतका अधिकृतबाट परिचयपत्र जारी गरी एक प्रति गोप्य गरी मिसिल सामेल राख्नु २

एक प्रति परिचयपत्र पीडितलाई उपलव्ध गराउनु । मुद्दा अन्तिम भएपछि जिल्ला सरकारी वकिल कार्यालयमार्फत पीडितलाई तत्कालै झिकाई परिचयपत्रमा खुलेको पीडितको पहिचानको आधारमा प्रतिवादीको सम्पत्ति विवरणसहितको निवेदन जे जो लिनु पर्ने हो लिई पीडितलाई प्रतिवादीको सम्पत्तिबाट क्षतिपूर्ति भराई दिनु ३

यो फैसलामा चित्त नबुझे श्री पुनरावेदन अदालत, इलाममा पुनरावेदन गर्नु भनी स.मु.स. ऐन, २०४९ को दफा २६ बमोजिम प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु र यो फैसलाको प्रतिलिपि श्री जिल्ला सरकारी वकिल कार्यालय, झापालाई दिई उक्त कार्यालयमार्फत पीडित ख-१४ समेतलाई फैसलाको जानकारी दिनु ४

सरोकारवालाले फैसलासहितको नक्कल मागे ऐनको रीत पुर्‌याई सारी सराई लान दिनु र प्रस्तुत मुद्दामा अन्य काम बाँकी नहुँदा दायरी लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

प्रस्तुत फैसला मा.न्या.ज्यूले बोली टिपाएबमोजिम फैसला तयार गर्ने ना.सु. लोकबहादुर अधिकारी ।
फाँटवाला ना.सु. नवराज पोखरेल ।
कम्प्युटर टाइप गर्ने डि. रितिका राई (फाँट नं. १)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल पौष २३ गते रोज ४ शुभम् .....।

रुपन्देही जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा

फैसला

सम्वत् २०७१ सालको मुद्दा नं ०७१-CR-०२०२

नि.नं.: १९४

मुद्दाः जवरजस्ती करणी।

उपस्थिति

समाजसेवीः श्री सूनिलकुमार त्रिपाठी

समाजसेवीः श्री प्रदिपकुमार यादव

वादी	प्रतिवादी
परिवर्तित नाम भैरहवा D को जाहेरीले नेपाल सरकार.....१	जिल्ला रुपन्देही, बु.न.पा., वडा न. १२ घर भई हाल ऐ. सि.न.पा., वडा नं. १३, डेरा गरी बस्ने वर्ष १४ को परिर्वतन नाम भैरहवा (९)P १
साक्षीः	साक्षीः
जाहेरवाला परिवर्तित नाम भैरहवा D समेत वस्तुस्थिति मुचुल्काका मानिसहरू .....१ कागजः अभियोगपत्र साथ संलग्न कमागजहरू।	कल्पना राना, टंकबहादुर खड्का कागजः ×

अदालतबाट बुझेको

जाहेरवालाले परिवर्तित नाम भैरहवा D, प्रतिवादीका साक्षी कल्पना राना, स्वास्थ्य परीक्षण गर्ने डा. गौरव देवकोटा

मुलुकी ऐन, अ.ब. २९ नं. तथा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ समेत यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः

मिति २०७१/८/११ गते मेरो छोरी परिवर्तित नाम २०७१(९)S परिवर्तित नाम भैरहवा (९)P को कोठातिर गएकोमा रुँदै आएकोले के भयो भनी सोधपुछ गर्दा निजले मलाई परिवर्तित नाम भैरहवा (९)P ले सुसुमा ऐया भनी बताएकोले छोरीको यौनाङ्ग हेर्दा रातो भई सुक्रकिटसमेत लागेकोले उपचार गराई निज परिवर्तित नाम भैरहवा (९)P लाई बच्चालाई किन करणी गरेको भनी भन्दा निजले उल्टै तैले के गर्न सक्छस् भनी मसँग विवादसमेत गरेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम भैरहवा D को जाहेरी दरखास्त ।

परिवर्तित नाम भैरहवा D को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम भैरहवा (९)P भएको जवरजस्ती करणी मुद्दाका प्रतिवादी परिवर्तित नाम भैरहवा (९)P लाई पक्राउ गरी दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन ।

मिति २०७१/८/११ गते म दादा परिवर्तित नाम भैरहवा (९)P को कोठामा गएको अवस्थामा निजले आपनो सुसु गर्ने (लिङ्ग) मेरो सुसु गर्ने यौनाङ्गमा छिराएकोले मलाई दुखी निज दादाको कोठाबाट रुँदै आमासँग गई निजले मलाई जवरजस्ती करणी गरेको भन्ने कुरा बताई मेरो यौनाङ्ग दुखेकाले आमाले मलाई अस्पताल लगी उपचार गराउनु भएको हो भन्नेसमेत व्यहोराको नाम परिवर्तित २०७१(९)S ले गरेको घटना विवरण कागज ।

सम्मानित रुपन्हेही जिल्ला अदालत, रुपन्देहीको आदेशानुसार परिवर्तित नाम भैरहवा (९)P लाई खोजी गरेको बखत उपस्थित गराउने गरी निजको बुबा परिवर्तित नाम भैरहवा (९)KH ले बुझि लिएको कागज ।

मिति २०७१/८/११ गते परिवर्तित नाम २०७१(९)S खेल्दै म बसेको कोठामा आएकीले करणी (नराम्रो काम) गर्न मन लागी निजलाई फकाईफुलाई विस्तारामा पल्टाई सुरुवाल खोली दिई निजको सुसु गर्ने योनीमा मेरो लिङ्ग (पिसाब फेर्ने) हाल्न खोज्दा चिच्याएर रोएपछि निजलाई सो कोठाबाट बाहिर पठाई दिएको हुँ । मैले पहिलेपहिले साथीहरूसँग हिडडुल गर्दा मोवाइलमा त्यस्तो नराम्रो काम गरेको देखेको हुँदा सो दिन मलाई पनि गर्न मन लागी सो कार्य गरेको हुँ भन्नेसमेत व्यहोराको कानूनमा विवादित बालक परिवर्तित नाम भैरहवा (९)P ले गरेको बयान ।

Tenderness present over tip of penis भन्नेसमेत व्यहोराको परिवर्तित नाम भैरहवा (९)P को स्वास्थ परीक्षण प्रतिवेदन ।

Redness and tenderness present around the gentital area भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम भैरहवा २०७१(९)S को स्वास्थ परीक्षण प्रतिवेदन ।

पीडित परिवर्तित नाम भैरहवा (९)S को उपचारमा लागेको खर्च पीडितको बुबा परिवर्तित नाम भैरहवा S ले परिवर्तित नाम भैरहवा (९)KH बाट बुझी लिएको भरपाई ।

पीडित परिवर्तित नाम भैरहवा (९)S को मिति २०७१/११/१५ गते जन्म भएको भन्ने जन्मदर्ताको प्रमणपत्रको प्रतिलिपि ।

जिल्ला रुपन्देही, सि.न.पा., वडा १२ ज्योतीपथ स्थित पूर्वमा फूलमाया थापाको घर, पश्चिममा समिर खाँडको घर, उत्तरमा लल्लन टेण्ड हाउस, दक्षिणमा मैती गुरुङको घर । यति चारकिल्लाभित्र रहेको घरको पूर्व तर्फको बीच कोठामा कानूनमा बिवादित बालक परिवर्तित नाम भैरहवा (९)P ले परिवर्तित नाम २०७१(९)S लाई जवरजस्ती करणी गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०७१/८/११ गते साँझ जिल्ला रुपन्देही, सि.न.पा., वडा नं. १३ ज्योतीपथ स्थित जाहेरवालासमेत डेरा कोठा गरी बस्ने घरमा जाहेरवालाको छोरी परिवर्तित नाम २०७१(९)S कानून बिवादित बालक परिवर्तित नाम भैरहवा (९)P को कोठामा गएको बेला एकान्तमा मौका पारी निज कानूनमा बिवादित बालक परिवर्तित नाम भैरहवा (९)P ले परिवर्तित नाम २०७१(९)S लाई जवरजस्ती करणी गरेको र पीडित बालिकालाई जाहेरवालासमेतले उपचारको लागि लिई गएको भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी वर्ष १४ को परिवर्तित नाम भैरहवा (९)P ले नाबालिका वर्ष २ की पीडित परिवर्तित नाम २०७१(९)S लाई आफ्नो कोठामा लगी जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. विपरीतको कसूर गरेकोमा सोही महलका ३ को देहाय (१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादी १४ वर्षको नाबालक देखिएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोग दाबी ।

मेरो बुबाले श्रीगर फर्निचरमा काम गर्नु हुन्छ, आमा वैदेशिक रोजगारी लागि दुवईमा हुनुहुन्छ, म मावलीपट्टिको हजुरआमा र मेरो बहिनीसँग भाडामा बस्छौ । जाहेरवाला पीडित र मसमेत अलगअलग कोठामा सोहि घरमा बस्छौ । म तथा पीडित जाहेरवालाको घरमा मेरो घर कोठामा जाने आउने काम हुन्थ्यो । मिति २०७१/८/ ११ गते पीडित मेरा कोठामा आई हजुरआमासँग बसेकी थिइन् । मैले भान्सामा खाजा बनाई रहेकोले निजसँग भेटघाट भएन । मैले पीडितलाई जवरजस्ती करणी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी नाम परिवर्तित नाम भैरहवा (९) ले अदालतमा आई गरेको बयान ।

प्रतिवादी नाम परिवर्तित भैरहवा (९)P लाई निजको बाबु नाम परिवर्तित भैरहवा (९)KH को जिम्मा लगाई दिने भएका अदेशानुसार बाबुको जिम्मा तारेखमा राखिएको ।

जाहेरवाला परिवर्तित नाम भैरहवा (९)D तथा प्रतिवादीका साक्षी कल्पना रानाको बकपत्र भई मिसिल सामेल रहेको ।

मिति २०७१/८/१४ मा भएको स्वास्थ्य परीक्षण रिपोर्ट र सोमा भएको सहिछाप मेरो हो । मेलै स्वास्थ्य परीक्षण गर्दा पीडितको योनी वरिपरि रातो भएको अवस्था र अरु कुनै घाउँचोट लागेको अवस्था थिएन । कन्याजाली च्यातिएको थिएन । प्रतिवादीको यौनाङ्ग विकसित भइसकेको भन्ने हो, प्रतिवादीका लिङ्गको अग्र भागमा दुखाई महसुस भएको भन्ने हो, प्रतिवादीका लिङ्गको अग्र भागमा घर्षण भएको र दुखाई भएको अवस्था देखिन्छ भन्नेसमेत व्यहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने डाक्टर गौरव देवकोटाले अदालतमा आई गरेको बकपत्र ।

समाजसेवी प्रदिपकुमार यादव र सुनिल त्रिपाठीले दिएको राय प्रतिवेदन मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा उपस्थित समाजसेवी श्री सुनिलकुमार त्रिपाठी र प्रदिपकुमार यादवसमेतको छलफल तथा वादी नेपाल सरकारको तर्फबाट बहसमा उपस्थित विद्धान जिल्ला न्यायाधिवत्ता श्री कमजराज पन्थीले प्रतिवादी वर्ष १४ को परिवर्तित नाम भैरहवा (९)P ले नाबालिक वर्ष २ की पीडित परिवर्तित नाम भैरहवा (९)S लाई आफ्नो कोठामा लगी जवरजस्ती करणी गरेको भन्ने पीडित तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीतको कसूर गरेकोमा सोही महलको ३ को देहाय (१) नं. बमोजिम सजाय हुनेमा प्रतिवादी १४ वर्षको नाबालक देखिएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भनी गर्नु भएको बहस र प्रतिवादी तर्फबाट रहनु भएको विद्धान अधिवक्ता श्री लेखनाथ ढकालले यी प्रतिवादी नाम परिवर्तित भैरहवा (९)P ले पीडितलाई जवरजस्ती करणी गरेको होइनन् । प्रतिवादीसमेत १६ वर्षमुनिका नाबालक भएकोले र निजको पढाईलेखाईसमेतलाई विचार गरी निजउपरको सजाय स्थगन गरिपाऊँ भनी गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी यी प्रतिवादी अभियोग दाबीबमोजिमको कसूर गरे नगरे के हो ? गरेको भए निजहरूलाई के कति सजाय हुने हो भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो ।

निर्णयतर्फ विचार गरी हेर्दा प्रतिवादी १४ वर्षको परिवर्तित भैरहवा (९)P ले नाबालिक वर्ष २ की पीडित परिवर्तित नाम भैरहवा (९)S लाई आफ्नो कोठामा लगी जवरजस्ती करणी गरेको भन्ने पीडित तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीतको कसूर गरेकोमा सोही महलको ३ को देहाय (१) नं.

बमोजिम सजाय हुनेमा प्रतिवादी १४ वर्षको नाबालक देखिएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी भएको प्रस्तुत मुद्दामा प्रतिवादीले अदालतमा आई बकपत्र गर्दा आफुले पीडितलाई जवरजस्ती करणी गरेको छैन भनी इन्कारी बयान गरेको भए तापनि पीडित परिवर्तित नाम भैरहवा (९)S को स्वास्थ्य परीक्षण गर्दा निजको यौनाङ्गमा redness tenderness देखिएको अनि प्रतिवादी भैरहवा (९)P को स्वास्थ्य परीक्षण गर्दा tenderness present over tip of penis, bruise and abraspion present on the lower surface of glan भन्ने देखिन आएको अवस्थामा प्रतिवादिले अधिकारसमक्ष बयान कागज गर्दा पीडितको सुसु गर्ने (यौनाङ्ग) मा आफ्नो लिङ्ग छिराउन खोज्दा पीडित रोएकोले नछिराई कोठाबाट बाहिर पठाएको भनी लेखिएको देखिन्छ । प्रतिवादिले आफ्नो व्यहोरामा निज पीडित अफ्नो कोठामा आएको अवस्थामा करणी गर्ने मन लागेकोले निजले लगाएको कपडा सुरुवाल खोली निजले सुसु गर्ने (यौनाङ्ग) मा मेरो पिसाब गर्ने लिङ्ग हाल्न खोज्दा पीडित बालिका चिच्याएर रोएपछि कोठाबाट बाहिर पठाई दिएको हुँ । मैले निजको सुसु गर्नेमा मेरो पिसाब गर्ने हालेको छैन भनी लेखाएको देखिँदा करणी गर्न खोजेको तर पीडितको यौनाङ्गभित्र प्रतिवादीको लिङ्ग भन्ने नपसेको भन्ने देखिन आयो । प्रतिवादीले मौकामा गरेको यस्तो बयान व्यहोरा प्रतिवादीसमेतको स्वास्थ परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि एवं समर्थित हुन आएकोले मिसिल सामेल रहेको यस्ता भौतिक र अभौतिक प्रमाणसमेतबाट प्रतिवादीले जवरजस्ती करणी तर्फको कसूर गरेको भन्ने देखिन नआई जवरजस्ती करणीको उद्योगसम्म गरेको देखिन आयो । अत निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी उद्योगको कसूर गरेको देखिन आएकोले निज प्रतिवादीको जन्म २०५७/१/२१ गते भएको भन्ने निजको जन्मदर्ता प्रमाणपत्रबाट देखिन आएको वारदात हुँदाको मिति २०७१/८/११ मा निज प्रतिवादीको उमेर १४ वर्षभन्दा माथिको देखिन आएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. ले आधासम्म सजाय हुने भन्ने व्यवस्था भएकोले प्रतिवादीउपर जवरजस्ती करणीको ३ को देहाय १ नं. बमोजिमको सजायको मागदाबी भएकोमा सो कानूनबमोजिम १० वर्षदेखि १५ वर्षसम्म कैद हुनेमा प्रतिवादीको उमेर अवस्थासमेतलाई विचार गर्दा न्यूनतम् कैद वर्ष १० गर्नु पर्ने देखियो । प्रतिवादीले जवरजस्ती करणीको महलको ५ नं. को कसूर गरेकोले सो १० वर्षको आधा ५ वर्ष कैद सजाय हुनेमा प्रतिवादी १६ वर्ष नपुगी सकेको १४ वर्षभन्दा माथिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. ले सो ठहरेको ५ वर्ष कैदको आधा २ (दुई) वर्ष ६ (छ) महिना कैद सजाय हुने ठहर्छ ।

निज परिवर्तित नाम भैरहवा (९)P को हकमा समाजसेवीद्धय श्री सुनिलकुमार त्रिपाठी र प्रदिपकुमार यादवले दिनु भएको राय हेर्दा निज बालक कक्षा ८ मा अध्ययनरत भएको, पढाई राम्रो भएको, शिक्षाप्रतिको लगाव राम्रो रहेको र वयस्कहरूको देखासिखी गरी मोवाइलमा अश्लील भिडियोसमेतको प्रभावमा परी कानूनको दायरामा आएको भन्ने देखिएको र निजको शरीरिक अवस्था, उमेर र पहिलो पटक निजले कसूर गरेको देखिन आएको मुद्दाको परिस्थिति तथा बालकको सर्वोत्तम हितलाई समेत विचार गर्दा

प्रतिवादीलाई कारागारमा राख्नु उपयुक्त देखिन नआएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को देहाय २ बमोजिम हाललाई निज प्रतिवादीलाई लागेको कैद सजाय स्थगन गरी दिएको छ । फैसला भएको मितिले १ (एक) वर्षभित्र त्यहि कसूर वा अन्य कसूर गरेबापत दोषी ठहरी कैद सजाय पाएमा सो सजायसमेत खापी एकै पटक दुवै कैद सजाय कार्यान्वयन गर्ने व्यहोराको कागज गराई मिसिल सामेल राख्नु । सो ठहर्नाले तपसिलमा लेखिएबमोजिम हुने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. १८६ नं. बमोजिम फैसला गरी दियाँ ।

तपसिल

प्रतिवादी भैरहवा (९)P के माथि इन्साफ खण्डमा लेखिएबमोजिम जवरजस्ती करणीको महलको ५ नं. को कसूर गरेकोले जवरजस्ती करणीको कसूर गरेतर्फ हुने सजाएको आधा ५ वर्ष कैद सजाय हुनेमा प्रतिवादी १६ नपुगी १४ वर्षभन्दा माथिको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. ले सो ठहरेको ५ वर्ष कैदको आधा २ (दुई) वर्ष ६ (छ) महिना कैद सजाय हुने र निजलाई लागेको कैद बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को देहाय २ बमोजिम हाललाई निज प्रतिवादीलाई लागेको कैद सजाय स्थगन हुने ठहरी फैसला भएकोले निज प्रतिवादीलाई फैसला भएका मितिले १ (एक) वर्षभित्र त्यही वा अन्य कसूर गरेबापत दोषी ठहरी सजाय पाएमा सोसमेत खापी एकै पटक दुवै कैद सजाय कार्यान्वयन गर्ने व्यहोराको कागज गराई मिसिल सामेल राख्नु १

जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीलाई यस फैसलाउपर चित्त नबुझे श्री पुनरावेदन अदालत, बुटवलमा ७० दिनभित्र पुनरावेदन गर्न जानु भनी स.मु.स. ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्यादसहितको फैसलाको जानकारी दिनु २

सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमअनुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमअनुसार गरी अभिलेख शाखामा बुझाई दिनु ४

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बामोजिम कम्प्यूटर टाइप गर्ने डि. सपना गौतम ।
फाँटवालाः ना.सु. युवराज पन्थी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल पुष २७ गते रोज १ शुभम् .....।

रसुवा जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री राजकुमार खतिवडा

फैसला

सम्वत् २०७१ सालको ०७१-CR-००१५

नि.नं. २३

वादी

रसुवा जिल्ला, गत्लाङ गा.वि.स., वडा नं. ५ बस्ने खेवाङ तामाङको छोरा वर्ष ४४ को सुरेन्द्र तामाङको जाहेरीले नेपाल सरकार १

प्रतिवादी

जिल्ला रसुवा, गत्लाङ गा.वि.स., वडा नं. ५ बस्ने दावा गुमबुको छोरा वर्ष १९ को तार्जेन बाङदी तामाङ १

ऐ.ऐ. वडा नं. ६ बस्ने दावा काज्यो लामाको छोरा वर्ष १५ को देवा लामा १

ऐ. को प्रमाण

साक्षीः जाहेरवाला सुरेन्द्र तामङ १
बुझिएका मानिसहरू बसन्त तामाङ १
प्रदिप लामा १
वरामदी मुचुल्काका मानिस सिजु तामाङ ..१
कागजः ×

ऐ. को प्रमाण

साक्षीः ×
कागजः प्रतिवादी देवा लामाको जिल्ला स्तरिय परीक्षा कमिटि, रसुवाको प्रमाणपत्रको प्रतिलिपि, प्रतिवादी देवा लामाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि २

मुद्दाः नकवजनी चोरी।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ एवं मुलुकी ऐन, अदालती बन्दोवस्त महलको २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :

तथ्य खण्ड

१. मिति २०७१/८/३ गते राती २२:०० बजेको समयमा पसल बन्द गरी सबै जना कोठामा सुत्न गएपछि राती पसलबाट रु. ३१,०००/- राखेको बक्सा, रु. ४५०००/- को Nokia 8 Sirese

मोवाइल सेट थान-१, Ncell को रिचार्ज कार्ड जम्मा रु. २०००/- को रु. १००/- को १०० थान, रु. ५०/- को २०० थान, रु. २६००/- को एभरेष्ट बियर कार्टुन थान-१, रु. २१००/- को रियल तथा फ्रुटी, रु. ३०००/- को कोकाकोला भएको कार्टुन थान-२, रु. २४००/- को पाइलट चुरोट ३ पेटी, रु. १५००/- को रेडबुल १ कार्टुन, रु. २५५०/- को मायोज चाउचाउ ३ कार्टुन, रु. १२००/- को रारा चाउचाउ, रु. १६००/- को १ कार्टुन सूर्यमुखी तेलसमेत गरी रु. ११२ ९५०/- (एक लाख बाह्रहजार नौसय पचास रुपैयाँ) वरावरको धनमाल तार्जेन वाङदी तामाङ र देवा लामाले चोरी गरेकाले निजहरूलाई खोजतलास पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ भनी भन्ने व्यहोराको सुरेन्द्र तामाङको निवेदन ।

२. जिल्ला रसुवा, गत्लाङ गा.वि.स., वडा नं. ५ बस्ने सुरेन्द्र तामाङको घर कोठामा रहेको निजको पसलमा रुपैयाँ राखेको बक्सा, कोक, चाउचाउ बिस्कुटसमेत चोरी भएको पसलभित्र रहेको अन्य सामानहरू छरपष्ट अवस्थामा रहेको भन्ने व्यहोराको मिति २०७१/८/७ गतेको घटनास्थल प्रकृति मुचुल्का ।

३. जिल्ला रसुवा, गत्लाङ गा.वि.स., वडा नं. ६ स्थित देवा लामाको दोश्रो तल्लाको उत्तरतर्फ कोठामा देवा लामाको विस्तराको सिरानीमुनि Nokia 8 Sirese 12 MP AF लेखेको स्क्रिनटच मोवाइल थान १ वरामद भएको भन्ने व्यहोराको वरामदी मुचुल्का ।

४. मेरो घर कोठामा रहेको खुद्रा किराना पसलमा मिति २०७१/८/३ गते राती २२:०० बजेको समयमा पसल बन्द गरी माथिल्लो तल्लामा सुत्न गएका थियौं, भोलीपल्ट बिहान उठ्दा पसल खुल्ला रही पसलभित्रको रु. ३१,०००/- राखेको बक्सा, रु. ४५,०००/- को Nokia 8 Serise मोवाइल थान-१, Ncell को रिचार्ज कार्ड जम्मा रु. २०,०००/- को रु. १००/- को १०० थान, रु. ५०/- को २०० थान, रु. २६००/- को एभरेष्ट बियर कार्टुन थान-१, रु. २१००/- को रियल कार्टुन फ्रुटी कार्टुन थान, रु. ३०००/- को कोकाकोला कार्टुन थान-२, रु. २४००/- को पाइलट चुरोट ३ पेटी, रु. १५००/- को रेडबुल १ कार्टुन, रु. २५५०/- को मायोज चाउचाउ ३ कार्टुन, रु. १२००/- को रारा चाउचाउ, रु. १६००/- को १ कार्टुन सूर्यमुखी तेलसमेत गरी रु. १,१२,९५०/- (एक लाख बाह्र हजार नौ सय पचास रुपैयाँ) वरावरको नगद तथा जिन्सी सामान तार्जेन वाङदी तामाङ र देवा लामाले चोरी गरी पक्राउमा परी यस कार्यालयमा रहेको भनी थाहा पाई निजहरूलाई कारवाहीको लागि जाहेरी दरखास्त पेश गरेको छु भन्ने व्यहोराको सुरेन्द्र तामाङको जाहेरी दरखास्त ।

५. मिति २०७१/८/३ गते राती मेरो पसलबाट चोरी भएको मोवाइल देखाउँदा देखी चिनी पाएँ, मोवाइल मेरै हो भन्ने व्यहोराको सुरेन्द्र तामाङले गरेको सनाखत कागज ।

६. मिति २०७१/८/३ गते साझ म र साथी देवा लामा स्याफ्रुबेशीबाट हिडी साथी देवा लामाको घरमा सुत्न गल्याङ पुग्दा २२:३० बजे बजिसकेको थियो । राती सुत्ने बेलामा चुरोट खान लाग्दा नभएकोले बाटो नजिकै जाहेरवाला सुरेन्द्र तामाङको पसल बन्द थियो, पसल नजिकै हेर्दा ढोका धकले खुल्ने अवस्थामा थियो । पसलभित्र छिरी चुरोट झिकौं भनी साथी देवा र म सल्लाह गरी दुवैले ढोका धकेली भित्रबाट लगाएको फलामको गजुवार निकाली पसलभित्र छिरी नोकिया मोवाइल थान १, नगद राख्ने बक्सा र सूर्यमुखी तेलको १ बोतल चोरी गरी सडकमा आई बक्सा खोल्दा नगद रु. २५, २५/- Ncell को रिचार्ज रु. १०० को २१ थान, रु. ५०/- को ११ थान रहेकोमा उक्त नगद र रिचार्ज कार्ड निकाली बक्सा सोही स्थानमा फाली स्याफ्रु आफ्नो कोठामा आई सुतेका हौं, चोरी गरेको तेल बोतल कोठामा राखेको हो, रिचार्ज कार्ड दुवैले फोन गरी नगद नास्ता खाजा खाई सिध्याएको हो भन्ने व्यहोरा प्रतिवादी तार्जेन बाङदीको बयान ।

७. मिति २०७१/८/३ गते साँझ म र साथी तार्जेन वाङदी तामाङ र म स्याफ्रुबाट हिडी आफ्नो घरमा सुत्न गल्याङ गाउँ पुग्दा २२:३० बजिसकेका थियो । राती सुत्ने बेलामा चुरोट खाने गरेकोले बाटो नजिकै रहेको जाहेरवाला सुरेन्द्र तामाङको पसलमा जाँदा सो पसल बन्द थियो, पसल नजिक गई हेर्दा ढोका धकेले खुल्ने अवस्थामा थियो । पसलभित्र छिरी चुरौट झिकौं भनी साथी तार्जेन र म सल्लाह गरी दुवैले ढोका धकेली भित्रबाट लगाएको फलामको गजुवार निकाली पसलभित्र छिरी नोकिया मोवाइल थान १, नगद राख्ने बक्सा र सूर्यमुखी तेलको १ बोतल चोरी गरी सडकमा आई बक्सा खोल्दा नगद रु. २५, २५/- Ncell को रिचार्ज रु. १००/- को २१ थान, रु. ५०/- को ११ थान रहेकोमा उक्त नगद र रिचार्ज कार्ड निकाली बक्सा सोही स्थानमा फाली स्याफ्रुमा साथी तार्जेनको कोठामा आई सुतेका हौं, चोरी गरेको तेलको बोतल तार्जेनको कोठामा छ, मोवाइल मेरो घरको आफु सुत्ने कोठाबाट वरामद भएको हो, रिचार्ज कार्ड दुवैले फोन गरी नगद खाजानास्ता खाई सिध्याएको हो भन्ने व्यहोरा प्रतिवादी देवा लामाको बयान कागज ।

८. जिल्ला रसुवा, स्याफ्रु गा.वि.स., वडा नं. ९ घुम्ती स्थितमा पेम्बा टासी तामाङको घरमा डेरा गरी बस्ने प्रतिवादी तार्जेन बाङदी तामाङको डेरा कोठाको भान्सा कोठाको किचेन च्याकमा सनमुन नामक १ लिटरको सूर्यमुखी तेल वरामद भएको हो भन्ने व्यहोराको वरामदी मुचुल्का ।

९. प्रतिवादीहरू गाँउ घरमा पहिलैदेखि उच्छृङ्खल क्रियाकलाप गर्ने व्यक्ति हुन् । निजहरूले मिति २०७१/८/३ गते राती जाहेरवाला सुरेन्द्र तामाङको पसलबाट जिन्सी धनमाल चोरी गरेको सुनी थाहा पाएको हो भन्ने व्यहोराको बसन्त तामाङ, प्रदिप लामा र मिङमार तामाङसमेतले गरेको घटना विवरण कागज ।

१०. मिति २०७१/८/३ गते राती मेरो पसलबाट चोरी भएको नोकिया मोवाइल २०७० सालमा रु. ४५०००/- (पैतालिस हजार) मा खरिद गरेको हो । खरिद बिल हाल मसँग नभएको व्यहोरा सुरेन्द्र तामाङको निवेदन ।

११. वरामद मोवाइल फोन (Nokia N8) र सनमुन सूर्यमुखी तेलको मूल्य खुलाएको रसुवा उद्योग बाणिज्य संघको पत्र ।

१२. प्रतिवादीहरू देवा लामा र तार्जेन बाङदी तामाङले जाहेरवालाको पसलको बन्द रहेको ढोका खोली बिगो रु. १,१२,९५०/- (एक लाख बाह्र हजार नौसय पचास रुपैयाँ) वरावरका विभिन्न धनमाल चोरी गरेको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. अनुसारको कसूर अपराध भएकोले चोरी भएको जम्मा बिगो रु. १,१२,९५०।- (एक लाख बाह्र हजार नौसय पचास रुपैयाँ) कायम गरी प्रतिवादीहरू देवा लामा र तार्जेन बाङदी तामाङलाई सोही मुलुकी ऐन, चोरीको महलको १२ र १४(१) नं. बमोजिम सजाय हुन र जाहेरवालाको चोरी भएको धनमाल चोरीको महलको १०(३) र २१ नं. बमोजिम प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्नेसमेतको व्यहोराको अभिगोग मागदाबी ।

१३. प्रतिवादी तार्जेन बाङदी र मसमेतले जाहेरवालाको पसलको ढोका फट्टिएकोले त्यहाँबाट हात हाली पसलभित्र रहेका सामानहरूमध्ये पाइलट चुरोट ३ खिल्ली, डिउ जम्बो कोकको बोतल १, मोवाइल पुरानो थान १, सोको चार्जर, नगद रुपैयाँ २,२२५/- रिचार्ड कार्ड NCell को रु. १००/- दरको २१ वटा रु. ५०/- दरको ११ वटा गरी रु. २६५०/-, खाने तेल १ लिटरसमेत हामी दुवै जना मिली चोरी गरिएको हो । तेल मोवाइल वरामद भई आएको छ भने चार्जर बिग्रिएका कारण फालिदियौं । नगद खाई मासी सक्यौं भने रिचार्ज कार्ड फोन गरेर सकियो । अभियोग मागदाबीबमोजिम मैले १,१२,९५०/- वरावरको धनमाल चोरी गरेको होइन । मैले चोरी गरेको भनेको नगद र धनमाल माथि नै (स.ज. ६) मा उल्लेख गरिसकेको छु । सो चोरी गरिएको सामान र नगद बिगो कायम गरी सजाय होस् भन्नेसमेत व्यहोराको प्रतिवादी देवा लामाले यस अदालतमा गरेको बयान ।

१४. प्रतिवादी देवा लामा र मसमेतले जाहेरवालाको पसलको ढोका फट्टिएकोले त्यहाँबाट हात हाली पसलको ढोका खोली भित्र रहेको सामानहरूमध्ये पाइलट चुरोट ३ खिल्ली, डिउ जम्बो कोकको बोतल १, मोवाइल पुरानो थान १, सोको चार्जर, नगद रुपैयाँ रु. २२२५/- रिचार्ज कार्ड Ncell को रु. १००/- दरको २१ वटा रु. ५०/- दरको ११ वटा गरी रु. २६५०/-, खाने तेल १ लिटरसमेत हामी दुवै जना मिली चोरी गरिएको हो । अरु सामान चोरी गरेको छैन । नगद खाई मासी सक्यौं भने रिचार्ज कार्ड फोन गरेर सकियो । चार्जर बिग्रिएको कारण फाली दियौं । जाहेरी व्यहोरा झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी तार्जेन बाङदी तामाङले यस अदालतमा गरेको बयान ।

१५. प्रतिवादी तार्जेन बाङदी तामाङ र देवा लामाबाट मुलुकको ऐन, अदालती बन्दोबस्तको ११८ नं. को देहाय ५ र १० नं. समेतको आधारमा जनही नगद रु. ३०,०००/- वा सो वरावरको जेथा धरौट लिई तारेखमा राख्नु, साथै प्रस्तुत मुद्दा जिल्ला अदालत नियमावली, २०५२ मो नियम

२३(ग) बमोजिम लगातार कारवाही र सुनुवाइ हुने हुँदा मिति २०७१/९/७ का दिन अभियोगपत्रमा उल्लेखित मानिसहरूलाई उपस्थित गराई बकपत्रका लागि पेश भन्ने मिति २०७१/८/२४ मा भएको थुनछेक आदेश ।

१६. मिति २०७१/८/४ गते राती म पसल बन्द गरी सुत्न गएको थिएँ । सोही राती पसलको ढोका खोली पसलमा भएको नगद रु. ३१,०००/- चाउचाउ ६ बक्सा, सूर्यमुखी तेल १ कार्टुन, रेडबुल १ कार्टुन, पाइलट चुरोट ३ पेटी, १$^{१/२}$ लिटरको कोकको बोतल २ कार्टुन, रियल फ्रुटी ३ कार्टुन, एभरेष्ट बियर १ कार्टुन, Ncell को रिचार्ज कार्ड १०० र ५० को गरी २०० थान, नोकिया मोवाइल थान १ समेत गरी जममा रु. ११२९५०/- वरावरको धनमाल चोरी भएको हो । उक्त सामान चोरी गर्ने तार्जेन बाङदी तामाङ र देवा लामाले चोरी गरेका हुन् भन्नेसमेत व्यहोराको जाहेरवाला सुरेन्द्र तामाङले यस अदालतमा गरेको बकपत्र ।

१७. माग भएको नगद धरौटी प्रतिवादी तार्जेन बाङदी तामाङले र.नं. ००५०५८ बाट मिति २०७१/९/१ मा र प्रतिवादी देवा लामाले र.नं. ००५०५९ बाट मिति २०७१/९/३ मा जनही रु. ३०,०००/- दाखिल गरी दुवै जना प्रतिवादीहरू तारेखमा रहेका ।

१८. मिति २०७१/८/१६ गते गरेको घटना विवरण कागजमा भएको व्यहोरा र सहिछापसमेत मेरो हो । जाहेरवालाको घरको बन्द पसलबाट ढोका फोडी प्रतिवादी देवा लामासमेतले जाहेरवालाको पसलबाट नगद मोवाइल र अन्य खुद्रा सामान गरी जममा रु. १०,९०७१/- वरावरको धनमाल चोरी गरी लगेका हुन् र मोवाइल र तेल १ बोतलसमेत वरामद भएको हो । मैले चोरी गर्दा गर्दै देखेको होइन । चोरी गरेको भोलीपल्ट दाईको पसल जाँदा चोरी भएको भन्ने थाहा पाएको हो र बिगोको हकमा दाईले चोरी भएको सामान यी यी सामान चोरी भएको भनेर दाईले भनेकाले सोही आधारमा भनेको हो भन्नेसमेत व्यहोराको मौकामा बुझिएका प्रदिप लामाले यस अदालतमा गरेको बयान ।

१९. मिति २०७१/८/८ गते भएको वरामदी मुचुल्कामा भएको सहिछाप मेरो हो । उक्त वरामदी मुचुल्काअनुसार प्रतिवादी देवा लामाको घर कोठाबाट नोकिया N8 मोवाइल वरामद गरेर प्रहरीले उठाई लगेको हो । वरामद मोवाइल जाहेरवालाको हो । प्रतिवादी देवा लामासमेत भई मोवाइल, तेल, चाउचाउ, रिचार्ज कार्ड, नगदसमेत गरी रु. १,१२,०००/- वरावरको धनमाल चोरी गरी लगेका हुन् । चोरी भएको दिन म आफ्नै घरमा थिएँ । भोलीपल्ट हल्ला सुनेर घरमा जाँदा जाहेरवालाको पसलबाट नगद राखेको बक्सा, बियरको कार्टुन, चाउचाउ, रिचार्ज कार्ड, चुरोट, तेल, मोवाइल सेटसमेतका सामानहरू चोरी भएको हो भनी जाहेरवालाले भनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको वरामदी मुचुल्काका मानिस सिजु तामाङले यस अदालतमा गरेको बकपत्र ।

२०. मिति २०७१/८/१६ गतेको घटना विवरण कागजमा भएको व्यहोरा र सहिछाप मेरो हो । जाहेरवालाको घरको बन्द पसलबाट ढोका फोडी प्रतिवादी देवा लामासमेतले जाहेरवालाको पसलबाट चाउचाउ, तेल, रिचार्ज कार्ड, नगद, चुरोटसमेतका सामानहरू गरी जम्मा रु. १,०९,०७१/- वरावरको धनमाल चोरी गरी लगेको हो । मोवाइल सेट र तेल चोरी भएकोमा सो सामान चाँही प्रतिवादीहरूबाट वरामद भएको हो । जाहेरवालाको पसलमा जाँदा जाहेरवालाले मेरो यो पसलबाट यो यो सामान चोरी भएको थियो भनेर भन्दा थाहा पाई भनेको भन्ने व्यहोराका मौकामा बुझिएका बसन्त तामाङले यस अदालतमा गरेको बकपत्र ।

२१. जन्मदर्ता प्रमाणपत्र र विद्यालय भर्ना हुँदा देखिएको जन्ममिति २०५५/१०/१ भई आफु नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम सुविधा पाऊँ भनी जन्ममिति खुलेको जन्मदर्ता प्रमाणपत्र र जिल्ला स्तरीय परीक्षा समितिको प्रमाणपत्रको प्रतिलिपिसहित प्रतिवादी देवा लामाले पेश गरेको मिति २०७१/९/२२ को निवेदन ।

२२. यसमा प्रतिवादीमध्येका देवा लामा वर्ष १६ उल्लेख भई अभियोगपत्र पेश भएकोमा निजको जन्ममिति २०५५/१०/१ भई आफु १६ वर्ष नपुगेको भनी जिल्ला स्तरीय विद्यालय समिति, रसुवा र स्थानीय पञ्जिकाधिकारी कार्यालय, गल्याङको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेश गरेको हुँदा सो जन्ममिति सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, रसुवालाई पत्राचार गरी सो कार्यालयबाट यकीन जवाफ मगाई प्रस्तुत मुद्दा लगातार सुनुवाइअन्तर्गतको भएको हुँदा यसै हप्ताको पेशी चढाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७१/१०/४ को आदेश ।

२३. उक्त आदेशअनुसार प्रतिवादी देवा लामाले आफ्नो जन्ममिति २०५५/१०/१ भई आफु १६ वर्ष नपुगेको भनी जिल्ला स्तरीय विद्यालय समिति, रसुवा र स्थानीय पञ्जिकाधिकारी कार्यालय, गल्याङका जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेश गरेको हुँदा सो जन्ममिति सम्बन्धमा यकीन जवाफ पठाई दिनु भनी श्री जिल्ला सरकारी वकिल कार्यालय, रसुवामा मिति २०७१/१०/४ च.नं. ३८६ को पत्रबाट पत्राचार भएकोमा सो कार्यालयको मिति २०७१/१०/५ च.नं. १४४ को पत्रबाट "निजको उमेर सम्बन्धमा आवश्यक कानूनी कारवाही हुन साधारण अनुरोध गरिन्छ" भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, रसुवाबाट जवाफ प्राप्त हुन आएको ।

ठहर खण्ड

२४. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएका प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री नवराज पराजुली एवं प्रतिवादीहरू तार्जेन बाङदी तामाङ र देवा लामाको तर्फबाट उपस्थित विद्धान वैतनिक अधिवक्ता श्री मधुर पाठकले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले

अभियोग दाबीबमोजिमको कसूर गरेको हो होइन र निजहरूलाई सजाय हुने हो होइन भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने देखियो ।

२५. निर्यायतर्फ विचार गर्दा मिति २०७१/८/४ को राती अन्दाजी २२:०० बजेको समयमा आफ्नो घर पसलबाट एक थान मोवाइल एवं बिक्री गर्न राखेको रिचार्ज कार्डसमेतका पसलका सामानहरू हराएको हुँदा उल्लिखित सामानहरू चोरी गर्ने तार्जेन बाडदी लामा र देवा लामालाई खोजी गरी पक्राउ गरिपाऊँ भनी जिल्ला रसुवा, गत्लाङ गा.वि.स. वडा नं. ५ बस्ने सुरेन्द्र तामाङको जिल्ला प्रहरी कार्यालय, रसुवामा हराएको सामान खोजी गरिपाऊँ भन्ने विषयको मिति २०७१/८/७ मा निवेदन परेको देखिन्छ भने निज प्रतिवादीहरूले उक्त मितिमा राती आफ्नो बन्द पसलको ढोका खोली नोकिया मोवाइल थान १, एनसेल मोवाइलमा प्रयोग हुने रु. १००/- दरको थान १०० र रु. ५०/- दरको थान २००, एभरेष्ट बियर १ कार्टुन, पाइलट चुरोट ३ पेटी, रेडबुल १ कार्टुन, मायोज चाउचाउ ३ कार्टुन, रारा चाउचाउ ३ कार्टुन, सूर्यमुखी तेल एक कार्टुन र नगद रु. ३१,०००/- समेत जम्मा एक लाख नौ हजार एकहत्तर वरावरका धनमाल चोरी गरेको हुँदा प्रतिवादीहरूलाई चोरीको महलबमोजिम कारवाही गरी धनमाल फिर्ता दिलाई पाऊँ भनी प्रतिवादीहरूउपर जाहेरवाला सुरेन्द्र तामाङको किटानी जाहेरी परेको देखिन्छ । साथै जिल्ला रसुवा, गत्लाङ गा.वि.स., वडा नं ६ स्थित सुरेन्द्र तामाङको दुइतले कच्ची घरको भुइतलाको पसल रहेको कोठा खुल्ला रहेको र सो पसल कोठाभित्र रहेको पैसा राखिएको भनिएको बाकसमा पैसा नरहेको, पाँच कार्टुन कोक रहेको भनेको स्थानमा तीन कार्टुन मात्र रहेको, अन्य चाउचाउ, विस्कुट लगायतका सामानहरू कोठामा छरपस्ट अवस्थामा रहेको देखिएको भन्ने मिसिल संलग्न मिति २०७१/८/७ को घटनास्थल मुचुल्काबाट देखिएको छ ।

२६. प्रतिवादीहरू तार्जेन बाडदी तामाङ र देवा लामाले अधिकारप्राप्त अधिकारी एवं यस अदालतसमक्षको बयानमा उक्त मिति २०७१/८/४ को राती स्याफ्रुवेशीबाट आफ्नो गाँउ गत्याङतर्फ गर्दै जाँदा बाटोमा चुरोट खान मन लागी जाहेरवालाको साँचो लगाएको बन्द पसल धकेली जवरजस्ती ढोका खोली भित्र पसी पसलबाट एक थान नोकिया मोवाइल, कोकाकोला एक बोतल, एनसेल मोबाइलमा प्रयोग हुने रु. १००/- दरको २१ थान र रु. ५०/- का दरको ११ थान रिचार्ड कार्ड, १ लिटरको तेलको बोतल, पाइलट चुरोट तीन खिल्ली र नगद रु. २२२५/- चोरी गरी हिडेको हौं भनी एकै मिलानको बयान गरेका छन् ।

२७. यसरी जाहेरवालाको पसल बन्द रहेको ढोका खोली केही नगद र सामान चोरी गरेको तथ्यमा प्रतिवादीहरू साबित रहेका छन् भन्ने जाहेरी दरखास्त र अभियोगपत्रमा उल्लेख गरेबमोजिमको नगद र सम्पूर्ण सामान चोरी गरेकामा भने प्रतिवादीहरूले इन्कार रहेको पाइन्छ । साथै प्रतिवादीमध्येको देवा लामाको घर कोठाबाट Nokia N Series N8 12 MP AF लेखिएको मोवाइल एक थान वरामद

भएको मिति २०७१/८/८ र प्रतिवादी तार्जेन बाङदी तामाङको कोठाबाट सिलप्याकसहितको खाने तेलको एक बोतल वरामद भएको भन्ने मिसिल संलग्न मिति २०७१/८/१३ को वरामदी मुचुल्काबाट देखिएको एवं उक्त मोवाइल र खाने तेल आफुहरूले चोरी गरेको हो भनी प्रतिवादीहरूले गरेको उल्लेख एवं जाहेरवालाले गरेको सनाखतसमेतबाट प्रतिवादीहरूको बयान समर्थित भएको पाइन्छ । त्यसै गरी जाहेरवाला सुरेन्द्र तामाङले यस अदालतसमक्ष उपस्थित भई प्रतिवादीहरूले आफ्नो पसलबाट नगद र सामान चोरी गरेको हो भनी गरेको बकपत्रबाट समेत यी प्रतिवादीहरूले जाहेरवालाको पसलबाट नगद र केही सामान चोरी गरेको देखिन आयो । तथापि जोहेरी दरखास्त र अभियोगपत्रमा उल्लिखित प्रतिवादीहरूबाट चोरी भएको भनिएको नगद र सामान एवं प्रतिवादीहले आफ्नो बयानमा उल्लेख गरेको नगद र सामानको परिमाणमा भिन्नता रहेको हुँदा त्यस सम्बन्धमा समेत विश्लेषण गर्नु पर्ने देखियो ।

२८. जाहेरवालाले आफ्नो जाहेरी दरखास्तमा नगद र रु. ३१,०००/- र माथि प्रकरणमा उल्लेख भएबमोजिमका विभिन्न सामानहरू प्रतिवादीहरूले चोरी गरेको भनी उल्लेख गरेको र अभियोगपत्रमा समेत जाहेरीमा उल्लेख गरेबमोजिमकै नगद रु. ३१,०००/- र विभिन्न सामानको मूल्यसहित जम्मा रु. १,१२,९५०/- वरावरको बिगो कायम गरी दाबी लिएको देखिन्छ । तर प्रतिवादीहरूले आफ्नो बयानमा नगद रु. २२२५/- नोकिया मोवाइल थान १, कोक एक बोतल, एनसेल मोवाइलमा प्रयोग हुने रु. १००/- दरका रिचार्ज कार्ड थान २१, र रु. ५०/- दरको रिचार्ज कार्ड ११ थान, खाने तेल १ लिटर र पाइलट चुरोट ३ खिल्ली मात्र चोरी गरेको तथ्य स्वीकार गरी नगद आपसमा बाडी खर्च गरेको, रिचार्ज कार्ड मोवाइलमा प्रयोग गरिसकेको, कोक र चुरोट खाइसकेको भनी उल्लेख गरेका छन् भने मेवाइल सेट १ र १ लिटर तेल प्रतिवादीहरूबाट वरामद भएको अवस्था छ ।

२९. यस प्रकार प्रतिवादीहरूले जाहेरीवालाले पसलबाट चोरी गरेको भनी स्वीकार गरेको नगद र सामानहरू यी प्रतिवादीहरूले चोरी गरेको भन्ने पुष्टि हुन आउछ भने सोबाहेक जाहेरीमा उल्लेख गरेबमोजिम नगद र अन्य सामानहरू यी प्रतिवादीहरूले चोरी गरेका छन् भन्ने तथ्य अभियोगपत्रमा पुष्टि हुन सकेको देखिँदैन । जाहेरीमा उल्लेखित नगद र सबै सामान चोरी गरेको सम्बन्धमा प्रतिवादीहरूले इन्कार गरेको, प्रतिवादीहरूलाई जाहेरीमा उललेखित सवै सामानहरू वरामद नभएको, घटना विवरण कागज गर्ने मानिसहरूसमेत सो व्यहोरा खुलाउन नसकेको, जाहेरवालाले समेत आफ्नो पसलमा रहेको सामानमध्ये जाहेरीमा उल्लेखित नगद र सामानहरू प्रतिवादीहरूबाट चोरी भएको हो भनी प्रमाणसहित उल्लेख गर्न नसकेकोमा एवं वादी पक्षबाट समेत अभियोगपत्रमा उल्लिखित बिगोबमोजिमको नगद र सामानहरू प्रतिवादीहरूले चोरी गरेका हुन् भनी स्पष्ट प्रमाणसहित दाबी गर्न नसकी केवल जाहेरीमा उल्लेख गरेको आधारमा मात्र दाबी लिएको अवस्थामा अभियोग दाबीबमोजिमकै नगद र सामानहरू प्रतिवादीबाट चोरी भएका हुन् भन्ने निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिँदैन ।

३०. जाहेरवाला सुरेन्द्र तामाङले मिति २०७१/८/४ को राती आफ्नो पसलबाट चोरी भएकोमा मिति २०७१/८/७ मा मात्र सामान खोजी गरिपाऊँ भनी दिएको निवेदनमा नगद चोरी भएको भनी उल्लेख भएको पाइदैन भने जाहेरी दरखास्तमा नगदसमेत उल्लेख गरेको अवस्था छ । साथै जाहेरवालाले जाहेरी दरखास्तमा एनसेल मोवाइलमा प्रयोग हुने रु. १००/- दरका १०० थान र रु. ५०/- दरका २०० थान गरी जम्मा ३०० थान रिचार्ज कार्ड चोरी भएको भनी उल्लेख गरेकोमा यस अदालतसमक्षको बयानमा एनसेल मोवाइलमा प्रयोग हुने रु. ५०/- र रु. १००/- दरका जम्मा २०० थान रिचार्ज कार्ड चोरी भएको भनी उल्लेख गरेकोबाट जाहेरवाला स्वयंले आफ्नो चोरी भएको सामानको सम्बन्धमा यकीन गर्न सकेको पाइदैन । साथै फौजदारी मुद्दामा अभियुक्तउपरको अभियोग दाबी वादी पक्षबाट शङ्कारहित तवरबाट पुष्टि भएको हुनु पर्दछ । स्पष्ट प्रमाणको अभावमा केवल शङ्का र अनुमानको आधारमा अभियुक्तउपरको अभियोग दाबी प्रमाणित हुन सक्दैन । यसरी प्रस्तुत मुद्दामा प्रतिवादीहरूले बयानमा स्वीकार गरेको र निजहरूबाट वरामदसमेत भएको नगद र सामान प्रतिवादीहरूले जाहेरवालाको पसलबाट चोरी गरेको अभियोग दाबी पुष्टि भएको अवस्था छ भने सोबाहेकको नगद र सामानसमेतको प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन सकेको पाइदैन ।

३१. साथै जाहेरी दरखास्तमा प्रतिवादीहरूले चोरी गरी निजहरूबाट वरामद भएको नोकिया मोवाइलको मूल्य रु. ४५,०००/- उल्लेख गरेकोमा रसुवा उद्योग वाणिज्य संघका मिसिल संलग्न मिति २०७१/८/२३ को पत्रमा सो नोकिया मोवाइलको बजार मूल्य रु. ३१,८६९/- उल्लेख भएको र जाहेरवालाले खरिद विलसमेत पेश गरी मोवाइलको मूल्य रु. ४५,०००/- भनी पुष्टि गर्न नसकेको हुँदा सो मोवाइलको बिगो रु. ३१,८६९/- नै कायम हुने उपयुक्त देखिन्छ । जाहेरवालाले आफ्नो मोवाइलको मूल्य रु. ४५,०००/- कायम गरी नगद र सामानसहितको बिगो रु. १,१२,९५०/- उल्लेख गरेकोमा अभियोगपत्रमा भने उद्योग वाणिज्य संघको मोवाइलको मूल्य खुलेको पत्रसमेतको आधारमा जम्मा रु. १,१२,९५०/- बिगो दाबी गरेको पाइन्छ । यसरी मोवाइलको मूल्य रु. ४५,०००/- मानी जाहेरवालाले जम्मा बिगो रु. १,१२,९५०/- उल्लेख गरेकोमा उद्योग वाणिज्य संघले खुलाई दिएबमोजिम मोवाइलको मूल्य रु. ३१,८६९/- कायम हुँदा बिगो रु. १,१२,९५०/- भनी दाबी गरिएबाट स्वयं वादी पक्ष चोरी भएको बिगो सम्बन्धमा स्पष्ट हुन सकेको पाइदैन ।

३२. यस प्रकार प्रतिवादीहरूले जाहेरवालाको पसलबाट चोरी गरेको भनी स्वीकार गरेको एवं निजहरूबाट वरामद भएको मूल्य रु. ३१,८६९/- को मोवाइल थान १, रु. १२५/- कोकाकोला १ बोतल, एनसेल मोवाइलमा प्रयोग हुने रु. १००/- को २१ थान र रु. ५०/- दरको ११ थान गरी जम्मा रु २६५०/- को रिचार्ज कार्ड, रु. १९५/- को खाने तेल १ लिटर, बजार मूल्य प्रति खिल्ली २ रुपैयाँ ५० पैसाको दरले रु. ७/५० को ३ खिल्ली पाइलट चुरोट र नगद रु. २२२५/- समेत जम्मा बिगो रु. ३७,०७१/५० वरावरको नगद र धनमाल प्रतिवादीहरूले जाहेरवालाको पसल ढोका बन्द बङ्गाई खोली सो पसलबाट चोरी गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरू तार्जेन वाङदी तामाङ र देवा लामाले मुलुकी ऐन, चोरी महलको १ र ३ नं. बमोजिम कसूर गरेको ठहर्छ ।

३३. अव निजहरूलाई हुने सजायतर्फ विचार गर्दा प्रतिवादीमध्येको तार्जेन वाङदी तामाङलाई मुलुकी ऐन, चोरीको १२ र १४(१) नं. बमोजिम चोरीको बिगो रु. ३७,०७१/५० को डेढी रु. ५५,६०७/२५ जरिवाना र १ (एक) महिना १५ (पन्ध्र) दिन कैद हुने ठहर्छ ।

३४. अव अर्का प्रतिवादी देवा लामाको हकमा सजायतर्फ विचार गर्दा अभियोगपत्रमा निजको उमेर १६ वर्ष भनी उल्लेख भएको र अधिकारप्राप्त अधिकारी एवं यस अदालतसमक्षको बयानमा समेत निजको उमेर १६ वर्ष भनी उल्लेख गरेकोमा आफ्नो जन्ममिति २०५५/१०/१ भई उमेर १६ वर्ष पुरा नभएको भनी स्थानीय पञ्जिकाधिकारीको कार्यालय, गत्लाङबाट प्राप्त जन्मदर्ता प्रमाणपत्र र जिल्ला स्तरीय परीक्षा समिति, रसुवाबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि पेश गरेको देखिन्छ भने पुनः उक्त प्रमाणपहरूको सक्कल प्रतिसमेत प्रमाणको रुपमा पेश गरेको अवस्था छ । यसरी जन्मदर्ता प्रमाणपत्र र परीक्षा समितिको प्रमाणपत्रमा उल्लिखित निजको जन्ममिति २०५५/१०/१ बाट वारदात मिति २०७१/८/४ मा निज १६ वर्ष पुरा नभई नाबालक नै रहेको देखिन आउँछ । साथै यस अदालतको आदेशानुसार निज प्रतिवादीले यस अदालतमा पेश गरेको जन्मदर्ता र विद्यालय परीक्षा समितिका प्रमाणपत्रको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, रसुवामा पत्राचार गरेकोमा प्रतिवादीको उमेर सम्बन्धमा कानूनबमोजिम होस् भनी सो कार्यालयको च.नं. १४४ मिति २०७१/१०/८ को पत्र प्राप्त भएको देखिन्छ ।

३५. यसरी मिति २०६७/८/३ मा प्राप्त जन्मदर्ता प्रमाणत्रमा र विद्यालय भर्ना हुँदा विद्यालयको अभिलेखमा उल्लेख गरिएबमोजिमको जन्ममिति उल्लेख गरिएको २०६९ सालको जिल्ला स्तरिय परीक्षा समितिबाट प्राप्त प्रमाणपत्रमा निज प्रतिवादी देवा लामाको जन्ममिति २०५५/१०/१ भएको र सो सम्बन्धमा कुनै विवाद रहेकोसमेत नदेखिँदा निज प्रतिवादी देवा लामाको उमेर वारदात गर्दाको मिति २०७१/८/४ मा १६ वर्ष पुरा नभई नाबालक अवस्थाको रहेकोले निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने देखियो । तसर्थ निज प्रतिवादी देवा लामाको उमेर १४ वर्षभन्दा माथि र १६ वर्ष पुरा नभएको हुँदा निजलाई मुलुकी ऐन, चोरीको १२ र १४(१) नं. एवं बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम दिन २३(तेइस) कैद हुने ठहर्छ । यसरी कसूरको आधारमा यी प्रतिवादी देवा लामालाई दिन २३(तेइस) कैद ठहर भएकोमा निज देवा लामाको उमेर वर्ष १६ भनी अभियोगपत्र पेश भएको र निज मुद्दा अनुसन्धानको क्रममा मिति २०७१/८/७ देखि थुनामा रही निजको तर्फबाट आफ्नो जन्ममिति स्पष्ट हुने प्रमाण पेश नहुँदै यस अदालतको मिति २०७१/८/२४ को आदेशानुसार माग भएको नगद धरौटी रु. ३०,०००/- दाखिल गर्न नसकी पुर्पक्षको लागिसमेत मिति २०७१/९/३ सम्म थुनामा बसी निजलाई लागेको कैद भुक्तान गरिसकेको देखियो ।

३६. अव सोही ऐनबमोजिम निजलाई हुने जरिवाना सम्बन्धमा विचार गर्दा निजलाई लागेको कैद भुक्तान भइसकेको अवस्था रहेको र राज्यका प्रत्येक निकायले नाबालकको सम्बन्धमा निर्णय गर्दा निजको

सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्ने अनिवार्य हुन आउँछ । नाबालकलाई आर्थिक दण्ड गर्दा निजले त्यस्तो दण्ड जरिवाना तिर्न बुझाउन सक्ने सामर्थ्य राख्न सक्दैन र परिणामतः सो जरिवाना बापत निजलाई कैदमा राख्नु पर्ने हुन्छ र यस्तो अवस्थामा जरिवाना गर्नु भनेको पनि अप्रत्यक्ष रुपमा नाबालकलाई कैदमा राख्नुसरह हुन जान्छ जुन नाबालकको सर्वोत्तम हित र उनीहरूप्रति राज्यको दायित्व विपरीत हुन जान्छ । साथै नाबालकको हकअधिकार सम्बन्धमा व्यवस्था भएको हाम्रो देश नेपालसमेत पक्ष भएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on the Rights of the Child, 1989) को मर्मबमोजिम समेत कानूनको द्वन्दमा परेका बालकलाई कैदमा राख्नु र आर्थिक दण्ड दिनुसमेत स्वीकारयोग्य र न्यायोचित हुन सक्दैन । सो बालअधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on the Right of the Child, 1989) को धारा ३(१) मा यस प्रकार उल्लेख भएको पाइन्छः "In all action concerning children whether undertekan by public social welfare institution, court of law, administrative authorites of legislative bodies, the best interests of child shall be a primary considerartion". यस प्रकार राज्यका अन्य निकायहरूको साथै अदालत (Court of Law) बाट बालबालिकाहरूसँग सम्बन्धित कार्यमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक रुपमा विचार गरिनु आवश्यक हुन्छ ।

३७. यसै गरी महासन्धिको धारा ६(२) मा उल्लेखित "States parties shall ensure to the maximum extert possible the survival and development of the child" भन्ने प्रावधानबाट बालबालिकाको जीवन र विकास सुनिश्चिततामा जोड दिनु राज्यको कर्तव्य हुन आउँछ । अपराध गर्ने मनसाय तत्वको विद्यमानताको अभावमा विभिन्न सामाजिक परिवेशको कारण एवं सङ्गत लगायतका विविध कारणबाट बिज्याँई गर्न पुगेका बालबालिकालाई कैद र जरिवाना गर्नुको सट्टा सुधारात्मक उपायद्धारा उनीहरूलाई सहि बाटोमा हिडाउन सकिन्छ भन्ने मान्यताका साथ बालबालिकाउपरको दण्ड जरिवानाको सजाय निरुत्साहित गरिएको पाइन्छ जुन बालबालिकाको जीवन र विकासको लागि अत्यावश्यक हुन आउँछ ।

३८. यसरी बालकलाई आर्थिक दण्ड गर्दा परोक्ष रुपमा थुनामा बस्नु पर्ने अवस्थाको सिर्जना हुने एवं आर्थिक दायित्व बहन गराउनसमेत नाबालकको सर्वोत्तम हित विपरीत हुने हुँदा नाबालकलाई बालअधिकारसम्बन्धी महासन्धि, १९८९ एवं बालबालिकासम्बन्धी ऐन, २०४८ को मर्म र भावनासमेतलाई ध्यान दिई प्रस्तुत मुद्दामा नाबालक प्रतिवादी देवा लामालाई जरिवानाको सजाय हुने देखिएन । निज प्रतिवादी देवा लामालाई अब आइन्दा बिज्याँईमा संलग्न नहुने व्यहोराको कागज गराई निजको अभिभावकको जिम्मा बुझाई दिनु पर्ने देखिन्छ ।

३९. साथै प्रतिवादीहरूबाट वरामद भएको मोबाइल थान १ र एक लिटर खाने तेल मुलुकी ऐन, चोरीको २१ नं. बमोजिम जाहेरवालाले फिर्ता पाउने र प्रतिवादीहरूले चोरी गरेको ठहर भएको बाँकी

बिगो रु. ५००७/५० प्रतिवादीहरूबाट जाहेरवालाले दामासाहीले भराई लिन पाउने ठहर्छ । अरु तपसिलबमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी तार्जेन वाङ्दी लामालाई मुलुकी ऐन, चोरीको १२ नं. र १४(१) बमोजिम रु. ५५,६०७/२५ जरीवाना र १(एक) महिना १५(पन्ध्र) दिन कैद हुने ठहरेकोमा निज मुद्दा अनुसन्धानको लागि मिति २०७१/८/७ देखि थुनामा बसी मुद्दा पुर्पक्षको लागि यस अदालतबाट माग भएको नगद धरौट रु. ३०,०००/- दाखिला गरी मिति २०७१/९/१ मा थुना मुक्त भई दिन २२(बाइस) कैद भुक्तान गरिसकेको हुँदा बाँकी दिन २३(तेइस) कैदको लगत राखी असुल गर्नु र निजलाई रु. ५५,६०७/२५ जरिवाना ठहर भएकोमा मुद्दा पुर्पक्षको लागि यस अदालतको मिति २०७१/८/२४ को आदेशानुसार निजले यस अदालतमा दाखिल गरेको नगद धरौट रु. ३०,०००/- सो जरिवाना बापत सदरस्याहा गर्नु र नपुग जरिवाना रु. २५,६०७/२५ लगत राखि निजबाट असुल गर्नु १

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादीमध्येको देवा लामालाई दिन २३(तेइस) कैद सजाय भएकोमा निज मिति २०७१/८/७ देखि २०७१/९/२ सम्म थुनामा बसी कैद भुक्तान भइसकेको हुँदा केही गरिरहनु परेन २

तारेखमा रही अभिभावक बाबु दावा डाक्पो तामाङसहित उपस्थित भएका नाबालक प्रतिवादी देवा लामालाई अबदेखि बिज्याँई नगर्ने व्यहोराको कागज गराई मिसिल सामेल राखी निजलाई अभिभावकको जिम्मा बुझाई दिनु ३

जाहेरवाला सुरेन्द्र तामाङले फिर्ता पाउने ठहर गरेको अभियोगपत्र साथ यस अदालतमा दाखिल भएको मोवाइल थान १ र १ लिटर खाने तेल निज प्रतिवादीबाट जाहेरवाला सुरेन्द्र तामाङले फिर्ता बुझी लिएको मिसिल संलग्न राखी २०७१/८/२४ को भरपाईबाट देखिँदा केही गरिरहनु परेन ४

जाहेरवालाले प्रतिवादीहरूबाट दामासाहीले भरी पाउने ठहरेको बिगो रु. ५००७/५० भराई पाऊँ भनी प्रतिवादीमध्येको तार्जेन वाङ्दी तामाङको यसै सरहदको जेथा देखाई दरखास्त दिन आएमा निजबाट रु. २५०३/७५ जाहेरवालालाई भराई दिनु एवं प्रतिवादीमध्येको देवा लामाले यस अदालतमा राखेको नगद धरोट रु. ३०,०००/- बाट कट्टा गरी रु. २५०३/७५ जाहेरवालालाई भराई दिई बाँकी रु. २७,४९६/७५ प्रतिवादी देवा लामालाई फिर्ता दिनु ५

प्रस्तुत फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम फैसलाको प्रतिलिपिसहितको जानकारी श्री जिल्ला सरकारी वकिल कार्यालय, रसुवा धुन्चेलाई दिनु ६

प्रस्तुत फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम प्रतिवादीहरू तार्जेन वाङ्दी तामाङ र देवा लामालाई पुनरावेदनको म्याद दिनु ७

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपि उपलब्ध गराई दिनु ८

प्रस्तुत मुद्दाको दायरीको लागत कट्टा गरी फैसलाको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ९

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाएअनुसार ना.सु. विनोद प्याकुरेल ।
कम्पयुटर टाइप गर्ने अञ्जु नेपाल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ माघ ६ गते रोज ३ शुभम्.....।

सुनसरी जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः ×

समाजसेवीः ×

सम्वत् २०७१ को बालबिज्याँई

मुद्दा नं.: २६-०७१-CR-०२५६

दर्ता मितिः २०७१/९/२७

निर्णय नं.: २८१

मुद्दाः लागूऔषध गाँजासम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन

ई.प्र.का. धरानमा कार्यरत प्र.ह. लोकबहादुर दाहालसमेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार १

ऐ.ऐ. को साक्षी

प्रतिवेदक लोकबहादुर दाहाल

घटनास्थल तथा वरामदी मुचुल्काका मानिसः

कुमारी राई १

मनिष तामङ १

एलिसा रसाइली १

वस्तुस्थिति मुचुल्काका मानिसहरूः

जीवन शाक्य १

खिलाबहादुर खत्री १

युवराज राई १

कागजः ×

प्रतिवादीको नाम, थर, वतन

चन्द्रबहादुर मोहोराको छोरा जि. सुनसरी, धरान उप म.न.पा., वार्ड नं. ९ बस्ने परिवर्तित नाम एम कुमार १

साक्षीः

नविन चर्मकार १

कागजः ×

अदालतबाट बुझेको
साक्षी
प्रतिवेदक प्र.ह. लोकबहादुर दाहाल
प्रतिवादीको साक्षी नविन चर्मकार
कागजः ×

कानून व्यवसायी

वादीबाट	प्रतिवादीबाट
स.जि.न्या. श्री विजयकुमार श्रेष्ठ	बैतनिक अधिवक्ता खगेन्द्र ढकाल

अविलम्बित नजीरः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.ब. २९ न. समेतले ले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको ठहर यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम गर्ने निर्देशिका, २०६४ बमोजिम प्रतिवादीको नाम परिवर्तन गरी "एम" कुमार कायम गरिएको छ ।

मिति २०७१/९/१० गते बेलुका १८:०० बजेको समयमा जिल्ला सुनसरी, धरान न.पा. वार्ड नं. ८ स्थित पूर्वमा तीनढुवाङ्गे खोला, पश्चिममा बौद्ध दाहसंस्कार, उत्तरमा भोटेपुल जाने सडक, दक्षिणमा तीनढुवाङ्गे सडक । यति चारकिल्लाभित्रमा पर्ने स्थित सार्वजनिक बाटोमा शङ्कास्पद अवस्थामा हिडिरहेका प्रतिवादी परिवर्तित नाम एम कुमारलाई नियन्त्रणमा लिई निजको शरीर तथा झोला खानतलासी लिँदा निजले बोकेको रातो बजारे झोलाभित्र लुकाईछिपाई बोकेको अवैध लागूऔषध गाँजा-३०० ग्राम फेला परेकोले वरामद गरी प्रहरीले लगेको भन्नेसमेत व्यहोराको वरामदी मुचुल्का ।

मिति २०७१/९/१० गते बुलुका १८:०० बजेको समयमा मेरो कमाण्डमा प्रहरी गस्ती टोली जिल्ला सुनसरी, धरान उप म.न.पा., वार्ड नं. ८ स्थितमा पुग्दा हाल नाम, थर, वतन थाहा भएका शङ्कास्पद अवस्थामा हिडिरहेको ऐ.ऐ. बस्ने चन्द्रबहादुर मोहोराको छोरा वर्ष १६ को परिवर्तित नाम एम कुमारलाई नियन्त्रणमा लिई निजको शरीर तथा झोला खानतलासी लिँदा निजले बोकेको रातो बजारे झोलाभित्र लुकाईछिपाई बोकोको अवैध लागूऔषध गाँजा-३०० ग्राम फेला परेकोले घटनास्थलमा उपस्थित मानिसहरूको रोहवरमा उक्त लागूऔषध वरामद गरी निजलाई पक्राउ गरी यसै पत्रसाथ दाखिला गरेको छु । निजको बारेमा बुझ्दा निजले अवैध लागूऔषध ओसारपसार तथा बिक्री वितरण, खरिद सेवनसमेत

गरी समाजमा विकृति फैलाउन जस्ता कार्य गर्दै आइरहेका छन् भन्ने बुझिएको हुँदा निजउपर लागूऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत हदैसम्मको कारवाही होस् भनी यो प्रतिवेदन लेखी पेश गरेको छु भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

म २ वर्षदेखि लागूऔषध गाँजा सेवन गर्दै आइरहेको छु । मिति २०७१/९/१० गतेका दिन उक्त लागूऔषध सकिएकोले घरबाट उक्त घटनास्थलमा आई देख्दा चिन्न सक्ने नाम, थर, वतन थाहा नभएको मानिससँग ३०० ग्राम गाँजा किनी रु. ३००/- दिई जाँदै गर्दा मलाई प्रहरीले पक्राउ गरी ल्याएको हो । उक्त लागूऔषध खरिद गर्दा १०० ग्राम १०० रुपैयाँले खरिद गर्छु र बिक्री गर्दा अरुले रु. २००/- का दरले गर्दछन् तर म चाँही खरिद गरी सेवन गर्छु र कहिलेकाँही साथीभाइलाई दिदा १०० ग्रामको रु. १५०/- का दरले बिक्री गर्छु भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम एम कुमारले अधिकारप्राप्त अधिकारीसमक्षमा गरेको बयान कागज ।

मिति २०७१/९/१० गते बेलुका १८:०० बजेको समयमा हाल पक्राउ परेका प्रतिवादी परिवर्तित नाम एम कुमारलाई प्रहरीले लागूऔषध गाँजा ३०० ग्रामसहित पक्राउ गरी लगेको कुरा मलाई थाहा भएको हुँदा निज पहिलादेखि लागूऔषध सेवन तथा बिक्री वितरण खरिदसमेत गर्ने व्यक्ति भएको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको प्राय एकै मिलानको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादीको साथबाट वरामद भएको लागूऔषध गाँजा नै हो भन्नेसमेत व्यहोराको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इनरुवा सुनसरीको परीक्षण प्रतिवेदन रिपोर्ट ।

प्रतिवादी परिवर्तित नाम एम कुमारले अवैध लागूऔषध गाँजा ओसारपसार तथा सञ्चय गर्ने गरेको तथ्य पुष्टि हुन आएकाले निज प्रतिवादीलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय क को कसूरमा ऐ. को दफा १४(१)(घ) को (२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेतको अभियोगपत्र ।

वरामदी मुचुल्काको व्यहोरा झुठ्ठा हो । मलाई धरान घर भएका नाम थाहा नभएका साथीले कागजको पोका राख्न दिएको म फुटबल खेल घरमा आउँदा बाटोमा प्रहरीले चेक गर्दा मेरो साथबाट उक्त पोका वरामद भएको हो । वरामद भएका अवस्थामा मात्र गाँजा भएको थाहा भएको हो ३०० ग्राम थिएन एउटा चुरोटमा अट्ने जति मात्र थियो । मैले गाँजा खरिद बिक्री गरेको होइन । अनुसन्धानको बयान मैले भनेर लेखिएको होइन भन्नेसमेतको प्रतिवादी परिवर्तित नाम एम कुमारले अदालतसमक्ष गरेको बयान । प्रतिवादी नाबालक देखिई मिति २०७१/९/२८ का आदेशानुसार निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम संरक्षकको जिम्मा लगाइएको ।

प्रतिवादीबाट ३०० ग्राम गाँजा वरामद भएकोले प्रतिवेदन साथ दाखेल गरेको हो । सेवन बिक्री वितरण ओसारपसार गर्ने गरेको भन्ने बुझिएको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेतको प्रतिवेदक प्र.ह. लोकबहादुर दाहालले गरेको बकपत्र ।

प्रतिवादी परिवर्तित नाम एम कुमार लागूऔषध गाँजा खरिद बिक्री ओसारपसार गर्ने खालका मानिस होइनन् भन्नेसमेतको प्रतिवादीका साक्षी नविन चर्मकारले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री विजयकुमार श्रेष्ठ तथा प्रतिवादीको तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री खगेन्द्र ढकालले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा यी प्रतिवादी परिवर्तित नाम एम कुमारउपर अवैध लागूऔषध गाँजा ओसारपसार तथा सञ्चय गर्ने गरेको भनी लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (क) को कसूरमा ऐ. को दफा १४(१)(घ) को (२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेतको अभियोग मागदाबी रहेको देखिन्छ । मिति २०७१/९/१० गते बेलुका १८ः०० बजेको समयमा जिल्ला सुनसरी, धरान ८ स्थितमा शङ्कास्पद अवस्थामा हिंडिरहेका यी प्रतिवादी परिवर्तित नाम एम कुमारलाई गाँजा (३०० ग्राम फेला परेको भन्ने मौकाको वरामदी मुचुल्का तथा प्र.ह. लोकबहादुर दाहालको प्रतिवेदनसमेतबाट देखिन्छ ।

यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अभियोग दाबीबमोजिम आफुले कसूर गरेको स्वीकार गरेको देखिन्छ भने अदालतसमक्ष बयान गर्दा आफुलाई नचिनेका धरानका साथीले एउटा पोका बोक्न दिएको र आफु फुटबल खेली घर फर्कदा प्रहरीले चेकजाँच गर्दा उक्त वस्तु वरामद गरेको र वरामदपश्चात् मात्र आफुले गाँजा रहेको थाहा पाएको र आफुले अभियोग दाबीबमोजिमको कसूर नगरेको भनी बयान गरेको देखियो ।

मौकाको वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन तथा प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानसमेतबाट यी प्रतिवादीबाट लागूऔषध गाँजा वरामद भएकोमा विवाद देखिएन । प्रतिवादीको साथबाट वरामद भएको वस्तु लागूऔषध गाँजा नै भएको भन्नेसमेतको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र इनरुवा, सुनसरीको परीक्षण प्रतिवेदनबाट देखिएको छ ।

यी प्रतिवादीले परिमाण थोरै भए पनि लागूऔषध गाँजा आफ्नो साथबाट वरामद भएको भन्नेसम्म स्वीकारेको, वरामदी मुचुल्काकै परिमाणअनुसार वरामद भएको भनी वरामदी मुचुल्कालाई समर्थन गर्दै प्रतिवेदक लोकबहादुर दाहालले बकपत्र गरेको देखिएको र वरामदी वस्तु लागूऔषध गाँजा रहेको भन्ने परीक्षण प्रतिवेदनसमेत देखिँदा निज प्रतिवादी परिवर्तित नाम एम कुमारले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को बिज्याँई गरेको ठहर्छ । निज प्रतिवादीको उमेर १४ वर्षको देखिँदा ऐ. ऐनको दफा १४(१)(घ) बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३)

बमोजिम कैद दिन १५ (पन्ध्र) र रु. ५००/- (पाँच सय) जरिवाना हुनेसमेत ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम गर्ने गरी यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम एम कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी कैद दिन १५ (पन्ध्र) र जरीवाना रु. ५००/- हुने ठहरेकाले निज प्रतिवादी मिति २०७१/९/१० देखि प्रहरी हिरासतमा रही २०७१/९/२८ का आदेशानुसार नाबालक देखिई अभिभावकको जिम्मा लगाएको देखिँदा ठहरेको कैद हिरासतमा बसी भुक्तान भइसकेको र ठहरेको जरीवानासमेत आजै बुझाएको देखिँदा आम्दानी बाँधी असुली जनाउनु १

उपरोक्त इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई पुनरावेदनको म्याद दिनु, प्रतिवादीले फैसला सुनी फैसलाले ठहर भएको जरीवाना आजै दाखेल गरेकाले निजलाई पुनरावेदनको म्याद दिनु परेन २

फैसलाको जनाउँ जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई दिनु ३

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ४

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु ५

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः १, ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ ८ गते रोज ५ शुभम् .....।

मोरङ जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री शेखरप्रसाद पौडेल

फैसला

सम्वत् २०७१ सालकोस.फौ.नं.-००४६५

०७१-CR-००६६

नि.नं: ७

मुद्दा: जवरजस्ती करणी उद्योग।

वादीको नाम, थर, वतन
जि. ०९, कोशी हरैचा वडा नं.४ बस्ने २७ साङ्केतिक नाम EE कुमारीको जाहेरीले नेपाल सरकार.....१

प्रतिवादीको नाम, थर, वतन
जि. १०, देवगञ्ज गा.वि.स., वडा नं. ३ बस्ने वर्ष १४ को साङ्केतिक नाम EEE कुमार १

प्रमाण
साक्षी: ×
कागज: ×

प्रमाण
साक्षी: ×
कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा निम्नानुसार देखिन्छः

जिल्ला मोरङ, कोशी हरैचा नगरपालिका, वडा नं. ४ स्थित पूर्वमा पुष्प ढकालको जग्गा, पश्चिममा महेन्द्र प्रधानको घर, उत्तरमा दिपेश नर्सरी, दक्षिणमा नगरपालिका कार्यालय जाने बाटो । यति चारकिल्लाभित्र रहेको दक्षिण मोहडाको काठको टाढे घरको माथिल्लो तलाको पश्चिम दक्षिण कुनाको कोठामा लगाएको ओछ्यानमा पश्चिम सिरानी पारी सोही ओछ्यानमा सुताई मोरङ कोशी हरैया ४ बस्ने वर्ष ४ की

साङ्केतिक नाम E कुमारीलाई प्रतिवादी EEE कुमारले जवरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

म जाहेरवालीको नन्द घटनास्थल घरमा कोठा भाडामा लिई बस्ने गरेकी र उल्लेखित दिन उक्त समयमा मैले मेरो नाबालिका छोरी साङ्केतिक नाम E कुमारीलाई फुपूलाई बोलाई आइज भनी मेरो घरमा उल्लेखित स्थानमा पठाएकोमा नन्द घरमा नभएको र सोही घरमा डेरा गरी बस्ने विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीले मेरो नाबालिका छोरी E कुमारीलाई आफु सुत्ने गरेको कोठामा लगी ओछ्यानमा सुताई छोरीको कट्टु खोली निज प्रतिवादी छोरीमाथि घोप्टो परिरहेको सोही घरमा कोठा बस्ने सबिता परियारले देखी मलाई बोलाई उल्लेखित घटनास्थल झ्यालबाट हेर्दा निजले मेरो छोरीको कट्टु खोली छोरीमाथि घोप्टो परिरहेको देखी हल्ला गर्दा निज प्रतिवादी उठेको र निजले मेरो नाबालिका छोरीलाई करणी प्रयास गरेको हुँदा निजलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको साङ्केतिक नाम EE को जाहेरी दरखास्त ।

म मेरो बाबुसँग सो घरमा डेरा गरी बसेको हुँ । पीडितहरूसमेत सोही घरमा डेरा गरी बस्ने गर्दछन् । निज जाहेरवालीको छोरी पहिला पनि मेरो कोठामा आउने बस्ने गरेकी थिइन् । उल्लेखित घटनाको दिनसमेत म कोठामा बसिरहेको अवस्थामा निज पीडित आएकी र मैले निजलाई मेरो कोठामा बोलाई र निजको योनी हेर्न मन लाग्यो र फकाई कट्टु खोली योनी हेर्दा करणी गर्न मन लागेको हुँदा योनी खेलाई मेरो लिङ्ग उत्तेजित बनाई करणी गर्न लागेको अवस्थामा निज पीडितको आमासमेत घटनास्थलमा आइपुगेकी हुँदा करणी गर्न नपाएको हो भन्ने व्यहोरा प्रतिवादी EEE कुमारको बयान कागज ।

उल्लेखित मिति समयमा विरुद्ध खण्डमा उल्लेखित प्रतिवादीले पीडितलाई आफ्नो कोठामा लगी करणी गर्न खोज्दा सोही स्थानमा डेरा गरी बस्ने अन्य मानिससमेतले देखी होहल्ला गरेको थाहा पाई हामीसमेत घटनास्थल जाँदा प्रतिवादीले पीडितलाई ललाईफकाई आफु सुत्ने गरेको कोठाको ओछ्यानमा लगी पीडित बालिकाको कट्टु खोली प्रतिवादी पीडित बालिकामाथि घोप्टो परी चढेको भन्ने सुनी थाहा पाएका हौं । निज प्रतिवादीलाई कानूनबमोजिम हदैसम्मको कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको गणेशप्रसाद कडरिया, खगेन्द्रप्रसाद तिम्सिना, जुना तामाङले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

उल्लेखित घटनाको दिन म घर डेरामा नै बसी आफ्नै कामकाज गरिरहेको थिएँ । जाहेरवाली तथा प्रतिवादीसमेत एकै स्थानमा डेरा गरी बस्ने हुन् । उल्लेखित मितिमा प्रतिवादी र पीडित खेलिरहेको अवस्थामा हराएको हुँदा कता गएछन् भनी खोजतलास गर्दासमेत नभेटिएको र प्रतिवादीको कोठामा आवाज आएको सुनी शङ्का लागी म सो कोठामा जाँदा कोठाको चुकुल लगाएको र प्वालबाट हेर्दा पीडितको सवै कपडा खोली प्रतिवादीले आफ्नो लिङ्ग तन्काई पीडितमाथि चढिरहेको देखी अत्तालिएर जाहेरवालीलाई बोलाई कराउँदा निज प्रतिवादी पीडितलाई छाडी उठेको हो भन्नेसमेत व्यहोराको सविता परियारको कागज ।

उक्त मिति समयमा म घरैमा खेल्दै गरेको अवस्थामा मेरी आमा जाहेरवाली रंग लगाइरहनु भएको अवस्थामा मलाई छाता लिएर आउनु भनेको हुँदा म घरमा आउँदा अङ्कलले मलाई समाई मेरो कोठामा खेल्न आउँ भन्दा म जाँदिन भन्दा मलाई बोकी कोठामा लगी ढोका लगाई छाडा बोल्नु भयो र मेरो कट्टु खोली दिनु भयो र तेरो सु गर्ने हेरौं न कस्तो रहेछ भन्नु भयो र आफ्नो कट्टु खोली सु गर्ने निकाली तिम्रो सु गर्नेमा जुधाई दिन्छु ल भन्दै मलाई उत्तानो सुताई ममाथि घोप्टो परेको अवस्थामा ममीसमेतले देखी कराउँदा मलाई करणी गर्न नपाएको हुन् भन्नेसमेत व्यहोराको पीडित E कुमारीको घटना विवरण कागज ।

साङ्केतिक नाम E कुमारीको Hymen intact भन्ने व्यहोराको शारीरिक जाँच रिपोर्ट ।

प्रतिवादी साङ्केतिक नाम EEE कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको (१) नं. विपरीत ५ नं. बमोजिमको कसूर अपराधमा ऐ.ऐ. ३(१) नं. बमोजिम हुने सजायमा ऐ.ऐ. महलको ५ नं. बमोजिम सजाय गरी अनुसन्धानको क्रममा निज प्रतिवादीको उमेर १२ वर्षको मात्र देखिएको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

मेरा बुबा राज मिस्त्री काम गरी हरैचा डेरा गरी बस्नु हुन्छ । म बुबासँग पैसा माग्न घरबाट मिति याद भएन । हरैचा गई बुबाको डेरामा बसेको र भोलीपल्ट पनि बस अनि पैसा लिई घर जानु भनी बुबाले भनेको थियो र म बुबाले भाडा लिएको कोठामा एक्लै बसेको बुबा काममा गएको अवस्थामा मैले नचिनेका एउटी सानी केटी म बसेको कोठामा आइन् । म कोठामा ढल्किरहेको अवस्थामा एक्कासी त्यो केटीको आमा र अर्की एक महिलासमेत आई मलाई अनाहकमा कुटपिट गर्दै मैले नगरेको कुराको आरोप लगाई प्रहरी बोलाई प्रहरीको जिम्मा लगाए । मैले जाहेरी दरखास्तअनुसारको कसूर अपराध गरेको छैन । मलाई पोल गरेको जाहेरी दरखास्तको व्यहोरा झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी साङ्केतिक नाम EEE कुमारले अदालतमा गरेको बयान ।

प्रतिवादी EEE कुमार जाहेरवाली EE कुमारी, E कुमारी पीडितले अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको ।

<u>अदालतको ठहर</u>

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट रहनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री निर्मला योञ्जया र प्रतिवादीको तर्फबाट रहनु भएको विद्वान अभिवक्ता श्री यमबहादुर मगरले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेको हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न प्रमाणको आधारमा उपर्युक्त प्रश्नतर्फ विचार गर्दा प्रतिवादी साङ्केतिक नाम EEE कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको (१) नं. विपरीत ५ नं. बमोजिमको कसूरमा सोही महलको

३(१) नं. बमोजिम हुने सजायमा सोही महलको ५ नं. बमोजिम सजाय गरी प्रतिवादीको उमेर १६ वर्षभन्दा मुनिको देखिएबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरी पाउन मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । वादी पक्षबाट अभियोग दाबी प्रमाणित हुने प्रमाणको रुपमा जाहेरवालाको जाहेरी, पीडितले अनुसन्धानको सिलसिलमा गरेको कागज र प्रतिवादीले अनुसन्धानमा गरेको बयानलाई लिएको देखिन्छ । जाहेरवालीको जाहेरी हेर्दा प्रतिवादीले मेरो छोरी E कुमारीलाई आफ्नो कोठामा लगी ओछ्यानमा सुताई कट्टु खोली निज प्रतिवादीले छोरीमाथि घोप्टो पारिरहेको सविता परियारले देखी मलाई खवर गरी झ्यालबाट हेर्दा निजले मेरो छोरीको कट्टु खोली छोरीमाथि घोप्टो परिरहेको देखी प्रतिवादी उठेको र निजले मेरो छोरीलाई करणी गर्ने प्रयास गरेको हुँदा कारवाही गरिपाऊँ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीले अनुसन्धानमा पीडितको योनी हेर्न मन लाग्यो, योनी हेर्दा करणी गर्न मन लाग्यो, योनी खेलाई मेरो लिङ्ग उत्तेजित बनाई करणी गर्न लागेको अवस्थामा पीडितको आमा घटनास्थलमा पुगेको हुँदा करणी गर्न नपाएको भनी बयान गरेको देखिन्छ भने पीडितले अनुसन्धानमा प्रतिवादीले आफ्नो कट्टु खोली सु गर्ने निकाली तिम्रो सु गर्नेमा जुधाई दिन्छु ल भन्दै मलाई उत्तानो सुताई ममाथि घोप्टो परेको अवस्थामा ममीसमेतले देखी करणी गर्न पाएन भनी कागज गरी दिएको देखिन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा आफुले अभियोग दाबीबमोजिमको कसूर गरेमा इन्कार भई बयान गरेको देखिन्छ । पीडितले अदालतमा आएर प्रतिवादीले कट्टु खोली दिए तेरो सु गर्ने कस्तो छ हेरौं भन्यो, उसको सु गर्ने मेरो सु गर्नेमा जुधाई दिन्छु भन्दा मलाई उत्तानो पारी सुताएको अवस्थामा आमा आउनु भयो । उसले आफ्नो सु गर्ने मलाई देखाएको पनि हो भनी बकपत्र गरेको देखिन्छ । पीडितको बकपत्रबाट प्रतिवादीले आफ्नो सु गर्ने जुधाई दिन्छु भनेको, उत्तानो पारी सुताएको र प्रतिवादीले आफ्नो सु गर्ने देखाएको सम्म देखिन्छ । प्रतिवादीले जवरजस्ती करणी गर्न सुरु गरेको तर गर्न नपाएको अवस्था मिसिल प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएबाट प्रतिवादीले अभियोग दाबीको कसूर गरेको मिसिल संलग्न प्रमाणबाट शङ्कारहित तवरबाट पुष्टि हुन सकेको नदेखिँदा साङ्केतिक नाम EEE ले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरु तपसिलमा लेखिएबमोजिम हुने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी साङ्केतिक नाम EEE कुमारले दाबीबाट सफाई पाउने ठहरेकाले केही गरी रहनु परेन १

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न जानु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम फैसलाको प्रतिलिपिसहितको ७० दिने पुनरावेदन म्याद जिल्ला सरकारी वकिलको कार्यालय, मोरङलाई दिनु २

सरोकरवालाले फैसलाको नक्कल माग गरे कानूनको रीत पुर्‍याई नक्कल सारी वा सराई दिनु ३

सरोकारवालाले फैसलाको नक्कल माग गरे नियमानुसार सारी वा सराई दिनु ४

प्रस्तुत मुद्दाको दायर लगत कट्टा गरी मिसिल अभिलेख संरक्षण फाँटमा बुझाई दिनु ५

यो फैसला जिल्ला न्यायाधीशज्यूले टिपाएअनुसार तयार गर्ने ना.सु. गोपाल आचार्य ।
कम्प्युटर सेटिङ गर्ने रश्मी श्रेष्ठ ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् .....।

मोरङ जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री शेखरप्रसाद पौडेल

फैसला

२०७० सालको स.फौ.नं.०२३२६

०७०-CR-०४२२

नि.नं: ६

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला ०९, बेलबारी गा.वि.स., वडा नं. ३ बस्ने साङ्केतिक नाम सपनाको जाहेरीले नेपाल सरकार १	जिल्ला ०९, बेलबारी गा.वि.स., वडा नं. ३ बस्ने साङ्केतिक विवेकको छोरा वर्ष १२ को साङ्केतिक नाम अमिर १
प्रमाण	प्रमाण
साक्षी: ×	साक्षी: ×
कागज: ×	कागज: ×

अदालतबाट बुझेको

साक्षी: ×

कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा र ठहर यस प्रकार रहेको छः

जिल्ला मोरङ, बेलबारी गा.वि.स., वडा नं. ३ स्थित पूर्वमा शान्ता भण्डारीको घर, पश्चिममा राजेन्द्र के.सी.को घर, उत्तरमा सीता न्यौपानेको घर, दक्षिणमा अम्बिका ढकालको घर । यति चारकिल्लाभित्र रहेको उत्तर मोहडा भएको बासको टाटी टिना छाना भएको साङ्केतिक नाम सपनाको २ कोठेघर, सो घरको पूर्वतर्फ कोठामा पूर्व पश्चिम फर्केको खाँटमा साङ्केतिक नाम अमिरले पीडित साङ्केतिक नाम W कुमारीलाई जवरजस्ती करणी गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

मेरी छोरी १ वर्ष ११ दिनकी साङ्केतिक नाम W कुमारीलाई कोक्रोमा सुताई अमाजुको घरतिर गई १ घण्टापछि घर आउँदा मेरो छोरी पीडित w कुमारी रोइरहेको अवस्थामा देख्दा के भयो भनी सोध्दा निजले जामा उचाल्दै ऐयाऐया भन्दै आफ्नो गुप्ताङ्ग देखाउन थाली । गुप्ताङ्ग हेर्दा चिल्लो तेल लगाएको जस्तो देखिएको, रगडिएर रातो जस्तो देखिएको हेर्दा आश्चर्य लाग्यो । निज पीडितले औलाले खाँटमुनि देखाई दिँदा प्रतिवादी अमिरलाई घटनास्थलमा नै भेटी बाहिर निकाली निजको लिङ्गमा हेर्दा निजको लिङ्गमा तेल लगाएको देखिएकोले होहल्ला गरी मानिसहरू जम्मा भई निज प्रतिवादीलाई सोधपुछ गर्दा उक्त कसूर अपराध स्वीकार गरेकाले निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने व्यहोराको साङ्केतिक नाम सपनाको जाहेरी दरखास्त ।

वारदात मितिका दिन शनिबार बिदा रहेकोले म घरमै थिएँ । साथीहरूसँग बस्दा खेल्दा करणी गर्दा तेल लगाएर गर्नु पर्छ भन्ने कुरा गर्ने गरेकोले मलाई सो कुरा सुनी करणी गर्न मन लाग्यो र जाहेरवालीको घरतर्फ जाँदा पीडितलाई कोक्रोमा सुतिरहेको अवस्थामा देखी करणी गर्न कोक्रोबाट तल झारी घरमा कोही नभएको अवस्थामा मैले पहिले औलाले योनीमा १, २ पटक छिराएँ अनी मेरो लिङ्ग उत्तेजित पारी योनीमा छिराउँन खोज्दा नछिरेकोले सोही घरमा खानेतेल फेला परेकोले सो तेल योनीमा लगाई मैले करणी गरेको हो भन्ने व्यहोराको प्रतिवादी साङ्केतिक नाम अमिरको बयान ।

साङ्केतिक नाम W कुमारीलाई वि.पि. कोइराला स्वा.वि. प्रतिष्ठान, धरानबाट भएको शारीरिक जाँच रिपोर्ट ।

उल्लेखित मिति समयमा म आफ्नै घर पसलमा थिएँ । जाहेरवाली एक्कासी कराएको आवाज सुनी उक्त घटनास्थलमा दौडेर पुग्दा प्रतिवादी साङ्केतिक नाम अमिर जाहेवालीकै घरमा भेटिएको र निजको लिङ्ग हेर्दा तेल जस्तो पदार्थ देखिएको, सो विषयमा जाहेरवालीलाई सोध्दा मेरो छोरी नाबालिकालाई यी प्रतिवादीले म नभएको अवस्थामा जवरजस्ती करणी गरेको भनी बताएको र सोही कुरा प्रतिवादीले स्वीकार गरी मैले आन्टीको छोरीलाई आफ्नो लिङ्गमा तेल दली जवरजस्ती करणी गरेको अवस्थामा आन्टीले देखी थाहा पाएको हो, म खाँटमुनि डरले लुकिराखेको अवस्थामा निकालेको हो भनी बताएको र पीडितसमेत उक्त घटनास्थलमा रुँदै गरेको देखेका हौं भन्ने व्यहोराका मौकामा बुझिएको ओमबहादुर बुढाथोकीले गरेको घटना विवरण कागज ।

मिति २०७१/२/१० गते अन्दाजी १२:३० बजेको समयमा घरमा कोही नभएको अवस्थामा साङ्केतिक नाम अमिरले कोक्रोमा सुताइरहेको जाहेरवालीको नाबालिका छोरी साङ्केतिक नाम w कुमारीलाई उठाई निजले योनी र प्रतिवादीको लिङ्गमा तेल लगाई जवरजस्ती करणी गरेको भनी सुनी थाहा पाएको हुँ । प्रतिवादीले जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको निता कार्की, गोमा बुढाथोकी, मेनुका घिमिरे, मनकुमारी गिरी र मिना गुरुङसमेतको एकै मिलान हुने गरी बकी लेखाई दिदाको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी अमिरलाई मुलुकी ऐन, जवरजस्ती करणीको महल १ र ३(१) नं. बमोजिमको कसूर अपराधमा ऐ.ऐ. को ३(१) नं. बमोजिम सजाय गरी पाउन अनुरोध छ ।

साथै प्रतिवादी साङ्केतिक नाम अमिरको उमेर १२ वर्षको भनी आफ्नो बयानमा खुलाई लेखाई दिएको देखिँदा निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन र मुलुकी ऐन, जवरजस्ती करणीको महलको १० नं. बमोजिम पीडित साङ्केतिक नाम W कुमारीलाई निज प्रतिवादीबाट क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मिति २०७१/२/१० गते शनिवार स्कुल छुट्टी भएकाले दिउसोको समयमा हामी साथीभाइहरू लुकीडुम खैल्दै थियौं । मेरो र यी जाहेरवालीको घर नजिकै पर्छ । हामी खेल्दै गर्दा त्यहाँ जाहेरवालाको घरछेउ पुगेको उनकी ती नाबालिका छोरी W कुमारी भित्र कोक्रोमा सुतेकी रहिछन् । हामी खेल्दै गर्दा हल्ला भएपछि ती बच्चा कोक्रोमा सुतेकीमा व्युझिएर रुँन थालिछन् । त्यतिकैमा उनकी आमा आएर के गरिस् ? यो किन रोएकी ? भनिन् । हामीले नानी व्युझिएर तपाईलाई खोजेको होला भनेको थियौं । त्यतिकैमा किन हो मलाई प्रहरीले समाई लगे । उनले बोलाइछन् । त्यस्तो कार्य मैले गरेको र गर्ने उद्देश्यले नै नभएको, त्यस्तो तेल लिङ्गमा पनि नलाएको, मैल त्यस्तो काम नै नगरेकाले मउपरको जाहेरी पुरै झुठ्ठा हो । किन यस्तो जाहेरी दिइन् म जान्दिन भन्नेसमेत व्यहोराको प्रतिवादी साङ्केतिक नाम अमिरले यस अदालतमा गरेको सरस्वती लिम्बू, जाहेवाला साङ्केतिक नाम सपनाले गरेको बकपत्र मिसिल सामेल रहेको ।

अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट रहनु भएका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता निर्मला योङ्गया र प्रतिवादीको तर्फबाट अधिवक्ता श्री मदन पन्तले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादी साङ्केतिक नाम अमिरले अभियोग मागदाबीबमोजिमको कसूर गरेको हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न प्रमाणको आधारमा उपर्युक्त प्रश्नतर्फ विचार गर्दा प्रतिवादी साङ्केतिक नाम अमिरलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं.को कसूरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । वादी पक्षबाट अभियोग दाबी प्रमाणित हुने प्रमाणको रुपमा जाहेरवालाको जाहेरी, प्रतिवादीहरूले अनुसन्धानको सिलसिलामा गरेको बयानलाई लिएको देखिन्छ । जाहेरवालाको जाहेरी हेर्दा मेरो छोरी १ वर्ष ११ महिनाकीलाई कोक्रोमा सुताई आमाजुको घरमा गई १ घण्टापछि घर आउँदा मेरो छोरी रोइरहेको देखी के भयो भनी सोध्दा निजले जामा उचाल्दै आफ्नो गुप्ताङ्ग देखाउन थाली, हेर्दा गुप्ताङ्ग चिल्लो तेल लगाएको जस्तो देखिएको रगडिएर रातो जस्तो देखिएको र पीडितले औलाले खाँटमुनि देखाई प्रतिवादीलाई घटनास्थलमा नै भेटी निजलाई बाहिर निकाली निजको लिङ्गमा पनि तेल लगाएको देखिएकोले हल्ला गरी मानिसहरू जम्मा भई सोधपुछ गर्दा निजले कसूर गरेको स्वीकार गरेकाले कानूनबमोजिम गरिपाऊँ भन्ने व्यहोराको जाहेरी

परेको देखिन्छ । प्रतिवादीले अनुसन्धानमा बयान गर्दा आफुले कोक्रोमा सुताएको जाहेरवालाको छोरीलाई तल झारी लिङ्गमा तेल लगाई करणी गरेको हो भनी बकपत्र गरेको देखिन्छ भने अदालतमा बयान गर्दा भने अभियोग दाबीबमोजिमको कसूर गरेमा इन्कार भई बयान गरेको देखिन्छ । जाहेरवालाले अदालतमा छोरीको गुप्ताङ्ग सुन्निएको र तेल लगाएको भेटिएको र प्रतिवादीले पनि तत्कालै आफ्नो लिङ्गमा तेल लगाई करणी गरेको स्वीकारेको हुँदा छोरीलाई प्रतिवादीले करणी गरेको हुन् भनी बकपत्र गरेको देखिन्छ । पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको पुष्टि नभए पनि प्रतिवादीले अनुसन्धानमा जवरजस्ती करणी गरेको कुरालाई स्वीकार गरेको, जाहेरवालीले अदालतमा आएर जाहेरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेकोसमेतका प्रमाणबाट साङ्केतिक नाम अमिर भएका प्रतिवादीले जाहेरीवालीको छोरीलाई जवरजस्ती करणीको उद्योगको कसूरसम्म गरेको मिसिल संलग्न प्रमाणबाट स्पष्ट भएको देखिएबाट बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ३ महिना कैद हुने ठहर्छ र तर प्रतिवादीको उमेर अवस्थालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम प्रतिवादीलाई भएको सजाय हाल भोग्न नपर्ने गरी स्थगन हुने ठहर्छ । सो ठहर्नाले अरु तपसिलमा लेखिएबमोजिम हुने गरी अ.ब. १८६ बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी साङ्केतिक नाम अमिरले जवरजस्ती करणीको उद्योगको कसूरसम्म गरेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ३ महिना कैद हुने ठहर्छ र तर प्रतिवादीको उमेर अवस्थालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम प्रतिवादी साङ्केतिक नाम अमिरलाई भएको सजाय हाल भाग्न नपर्ने गरी स्थगन हुने ठहरेकाले हाललाई केही गरिरहनु परेन १

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी प्रतिवादी तथा सोही व्यहोराका फैसलाको प्रतिलिपिसहितको ७० दिने पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, मोरङलाई दिनु २

सरोकारवालाले फैसलाको नक्कल माग गरेमा नियमअनुसार सारी सराई दिनु ३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा संरक्षण फाँटमा बुझाई दिनु ४

यो फैसला जि.न्या.ज्यूले टिपाएअनुसार तयार गर्ने ना.सु.गोपाल आचार्य ।
कम्प्युटर सेटिङ गर्ने रश्मी श्रेष्ठ ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् .....।

ललितपुर जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री टेकनारायण कुँवर

फैसला

२०७१/४/८ को स.फौ.नं. ०७१-CR-०००४

नि.नं. ११०

वादी नाम, थर, वतन

बारा जिल्ला, बचनपुरुवा गा.वि.स., वडा नं.४ घर भई हाल ललितपुर जिल्ला, धोवीघाट बस्नेको लालबाबु चौधरीको जाहेरीले नेपाल सरकमर १

प्रतिवादीको नाम, थर, वतन

बारा जिल्ला, गञ्जभवानीपुर गा.वि.स., वडा नं ६ घर भई हाल ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १३ थसिखेल बस्ने नैमुदिन आलमको छोरा, वर्ष १७ को रियाज आलम भनी अभियोगपत्र दायर भएकोमा १६ वर्ष ६ महिना उमेर देखिएको .१

ऐ. को प्रमाण कागज

साक्षीः जाहेरवाला लालबाबु चौधरी, रीता कार्की,
जोगिन्द्र चौधरी, अजय चौधरी ।
कागजः ×

ऐ. को प्रमाण कागज

साक्षीः महवुद आलम अन्सारी
कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

मुद्दाः साधारण चोरी ।

दायरी मितिः २०७१/४/८

फैसला मितिः २०७१/८/१७/४

तथ्य खण्ड

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालत बन्दोबस्तको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुदाको विवरण यस प्रकार छः

मुद्दाको संक्षिप्त तथ्य

१. मिति २०७१/३/२६ गतेका दिन रात अन्दाजी २०:०० बजेको समयमा ललितपुर जिल्ला, थसीखेल १४ स्थित मेरो आफूनै मोटरसाइकल ग्यारेजभित्रबाट ९८०८५५६५३२ नम्बरको सिमकार्डसहित सामसुङ ग्यालक्सी ग्रान्ड न्यू मोवाइल अपरिचित व्यक्तिले चोरी गरी लगेको हुँदा आवश्यक अनुसन्धान गरी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको लालबाबु चौधरीको मिति २०७१/३/२७ को हुलिया निवेदन ।

२. जिल्ला ललितपुर, उपमहानगरपालिका, वडा नं. १४ थसिखेलस्थित पूर्वमा कवाडी पसलको टहरा, पश्चिममा गाडी वर्कसप पसल, उत्तरमा पक्की घर, दक्षिणमा रिङरोड । यति चारकिल्लाभित्र लालबाबु वर्कसप पसलमा रहेको टेबुलमाथिबाट रु. २७,०००/- पर्ने सामसुङ मोवाइल चोरी भएको भन्नेसमेत व्यहोराको मिति २०७१/३/२६ को घटनास्थल मुचुल्का ।

३. मिति २०७१/३/२६ गते म मोटरसाइकल वर्कसपमा बसी Samsung GT-19060 मोडेलको IMEI NO-359444051567664 भएको मोवाइल र 9808556532 नम्बरको सिमकार्डसमेत वर्कसपको टेबुलमाथि राखेको अवस्थामा लोडसेडिङ भएको कारण बत्ति गएको थियो । सोही क्रममा मैले राखेको ठाउँमा मोवाइल नभएपछि खोजतलासको लागि प्रहरीलाई हुलिया निवेदन दिएकोमा पछि प्रहरीले खोजतलासको क्रममा मोवाइलसहित प्रतिवादी रियाज आलमलाई समेत पक्राउ गरेको खबर प्राप्त भएपश्चात् तत्काल प्रहरी आई हेर्दा मेरो चोरी भएको मोवाइल हेरी देखी चिनी मैले सनाखत कागज गरी दिएँ । निज प्रतिवादी रियाज आलमले चोरी गरी लगेको मोवाइल फिर्ता दिलाई निजलाई कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको लालबाबु चौधरीको मिति २०७१/३/२९ को जाहेरी दरखास्त ।

४. ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. ५ स्थित पूर्वमा खाली जग्गा रहेको, पश्चिममा विनोद ढुङ्गानाको पक्की भवन, उत्तरमा पुरुषोत्तम ढुङ्गानाको पक्कि घर, दक्षिणमा महालक्ष्मीस्थान तथा एकान्तकुनातर्फ जाने चक्रपथ रिङगरोड रहेको । यति चारकिल्लाभित्र दक्षिण मोहडा भएको दुई तले शंकर ढुङ्गानाको पक्की घर रहेको । सोही घरको मुल ढोका प्रवेश गरी हेर्दा भुई तल्लामा किचेनसहितको चार वटा कोठाहरूमध्ये उत्तर पूर्वको कोठा बन्द अवस्थामा रहेको । उक्त बन्द कोठा खोली भित्र प्रवेश गरी हेर्दा निज रियाज आलम अन्सारीले प्रयोग गर्दै आएको विस्तारासहितको एउटा खाँट रहेको र सो खाँटमाथि भित्तामा झुन्डाई राखेको झोला रीतपूर्वक खानतलासी गर्दा एन.सेल ९८०८५५६५३२ नम्बरको सिमकार्डसहित Samsung Galaxy grand new mobile सहित फेला पारेको भन्ने मिति २०७१/३/२९ को खानतलासी एवं वरामदी मुचुल्का ।

५. मिति २०७१/३/२६ गतेका दिन राती अन्दाजी २०:०० बजेको समयमा ललितपुर जिल्ला, थसिखेल १४ स्थित मेरो जाहेरवालाले सञ्चालन गरेको मोटरसाइकल ग्यारेजभित्रबाट सिमकार्डसहित

रु. २७,०००/- (सत्ताइस हजार) पर्ने Samsung Galaxy grand new mobile चोरी भएको र खोजतलासको क्रममा मिति २०७१/३/२९ गतेका दिन प्रतिवादी रियाज आलमको डेरा कोठाबाट जाहेरवालाको सिमकार्ड र मोवाइलसमेत वरामद गरी ल्याएको हुँदा निज प्रतिवादी रियाज आलमलाई कानूनबमोजिम कारवाही गरी चोरी गरी लगेको मोवाइल फिर्ता दिलाई दिनु पर्छ भन्नेसमेत व्यहोराको एकै मिलानको बुझिएका घटनास्थल आसपासका मानिसहरूले मिति २०७१/४/६ गते खुलाई लेखाई दिएको घटना विवरणको कागज ।

६. यस मुद्दाका प्रतिवादी रियाज आलमले मिति २०७१/३/२६ गतेका दिन ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ थसिखेलस्थित मेरो वर्कसपबाट चोरी गरी लगेपछि निज प्रतिवादीबाट प्रहरीले वरामद गरी आएको Samsung company को G- Ground neo-19060 मोडलको मोवाइल र सिमकार्ड देखाउँदा देखी चिनी हेरी सनाखत गरी दिएँ, नियमअनुसार मेरो सामान फिर्ता दिलाई पाऊँ भन्नेसमेत व्यहोराको जाहेरवाला लालबाबु चौधरीको मिति २०७१/४/६ को सनाखत कागज ।

७. मिति २०७१/३/२९ गतेका दिन वरामद भई आएको Samsung Mobile को मूल्य सम्बन्धमा बुझ्दा हाल उक्त मोवाइलको बजार भाउ रु. २४,०००/- पर्ने भन्नेसमेत व्यहोरा मिति २०७१/४/७ को मूल्य मुचुल्का ।

(ख) प्रतिवादीले मौकामा गरेको बयानः

८. हाल म आजभन्दा डेढ वर्ष अगाडिदेखि ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा., वडा नं. १४ थसिखेलस्थित आलम शेखले सञ्चालन गरेको मुना अटो इलेक्ट्रोनिक्समा गाडी बनाउनेसम्बन्धीमा काम सिक्दै आइरहेको छु । सोही वर्कसपसँगै टासिएको कोठामा जाहेरवाला लालबाबु चौधरीले मोटरसाइकल वर्कसप सञ्चालन गरी आइरहेका थिए । सोही क्रममा मिति २०७१/३/२६ गतेका दिन म आफुले काम गर्ने वर्कसपमा काम गरिरहेको थिए । सोही दिन २०:१५ बजेतिर जाहेरवाला लालबाबु चौधरीले सञ्चालन गरेको मोटरसाइकल वर्कसपतिर हेर्दा काउण्टरको टेबुल तल Samsung mobile झरेको अवस्थामा देखी पसलमा हेर्दा कोही नभएकोले सो मोवाइल मैले उठाई आफु सुत्ने कोठामा लगी भित्तामा रहेको झोलामा मोवाइल स्विचअफ गरी राखी दिएको अवस्था मिति २०७१/३/२९ गतेका दिन दिउसो मलाई पक्राउ गरी मोवाइलको बारेमा सोधपुछ गर्दा मैले मेरो कोठामा रहेको झोलामा राखेको छु भनेपश्चात् प्रहरी रीतपूर्वक मेरो रोहवरमा Samsung mobile र सिमकार्डसहित वरामद गरी मलाईसमेत पक्राउ गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी रियाज आलमले मिति २०७१/४/४ मा अनुसन्धानको क्रममा गरेको बयान ।

(ग) अभियोग मागदाबी

९. अनुसन्धान तहकिकातको सिलसिलामा उठान भई आएको मिसिल संलग्न कागजातहरू हुलिया निवेदन, जाहेरी दरखास्त, खानतलासी एवं वरामदी कागज प्रतिवादीहरूको बयान कागज, घटना

विवरण कागज र सनाखत कागजसमेतका आधार प्रमाणबाट प्रतिवादी रियाज आलमले गरेको कार्य मुलुकी ऐन, चोरी महल १ नं. परिभाषित कसूर अपराध सोही महलको १२ नं. बमोजिम सजाय हुन र वरामद दशीको सामान जाहेरवालालाई सोही महलको २१ नं. बमोजिम फिर्ता दिलाई पाऊँ भन्नेसमेत व्यहोराको मिति २०७१/४/८ गतेको अभियोगपत्र ।

(घ) प्रतिवादीको अदालतमा भएको बयानः

१०. जाहेरवालाको गाडी वाइरिङ गर्न पसलमा रही काम गर भनी जाहेरवालाले पटकपटक मलाई भनेकोमा नमानी अस्गर अलीको पसलमा रही काम गरेको हुँदा रिसले झुठ्ठा वारदात खडा गरी फसाउने नियतले आरोप लगाएको हो । प्रहरीले जाहेरवालासँग मिली मागेर साथमा ल्याई मेरो कोठाबाट वरामद भएको भनी मुचुल्का खडा गरेको हो । मेरो कोठाबाट मुचुल्कामा लेखिएअनुसार वरामद भएको होइन, छैन । प्रहरीहरूले सहि गर नत्र ठीक हुने छैन भनी धम्क्याएकोले डराई सहि गरेको हुँ । किन त्यसरी लेखाई दिए थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी रियाज आलमले मिति २०७१/४/९ गते अदालतसमक्ष गरेको बयान ।

११. पछि प्रमाण बुझ्दै जादा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी रियाज आलमबाट रु. २४,९००/- धरौटी नगद वा सोबापतको जेथा जमानत दिए लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु, धरौटी दिन सके कानूनबमोजिमको सिधा पाउने गरी अ.ब. १२१ नं. अनुसार थुनुवा पूर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय, ललितपुर पठाउने गरी मुलुकी ऐन, अ.ब. १२४ (ग) बमोजिम मिति २०७१/४/९ गतेको आदेशअनुसार सोहि दिन र.न. १६८४ बाट रु. २४,९००/- धरौटी राखी तारेखमा रहेको ।

(ङ) बुझिएको साक्षी प्रमाणहरूः

१२. मेरो मोवाइल प्रतिवादी रियाज आलमबाट प्रहरीले वरामद गरेको हो । मेरो पसलमा काम गर्न नआएका कारण फसाउनको निमित्त उजूरी दिएको होइन भन्नेसमेत व्यहोराको जाहेरवाला लालबाबु चौधरीले मिति २०७१/४/२७ गते अदालतसमक्ष गरेको बकपत्र ।

१३. जाहेरवालाले प्रतिवादी रियाज आलमलाई आफ्नो पसलमा काम गर्न आउँ भनी बोलाउँदा प्रतिवादी नआएपछि फसाउनको लागि झुठ्ठा जाहेरी दिएका हुन् । नाबालकलाई श्रम शोषण गर्न खोजिएको थियो । श्रम शोषण गर्न नपाएपछि दुःख दिनका लागि चोरी मुद्दा लगाएका हुन् । रियाजले चोरी गरेको होइन । निजले सफाई पाउनु पर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी महबुब आलम अन्सारीले मिति २०७१/४/२७ गते अदालतसमक्ष गरेको बकपत्र ।

१४. रियाज र म नजिक नजिक पसलमा काम गर्दथ्यौं । बेलाबेला उ रेन्चु लिन भनी हाम्रो पसलमा आउने गर्दथ्यो । म पनि उसको पसल जाने गर्दथे । मोवाइल पसलभित्र चार्जमा राखेको थियो । बत्ति

गएपछि झिक्न खोज्दा मोवाइल थिएन । जाहेरवालाले प्रहरीमा उजूरी दिएका हुन् । रिजाय के कुरा गर्दैछन् भनी चियोचर्चा गर्न थाले । मुख रातो पारेकोले प्रहरीले रियाजलाई पक्राउ गरी लगेको हो । मोवाइल चोरको मैले देखेको होइन । रियाजबाट मोवाइल वरामद भएको हो भन्नेसमेत व्यहोराको बुझिएका मानिसहरू अजय चौधरी र रीता कार्कीले मिति २०७१/४/२७ गते अदालतसमक्ष गरेको एकै मिलानको बकपत्र ।

१५. मेरो मोटरसाइकल वर्कसपभित्र टेबलमा चार्ज गरी राखेको अवस्थामा मिति २०७१/४/२६ गते बेलुका ८:०० बजे G.T. 19070 मोडलको मोवाइल थान एक चोरी भई जाहेरी दिई प्रतिवादी रियाज आलमको साथबाट वरामद भई दाखिल हुन आएको मोवाइल मेरो हुँदा फिर्ता पाऊँ भन्नेसमेत व्यहोराको जाहेरवाला लालबाबु चौधरीले मिति २०७१/४/२८ गते अदालतसमक्ष गरेको सनाखत बकपत्र ।

१६. मैले प्रतिवादीलाई राम्रोसँग चिनेको छैन । निजले मोवाइल लगेको मैले देखेको होइन । लालबाबुले उजूरी दिएपछि मुद्दा चलेकोले थाहा पाएको हो भन्नेसमेत व्यहोराको बुझिएका जोगिन्द्र चौधरीले मिति २०७१/४/२७ गते अदालतसमक्ष गरेका बकपत्र ।

<u>सम्वद्ध कानून</u>

१७. मुलुकी ऐन, चोरीको महल १, १२ र २१ नं. समेत ।

<u>ठहर खण्ड</u>

१८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा बा इजलाससमक्ष पेश हुन आएको प्रस्तुत चोरी मुद्दामा मुद्दाको सुनुवाइको सिलसिलामा विपक्षी प्रतिवादी खण्डमा उल्लेखित नाबालकको तर्फबाट विद्धान अधिवक्ता श्री पवनकुमार जैसवालले प्रतिवादीलाई कानूनी दायित्व नरहने हुँदा सफाई पाउनु पर्छ भनी बहस गर्नु भयो । कानूनको द्धन्दमा परेको निज प्रतिवादी रियाज आलमको उपरमा मुलुकी ऐन, चोरीको महलको १ र १२ नं. को कसूरमा सजाय गरिपाऊँ भनी आरोपपत्र दायर भएको देखिन्छ । यस आरोपपत्रअनुसार कानूनको द्धन्दमा परेका नाबालकले उक्त चोरीको महलको १ र १२ नं. विपरीतको कार्य गरेका हुन् होइनन् र सो कार्य गरेकोमा निजलाई सजाय हुनु पर्ने हो, होइन ? साथै प्रतिवादी नाबालक हुन् होइनन् भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

१९. अब मिसिल संलग्न प्रमाण र मुद्दाको तथ्य एवं कानूनको आधारमा निर्णयतर्फ विचार गर्दा निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष साबित बयान गरेको र यस अदालतमा आरोपित कसूरमा इन्कार गरी बयान गरेको देखिन्छ । जाहेरवालाले दिएको जाहेरीअनुसार यी प्रतिवादीले आफ्नो ब्राण्ड न्यू सामसुङ ग्यालेक्सी मोवाइल सेट हराएकोले चोर पत्ता लगाई पक्की कारवाही गरिपाऊँ भनी हुलिया जाहेरी दर्ता गराएको देखिन्छ । त्यसपछि आफुले ल.पु.उ.म.न.पा १४ थसिखेलस्थित आफ्नो

मोटरसाइकल वर्कसपमा टेबुलमाथि उक्त मोवाइल सेट राखेकोमा चोर पत्ता लगाई कारवाही गर्न प्रहरीमा उजूर गरेपछि प्रहरीले खोजतलास गरी उक्त प्रतिवादीलाई पक्राउ गरी मलाई खबर गरेकोले निजलाई देखी चिनी कानूनबमोजिम कारवाही हुन यो जाहेरी दिएको छु भनी किटानी जाहेरी दिएको पाइन्छ ।

२०. जाहेरवालाको चोरी भएको मोवाइल निज प्रतिवादीको सुत्ने कोठामा झुन्ड्याई राखेको ब्यागबाट वरामद भएको अवस्था छ । जाहेरवालाले अदालतमा बकपत्र गर्दा यी प्रतिवादी आफ्नो वर्कसप नजिकै अर्को वर्कसपमा काम गर्ने व्यक्ति भएको र मेरो मोवाइल निजले चोरी गरेको हो भनी बकपत्र गरेको पाइन्छ ।

२१. प्रतिवादीका साक्षी महबुब आलमले निजको उमेर १५ वर्ष ६ महिना भएको र जाहेरवालाले आफ्नो वर्कसपमा नआएको कारणबाट फसाउन जाहेरी दिएको हो भनी बकपत्र गरे तापनि सो बकपत्रको सत्यता प्रमाणित हुने आधार खुल्न आउँदैन । घटनास्थल मुचुल्काका अजय चौधरीले बत्ति गएको अवस्थामा मोबाइल हराएको र जाहेरवालाले प्रहरीमा उजूरी दिएपछि रियाज आलमकै कोठाबाट मोवाइल वरामद भएकोले निजैले चोरेको हो भनी बकपत्र गरेको पाइन्छ । मौकामा बुझिएका रिता कार्कीले पनि रियाज आलम जाहेरवालाको नजिकै काम गर्ने भएको र निजैबाट मोवाइल वरामद भएपछि चोरी पनि उनैले गरेको हो भनी बकपत्र गरेको स्थिति छ ।

२२. वरामद मुचुलकाको सम्बन्धमा प्रतिवादीले अदालतमा बयान गर्दा मेरो कोठाबाट वरामद भएको होइन । प्रहरीले जाहेरवालासँग मिली मागेर साथमा ल्याई मेरो कोठाबाट वरामद भएको भनी मुचुल्का खडा गरेको हो भनी उल्लेख गरे तापनि सो भनाईको सत्यता पुष्टि गर्न प्रमाण गुजार्न सकेको पाइदैन । त्यस्तै अनुसन्धान अधिकारीसमक्ष आरोपित कसूरमा साबित रही बयान गरेकोले निजको सो बयान प्रमाण ऐन, २०३१ को दफा ९ अन्तर्गत व्यवस्थित कानूनी प्रावधानअनुसार निजको विरुद्धमा प्रमाणमा लिन मिल्ने नै देखिन्छ ।

२३. यस प्रकार निज प्रतिवादीलाई जाहेरवालाले फसाउनु पर्ने र प्रहरीले त्यसमा साथ दिनु पर्ने कुनै अपरिहार्य आवस्यकता र कारण नदेखिएको अवस्थामा प्रतिवादी रहेका नाबालकको अप्रमाणित भनाईलाई सहि सत्य मान्न सकिएन । ग्यालक्सी मोवाइल सेट प्रयोगकर्ता जाहेरवालाले निज प्रतिवादीलाई फसाउनकै लागि आफ्नो इलोक्ट्रोनिक साधन दाउमा राखी निजको डेरा कोठामा लगी वरामद गराएको बहाना गर्नु पर्ने कुनै आधारभूत कारण नरहेको स्थितिमा माथि उल्लिखित हुलिया तथा किटानी जाहेरी, वरामद मुचुल्का, मौकामा बुझिएका मानिसहरूको भनाई र बकपत्र, जाहेरवालाको बकपत्रसमेतका प्रमाणहरूबाट निज प्रतिवादीले मुलुकी ऐन, चोरी महलको १ र १२ नं. को कसूर अपराध गरेको ठहर्छ ।

२४. जहाँसम्म प्रतिवादीले यस अदालतमा बयानको क्रममा आफ्नो उमेर १५ वर्ष ६ महिना भएँ भनी उल्लेख गरेकोमा निज नाबालक हुन् होइनन् भन्नेतर्फ हेर्दा निजको उमेर खुलेको जन्मदर्ताको प्रमाणित प्रतिलिपि हेर्दा मिति २०५९/३/५ मा जारी भएको देखिएको र सो लिखतमा उल्लिखित उमेरअनुसार १६ वर्ष पुगेको अवस्था नदेखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ अनुसार नाबालक नै मान्नु पर्ने देखियो । नाबालकको सर्वोत्तम् हितको सिद्धान्तअनुसार बालबिज्याँई गरेकै प्रमाणित हुँदा पनि नाबालकको रुपमा प्राप्त हुने उन्मुक्ति र कानूनी दायित्वको सम्बन्धमा निजको उमेरअनुसार उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गर्नु पर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा पीडित जाहेरवालाले आफ्नो चोरी धनमाल जस्ताको तस्तै फिर्ता पाउन सक्ने अवस्था देखिएको छ । यस अवस्थामा निज नाबालकउपरको अभियोग दाबी माथि ठहर उल्लेख भएअनुसार नै कायम गरी मुलुकी ऐन, चोरी महल १ र १२ नं. को कसूरमा १ महिना कैद र बिगोबमोजिम जरिवानासमेत हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय हुने ठहर्छ । तर निज नाबालक भएकोले सोही बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम निजलाई हुने सजाय स्थगन र जरिवाना तिर्न नपर्ने गरी यो फैसला गरी दिएको छु ।

तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी रियाज आलमलाई मुलुकी ऐन, चोरी महल १ र १२ नं. को कसूरमा १ महिना कैद र बिगोबमोजिम जरिवानासमेत हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा सजाय हुने तर निज नाबालक भएकोले सोही बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम निजलाई हुने सजाय स्थगन र जरिवाना तिर्न नपर्ने ठहरी फैसला भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम निजलाई केही गर्न परेन १

निज प्रतिवादीले मिति २०७१/४/९ मा र.नं. १६८४ बाट रु. २४९००/- धरौटी राखी हालसम्म तारेखमा बसेको देखिँदा उक्त धरौटी रु. २४,९००/- प्रस्तुत मुद्दा अन्तिम भएपछि फिर्ता माग्न आए कानूनबमोजिम फिर्ता दिनु २

जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरलाई प्रस्तुत फैसलामा चित्त नबुझे पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी ७० दिने पुनरावेदनको म्यादसहित फैसलाको प्रतिलिपि साथै राखी जानकारी पठाई दिनु ३

सरोकारवाला व्यक्तिले मिसिल संलग्न कागज प्रमाणको नक्कल लिन आए नियमअनुसार दिनु ४

प्रस्तुत मुद्दाको लगत कट्टा गर्नु र फैसला अपलोड गरी मिसिल नियमअनुसार अभिलेख शाखामा बुझाई दिनु ५

ना.सु.ः सुवोधसिंह खड्का
कम्प्युटर टाइप गर्नेः मनमोहन थापा ।
मुद्दा फाँट-१
पाना ८ को फैसला ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ महिना १७ गते रोज ४ शुभम् .....।

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.

फैसला

सम्वत् २०६९ सालको ७४-०६९-००५२७/CR-००६९

नि.नं.: १९४

मुद्दाः लागूऔषध (ब्राउनसुगर)।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
वडा प्रहरी कार्यालय, नेपालगञ्ज, बाँकेमा कार्यरत प्र.स.नि. भरत मल्लको प्रतिवेदन जाहेरीले नेपाल सरकार १	जिल्ला सुर्खेत, लाटिकोइली गा.वि.स., वडा नं. ८ बस्ने बालासिंह खड्काको छोरा मानबहादुर खड्का १
प्रमाण	जिल्ला बाँके, नेपालगञ्ज न.पा., वडा नं. १४ बस्ने वालिया खाँ १
प्र.स.नि. भरत मल्ल	
वरामदी मुचुल्काका मानिसहरू	
घटना विवरणका मानिसहरू	प्रमाणः ×
दशी	साक्षीः ×
लागूऔषध नमूना खाम बन्दी थान-१	

अदालतबाट बुझेको

प्रमाण

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

१. जिल्ला बाँके, नेपालगञ्ज न.पा., वार्ड नं. ५ स्थित पूर्वमा सल्यानी बङ्गला जाने बाटो, पश्चिममा घरबारी टोल जानेबाटो, उत्तर दक्षिणमा न्यूरोड । यति चारकिल्लाभित्रमा प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा मानबहादुर खड्काले लगाएको पाइन्टको पछाडिको खल्तीमा लुकाई ल्याएको अवैध १५ पुडियाको तौल गर्दा ५०० मिलि ग्राम लागूऔषध ब्राउनसुगर वरामद भएको भन्ने वरामदी मुचुल्का ।

२. मिति २०६९/५/१२ गतेका दिनमा नेपालगञ्ज न.पा., वार्ड नं. ५ न्यूरोड स्थितमा सवारी साधन तथा शङ्कास्पद रुपमा हिडेका व्यक्तिलाई चेकजाँज गर्दा निज मानबहादुर खड्काले लगाएको पाइन्टको पछाडिको खल्तीबाट १५ पुडिया (५०० मिलि ग्राम) लागूऔषध ब्राउनसुगर फेला परेको हुँदा आवश्यक कारवाही होस् भन्ने व्यहोराको प्र.स.नि. भरत मल्लको प्रतिवेदन ।

३. वरामद सामग्रीमध्येबाट परीक्षण, अदालत र अनुसन्धान अधिकृतका लागि नमूना छुट्याई शिलबन्दी गरी नमूना छुट्याई दियौं भन्ने नमूना छुट्याइएको मुचुल्का ।

४. प्रतिवादीबाट वरामद भएको ब्राउनसुगर परीक्षणको लागि पठाइएको छ, उक्त वरामद सामान ब्राउनसुगर हो वा होइन परीक्षण गरी पठाई दिन भन्ने परीक्षणका लागि पठाएको पत्र ।

५. मैले ७/८ महिनादेखि लागूऔषध ब्राउनसुगर सेवन गर्न सिकेको हुँदा वारदात मिति २०६९/५/१२ गतेका दिन जिल्ला बाँके, नेपालगञ्ज न.पा., वार्ड नं. १४ स्थित बस्ने वालिया भन्ने महिलाले लागूऔषध ब्राउनसुगर बिक्री वितरण गर्छिन भन्ने थाहा पाई म पनि उक्त स्थानमा गई निजबाट रु. १,५००/- मा १५ पुडिया लागूऔषध खरिद गरी आफुले सेवन गर्न र सेवनकर्ता साथीभाइलाई बिक्री गर्ने उद्देश्यले लिई उक्त १५ पुडिया लागूऔषध खल्तीमा राखी न्यूरोड हुँदै गइरहेको अवस्था प्रहरी टोलीले चेकजाँच गर्दा मैले लुकाई ल्याएको १५ पुडिया लागूऔषध प्रहरीले फेला पारी मलाई नियन्त्रणमा लिई उक्त वरामद १५ पुडिया तौल गर्दा ५०० मिलिग्राम लागूऔषध ब्राउनसुगर भएको हो भन्ने प्रतिवादी मानबहादुर खड्काको बयान ।

६. प्रतिवादी मानबहादुर खड्काबाट वरामद भएको लागूऔषध ब्राउनसुगर नमूना परीक्षण गर्दा हेरोइन पाइएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण रिपोर्ट ।

७. मिति २०६९/५/१२ गतेका दिनमा प्रहरी टोलीले चेकजाँच गर्दा मानबहादुर खड्काका साथबाट १५ पुडिया ५०० मिलिग्राम लागूऔषध ब्राउनसुगर फेला परेको हो । निजलाई तत्काल सोधपुछ गर्दा निज प्रतिवादीले आफु सेवन गर्न र सेवनकर्ता साथीभाइलाई बिक्री गर्ने प्रयोजनको लागि ल्याएको हुँ भनी खुलाएको हुँदा कारवाही होस् भन्ने व्यहोराको आशा खड्का, समिर श्रेष्ठ, बरकत खाँ, आरिफ खाँको कागज ।

८. वारदात मितिबाट फरार रहेकी प्रतिवादी वालिया खाँको घर वतनमा गई खोजतलास गर्दा फेला नपरेको भन्ने प्रहरी प्रतिवेदन ।

९. प्रतिवादी मानबहादुर खड्काले वरामद लागूऔषध ब्राउनसुगर वालिया भन्ने महिलाबाट खरिद गरी आफु सेवन गर्न तथा सेवनकर्ता साथीभाइलाई बिक्री गर्न भनी साथमा लिई हिडेको अवस्थामा फेला पारी वरामद भएको पुष्टि भई प्रतिवादी मानबहादुर खड्काले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ), (ङ), (च) र (छ) ले निषेधित कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १४(१) को देहाय छ(१) र (ङ) बमोजिम सजाय हुन र प्रतिवादी वालिया खाँले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ), (ङ) र (च) ले निषेधित कसूर अपराध गरेको हुँदा निजलाई सोही ऐनको दफा १४(१) को छ(१) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

१०. मिति २०६९/५/१२ को वरामदी मुचुल्काको व्यहोरा ठीक साँचो हो । म लागूऔषध सेवनकर्ता हुँ, बिक्री वितरण गर्दिन । मलाई एक पटकको लागि माफी गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी मानबहादुर खड्काले गरेको बयान ।

११. प्रतिवादी लागूऔषध सेवनमा साबित रहेका, घटना विवरण कागजसमेतका प्रमाणहरूबाट यी प्रतिवादी निर्दोष रहेछन् भन्न सक्ने अवस्था विद्यमान नहुँदा पछि ठहरेबमोजिम हुने गरी विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) बमोजिम सिधा खान पाउने गरी थुनामा राख्नु । प्रतिवादीले बयानमा आफ्नो उमेर १५ वर्ष भनी उल्लेख गरेको देखिँदा निजको उमेर सम्बन्धमा बोर्ड गठन गरी आधार र प्रमाण खुलाई उमेर यकीन गरी आएपछि पेश गर्नु भन्नेसमेत व्यहोराको मिति २०६९/६/२९ को आदेश ।

१२. प्रतिवादी वालिया खाँको नाउँमा मिति २०६९/६/२८ गते जारी भएको वारेन्ट र म्याद पूर्जी ।

१३. प्रतिवादी मानबहादुर खड्काको उमेर १५/१६ वर्षको भन्ने व्यहोराको भेरी अञ्चल अस्पताल, नेपालगञ्जको च.नं. ३४० मिति २०६९/९/५ को पत्र ।

१४. प्रतिवादीको उमेर १५/१६ वर्ष भनी उल्लेख भएबाट निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने हुँदा निजलाई तारेखमा उपस्थित गराउने गरी निजको संरक्षकको जिम्मा लगाउने कागज गरी तारेख तोकी नियमानुसार गर्नु भन्नेसमेत व्यहोराको मिति २०६९/११/९ को आदेश ।

१५. प्रतिवादीले यस अदालतको मिति २०६९/१२/११ को तारेख गुजारी बसेका ।

१६. प्रतिवादी वालिया खाँ मिति २०७१/७/१७ गते पक्राउ परेको भन्ने पक्राउ पूर्जी ।

१७. मिति २०६९/५/१२ गते म एक्लौनीमा थिए । मैले लागूऔषध बिक्री वितरण गरेकी होइन । मैले लागूऔषध कारोबार गर्दिन । पहिले खान्थे ४ वर्षदेखि खान छोडेकी छु । यस मुद्दाका सहअभियुक्तको

बयान झुठ्ठा हो । निजले मेरो नाम किन लेखाए मलाई थाहा भएन । मैले अभियोग दाबीबमोजिम कसूर गरेको नहुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी वालिया खाँले अदालतमा गरेको बयान ।

१८. प्रतिवादी वालिया खाँले कसूरमा इन्कार रही बयान गरे तापनि अर्का प्रतिवादी मानबहादुर खड्काले उक्त लागूऔषध निजबाट खरिद गरेको भनी अनुसन्धानका बयानमा लेखाई दिएको देखिँदा हाल यी प्रतिवादी कसूरदार हुन् भन्न सकिने अवस्था विद्यमान देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल यस मुद्दाको पुर्पक्षको लागि यी प्रतिवादीलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) बमोजिम कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राख्नु । प्रतिवादी चुक्ता भइसकेको हुँदा वादी तथा प्रतिवादीका साक्षी बुझी पेश गर्नु भन्ने मिति २०७१/७/२५ को आदेश ।

१९. मिति २०६९/५/१२ को प्रतिवेदन र सोको व्यहोरा ठीक साँचो हो । त्यसमा भएको सहिछाप पनि मेरै हो भन्नेसमेत व्यहोराको प्रतिवेदक प्र.स.नि. भरत मल्लले अ.ब. ११५ नं. बमोजिम अदालतमा गरेको बकपत्र ।

अदालतको ठहर

२०. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता कर्णबहादुर महतले र प्रतिवादी वालिया खाँको तर्फबाट रहनु भएका विद्वान अधिवक्ता चित्रबहादुर शाहीले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

२१. निर्णयतर्फ विचार गर्दा मिति २०६९/५/१२ गतेका दिन प्रतिवादीमध्येका मानबहादुर खड्का ५०० मि. ग्राम लागूऔषध ब्राउनसुगरसहित पक्राउ परेका भन्ने वरामदी मुचुल्का एवं प्रतिवेदक प्र.स.नि. भरत मल्लको प्रतिवेदनसमेतबाट देखिन्छ । वरामद लागूऔषध हेरोइन रहेको भन्ने परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । अनुसन्धानका क्रममा बयान गर्दा आफुले सेवन गर्न र सेवनकर्ता साथीहरूलाई बिक्री गरौलाँ भनी वालिया खाँबाट खरिद गरी लिएको भनी उल्लेख गर्दै यस अदालतमा बयान गर्दा आफुले बिक्री गर्ने नगरेको, सेवनसम्म गर्ने गरेको र वालिया खाँलाई नचिन्ने भनी उल्लेख गरी दिएका छन् । त्यसै गरी प्रतिवेदक प्र.स.नि. भरत मल्लले बकपत्र गर्दा मानबहादुरबाट ५०० मि. ग्राम ब्राउनसुगर वरामद भएको हो भनी उल्लेख गरी दिएबाट प्रतिवादीबाट ५०० मि. ग्राम ब्राउनसुगर वरामद भएको तथ्यमा विवाद नरहेको र सो आफुले सेवन गर्नका लागि लिई आएको भन्ने वरामद परिमाणसमेतबाट पुष्टि हुन आएकोले निज प्रतिवादीले लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) ले निषेधित बिज्याँई गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई ऐ. को दफा १४(१)(ङ) बमोजिम ६ महिना कैद सजाय हुनेमा निजको शारीरिक परीक्षणबाट निज १५/१६ वर्षका भन्ने

देखिई निज १६ वर्ष नपुगेका नाबालक रहेका र निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ आकर्षित हुने हुँदा सोही दफा ११(३) बमोजिम सोको आधा अर्थात् ३(तीन) महिना कैद हुने ठहर्छ ।

२२. अर्का प्रतिवादी वालिया खाँको हकमा हेर्दा, निज यस अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रहेकी छन् । प्रतिवादी मानबहादुरले अनुसन्धानका क्रममा बयान गर्दा वरामद लागूऔषध यी प्रतिवादी वालिया खाँबाट खरिद गरेको भनी उल्लेख गरे पनि अदालतमा आई बयान गर्दा वालिया खाँलाई चिन्दिन भनी उल्लेख गरेका छन् । यी वालियाउपर निज मानबहादुरको अनुसन्धानको पोलबाहेक प्रतिवेदकको प्रतिवेदन, निजले गरेको बकपत्र लगायत घटना विवरणका मानिसहरूको कागजबाट समेत निजलाई पोल गर्न सकेको नदेखिँदा केवल अनुसन्धानका क्रममा सहप्रतिवादीले गरेको पोलका आधारमा मात्र निजलाई कसूरदार मान्न न्यायोचित नदेखिँदा निजउपरको अभियोग दाबी पुग्न सक्तैन । प्रतिवादी वालिया खाँले प्रस्तुत मुद्दाको आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी वालिया खाँले सफाई पाउने र प्रतिवादी मानबहादुर खड्कालाई ३ महिना कैद हुने ठहरेकाले निज मिति २०६९/५/१२ देखि २०६९/११/९ सम्म थुनामा रही तारेखमा छुटी तारेख गुजारी बसेको देखिँदा निजलाई लगेको कैद थुनामा बसी भुक्तान भइसकेको देखिँदा लगत कसी असुल जनाउनु १

यस इन्साफमा चित्त नबुझे स.मु.स. ऐनको दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु भनी प्रतिवादी मानबहादुर खड्कालाई र फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनु २

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ३

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ४

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने
क.अ.: वाङ लामा छुमी
फाँटवाला : ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ १८ गते रोज १ शुभम् .....।

कास्की जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद ओली

फैसला

उपस्थिति

बालमनोविज्ञः श्री कृष्णकुमारी गुरुङ

समाजसेवीः श्री लक्ष्मीदेबी श्रेष्ठ

सम्वत् २०७० सालको बालबिज्याँई

दर्ता नं. २६७/८२ (०७०-CR-००५०)

दर्ता मितिः २०७०/५/१७

निर्णय नंः ३०१

मुद्दाः लागूऔषध नाइट्रोसन ।

वादी	प्रतिवादीको नाम, थर, वतन
वडा प्रहरी कार्यालय, बैदाम कास्कीको पत्र जाहेरीले नेपाल सरकार १	स्याङजा जिल्ला, ढापुक गा.वि.स., वडा नं. ९ बस्ने शुकबहादुर नेपालीको छोरा कास्की ञ १

न्याय प्रशासन ऐन, २०४८ को दफा ७, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) र (४) तथा मुलुकी ऐन, अ.ब. २९ नं. समेतले यस अदालतको बाल इजलासको क्षेत्राधिकारअन्तर्गत पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः

मिति २०७०/३/२७ गते विहान १०:३० बजेको समयमा कास्की जिल्ला, पोखरा-९ पृथ्वीचोकस्थित सडकको पेटीमा शङ्कास्पद रुपमा हिडिरहेका कास्की ञ लाई खानतलासी लिने क्रममा निजको साथबाट लागूऔषध नाइट्रोसन ७९ चक्की फेला पारी वरामद गरी वरामद लागूऔषधसहित निज कास्की ञ लाई पक्राउ गरी आवश्यक कारवाहीका लागि दाखिला गरेको हो भन्नेसमेत व्यहोराको खानतलासी तथा वरामदी मुचल्का र प्रहरी प्रतिवेदनसहितको वडा प्रहरी कार्यालय, बैदाम कास्कीको पत्र ।

मैले जसे भन्ने केटासँग लागूऔषध नाइट्रोसन सेवन गर्न सिकेको हुँ । सुरुसुरुमा निजले मलाई नाइट्रोसन सित्तैमा दिने गर्दथे । पछि निजैसँग प्रति चक्की रु. ५०/- का दरले खरिद गरी सेवन गर्न थाले । यसै क्रममा जसेले भारतको सुनौलीमा लागूऔषध सस्तोमा पाइन्छ भनी बताएपछि सेवन तथा बिक्री गर्ने सोचाई राखी भारतको सुनौलीमा गई प्रति पत्ता (१० चक्की) रु. ८०/- को दरले खरिद गरी पोखरा ल्याई लागूऔषध प्रति पत्ता रु. ३००/- मा जसेलाई नै बिक्री गर्न थाले । मिति २०७०/३/२४ गते भारतका सुनौलीमा गई नाइट्रोसन प्रति पत्ता रु. ८०/- को दरले जम्मा रु. १६००/- मा २० पत्ता खरिद गरी ल्याएको हुँ । उक्त लागूऔषधबाट ३ चक्की म आफै सेवन गरे । ११८ चक्की जम्मा रु. ३५००/- मा जसेलाई मिति २०७०/३/२५ गते बिक्री गरे भने बाँकी रहेको नाइट्रोसन ७९ चक्की बिक्रीको लागि साथमा राखी हिडेको अवस्थामा मिति २०७०/३/२७ गते प्रहरीको पक्राउ परेको हुँ । लागूऔषध बिक्री गरी आएको रुपैयाँबाट केहीले पुनः लागूऔषध खरिद गरे भने बाँकी खाई खर्च गरी मासी सके भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की ञ ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

वरामद भौतिक सबुद परीक्षणको लागि पठाइएकोमा परीक्षणपश्चात् प्राप्त हुन आएको परीक्षण रिपोर्टमा लागूऔषध नाइट्रोसन पठाइएको भन्नेसमेत व्यहोराको परीक्षण रिपोर्ट ।

मिति २०७०/३/२७ गते बिहान १०:३० बजेको समयमा कास्की जिल्ला, पोखरा-९ पृथ्वीचोक स्थितबाट कास्की ञ लाई प्रहरीले लागूऔषध नाइट्रोसन ७९ चक्कीसहित पक्राउ गरी ल्याएको भन्ने थाहा पायौं । साथै निजले विगतदेखि नै लागूऔषध नाइट्रोसन खरिद बिक्री ओसारपसार र सेवन गर्दै आएको भन्नेसमेत थाहा पाएको हौं । निजलाई कानूनबमोजिम हदैसम्मको सजाय होस् भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्कामा बुझिएका मानिसहरूको भनाई लेखाई ।

प्रतिवादी कास्की ञ को हालको उमेर १४ देखि १६ वर्ष रहेको भन्ने व्यहोराको उमेर परीक्षण प्रतिवेदन ।

प्रतिवादी कास्की ञ ले लागूऔषध नाइट्रोसन खरिद बिक्री ओसारपसार सेवनसमेतको कार्य गर्दै आएकोमा मिति २०७०/३/२७ गते पोखरा उ.प.न.पा., वडा नं. ९ पृथ्वीचोकस्थित सडकमा लागूऔषध नाइट्रोसन ८ (उनानअसी ट्यावलेट) सहित पक्राउ परेको तथ्य सप्रमाण पुष्टि हुन आएकोले निज अभियुक्त कास्की ञ लाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ),(ङ),(च) को कसूर अपराधमा ऐ. ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुन मागदाबी लिइएको छ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदाबी ।

मेरो साथबाट ७९ ट्यावलेट नाइट्रोसन चक्की वरामद भएको ठीक हो । उक्त चक्की मैले सेवनको लागि पकेटमा राखेकोमा प्रहरीले वरामद गरेको हो । मैले नाइट्रोसन ट्यावलेट दिनको ३ पटक र १ पटकमा ३ चक्की गरी दिनमा ९ वटा ट्यावलेट सेवन गर्छु । मैले ८० चक्की नाइट्रोसन सेते भन्ने पश्चिमतर्फ चल्ने गाडीको खलासीसँग रु. ८००/- मा पोखराको बसपार्कमा किनेको हुँ । एक चक्की खाई अरु खाने क्रममा

थिएँ । मैले जसे भन्ने व्यक्तिलाई चिनेको छैन । यसलाई नाइट्रोसन चक्की बिक्री वितरण गरेको छैन । भारत गई लागूऔषध खरिद गरेको भन्ने कुरा झुठ्ठा हो । मैले नाइट्रोसन चक्की सेवनमात्र गर्दछु । बिक्री वितरण गर्दिन भन्नेसमेत व्यहोराको प्रतिवादी कास्की ञ ले यस अदातलतमा गरेको बयान ।

यस अदालतका आदेशानुसार प्रतिवादीका साक्षी अनिता भन्ने अमृता बुढाथोकीले बकेको बकपत्र मिसिल सामेल रहेछ ।

यस अदालतका आदेशानुसार प्रतिवादीको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराबाट उमेर जाँच भई आएको साथै समाजसेवी श्री लक्ष्मीदेबी श्रेष्ठ र बालमनोविज्ञ श्री कृष्णकुमारी गुरुङबाट रायसहित प्रतिवेदन पेश भई मिसिल सामेल रहेछ ।

यस अदालतमा मिति २०७०/५/१९ को आदेशानुसार निज प्रतिवादी मुद्दा पुर्पक्षका लागि कारागार कार्यालय, कास्कीमा थुनामा रहेकोमा निज प्रतिवादीको उक्त आदेश बदर गरिपाऊँ भनी अ.ब. १७ बमोजिम पुनरावेदन अदालतमा निवेदन परी श्री पुनरावेदन अदालतबाट मुद्दाको अनुसन्धानको सिलसिलामा भएको, उमेर परीक्षणबाट निजको उमेर १५ देखि १७ वर्ष भन्ने उल्लेख भएको देखिन आएकोसमेतबाट अहिले नै यी प्रतिवादीलाई साबालक भएको मान्नु पर्ने भनी मुद्दा पुर्पक्षको लागि थुनामा राख्ने गरी शुरु कास्की जिल्ला अदालतबाट भएको मिति २०७०/५/१९ को आदेश मिलेको देखिन नआएकोले वदर गरी दिएको छ । निजको उमेर सम्बन्धमा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० बमोजिम निज प्रतिवादीको अभिभावक बुबा वा आमा जिम्मा लगाई पठाई दिनु भन्ने मिति २०७१/६/१७ मा आदेशमै भई उक्त मुद्दामा यस अदालतको मिति २०७१/३/१ को आदेशानुसार यस अदालतमा गठित बाल इजलाससमक्ष पेश भएको र यस अदालतमा मिति २०७१/८/१८ को आदेशानुसार प्रतिवादीको काल्पनिक नाम कास्की ञ कायम भएको रहेछ ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.ब. २९ नं. र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले यस अदालतको अधिकारक्षेत्रभित्र पर्ने र बुझिएसम्मका प्रमाणबाट मुद्दा किनारा गरी दिए हुने भई प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्धान जिल्ला न्यायाधिवक्ता श्री योगनाथ ढकालले गर्नु भएको बहस तथा बालमनोविज्ञ श्री कृष्णकुमारी गुरुङ र समाजसेवी श्री लक्ष्मीदेबी श्रेष्ठले गर्नु भएको छलफलसमेत सुनी मिसिल अध्ययन गर्दा यसमा यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् ? र निजलाई सजाय हुनु पर्ने हो वा होइन सो विषयमा निर्णय दिनु परेको छ ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादी अभियुक्त कास्की ञ ले लागूऔषध नाइट्रोसनको खरिद, बिक्री, ओसार पसार सञ्चय सेवनसमेतको कार्य गर्दै आएको मिति २०७०/३/२७ गते पोखरा-९ पृथ्वीचोकस्थित

सडकमा लागूऔषध नाइट्रोसन ७९ ट्यावलेटसहित पक्राउ गरेको हुँदा निजलाई लागूऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ),(ङ),(च) को कसूरमा ऐ. ऐनको दफा १४(१)(झ) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत अभियोग दाबी ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा मैले लागूऔषध नाइट्रोसन खरिद बिक्रीसमेत गर्छु भनी बयान कागज गरे पनि निजले अदालतमा आई बयान गर्दा मेरो साथबाट ७९ ट्यावलेट नाइट्रोसन चक्की वरामद भएको हो । मैले लागूओषध नाइट्रोसन चक्की सेवन गर्ने हुँदा सो लागूऔषध पश्चिम चल्ने गाडीको खलासीसँग सेवन गर्नको लागि खरिद गरेको हुँ । मैले लागूऔषध नाइट्रोसन खरिद बिक्री गर्दिन भनी बयान गरेको देखिन्छ । प्रतिवादी साक्षी अनिता भन्ने अमृता बि.क.ले यस अदालतमा बकपत्र गर्दा यी प्रतिवादी लागूऔषध खरिद बिक्री गर्ने खालका व्यक्ति होइनन्, सेवन गरेको पनि मलाई थाहा छैन । लागूऔषध खरिद बिक्री र सञ्चय गर्ने भन्ने निजउपरको अभियोग दाबी झुठ्ठा हो भनी बकपत्र गरेकी र मिति २०७०/३/२७ को वरामदी तथा खानतलासी मुचुल्काबाट निज प्रतिवादी कास्की ञ को साथबाट ७९ नाइट्रोसन ट्यावलेट वरामद भएकोसमेत देखिँदा वरामदी मुचुल्का, किटानी प्रतिवेदन, प्रतिवादीको अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानसमेतका आधार प्रमाणबाट यी प्रतिवादीको सँगसाथबाट अभियोगपत्र एवं वरामदी मुचुल्कामा उल्लेख भएअनुसारको लागूऔषधको वरामद भएको देखिन्छ । सो कुरा विवाद देखिन्न । उक्त लागूऔषध सेवनतर्फ प्रतिवादीको साबिती बयान भएको पाइन्छ । अभियोगपत्रमा बिक्री वितरणसमेत गर्ने प्रयोजनको लागि साथमा लिई हिडेको भन्ने दाबी जिकिर भएकोमा को कस्लाई बेच्न हिडेको हो स्पष्ट रुपमा खुलाई देखाउन सकेको पाइन्न । वादी तर्फबाट अभियोग दाबी पुष्टि गर्ने ठोस आधार प्रमाण पेश गर्न सकेको नहुँदा लागूऔषध (नियन्त्रण) ऐन, २०३३ के दफा ४(घ),(ङ) एवं १४(छ) को कसूर वारदात स्थापित हुन सक्ने देखिन्न । सेवनतर्फ प्रतिवादी साबित नै रहे भएको हुँदा दफा ४(छ) को कसूरमा ऐ. दफा १४(१)(ज) बमोजिम सजाय हुनेमा प्रतिवादी नाबालक रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम यी प्रतिवादीलाई दिन १५(पन्ध्र) कैद सजाय हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

प्रतिवादी कास्की ञ के माथि इन्साफ खण्डमा लेखिएबमोजिम लागूऔषध (नियन्त्रण) ऐन, २०३३ के दफा १४(१)(ज) बमोजिम सजाय हुनेमा यी प्रतिवादी नाबालक रहे भएको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम यी प्रतिवादीलाई १५ दिन कैद सजाय हुने ठहरेकाले निज मिति २०७०/३/२७ गतेदेखि प्रहरी हिरासतमा रही यस अदालतको मिति २०७०/५/१९ को आदेशानुसार मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोमा पुनरावेदन अदालतको मिति २०७०/६/१७ गतेको आदेशानुसार निजलाई अभिभावकको जिम्मामा छाडिएको देखिँदा निजलाई लागेको कैद दिन १५ थुनामा बसी भुक्तान भइसकेको देखिँदा सो कैद दिन १५ लगत कसी असुल जनाउनु १

प्रतिवादी कास्की ञ लाई यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गर्नु २

प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि साथै राखी यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, पोखरामा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, कास्कीमा लेखी पठाउनु ...३

नक्कल माग गर्ने सरोकारवालालाई नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालत, पोखरामा पठाई दिने गरी अभिलेख शाखामा बुझाई दिनु ५

फाँटवाला ना.सु. रामप्रसाद न्यौपाने ।
फैसला टिपोट गरी टाइप गराउने डिठ्ठा कमलप्रसाद पौडेल ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ महिना २० गते रोज ३ शुभम्.....।

सुनसरी जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः छत्रमणि न्यौपाने

समाजसेवीः ×

सम्वत् २०७१ को बालबिज्याँई

मुद्दा नं.: २६-०७१-CR-००२६

दर्ता मितिः २०७१/४/१८

निर्णय नं.: ३१२

मुद्दाः जवरजस्ती करणीसम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन

जि. सुनसरी, अमाहीवेला गा.वि.स., वार्ड नं. १ बस्ने परिवर्तित नाम q कुमारीको जाहेरीले नेपाल सरकार १

साक्षी

जाहेरवाली परिवर्तितनाम त्र कुमारी १

घटनास्थल मुचुल्काका मानिसः

गणेशराम चौधरी १

सुन्दरकुमारी चौधरी १

छविलाल चौधरी १

पर्शुराम चौधरी १

प्रतिवादीको नाम, थर, वतन

सुर्जा ऋषिदेवको छोरा, जि. सुनसरी, अमाहीवेला गा.वि.स., वार्ड नं. १ घर भई हाल बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा रहेका परिवर्तित नाम A कुमार १

साक्षी

रसिया ऋषिदेव १

शंकर ऋषिदेव १

कागजः ×

किशोरकुमार चौधरी १
गीता चौधरी १

घटना विवरण कागज गर्ने
सुन्दरदेबी थरुनी १

वस्तुस्थिति मुचुल्काका मानिस
पर्शुराम चौधरी १
छविलालचौधरी १
गीतादेबी चौधरी १

कागज
पीडितको शारीरिक परीक्षण प्रतिवेदन

अदालतबाट बुझेको
साक्षी
जाहेरवाली q कुमारी
घटना विवरणकीः सुन्दरदेबी थरुनी
वस्तुस्थितिकाः पर्शुराम चौधरी
प्रतिवादीका साक्षीः रसिया ऋषिदेव
कागजः पीडितको शारीरिक परीक्षण प्रतिवेदन

कानून व्यवसायी

वादीबाट	प्रतिवादीबाट
स.जि.न्या. श्री विजयकुमार श्रेष्ठ	अधिवक्ता रामबहादुर निरौला क्षेत्री

अवलम्बित नजीर
सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प.२०६९ अङ्क ८, नि.नं. ८८७८)

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम गर्ने निर्देशिका, २०६४ बमोजिम पीडितको नाम परिवर्तन गरी q कुमारी र प्रतिवादीको नाम परिवर्तिन गरी A कुमार कायम गरिएको छ ।

म जाहेरवाली मिति २०७१ साल बैशाख महिनादेखि पढ्न छाडी घरमा आमाबुबालाई घरको काम सघाउँने र गाइवस्तु चराउने काम गर्दै आएको र शारीरिक रुपमा पनि केही कमजोरी भई बोल्नलाई अलिक अकमक गरी बोल्ने गर्छु । सोही क्रममा मिति २०७१/३/२४ गतेका दिन करीव १२:०० बजेको समयमा गाइवस्तु चराउन घरदेखि ८/१० मिनेट जति पैदल दुरी रहेको मोरङ सुगरमिलको जग्गाको क्षेत्रफल धेरै भएकोले केही क्षेत्रफलमा उखु बाली भए पनि धेरै जग्गा बाँझो तथा चौरी रहेको हुँदा चौरी रहेको जग्गामा गाउँका मानिससमेतले गाइवस्तु चराउने गरेकोले सो वारदातको दिन म पनि गाइवस्तु चराई उखुबारीको छेउमा बसी गाइवस्तु हेरिरहेको अवस्थामा परिवर्तित नाम A कुमार पनि गाइवस्तु चराउँदै मेरो छेउमा आई मलाई करणी गर्न दे, मलाई करणी गर्न दिइनस् भने तलाई यही उखुबारीमा मारी फाली दिन्छु भनी डर, त्रास देखाई उखुबारीभित्र लगी मैले नमान्दानमान्दै हातमा तान्दै घिसार्दै भुईमा झ्यारमाथि लडाई मेरो र निजको लुगासमेत खोली ममाथि चढी मेरो संवेदनशील अङ्गसमेत छामछुम गरी निजको उत्तेजित लिङ्ग मेरो योनीमा प्रवेश गराई रगडी वीर्यसमेत योनीभित्र खसाई उठी भागेका हुन् । निज प्रतिवादीले म एक्लै भएको मौका छोपी मलाई जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको पीडित परिवर्तित नाम q कुमारीले दिएको जाहेरी दरखास्त ।

जि. सुनसरी, अमाहिवेला गा.वि.स., वार्ड नं. १ स्थित पूर्वमा मोरङ सुगरमिल, पश्चिममा अमडुवातर्फ जाने बाटो, उत्तरमा इन्सान नर्सरी । यति चारकिल्लाभित्र रहेको मोरङ सुगरमिलको उखुबारी सो उखुबारीको पश्चिमतर्फको अमडुवा जाने बाटोदेखि पूर्वतर्फ रहेको उखुबारीको गराको बीच भागमा घाँस माडिएको, लत्रिएको अवस्थामा रहेको सोही स्थानमा प्रतिवादी परिवर्तित नाम A कुमारले मिति २०७१/३/२४ गते दिनको १२:०० बजेको समयमा जाहेरवाली परिवर्तित नाम q कुमारीलाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

पीडित परिवर्तित नाम q कुमारीको योनीमार्गभित्र चिप्लो श्राव देखिएको प्रयोगशालाको रिपोर्टअनुसार Spermatozoa not seen प्रतिवादी परिवर्तित नाम A कुमारको लिङ्गको बाहिरी भागमा चिप्लो पदार्थ देखिएको भए तापनि वीर्य फेला नपरेको भन्नेसमेत व्यहोराको शारीरिक जाँच प्रतिवेदन ।

मिति २०७१/३/२४ गते दिनको १२:०० बजेतिर गाई गोरु चराउन घरदेखि केही पर रहेको मोरङ सुगरमिलको खाली जग्गा चौरीमा लगी गाई गोरु चराउन थाले । मैले गाइवस्तु चराएको उक्त चौरीमा जाहेरवाली परिवर्तित नाम q कुमारी पनि गाइवस्तु चराउँदै थिइन् । गाउँका अन्य भाइबहिनीहरू केही पर खेल्दै गाइवस्तुहरू चराउँदै थिए । जाहेरवाली एक्लै उखुबारीको छेउमा बसेकी थिइन् । मैले पनि गाई गोरु चौरीमा छाडी जाहेरवाली परिवर्तित नाम q कुमारीको छेउमा गएँ । निजसँग गफ गर्दागर्दै तानी घटनास्थल

उखुबारीमा लगेर झारमाथि सुताएँ । निजले नमान्दानमान्दै पनि निजको र मेरो लुगा खोली निजमाथि चढेर मेरो उत्तेजित लिङ्ग निजको योनीभित्र रगडें र निजको योनीभित्रै वीर्य स्खलन गरी दिएँ । त्यसपश्चात् उठी लुगा लगाएर गाइवस्तु लिई टाढा गएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम A कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

जाहेरवाली परिवर्तित नाम q कुमारी मेरी कान्छी छोरी हुन् । बाल्यकालदेखि नै बौद्धिक अपाङ्गताको रोगी हुन् । छोरी बौद्धिक अपाङ्गता भएका केही समयसम्म विद्यालयमा गई पढिन् भने हाल पढ्न छाडी घरको काम र गाइवस्तु चराउने काम गर्छिन् । यस्तैमा मिति २०७१/३/२४ गतेका दिन १२:०० बजेको समयमा घरदेखि पर रहेको मोरङ सुगरमिलको खाली जग्गा चौरीमा गाई गोरु चराउन भनी पीडित छोरी गइन् । म घरधन्दा गरी करिव १३:०० बजेको समयमा कोदालो लिई खेतको आली खन्न भनी छोरीले गाइवस्तु चराएको चौरीको बाटो हुँदै खेततर्फ जाँदा घटनास्थल नजिक पुग्दा छोरी परिवर्तित नाम q कुमारी रुँदै घटनास्थल उखुबारीको छेउ नजिकबाट घरतर्फ आउँदै गरेको अवस्थामा मैले भेटी किन रोएको भनी सोधें । छोरी रुँदै मलाई परिवर्तित नाम A कुमारले तानी नमान्दानमान्दै पनि उखुबारीमा लगी जवरजस्ती करणी गर्यो भनी बताएकी हुँदा मैले खोई A कुमार भनी सोद्धा निज धेरै पर गइसकेका रहेछन् । त्यसपश्चात् छोरीलाई लिई जवरजस्ती करणी गरेको स्थान उखुबारीमा गई हेर्दा झारपात माडिएको, सोही स्थानमा छोरीलाई जवरजस्ती करणी गरेको भनी बताएकी हुँदा तत्काल प्रहरीलाई खबर गरी जाहेरी दरखास्त दिई निज प्रतिवादीलाई पक्राउ गरेको हो भन्नेसमेत व्यहोराको सुन्दरदेबी थरुनीले गरेको घटना विवरण कागज ।

मोरङ सुगरमिल अमाहिवेलामा विगत केही वर्ष अगाडिदेखि म मजदुरीको काम गर्छु । सो सुगरमिल आसपासमा लगाएको उखुबारीमा काम गर्ने कुल्लीको कामको रेखदेख र उखुसमेत रेखदेख गर्छु । सो सुगरमिलको फर्मको जग्गा धेरै भएकोले आधा जतिमा उखु लगाएको र आधा जतिमा बाँझो रहेकोले खाली रहेको जग्गामा गाउँका गाइवस्तु चराउने गरेको थियो । घटना भएको मिति र समयमा गाइवस्तुले उखु खायोकी भनी रेखदेख गर्दै घटनास्थलतर्फ जाँदै गरेको अवस्थामा घटनास्थल उखुबारीको छेउ नजिक पुग्दा जाहेरवाली परिवर्तित नाम त्र कुमारी र निजकी आमालाई देखी छेउमा जाँदा परिवर्तित नाम A कुमारले मलाई उखुबारीमा लगी जवरजस्ती करणी गर्यो भनी बताएपश्चात् मसमेत उखुबारीको घटनास्थलमा गई हेर्दा झारपात माडिएको थियो । पीडित र घटनास्थलको अवस्था हेर्दा प्रतिवादी परिवर्तित नाम A कुमारले जाहेरवालीलाई जवरजस्ती करणी गर्ने प्रतिवादीउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको पर्शुराम चौधरीसमेतले गरेको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम A कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत र ३(४) नं. अनुसारको कसूर अपराधमा ऐ. ऐन, ऐ. महलको ३(४) नं. बमोजिम सजाय गरी ऐ. ऐनको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाटै मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी ।

जाहेरवाली मभन्दा निकै उमेरकी हुँदा दिदी भनी सम्बोधन गर्छु । मिति २०७१/३/२४ मा म घटनास्थलमा गएको छैन । निजसँग भेट भएकोसमेत छैन, किन मउपर झुठ्ठा मुद्दाको जाहेरी दिए थाहा भएन । अनुसन्धानको बयान मैले भनेर लेखाएको होइन । मैले जवरजस्ती करणी गरेको होइन । जाहेरवाली शारीरिक रुपमा स्वस्थ्य छिन, बोल्नमात्र अलि भकभकाउँछिन, मैले कसूर नगरेकाले सजाय हुने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी A कुमार (परिवर्तित नाम) ले गरेको बयान ।

मिति २०७१/४/१९ को आदेशानुसार निज प्रतिवादी हालसम्म बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा रहेको रहेछन् ।

मिति २०७१/३/२४ गते दिउँसो प्रतिवादीले गाई चराउन गएका बेला मलाई पक्रेर उखुबारीमा लगी जवरजस्ती करणी गरेका थिए, जन्मदेखि अपाङ्ग रहेकी छु भन्नेसमेतको परिवर्तित नाम q कुमारीले संरक्षक आमाको रोहवरमा गरेको बकपत्र ।

प्रतिवादीले छोरीलाई जवरजस्ती करणी गरेको कुरा निज छोरीले भन्दा थाहा भएको भन्ने घटना विवरण कागज गर्ने सुन्दरदेबी थरुनीले गरेको बकपत्र ।

प्रतिवादीले पीडितलाई उखुबारीमा जवरजस्ती करणी गरी पीडित कराउँदै घटनाबारे सबै कुरा थाहा भएको हो भन्नेसमेतको वस्तुस्थिति मुचुल्कामा बस्ने छविलाल चौधरीले गरेको बकपत्र ।

प्रतिवादीले मिति २०७१/३/२४ गते १:०० बजेको समयमा मोरङ सुगरमिलको उखुबारीमा गाइवस्तु चराउने क्रममा जाहेरवाली परिवर्तित नाम q कुमारीलाई जवरजस्ती करणी गरेका हुन् भन्ने व्यहोराको वस्तुस्थिति मुचुल्काका कागज गर्ने मानिस पर्शुराम चौधरीले गरेको बकपत्र ।

प्रतिवादी नाबालक हुन्, शारीरिक रुपमा पनि कमजोर छन्, प्रतिवादीले जाहेरवालीलाई जवरजस्ती करणी गरेको होइन भन्ने व्यहोराको प्रतिवादीका साक्षी रसिया ऋषिदेवले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री बिजयकुमार श्रेष्ठ तथा प्रतिवादीको तर्फबाट विद्वान अधिवक्ता श्री रामबहादुर निरौला क्षेत्रीले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

प्रतिवादी परिवर्तित नाम A कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत र ३(४) नं. अनुसारको कसूर अपराधमा ऐ. ऐन, ऐ. महलको ३(४) र ३क नं. बमोजिम सजाय गरी ऐ. ऐनको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाटै मनासिब क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ ।

मिति २०७१/३/२४ गतेका दिन करिव १२:०० बजेको समयमा घरभन्दा ८/१० मिनेटको पैदल दुरीमा रहेको मोरङ सुगरमिलको जग्गाको क्षेत्रफलभित्र रहेको उखुबारी छेउ बाँझो चौरमा गाइवस्तु हेरिरहेका अवस्थामा परिवर्तित नाम A कुमार छेउमा आई करणी गर्न नदिए मारी फाली दिन्छु भनी डर, त्रास देखाई उखुबारीभित्र लगी भुईमा झारमाथि लडाई लुगा खोली जवरजस्ती करणी गरेको भन्ने पीडित परिवर्तित नाम q कुमारीको किटानी जाहेरी देखिन्छ ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मिति समयमा आफु पनि घटनास्थल नजिक गाई, गोरु चराउन गएको, गाउँका अन्य भाइबहिनीहरू केही पर खेल्दै गाइवस्तुहरू चराउँदै रहेका, उखुबारी छेउ एक्लै बसेको देखी निज छेउ गई तानी उखुबारीमा लगी नमान्दानमान्दै झारमाथि करणी गरेपछि गाईवस्तु लिई टाढा गएको हो भन्नेसमेत व्यहोराको बयान गरेको देखिन्छ ।

घटना भएको भनिएको दिनमा शारीरिक परीक्षण हुँदा परिवर्तित नाम q कुमारीको योनीमार्गभित्र तथा परिवर्तित नाम A कुमारको लिङ्गको बाहिरी भागमा चिप्लो पदार्थ देखिएको भन्ने उल्लेख भएको रहेछ ।

बौद्धिक अपाङ्गता भएकी विद्यालय जान छोडी गाइवस्तु चराउने काम गर्ने छोरी मिति २०७१/३/२४ मा घटनास्थलमा गाई, गोरु चलाउन गएकी, करिव १:०० बजेतिर आफु घटनास्थलमा नजिक पुग्दा उखुबारी छेउबाट छोरी रुँदै घरतर्फ आउँदै गरेको भेटी सोध्दा परिवर्तित नाम नाम A कुमारले तानी नमान्दानमान्दै उखुबारीमा लगी जवरजस्ती करणी गरेको भनी बताएकी र घटनास्थलमा गई हेर्दा झारपात माडिएकोसमेत देखी तत्काल प्रहरीलाई खबर गरी जाहेरी दिएको भन्ने पीडितकी आमाको घटना विवरण कागज व्यहोरा देखिन्छ ।

वस्तुस्थिति मुचुल्काका पर्शुराम चौधरी र छविलाल चौधरीले पीडित र निजकी आमालाई घटनास्थल छेउमा देखी जाँदा परिवर्तित नाम A कुमारले पीडितलाई जवरजस्ती करणी गरेको बताएपश्चात् उखुबारीमा गई हेर्दा झारपात माडिएको देखिएको भन्ने मुचुल्कामा व्यहोरा लेखाएको पाइन्छ ।

उखुबारीको गराको बीच भागमा उखुको टालामा वरिपरि रहेको ५.३ फिट लम्बाई, ३ फिट चौडाई भएको क्षेत्रफल सम्मको झार घाँस माडिएको, लत्रिएको अवस्थामा रहेको भन्ने मिति २०७१/३/२४ कै घटनास्थल मुचुल्का भएको देखिन्छ ।

परिवर्तित नाम A कुमारले अदालतसमक्ष घटना, मिति, समयमा आफु घटनास्थलमा नगएको, जाहेरीबारे आफु अनभिज्ञ रहेको, घटनास्थल मुचुल्कासमेत झुठ्ठा रहेको, अधिकारप्राप्त अधिकारीसमक्षको बयान आफुले भनेर नलेखी प्रहरीद्वारा आफुखुशी लेखिएकोमा सहिछाप गराएको, पीडितलाई जवरजस्ती करणी नगरेको तथा घटना विवरण कागज गर्नेको व्यहोरासमेत गलत रहेको भनी नाम q कुमारी शारीरिक रुपमा स्वस्थ्य भई बोल्नमा अलिक भकभक गर्छिन भनी कसूरमा पूर्ण इन्कार रहेको पाइन्छ ।

जाहेरवालासमेत रहेकी पीडितले अदालतसमक्ष उपस्थित भई परिवर्तित नाम A कुमारले मिति २०७१/३/२४ मा दिउँसो गाई चराउन गएको बेला मलाई पक्रेर उखुबारीमा लगी जवरजस्ती करणी गरेकाले आफुले जाहेरी दिएको हो । जाहेरीमा लागेको सहिछापसमेत आफ्नो भएको तथा कसूर हुँदा आफु बच्न खोजेको घटना घटेपछि आमा आउनु भएपछि आमालाई घटनाको बारेमा जानकारी गराएको, बौद्धिक अपाङ्ग रहेको भनी जाहेरीको समर्थन गरी प्रतिवादी विरुद्ध किटानी बकपत्र गरेको देखिन्छ ।

घटना विवरण कागज गर्ने पीडितकी आमाले मौकाको कागज व्यहोराको समर्थन गर्दै गाइवस्तु चराउन लगेको समयमा मिति २०७१/३/२४ मा परिवर्तित नाम A कुमारले डर, त्रास देखाई जवरजस्ती करणी गरेको घटनास्थलमा पुगेपछि छोरीले बताएपछि थाहा पाएको, शारीरिक अवस्था कमजोर रहेकी, छोरी अकमकाएर बोल्ने घटना भएको स्थान उखुबारीभित्र रहेको भनी बकपत्र गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्काका पर्शुराम चौधरी तथा छविलाल चौधरीले मौकाको मुचुल्काको व्यहोरा समर्थन गर्दै घटनापश्चात् हल्ला हुँदा घटनाबारे थाहा पाएको र परिवर्तित नाम A कुमारले पीडितलाई जवरजस्ती करणी गरेको भनी बकपत्र गरेको पाइन्छ ।

परिवर्तित नाम A कुमारका साक्षी रसिया ऋषिदेवले पीडित शारीरिक रुपमा तन्दुरुस्त रहेको, अकमकाएर बोल्ने रहेकी, घटनाको दिन परिवर्तित नाम A कुमार मोरङ सुगरमिलको चौरमा गाई चराउन गएको, उखुबारी पीडितलाई किन लिएर गए, नदेखेकोले थाहा भएन । पीडित र प्रतिवादी २ जना बीचको कुरा हुँदा उजूरीबारे थाहा नभएको जवरजस्ती करणी गरेको विषयमा पक्राउ परी सुधार गृहमा रहेको, जवरजस्ती करणी गरेको होइन भनी बकपत्र गरेको देखिन्छ ।

परिवर्तित नाम A कुमारले अदालतसमक्ष इन्कारी बयान गर्दा मिति २०७१/३/२४ का दिन आफु घटनास्थलमै नगएको, घरमै रहेको व्यहोरा उल्लेख गरे पनि निजकै साक्षीले उखुबारी छेउमा घटनाको दिन गाई चराउन गएको भनी बकपत्रमा उल्लेख गर्दै उखुबारीमा पीडितलाई लिई गएको नदेखेको व्यहोरा लेखाएको देखिँदा, परिवर्तित नाम A कुमारले घटना, मिति, समयमा घटनास्थलमा नगएको भनी गरेको बयान स्वयं निजका साक्षीबाट खण्डन भएको देखिन्छ । पीडितले आफुले बिज्याँईकर्ता यिनै A कुमार रहेको भनी किटान गरी दिएको जाहेरीको समर्थन गरी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । घटनापश्चात् घटनास्थलमा पुगेकी भनी घटना विवरण कागज गर्ने पीडितकी आमाले घटनापश्चात् छोरीले आफुलाई

कसूर भएको र कसूरदारबारे भनेको भन्ने तथ्यको समर्थन गरी बकपत्र गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले पनि मुचुल्काको व्यहोरा समर्थन गरी परिवर्तित नाम A कुमार नै कसूरदार भएको व्यहोरा बकपत्र गरेको देखियो ।

पीडितले प्रतिवादी विरुद्ध गम्भीर प्रकृतिको मुद्दामा आरोप लगाउनु पर्ने अन्य अवस्था पनि रहेको छैन । तत्काल भएको पीडित र परिवर्तित नाम A कुमारको स्वास्थ्य परीक्षणबाट दुवैको यौनाङ्गमा चिप्लो पदार्थ रहेको देखिएको छ । जाहेरी तथा परिवर्तित नाम A कुमारको मौकाको बयानअनुरुपको घटनास्थलमा झारपात माडिएको लत्रिएकोसमेत घटनास्थल मुचुल्काबाट देखिन्छ । घटनास्थल मुचुल्का हुँदा तत्काल उपलब्ध व्यक्तिहरूको उपस्थितिमा गर्नु पर्ने हुँदा नाबालक भएकाले संरक्षकको उपस्थिती रहेको छैन भन्ने आधारमा मात्र मुचुल्कालाई नै अबैध मान्न मिल्दैन ।

यसमा जवरजस्ती करणीको वारदातको पहिलो कडी भनेको स्वयं पीडित हो र पीडितलाई प्रत्यक्ष र जीवित प्रमाण मान्नु पर्ने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०६९ अङ्क ८, नि.नं. ८८७८) प्रस्तुत मुद्दाको शन्दर्भमा समेत शान्दर्भिक देखिन्छ । पीडित स्वयंले अदालतसमक्ष बकपत्र गरी घटना र बिज्याँईको पुष्टि गरी दिएकोलाई आधारभूत प्रमाण मान्नु पर्ने हुन्छ । शारीरिक परीक्षणबाट पुरुष वीर्य नभेटिएकै आधारमा मात्र अन्य प्रमाणले पुष्टि गरेको तथ्य बाहिर गई जवरजस्ती करणी जस्तो गम्भीर घटनाको निर्दोषिताको आधार बनाउन मिल्दैन । तसर्थ परिवर्तित नाम A कुमारले अधिकारप्राप्त अधिकार ीसमक्ष गरेको साबितीलाई अदालतसमक्ष इन्कार रहँदैमा अन्यथा रहेको मान्न मिलेन । मालाकार रुपमा स्वतन्त्र प्रमाणले घटना तथा बिज्याँई र बिज्याँईकर्ताको पुष्टि गरी दिएको तथा बालमनोविज्ञले दिएको राय प्रतिवेदनमा पनि बालकले q कुमारीसँग उत्तेजनात्मक व्यवहारका कारणबाट घटना घटी बालक कानूनी सम्पर्कमा आएको देखिएको भन्नेसमेतका आधार कारणबाट परिवर्तित नाम A कुमारले परिवर्तित नाम q कुमारीलाई जवरजस्ती करणीको महलको १ नं., ३(४) नं. अनुसारको बालबिज्याँई गरेको ठहर्छ ।

ऐ. महलको ३(क) समेतको दाबी रहेकोमा पीडित विद्यालय गई छोडेको गाइवस्तु चराउन रेखदेख गर्न सक्षम रहेकी, शारीरिक रुपमा अशक्त नदेखिई बोली लरबराउनेसम्म रहेको भन्ने देखिँदा सोही आधारमा पाएको अपाङ्गताको प्रमाणपत्र हुँदा शारीरिक रुपमा अशक्तको श्रेणीमा रहने देखिएन । तसर्थ सोही आधारमा प्रस्तुत मुद्दामा जवरजस्ती करणीको महलको ३(क) नं. आकर्षित हुने देखिएन ।

बिज्याँईकर्ता नाबालक परिवर्तित नाम A कुमारको उमेर १५ वर्ष भन्ने देखिन्छ । जवरजस्ती करणीको महलको ३(४) नं. बमोजिम वयस्कलाई हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) ले सो उमेर समुहका नाबालकलाई आधासम्म सजाय हुने ऐ. ऐनको व्यवस्थाअनुरुप परिवर्तित नाम A कुमारलाई ऐ. ऐनबमोजिम कैद वर्ष ३ (तीन) हुन्छ । बिज्याँईकर्ता नाबालकको तर्फबाट निजको आर्थिक अवस्था उमेरसमेत हेरी पीडितलाई जवरजस्ती करणीका महलका १० नं. बमोजिम रु.

२०,०००/- (बीस हजार) क्षतिपूर्तिबापत भराई दिने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम A कुमारके, माथि इन्साफ खण्डमा लेखिएअनुसारको कसूर गरेको ठहरी कैद वर्ष ३(तीन) हुने ठहरेकाले निज प्रतिवादी मिति २०७१/३/२४ देखि प्रहरी हिरासतमा रही मिति २०७१/४/१९ का आदेशानुसार हालसम्म बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा रहेको देखिँदा हिरासतमा रहेको मितिबाटै कैद कट्टा हुने गरी ३(तीन) वर्ष कैद म्याद ठेगी बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा पठाई दिनु १

पीडित परिवर्तित नाम त्र कुमारीले रु. २०,०००/- क्षतिपूर्ति प्रतिवादीबाट भराई पाउने ठहरेकाले प्रतिवादीको यसै सरहदको जेथा देखाई, पुनरावेदनको अवस्था नाघेपछि दण्ड सजायको ४२ नं. का म्यादभित्र दरखास्त दिए नियमानुसार प्रतिवादीबाट भराई दिनु २

उपरोक्त इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम प्रतिवादीलाई फैसलाको प्रतिलिपिसहितको पुनरावेदनको म्याद दिनु ३

फैसलाको जनाउ जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई दिनु ४

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ५

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु ६

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः १, ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल माघ २८ गते रोज ४ शुभम् .....।

प्यूठान जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री विष्णुप्रसाद उपाध्याय

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः दामोदार भट्ट

सम्वत् २०७१ सालको बालबिज्याँई ।

दर्ता नं ०७१-CR-००१७

दर्ता मितिः २०७१/८/८

नि.नंः १०५

मुद्दाः केही सार्वजनिक अपराधसम्बन्धी बालबिज्याँई ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
प्युठान "एफ" को जाहेरी वादी नेपाल सरकार.....१	परिवर्तित नाम प्युठान "ए" १
ऐ.ऐ. को साक्षी	ऐ.ऐ. को साक्षी
निम बहादु पुन, सम्झना पुन र दिपक पुन	मोहन परियार, खड्क परियार र राधे परियार
प्रमाण कागजः ×	प्रमाण कागजः ×

अदालतबाट बुझेको

साक्षीः

वस्तुस्थिति मुचुल्काः भीमबहादुर पुन

प्रतिवादीका साक्षीः मोहन परियार

प्रमाणः ×

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५५ तथा अ.ब. २९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मुद्दाको तथ्य खण्ड

१. जिल्ला प्युठान, प्युठान न.पा., वडा नं. २ स्थित मल्लरानी गाउँ टोपरे जाने सार्वजनिक बाटोमा मिति २०७१/७/२४ गतेको दिउँसो १३:२० बजेको समयमा जिल्ला प्युठान, प्युठान नगरपालिका, वडा नं. २ बस्ने सङ्केत नं. प्युठान "ए" ले बाटो हिडि राखेकी सङ्केत नं. प्युठान "एफ" लाई सार्वजनिक स्थानमा हातपात गरी निजको संवेदनशील अङ्ग छातीमा समाती अभद्र व्यवहार गरेको ठीक साँचो हो भन्ने घटनास्थल मुचुल्का ।

२. म जाहेरवाला मिति २०७१/७/२४ गते दिउँसो स्वर्गद्वारी क्याम्पस बिजुवार पुण्यखोलाबाट बि.एड. प्रथम वर्षको अंग्रेजी विषयको पुरक परीक्षा दिई घरमा आउने क्रममा प्युठान न.पा., वडा नं. २ स्थित स्वामीडाँडा भन्ने स्थानमा आइपुगेको अवस्थामा अन्यायीवाला प्युठान "ए" आयुर्वेद अस्पताल नजिक पानी ट्याङ्कीनिर बसेको र निजले मलाई देखी मेरो अगाडि नै तलमाथि हेरी मलाई बाटो छेकी एक्कासी मेरो शरीरको संवेदनशील अङ्ग छातीमा समाती हातपात गरी अभद्र व्यवहार गरेकोले मैले हारगुहार होहल्ला गरी दाईलाई फोन गर्न लाग्दा भागी गएकोले निज अन्यायीवाला प्युठान "ए" लाई केही सार्वजनिक अपराध मुद्दामा हदै सम्मका सजाय गरी उचित क्षतिपूर्ति दिलाई भराई पाऊँ भन्ने जाहेरी दरखास्त ।

३. मिति २०७१/७/२४ गतेका दिन म आफ्नो घर प्युठान न.पा., वडा नं. २ बाट आयुर्वेदिक अस्पताल पानी ट्याङ्कीतर्फ घरबाट अन्दाजी दिउँसो १२.०० बजेको समयमा गएको र पानी ट्याङ्कीतर्फ घुमफिर गरी सोही ट्याङ्कीनिर सार्वजनिक बाटोमा बसिराखेको बेला तलबाट अन्दाजी दिउँसो १:२० बजेको समयमा पीडित प्युठान "एफ" माथितर्फ गइराखेका बेला मैले निजलाई एक्लै देखी सार्वजनिक बाटोमा निज पीडितलाई हातपात गरी निजको संवेदनशील अङ्गमा अभद्र व्यवहार गरेको हुँ । निजलाई हातपात गरी निजका छातीमा समातेका बेला निजले होहल्ला गर्दा म भागी गएको हुँ भन्ने प्रतिवादी प्युठान "ए" को मौकाको बयान ।

४. मिति २०७१/७/२४ गतेका दिन म जिल्ला प्युठान आयुर्वेद कार्यालयको डाँडामाथि बसेर घाम तापिरहेको थिएँ । जाहेरवाला एक्कासी आत्तिदै म बसेको ठाउँ तलतिर आइरहनु भएको थियो । मलाई अन्दाजी १७/१८ वर्षको केटाले स्वामीडाँडा बाटोमा एक्लै हिडिरहेको अवस्थामा मलाई हातपात तथा अभद्र व्यवहार गर्न थाल्दा म निजको पञ्जाबाट उम्केर आफ्नो जिउ इज्जत बचाउन सफल भएँ । त्यो केटा को हो भनेर मलाई सोध्नु भयो । मैले त्यो अन्यायीवाला केटाको नाम चिनेको थिएन । अन्यायीवाला खलङ्गा बजारमा सिलाई कटाई गरी बस्ने काले दमाईको नाती हो भनेर भने । निज काले दमाईको नाती प्युठान "ए" ले जाहेरवाला आफ्नो घरतर्फ जान लागेको अवस्थामा एक्लै जङ्गलको बाटोमा हिडिरहेको मौका छोपी जाहेरवालालाई बाटो छेकी हातपात तथा अभद्र व्यवहार

गरी जाहेरवालाको संवेदनशील अङ्गमा समेत हातपात गरेको भनी जाहेरवालाले भनेपछि उक्त घटना बारेमा सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको सम्झना पुनको र लगभग उही व्यहोराको निमबहादुर पुन र दिपक पुनसमेतका मानिसहरूले गरिदिएको वस्तुस्थिति मुचुल्का ।

५. माथि विवेचित आधार एवं सवुद प्रमाणहरूबाट प्रतिवादी प्युठान "ए" को उक्त कसूरजन्य कार्य केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ दफा २ को देहाय (छ) (ज) र (झ) विपरीत कसूर देखिँदा निज प्रतिवादीबाट ऐ. ऐनको दफा ६(१) बमोजिम सजाय गरी निज १५ वर्षको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदाबी रहेको ।

६. मिति २०७१ साल कार्तिक २४ गते अन्दाजी दिनको १२/१ बजेतिर बेलौती खान भनी म घरबाट आयुर्वेद नजिकै पानी ट्याङ्कीमा ढुङ्गा खेलाई रहेको समयमा दिदी प्युठान "एफ" तलबाट आइरहनु भएको थियो । म ढुङ्गा खेलाउन छोडी अगाडि स्वामीडाँडाभन्दा अलि माथिसम्म गएँ र झ्याउ लाग्यो र तलतिर फर्कदा स्वामीडाँडानिर भेट भयो । बोलीचाली केही भएन । मैले एक्कासी उनको दाहिने स्तनमा समाउने कोशिस गर्दा हल्का दुधको साइडमा छुने बेला दिदीले मेरो हात समातिन् । उसै बेला मैले दिदी गल्ती भयो भनी खुट्टा ढोगी माफी मागे । उहाँले दाईलाई फोन गर्दा भागेको हुँ । मैले जानीजानी गर्न खोजेको होइन । त्यस बेला के सोचें मेरो दिमागमा पनि अर्कै के भयो र सो घटना घटेको हो । केही सजाय मैले भोगी सकें । म नाबालक भएकोले एक पटकलाई सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम प्युठान "ए" ले यस अदालतमा गरेको बयान ।

७. पीडितले मौका तथा अदालतमा समेत पीडितको स्तन समातेको तथ्य स्वीकार गरेको स्थितिमा कसूरदार हुन् भन्ने विश्वास गर्ने प्रयास आधार प्रमाण देखिन्छन् तापनि प्रतिवादीको उमेर, अध्ययन गर्दै रहेको अवस्थामा, सामाजिक अध्ययन प्रतिवेदनसमेतलाई हृदयङ्गम गरी पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निजलाई संरक्षण बाबुको जिम्मा लगाई छाडी दिई निम्नानुसारको कार्य सम्पन्न गरी पेश गर्नु ।

क. दुवै पक्षका साक्षी गवाह बुझ्न बालबालिकाको मुद्दा हेर्दा २०७१/८/२२ मा पेश गर्नु ।

ख. प्रतिवादीलाई काउन्सिलिङको लागि बालमनोविज्ञलाई जानकारी गराउनु ।

ग. प्रतिवादीले अध्ययन गर्ने विद्यालयको प्रधानाध्यापकबाट आगामि एक महिनाको निजको चालचलन, बानी व्यहोरासम्बन्धी प्रतिवेदन लिई बाल इजलासका अन्य सदस्यलाई पेशी सूचना दिनु भन्ने मिति २०७१/८/८ को थुनछेक आदेश ।

८. म मिति २०७१ कार्तिक २४ गते दिउँसो १:२० स्वर्गद्वारी क्याम्पसबाट बि.एड. प्रथम वर्षको परीक्षा सकी घर फर्कने क्रममा स्वामीडाँडा पुग्दा प्युठान "ए" हातमा सानो ढुङ्गा खेलाएर पानी ट्याङ्कीको

साइडमा बसेका थिए । एक्कासी निज प्रतिवादीले मलाई उछिनी अगाडि गए । म परीक्षा प्रश्नपत्र हेर्दै मोवाइलमा गीत सुन्दै आफ्नो धुनमा हिड्दै गर्दा निज प्रतिवादी फर्केर आई अगाडिबाट एक्कासी मेरो संवेदनशील अङ्ग दाहिने स्तन अगाडिबाट समात्यो, म डराएँ र उसलाई समाती के गरेको भन्दा हिड्दा धक्का लाग्यो भन्यो । धक्का लागेको भए अन्यत्र लाग्नु पर्ने भनी मैले दाईलाई फोन गर्न लाग्दा मसँग माफी मागी भागी गएको भन्नेसमेत व्यहोराको जाहेरवाली प्युठान "एफ" ले यस अदालतमा गरेको बकपत्र ।

९. मिति २०७१ कार्तिक २४ गते म आफ्नै घरमा थिएँ । अन्दाजी दिउँसो १:२० बजे जाहेरवाली मेरो बहिनीले फोन गरेपछि घटनाबारे जानकारी पाई जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा फोन गरी भएको घटना जाहेरवाली मेरो बहिनीले भनेको कुरा खबर गरेको हुँ भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका निमबहादुर पुनले यस अदालतमा गरेको बकपत्र ।

१०. घटना आफ्नै आँखाले देखिन । प्रतिवादी प्युठान "ए" सानो बालक भएको र निजले पहिले त्यस्तो अभद्र व्यवहार गर्ने गरेको थिएन । उ मिलनसार थियो । केटा सानो र केटीको उमेर परिपक्व भइसकेकोले मलाई त्यस्तो अभद्र व्यवहार हातपात गरेको जस्तो लाग्दैन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी मोहन परियारले यस अदालतमा गरेको बकपत्र ।

११. जाहेरवालाका तर्फबाट जिल्ला न्यायधिवक्ता र प्रतिवादीका तर्फबाट उपस्थित अधिवक्तासमेतको बहस सुन्दा र निज प्रतिवादीका बुबासँग समेत छलफल गर्दा साथै समाजसेवीबाट प्राप्त सामाजिक अध्ययन प्रतिवेदनको समेत अध्ययनबाट निज प्रतिवादी प्युठान "एफ" बालक भएको हुँदा र कक्षा ७ मा पढ्दै गरेको र भोलीका दिनमा अनुशासित भई आफ्नो पठनपाठनमा अगाडि बढाउने इच्छा देखाएकोले अन्जानमा गल्ती भए तापनि निजको भविष्यलाई मध्यनजर गरी निज प्रतिवादी बालकको हितलाई ध्यानमा राखी सामान्य कागज गराई निज प्रतिवादीको बुबालाई आफ्नो छोराको क्रियाकलापमा ध्यान दिनु पर्ने भन्नेसमेत व्यहोराको बालमनोविज्ञ श्री दामोदर भट्टको रायसहितको प्रतिवेदन ।

अदालतको ठहर

१२. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद पन्धी र प्रतिवादीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री ओमहरी पोखरेलले गर्नु भएको बहससमेत सुनी इन्साफतर्फ विचार गर्दा प्रतिवादी प्युठान "ए" ले अभियोग मागदाबीबमोजिमको बालबिज्याँई गरेका हुन् होइनन् र निजलाई अभियोग दाबीबमोजिम सजाय हुने हो होइन भन्ने विषयमा निर्णय गर्नु पर्ने देखियो ।

१३. मिति २०७१/७/२४ गते दिउँसो स्वर्गद्वारी क्याम्पस बिजुवार पुण्यखोलाबाट बि.एड. को पुरक परीक्षा दिई घरमा आउने क्रममा प्युठान न.पा., वडा नं. २ स्थित स्वामीडाँडा भन्ने स्थानको

बाटोमा अन्यायीवाला प्युठान "ए" ले पानी ट्याङ्कीनिर मलाई बाटो छेकी एक्कासी मेरो शरीरको संवेदनशील अङ्ग छातीमा समाती अभद्र व्यवहार गरेकाले प्रतिवादी प्युठान "ए" लाई सार्वजनिक अपराधको कसूरमा हदैसम्मको सजाय गरिपाऊँ भन्ने पीडितको जाहेरी दरखास्तबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादीको कार्य केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को देहाय (छ), (ज) र (झ) विपरीतको कसूर देखिँदा ऐ. ऐनको दफा ६(१) बमोजिम सजाय गरी निज १५ वर्षको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्ने मुख्य अभियोग दाबी देखिन्छ । प्रतिवादीले मौकामा म पानी ट्याङ्कीनिर सार्वजनिक बाटोमा बसिराखेको बेला तलबाट अन्दाजी दिउँसो १:२० बजेको समयमा पीडित प्युठान "एफ" माथितर्फ गइराखेको समयमा निजलाई एक्लै देखी सार्वजनिक बाटोमा निजलाई हातपात गरी निजको संवेदनशील अङ्गमा समाती अभद्र व्यवहार गरेको हुँ भनी कसूरमा साबित रहेको देखिन्छ भने अदालतमा बयान गर्दा बेलौती खान भनी म घरबाट आयुर्वेद अस्पताल नजिकै पानी ट्याङ्कीमा ढुङ्गा खेलाई रहेको समयमा दिदी प्युठान "एफ" तलबाट आइरहनु भएको थियो । म नजिकै पानी ट्याङ्कीमा ढुङ्गा खेलाई रहेको समयमा दिदी प्युठान "एफ" तलबाट आइरहनु भएको थियो । म ढुङ्गा खेलाउन छोडी अगाडि स्वामीडाँडासम्म गएँ, झ्याउ लाग्यो र तलतिर फर्कदा स्वामीडाँडानिर भेट भयो । बोलीचाली केही भएन । मैले एक्कासी उनको दाहिने स्तनमा समाउने कोशिस गर्दा हल्का दुधको साइडमा छुने बेला दिदीले मेरो हात समातिन् । उसै बेला मैले दिदी गल्ती भयो भनी खुट्टा ढोगी माफी मागेको हुँ । मैले जानीजानी गर्न खोजेको होइन । केही सजाय मैले भोगी सकें । म नाबालक भएकोले एक पटकलाई सजाय हुनु पर्ने होइन भनेर कसूर साबित रही आफुले गरेको कार्यमा पश्चाताप गर्दै बयान गरेको देखिन्छ ।

१४. जाहेरी पीडितले अदालतमा बकपत्र गर्दा मिति २०७१/७/२४ गते दिउँसो १:२० बजे स्वर्गद्वारी क्याम्पसबाट बि.एड. प्रथम वर्षको पुरक परीक्षा दिई घर फर्किने क्रममा आउने क्रममा स्वामीडाँडा भन्ने स्थानमा प्रतिवादी प्युठान "ए" हातमा सानो ढुङ्गा खेलाएर पानी ट्याङ्कीको साइडमा बसेका थिए । एक्कासी निज प्रतिवादीले मलाई उछिनी अगाडि गई आफ्नै धुनमा हिड्दै गरेको समयमा फर्केर आई अगाडिबाट एक्कासी मेरो शरीरको संवेदनशील अङ्ग दाहिने स्तन अगाडिबाट समात्यो । उसलाई समाती के गरेको भन्दा निजले हिड्दा धक्का लाग्यो भन्यो । धक्का लागेको भए अन्यत्र लाग्नु पर्ने भनी मैले दाईलाई फोन गरौं भन्दा निजले मसँग माफी मागेको थियो भनी बकपत्र गरेको देखिन्छ । त्यस्तै वस्तुस्थिति मुचुल्काका निमबहादुर पुनले पीडितले भनी सुनी थाहा पाएको हुँ भनेको देखिन्छ भने प्रतिवादीका साक्षी मोहन परियारले प्रतिवादी प्युठान "ए" सानो बालक भएको र निजले पहिले यस्तो अभद्र व्यवहार गर्ने नगरेको भनी बकपत्र देखिन्छ ।

१५. उल्लिखित तथ्यगत परिस्थितिमा प्रमाणहरूको विवेचना गर्दा प्रतिवादीले मौका तथा अदालतमा समेत आफुबाट पीडितको स्तनमा समात्ने अभद्र कार्य भएको कुरा स्वीकार गरेको देखिन्छ । प्रतिवादी कक्षा सातमा पढ्दै गरेको १५ वर्षको उमेरका देखिन्छन् । निजको साबिती बयान, पीडितको मौकाको

किटानी जाहेरी तथा सोहीबमोजिमको अदालतको बकपत्रबाट समर्थित भएको देखियो । वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाई तथा निमबहादुर पुनको बकपत्रसमेतबाट प्रतिवादीले सार्वजनिक बाटोमा पीडितउपर अभद्र व्यवहार गरेको थप पुष्टि भइरहेको स्थितिमा प्रतिवादीबाट अभियोग दाबीबमोजिमको बालबिज्याँई भएको देखिन आयो ।

१६. अतः उल्लिखित मिसिल संलग्न किटानी जाहेरी, वस्तुस्थिति मुचुल्का, पीडितको बकपत्र, वस्तुस्थिति मुचुल्काका व्यक्तिको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादीले आफुबाट बालबिज्याँई भएको भनी मौका तथा अदालतमा गरेको साबिती बयान पुष्टि भइरहेकोले प्रतिवादी प्युठान "ए" ले प्युठान "एफ" लाई सार्वजनिक बाटोमा हातपात गर्ने कार्य गरी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २(छ) विपरीतको बालबिज्याँई गरेको ठहर्छ । प्रतिवादीले अदालतमा बयान गर्दा आफुबाट भएको गल्ती स्वीकार्दै पश्चाताप गरेको, विद्यालय पढ्दै गरेको, कलिलो उमेर देखिएको, बालमनोविज्ञबाट समेत उसको हितको लागि कागज बनाएर छाड्न उपयुक्त हुने भनी राय प्राप्त भएको र प्रतिवादीले पहिलो पटक प्रस्तुत बालबिज्याँई गरेको देखिँदा यी सबै कुरालाई हृदयङ्गम गरी निज प्रतिवादी प्युठान "ए" लाई उक्त ऐनको दफा ६(२) बमोजिम अब उप्रान्त यस्तो कार्य गर्ने छैन भन्ने कागज गराई छाडी दिने ठहर्छ । यो ठहर्नाले अरु तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी सङ्केत नं. प्युठान "ए" लाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २(छ) विपरीतको बालबिज्याँईमा ऐ. दफा ६(२) बमोजिम अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने व्यहोराको कागज गराई छाडी दिने ठहरेकाले सोही व्यहोराको कागज गराई मिसिल सामेल राख्नु १

यस अदालतको इन्साफमा चित्त नबुझे बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिम ३५ दिनभित्र श्री पुनरावेदन अदालत, तुल्सीपुर, दाङमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, प्युठान र प्रतिवादीलाई फैसलाको प्रतिलिपिसहित पुनरावेदनको म्याद दिनु २

बन्द इजलासबाट हेरिने मुद्दा हुँदा नक्कल माग्ने सरोकारवालालाई मात्र नियमले लाग्ने दस्तुर लिई नक्कल दिनु साथै दायरीको लगत काटी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ३

फाँटः ना.सु. कमल सिंह ठकुरी
कम्प्युटर टाइपः निर्मला गिरी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्.....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्ट

फैसला

मु.नं.: २०७१-CR-०७१५

दायर मितिः २०७१/७/१७

निर्णय नंः २४०

उपस्थिति

बालमनोविज्ञः सुचिता सुवेदी

समाजसेवीः रिमा शर्मा

वादीको नाम, थर र वतन

राधाकुमारी श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार १

साक्षीः ×

कागजः ×

प्रतिवादीको नाम, थर र वतन

जिल्ला गोर्खा, लाप्राक गा.वि.स., वडा नं.४ घर भई हाल का.जि., गोंगबु गा.वि.स. वार्ड नं. ७ बस्ने श्रीबहादुर गुरुङको छोरा वर्ष १५ को परिवर्तित नाम बबरमहल (क) १

का.जि., गोंगबु गा.वि.स., वार्ड नं.६ बस्ने देवराम थापाको छोरा वर्ष १४ को परिवर्तित नाम बबरमहल (ख) १

का.जि., नैकापभन्ज्याङ्ग गा.वि.स., वार्ड नं. ९ घर भई का.जि., गोंगबु गा.वि.स., वार्ड नं. ३ बस्ने मोहन मगराँतीको छोरा वर्ष १५ को परिवर्तित नाम बबरमहल (ग) १

जिल्ला गोर्खा, लाप्राक गा.वि.स., वडा नं. १ घर भई हाल का.जि., मनमैजु गा.वि.स., वार्ड नं. ५ बस्ने रामबहादुर गुरुङको छोरा वर्ष १४ को परिवर्तित नाम बबरमहल (घ) १

जिल्ला लमजुङ, चक्रतीर्थ गा.वि.स., वडानं. २ घर भई हाल का.जि., गोंगबु गा.वि.स., वार्ड नं. ९ वस्ने सूर्यप्रसाद अधिकारीको छोरा वर्ष १४ को परिवर्तित नाम बबरमहल (ङ) १

जिल्ला गोर्खा, लाप्राक गा.वि.स., वडा नं. १ घर भई हाल का.जि., मनमैजु गा.वि.स., वार्ड नं. २ बस्ने डिलबहादुर गुरुङको छोरा वर्ष १४ को परिवर्तित नाम बबरमहल (च) १

साक्षीः ×
कागजः ×

मुद्दाः ज्यान मार्ने उद्योग ।

मुद्दाको संक्षिप्त विवरणः
न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.ब. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छः
केशको संक्षिप्त व्यहोराः
मिति २०७१/७/६ गते अं. २२:१५ बजेको समयमा का.जि., धापासी गा.वि.स., वडा नं ८ स्थित सार्वजनिक सडकमा बबरमहल (क) समेतका व्यक्तिहरूले टंकबहादुर गुरुङसमेतलाई ज्यान मार्ने उद्देश्यले धारिलो हतियार खुकुरी प्रहार गरी घाइते बनाएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

का.जि., का.म.न.पा., वडा नं. ९ सामाखुसीस्थित सार्वजनिक स्थानमा शंकास्पद अवस्थामा बबरमहल (क) लाई फेला पारी निजको शरीर तलासी गर्दा निजको झोलाभित्र खुकुरी थान १ फेला परेको उक्त खुकुरीको टुप्पोमा रगत जस्तो पदार्थ लागेको उक्त खुकुरीको विषयमा सोधपुछ गर्दा टंकबहादुर श्रेष्ठलाई प्रहार गरेको भनी मुख साबित भएकोले उक्त खुकुरी वरामद गरिएको भन्नेसमेत व्यहोराको खानतलासी वरामदी मुचुल्का ।

मिति २०७१/७/६ गते बेलुका आफ्नै घर अगाडि केही अपराधिक झुण्डले हतियारसहित ज्यान मार्ने उद्देश्यले साङ्घातिक आक्रमण गरी गम्भीर घाइते बनाएको घाइते हाल सिटी असपतालमा उपचारका क्रममा रहेको हुँदा निज अपराधिक व्यक्तिहरूलाई हदैसम्मको कारवाही र सजाय गरी क्षतिपूर्ति भराई पाऊँ भन्नेसमेत व्यहोराको काठमाडौं फोटोग्राफर संघको पत्र ।

मिति २०७१/७/६ गते अं. २२:१५ बजेको समयमा का.जि., धापासी गा.वि.स., वडा नं ८ स्थित सार्वजनिक सडकमा मेरो श्रीमान टंकबहादुर श्रेष्ठलाई बबरमहल (क) समेतका व्यक्तिहरूले धारिलो हतियार खुकुरी प्रहार गरी कुटपिट गरी सख्त घाइते बनाएको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको राधाकुमारी श्रेष्ठको जाहेरी दरखास्त ।

वारदातपश्चात् भागी फरार रहेका बबरमहल (क) समेतका व्यक्तिहरूलाई खोजतलास गर्दै जाने क्रममा बबरमहल (क) लाई कुखुरीसहित र अन्य प्रतिवादीहरूलाई समेत फेला पारी दाखिल गरेको भन्ने प्रहरी प्रतिवेदन ।

घाइते टंकबहादुर श्रेष्ठको Cut injury over Forehead, Mild injury stable non fatal भन्नेसमेत व्यहोराको घाउँजाँच केश फाराम ।

अन्य प्रतिवादीहरू चिनजानका साथी हुन् । मिति २०७१/७/६ गते बिहान लक्ष्मीपूजाको दिन भएकोले साथीभाइ मिली देउसीभैलो खेल्ने कार्यक्रम राखी जाहेरवाली राधाकुमारीको घर अगाडितिर देउसी भैलो खेलेर आउँदा मैले जाहेरवालीको श्रीमानको टाउकोमा २ पटक खुकुरी प्रहार गरेको हो । त्यसपछि भागी फरार भएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम बबरमहल (क) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

हामी बबरमहल (ग) समेतका प्रतिवादीहरू एक आपसमा चिनजानका साथी हौं । मिति २०७१/७/६ गतेको दिन लक्ष्मीपूजाको दिन भएकोले देउसीभैलो खेल्ने क्रममा जाहेरवालीको घर अगाडि निजका श्रीमान अघि हिड्दै गरेको अवस्थामा बबरमहल (क) ले झोलामा बोकी ल्याएको खुकुरी निजको टाउकोमा प्रहार गरी घाइते बनाएकोमा निज घाइतेलाई उपचारको लागि अस्पतालमा लगी उपचार गराएको हो । निज घाइतेलाई हामीले धारिलो हतियार प्रहार गरेका छैनौं । सँगै हिडेको कारण हामीहरूसमेतको नाममा जाहेरी दिएको हुनु पर्छ भन्नेसमेत व्यहोराको परिवर्तित नाम बबरमहल (ख), (ग), (घ), (ङ) र (च) समेतका प्रतिवादीहरूले एकै मिलानको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०७१/७/६ गते अं. २२:१५ बजेको समयमा का.जि., धापासी गा.वि.स., वडा नं ८ स्थित सार्वजनिक सडकमा टंकबहादुर श्रेष्ठलाइ बबरमहल (क) समेतले खुकुरी प्रहार गरी कुटपिट गरी सख्त घाइते बनाएका हुँदा निजहरूउपर कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको दुर्गा लामिछाने, सानु ढुङ्गाना, गणेश श्रेष्ठ, मुनादेबी श्रेष्ठसमेतले गरेको वस्तुस्थिति मुचुल्का ।

मिति २०७१/७/६ गते अं. २२:१५ बजेको समयमा का.जि., धापासी गा.वि.स., वडा नं ८ स्थित मेरो घर पसल अगाडि सडकमा उभिएको अवस्थामा बबरमहल (क) समेतका व्यक्तिहरूले मलाई धारिलो

हतियार खुकुरी प्रहार गरी घाइते बनाएका हुन् । निजहरूलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको घाइते टंकबहादुर श्रेष्ठले गरेको सनाखत कागज ।

मिति २०७१/७/६ गते अं. २२:१५ बजेको समयमा का.जि., धापासी गा.वि.स., वडा नं ८ स्थित आफ्नै घर पसल अगाडि उभिरहेको अवस्थामा टंकबहादुर श्रेष्ठलाई बबरमहल (क) ले खुकुरी प्रहार गरेका हुन् भने अन्य प्रतिवादीहरूले कुटपिट गरी घाइते बनाई गएकोमा निज घाइतेलाई तत्काल उपचारको लागि अस्पतालमा लगी उपचार गराएको हो । निजहरूउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको बिष्णुबीर रानाको कागज ।

प्रतिवादी बबरमहल (क) ले खुकुरी जस्तो जोखिम हतियारले टंकबहादुर श्रेष्ठको टाउको जस्तो संवेदनशील अङ्गमा ज्यान मार्ने उद्देश्यले प्रहार गरेको र अन्य प्रतिवादीहरूले घेरा हाली छेकथुन गरी वारदात स्थलमा मौजुदा रही ज्यान मार्ने उद्देश्यले कुटपिटसमेत गरेको हुँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं विपरीतको कसूरमा ऐ. १५ नं बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन अनुरोध छ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मसमेत कुनै प्रतिवादीले पनि टंकबहादुर श्रेष्ठलाई खुकुरी प्रहार गरी कुटपिट छेकथुन गरेका होइनौं छैनौं । अभियोग दाबी झुठ्ठा हो । टंकबहादुर श्रेष्ठलाई कसले खुकुरी प्रहार गर्यो मलाई थाहा भएन । जाहेरवालीले किन झुठ्ठा जाहेरी दिइन् थाहा छैन । मौकाको बयान हामी कसैलाई पनि पढेर नसुनाई प्रहरीले तयार पारेको कागजमा म र प्रतिवादीलाई सहि गराएका हुन् । मैले खुकुरी हानेको होइन । मलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने होइन म निर्दोष छु भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (क) ले यस अदालतमा गरेको बयान ।

अभियोग दाबी झुठ्ठा हो । मैले घाइते टंकबहादुरलाई चिन्दैन । प्रहरीले हामीलाई अनुसन्धान गर्ने भनी लगेकोमा झुठ्ठा मुद्दा लगाएको हो । हामी लक्ष्मी पूजाको रातमा भैलो खेल्नेबाहेक अन्य कसैलाई कुटपिट ज्यान मार्ने उद्योग केही पनि गरेको होइन । हामीलाई फसाउन सबै झुठ्ठा कागज तयार पारेका हुन् । म निर्दोष छु । गल्ति नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (घ) ले यस अदालतमा गरेको बयान ।

अभियोग दाबी झुठ्ठा हो । मैले घाइते टंकबहादुरलाई चिन्दैन । प्रहरीले हामीलाई अनुसन्धान गर्ने भनी लगेकोमा झुठ्ठा मुद्दा लगाएको हो । हामी लक्ष्मी पूजाको रातमा भैलो खेल्नेबाहेक अन्य कसैलाई कुटपिट ज्यान मार्ने उद्योग केही पनि गरेको होइन । हामीलाई फसाउन सबै झुठ्ठा कागज तयार पारेका हुन् । म निर्दोष छु । गल्ती नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (ङ) ले यस अदालतमा गरेको बयान ।

अभियोग दाबी झुठ्ठा हो । मैले घाइते टंकबहादुरलाई चिन्दैन । प्रहरीले हामीलाई अनुसन्धान गर्ने भनी लगेकोमा झुठ्ठा मुद्दा लगाएको हो । हामी लक्ष्मी पूजाको रातमा भैलो खेल्नेबाहेक अन्य कसैलाई कुटपिट ज्यान मार्ने उद्योग केही पनि गरेको होइन । हामीलाई फसाउन सबै झुठ्ठा कागज तयार पारेका हुन् । म निर्दोष छु । गल्ती नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (च) ले यस अदालतमा गरेको बयान ।

अभियोग दाबी झुठ्ठा हो । मैले घाइते टंकबहादुरलाई चिन्दैन । प्रहरीले हामीलाई अनुसन्धान गर्ने भनी लगेकोमा झुठ्ठा मुद्दा लगाएको हो । हामी लक्ष्मी पूजाको रातमा भैलो खेल्नेबाहेक अन्य कसैलाई कुटपिट ज्यान मार्ने उद्योग केही पनि गरेको होइन । हामीलाई फसाउन सबै झुठ्ठा कागज तयार पारेका हुन् । म निर्दोष छु । गल्ती नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (ग) ले यस अदालतमा गरेको बयान ।

अभियोग दाबी झुठ्ठा हो । मैले घाइते टंकबहादुरलाई चिन्दैन । प्रहरीले हामीलाई अनुसन्धान गर्ने भनी लगेकोमा झुठ्ठा मुद्दा लगाएको हो । हामी लक्ष्मी पूजाको रातमा भैलो खेल्नेबाहेक अन्य कसैलाई कुटपिट ज्यान मार्ने उद्योग केही पनि गरेको होइन । हामीलाई फसाउन सबै झुठ्ठा कागज तयार पारेका हुन् । म निर्दोष छु । गल्ती नगरेकाले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल (ख) ले यस अदालतमा गरेको बयान ।

जाहेरवाला एवं प्रतिवादीहरूका साक्षीले गरेको बकपत्र मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधीवक्ता एकराज अधिकारी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रकाश खनियाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादीहरूले कसूर गरेको हो होइन र निजहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो वा होइन ? सो सम्बन्धमा नै निर्णय दिनु पर्ने देखिन आयो ।

जाहेरवालीको श्रीमानलाई खुकुरी प्रहार गरेको भन्ने आधारमा प्रतिवादीहरू विरुद्ध मुलुकी ऐन, ज्यानसम्बन्धीको १५ नं र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सजाय मागदाबी अभियोगपत्रमा लिएको पाइयो ।

निर्णयतर्फ विचार गर्दा अनुसन्धानको अवस्थामा प्रतिवादी बबरमहल (क) ले पीडितलाई आफुले खुकुरी प्रहार गरेको भनी बयान गरेकोमा अदालतसमक्ष आरोपित कसूरप्रति इन्कार भई बयान गरेको देखिन्छ ।

अन्य प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानसमेतमा आरोपित कसूरप्रति इन्कार रहेको पाइयो ।

प्रतिवादीहरूका साक्षीले प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ ।

जाहेरवालीले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रमा यिनै प्रतिवादीहरूले खुकुरी प्रहार गरेको भन्ने म यकीनसाथ भन्न सक्दिन (स.ज.७), प्रहरीले भनेअनुसार जाहेरी दिएको हुँ (स.ज.८) भन्ने उल्लेख गरेको देखिन्छ ।

यस आधारबाट प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबमोजिमको कसूर गरेको पुष्टि हुन सकेको पाइएन । तसर्थ, उपरोक्त आधारबाट सबै प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम सबै प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले प्रस्तुत फैसलाउपर चित्त नबुझे बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५६ बमोजिमको म्याद ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गर्नु भनी फैसलाको जानकारीसहितको पुनरावेदन म्याद जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई दिनु १

सरोकारवालालाई नियमानुसार नक्कल दिनु २

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु..३

माननीय न्यायाधीशज्यूबाट बोली टिपाएबमोजिम पाना ५ को फैसला कम्प्युटर गर्ने फाँट ना.सु. त्रिबिक्रम ज्ञवाली ।
फाँट नं १

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः छत्रमणि न्यौपाने

समाजसेवीः ×

सम्वत् २०७१ को बालबिज्याँई

मुद्दा नं.: २६-०७०-CR-०३३७

दर्ता मितिः २०७०/१२/१७

निर्णय नं.: ३३९

मुद्दाः जवरजस्ती करणी (बालबिज्याँई)।

बादीको नाम, थर, वतन

जदुनन्दनको श्रीमती जि. सुनसरी, दुहबी गा.वि.स., वार्ड नं ३ बस्ने पुष्पादेबी साहको जाहेरीले नेपाल सरकार १

साक्षीः

जाहेरवाली पुष्पादेबी साह १

पीडितः परिवर्तित नाम दुहवी प कुमारी १

वस्तुस्थिति मुचुल्काका मानिसः

वकिल मियाँ.....१

अनवर मियाँ.....१

भोला मियाँ १

कागजः ×

प्रतिवादीको नाम, थर, वतन

ओमप्रकाशको छोरा जिल्ला सुनसरी, दुहबी गा.वि.स., वार्ड नं ३ बस्ने दुहबी M कुमार (परिवर्तित नाम) १

साक्षीः

सिलादेबी साह १

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

कानून व्यवसायी

बादीबाट	प्रतिवादीबाट
स.जि.न्या. श्री पदमप्रसाद वस्ती	वैतनिक अधिवक्ता श्री खगेन्द्र ढकाल

अवलम्बित नजिर

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ बमोजिम पीडितको नाम परिवर्तन गरी "दुहवी प कुमारी" तथा प्रतिवादीको नाम "M कुमार" उल्लेख गरी गोपनीयता कायम गरिएको छ साथै प्रस्तुत मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरिएको छ ।

जि. सुनसरी, दुहबी गा.वि.स., वार्ड नं ३ स्थित पूर्वमा ग्राभेल बाटो, पश्चिममा ओमप्रकाश साहको घर जग्गा, उत्तरमा सियाराम साहुको घर, दक्षिणमा वकिल मियाँको घर । यति चारकिल्लाभित्र दक्षिण मोहडा भएको फुसको छानो २ कोठाको भुइतले घर रहेको, सो घरको पूर्वतर्फको कोठाभित्रको खाँटमा प्रतिवादी वर्ष १२ को दुहबी M कुमार (परिवर्तित नाम) ले जाहेरवालाकी छोरी वर्ष ७ की दुहबी प कुमारी (परिवर्तित नाम) लाई जवरजस्ती करणी (बालबिज्याँई) गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

म जाहेरवालीको छोरी वर्ष ७ की दुहबी प कुमारी वारदात मिति २०७०/१२/८ गतेका दिन दिनको १६:०० बजेको समयमा केटाकेटीहरूसँग खेलिरहेको अवस्थामा प्रतिवादी दुहबी M कुमार (परिवर्तित नाम) आई घरमा टिभी देखाउने बहाना बनाई आफ्नो घरभित्र लगी मेरो छोरीको शरीर भरीको लुगा खोली जोर जवरजस्ती करणी गरी राखेको अवस्थामा केटाकेटीहरूले हेरेपछि तत्काल म जाहेरवालीलाई सहि सत्य कुरा बताउनासाथ घटनास्थल पुगी हेर्दा जवरवस्ती करणी गरी राखेको झ्यालबाट देखेको, गाउँ समाजका मानिसहरूलाई गुहार गर्दा प्रतिवादी दुहबी M कुमार (परिवर्तित नाम) भागी गएको, निज छोरीलाई निज प्रतिवादीले विभिन्न लोभ लालचा देखाई जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको जाहेरवाली पुष्पादेबी साहले दिएको मिति २०७०/१२/१० गतेको जाहेरी दरखास्त ।

मिति २०७०/१२/८ गतेका दिन दिनको १६:०० बजेको समयमा म प्रतिवादी दुहबी M कुमार (परिवर्तित नाम) को घरमा टिभी हेर्न भनी गएकोमा टिभी हेर्न क्रममा लाइन गई मसँग आएका साथीहरूसँग घरतर्फ

जान खोज्दा परिवर्तित नाम दुहबी M कुमारले तिमी बस अहिले फेरी लाइन आउँछ, लाइन आएपछि टिभी हेर्ने भनेर सोही कोठाभित्र मेरो शरीरको सबै लुगा खोली रुँन कराउन नदिई बल जोर जवरजस्ती मुख थुनी जवरजस्ती करणी गरी भागी फरार भएपछि म रुँदै कराउँदै सम्पूर्ण कुरा आमा पुष्पादेबी साहलाई बताएको हुँ भन्नेसमेत व्यहोराको पीडित दुहबी प कुमारी (परिवर्तित नाम) ले गरेको घटना विवरण कागज ।

मिति २०७०/१२/८ गते दिनको १६:०० बजेको समयमा म आफ्नै घरमा टिभी हेरी बसिरहेको थिए । सोही क्रममा लाइन गएको र पीडित दुहबी प कुमारी (परिवर्तित नाम) सँग आएका ३/४ जना छिमेकी केटाकेटीहरू घरतर्फ गएको र म सोही कोठाभित्रको ओछ्यानमा सुत्न खोज्दा निज पीडित मेरो छेउमा आई मसँग सुत्न खोज्दा मैले निजले लगाएको कपडासमेत खोल्न खोज्दा निज पीडित रुँन थालेपछि म डरले भागेको हुँ । निजलाई मैले करणीको प्रयाससम्म गरेको हुँ, निजलाई करणी गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी दुहबी M कुमार (परिवर्तित नाम) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०७०/१२/८ गतेका दिन दिनको १६:०० बजेको समयमा म आफ्नै घरमा थिए । पीडित दुहबी प कुमारी प्रतिवादी दुहबी M कुमार (परिवर्तित नाम) को घरमा टिभी हेर्न गएको अवस्थामा प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको भन्ने कुरा सुनेको हुँ भन्नेसमेत व्यहोराको स्थानीय वकिल मियाँसमेतले एकै मिलान हुने गरी खुलाई दिएको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी वर्ष १२ को दुहबी M कुमार (परिवर्तित नाम) ले जिल्ला सुनसरी दुहबी ३ स्थित जाहेरवालीको छोरी वर्ष ७ की दुहबी प कुमारी (परिवर्तित नाम) लाई आफ्नै घरको कोठाभित्र जवरजस्ती करणी गरेको प्रमाणित भएकोले प्रतिवादी वर्ष १२ को दुहबी M कुमार (परिवर्तित नाम) लाई मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं. विपरीत कसूर अपराधमा ऐ. ऐनको, ऐ. महलको ३(१) नं. बमोजिम सजाय हुन तथा ऐ. ऐनको, ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराई पाउन तथा प्रतिवादी १२ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) बमोजिम हुन भन्ने अभियोग मागदाबी ।

मिति २०७०/१२/८ गते पीडित लगायत ४/५ जना केटाकेटी मेरो घरमा टिभि हेर्न आएका, लाइन गएपछि अरु सबै केटाकेटी आआफ्नो घर गएँ, पीडित प कुमारी खाँटमा सुतेकै थिइन, निजको कपडा छोटो भएको, कट्टु नलगाएकोले निजको पिसाब फेर्ने ठाउँ मैले देखी हेर्दै गर्दा काकी (जाहेरवाली) आएर आमासँग झगडा गर्नु भयो, मलाई आमाले पिट्नु भयो, मैले निजलाई छोएको पनि थिइन, करणी गरेको छैन भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम दुहबी M कुमारले गरेको बयान ।

आदेशानुसार मिति २०७०/१२/१७ तथा २०७१/३/२४ का आदेशानुसार साक्षी उपस्थित गराउन पत्राचार गर्दासमेत वादी पक्षबाट तथा प्रतिवादीबाट साक्षी उपस्थित गराएको नदेखिएको, आदेशानुसार बालमनोविज्ञ छत्रमणि न्यौपानेको प्रतिवेदन मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री पदमप्रसाद वस्ती तथा प्रतिवादीका तर्फबाट वैतनिक अधिवक्ता खगेन्द्र ढकालले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा प्रतिवादी वर्ष १२ को दुहबी M कुमार (परिवर्तित नाम) ले जाहेरवालीको छोरी वर्ष ७ की दुहबी प कुमारी (परिवर्तित नाम) लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणीको महल १ नं विपरीत कसूर अपराधमा ऐ. ऐनको, ऐ. महलको ३(१) नं. बमोजिम सजाय हुन तथा ऐ. ऐनको, ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराई पाउन तथा प्रतिवादी १२ वर्षको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) बमोजिम गरिपाऊँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ ।

प्रतिवादी परिवर्तित नाम दुहबी M कुमारले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७०/१२/८ गते दिनको १६:०० बजेको समयमा आफु आफ्नै घरमा टिभी हेरिरहेको र लाइन गएपछि पीडितसँगै आएका अन्य केटीहरू त्यहाँबाट गएका र आफु सोही कोठाको ओछ्यानमा सुत्न जाँदा पीडित पनि सोही ठाउँमा सुत्न गएकी र आफुले निजको लुगा खोल्न खोज्दा पीडित रोएपछि आफु डरले भागेको, आफुले पीडितलाई करणीको प्रयाससम्म गरेको भनी करणी गरेकोमा इन्कार गरी बयान गरेको देखिन्छ भने अदालतसमक्ष बयान गर्दा टिभी हेर्न गएकी, पीडित आफ्नो कोठामा आफै सुतेकी, निजले कट्टु नलगाएकी, आफुले निजको पिसाब फेर्ने ठाउँ हेर्दै गर्दा काकीले देख्नु भएको, सोपछि जाहेरवालीले आफ्नी छोरीलाई घर लगेको भनी आफुले अभियोगअनुसारको बालबिज्याँई गरेकोमा इन्कार रहेको देखिन्छ । अभियोजन पक्षका साक्षी प्रमाण खण्डका व्यक्तिले अदालतसमक्ष उपस्थित भई मौकाको लिखत, व्यहोराको समर्थन गरी बकपत्र गरेको नदेखिँदा अनुसन्धानको क्रममा भएका त्यस्ता लिखत, व्यहोरा, प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण योग्य हुन सकेन । पीडित भनिएकी प कुमारीको शारीरिक परीक्षणबाट पनि कुनै पनि अस्वभाविक लक्षण देखिँदैन । १२ वर्ष उमेरका नाबालकको मनस्थितिमा कौतुहलता, जिज्ञासा उत्पन्न हुनु स्वभाविक हुन्छ । सोहीबमोजिम नाबालक कानूनी सम्पर्कमा आएको भन्ने बालमनोविज्ञको प्रतिवेदन रहेको देखिन्छ । बाल कौतुहलताले हेरेको सम्म कार्यलाई बालबिज्याँई मान्न मिलेन । तसर्थ परिवर्तित नाम दुहवी M कुमारले अभियोग दाबीअनुसार बालबिज्याँई गरेको स्वतन्त्र प्रमाणबाट पुष्टि नभएकोले अभियोगबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम दुहवी M कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसार अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले वादी नेपाल सरकार हुँदा केही गरिरहनु परेन १

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० (सत्तरी) दिने पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ३

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः १, ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फाल्गुण १० गते रोज १ शुभम् .....।

मोरङ जिल्ला अदालत

बाल इजलास

माननीय न्यायाधीश श्री शेखरप्रसाद पौडेल

फैसला

२०७१ सालको स.फौ.नं.-०२२३

०७०-CR-००२५

नि.नं: ३९१

मुद्दा: जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला ०९ साङ्केतिक नाम (क) चौकीघाँटको जाहेरीले नेपाल सरकार १	जिल्ला ०९ बस्ने वर्ष १२ को साङ्केतिक नाम माहादेवा A .....१ ऐ.ऐ. बस्ने १२ को साङ्केतिक नाम माहादेव (द्य) ..१
प्रमाण साक्षी: × कागज: ×	प्रमाण साक्षी: × कागज: ×

अदालतबाट बुझेको
साक्षी: ×
कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोरा निम्नानुसार देखिन्छः

मिति २०७१/३/२९ गते दिनको १४:०० बजेको समयमा घरमा नाबालक छोराछोरी छाडी म तथा पति रोजगारको सिलसिलामा गएको अवस्थामा महादेवा गा.वि.स., वडा नं. ३ स्थित महावीर मण्डलको

टिनको छाना भएको घरको पूर्व दक्षिण वरण्डा कोठामा मेरो नाबालिका छोरी वर्ष ६ को साङ्केतिक नाम (ख) चौकीघाँटलाई प्रतिवादीहरू साङ्केतिक नाम महादेवा A,B, C, र D समेतको मिलोमतोमा प्रतिवादीमध्येका माहादेवा B र C ले छोरीको हातखुट्टा समाती प्रतिवादी माहादेवा A ले छोरीको कट्टु खोली निज प्रतिवादीको लिङ्ग छोरीको योनीमा जोडाई ठेल्ने दल्ने कार्य गरेको, प्रतिवादी माहादेवा D ले बाहिरी मानिसको रेकी गरेको र जवरजस्ती करणी गर्दा छोरी रोई कराई गरेपछि निज प्रतिवादीहरू भागी गएको भनी निज छोरीले सोही दिन बताएकीले निज प्रतिवादीहरूले नाबालिका छोरीलाई जवरजस्ती करणी गरेकोमा कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको साङ्केतिक नाम (क) चौकीघाँटको जाहेरी दरखास्त ।

जिल्ला मोरङ, महादेवा गा.वि.स. ३ स्थित पूर्वमा कच्ची सडक, पश्चिममा माहावीर मण्डलको खाली जग्गा, उत्तरमा सत्यनारायाण राजवंशीको घर, दक्षिणमा श्रवण मण्डलको घर । यति चारकिल्लाभित्र पूर्व मोहडा भएको टिनको छाना भएको माहावीर मण्डलको भुई घरको पूर्व वरण्डाको दक्षिणतर्फको कोठाको भुईमा पूर्व टाउको पश्चिम गोडा बनाई मिति २०७१/३/२९ गते दिनको १४:०० बजेको समयमा साङ्केतिक नाम (ख) चौकीघाँटलाई जवरजस्ती करणी गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

जाहेरवालीको छोरी (ख) चौकीघाँट र हामी प्रतिवादी हामी एउटै गाउँको भएकोले मिति २०७१/३/२९ गते १४:०० बजे महादेवा गा.वि.स. ३ स्थित महावीर मण्डलको घरको पूर्व वरण्डा कोठामा साङ्केतिक नाम (ख) चौकीघाँट र हामी प्रतिवादी खेल्ने चल्ने क्रममा निज पीडितको कट्टु मैले तान्दा निजको पिसाब गर्ने ठाउँ योनी देखिएकाले कस्तो हुँदो रहेछ भनी योनीमा मेरो लिङ्ग जोडी ठेल्न दल्न मन लागेकोले साङ्केतिक नाम महादेवा B र C ले पीडितको हात खुट्टा समात्न सघाएँ । मैले निज (ख) चौकीघाँटलाई भुईमा सुताई कट्टु खोली मेरो लिङ्ग निजको योनीमा जोडी दल्ने कार्य गर्दा पीडित रोएकीले सो कार्य गर्न छोडेको हो । मेरो लिङ्ग योनीमा प्रवेश भयो भएन मलाई थाहा भएन १/२ पटक लिङ्ग दल्ने कार्य गरेको हुँ । साङ्केतिक नाम महादेवा D भन्ने बाहिर हेर्दै थिए । अन्य साथीहरूले करणी गर्न नपाउँदै हामी त्यहाँबाट भाग्यौं भन्ने व्यहोराको साङ्केतिक नाम प्रतिवादी A बयान कागज ।

पीडित (ख) चौकीघाँट र हामी प्रतिवादीहरू एकै गाउँको भएकोमा वारदात मिति समयमा हामी सबै सँगै घटनास्थल स्थित कोठामा खेल्ने चल्ने क्रममा प्रतिवादी महादेवा A ले (ख) चौकीघाँटको कट्टु तान्दा निजको योनी देखिएकाले निजले पीडितलाई पूर्व टाउको पारी भुईमा सुताई कट्टु खोली निजको लिङ्ग केटीको योनीमा जोडी ठेल्ने दल्ने कार्य गरेकोमा पीडित कराएपछि छाडी भागेको हो । मैले र प्रतिवादी महादेवा C ले पीडितको हात खुट्टा समाउने र प्रतिवादी महादेवा D ले बाहिरी मानिसको रेकी गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी महादेवा B को बयान कागज ।

वारदात मिति समय र स्थानमा (ख) चौकीघाँट र हामी प्रतिवादीहरू सँगै खेल्ने क्रममा प्रतिवादी महादेवा A ले (ख) चौकीघाँटको कट्टु तानेकोमा योनी देखी हामीलाई समाउन भनेकोले मैले र प्रतिवादी महादेवा

B ले पीडितको हात गोडा समात्यौं । प्रतिवादी महादेवा A ले यस्तो हुँदो रहेछ म यसलाई करणी गर्छु भनी भुईमा सुताई कट्टु खोली माथि चढी निजको लिङ्ग पीडितको योनीमा जोडाई ठेल्ने दल्ने कार्य गर्दा पीडित रोएकीले हामी डरले छाडी भागेको हो । प्रतिवादी महादेवा D ले वारदात समयमा सोही कोठामा उपस्थित भई बाहिरी मानिस हेर्ने काम गरेका हुन् भन्ने व्यहोराको प्रतिवादी महादेवा C को बयान कागज ।

वारदात मिति, समय र स्थानमा हामी प्रतिवादीहरू र (ख) चौकीघाँट सँगै खेल्ने क्रममा प्रतिवादी महादेवा A ले (ख) चौकीघाँटको कट्टु तानी योनी (पिसाब गर्ने अङ्ग) देखी यसलाई करणी गर्नु पर्‌यो भनी प्रतिवादी महादेवा B र C ले केटीको खुट्टा हात समाते, मलाई बाहिर हेर भनेकाले हेर्ने काम गरे । केही वेरमै (ख) चौकीघाँट रोए कराएकीले हेर्दा प्रतिवादी महादेवा A निजको शरीर माथिबाट उठ्दै थिए । अन्य प्रतिवादीले पीडितलाई समाउन छाडेका हुन् भन्ने व्यहोराको प्रतिवादी माहादेवा D को बयान कागज ।

प्रतिवादी महादेवा A, B, C र D गाउँकै भएकोले वारदात मिति समयमा महावीर मण्डलको घर वरण्डाको कोठामा खेलौं भनेपछि त्यहाँ गई खेल्ने क्रममा प्रतिवादी महादेवा A ले जिस्किदै मलाई समाती भुईमा सुताई प्रतिवादी माहादेवा B र C ले मेरा हात खुट्टा समाए । प्रतिवादी महादेवा A ले मेरो कट्टु खोली जिस्काउदै हास्दै निजको पिसाब गर्ने निकाली मेरो पिसाब गर्नेमा जोडी ममाथि भई ठेल्नै दल्ने घर्षने काम गर्दा म रोए कराएपछि त्यस्तो कार्य गर्न छाडी भागेका हुन् । सो कुरा मैले हजुरआमा र आमा जाहेरवालीलाई सुनाएको हुँ । सो कार्य गर्दा मलाई दुखेकोले कराएकी हुँ भन्ने व्यहोराको पीडित (ख) चौकीघाँटको घटना विवरण कागज ।

उल्लेखित वारदात, मिति, समयमा पीडित के कता गई भनी खोज्दै जादाँ रोएको आवाज सुनी घटनास्थल महावीर मण्डलको घरतर्फ जादाँ पीडितलाई शिथिल अवस्थामा देखी सोध्दा प्रतिवादीहरू महादेवा A, B, C र D लाई करणी गरेको कुरा सुनाएकी हुन् भन्ने व्यहोराको पीडितको हजुरआमा महादेवा (घ) को कागज ।

जाहेरीमा उल्लेखित वारदात मिति, समय, र स्थानमा (ख) चौकीघाँटलाई संगै खेल्ने क्रममा प्रतिवादी प्रतिवादी B र C ले हात खुट्टा समाएको प्रतिवादी महादेवा A ले (ख) चौकीघाँटलाई सुताई कट्टु खोली लिङ्ग योनीमा जोडाई दल्ने कार्य गरेको भन्ने पीडितको परिवारसमेतबाट सुनी थाहा भएको हो । नाबालक प्रतिवादीहरूले अन्जानमा खेल्ने चल्ने क्रममा सो कार्य गरेको हुनु पर्छ भन्नेसमेत व्यहोराको मनोजकुमार शर्मासमेतका मानिसको वस्तुस्थिति मुचुल्का ।

साङ्केतिक नाम (ख) चौकीघाँटको शारीरिक अवस्था सामान्य रहेको भन्ने व्यहोरा को.अ. अस्पताल, विराटनगरबाट भएको शारीरिक जाँच रिपोर्ट ।

प्रतिवादी साङ्केतिक नाम A लाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. बमोजिमको कसूर अपराधमा ऐ. महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. को दफा १० नं. बमोजिम प्रतिवादी A

बाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउन तथा प्रतिवादी साङ्केतिक नाम B ले पीडितको हातखुट्टा समाती प्रतिवादी A लाई करणी गर्न सहयोग गरेको हुँदा निज प्रतिवादी B लाई ऐ. महलको ४ नं. को कसूर अपराधमा ऐ. को ४ नं. बमोजिम सजाय गरी सामुहिक जवरजस्ती करणी गरेतर्फ ऐ. महलको ३(क) नं. बमोजिम थप सजायसमेत गरी निज प्रतिवादीहरूको उमेर १२/१२ वर्षको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

मिति याद छैन । घटनास्थल भनिएको ठाउँमा म, पीडित भनिएकी जाहेरवालाको छोरी साङ्केतिक र साङ्केतिक नाम महादेवा B लगायतका अन्य साथीभाइहरू खेलिरहेका थियौं । कसैले पनि जाहेरवालाको छोरीलाई फटाई काम गरेको छैन । मैले जवरजस्ती करणी गरेको भन्ने व्यहोरा झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्र. A ले अदालतमा गरेको बयान ।

अदालतको ठहर

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट रहनु भएका विद्धान सहायक जिल्ला न्यायाधिवक्ता निर्मला योङ्ग्या र प्रतिवादीको तर्फबाट वैतनिक अधिवक्ता श्री बलराम मेहताले गर्नु भएको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी साङ्केतिक A लाई अभियोग मागदाबीबमोजिम सजाय हनु पर्ने हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न प्रमाणको आधारमा उपर्युक्त प्रश्नतर्फ विचार गर्दा प्र. साङ्केतिक नाम महादेवा A समेतलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ र ३(१) नं. को कसूरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुन मागदाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । वादी पक्षबाट अभियोग दाबी प्रमाणित हुने प्रमाणको रुपमा जाहेरवालाको जाहेरी, पीडितको कागज, प्रतिवादीहरूको बयानलाई लिएको देखिन्छ । जाहेरवालाको जाहेरी हेर्दा, मेरो वर्ष ६ की नाबालिका छोरीलाई प्रतिवादीमध्येका A, B, C र D समेतको मिलोमतोमा प्रतिवादीमध्येका B र C ले हातखुट्टा समाई प्रतिवादी महादेवा A ले छोरीको कट्टु खोली आफ्नो लिङ्ग योनीमा जोडाई ठेल्ने पेल्ने कार्य गरेको र प्रतिवादीमध्येका D ले बाहिर मानिस हेर्ने कार्य गरेका र प्रतिवादी जवरजस्ती करणी गर्दा छोरी रोई कराई गरेपछि प्रतिवादीहरू भागी गएको कुरा छोरीले बताएकीले नाबालिका छोरीलाई जवरजस्ती करणी गर्ने प्रतिवादीलाई कानूनबमोजिमको कारवाही गरिपाऊँ भन्ने व्यहोराको जाहेरी परेको देखिन्छ । प्रतिवादी साङ्केतिक नाम महादेवा A ले अनुसन्धानमा बयान गर्दा पीडितलाई भुईमा सुताई कट्टु खोली आफ्नो लिङ्ग पीडितको योनीमा जोडी दल्ने कार्य गर्दा पीडित रोएकीले पीडितलाई सो कार्य गर्न छाडेको हो भनी बयान गरेको देखिन्छ । पीडितले अनुसन्धानमा कागज गर्दा प्रतिवादी साङ्केतिक नाम महादेवा A ले पिसाब फेर्ने निकाली मेरो पिसाब फेर्नेमा जोडी ममाथि चढी ठेल्ने र घर्षने काम गर्दा म रोएपछि छाडी गएको

हो भनी कागज गरी दिएको देखिन्छ । प्रतिवादी साङ्केतिक नाम महादेवा A ले अदालतमा बयान गर्दा अभियोग दाबीबमोजिमको कसूरमा इन्कार भई बयान गरेको देखिन्छ । प्रतिवादी साङ्केतिक नाम महादेवा A ले अदालतमा इन्कार भई बयान गरे पनि अनुसन्धानमा पीडितमाथि चढी सु गर्ने निकाली पीडितको योनीमा दल्ने ठेल्ने कार्य गरेकोमा साबित भएका पीडितले पनि प्रतिवादीले आफुलाई सुताई लिङ्ग निकाली योनीमा दल्ने ठेल्ने कार्य गरेबाट देखेर कराएको भनी कागज गरेसमेतका प्रमाणबाट प्रतिवादी साङ्केतिक नाम महादेवा A ले अभियोग दाबीबमोजिमको कसूर गरेको देखिएबाट निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ३ महिना कैद हुने ठहर्छ तर प्रतिवादी कक्षा ५ मा अध्ययनरत १४ वर्षभन्दा मुनिको बालक देखिएबाट निज प्रतिवादीलाई भएको सजाय हाललाई सोही ऐनको ५०(२) बमोजिम स्थगन गरी दिने ठहर्छ । प्रतिवादी साङ्केतिक नाम B को हकमा मुलुकी ऐन, अ.ब. १९० नं. बमोजिम मुलतवीमा राखी दिने ठहर्छ । सो ठहर्नाले अरु तपसिलमा लेखिएबमोजिम हुने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी प्रतिवादी साङ्केतिक नाम महादेवा A ले जवरजस्ती करणी उद्योगको कसूर गरेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ३ महिना कैद हुने ठहर्छ तर प्रतिवादीको उमेर अवस्थालाई विचार गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम प्रतिवादी साङ्केतिक नाम महादेवा A लाई भएको सजाय हाल भोग्न नपर्ने गरी स्थगन हुने ठहरेकाले हाललाई लगत कसी स्थगन जनाउनु १

प्रतिवादी साङ्केतिक B को हकमा मुलुकी ऐन, अ.ब. १९० नं. बमोजिम मुलतवीमा राखी दिनु । फेरारीको जानकारी सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु २

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी महादेवा A लाई ७० दिने पुनरावेदन म्याद दिनु र फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, मोरङलाई दिनु ३

सरोकारवालाले फैसलाको नक्कल मागे गरे नियमानुसार सारी सराई दिनु ४

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख संरक्षण फाँटमा बुझाई दिनु ५

यो फैसला जि.न्या.ज्यूले टिपाएअनुसार तयार गर्ने ना.सु. गोपाल आचार्य ।
कम्प्युटर सेटिङ्ग गर्ने रश्मी श्रेष्ठ ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः छत्रमणि न्यौपाने

समाजसेवीः ×

सम्वत् २०७० को बालबिज्याँई

मुद्दा नं. २६-०७०-CR-००२४

दर्ता मितिः २०७०/४/१८

निर्णय नं.: ३४२

मुद्दाः जवरजस्ती करणी (बालबिज्याँई)।

वादीको नाम, थर र वतन

जल्ला सुनसरी, महेन्द्रनगर गा.वि.स., वार्ड नं ५ बस्ने मनमाया तामाङको जाहेरीले नेपाल सरकार १

साक्षीः

जाहेरवाली मनमाया तामाङ १

पीडितः परिवर्तित नाम आर १

वस्तुस्थिति मुचुल्काका मानिसः

रकमकुमार तामाङ १

बसन्त लिम्बू १

अम्बरबहादुर तामाङ १

कागजः ×

प्रतिवादीको नाम, थर र वतन

चन्द्रमान राईको छोरा, जिल्ला सुनसरी, महेन्द्रनगर गा.वि.स. वार्ड नं. ५ बस्ने परिवर्तित नाम जे कुमार..१

साक्षीः

चित्रबहादुर कार्की १

कागजः ×

अदालतबाट बुझेको

साक्षीः

जाहेरवाली मनमाया तामाङ १

प्रतिवादीका साक्षी चित्रबहादुर कार्की १

कागजः भेजिनल स्वाव परीक्षण प्रतिवेदन

कानून व्यवसायी

वादीबाट	प्रतिवादीबाट
स.जि.न्या. श्री बिजयकुमार श्रेष्ठ	अधिवक्ता श्री बिनोदकेशरी रिजाल

अवलम्बित नजीरः

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ बमोजिम पीडितको नाम परिवर्तन गरी "आर" तथा प्रतिवादीको नाम परिवर्तन गरी "जे कुमार" उल्लेख गरी गोपनीयता कायम गरिएको छ साथै प्रस्तुत मुद्दाको सुनुवाइ बाल इजलासबाट गरिएको छ ।

मिति २०७०/३/१६ गते जिल्ला सुनसरी, ६-८-५ स्थित पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशा खाली चौरी भएको चारकिल्लाभित्र रहेको ताप्रेको झाडी । उक्त झाडीमा प्रतिवादी परिवर्तीत नाम जे कुमारले परिवर्तित नाम आर लाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको मिति २०७०/३/२० गतेको घट्नास्थल मुचुल्का ।

म जाहेरवालाको छोरी वर्ष १३ की परिवर्तित नाम आर लाई मिति २०७०/३/१६ गते राती अं. ८:०० बजेको समयमा साथी मनिता तामाङको घरमा पढ्न सुत्न भनी घरबाट जाँदाको अवस्थामा जिल्ला सुनसरी, महेन्द्रनगर गा.वि.स., वार्ड नं. ५ स्थित खुल्ला चौरी एकान्त स्थानमा पुग्दा विपक्षी परिवर्तित नाम जे कुमारले एक्कासी बाटोमा निस्की मलाई बाटो छेकी अश्लील शव्द बोली हातमा समाई बाटोदेखि पूर्व तानी लगी भुईमा उत्तानो पारी सुताई संवेदनशील अङ्गहरूमा हात लगाई मैले के गरेको भनी प्रतिकार गर्दा ज्यान मार्ने सम्मको धम्की दिई पूर्ण रुपमा नियन्त्रण लिई मुख थुनी निजको उत्तेजित लिङ्ग मेरो योनीभित्र पसाई जवरजस्ती करणी गरेको र यो घटनाबारे कोही कसैलाई भनिस् भने तलाई मारेर कोशीमा फाली दिन्छु भनी निज विपक्षी परिवर्तित नाम जे कुमारले भनी गयो । म घरमा गई, निजले दिएको धाकधम्कीको कारणबाट तत्काल कसैलाई नभनी बसेको अवस्थामा मानसिक रुपमा पीडित भई सहन नसकी साथी मनिता तामाङलाई सुनाएँ भनी उक्त घटनाबारे मेरो छोरीले भनेको हुँदा यसरी मेरो छोरी नाबालिकालाई

इच्छा विपरीत डर, त्रास देखाई विपक्षी परिवर्तित नाम जे कुमारले जवरजस्ती करणी गरेको हुँदा निज विपक्षीलाई पक्राउ गरी मुलुकी ऐन, जवरजस्ती करणी महलअन्तर्गत कारवाही गरिपाऊँ भन्ने मनमाया तामाङले २०७०/३/३१ गते दिएको जाहेरी दरखास्तको व्यहोरा ।

मिति २०७०/३/१६ गते रातको ८:०० बजेको समयमा म खाना खाई घरबाट छिमेकी साथी मनिता तामाङको घरतर्फ सुत्न भनी जाँदै थिएँ । सोही बेला बाटोमा प्रतिवादी परिवर्तित नाम जे कुमार बसेका रहेछन्, मलाई देख्नासाथ निजले एक्कासी मलाई बाटो छेकी अश्लील शब्द बोल्दै हातमा समाई बल जोर जवरजस्ती बाटोबाट पूर्वतर्फ रहेको चौरीको ताप्रेघारीमा लगी बोले कराए मार्ने धम्की दिदै मलाई भुईमा लडाई मेरो लुगा फुकाली निजले आफ्नो कट्टु खोली निजको लिङ्ग मेरो योनीमा पसाई जवरजस्ती करणी गरी निजले मलाई यो कुरा कसैलाई गरेमा मार्ने धम्की दिदै छाडी दिएपछि मैले डर, त्रास लाग्दालाग्दै पनि घटनाको बारेमा साथी मनिता तामाङलाई सुनाएपछि आमालाई समेत भनेको हुँ । निज प्रतिवादीलाई म राम्रोसँग चिन्छु, हामी र हाम्रो परिवारको निज प्रतिवादी तथा निजको परिवारसँग पुरानो रिसइवी लेनदेन छैन, अहिले मेरो स्वास्थ्य अवस्था सामान्य छ भन्ने व्यहोराको मिति २०७०/३/३१ गते पीडित परिवर्तित नाम आर ले गरिदिएको कागज ।

मिति २०७०/३/१६ गते राती अं. ८:०० बजेको समयमा म आफ्नै घरमा थिएँ, घटना सम्बन्धमा मैले मिति २०७०/३/१९ गते साँझको समयमा गाउँ घरमा हल्लाखल्ला हुँदा सुनी घटनाको बारेमा जानकारी पाएको छु । मैले घटना सम्बन्धमा बुझे सुनेअनुसार मिति २०७०/३/१६ गते राती अं. ८:०० बजेको समयमा जाहेरवालीको छोरी परिवर्तित नाम आर लाई मेरो छोरी मनिता तामाङसँग सुत्न आउँदै गर्दा प्रतिवादी परिवर्तित नाम जे कुमारले बाटोमा लुकिछिपी बसी परिवर्तित नाम आर लाई विभिन्न धाकधम्की दिदै जवरजस्ती करणी गर्यो अरे भन्ने मैले सुनेको छु । मैले घटनाको बारेमा छोरी मनिता तामाङसँग अझ प्रष्ट रुपमा बुझौं भन्न लागेकोमा छोरी मनिता तामाङसमेत २५/२६ दिनदेखि घरबाट बेपत्ता भएकी छिन् भनी भन्ने रकमकुमार तामाङसमेतले एकै मिलान हुने गरी लेखाई दिएको वस्तुस्थिति मुचुल्का विवरण ।

पीडितको Hymen absent भन्ने पीडितको शारीरिक परीक्षण प्रतिवेदन ।

प्रतिवादी परिवर्तित नाम जे कुमारले पीडित वर्ष १२ की परिवर्तित नाम आर लाई जवरजस्ती करणी गरेको कुरा सप्रमाणहरूबाट उल्लेखित हुन आएको हुँदा निज प्रतिवादीले मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. र ३(२) नं. वर्खिलाप कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको महलको ३(२) नं. बमोजिम सजाय हुन र ऐ. महलको १० नं. बमोजिम पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी ।

मिति २०७०/३/१६ गते रातीको समयमा मलाई जाहेरवालीकी छोरीले मेरो घरमा आउन भनेकाले म के रहेछ भनी बोलाएकाले निजको घरमा गएको थिएँ, त्यहाँ घरमा जाँदा निजको घर परिवार बुबा, आमा

कोही थिएनन् । जाहेरवालीकी छोरीले नचाहिदो नचाहिदो गफ गरेपछि १ घण्टासम्म निजको घरमा बसी म आफ्नो घरमा राती ९ बजेतिर गई सुतेको हुँ । निज जाहेरवालीको घरमा गएको घटना भनौं वा गफ गरेको विषयलाई लिएर घर गएको मितिले ७ दिनपछि मउपर झुठ्ठा उजूरी दिएकी हुन् । आर नामकी केटीले माया प्रीतिका कुरा गर्दिरहिछन् । गाउँमा पनि माया गरेको कुरा गर्दै हिडेकी रहिछन् । मेरो किताबमा पनि माया प्रीतिका कुमार लेखेकी थिइन् । के भएर यसरी कागज गरेकी हुन् मलाई थाहा भएन । मैले पीडितलाई जवरजस्ती करणी गरेको होइन भन्ने व्यहोराको प्रतिवादी बलराम राईले अदालतमा गरेको बयान ।

मिति २०७०/६/७ का आदेशानुसार निज प्रतिवादीको उमेर जाँच गर्न पठाइएकोमा बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट मिति २०७०/६/१० को पत्र साथ उमेर जाँच रिपोर्ट प्राप्त भएपछि १४ वर्ष ननाघेका उमेर समुहको नाबालक देखिई मिति २०७०/६/१३ का आदेशानुसार सरक्षकको जिम्मा लगाउन इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा फिर्ता पठाइएको ।

मिति २०७०/३/३१ गते इलाका प्रहरी कार्यालय, सुनसरीमा परेको जाहेरी दरखास्त व्यहोरा मेरो होइन । जाहेरी दरखास्तमा ल्याप्चे सहिछाप लगाई दिनु भनेकाले लगाई दिएको हो, प्रतिवादीले पीडित आर लाई जवरजस्ती करणी गरेको होइन भन्ने व्यहोराको जाहेरवाली मनमाया तामाङले गरेको बकपत्र ।

मिति २०७०/३/१६ गते राती अं. ८ बजेको समयमा प्रतिवादी जे कुमारले पीडित आरलाई बाटो छेकी जवरजस्ती गरेको आरोप झुठ्ठा हो, रिसइवी साध्न आरोप लगाएको मात्र हो भन्ने व्यहोराको प्रतिवादी परिवर्तित नाम जे कुमारका साक्षी चित्रबहादुर कार्कीले गरेको बकपत्र ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायधिवक्ता श्री बिजयकुमार श्रेष्ठ तथा प्रतिवादीको तर्फबाट अधिवक्ता श्री बिनोदकेशरी रिजालले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा प्रतिवादी परिवर्तित नाम जे कुमारले पीडित वर्ष १२ की परिवर्तित नाम आर लाई जवरजस्ती करणी गरी मुलुकी ऐन, जवरजस्ती करणी महलको १ नं. र ३(२) नं. बर्खिलाप कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको महलको ३(२) नं. बमोजिम सजाय हुन र ऐ. महलको १० नं. बमोजिम पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ ।

बिज्याँईकर्ता भनिएका परिवर्तित नाम जे कुमारले पीडितसँग गफ गरेको विषयलाई लिएर ७ दिनपछि आफुउपर जाहेरवालीले झुठ्ठा उजूरी दिएकी हुन् । अभियोगअनुसारको कसूर गरेको नहुँदा सजाय हुनु पर्ने

होइन भनी कसूरमा पूर्ण इन्कार रही अदालतसमक्ष बयान गरेको देखिन्छ । पीडितकी आमा जाहेरवालीले जाहेरीमा ल्याप्चे सहिछाप लगाई दिनु भनेकाले लगाई दिएको हो, जाहेरीको व्यहोरा मेरो होइन, प्रतिवादी परिवर्तित नाम जे कुमारलाई के भनेर मुद्दा लागेको हो, अनभिज्ञ रहेको, छोरीलाई जवरजस्ती करणी गर्नेबारे जान्दिन भनी बकपत्र गरेको पाइन्छ । प्रतिवादीका साक्षी चित्रबहादुर कार्कीले प्रतिवादीलाई ईवी साध्न गर्न झुठ्ठा उजूरी गरेको भन्नेसमेत व्यहोराको बकपत्र गरेको देखियो । पीडित भनिएकी परिवर्तित नाम आर लाई बकपत्र प्रयोजनका लागि पटकपटक उपस्थित गराउन आदेश हुँदा पनि उपस्थिति रहेको देखिएन ।

यसरी पीडितले बकपत्र नगरी बसेकी र स्वंय निजकी आमा, जाहेरवालीले पीडितलाई जे कुमारले कसूर नगरेको भनी बकपत्र गरेको तथा बिज्याँईकर्ता भनिएका परिवर्तित नाम जे कुमार कसूरमा इन्कार रहेको देखिँदा, यिनै प्रतिवादीले कसूर गरेको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि भएन, अभियोग दाबीबाट प्रतिवादीले सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम यो फैसला गरी दिएँ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम जे कुमारके माथि इन्साफ खण्डमा लेखिएअनुसार अभियोग दाबीबमोजिम सफाई पाउने ठहरेकाले वादी नेपाल सरकार हुँदा केही गरिरहनु परेन १

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई ७० (सत्तरी) दिने पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ३

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही । फाँटः१, ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फाल्गुण १२ गते रोज ३ शुभम् .....।

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.

फैसला

सम्वत ०७० सालको ७४-०७०-००५२१/CR-००८८

नि.नं.२३०

मुद्दाः चोरी।

वादीको नाम, थर, वतन

सशस्त्र प्रहरी बल सिमा सुरक्षा पोष्टको पत्र जाहेरीले नेपाल सरकार १

प्रमाण

जाहेरवाला विष्णुप्रसाद अधिकारी

घटना विवरणका मानिसहरू

दशी

३४२ थान स्टिलका गिलासहरू

प्रतिवादीको नाम, थर, वतन

जिल्ला बाँके, जयसपुर गा.वि.स., वडा नं. ६ बस्ने मोहरवली बागवानको छोरा गुल्जार बागवान १

जिल्ला बाँके, भवानियापुर गा.वि.स., वडा नं. १ बस्ने हनिफ कुरेसीको छोरा ढकेलु कुरेसी ...१

प्रमाण

साक्षीः ×

अदालतबाट बुझेको

प्रमाण

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

१. जिल्ला बाँके, जयसपुर गा.वि.स., वार्ड नं. ६ स्थित पूर्वमा भन्सार कार्यालय चेकिङ्ग भवन, पश्चिममा भन्सार कार्यालय, उत्तर दक्षिणमा बाटो । यति चारकिल्लाभित्र सेतो प्लाष्टिकको थैलोमा सामान बोकी हिडेका प्रतिवादी गुल्जार बागवानलाई शङ्का लागी रोकी चेकजाँच गर्दा निजले बोकेको प्लाष्टिक थैलोभित्र रहेको स्टिल गिलास ३४२ थान प्रहरी टोलिले वरामद गरी लिएको भन्ने वरामदी मुचुल्का ।

२. मिति २०६८/७/१७ गते साँझ भन्सार कार्यालय नेपालगञ्जमा लिलामको लागि राखिएको स्टिल गिलासहरू चोरी गरी लिन लागेको भन्ने सूचनाको आधारमा यस कार्यालयबाट खटिएको सशस्त्र प्रहरी टोलीले जिल्ला बाँके, जयसपुर-६ स्थित प्रतिवादी गुल्जार बागवानले चोरी गरी लिँदै गरेको ३४२ थान स्टिल गिलास फेला पारेको हुँदा निजलाई आवश्यक कारवाहीको लागि पठाइएको भन्ने व्यहोराको सशस्त्र प्रहरी बल सिमा सुरक्षा पोष्ट जमुनहाको पत्र ।

३. म बि.पी. चोक नजिक कुखुराको मासु पसलमा काम गर्ने भएकाले मलाई उक्त पसलका साहुले भवानियापुर बस्ने आफ्नो भतिजा ढकेलु कुरेसीको घरमा गई कुखुरा लिई आउन भनेको हुँदा म उक्त स्थानतर्फ जाँदै गर्दा बाटोमा निज ढकेलु कुरेसीले पिठ्यूमा सामान बोकी हिडिरहेको अवस्थामा फेला पारी निजसगै जाँदै गर्दा बाटोमा सशस्त्र प्रहरी टोली आएको देखी निज ढकेलु कुरेसी आफुले ल्याएको सामान छाडी भागी गएकोमा पछि सशस्त्र प्रहरी टोली आई उक्त सामानसहित मलाई पक्राउ गरेका हुन् । सो सामान हेर्दा ३४२ ओटा स्टिल गिलास थिए । सो सामान निज ढकेलु कुरेसीले के कहाँबाट ल्याएका हुन् निजलाई नै थाहा होला । निजको घर भवानियापुरमा हो भन्ने व्यहोराको गुल्जार बागवानको बयान ।

४. मिति २०६८/७/१८ गते बाँके, जयसपुर-६ बस्ने गुल्जार वागवान र ढकेलु कुरेसीले गिलास चोरी भाग्दै गरेको अवस्थामा सशस्त्र प्रहरी टोलीले निज गुल्जार बागवानलाई गिलाससहित पक्राउ गरेका हुन्, ढकेलु कुरेसी भागी फरार रहेका हुन् भन्ने व्यहोराको जलालु साई, चाँद अलि र रमजान बागवानको कागज ।

५. मिति २०६८/७/१८ गते मैले १२० किलोका गिलासहरू ल्याई नेपालगञ्ज भन्सार कार्यालयमा रिजवान टेर्ड्रसको नाउमा भन्सार महसुल तिरी साँझ परेकाले उक्त सामान मैले भन्सार कार्यालयमा नै राखी घरमा गएकोमा उक्त गिलास निज गुल्जार बागवानले भन्सार कार्यालयबाट चोरी लिँदै गरेको अवस्थामा सशस्त्र प्रहरी टोलीले फेला पारी पक्राउ गरेका हुन् वरामद स्टिल गिलास मेरो हो भन्ने व्यहोराको फारुक अन्सारीको कागज ।

६. प्रतिवादी गुल्जार बागवानलाई खोजी भएका बखत यस कार्यालयमा उपस्थित गराउने गरी मेरो जिम्मा जमानीमा बुझी लिए भन्ने व्यहोराको जिलेदार बागवानको कागज ।

७. वारदात स्थानदेखि नै भागी फरार रहेका ढकेलु कुरेसीको खोजतलास गर्दा फेला नपरेको भन्ने प्रहरी प्रतिवेदन ।

८. प्रतिवादी गुल्जार बागवानलाई उपस्थित गराएको भन्ने व्यहोराको जिलेदार बागवानको निवेदन ।

९. प्रतिवादी गुल्जार बागवान र ढकेलु कुरेसीले भन्सार कार्यालय परिसरमा प्रवेश गरी ३४२ थान स्टिलका गिलासहरू चोरी गरी जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी टोलीलाई देखी प्रतिवादीमध्येका ढकेलु कुरेसी भागी गएको र प्रतिवादी गुल्जार बागवानलाई चेकजाँच गर्दा ३४२ थान स्टिलका गिलास फेला पारी पक्राउ गरेको पुष्टि भई प्रतिवादी गुल्जार बागवान र ढकेलु कुरेसीले मुलुकी ऐन, चोरीको महलको १ नं. को कसूर अपराध गरेको देखिँदा निजहरूलाई सोही महलको १२ नं. बमोजिम सजाय गरी ऐ. १० नं. बमोजिम बिगो रु. १०,२६०/- को वरामदी ३४२ थान स्टिलका गिलास मालधनी फारुक अन्सारीलाई दिलाई भराई पाउन र प्रतिवादी गुल्जार बागवानको उमेर हाल ११ वर्षमुनिको देखिएको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।

१०. वरामद गिलास प्रतिवादी ढकेलु कुरेसीले मलाई यो सामान अर्कैको घरमा राखेर आउँ भनी दिएका हुन् । सामान मबाट वरामद भएको हो । भन्सारबाट चोरी गरेको हो । मैले चोरी गरेको नहुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी गुल्जार बागवानले अदालतमा गरेको बयान ।

११. प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, वरामदी मुचुल्का, बुझिएका मानिसहरूले गरेको कागजसमेतका आधारमा प्रतिवादी रमजान बागवान निर्दोष रहेछन् भनी भन्न सकिने अवस्थाको विद्यमानता नदेखिए पनि निज गुल्जार बागवानको उमेर ११ वर्ष भन्ने २०५७/३/१० जन्ममिति उल्लेख भएको जन्मदर्ताको प्रमाणपत्रको छायाँ प्रतिबाट देखिँदा निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) आकर्षित हुने हुँदा अदालतले खोजेका बखत उपस्थित गराउने गरी ऐ. बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम निजको अभिभावक जिम्मा लगाई पठाई दिनु । साथै दशीका गिलास ३४२ थान जिन्सीमा आम्दानी बाध्नु र वरामदी मुचुल्काबाट १५ के.जी. १०० ग्राम गिलास वरामद भएको भन्ने देखिन्छ भने मूल्य खुलाइएको पत्रबाट ३४२ थान गिलास (१५ के.जी. १०० ग्राम) उल्लेख भएको र मिसिल संलग्न फारुख अन्सारीको २०६८/७/२६ को सनाखत कागजबाट ३६० थान गिलास सनाखत गरेका र सोको तौल पनि (१५ के.जी. १०० ग्राम) भन्ने उल्लेख भएबाट चोरी भएको र वरामद गिलास संख्या एवं तौलसमेत फरक भएकोले सो सम्बन्धमा के भएको हो ? ३६० गिलास र ३४२ गिलासको तौल १५ के.जी. १०० ग्राम नै कसरी हुन गयो ? सो सम्बन्धमा स्पष्ट खुलाई पठाउन जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालयलाई लेखी पठाई जवाफसमेत मगाउनु भन्ने मिति २०७०/७/१५ को आदेश ।

१२. फारुक अन्सारीको सनाखत कागजमा ३४२ थान गिलासको तौल १५ किलो १०० ग्राम हुनु पर्नेमा अन्यथा हुन गएको भन्ने जिल्ला प्रहरी कार्यालय, बाँकेको च.नं. २८६० मिति २०७०/१०/१६ को पत्र ।

१३. प्रतिवादी ढकेलु कुरेसीको नाउँमा मिति २०७०/११/१९ मा म्याद तामेल भएकोमा निज हाजिर नभई म्यादै गुजारी बसेका ।

अदालतको ठहर

१४. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता नविनकुमार भट्टले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१५. निर्णयतर्फ विचार गर्दा प्रतिवादीमध्येका ढकेलु कुरेसी म्यादमा हाजिर नभई गुजारी बसेको देखिँदा निजका हकमा मुलुकी ऐन, चोरीको महलको १० नं. बमोजिम मुलतवीमा राखी दिने ठहर्छ ।

१६. प्रतिवादीमध्येका गुल्जार बागवान तत्काल वरामद ३४२ थान स्टिल गिलाससहित पक्राउ परेको भन्ने खानतलासी वरामदी मुचुल्कासमेतबाट देखिन्छ । निजले अनुसन्धानका क्रममा बयान गर्दा वरामद गिलासहरू ढकेलु कुरेसीले चोरी गरेका आफु पनि निजकै साथमा रहेको र प्रहरीलाई देखी ढकेलुले गिलास फाली भागेकाले प्रहरीले आफुलाई पक्राउ गरेका भनी र यस अदालतमा बयान गर्दा वरामद गिलास अरुकै घरमा राखी आउँ भनी दिएकाले लिई जाँदा आफुबाट वरामद भएको तर आफुले चोरी नगरेको भनी बयान गरेको देखिन्छ । सामान धनीसहितका वादी पक्षका कुनै साक्षी अदालतमा उपस्थित हुन सकेको देखिँदैन तापनि आफुबाट चोरीका गिलास वरामद भएको कुरालाई यस अदालतमा समेत स्वीकार गरेको देखिँदा निजले मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत कसूर गरेको देखिँदा ऐ. १२ नं. बमोजिम सजाय हुनेमा निजको जन्ममिति २०५७/३/१० भन्ने जन्मदर्ताको छायाँ प्रतिबाट देखिई निज वारदातका समय ११ वर्षका नाबालक भन्ने देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम दिन ५ (पाँच) कैद हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी गुल्जार बागवानलाई दिन ५(पाँच) कैद हुने ठहरेकोले निज मिति २०६८/७/१८ देखि २०६८/७/२४ सम्म अनुसन्धानको क्रममा थुनामा रही लागेको कैद भुक्तान भइसकेको देखिँदा लगत कसी असुल जनाउनु १

यस इन्साफमा चित्त नबुझे ऐनको म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु भनी प्रतिवादी गुल्जार बागवानलाई पुनरावेदन म्याद दिनु २

फरार प्रतिवादी ढकेलु कुरेसीका हकमा मुलुकी ऐन, चोरीको १० नं. बमोजिम मुल्तवीमा राखी दिने ठहरेकाले निजको हकमा मुल्तवी दायरीमा दर्ता गर्नु ३

फैसलाको प्रतिलिपिसहित जानकारी जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई दिनु ४

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ५

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ६

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने
क.अ.: वाङ लामा छुमी
फाँटवालाः ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फाल्गुण १३ गते रोज ४ शुभम् .....।

सुनसरी जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री गोपाल भट्टराई

फैसला

उपस्थिति

बालमनोवैज्ञानिकः छत्रमणि न्यौपाने

समाजसेवीः ×

सम्वत् २०७० को बालबिज्याँई

मुद्दा नं.: २६-०७०-CR-०१६८

दर्ता मितिः२०७०/८/५

निर्णय नं.: ३७३

मुद्दाः जवरजस्ती करणी।

वादीको नाम, थर, वतन

जिल्ला सुनसरी, धरान न.पा., वार्ड नं. १५ बस्ने परिवर्तित नाम राधिका सुवेदीको जाहेरीले नेपाल सरकार १

साक्षीः

जाहेरवाली परिवर्तित नाम राधिका सुवेदी ..१

पीडितः परिवर्तित नाम सरस्वती सुवेदी ..१

वस्तुस्थिति मुचुल्काका मानिसः

मदन बस्नेत १

कागजः ×

प्रतिवादीको नाम, थर, वतन

सविना वि.क.को छोरा, जिल्ला सुनसरी, धरान न.पा., वार्ड नं. १५ बस्ने परिवर्तित नाम इ कुमार.१

साक्षीः

बिन्दा बि.क. १

कागजः ×

अदालतबाट बुझेको

साक्षीः

जाहेरवाली परिवर्तित नाम राधिका सुवेदी १
पीडितः परिवर्तित नाम सरस्वती सुवेदी १
वस्तुस्थितिकाः मदन बस्नेत १
चिकित्सक डा. बाबुराम दिक्षित १
प्रतिवादीका साक्षीः बिन्दा बि.क. १

कागजः पीडितको भेजिनल स्वाव परीक्षण रिपोर्ट ।

कानून व्यवसायी

वादीबाट	प्रतिवादीबाट
स.जि.न्या. श्री पदमप्रसाद वस्ती	अधिवक्ता श्री प्रकाशराज ओझा

अवलम्बित नजिरः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. ले यसै अदालतको क्षेत्राधिकारअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः

विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्नेसम्बन्धी निर्देशिका, २०६४ बमोजिम पीडितको नाम परिवर्तन गरी "सरस्वती सुवेदी" उल्लेख गरी गोपनीयता कायम गरिएको छ साथै प्रस्तुत मुद्दाको सुनुवाइ बाल इजलासबाट गरिएको छ ।

मिति २०७०/७/६ गतेका दिन दिनको १५:०० बजेको समयमा जिल्ला सुनसरी, धरान न.पा., वडा नं. १५ स्थित पूर्वमा सेउती खोलाको बगर, पश्चिम, उत्तर र दक्षिणमा उपभोक्ता समितिको जङ्गल । यति चारकिल्लाभित्र पर्ने १५ नं. उपभोक्ता समितिको जङ्गलमा प्रतिवादी परिवर्तित नाम ई कुमारले परिवर्तित नाम सरस्वती सुवेदीलाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मेरी छोरी वर्ष ७ की परिवर्तित नाम सरस्वती सुवेदीलाई प्रतिवादी परिवर्तित नाम ई कुमारले आफ्नो घर छेउमा खेल्दै गरेको ठाउँबाट दश रुपैयाँ दिन्छु भनी प्रलोभन देखाई ललाईफकाई केही तलदेखि बोकेर सेउतीको एकान्त जङ्गलमा लगेर जवरजस्ती करणी गरेको भनी वर्ष १० को अजय तामाङले देखेको भनी बताएको र निज पीडितले उक्त घटनापश्चात् आमा कामबाट घरमा आएपछि रुँदै बताएकोले मुलुकी ऐन, जवरजस्ती करणी महलअन्तर्गत कसूर गरेकोले निजलाई पक्राउ गरी कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको परिवर्तित नाम राधिका सुवेदीको २०७०/७/६ गतेको जाहेरी दरखास्त ।

मेरो साथी परिवर्तित नाम ई कुमारलाई पहिलादेखि चिनेको छु । निज पहिलादेखि चिनजान भए तापनि खराब चालचलनको व्यक्ति भएको हुँदा त्यती राम्रोसँग बोलचाल छैन । यस्तैमा मिति २०७०/७/६

गतेका दिन मेरो निजसँग भेट भएकोमा केही समय बसी गफगाफ गर्दै थिए । निज बालिका सरस्वती सुवेदी निजको घर आँगनमा खेल्दै रहेको अवस्थामा निज परिवर्तित नाम ई कुमार गयो र रु. १०/- को नोट दिई निजलाई बोकी जङ्गलतर्फ लिई गयो । यसले के गर्छ भनी केही समयपछि निजको पिछा गर्दै जाँदा उक्त जङ्गलमा लगी भुईमा सुताई निजको कपडा खोली आफ्नो कपडा खोली जवरजस्ती करणी गर्दै गरेको देखी निज बालिका रुँदै थिई । त्यहाँबाट म बालिकाको घरतर्फ आउँदै गर्दा बालिका रुँदै मभन्दा अगाडि कुद्दै घरमा आई निजको सानी आमालाई सबै कुरा बताएकी हो । निज अपराधीले यसरी नाबालिकालाई जवरजस्ती करणी गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको नाम परिवर्तित शर्मिला गुरुङ्गले गरेको घटना विवरण कागज ।

मिति २०७०/७/६ गतेको दिन बेलुका १५:०० बजेको समयमा म आफ्नो घर आगनमा खेल्दै थिएँ । घरमा कोही थिएनन् । त्यस्तैमा पहिलादेखि चिनेको परिवर्तित नाम ई कुमार म भएको ठाउँमा आई तिम्रो घरमा कोही छैनन् भनी सोध्यो । मैले छैनन् भनेपछि हिड खाजा खान भन्यो । मैले जान्न भन्दा रु. १०/- को नोट दियो र ललाईफकाई गरी मलाई बोकी जङ्गलतर्फ लग्यो । मैले कहाँ लगेको भनी सोध्दा पर जाउँ केही हुँदैन भनी लिई गयो र जङ्गलको बीचमा लगी बोलिस् कराइस् भने मारी दिन्छु भनी हातमा समाती मेरो कच्छी खोली निजको कच्छी खोली पिसाब फेर्ने लिङ्ग निकाली मलाई सुताई मेरो पिसाब फेर्ने योनीमा पसाउन खोज्यो । म रुँन कराउन लाग्दा मेरो योनीमा दलदाल गरी निजको वीर्य झरेछ । तातोतातो भयो भनी भन्दा निजले मलाई कसैलाई नभन्नु नरुँनु भनी छाडेपछि म त्यहाँबाट घरमा आए र मेरो सानीआमालाई सबै कुरा बताएकी हुँ । म एक नाबालिकालाई घरमा कोही नभएको अवस्थामा आई रु. १०/- को नोट दिई प्रलोभनमा पारी बोकी लगी जवरजस्ती करणी गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको पीडित सरस्वती सुबेदीले गरेको घटना विवरण कागज ।

मिति २०७०/७/६ गतेका दिन बेलुका १५:०० बजेको समयमा पहिलादेखि चिनेको अजय तामाङसँग भेट भयो र केही छिन गफगाफ गर्दै बसिरहेकोमा निज परिवर्तित नाम सरस्वती सुबेदी निजको घरको आगनमा खेल्दै गरेको देखी अजय तामाङलाई सोही ठाउँमा छाडी गई बालिका देख्ने बित्तिकै मलाई यौन सम्पर्क गर्न उत्तेजित भएको हुँदा निजलाई जङ्गलमा लगी करणी गर्नु पर्‌यो भनी बालिकालाई घरमा अरु कोही छन् छैनन् भनी सोध्दा कोही छैनन् भनेपछि मैले निजलाई हिड खाजा खान भन्दा निजले नमानेपछि फकाई रु. १०/- को नोट निकाली निजको हातमा दिई बोकी लिई जङ्गलमा लगी त्यहाँ घटनास्थलमा पुर्‌याएपछि बोलिस् कराइस् भने तलाई मारी दिन्छु भनी भुईमा सुताई निजले लगाएको पेन्टी खोली दिँदा रुँन लागी मैले पनी आफ्नो कपडा पेन्टी खोली निजमाथि चढी निजको पिसाब फेर्ने ठाउँमा मेरो पिसाब फेर्ने लिङ्ग पसाउन खोज्दा नपसेपछि दलदाल गरी मेरो वीर्य झरेपछि निज रुँन कराउन थाली सोही समयमा अजय तामाङले देखेछ अनी निज बालिका रुँदै रुँदै दौडिदै घरमा गई घर पुगी निजको सानीआमालाई बताइछे । सानीआमाले प्रहरी बोलाई मलाई पक्राउ गरी ल्याएको हो । मैले सानी बालिकालाई यसरी जवरजस्ती करणी गर्नुमा मेरो गल्ती भएको हुँदा कानूनबमोजिम भए सहन भोग्न मञ्जुर छु भन्नेसमेत

व्यहोराको प्रतिवादी परिवर्तित नाम ई कुमारले अधिकारीप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज । बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपाको परिवर्तित नाम सरस्वती सुबेदीको शारीरिक परीक्षण गर्न पठाएकोमा निजको कन्याजाली च्यातिएको (Ruptured/Hymen is torn) भन्ने प्रतिवेदन रिपोर्ट ।

मिति २०७०/७/६ गतेका दिन बेलुका १५:०० बजेको समयमा म गाउँमा गई घर आउँदा यस्तै १५:३० बजेको थियो होला । घरमा आउँदा निज बालिका सरस्वती सुबेदी ओछ्यानमा सुतिरहेको देखी मेरो दिदीको छोरी भएकी हुँदा के भयो भनी सोध्दा निज ज्वरो आई सुतेको देखी सोधपुछ गर्दा आमा काममा जानु भएको र म आँगनमा एक्लै खेल्दै रहेका अवस्थामा निज परिवर्तित नाम ई कुमार आई मलाई खाजा खान जाऔँ भन्यो, मैले मानीन अनी रु. १०/- को नोट गोजीबाट झिकी ललाईफकाई गरी बोकी पर जङ्गलमा लगी मलाई सुताई जवरजस्ती करणी गरेको हो । निजले एक बालिकालाई त्यसरी घरमा एक्लै देखी प्रलोभनमा पारी लगी जवरजस्ती करणी गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको सुस्मिता कालीकोटेले गरेको घटना विवरण कागज ।

मिति २०७०/७/६ गतेका दिन बेलुका १५:०० बजे समयमा जाहेरवालीको छोरी परिवर्तित नाम सरस्वती सुबेदीलाई परिवर्तित नाम ई कुमारले जवरजस्ती करणी गरेको भनी सुनी थाहा पाएको हुँदा निजउपर कानूनबमोजिम कारवाही होस् भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

परिवर्तित नाम सरस्वती सुबेदीलाई प्रतिवादी परिवर्तित नाम ई कुमारले जवरजस्ती करणी गरेको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादी परिवर्तित नाम ई कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत ऐ. ऐनको ३ नं.(१) बमोजिमको कसूर अपराध गरेकोमा निज प्रतिवादीलाई ऐ. ऐनको ३(१) नं. बमोजिम सजाय हुन र ऐ. ऐनको ऐ. महलको १० नं. बमोजिम उचित क्षतिपूर्ति दिलाई भराई पाउनसमेतको अभियोग मागदाबी ।

मैले परिवर्तित नाम सरस्वती सुबेदीलाई जवरजस्ती करणी गरेको होइन । मिति २०७०/७/७ गते दिउँसो ३ बजे म लगायत विनायक राई, भक्कु बि.क., पीडितको भाइ अजय तामाङ, सञ्जय तामाङ भई मसमेत सो जङ्गलमा खेल्न गएकोमा पीडित लगायत अन्य बच्चाहरू बीच धकेलाधकेली झैझगडा भयो । रुखको पोथ्रामा पीडित वादी निधारमा चोट लाग्दा निज दौड्दै घरतिर लागिन् । कसरी जाहेरी दिए मलाई थाहा छैन, म १४ वर्षको मानिसलाई फसाउने नियत भएको हुँदा सजाय हुने होइन भन्ने प्रतिवादी परिवर्तित नाम ई कुमारले अदालतसमक्ष गरेको बयान ।

मिति २०७०/८/९ का आदेशानुसार निज प्रतिवादी १४ वर्षको नाबालक देखिई मुद्दा पुर्पक्ष निमित्त बाल सुधार गृह, कञ्चनबारी विराटनगर पठाइएको ।

आदेशानुसार निज प्रतिवादीको नाम परिवर्तन गरी ई कुमार कायम गरिएको रहेछ ।

प्रतिवादी पीडितलाई जवरजस्ती करणी गरेको होइन, फसाउन झुठ्ठा मुद्दा दिएका हुन् भन्नेसमेतको प्रतिवादीका साक्षी बिन्दा बि.क.ले गरेको बकपत्र ।

प्रतिवादीले मलाई साइकलमा लिएर गएका, ढुङ्गामा साइकल ठोक्किएर लड्यो, मलाई केही गरेन भन्नेसमेतको पीडित परिवर्तित नाम सरस्वती सुबेदीको बकपत्र ।

प्रतिवादीले छोरीलाई साइकलमा लिई जङ्गलतिर गएका थिए । जवरजस्ती करणी गरेको होइन । छोरी साइकल सिक्दै थिइन् । त्यसैबाट कन्याजाली च्यातिएको हो, कसरी हो थाहा भएन, घरमा पाहुना, प्रहरी भएको बेला बच्ची रुँदै आएको बेला त्यही हुलमा मुद्दाक चल्न गएको हो भन्ने जाहेरवाली परिवर्तित नाम राधिका सुबेदीको बकपत्र ।

पीडितलाई प्रतिवादीले जवरजस्ती करणी गरेको होइन, शङ्काको भरमा उजूरी दिएको हो भन्ने वस्तुस्थिति मुचुल्काका मदन बस्नेतको बकपत्र ।

पीडितको परीक्षण गर्दा Hymen च्यातिएको थियो, चोट पटक थिएन, रगत बगेको थिएन, यौन सम्पर्क, घोडा चढ्दा, साइकल चढ्दा चलाउँदा, कुनै चिजले चोट पटक लाग्दा Hymen च्यातिन सक्छ भन्नेसमेतको पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक डा. बाबुराम दिक्षितको बकपत्र ।

आदेशानुसार बालमनोविज्ञ छत्रमणि न्यौपानेको प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान सहायक जिल्ला न्यायाधिवक्ता पदमप्रसाद वस्ती तथा प्रतिवादीका तर्फबाट अधिवक्ता श्री प्रकाशराज ओझाले गर्नु भएको बहससमेत सुनी मिसिल कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दाः

यसमा परिवर्तित नाम सरस्वती सुबेदीलाई प्रतिवादी परिवर्तित नाम ई कुमारले जवरजस्ती करणी गरेको वारदात पुष्टि हुन आएकोले निज प्रतिवादी परिवर्तित नाम ई कुमारलाई मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं. विपरीत ऐ. ऐनको ३(१) बमोजिमको कसूर अपराध गरेकोमा निज प्रतिवादीलाई ऐ. ऐनको ३(१) नं. बमोजिम सजाय हुन र ऐ. ऐनको ऐ. महलको १० नं. बमोजिम उचित क्षतिपूर्ति दिलाई भराई पाउनसमेतको अभियोग मागदाबी रहेको देखिन्छ ।

बिज्याँईकर्ता भनिएका परिवर्तित नाम ई कुमारले अदालतसमक्ष बयान गर्दा मिति २०७०/७/६ मा परिवर्तित नाम सरस्वती सुबेदीलाई जवरजस्ती करणी गरेको होइन । पीडितका भाइ लगायत जङ्गलमा खेल्न गएका, बालबच्चाहरू धकेलाधकेली झैझगडा भयो । रुखको पोथ्राबाट पीडितलाई निधारमा चोट लाग्दा रुँदै गई सो कुरा बाबुआमालाई सुनाएकी हुन् । आफु विरुद्धको आरोप झुठ्ठा हो । अनुसन्धान अधिकारीसमक्षको बयान स्वइच्छाको होइन भनी कसूरमा पूर्णतः इन्कार रहेको पाइन्छ । प्रतिवादीका साक्षी बिन्दा बि.क.ले अन्य केटाकेटीसँग गाउँ घरमा हिडिरहेका, प्रतिवादीले जवरजस्ती करणी गरेको होइन, बच्चालाई सोध्दा होइन भनेकोमा बाबुले छोडेकालाई प्रहरीले लिई गएका भन्नेसमेत व्यहोराको बकपत्र गरेको देखिन्छ । परिवर्तित नाम सरस्वती सुबेदीको सरक्षिका जाहेरवाला परिवर्तित नाम राधिकाको रोहवरमा अदालतसमक्ष साइकलमा राखी प्रतिवादीले लगेकोमा छाडा काम केही गरेन । हामी ४/५ जना साना केटाकेटीहरू खेल्न घुम्न गएका थियौं । ठोकिएर साइकल ढुङ्गामा अल्झेर लड्यो र म पनि लडें, अन्य साथमा आएकाले पनि लडेको देखें, लडेपछि रुँदै घरमा गएँ भन्नेसमेत व्यहोराको बकपत्र गरेको देखिन्छ । जाहेरवालाले अदालतसमक्ष प्रतिवादीले छोरीलाई साइकलमा लिएर गएछन्, घारी जङ्गलमा दुवै लडेको एकजना भाइले देखेछन्, रुँदै घरमा आई, मैले देखिन । परिवर्तित नाम ई कुमारले जवरजस्ती करणी गरेको होइन । घर आउँदा पीडितको योनीबाट रगत बगेको थिएन, साइकल सिक्दै थिइन्, लडेर हो वा कसरी हो थाहा भएन, नानीको भनाईअनुसार साइकल चढ्दा ढुङ्गामा ठोकिएर हुन सक्छ, रुँदै आएको बेला त्यही हुलमा मुद्दा चलाउनु पर्छ भन्दा मुद्दा चल्न गएको हो भन्नेसमेत व्यहोराको बकपत्र गरेको पाइन्छ ।

परिवर्तित नाम सरस्वतीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक बाबुराम दिक्षितले बकपत्र गर्दा परिवर्तित नाम सरस्वतीको Hymen च्यातिएको थियो, रगत बगेको थिएन, नयाँ पुरानो थाहा दिने सङ्केत वा लक्षणहरू यकीन भन्न नसकिने भनी Hymen च्यातिनु, यौन सम्पर्क, घोडा चढ्दा, साइकल चढ्दा वा चोटपटक लाग्दा विभिन्न कारणले हुन सक्ने, परीक्षण गर्दा यौन सम्पर्कको बारेमा खुलस्त नभनेको, पहिलो पटक यौन सम्पर्क हुँदा रगत बग्न सक्ने कुनैकुनै विरामीमा बग्न नसक्ने पहिले नै च्यातिएकोमा टिप्पणी गर्न गाह्रो हुने भन्नेसमेत व्यहोरा उल्लेख गरेको देखिन्छ ।

परिवर्तिन नाम ई कुमारले अदालतसमक्ष आफुसँग साइकल चढी पीडितसमेत खेल्न गएका अवस्थामा लडेर चोट लागेपछि पीडित रुँदै घर गएकी भनी आफुद्वारा बिज्याँई भएको भन्नेमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । परिवर्तित नाम सरस्वतीले पनि अदालतसमक्ष, बिज्याँईकर्ता भनिएका र अन्य बच्चाहरूसमेत भई खेल्न गएका अवस्थामा साइकल ठोक्किएर लडेपछि रुँदै घर आएकी भनी आफुलाई छाडा नगरेको भन्नेसमेत व्यहोराको बकपत्र गरेको पाइन्छ । जाहेरवाली परिवर्तित नाम सरस्वतीकी आमाले बकपत्र गर्दा छोरी साइकल सिक्दै थिइन, परिवर्तित नाम ई कुमारसँग साइकलबाट लडेको अन्यले पनि देखेको, छोरी रुँदै थिइन्, परिवर्तित नाम ई कुमारसँग साइकलबाट लडेको अन्यले पनि देखेको, छोरी रुँदै आएको बेला त्यही हुलमा मुद्दा चलाउनु पर्छ भन्दा मुद्दा चल्न गएको, परिवर्तित नाम ई कुमारले बिज्याँई गरेको होइन भनी व्यहोरा लेखाएको पाइन्छ । परिवर्तित नाम सरस्वतीको स्वास्थ्य परीक्षण गर्ने

चिकित्सकले पनि साइकल चढ्नुसमेतका कारणले Hymen च्यातिन सक्ने भनी कसूरजन्य कार्यले नै चोट लागेको भनी यकीन गर्न सकेको देखिँदैन । तसर्थ उपरोक्त आधार प्रमाणबाट परिवर्तित नाम ई कुमारले बालबिज्याँई गरेको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि नभएकोले बालबिज्याँई गरेको भन्ने अभियोग दाबीबाट सफाई पाउने ठहर्छ ।

तपसिल

प्रतिवादी परिवर्तित नाम ई कुमारके, अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले निज प्रतिवादी हालसम्म बाल सुधार गृह, कञ्चनबारी विराटनगरमा रहेको हुँदा अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए यस मुद्दाबाट थुनामुक्त गरी दिनु भनी उक्त बाल सुधार गृहमा लेखी पठाउनु १

उपरोक्त इन्साफमा चित्त नबुझे श्री पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, सुनसरीलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० (सत्तरी) दिने पुनरावेदनको म्याद दिनु २

सरोकारवालाले फैसलासहितको नक्कल मागे नियमानुसार सारी वा सराई दिनु ३

दायरीको लगत कट्टा गरी मिसिल छिनुवा फाँटमा बुझाई दिनु ४

प्रस्तुत फैसला माननीय जि.न्या.ज्यूबाट बोली टिपाएबमोजिम टिपी टाइप गर्ने डिठ्ठा बाबुराजा शाही ।
फाँटः १, ना.सु. डम्बरप्रसाद घिमिरे ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल फाल्गुण २८ गते रोज ५ शुभम् .....।

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.

फैसला

सम्वत् ०७० सालको ७४-०७०-००६२८ / CR-०११६

नि.नं.२६९

मुद्दा: जवरजस्ती करणी उद्योग ।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
जिल्ला बाँके, रुभेना गा.वि.स., वडा नं.४ बस्ने परिवर्तित नाम संकेत L-N को जाहेरीले नेपाल सरकार १	जिल्ला मुगु, सुकाढिग गा.वि.स., वडा नं. ७ घर भई हाल जिल्ला बाँके, रुभेना गा.वि.स., वडा नं. ४ बस्ने पानस सिंहको छोरा वर्ष १३ को धिरेन्द्र भन्ने धरेन्द्र सिंह १
प्रमाण	
जाहेरवाली परिवर्तित नाम संकेत L-N	प्रमाण
घटना विवरणका मानिसहरू	साक्षी: ककेश शाही, खगेन्द्र शाही

दशी: ×

अदालतबाट बुझेको

प्रमाण

साक्षी: ×

कागज: ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

१. जिल्ला बाँके, रुभेना गा.वि.स., वार्ड नं. ४ स्थित मिति २०७०/७/२७ गतेका दिन परिवर्तित नाम सङ्केत K-10 लाई बाँके, रुभेना गा.वि.स. वार्ड नं. ४ बस्ने वर्ष १३ को धिरेन्द्र सिंहले जवरजस्ती करणी उद्योग गरेको भन्ने ठीक साँचो साँचो हो भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

२. मिति २०७०/७/२७ गते दिनको अं. १४:०० बजेको समयमा धिरेन्द्र सिंहले आफ्नो घरमा कोही नभएको मौका छोपी मेरो नाबालिका छोरी परिवर्तित नाम सङ्केत K-10 लाई घर कोठामा लिई लगाएको कपडा खोली जवरजस्ती करणी उद्योग गरिरहेको अवस्थामा स्थानीय मानिसले देखेको हुँदा निजलाई कानूनबमोजिम हदैसम्मको सजाय गरी पाउन भन्ने परिवर्तित नाम सङ्केत L-N को जाहेरी दरखास्त ।

३. मेरो जिल्ला बाँके, रभ्रेना गा.वि.स., वार्ड नं. ४ मनकामना चोकमा किराना पसल भएकोले वारदात मिति २०७०/७/२७ गते बिहान १०:३० बजेको समयमा भाउजु खाना खाई पसलको सामान खरिद गर्न कोहलपुर बजार गएकी र म पसल हेरी बसी भाउजु आएपछि भतिजाको लागि नास्ता चाउचाउ लिई घरमा आएकोमा जाहेरवालीको छोरी परिवर्तित नाम सङ्केत K-10 सँग मेरो वर्ष ४ को भतिजा खेलिरहेकोमा पसलबाट ल्याएको चाउचाउ भतिजालाई दिने बेला जाहेरवालीको छोरी K-10 ले हेरिरहेको हुँदा मैले हात समाती मेरो भतिजा भएको स्थानमा लैजादै गर्दा निज बालिकाको हात समातेको को कसले देखी जवरजस्ती करणी उद्योग गरेको भनी प्रहरीलाई जानकारी गराएका हुन्, मैले जवरजस्ती करणी उद्योग गरेको होइन भन्ने प्रतिवादी धिरेन्द्र भन्ने धरेन्द्र सिंहको बयान ।

४. पीडित तथा पीडितको शरीर तथा यौनाङ्गमा कुनै चोट निलडामसमेत नरहेको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन ।

५. वारदात मिति र समयमा जाहेरवाला L-N को नाबालिका छोरी पीडित सङ्केत K-10 लाई हाल प्रहरी हिरासतमा रहेका प्रतिवादी धिरेन्द्र सिंहले आफ्नै घरमा लिई जवरजस्ती करणी गर्न खाजेको भनी प्रहरीले पक्राउ गरेपछि सुनी थाहा पाएको भन्ने बद्रिप्रसाद जैसी, ध्रुव न्यौपानेको कागज ।

६. मलाई वारदात मिति र समयमा प्रतिवादी धिरेन्द्र सिंहले बोलाई चाउचाउ खान आउँ भनी आफ्नो घरमा लिई निजको भतिजा पनि खेलिरहेका थिए । म आफ्नो घरतर्फ जान खोज्दा निजले मलाई हात तानी जवरजस्ती करणी गर्ने प्रयास गरेका हुन् भन्ने पीडित परिवर्तित नाम सङ्केत K-10 को कागज ।

७. जाहेरवाला परिवर्तित नाम L-N को नाबालिका छोरी वर्ष ७ की पीडित परिवर्तित नाम K-10 लाई प्रतिवादी धिरेन्द्र भन्ने धरेन्द्र सिंहले आफ्नो घरमा चाउचाउ खान दिन्छु भनी हात समाती घरको कोलियामा लगी जवरजस्ती करणी गर्ने प्रयास गरिरहेको अवस्थामा पीडित परिवर्तित नाम K-10 रोई कराई गरेपश्चात् गाउँ छिमेकका मानिसहरूले देखेकाले प्रतिवादीले जवरजस्ती करणी गर्न नपाई जवरजस्ती करणीको उद्योग गरेको पुष्ट्याई भएको हुँदा निज प्रतिवादी धिरेन्द्र भन्ने धरेन्द्र सिंहले मुलुकी ऐन, जवरजस्ती करणीको महलको ५ नं. को कसूर अपराध गरेकाले निजलाई सोही ५ नं.

अनुसार ऐ. ३(१) नं. ले हुने सजायको आधा सजाय हुनेमा प्रतिवादीको उमेर १३ वर्ष देखिएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको अभियोगपत्र ।

८. जाहेरी व्यहोरा झुठ्ठा हो । मैले जाहेरवालीलाई जवरजस्ती करणी उद्योग गरेको होइन, छैन भन्नेसमेत व्यहोराको प्रतिवादी धिरेन्द्र भन्ने धरेन्द्र सिंहले अदालतमा गरेको बयान ।

९. अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दा प्रतिवादी आरोपित कसूरमा इन्कार रहेका, घटना विवरण कागज गर्ने मानिसहरूको व्यहोरासमेतका आधार प्रमाणबाट वर्ष १३ का धिरेन्द्र भन्ने धरेन्द्र सिंहलाई धरौट वा जमानत माग्न मिल्ने देखिएन । अदालतले खोजेका र चाहिएका बखत उपस्थित गराउने शर्तमा निज धरेन्द्र सिहंलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० को उपदफा (१) बमोजिम एकाघर संगोलका दाजु संरक्षक लोकराज सिंहका जिम्मा लगाई दिनु । अभियुक्त चुक्ता भइसकेकाले वादी प्रतिवादीका साक्षी बुझी पेश गर्नु भन्ने मिति २०७०/८/१७ को आदेश ।

१०. Semen could not be confirmed on exhibit nos. 1 and 2 भन्ने परीक्षण प्रतिवेदन ।

११. जाहेरवाला एवं पीडितसमेतका वादी पक्षका साक्षी उपस्थित भएको नदेखिँदा जाहेरवाला एवं पीडितलाई नबुझी नहुने हुँदा निजहरूलाई अ.ब. ११५ नं. बमोजिम बुझ्नु । प्रतिवादी नाबालक भई अभिभावक जिम्मा लगाइएको र निजका साक्षी उपस्थित गराउन जानकारी दिनु भनी मिति २०७१/४/२७ मा भएका आदेशानुसार २०७१/६/५ मा साक्षी उपस्थित गराउन मिति २०७१/५/८ मा प्रतिवादीका अभिभावकलाई पत्र पठाएकोसम्म देखिएको । उक्त पत्र निजले प्राप्त गरे नगरेको मिसिलबाट नदेखिँदा उक्त साक्षी उपस्थित गराउने पत्र निजका अभिभावकले प्राप्त गरेको निस्सासमेत मिसिल सामेल राखी पेश गर्नु भन्ने मिति २०७१/७/१६ को आदेश ।

१२. जाहेरवाला L-N तथा पीडित K-10 का नाउँको अ.ब. ११५ नं. बमोजिमको म्याद जारी भएकोमा निजहरूको नाउँको उक्त म्याद बेपत्ते तामेल भएको ।

अदालतको ठहर

१३. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता सुरेन्द्रजंग शाहीले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

१४. निर्णयतर्फ विचार गर्दा, मिति २०७०/७/२७ गते दिनको अं. २:०० बजेको समयमा वर्ष ७ की नाबालक K-10 लाई प्रतिवादीले जवरजस्ती करणी गर्ने उद्योग गरेका भनी जाहेरी परेको देखिन्छ भने निज K-10 लाई जवरजस्ती करणी गर्ने उद्योग गरेमा प्रतिवादी अधिकारप्राप्त अधिकारी र यस अदालतमा समेत इन्कार रही बयान गरेको अवस्था छ । पीडितको शारीरिक परीक्षणबाट निजको शरीर तथा यौनाङ्गमा कुनै घाउँचोट निलडामसमेत केही नरहेको र कन्याजालीसमेत सबुद रहेको भन्ने देखिन्छ । यी प्रतिवादी पनि १३ वर्षका नाबालक रहेको अवस्था छ भने आफ्नो दाबी पुष्टि गर्न वादी पक्षले पीडित, जाहेरवालीसहितका कुनै पनि साक्षीलाई अदालतमा उपस्थित गराई बकपत्र गराई आफ्नो अभियोग दाबी पुष्टि गराउन सकेकोसमेत नदेखिँदा प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुन नसकेकोले प्रतिवादीलाई जवरजस्ती करणीको उद्योगमा सजाय गरिपाऊँ भन्ने अभियोग दाबी पुग्न सक्तैन । आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने ठहरेकाले यस इन्साफमा चित्त नबुझे ऐनको म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकील कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनु १

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु २

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ३

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने क.अ.: वाङ लामा छुमी
फाँटवाला: ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल चैत्र २२ गते रोज १ शुभम् .....।

बाँके जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री हरिप्रताप के.सी.

फैसला

सम्वत् ०७० सालको ७४-०७०-००७६५ / CR-०१३८

नि.नं.२८२

मुद्दा: ज्यान मार्ने उद्योग ।

वादीको नाम, थर, वतन

जिल्ला बाँके, कोहलपुर गा.वि.स., वडा नं. ३ बस्ने चन्द्रबहादुर शाहीको छोरा धनसिंह शाहीको जाहेरीले नेपाल सरकार १

प्रमाण

जाहेरवाला धनसिंह शाही

घटना विवरणका मानिसहरू

दशी:

प्रतिवादीको नाम, थर, वतन

जिल्ला बाँके, कोहलपुर गा.वि.स. वडा नं.३ बस्ने शम्भु सहनी थारुको छोरा करण थारु १

ऐ.ऐ. बस्ने जुग्गड थारुको छोरा रामकुमार थारु .१

ऐ.ऐ. बस्ने अरुण चौधरी शश १

ऐ. वडा नं. १ बस्ने रुद्रबहादुर थापाको छोरा आषिश थापा १

प्रमाण:

साक्षी:

बेजु थारु

राधेश्याम थारु

सोहन थारु

रामु थारु

राम नारायण थारु

अदालतबाट बुझेको

प्रमाण

साक्षीः

राधेश्याम थारु

बालिकन्या ढकाल

गौकला सिंह

तोयनाथ शर्मा

धनसिंह शाही

बिनोद शाही

मिठु शाही

बिरेन्द्र शाही

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.ब. २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

१. जिल्ला बाँके, कोहलपुर गा.वि.स., वार्ड नं. १ ड्राइभरटोलस्थित पूर्वमा सुरेश श्रेष्ठको घर, पश्चिममा बाटो ग्रावेल सडक खण्ड, उत्तरमा ऐना आचार्यको घर, दक्षिणमा शान्ति आचार्यको घर । यति चारकिल्लाभित्र मिति २०७०/७/१७ गते राती अं. २१:०० बजेको समयमा भैलो खेल्न गएका अवस्थामा जिल्ला बाँके, कोहलपुर-१ बस्ने अं. वर्ष २० को आशिष थापासमेतका व्यक्तिहरूले बाँके, कोहलपुर-३ बस्ने विरेन्द्र शाही र ऐ.ऐ. बस्ने विनोद शाहीसमेतलाई चिरपट दाउराले टाउकोसमेतमा प्रहार गरी सख्त घाइते बनाएकोमा निजहरूलाई औषधी उपचारको क्रममा लिएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का ।

२. मिति २०७०/७/१७ गते रातको समयमा जिल्ला बाँके, कोहलपुर गा.वि.स., वार्ड नं. १ ड्राइभरटोलस्थित प्रतिवादी आशिष थापासमेतका व्यक्तिहरूले मेरो छोरा विरेन्द्र शाही र विनोद शाहीलाई चिरपट दाउरा लाठा, धारिलो हतियारसमेतले टाउकोमा प्रहार गरी सख्त घाइते बनाई ज्यान मार्ने उद्योग गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त ।

३. मिति २०७०/८/१६ गते घाइते पीडित विरेन्द्र शाहीले गरिदिएको सनाखत कागज ।

४. वारदात मिति र समयमा मसमेत ३०/३५ जना केटाकेटीहरू देउसीभैलो खेल्दै जिल्ला बाँके, कोहलपुर-१ ड्राइभरटोलमा गएको अवस्थामा हाम्रो घरमा डेरा गरी बस्ने हिक्मत न्यौपाने र आशिष थापा बीच एक आपसमा वादविवाद भएपछि मेरो दाई विरेन्द्र शाहीले दुवै जनालाई सम्झाईबुझाई गर्दा आआफ्नो घर वतनतर्फ पठाएपछि निज आशिष थापाले जिल्ला बाँके, कोहलपुर-३ बस्ने करण

थारुसमेतका ८/१० जना केटाहरू ल्याई हामी भैलो खेल्दै गरेको स्थानमा आई अन्धाधुन्द लाठी, धारिलो हतियार प्रहार गरेका अवस्थामा निज दाई बिरेन्द्र शाहीले निजहरूलाई सम्झाईबुझाई गर्दा पछाडिबाट प्रतिवादी आशिष थापासमेतका व्यक्तिहरूले धारिलो हतियारले टाउकोमा प्रहार गरी घाइते बनाई निज प्रतिवादी आशिष थापासमेत वारदात स्थानबाट भागी फरार भएका हुन् । उक्त वारदातका समयमा तत्काल नाम, थर, वतन खुल्न नआएका जिल्ला बाँके, कोहलपुर-३ बस्ने वर्ष १७ को करण थारुसमेत थिए । मेरो दाई बिरेन्द्र शाही र विनोद शाहीसमेत घाइते भएपश्चात् निजहरू उक्त स्थानबाट भागी फरार भएका हुन् भन्ने व्यहोराको गौकला सिंह, बालीकन्या ढकाल, मिठ्ठु शाहीको करिव एकै मिलानको घटना विवरण कागज ।

५. मिति २०७०/७/१७ गते राती मसमेत अरुण चौधरी, रामकुमार थारु आफ्नो घर वतनमा भैलो खेलिरहेका अवस्थामा साथी आशिष थापा उक्त स्थानमा आएको अवस्थामा जाहेरवालाको छोरा बिरेन्द्र शाहीले मेरो हिक्मत न्यौपानेसँग वादविवाद भएकोमा कुटपिट गरे भनेपछि मसमेत आशिष थापालाई लिई जाहेरवालाको छोरा बिरेन्द्र शाहीसमेत भैलो खेलेको स्थानमा गई घरको गेटभित्र प्रवेश गरी मसमेतले निज बिरेन्द्र शाहीसँग भैलो खेल्न आएका महिला पुरुषलाई धकलपकल गरिरहेको अवस्थामा निज बिरेन्द्र शाही र बिनोद शाहीले मसमेतलाई सम्झाईबुझाई गर्न आएका बखत प्रतिवादी आशिष थापा, अरुण चौधरी, रामकुमार थारु, प्रशान्त भन्ने केटाहरूले जाहेरवालाको छोरा बिरेन्द्र शाही र बिनोद शाहीलाई चिरपट दाउराले टाउकोमा प्रहार गरी घाइते बनाएपछि भैलो खेल्ने मानिसहरू भागदौड गरिरहेकोमा म पनि उक्त स्थानबाट भागी आफ्नो घर वतनतर्फ गएको हुँ । मैले निज जाहेरवालाको छोरा बिरेन्द्र शाही र बिनोद शाहीलाई धकलपकल गरी हात मुक्काले कुटपिटसम्म गरेको हुँ । धारिलो हतियार खुकुरी तथा चिरपट दाउराले टाउकोमा प्रहार गरेको होइन भन्ने व्यहोराको प्रतिवादी करण थारुको बयान ।

६. वारदात मिति र समयमा म बिरेन्द्र शाहीसमेतको भैलो टोलीमा देउसीभैलो खेलिरहेका थियौं । सोही बेला भैलो खेलिरहेको अवस्थामा हाल फरार रहेका आशिष थापा उक्त भैलो टोलीमा आई भैलो खेलिरहेका हिक्मत न्यौपानेसँग वादविवाद गरेपश्चात् बिरेन्द्र शाहीसमेतले छुट्याई निज हिक्मत न्यौपानेलाई घरमा सुत्न भनी ल्याई पुनः भैलो खेल्न गएकोमा प्रतिवादी आशिष थापासमेतका व्यक्तिहरू हातहातमा लाठी बोकी उक्त भैलो खेलिरहेको स्थानमा आई निज आशिष थापासमेतका अन्य व्यक्तिहरूले एक्कासी साथमा ल्याएको लाठासमेतले बिरेन्द्र शाही र निजको भाइ बिनोद शाही र अन्य भैलो टोलीसमेतलाई कुटपिट गरी सख्त घाइते बनाएपश्चात् निजहरू वारदात स्थानबाट भागी फरार भएका हुन् । पछि बुझ्दै जाँदा हाल पक्राउमा परेका करण थारु पनि उक्त घटनामा संलग्न भएको कुरा थाहा भयो भन्ने व्यहोराको हिक्मत न्यौपाने, भुपेन्द्रजंग हमाल, तोयानाथ शर्माको कागज ।

७. प्रतिवादी आशिष थापाले भाले भन्ने करण थारु, रामकुमार थारु, अरुण चौधरीसमेत ८/९ जना केटाहरू बोलाई हातमा धारिलो हतियार खुकुरी, लाठी, चिरपट दाउरासमेत बोकी बिरेन्द्र शाहीसमेतका

व्यक्तिहरू देउसीभैलो खेलिरहेको स्थानमा आई प्रतिवादी आशिष थापाले एक्कासी बिरेन्द्र शाहीलाई धारिलो हतियार खुकुरी तथा चिरपट दाउराले प्रहार गरी अन्य साथमा आएका अरुण चौधरी, भाले भन्ने करण थारु, रामकुमार थारुसमेतले बिनोद शाहीलाई प्रहार गरी ज्यान मार्नको लागि खुकरी तथा लाठी प्रहार गर्न लाग्दा अन्य व्यक्तिहरूले निज प्रतिवादीहरूलाई समात्न खोज्दा निजहरू भागी फरार भएका र बिरेन्द्र शाही र बिनोद शाहीको उपचार भइरहेको तथ्य पुष्टि भई प्रतिवादी आशिष थापा, भाले भन्ने करण थारु, अरुण चौधरी, रामकुमार थारुले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १५ नं. को कसूर अपराध गरेकाले निज प्रतिवादीहरूलाई सोही महलको १५ नं. बमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको अभियोगपत्र ।

८. मिति २०७०/७/१८ को घटनास्थल मुचुल्का ठीक हो । म नाँच हेर्न गएको बेला झगडा भएको देखेको हुँ । पीडित बिरेन्द्र शाहीलाई कस्ले हाने सो मलाई थाहा भएन । मैले हानी ज्यान मार्ने उद्योग गरेको होइन । अभियोग दाबीबमोजिम कुनै कसूर अपराध गरेको नहुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी करण थारुले अदालतमा गरेको बयान ।

९. प्रतिवादी करण थारुले अनुसन्धानको क्रममा हात मुक्काले पीडितलाई हानेको चिरपट दाउराले नहानेको भनी बयान गरेको देखिन्छ भने मिठ्ठु शाहीले आशिष थापासमेतले धारिलो हतियारले प्रहार गरेको भनी कागज गरी दिएको देखिन्छ । प्रतिवादीको उमेर १५ वर्षभन्दा कम १४ वर्ष देखिँदा निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ आकर्षित हुने हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी ऐ. बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) बमोजिम अदालतले तोकेका तारेखमा उपस्थित गराउने गरी अभिभावकको जिम्मा लगाई पठाई दिनु भन्ने मिति २०७०/९/१६ को आदेश ।

१०. फरार रहेका प्रतिवादीहरू रामकुमार थारु, अरुण चौधरी र आशिष थापाको नाउँको यस अदालतबाट जारी भएको वारेन्ट म्याद पूर्जी ।

११. मिति २०७०/७/१७ गतेका दिन रात म आफ्नै घरमा थिएँ । पीडित र अन्य प्रतिवादीहरू करण थारुसमेतका मानिस कहाँ थिए थाहा भएन । मैले पीडित भनिएका बिरेन्द्र र बिनोद शाहीलाई कुटपिट गरी ज्यान मार्ने उद्योग गरेको होइन, छैन । मैले अभियोग दाबीबमोजिम कसूर गरेको नहुँदा सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको निवेदनसाथ हाजिर भएका प्रतिवादी अरुण चौधरीले अदालतमा गरेको बयान ।

१२. प्रतिवादी अरुण चौधरीले अदालतमा कसूरमा इन्कार रही बयान गरे तापनि प्रतिवादी करण चौधरीले अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादी अरुण चौधरीसमेतले पीडितहरूलाई कुटपिट गरी ज्यान मार्ने उद्योग गरेको भनी लेखाई दिएबाट यी प्रतिवादी अरुण चौधरी निर्दोष रहेछन् भन्न सकिने अवस्था विद्यमान नहुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका लागि यी

प्रतिवादीलाई नगद रु. १०,०००/- (दश हजार) वा सो वरावरको जेथा जमानत दिए लिई तारेखमा राख्नु, दिन नसके कानूनबमोजिम थुनामा राख्नु भन्ने मिति २०७१/१/२९ को आदेश ।

१३. अदालतको आदेशानुसार प्रतिवादी अरुण चौधरीले र.नं. ३५४ मिति २०७१/१/२९ मा नगद रु. १०,०००/- धरौटी राखी तारेखमा रहेका ।

१४. प्रतिवादीमध्येका रामकुमार थारु र आशिष थापा म्यादमा हाजिर नभई गुजारी फरार रहेको देखिँदा पीडित जाहेरवालासहितका वादी पक्षका साक्षी र प्रतिवादीका साक्षीसमेत बुझी फरार प्रतिवादीद्वयको अंशसमेत रोक्का राखी पेश गर्नु भन्ने मिति २०७१/७/४ को आदेश ।

१५. मिति २०७०/७/१७ गते करण थारु मसँगै नाँच हेर्दै थियो । अरुण चौधरी घरमै थियो । उक्त घटनामा निज प्रतिवादीहरूको कुनै संलग्नता छैन । निजहरूको चालचलन राम्रो छ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू अरुण चौधरी र करण थारुको साक्षी राधेश्याम थारुले अदालतमा गरेको बकपत्र ।

१६. अनुसन्धानको क्रममा भएको कागज ठीक साँचो हो । मिति २०७०/७/१७ गते राती आशिष र हिक्मतको बीचमा झगडा भएको थियो । पछि बिरेन्द्र शाहीले हिक्मतलाई छुट्याए र घर पठाएपछि आशिष थापा त्यहाँबाट गई केटाहरू ल्याएर बिरेन्द्र शाहीमाथि प्रहार गरेका हुन् भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने बालिकन्या ढकाल, गौकला सिंह, तोयनाथ शर्माले अदालतमा गरेको एकै मिलानको छुट्टाछुट्टै बकपत्र ।

१७. मिति २०७०/७/१७ गते करण चौधरी, अरुण चौधरी, आशिष थापा, रामप्रसाद थारुसमेत ८/१० जनाले प्रहार गरी घाइते बनाएका हुन् । वारदातको समयमा म घरमा थिएँ । वारदात भएको मैले देखिन भन्नेसमेत व्यहोराको जाहेरवाला धनसिंह शाहीले अदालतमा गरेको बकपत्र ।

१८. प्रतिवादीहरू आशिष थापा, रामकुमार थारु, करण थारु र अरुण चौधरीसहित अन्य व्यक्तिहरूले हामी दुवै जनालाई खुकुरी रडले प्रहार गरी घाइते बनाई ज्यान मार्ने उद्योग गरेका हुन् भन्नेसमेत व्यहोराको पीडित बिनोद शाहीले अदालतमा गरेको बकपत्र ।

१९. प्रतिवादीहरू आशिष थापा, करण थारु, रामकुमार थारु, अरुण चौधरी लगायत अन्य ७/८ जना प्रतिवादीहरूले पीडित बिरेन्द्र शाही र बिनोद शाहीलाई धारिलो हतियारले प्रहार गरी ज्यान मार्ने उद्योग गरेका हुन् भन्नेसमेत व्यहोराको बुझिएका मानिस मिठ्ठु शाहीले अदालतमा गरेको बकपत्र ।

२०. मिति २०७१/७/१७ गते हामी भैली खेलिरहेको अवस्थामा प्रतिवादी आशिष थापा, करण थारु, अरुण थारु, रामकुमार चौधरीसहित ८/१० जना केटाहरूले मलाई दाउरा, खुकुरी प्रहार गरी ज्यान मार्ने उद्योग गरेका हुन् भन्नेसमेत व्यहोराको पीडित बिरेन्द्र शाहीले अदालतमा गरेको बकपत्र ।

अदालतको ठहर

२१. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता सुरेन्द्रजंग शाही, जाहेरवालाका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता जनकबहादुर शाही र प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय सुनिल श्रेष्ठ र बलबहादुर भण्डारीले गर्नु भएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसूर गरेका हुन् होइनन् र सजाय पाउनु पर्ने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो ।

२२. निर्णयतर्फ विचार गर्दा मिति २०७०/७/१७ गतेका राती भैली खेलिरहेका अवस्था आशिष थापासमेतका प्रतिवादीहरू आई खुकुरी लाठासमेतले हानी कुटपिट गरी बिरेन्द्र शाही र बिनोद शाहीलाई घाइते बनाई ज्यान मार्ने उद्योग गरेका भनी जाहेरी परी सोहीअनुरुप प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसूरमा सोही १५ नं. बमोजिम सजायको अभियोग मागदाबी रहेको देखिन्छ ।

२३. प्रतिवादीमध्येका आशिष थापा र रामकुमार थारु जारी भएको वारेन्ट म्यादी पूर्जीमा हाजिर नभई फरार रहेको देखिँदा निजहरूका हकमा अ.ब. १९० नं. बमोजिम मुलतवी रहने ठहर्छ ।

२४. पक्राउ परी आएका प्रतिवादी करण थारु र अरुण चौधरीका हकमा हेर्दा, प्रतिवादी करण थारु अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा घाइते बिनोद शाही र बिरेन्द्र शाहीलाई हात मुक्काले सम्म हानेको भनी र यस अदालतमा आई बयान गर्दा वारदात स्थलमा आफु रहे पनि घाइतेहरूलाई आफुले कुटपिट नगरेको को कस्ले हाने थाहा नभएको भनी र पछि पक्राउ परी आएका अरुण चौधरीले आरोपित कसूरमा इन्कार रही यस अदालतमा बयान गरेको देखिन्छ । त्यसै गरी करन थारुले अदालतमा बयान गर्दा पेश गरेको २०६३/२/३० को जन्मदर्ताबाट निजको जन्ममिति २०५५/१२/१२ भन्ने देखिँदा वारदातका अवस्था निज १४ वर्षका नाबालक रहेका भन्ने देखिएको छ। घाइते बिनोद शाहीको घाउँजाँच केश फारामबाट टाउकाको भागमा 2cm×1cm को काटेको घाउँ भई बायाँ पाखुराको भागमा समेत खोस्रिएको घाउँ भई अवस्था Not Fatal भन्ने देखिन्छ भने बिरेन्द्र शाहीको घाउँजाँच केश फारमबाट टाउकोको बायाँ भागमा 5cm×2cm र 1cm×1cm का काटेको घाउँहरू रही अचेत एवं अवस्था Fatal र प्रयोग भएको हतियार Blunt भन्ने देखिएको छ । घाइते बिनोद शाही र बिरेन्द्र शाहीले यस अदालतमा आई बकपत्र गर्दा प्रतिवादी आशिष थापाले चिरपट दाउराले पछाडिबाट टाउकोमा प्रहार गरेका र अन्य प्रतिवादीहरूले भकाभक हानेका भन्दै स.ज. ६ मा दाउरा खुकुरीसमेतले हानेका भनी उल्लेख गरी दिएको देखिन्छ । अर्का घाइते बिनोद शाहीले प्रतिवादीहरूले रड, खुकुरीले हानेको भनी र घटनाकी प्रत्यक्षदर्शी मिठ्ठु शाहीले प्रतिवादीहरूले रड, खुकुरीले हानेका, करणका हातमा साइकलको चेन, अरुणको हातमा खुकुरी र आशिषको हातमा

चिरपट दाउरा रहेको भनी बकपत्र गरी दिएको देखिन्छ भने घाउँजाँच केश फारामबाट चेन एवं खुकुरीले काटेका घाउँ नदेखिई Blunt object ले हानेको भन्ने देखिँदा करण थारु र अरुण चौधरीले साइकलको चेन एवं खुकुरीले प्रहार गरेको भन्ने पुष्टि हुन नआएकोले यी प्रतिवादीहरू करण थारु र अरुण चौधरीले घाइतेहरूलाई कुटपिट गरी ज्यान मार्ने उद्योगको कसूर गरेका भन्ने पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी करणी थारु र अरुण चौधरीका हकमा वादीको अभियोग दाबी पुग्न सक्तैन । निज प्रतिवादी करण थारु र अरुण चौधरीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । सो ठहर्नाले अरुमा तपसिलबमोजिम गर्ने गरी अ.ब. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी करण थारु र अरुण चौधरीले सफाई पाउने ठहरेकाले निजहरूले राखेको धरौटी जनही रु. १०,०००/- फिर्ता पाउने हुँदा मुद्दाको अन्तिम भएपछि फिर्ता माग्न आए निजहरूलाई फिर्ता दिनु १

प्रतिवादी रामकुमार चौधरी र आषिश थापाको हकमा अ.ब. १९० नं. बमोजिम मुल्तवी रहने ठहरेकाले मुल्तवी दायरीमा दर्ता गरी राख्नु २

यस इन्साफमा चित्त नबुझे ऐनका म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, नेपालगञ्जमा पुनरावेदन गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी जिल्ला सरकारी वकिल कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनु ३

नक्कल माग्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल सारी सराई दिनु ४

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनु ५

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने
क.अ.: वाङ लामा छुमी
फाँटवालाः ना.सु. बमबहादुर रेग्मी ।

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल चैत्र २६ गते रोज ५ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्ट

फैसला

उपस्थिति

समाजसेवीः रिमा शर्मा

बालमनोविज्ञः सुचिता सुवेदी

सम्वत् २०७१ सालको बालबिज्याँई दर्ता नं.०७१-CR-०६६०

दर्ता मिति : २०७१/७/३

नि.नं : २९०

मुद्दाः जवरजस्ती करणी।

वादीको नाम, थर, वतन	प्रतिवादीको नाम, थर, वतन
कमला शर्माको जाहेरीले नेपाल सरकार.....१	जिल्ला रौतहट, चपुर गा.वि.स., वडा नं.४ घर भई का.जि.का.म.न.पा., वडा नं. ३ बस्ने जगतबहादुर तामाङको छोरा वर्ष १३ को नाम परिवर्तित महाराजगञ्ज (१) १
साक्षीः ×	साक्षीः ×
कागजः अभियोगपत्र संलग्न कागजातहरू।	कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

मुद्दाको संक्षिप्त विवरणः

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः

मिति २०७१/६/१० गते दिउसो अं. १३:०० बजेको समयमा का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज पिपलबोट स्थित मेरो डेरा कोठा अगाडिको घरमा खाली कोठामा खेलिरहेकी मेरी छोरी ३० महिनाकी छोरी महाराजगञ्ज भ्क लाई जिल्ला रौतहट, चपुर गा.वि.स., वडा नं. ४ घर भई हाल का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज पिपलबोट वडा नं. ३ बस्ने वर्ष १५ को नाम परिवर्तित महाराजगञ्ज १ ले जवरजस्ती करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानूनबमोजिम गरिपाऊँ भन्नेसमेत व्यहोराको कमला शर्माले दिएको मिति २०७१/६/१० गतेको जाहेरी दरखास्त ।

कमला शर्माको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी महाराजगञ्ज १ भएको जवरजस्ती करणी मुद्दामा वारदातपश्चात् भागी फरार भएका नाम परिवर्तित महाराजगञ्ज १ लाई मिति २०७१/६/१० गते अं. २०:०० बजेको समयमा का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्जस्थित सार्वजनिक सडकमा फेला पारी पक्राउ गरी दाखिला गरेका छौं । निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज पिपलबोटस्थित पश्चिम मोहडा भएको २ तले माथि जस्ताले छाएको रामप्रसाद ठकुरीको कच्ची घर । उक्त घरको भर्याङ हुँदै माथि तलामा गई हेर्दा उत्तरपट्टि १ वटा र दक्षिणपट्टिको १ वटा कोठा रहेको बीचमा प्यासेज रहेको । उक्त प्यासेजमा सिरकमाथि कालो मेट्रिस ओछ्याएको अवस्थामा रहेको सोही मेट्रिसमाथि महाराजगञ्ज १ ले महाराजगञ्ज भ्क लाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

तपाई पीडितको वास्तविक नाम परिवर्तन गर्नु भएको हुँदा तपाईको वास्तविक नामको सट्टामा पीडितको महाराजगञ्ज भ्क को नाम परिवर्तन गरिएको छ भन्नेसमेत व्यहोराको नाम परिवर्तन गरेको कागज ।

मिति २०७१/६/१० गते दिउसो अं. १३:०० बजेको समयमा का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज पिपलबोटस्थित आफ्नै डेरा कोठा नजिकै बाहिर अन्य साथीहरूसँग खेलिरहेको अवस्थामा महाराजगञ्ज १ ले एकछिन आऊ नानी भनी हातमा समाई सोही घरको माथिल्लो खाली कोठामा लगी मलाई समाती मैले लगाएको पाइन्ट खोली मलाई निज महाराजगञ्ज १ ले आफुले लगाएको पाइन्ट खोली निजले तुरी निकाली मेरो सुसु गर्ने ठाउँमा छिराएकोले मलाई दुखी चिच्याउँदा निज महाराजगञ्ज १ उक्त घटनास्थलबाट भागी गएको हो भन्नेसमेत व्यहोराको मिति २०७१/६/१० गतेको पीडित महाराजगञ्ज भ्क ले लेखाई दिएको कागज ।

मिति २०७१/६/१० गते दिउसो अं. १३:०० बजेको समयमा का.जि.का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज पिपलबोट स्थित रामप्रसाद ठकुरीको घरको दोस्रो तलामा जाहेरवालीको छोरी महाराजगञ्ज भ्क र म खेलिरहेका थियौं । सोही क्रममा निजलाई मैले हात समाती तानी जवरजस्ती करणी गर्ने उद्देश्यले

माथिल्लो खाली कोही नभएको कोठामा लगी निजले लगाएको पाइन्ट र कट्टु खोली मैले लगाएको पाइन्ट खोली निजलाई उत्तानो पल्टाई जवरजस्ती करणी गरेको हो । त्यसपछि निज महाराजगञ्ज भ्र दुख्यो भनी रोई कराएपछि म उक्त स्थानबाट भागी गएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी महाराजगञ्ज १ ले अधिकारप्राप्त अधिकारीसमक्ष लेखाई दिएको बयान कागज ।

मिति २०७१/६/१० गते दिउसो अं. १३:०० बजेको समयमा महाराजगञ्ज भ्र रुँदै आई मलाई महाराजगञ्ज १ ले माथि खाली कोठामा लगी जवरजस्ती करणी गरे, मलाई दुखेको छ भनी आफ्नो आमालाई भन्दा निज पीडितले भनेको सुनी थाहा पाएका हौं । निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम कारवाही हुनु पर्दछ भन्नेसमेत एकै व्यहोराको प्यारी तामाङसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

मिति २०७१/६/१० गते दिउसो अं. १३:०० बजेको समयमा म काम गरिरहेको अवस्थामा मेरो श्रीमती जाहेरवालाले फोन गरी छोरीलाई महाराजगञ्ज १ ले जवरजस्ती करणी गरेछ । तुरुन्त आउनु भनी भनेपछि म तत्काल घरमा आई बुझ्दा निज प्रतिवादीले छोरीलाई जवरजस्ती करणी गरेको भनी भनेपछि म तत्काल घरमा आई बुझ्दा निज प्रतिवादीले छोरीलाई जवरजस्ती करणी गरेको हुँदा निजउपर कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको राधेश्याम शर्माको कागज ।

निज पीडित महाराजगञ्ज भ्र को शारीरिक तथा मानसिक अवस्थामा सामान्य छ, निजको नाकको मुनि 3cm कोतरेको दाग छ, निजको योनीको दायाँपट्टि 0.5 cm घाउँ देखिन्छ, छुँदा रगत बग्छ, निजको योनी रातो देखिएको छ भन्नेसमेत व्यहोराको परोपकार प्रसूती तथा स्त्रीरोग अस्पतालको परीक्षण प्रतिवेदन ।

तपाई पीडक नाबालक भएको कारण तपाईको वास्तविक नाम परिवर्तन गर्नु पर्ने भएको हुँदा तपाईको वास्तविक नामको सट्टामा पीडकको महाराजगञ्ज १ को नाम परिवर्तन गरिएको छ भन्नेसमेत व्यहोराको नाम परिवर्तन गरेको कागज ।

प्रतिवेदन महाराजगञ्ज १ को उमेर परीक्षण गर्दा १३ वर्ष रहेको भन्नेसमेत व्यहोराको फोरेन्सिक मेडिसिन विभागको परीक्षण प्रतिवेदन ।

प्रतिवादीको कार्य मुलुकी ऐन, जवरजस्ती करणीको १ नं. र ३(१) नं. बमोजिमको कसूर भएको हुँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी निज नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम हुन एवं सपठित महलको दफा १० र १०(ग) नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराई पाऊँ भन्ने अभियोग मागदाबी ।

पीडित महाराजगञ्ज भ्क लाई निजको आमाले र मैले एउटै गलैचा कारखानामा काम गर्ने हुँदा चिनेको थिएँ । मिति २०७१/६/१० गते दिउसो अं. १:०० बजेतिर पीडितलाई गलैचा कारखानाबाहिर एक्लै देखी हामी बस्ने टहराहरूमध्ये खाली टहरा कोठामा लगेको हो । अरु साना बच्चा बाहिरतिर खेल्दै थिए । मसँग जिस्केर पीडित बालिकाले आफ्नो सुरुवाल र कट्टु खोलेर हेर मेरो सुसु गर्ने भनेर देखाई दिइन् । त्यो देखेर मलाई करणी गर्न मन लागेर पाइन्ट खोलेर मैले आफ्नो तुरी झिकी निज पीडितलाई करणी गर्न लाग्दा ठूलो मान्छे आएकोले करणी गर्न आटेको पनि करणी गर्न नपाई छोडेर भागेको हुँ । बेलुकी प्रहरीले पक्राउ गरी ल्याएको हो । अभियोगदाबीमा मैले जवरजस्ती करणी गरेको भन्ने उल्लेख भएको झुठ्ठा हो । मैले जवरजस्ती करणी गरेको छैन । करणी गरेकोमा सजाय हुन्छ भन्ने मलाई थाहा थिएन । मलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको यस अदालतसमक्ष परिवर्तित नाम महाराजगञ्ज १ ले गरेको बयान कागज मिसिल सामेल रहेको ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य र प्रतिवादीका तर्फबाट उपस्थित वैतनिक वकिल श्री सरस्वती थापाले गर्नु भएको बहससमेत सुनी इन्साफतर्फ विचार गर्दा अभियोग दाबीबमोजिम हुनु पर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

१३ वर्षको प्रतिवादीले साढे दुई वर्षको पीडितलाई जवरजस्ती करणी गरेको भन्ने आधारमा जवरजस्ती करणीको महलको ३(१) नं., बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम सजाय र जवरजस्ती करणीको महलको १०, १०(ग) नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराई पाउन निज प्रतिवादीको विरुद्धमा अभियोगपत्रमा मागदाबी लिएको पाइयो ।

निर्णयतर्फ विचार गर्दा मिसिल संलग्न पीडितको स्वास्थ्य परीक्षणको पत्रबाट निजको योनीको दायाँपट्टि 0.5 cm घाउँ देखिन्छ, छुँदा रगत बग्छ, निजको योनी रातो देखिएको छ भनी उल्लेख भएको देखिन्छ । उक्त रिपोर्टको आधारमा पीडितलाई जवरजस्ती करणी गरेको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान समर्थित भएबाट प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को देहाय (१), (२), (३) मा उल्लेखित कानूनी प्रावधानबाट उक्त बयान प्रतिवादीको विरुद्ध प्रमाणमा लिन हुने नै देखियो ।

तसर्थ, उपरोक्त आधारबाट अभियोग मागदाबीबमोजिमको कसूर प्रतिवादीले गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीलाई मुलुकी ऐन, जवरजस्ती करणीको ३(१) नं. र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम प्रतिवादीको उमेरको आधारमा एक महिना कैद हुन्छ । प्रतिवादी नाबालक हुँदा क्षतिपूर्ति बापत पीडितले प्रतिवादीको बाबुको सम्पत्तिबाट रु. ४०,०००/- भरी पाउने ठहर्छ । सो ठहरेकोले अरु तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी महाराजगञ्ज १ लाई एक महिना कैदको सजाय हुने तथा पीडितलाई प्रतिवादीको बाबुको सम्पत्तिबाट रु. ४०,०००/- क्षतिपूर्ति भराई दिने ठहरी फैसला भएकोले निज प्रतिवादी मिति २०७१/६/१० गते अनुसन्धानको क्रममा पक्राउ परी यस अदालतको आदेशबाट माग भएको धरौट रु. २,०००/- मिति २०७१/७/५ मा राखी हालसम्म बाल सुधार गृह, सानोठिमी भक्तपुरमा रही फैसलाले ठहरेको कैद भुक्तान भइसकेको देखिएकोले अन्य मुद्दाबाट निजलाई त्यहाँ राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको सन्दर्भमा निजलाई छाडी दिनु भनी बाल सुधार गृहमा लेखि पठाई दिनु १

माथि ठहर खण्डमा लेखिएबमोजिम पीडितलाई प्रतिवादीको बाबुको सम्पत्तिबाट रु. ४०,०००/- क्षतिपूर्ति भराई दिने ठहरी फैसला भएकोले निज प्रतिवादीका बाबुको यसै सरहदको सम्पत्ति देखाई पीडित वा निजको संरक्षकले फैसलाको अन्तिम किनारा भएपछि कानूनका म्यादभित्र रु. ४०,०००/- क्षतिपूर्ति भराई पाउँ भनी कानूनबमोजिम दरखास्त दिए नियमानुसार प्रतिवादीको बाबुबाट पीडितलाई क्षतिपूर्ति रकम भराई दिनु २

यस इन्साफउपर चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु ३

फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई फैसलाको जानकारी दिनु...४

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार नक्कल दिनु ५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ६

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टिपी टाइप गर्ने क.अ. शान्ति मुक्तान ।
फाँट नं. १ (ना.सु. त्रिबिक्रम ज्ञवाली)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल चैत्र महिना २७ गते रोज ६ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्टबाट भएको

फैसला

उपस्थिति

बालमनोविज्ञः ×

समाजसेवीः ×

सम्बत् २०७१ सालको बालबिज्याँई दर्ता न. ०७१-CR-६९१

दर्ता मिति २०७१/७/११

नि.नं: २९१

मुद्दा: सार्वजनिक अपराध।

वादीको नाम, थर, वतन

प्रहरी प्रतिवेदनले नेपाल सरकार १

प्रतिवादीको नाम, थर वतन/ सङ्केत नं.

जिल्ला काभ्रे, सल्लेभुम्लो गा.वि.स., वडा नं. ३ घर भई हाल भक्तपुर सानोठिमी बस्ने यादवबहादुर पराजुलीको छोरा वर्ष १५ को परिवर्तित नाम बबरमहल त १

जिल्ला मकवानपुर, राइगाउँ ८ घर भई हाल ऐ.ऐ. बस्ने क्षेत्रबहादुर लामाको छोरा वर्ष १४ को परिवर्तित नाम बबरमहल थ १

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा का.जि., काडाँघारीस्थितमा बबरमहल त समेतको व्यक्तिहरूले हुलहुज्जत गरी जथाभावी व्यवहार गरी अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी चोरी गर्ने प्रयाससमेत गरी अशान्ति सिर्जना गरी भाग्ने क्रममा निजहरूलाई स्थानीय मानिसको सहयोगमा पक्राउ गरी दाखिला गरेको भन्नेसमेत व्यहोराको प्र.स.नि. पूर्णप्रसाद दाहालको प्रतिवेदन ।

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा का.जि., काडाँघारी स्थितमा गणेश पराजुलीसमेतका व्यक्तिहरूले हुलहुज्जत गरी जथाभावी व्यवहार अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी चोरी गर्ने प्रयाससमेत गरी अशान्ति सिर्जना गरी भाग्ने क्रममा निजहरूलाई स्थानीय मानिसको सहयोगमा निजहरूलाई प्रहरीले पक्राउ गरी लगेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा म र साथी बबरमहल त का.जि., काडाँघारी स्थितमा थियौं । सोही क्रममा हामीले पटका किन्न गइरहेका बखत एउटा किराना पसलमा कसैलाई नदेखी हामी दुवै जना उक्त पसलको काउन्टरमाथि डिब्बामा राखेको रिचार्ज कार्ड निकाल्न खोजेको बखत होहल्ला भएपछि हामी त्यहाँबाट भाग्ने क्रममा स्थानीय मानिसको सहयोगमा प्रहरीले पक्राउ गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल थ को बयान कागज ।

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा म र साथी बबरमहल थ का.जि., काडाँघारी स्थितमा थियौं । सोही क्रममा हामीले पटका किन्न गइरहेका वखत एउटा किराना पसलमा कसैलाई नदेखी हामी दुवै जना उक्त पसलको काउन्टरमाथि डिब्बामा राखेको रिचार्ज कार्ड निकाल्न खोजेको बखत होहल्ला भएपछि हामी त्यहाँबाट भाग्ने क्रममा स्थानीय मानिसको सहयोगमा प्रहरीले पक्राउ गरी ल्याएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी बबरमहल त को बयान कागज ।

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा का.जि., काडाँघारीस्थितमा बबरमहल त समेतका व्यक्तिहरूले हुलहुज्जत गरी जथाभावी व्यवहार गरी अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी चोरी गर्ने प्रयाससमेत गरी अशान्ति सिर्जना गरी भाग्ने क्रममा निजहरूलाई स्थानीय मानिसको सहयोगमा प्रहरीले पक्राउ गरी लगेको हो यस्तो व्यक्तिलाई कानूनबमोजिम कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको विष्णु कार्कीसमेतले गरिदिएको कागज ।

प्रतिवादीहरू बबरमहल त र बबरमहल थ समेतले हुलहुज्जत गरी जथाभावी व्यवहार गरी अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी पसलमा राखेको रिचार्जकार्डसमेत निकाल्न खोजी केही सार्वजनिक

अपराध तथा सजाय ऐन, २०२७ को दफा २ को देहाय (ख), (ङ) र (ज) को कसूर अपराध गरेको हुँदा निज प्रतिवादीहरू नाबालक भनी खुली आएको देखिँदा निज प्रतिवादीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोगपत्र ।

मिति २०७०/७/६ गते अं. १८:४५ बजेको समयमा हामी बबरमहल थ र म काडाँघारीमा पटका किन्न भनी जाँदा पसलमा कोही नभएको बेला पसलभित्रबाट एक्कासी हामी दुई जनालाई चोर चोर भन्दै पकडी स्थानीय व्यक्तिहरूले प्रहरीलाई बुझाएको हो । हामी दुवै जनाले सार्वजनिक अपराध गरेका छैनौं र कुनै बालबिज्याँई नगरेकाले सजाय हुनु पर्ने होइन । अभियोग मागदाबी झुठ्ठा हो भन्नेसमेत व्यहोराको यस अदालतसमक्ष प्रतिवादी बबरमहल त ले गरेको बयान कागज ।

म चोरी गर्न नगएको, हुलहुज्जत अशान्ति सृजना नगरेको निर्दोष भएकोले सजाय हुनु पर्ने होइन भन्नेसमेत व्यहोराको यस अदालतसमक्ष प्रतिवादी बबरमहल थ ले गरेको बयान ।

यस अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री एकराज अधिकारी तथा प्रतिवादीको तर्फबाट उपस्थित अधिवक्ता श्री कोपिला श्रेष्ठ र वैतनिक वकिल श्री सरस्वती थापाले गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा अभियोग दाबीबमोजिम प्रतिवादीहरूले कसूर गरेको हो होइन ? र निजहरूलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

प्रतिवादीहरू नाम परिवर्तित बबरमहल त र बबरमहल थ समेतले हुलहुज्जत गरी जथाभावी व्यवहार गरी अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी पसलमा राखेको रिचार्जकार्डसमेत निकाल्न खोजी केही सार्वजनिक अपराध तथा सजाय ऐन, २०२७ को दफा २ को देहाय (ख), (ङ) र (ज) को कसूर अपराध गरेको भन्ने आधारमा निज प्रतिवादीहरूलाई ऐ. को दफा ६(१) बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सजाय हुन अभियोगपत्रमा दाबी लिइएको पाइयो ।

का.जि., काडाँघारी स्थितमा नाम परिवर्तित बबरमहल त समेतले हुलहुज्जत गरी जथाभावी अनाधिकृत रुपमा किराना पसलमा प्रवेश गरी चोरी गर्ने प्रयाससमेत गरी अशान्ति सिर्जना गरी भाग्ने क्रममा पक्राउ गरेको भन्ने प्रहरी प्रतिवेदनका आधारमा प्रतिवादीहरूका विरुद्धमा अभियोग दायर भएको देखिन्छ ।

प्रतिवादीहरू दुवै जनाले सार्वजनिक अपराध गरेकोमा पूर्ण इन्कार रही पटाका किन्न गएकोसम्म स्वीकार गरी मौकामा र यस अदालतमा बयान गरेको पाइयो ।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले सार्वजनिक अपराधको कसूर गरेको पुष्टि हुने कुनै प्रमाण मिसिल संलग्न कागजातबाट देखिन आएन ।

प्रहरी प्रतिवेदक एवं बुझिएका मानिससमेतका वादीका साक्षी उपस्थित गराउन लेखी पठाइएकोमा वादी पक्षबाट आफ्नो साक्षी र गवाह उपस्थित गराई अभियोग दाबी पुष्टि गर्न सकेको अवस्था देखिएन ।

तसर्थ, उपरोक्त आधारबाट प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहर्छ । अरु तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले प्रस्तुत इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपिसहित जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई पुनरावेदनको म्याद दिनु १

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार नक्कल दिनु २

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु ३

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टिपी टाइप गर्ने क.अ. शान्ति मुक्तान ।
फाँट नं. १ (ना.सु. त्रिबिक्रम ज्ञवाली)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल चैत्र महिना २७ गते रोज ६ शुभम् .....।

काठमाडौं जिल्ला अदालत

बाल इजलास

माननीय जिल्ला न्यायाधीश श्री अच्युत विष्ट

फैसला

उपस्थिति

समाजसेवीः रिमा शर्मा

वालमनोविज्ञः सुचिता सुवेदी

सम्वत् २०७१ सालको बालबिज्याँई दर्ता नं. CR-०९२४

दर्ता मितिः २०७१/८/१९

नि.नंः २९२

मुद्दाः जवरजस्ती करणी।

वादीको नाम, थर र वतन

परिवर्तित नाम २६(३)(क) नयाँबानेश्वरको जाहेरीले नेपाल सरकार.....१

साक्षीः ×

कागजः ×

प्रतिवादीको नाम, थर र वतन

जिल्ला पर्सा, बागेश्वरी तित्रौना गा.वि.स. वडा नं ५ हाल का.जि., नयाँ बानेश्वर ओमशान्ति छेउमा डेरा गरी बस्ने नाम परिवर्तित वृत्त नयाँ बानेश्वर २६(४).....१

साक्षीः ×

कागजः ×

अदालतबाट बुझेको

साक्षीः ×

कागजः ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकार भई दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छः

मिति २०७१/७/२२ गते दिउसो अं. १३:०० बजेदेखि १४:०० बजेको समयमा हामी कोही पनि घरमा नभएको बच्चाहरू मात्र भएको मौका पारी प्रकरण नं. ३ मा उल्लेखित विपक्षीले मेरो नाबालिका छोरी वर्ष ६ की नाम वरिवर्तित वृत्त नयाँबानेश्वर २६(३) लाई ललाईफकाई गरी जवरजस्ती करणी गर्ने गरेको कुरा निज नाबालिका छोरीले आफ्नो दिदीलाई यो दाईसँग नहिड्नुस् मलाई त यो दाईसँग कस्तो डर लाग्छ भनी सुनाउँदा दिदीले किन नानी तलाई यो दाईसँग किन डर लाग्छ भनी सोध्दा मलाई यो दाईले कोठामा आई करणी गर्न खोजेको र कसैलाई यो कुरा नभन्नु भनिस् भने तलाई पिट्छु भनी डरत्रास देखाएको भनी दिदीलाई सुनाएपछि पछि ठुलो छोरीले हामी आमा बुबालाई सुनाई उक्त घटना थाहा पाई निज विपक्षी र निजको अभिभावकसँग सोधपुछ गर्न बोलाउँदासमेत नआएको हुँदा निज विपक्षीलाई कानूनबमोजिम कारवाही गरिपाऊँ भन्नेसमेत व्यहोराको नाम परिवर्तित वृत्त नयाँ बानेश्वर २६(३)(क) ले दिएको जाहेरी दरखास्त ।

मिति २०७१/७/२२ गते दिउसोको समयमा का.जि., का.म.न.पा., वडा नं. ३४ स्थितमा वर्ष ६ की नाबालिकालाई जवरजस्ती करणी गरेको घटना सम्बन्धमा बालक वर्ष १३ को नाम परिवर्तित वृत्त नयाँ बानेश्वर २६(४) लाई अनुसन्धान गर्नु पर्ने देखिएकोले निजलाई पक्राउ गरी दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

का.जि., का.म.न.पा., वडा नं. ३४ स्थितमा टिनको छाना ईट्टाको वाल भएको टहरा घर । सो घरको पूर्वबाट पहिलो कोठामा नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) बस्ने गरेको सो कोठासँगै सटेको कोठामा नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(४) बस्ने गरेको सो कोठाको पश्चिम भित्तासँगै विस्तारासहितको खाँटमा मिति २०७१/७/२२ गते दिउँसोको समयमा वृत्त नयाँबानेश्वर २६(४) ले वृत्त नयाँबानेश्वर २६(३) लाई जवरजस्ती करणी गरेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मिति २०७१/७/२२ गते दिउसो अं. १३:०० बजेतिर कोठामा बाबा आमा थिएनन् काममा जानु भएको थियो । हाम्रो कोठा उत्तरपट्टि सँगै बस्ने आन्टीको छोरा वृत्त नयाँबानेश्वर २६(४) मलाई कोठामा आउ बसम् भनी बोलाएका हुन्, भित्रबाट चुकुल लगाएका हुन्, दाईले सुरुवाल खोल भनेर आफैले खोलेका हुन्, खाँटमा सुताए पहिला त्यो दाईले आफ्नो हातको औलाले मेरो पिसाब फेर्नेमा चलाई भित्र चलाउँदा दुख्यो अनि त्यो दाईले आफ्नो पिसाब फेर्ने मेरो पिसाब फेर्नेमा राख्दा म रोएँ, त्यसपछि छाडे, यो कुरा कसैलाई नभन पिट्छु भनेका थिए, पछिमात्र यो कुरा आमालाई थाहा भयो भन्नेसमेत व्यहोराको पीडित वृत्त नयाँबानेश्वर २६(४) ले गरेको कागज ।

वृत्त नयाँबानेश्वर २६(३) पहिलादेखि नै कोठामा कपडा खोल्दा हेर्ने जिस्किने गरेकी थिइन, मिति २०७१/७/२२ गते दिउँसोको समयमा म कोठामा एक्लै थिए, टाउको दुखेको अवस्थामा निज वृत्त नयाँबानेश्वर २६(३) झ्यालमा आई जिस्की पटकपटक ढोका ढकढक्याएकोले ढोका खोली बस आउँ

भनी ढोकाको चुकुल लगाई फेरी विस्तारामा सुतेको थिएँ, वृत्त नयाँबानेश्वर २६(३) घरी ममाथि चढ्ने, घरी काउकुती लगाउने गर्न थालेकी हुँदा गाली गरी यस्तो हातले विस्तारै हानेको हुँ, जवरजस्ती करणी गरेको भनेकी रहिछन्, वृत्त नयाँबानेश्वयर २६(३) ले खाँटमा सुताई सुरुवाल खोली जवरजस्ती करणी गरेको कुरा लेखाएकी रहिछन्, विस्तारामा आफै सुतेकी हुन्, धेरै जिस्केकाले मेरो बायाँ हातको चोर औलाले वृत्त नयाँबानेश्वर २६(३)को सुरुवालभित्र हात हाली निजको पिसाब फेर्ने ठाउँमा चलाएको हुँ, मेरो पिसाब फेर्ने निजको पिसाब फेर्नेमा राखी सकेको थिइन्, किन यस्तो कुरा भनिन् थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी वृत्त नयाँबानेश्वर २६(४) को बयान ।

मिति २०७१/७/२२ गते दिउँसो १ बजेको समयमा कोठामा कोही नभएको अवस्थामा वृत्त नयाँबानेश्वर २६(४) ले वृत्त नयाँबानेश्वर २६(३) लाई जवरजस्ती करणी गरेको भन्ने घटनाको जानकारी घटनाको २/३ दिन पछाडि थाहा पाएको हुँ, घटनाको बारेमा सुन्दा बुझ्दा हो जस्तो लाग्यो, अन्य कुरा थाहा भएन, निजहरू ओल्लोपल्लो कोठामा बस्ने हुन्, घटनाको अनुसन्धान गरी दोषीलाई कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको वस्तुस्थिति सर्जमिन कागज ।

नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) को शारीरिक तथा मानसिक अवस्था ठीक छ, निजको योनीमा घाउँ चोटपटक छैन, कन्याजाली च्यातिएको छैन, शरीरमा चोटपटक निलडाम छैन भन्नेसमेत व्यहोराको स्वास्थ्य परीक्षण रिपोर्ट ।

प्रतिवादीले गरेको उल्लेखित कार्य मुलुकी ऐन, जवरजस्ती करणको १ नं. र ३(१) नं. बमोजिमको कसूर अपराध गरेको पुष्टि हुँदा निजलाई सोही महलको ३(१) नं. बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १० नं. बमोजिम पीडितलाई उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्नेसमेत व्यहोराको मागदाबी ।

मलाई ज्वरो आएको हुँदा कोठामा सुतिरहेको अवस्थामा पीडित नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) आएर झ्यालमा कराएको हुँदा मैले झ्यालबाट हात निकालेर एक थप्पड गालामा पीडितलाई कुटेको हुँ । अन्य जवरजस्ती करणी गरेको होइन । झुठ्ठा आरोप लागेको हुँदा सजाय हुनु पर्ने होइन सफाई हुनु पर्ने हो भन्नेसमेत व्यहोराको प्रतिवादी नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(४) ले यस अदालतसमक्ष गरेको बयान कागज ।

अदालतको ठहर

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्णबटु भण्डारी र प्रतिवादीका तर्फबाट विद्वान अधिवक्ताद्वय श्री चेतनाथ अधिकारी र रामनारायण खड्काले गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर अपराध गरेको

हो होइन र निजलाई अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

पीडित नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) लाई जवरजस्ती करणी गरेकोले प्रतिवादीउपर जवरजस्ती करणको १ नं. र ३(१) नं. बमोजिमको कसूर अपराधमा सोही महलको ३(१) नं. बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १० नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउन मागदाबी अभियोगपत्रमा लिइएको पाइयो ।

प्रतिवादीले अदालतसमक्षको बयानमा मलाई ज्वरो आएको हुँदा कोठामा सुतिरहेको अवस्थामा पीडित नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) आएर झ्यालमा कराएको हुँदा मैले झ्यालबाट हात निकालेर एक थप्पड गालामा पीडितलाई कुटेको हुँ । अन्य जवरजस्ती करणी गरेको होइन । झुठ्ठा आरोप लागेको हुँदा सजाय हुनु पर्ने होइन, सफाई हुनु पर्ने हो भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखियो ।

वादीका साक्षी र गवाह उपस्थित गराउन लेखी पठाइएकोमा वादीले आफ्ना साक्षी गवाह उपस्थित गराई अभियोग दाबी प्रमाणित गराउन सकेको देखिएन ।

पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडित नाम परिवर्तित वृत्त नयाँबानेश्वर २६(३) को शारीरिक तथा मानसिक अवस्था ठीक छ, योनीमा घाउँ चोटपटक छैन, कन्याजाली च्यातिएको छैन, शरीरमा चोटपटक निलडाम छैन भन्ने व्यहोरा उल्लेख भएको देखिँदा पीडितउपर जवरजस्ती करणी भएको भन्ने अभियोग दाबी पुष्टि हुन सक्ने आधार देखिएन ।

तसर्थ, उपरोक्त आधारबाट प्रतिवादीले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहर्छ । अरु तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीले अभियोगपत्र मागदाबीबाट सफाई पाउने ठहरेकोले प्रतिवादीले पुर्पक्षको क्रममा यस अदालतका आदेशले माग भएको धरौटी रु. १,०००/- र.नं. १०४७ मिति २०७१/८/२२ मा धरौट राखी अभिभावकको जिम्मामा रहेको हुँदा उक्त धरौटी फिर्ता पाऊँ भनी पुनरावेदनको अवस्थापछि कानूनका म्यादभित्र प्रतिवादी वा निजका अभिभावकले निवेदन दिए उक्त धरौटी रकम फिर्ता खर्च लेखि दिनु १

यस अदालतको इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको जानकारीसहितको पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई दिनु २

सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार नक्कल दिनु ३

प्रस्तुत मुद्दाको फैसला अपलोड र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ४

मा.जि.न्या.ज्यूले बोली टिपाएबमोजिम टाइप गर्ने क.अ. शान्ति मुक्तान ।
फाँट नं. १ (ना.सु. त्रिबिक्रम ज्ञवाली)

.....
न्यायाधीश

ईति सम्वत् २०७१ साल चैत्र महिना २७ गते रोज ६ शुभम् .....।

Serial No. 7

सम्पर्क : बाल न्याय समन्वय समिति सचिवालय
केन्द्रीय बालकल्याण समिति भवन,
हरिहरभवन, ललितपुर ।
फोन नं. ०१-५०१०१५५, ०१-५०१००४१
फ्याक्सः ०१-५०१०१५५
Website: www.jjcc.gov.np